# कृषि सम्बन्धी नीतिहरूको संगालो

आषाढ, २०७०

नेपाल सरकार

कृषि विकास मन्त्रालय

योजना महाशाखा

**कृषि नीति शाखा**

सिंहदरबार, काठमाडौं, नेपाल ।

# कृषि सम्बन्धी नीतिहरूको संगालो

**आषाढ, २०७०**

नेपाल सरकार
कृषि विकास मन्त्रालय
योजना महाशाखा
**कृषि नीति शाखा**
सिंहदरबार, काठमाडौं, नेपाल ।

**प्रकाशक**

नेपाल सरकार

कृषि विकास मन्त्रालय

योजना महाशाखा

**कृषि नीति शाखा**

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. : ४२११६६५

फ्याक्स नं. : ४२११९३५

वेभसाइट : www.moad.gov.np

प्रथम संस्करण : आषाढ, २०७०

प्रति : ........... प्रति

कम्प्यूटर : आनन्द पौडेल, ९८५१००६२०१

मुद्रण : **नेशनल मानसरोवर प्रिन्टिङ्ग प्रेस प्रा.लि.**

नयाँ बानेश्वर, काठमाडौं, ४४६०४७७

# मन्तव्य

राष्ट्रको कुल ग्राहस्थ उत्पादनमा सबैभन्दा बढी योगदान गर्ने कृषि क्षेत्रको नेपालको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका रही आएको छ । मुलुकको अधिकांश जनताको रोजगारी, आयआर्जन र जीविकोपार्जनको लागि कृषि क्षेत्रको उल्लेखनीय योगदान रहेको छ । तसर्थ, राष्ट्रको सर्वाङ्गिण बिकासको लागि सर्वप्रथम कृषि क्षेत्रको विकास गर्नु अपरिहार्य छ ।

विश्वव्यापीकरणले गर्दा सम्पूर्ण आर्थिक क्षेत्रमा नै आमूल परिवर्तन आएको यस शताब्दीमा कृषि क्षेत्रलाई पनि यस्तो परिवर्तनले उल्लेखनीय रुपमा प्रभाव पारेको छ । बालीनाली र पशुपंक्षीको किसिम र खेतीपाती तथा पशुपंक्षी पालन गर्ने तौरतरिका देखि लिएर मानिसको स्वाद, चाहना र आकांक्षामा समेत ठूलो परिवर्तन आएको छ । अहिले यस्ता परिवर्तन हाम्रा सामु ठूलो चुनौती र अवसरको रुपमा खडा भएका छन् ।

प्रविधि र संचार क्षेत्रमा भएको आश्चर्यलाग्दो विकासले सानो बनाएको विश्व भू-भण्डलमा हाम्रा कृषि कर्म पारदर्शी र तिनका उत्पादन स्वस्थ र गुणस्तरीय हुनु पर्ने आवश्यकता छ । यसका लागि कृषि क्षेत्रमा प्रभावकारी योजना र कार्यक्रमहरु तय गर्न मार्गदर्शक नीतिहरु तय गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा नेपाल सरकारले कृषि क्षेत्रसंग सम्बन्धित बिभिन्न नीतिहरु पारीत गरी कार्यान्वयन गरी रहेको पनि छ । यी नीतिहरु छरिएर रहेको अवस्थामा छन् । कृषि विकास मन्त्रालयले कृषि क्षेत्रसँग सम्बन्धित यिनै मुख्य नीतिहरु संलग्न गरी यो संगालो प्रकाशन सबैका सामु ल्याउने जमर्को गरेको छ । संगालो प्रकाशनबाट यस्ता दस्तावेजहरुको खोजीमा भौतारिन पर्ने कठिनाई केही हदसम्म कम हुनेछ । यसको अतिरिक्त यो संगालो सरोकारवाला सबैका लागि विशेषत: कृषि विकासका योजना र कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्नका लागि उपयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु । यसबाट सरोकारवाला र विशेषज्ञहरुको कडा परिश्रमबाट तयार पारिएका नीतिहरुको सार्थकता र जिवन्तता उजागर हुने कुरामा म विश्वस्त छु । अन्तत:, संगालो प्रकाशनको लागि प्रत्यक्षरुपमा संलग्न रहेको यस मन्त्रालयको योजना महाशाखा, कृषि नीति शाखा र अन्य सहयोगी निकायहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

जय मुकुन्द खनाल
सचिव
कृषि विकास मन्त्रालय

असार, २०७०
सिंहदरवार, काठमाडौं

# भूमिका

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको अग्रणी भूमिका रहेको छ । यस क्षेत्रको समष्टिगत विकास गर्न सकेमा मात्र राष्ट्रिय अर्थतन्त्रको आधार सवल र सक्षम हुन सक्ने तथा गरिवी निवारण गर्ने राष्ट्रिय प्रयासमा सहयोग पुग्ने कुरालाई मनन् गरी विगतका आवधिक योजनाहरुमा कृषि क्षेत्रलाई प्राथमिकता दिइदै आएको छ । यसै परिप्रेक्ष्यमा कृषि क्षेत्रको समष्टिगत विकासका प्रयासलाई सरल, सहज, पारदर्शी र तीव्र पार्नका लागि विगतमा केही नीतिहरु तयार पारिएका भएता पनि यस्ता नीतिहरु छरिएर रहेकाले सरोकारवाले सरोकारवाला, उपयोगकर्ता, कृषक, व्यवसायी र सर्वसाधारण जनताहरु यथेष्टरुपमा सुसूचित हुन नसकेको महसुस भएकोले सार्वजनिक हितका यस्ता मूल्यवान र वहुउपयोगी नीतिहरुलाई एकत्रित गरी संगालोको रुपमा प्रकाशन गर्ने जमर्को गरिएको छ ।

कृषि क्षेत्रसँग सम्बन्धित स्वीकृत सबै नीतिहरु यस प्रकाशनमा समावेश गर्न सकिएको छैन । यसका पाठकलाई सजिलो किसिमले पढ्न सहयोग होस भन्ने दृष्टिकोणले संगालोका सम्पूर्ण दस्तावेजहरु एउटै फर्मेटमा राख्ने कोशिस गरिएको छ । त्यसैले, आगामी वर्षहरुमा यस प्रकाशनमा भएका कमी कमजोरीहरुलाई हटाउँदै प्रकाशन कार्यलाई निरन्तरता दिइदै जाने योजना रहेको छ । प्रकाशित संगाालो कृषि व्यवसायमा संलग्न सवैका लागि उपयोगी हुनुको अतिरिक्त कृषि विकास कार्यक्रमलाई पारदर्शी ढंगले संचालन गर्न मद्दत पुऱ्याउने छ भन्ने मैले आशा राखेको छु ।

यसका अतिरिक्त कृषि सम्वन्धी नीतिहरुका आधारमा कृषि विकास योजना र कार्यक्रमहरु तय गरी संचालन गर्दा सामना गर्नु परेका वाधा र अडचनको अनुभवबाट प्राप्त हुने पृष्ठपोषणले नीतिहरुमा समसामयिक परिमार्जन गरी नीतिहरुको उपयोगीतालाई अझ वढी प्रभावकारी वनाउन मद्दत मिल्नेछ भन्ने विश्वास पनि मैले लिएको छु ।

यस कृषि सम्वन्धी नीतिहरुको संगालो तयार पार्न प्रत्यक्षरुपमा संलग्न रहेका कृषि नीति शाखाका प्रमुख डा. हरि बहादुर के.सी., वरिष्ठ कृषि अधिकृत श्री नागेश्वर नायक, कृषि प्रसार अधिकृत श्री दिनेश आचार्य, कृषि अर्थ विज्ञ श्री सनत कुमार ढुङ्गाना र ना.सु. प्रदिपमान वज्राचार्यलाई विशेष धन्यवाद दिन चाहान्छु ।

राजेन्द्र प्रसाद अधिकारी
सह-सचिव
कृषि विकास मन्त्रालय

असार, २०७०
सिंहदरवार, काठमाडौं

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | राष्ट्रिय कृषि नीति, २०६१ | १ |
| २ | कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ | १२ |
| ३ | कृषि जैविक विविधता नीति, २०६३ | २१ |
| ४ | राष्ट्रिय चिया नीति, २०५७ | ३० |
| ५ | राष्ट्रिय कफी नीति, २०६० | ४० |
| ६ | दुग्ध विकास नीति, २०६४ | ४५ |
| ७ | राष्ट्रिय बीउ विजन नीति, २०५६ | ५३ |
| ८ | राष्ट्रिय मल नीति, २०५८ | ६० |
| ९ | सिंचाइ नीति, २०६० | ६६ |
| १० | पन्छीपालन नीति, २०६८ | ८६ |
| ११ | खर्क नीति, २०६८ | ९५ |
| १२ | पुष्प प्रवर्द्धन नीति, २०६९ | ११३ |
| १३ | राष्ट्रिय भू-उपयोग नीति, २०६९ | १२२ |
| १४ | राष्ट्रिय सहकारी नीति, २०६९ | १५५ |
| १५ | वाणिज्य नीति, २०६५ | १८२ |
| १६ | जलवायु परिवर्तन नीति, २०६७ | २२५ |
| १७ | औद्योगिक नीति, २०६७ | २४५ |
| १८ | आपूर्ति नीति, २०६९ | ३०४ |
| १९ | विज्ञान तथा प्रविधि नीति, २०६१ | ३३३ |
| २० | जैविक प्रविधि नीति, २०६३ | ३४३ |

# राष्ट्रिय कृषि नीति, २०६१

**(नेपाल सरकारबाट स्वीकृत मिति २०६१/८/७)**

## पृष्ठभूमि

देशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र कृषकहरूको अनुभव तथा आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ। कृषि भूमिको अनुपयुक्त प्रयोग एवं विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रुपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रको विकासको आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिंचाई, सडक, बिजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु कृषि क्षेत्रको विकासको मूल समस्याका रुपमा रहेका छन् ।

कृषि क्षेत्रको समग्र विकासका लागि ल्याइएका कृषि विकासको नीतिगत रुपरेखा २०४८ तथा दीर्घकालीन कृषि योजनाले यस क्षेत्रको विकासलाई केही हदसम्म दिशाबोध गराएको छ। तथापि आर्थिक उदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागि दिगो विकासको एजेण्डा एवं सहस्राब्दी विकासका लक्ष्यहरू समेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी नयां राष्ट्रिय कृषि नीति तर्जुमा गरी लागू गर्न आवश्यक देखिएकोले नेपाल सरकारले यो "राष्ट्रिय कृषि नीति, २०६१" जारी गरेको छ। यस क्षेत्रमा तर्जुमा भएका र नयाँ तर्जुमा हुने वस्तुगत तथा विषयगत नीतिहरू यसै नीतिबाट निर्देशित हुने छन् ।

## दृष्टिकोण

निर्वाहमूखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहने छ।

## उद्देश्यहरू

व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्नः

१. कृषि उत्पादन एवं उत्पादकत्व बढाउने;

२. व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने; र

३. प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने ।

**नीतिहरू**

प्रस्तुत उद्देश्य प्राप्तिका लागि श्रोत साधनमा पहुँच भएका र साधन र अवसरमा तुलनात्मक रुपमा न्यून पहुँच भएका दुवै समूहका कृषकहरूको आवश्यकतालाई समेट्ने गरी निम्न नीतिहरू अवलम्बन गरिने छन् ।

**क) कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि**

१. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथै कृषिको व्यवसायीकरण तथा विविधीकरणमा जोड दिई आय आर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिने छन् ।

२. वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ । पहाडमा भिरालो जमिन व्यवस्थापनको उपयुक्त प्रविधि र तराई तथा समथर उपत्यकामा कृषि भूमी विकासको उपयुक्त प्रविधि प्रयोग गरी जमिनको वैज्ञानिक प्रयोगलाई बढावा दिइनेछ ।

३. सिंचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिने छ । सिंचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गराइने छ ।

४. उत्तर-दक्षिण राजमार्ग तथा सहायक मार्गहरुको आसपासका संभाव्य क्षेत्रहरूमा बढी मोल जाने कृषिवस्तुको पकेट विकासमा विशेष प्राथमिकता दिइनेछ । विशेष गरी दुर्गम क्षेत्रहरूमा कम तौल तथा बढी मूल्य जाने कृषि वस्तुहरूको उत्पादनमा प्राथमिकता दिइने छ ।

५. स्थानीय आवश्यकता र प्राथमिकता अनुरुपको कृषिका योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको कार्य स्थानीय निकायहरूमा निक्षेपण गरी स्थानीय निकायहरूलाई जिम्मेवार र सक्षम बनाइनेछ । यसका लागि सशर्त अनुदान उपलब्ध गराउने व्यवस्थाबाट टेवा पुऱ्याइने छ ।

६. एकभन्दा बढी जिल्ला समेटेर सम्भाव्य कृषि उत्पादन एवं कृषि व्यावसाय प्रवर्द्धन गरी व्यावसायीकरणका आधार खडा गर्ने तुलनात्मक रुपमा ठूला आयोजनाहरू स्थानीय निकायको सहभागितामा केन्द्रिय आयोजनाका रुपमा संचालन गरी टेवा पुऱ्याइने छ । यसको कार्यान्वयनका लागि केन्द्रमा रहेका विभाग एवं निर्देशनालयहरूलाई जिम्मेवार र सक्षम बनाइने छ ।

७. खाद्य पोषण लगायतका कृषि प्रविधिको स्थलगत प्रसार सेवामा कृषक समूहको माध्यम अपनाइनेछ । कृषि/वन कलेजहरूबाट पनि आफ्नो प्रभाव क्षेत्रमा समन्वयात्मक रुपमा कृषि प्रविधि प्रसार प्याकेजहरू संचालन गरिनेछ । साथै कृषि प्रसारमा सूचना प्रविधि तथा आम संचार माध्यमको पनि उपयोग गरिनेछ ।

८. विकास क्षेत्र र भौगोलिक उपक्षेत्रहरूको आधारमा स्थानीय बीउ, बेर्ना, बिरुवा, नश्लहरूको उत्पादन गर्नेहरूको लागि गुणस्तरीय स्रोत सामाग्रीहरूको केन्द्र र कृषिवस्तु संकलन, प्रशोधन, संचय र ढुवानी आदि कार्य गर्ने उद्यमी तथा व्यवसायीहरूको लागि विशेष प्रविधि सेवाको स्रोत केन्द्रका रुपमा राष्ट्रिय कृषि स्रोत केन्द्रहरूको विकास गरी सुदृढ गरिनेछन् । यस्ता स्रोत केन्द्रहरूलाई माटो विश्लेषण, बीउ प्रमाणीकरण, बाली संरक्षण तथा पशुरोग निदान लगायतका क्षेत्रमा सर्भे सर्भिलेन्स सेवा संचालन, प्रयोगशाला सेवा संचालन एवं उद्यमी, व्यवसायी, सहकारीकर्मी एवं कृषि कार्यकर्ताहरूको क्षमता विकास तालीम समेत दिन सक्ने एकीकृत केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

९. भौगोलिक सम्भाव्यता र तुलनात्मक तथा स्थान विशेषको विशिष्ट लाभ समेतका दृष्टिबाट आवश्यक पर्ने कृषि अनुसन्धान कार्यहरू (खाद्य तथा पोषण प्रविधि लगायतका कृषि उत्पादन, संकलन, ग्रेडिङ, भण्डारण, प्रशोधन, प्याकिङ् आदि) का लागि निजी क्षेत्र र गैर सरकारी क्षेत्र समेतको सहभागितात्मक तथा प्रतिस्पर्धात्मक कृषि अनुसन्धान तथा विकास प्रणालीको प्रवर्द्धन गरिनेछ । यस्तो प्रणाली सुहाउँदो लगानी

व्यवस्था गर्न कृषि अनुसन्धान तथा विकास कोषको अवधारणा अनुरुप अनुसन्धानको संस्थागत उच्च निकायको संरचनालाई सुधार गरी व्यवस्थित गरिनेछ। कृषि अनुसन्धान तथा विकास सम्बद्ध अन्तर्राष्ट्रिय संगठनहरूसँगको सहकार्य र प्रविधि तथा विशेषज्ञ आदान-प्रदानलाई प्रोत्साहित गरिनेछ।

१०. निजी तथा गैरसरकारी क्षेत्रबाट कृषि अनुसन्धान तथा विकासमा गरिने खर्चमा कर प्रयोजनका लागि खर्च लेख्न पाउने सुविधाका साथै अन्य उपयुक्त प्रोत्साहन सम्बन्धी व्यवस्थाहरू गरी निजी तथा वैदेशिक क्षेत्रको लगानी आकृष्ट गरिनेछ।

११. प्रमुख उत्पादन सामग्रीहरु (उन्नत पशु, पन्छी, माछा भूरा, रासायनिक मल एवं बीउ बिजन आदि) को आयात, उत्पादन तथा मौज्दात स्थितिको नियमित अनुगमन गरी आपूर्ति सुनिश्चित गरिनेछ।

१२. कृषि उत्पादन तथा व्यवसाय प्रवर्द्धनमा आवश्यक कृषि ऋण प्रवाहलाई उत्पादन तथा व्यवसायको प्रतिफलसँग आबद्ध गरी सुनिश्चित गरिनेछ।

१३. अतिवृष्टि, अनावृष्टि, रोग, किरा एवं अन्य दैवी प्रकोपहरूको आँकलन र कृषि राहत परिचालनका लागि सर्भे सर्भिलेन्स प्रणाली स्थापित गरी क्रियाशील राखिनेछ।

१४. स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक तालिम कार्यक्रममा विशेष जोड दिइनेछ।

१५. कृषि जनशक्ति उत्पादनका लागि कृषि तथा वन विश्वविद्यालय स्थापना र कृषि वन कलेजहरूको प्रवर्द्धन गरिनेछ। विश्वविद्यालय/कलेजहरू र कृषि अनुसन्धान केन्द्र तथा राष्ट्रिय कृषि श्रोत केन्द्रहरूसँग प्राविधिक र विशेषज्ञ आदान प्रदान गरी सहकार्य गराउने व्यवस्थाबाट कृषि जनशक्तिको गुणस्तर विकास गरिनेछ। कृषि व्यावसायीकरणका लागि कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सम्बद्ध जनशक्ति उत्पादनमा पनि जोड दिइने छ।

१६. कृषि क्षेत्रको योजना तर्जुमा, नीति निर्धारण तथा अनुगमन मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण र प्रक्षेपण कार्यलाई सुदृढ गरिने छ। साथै कृषि क्षेत्रको लागि अनुकूल मूल्य तथा व्यापार पद्धति (Terms of Trade) स्थापित गराउन नियमित अनुगमन गरिने छ।

१७. कृषिका कार्यक्रमहरूको संचालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नता एवं सहभागितालाई ५० प्रतिशत पुर्‍याइनेछ । महिला कृषक तालिममा सकभर घुम्ती तालिमको प्रबन्ध मिलाई घर गाउँ नगिच पुर्‍याउने प्रबन्ध मिलाइने छ । कार्यक्रममा महिला संलग्नता सम्बद्ध सूचना तथा तथ्यांकहरूको प्रवाहलाई सुनिश्चित गरिनेछ ।

१८. चार हेक्टर भन्दा कम जमिन हुने कम स्रोत साधन भएका (Resource Poor) कृषकहरुको पहिचान र वर्गीकरण गरी तोकिएका सुविधाहरू उपलब्ध गराइने छ ।

## लक्षित वर्गहरूका लागि विशेष सुविधा

आधा हेक्टरभन्दा कम जमिन भई सिंचाई सुविधा न्यून रहेका, दलित, उत्पीडित तथा अन्य सीमान्त कृषक एवं कृषि श्रमिकहरूलाई लक्षित समूहमा वर्गीकरण गरी विशेष सुविधा दिने दृष्टिकोणबाट निम्न नीतिहरू अवलम्बन गरिनेछन् ।

१९. सीप भएका भूमिहिन, सीमान्त एवं साना कृषकहरूलाई भूमिमा पहुँच पुर्‍याउन कायम रहेको कानूनी हदबन्दीको प्रभावकारी कार्यान्वयन, हदबन्दी छुटको प्रभावकारी अनुगमन, प्रगतिशील कर व्यवस्था, खेती भूमिको लागि करार सम्बन्धी कानूनी व्यवस्था जस्ता विभिन्न विकल्पहरूको पहिचान गरी भूमिमा पहुँचका अवसरहरूको सृजना गरिनेछ ।

२०. भूमि बैंकको स्थापना गरी स्थानीय निकायको सहभागितामा कृषि कार्यका लागि जग्गा किन्ने/बेच्नेहरूलाई खेतीयोग्य जग्गाको उपलब्धता बारे सूचना सेवा र आवश्यक पर्नेलाई ऋण सुविधा उपलब्ध गराइनेछ । यस बैंकबाट लक्षित वर्गहरूलाई कृषि उत्पादनका लागि सहुलियत दरमा भूमि खरिद गर्न विशेष ऋण सुविधा उपलबध गराइने छ ।

२१. करार वा कबुलियत व्यवस्थाबाट कृषि जग्गा वा पोखरी वा घोल वा जलाशय वा नदी नालाका क्षेत्रहरू प्राप्त गरी कृषि उत्पादन गर्ने समूहमा आबद्ध भई आउने उत्पीडित, दलित तथा अन्य सीमान्त तथा भूमिहीन कृषि श्रमिकहरूको लागि बीउ बिजन प्राविधिक सेवा निःशुल्क उपलब्ध गराइनेछ । साथै कृषि विकास बैंक लगायत अन्य वित्तीय संस्थाहरु परिचालन गरी सहुलियत दरमा समूहमा कृषि ऋण उपलब्ध गराइने छ ।

२२. सीमान्त जमिन, चरन/खर्क, हैसियत बिग्रिएका वन तथा प्रयोगमा नआएका सार्वजनिक जमिनलाई लक्षित समुदायमा कबुलियतमा हस्तान्तरण गरी सम्भाव्यता अनुसार घाँस, डालेघाँस, कृषि वन, जडिबुटी तथा रेशम एवं अन्य स्थायी रुख बिरुवा हुने खालका नगदेबाली एवं फलफूल बगैंचा विकासमा उपयोग गराई वन तथा अन्य जमिनको हैसियत सुधारका साथै गरिबी निवारणमा टेवा पुऱ्याइनेछ ।

२३. साना सिंचाई पूर्वाधारहरू जस्तै ढीकी पम्प, रोअर पम्प, स्प्रिङ्कलर, ड्रीप, पानी संकलन (Water Harvest) पोखरी आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइनेछ ।

२४. खाद्यान्न न्यून भएका क्षेत्रहरूमा खाद्यान्न उपलब्धता वृद्धि गर्न उत्पादन तथा आय वृद्धिका सम्भाव्यताको उपयोग गराइने छ । साथै अन्यत्रबाट खाद्यान्न आपूर्ति सुनिश्चित गर्नुपर्ने अवस्थामा खाद्यवस्तु ढुवानी, सञ्चय र वितरणमा स्थानीय निकायको सहभागितामा खाद्यान्न सञ्चय एवं परिचालन सन्जालको विकास गरिनेछ ।

२५. नेपाल सरकारले उपलब्ध गराउने खाद्यवस्तु, ढुवानी, सामाग्रीको मूल्य, व्याज आदि सुविधाहरू खाद्य सुरक्षाका दृष्टिबाट जोखिम क्षेत्र र लक्षित समूह पहिचान गरी प्राथमिकता साथ उपलब्ध गराइने छ ।

२६. मौसम तथा अन्य प्रकोपको उतार चढावको अवस्थामा आधा हेक्टरभन्दा कम जमिन भएका र वर्षभरि सिंचाई सुविधा नभएका कृषकहरूको लागि र भूमिहिन तथा अन्य वैकल्पिक आयश्रोत नभएका सीमान्त कृषकहरूको लागि खाद्य तथा पोषण सुरक्षा कवचको (Safety Nets) विकास गर्दै लगिने छ ।

## ख. व्यावसायिक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास

२७. बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरमा कृषि वस्तु उत्पादन गर्ने बृहत् उत्पादन क्षेत्र (Large Production Pockets) विकास गरिनेछ । यस्ता पकेट क्षेत्रमा तुलनात्मक लाभ भएका कृषि वस्तुहरुको उत्पादनमा प्राथमिकता दिइनेछ । यस्ता क्षेत्रमा प्रविधि एवं प्राविधिक सेवा तथा कृषि सडक, ग्रामीण विद्युतीकरण, सिंचाई, कृषि ऋण, बजार व्यवस्था जस्ता अन्य सुविधाहरू एकीकृत रुपमा परिचालन गरिनेछ ।

२८. खाद्यान्नको अभाव भएका क्षेत्रमा खाद्यान्न पुऱ्याउन आपूर्ति कार्यक्रम सञ्चालन गरिने पहाडी क्षेत्र आसपासमा त्यस्तो आपूर्ति कार्यक्रम मार्फत बजार मूल्यमा खाद्यान्न खरिद गरी स्थानीय उत्पादन बढाउन प्रोत्साहन गरिने छ ।

२९. सरकारी फार्म/केन्द्रहरूमा उपलब्ध स्रोत साधनलाई निर्धारित उद्देश्यमा असर नपर्ने गरी अधिकतम उपयोग गर्न व्यवसायमूलक कार्यक्रम समेतको दोहोरो मार्ग (Double Track System) व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ ।

३०. पशु बीमाको विस्तार गरिनुका साथै पन्छी एवं छानिएका बालीको बीउ र बढी मोल जाने कृषिवस्तुहरूको क्रमिक रुपमा बीमा गरिनेछ ।

३१. प्राङ्गारिक खेती (Organic Farming) लाई प्रोत्साहन गरिने छ । प्राङ्गारिक खेती गरी कृषिवस्तु निकासी गर्ने उत्पादन क्षेत्रमा उत्पादित कृषिवस्तुहरूको गुणस्तर प्रमाणीकरणको लागि टेवा पुऱ्याइनेछ ।

३२. हाईब्रिड बीउ, उन्नत नश्लको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिने छ र परिवर्तित आनुवंशकीय जीवहरु (Genetically Modified Organism) को प्रयोगलाई नियमन गरिनेछ ।

३३. परम्परागत स्थानीय मौलिक कृषिवस्तु एवं सम्बद्ध प्रविधिहरूको पञ्जीकरण तथा प्रवर्द्धन गरिने छ । स्वदेशी मूलको विशिष्ट उत्पादन एवं उत्पादन प्रंविधिहरूको पहिचान तथा अधिकार सुरक्षित गरिनेछ ।

३४. कृषि तालिमलाई क्षमता सुधार र व्यवसाय प्रवर्द्धनमुखी तालिममा वर्गीकरण गरिनेछ । क्षमता सुधार तालिमबाट कृषि कार्यकर्ताहरूको क्षमता सुधार तथा कृषकहरूको उत्पादन क्षमता अभिवृद्धि गरिने छ । व्यावसायमूखी तालिमलाई तालिमपछिको व्यवसाय प्याकेजमा आधारित गरी मागप्रधान गराइनेछ ।

३५. शिक्षित बेरोजगार युवाहरूलाई कृषि पेशामा आकृष्ट गर्न कृषि व्यवसाय स्थापना तथा सञ्चालन तालिमको व्यवस्था गरिनेछ ।

३६. उन्नत कृषि श्रोत सामाग्रीहरू (बीउ, बिरुवा, बेर्ना, नश्ल, भुरा आदि) को स्थानीय उत्पादन तथा बिक्री वितरण र मलखाद एवं रोग तथा कीटनाशक औषधीहरूको बिक्री वितरणलाई नियमन गरी आपूर्तिमा गुणस्तर कायम गराइनेछ । कृषिसँग सम्बन्धित निजी क्षेत्रका प्रयोगशाला

सेवा तथा गुणस्तरीय उत्पादन प्रशोधन सेवालाई पनि नियमन गरी मान्यता (Accreditation) दिइनेछ ।

३७. गुणस्तरीय कृषि उत्पादन र स्थानीय तथा बाह्य बजारमा विश्वसनीयताको विकास गर्न कृषि र पशु क्वारेन्टाइन सेवालाई व्यवस्थित र सुदृढ गरिनेछ ।

३८. खाद्यवस्तुको गुणस्तर निर्धारण, गुणनियन्त्रण, गुणस्तर प्रमाणीकरण र नियमन गर्ने कार्यमा स्थानीय निकाय समेतको सहभागिता परिचालन गरिनेछ ।

३९. अन्तर्राष्ट्रिय सन्धि, संझौता तथा राष्ट्रिय आवश्यकता अनुसार कृषि वस्तुको नियमन सेवालाई अद्यावधिक गर्दै लगिनेछ ।

४०. सहकारीमा आधारित कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धनमा प्राथमिकता दिइने छ ।

४१. कृषि उद्यमी/व्यवसायी एवं प्रगतिशील कृषक तथा सम्बद्ध संघ संस्थाहरूको गुनासा एवं सुझावहरूको विश्लेषण गरी निकास दिन र विश्व व्यापार संगठन, क्षेत्रीय व्यापार संगठन जस्ता बाह्य निकासी बजार सम्बद्ध संगठनहरूसँगका प्रतिबद्धताहरू र आयात प्रतिस्थापन तथा निकासी प्रवर्द्धनमा क्रियाशील रहन कृषि उद्योग व्यवसाय प्रवर्द्धन समितिको प्रभावकारी परिचालन गरी कृषि व्यावसायीकरणलाई टेवा पुऱ्याइनेछ ।

४२. कृषि वस्तुहरूको व्यावसायिक उत्पादन, प्रशोधन र बजार क्षेत्रमा सहकारी एवं निजी क्षेत्रको लगानी आकृष्ट गर्न प्रोत्साहनयुक्त वस्तुगत तथा विषयगत नीतिहरूको विकास गरिनेछ ।

४३. कृषि क्षेत्रमा दिइनुपर्ने प्राथमिकता अनुरुप कृषि अनुसन्धान, कृषि उत्पादन, कृषि प्रशोधन, उद्योगहरू र आन्तरिक तथा बाह्य निकासी बजारको अन्तर्सम्बन्ध स्थापित गर्न र बाह्य लगानी समेत आकृष्ट गर्नका लागि छुट्टै कृषि उद्योग विकास नीति ल्याई कार्यान्वयन गरिनेछ ।

४४. व्यावसायिक कृषि उत्पादनका सम्भाव्य क्षेत्रहरूमा कृषि प्रविधि प्रसार सेवा सःशुल्क उपलब्ध गराई निजीक्षेत्र, सहकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई आकर्षित गरिनेछ ।

४५. उपयुक्त फार्म केन्द्रहरूलाई करारमा/कबुलियतमा निजी क्षेत्रबाट सञ्चालन गराउन प्रोत्साहन गरिनेछ ।

४६. बजार सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्य निजी एवं सहकारी क्षेत्र तथा स्थानीय निकायहरूसँग साझेदारीमा समेत सञ्चालन गरिनेछ ।

४७. कृषि वस्तुहरूको व्यावसायिक उत्पादनलाई बजार अवसरको सुनिश्चितता दिन सम्भाव्य उत्पादन थलो नजिक संकलन केन्द्र र सम्भाव्य घना उपभोक्ता नजिक संगठित बजारको सुनिश्चितता दिनको लागि निजी तथा सहकारी क्षेत्रको लागत सहभागिता र व्यवस्थापनमा रहने गरी सुविधायुक्त कृषि थोकबजार तथा हाट बजारहरूको विकास तथा विस्तारमा टेवा पुऱ्याइनेछ ।

४८. आन्तरिक कृषि उत्पादकहरूलाई समेटेर करार उत्पादन प्रणालीमा आवद्ध गरी बजार अवसर दिने र आयात प्रतिस्थापन गर्ने वा निकासी गर्ने उद्योग व्यवसायीहरूलाई पूँजीगत तथा अन्य प्रोत्साहन/सुविधाहरू कृषि व्यवसाय प्रवर्द्धन समितिको सिफारिशमा उपलब्ध गराइनेछ ।

४९. स्थानीय स-सानो पूँजी र अन्य श्रोतको परिचालन तथा प्रवर्द्धन गरी सहकारीको संस्थागत विकास गर्न संभाव्य कृषक तथा उद्यमीहरूको समूहलाई सहकारीकरण गर्दै लगिनेछ । साथै गाउँ घरका यस्ता सहकारी संस्थाहरूलाई कृषक समूहको उत्पादन सामग्री तथा सेवाहरू उपलब्ध गराउने र उनीहरूका उत्पादनहरूको बजार प्रणालीमा पठाउने स्थानीय केन्द्र (Delivery Point) को रुपमा विकास गरिनेछ ।

## ग. प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग

५०. कृषि रसायनहरूको प्रयोगबाट माटो तथा जलाशयको अवस्थामा पर्ने नकारात्मक प्रभाव र अन्य वातावरणीय समस्यालाई न्यून गरिनेछ । साथै पशुपन्छीमा प्रयोग हुने औषधी तथा हर्मोनहरूको प्रयोगमा कमी ल्याइनेछ ।

५१. प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

५२. जैविक विविधता संरक्षणका लागि जीन बैङ्कको व्यवस्था र स्थानीय संरक्षण (In Situ Conservation) लाई प्रोत्साहित गरिनेछ । सम्भावित क्षेत्रमा सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र (Participatory Biodiversity Park) स्थापित गरिने छ ।

५३.  हैसियत बिग्रेका वन तथा प्राकृतिक जलाशयको हैसियत सुधार गर्ने गरी जैविक विविधता संरक्षण, सम्वर्द्धन र सदुपयोग तथा कृषि वन प्रणालीको विकास गरिनेछ ।

५४. स्थानीय सहभागिताका आधारमा जलाधार व्यवस्थापन र नदी कटान नियन्त्रण गरी संरक्षण प्रधान कृषि प्रणाली विकास गर्दै लगिनेछ ।

५५. खेती योग्य जग्गाको खण्डीकरण नियन्त्रण र वैज्ञानिक भू-व्यवस्थापन (चक्लाबन्दी) लाई स्थानीय निकायको सहयोग समेतमा व्यवस्थित गरिनेछ ।

५६. आवश्यक कानूनी व्यवस्था समेत गरी भूमिको सहकारी/साझेदारी/समूह व्यवस्थापन प्रणालीको विकास गर्न प्रोत्साहित गरिनेछ । यस्तो भूमि व्यवस्थापनमा तत्परता देखाउनेलाई प्राथमिकता दिने गरी सम्बद्ध केन्द्रीय तथा स्थानीय विकास आयोजना तथा कार्यक्रमहरूको छनौट तथा कार्यान्वयनको आधार बनाई उत्प्रेरित गरिनेछ ।

**कार्यान्वयन तथा अनुगमन व्यवस्था**

क. स्थानीय तहदेखि केन्द्रिय तहसम्मको कृषि क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सम्बन्धित तहमा (गाउँ, जिल्ला, क्षेत्र, केन्द्र) सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक पद्धतिलाई बढावा दिइनेछ । महिला, दलित एवं पिछडिएको वर्ग सम्बन्धी सूचना तथा तथ्याङ्कहरूलाई पनि सूचना प्रणालीमा ल्याइने छ ।

ख. कृषि सम्बद्ध निकायहरूबीच सहभागितात्मक एवं समन्वयात्मक रुपमा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा अनुगमन गराई यो नीति कार्यान्वयन गराउन  राष्ट्रियस्तरमा राष्ट्रिय कृषि विकास समिति रहने छ । राष्ट्रिय कृषि विकास समितिलाई सघाउन केन्द्रमा केन्द्रीय कृषि विकास कार्यान्वयन समिति र क्षेत्रीयस्तरमा क्षेत्रीय कृषि विकास समिति रहने छन् । स्थानीय तहमा गाउँ विकास समिति र जिल्ला विकास समितिहरूलाई स्थानीय स्वायत्त शासन ऐन अनुरुप योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा जिम्मेवार बनाइने छ । जिल्ला तहमा जिल्ला कृषि विकास समिति र गाउँ विकास समिति तहमा कृषि समिति रहनेछन् । यिनले स्थानीय निकायहरूलाई यो नीतिको कार्यान्वयन र अनुगमन गर्नमा सघाउने छन् । राष्ट्रिय कृषि विकास समिति र

स्थानीय निकायहरूलाई राष्ट्रिय कृषि स्रोत केन्द्रहरूले प्राविधिक पृष्ठपोषणको सुनिश्चितता दिने छन् ।

ग. यस राष्ट्रिय नीतिको कार्यान्वयनको क्रममा सम्बद्ध मन्त्रालयहरूले आ-आफ्नो कार्यक्षेत्रमा परेका विषयहरुको कार्यान्वयन गर्ने छन् । यस राष्ट्रिय कृषि नीतिको कार्यान्वयनको अनुगमन राष्ट्रिय कृषि विकास समितिले गर्नेछ । यस नीतिको कार्यान्वयन रणनीतिहरु र कार्यक्रमहरू तथा जिम्मेवार निकायहरू सम्बन्धी विषयमा सम्बन्धित मन्त्रालयहरुले स्वीकृति गराई लागू गर्नेछन् । साथै, वस्तुगत तथा विषयगत नीतिहरू निर्माण गर्दा यस राष्ट्रिय नीतिसँग नबाझिने गरी गर्नु पर्नेछ ।

*नोट: केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।*

---

द्रष्टव्यः कृषि शब्दले बाली, बागवानी, पशु पन्छी, माछा आदि कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायहरु समेत जनाउँछ ।

# कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३

(नेपाल सरकारबाट स्वीकृत मिति २०६३।८।११)

## १ पृष्ठभूमिः

निर्वाहमुखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पर्धी एवं व्यवसायमुखी बनाउन आवश्यक भएको छ । कृषिजन्य वस्तुहरुले सुनिश्चित वजार पाउन नसक्नाले कृषि उत्पादन र उत्पादकत्व अपेक्षित रुपमा वृद्धि हुन सकिरहेको छैन । कृषि व्यवसाय प्रवर्द्धन गर्न कठिन भएको सन्दर्भमा प्रभावकारी वजार व्यवस्थापन प्रणालीको विकासबाट विश्व वजारका अवसरहरुको उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन राष्ट्रिय कृषि नीति, २०६१ को "व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने" उद्देश्य अनुरुप कृषि व्यवसाय प्रवर्द्धन कार्यलाई गति प्रदान गर्न कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ लागू गरिएको छ ।

## २. उद्देश्य

२.१ वजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने;

२.२ कृषिजन्य उद्योगको विकास गरी आन्तरिक वजार तथा निर्यात प्रबर्द्धनमा योगदान पुऱ्याउने, र

२.३ कृषिको व्यावसायिकरण गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

## ३. नीति

३.१ भौगोलिक, प्राविधिक र आर्थिक संभावनाका आधारमा वृहत उत्पादन क्षेत्र (Growth Center) हरुको स्थापना तथा विकास तर्फ जोड दिइने छ ।

३.२ औद्योगिक नीति अनुरुप स्थापना हुने विशेष आर्थिक क्षेत्र (Special Economic Zone) हरुसँग समन्वय हुने गरी  बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरका विशेष कृषि वस्तु उत्पादन गर्न सरोकारवालाहरुको प्रतिवद्धताको आधारमा निम्न लिखित विशेष उत्पादन क्षेत्रहरुको किटान गरी कार्यक्रम संचालन गरिनेछ ।

(क) व्यावसायिक वाली/वस्तु उत्पादन क्षेत्र (Commercial Crop/Commodity Productuion Area),

(ख) प्रांगारिक/ विषादिरहित उत्पादन क्षेत्र (Organic /Pesticide-free Production Area) र

(ग) निर्यातमूलक वाली/वस्तु उत्पादन क्षेत्र (Agri Product Export Area)

३.३ किटान गरिएका कृषि उत्पादन क्षेत्रहरुमा उत्पादन सामग्री, प्रविधि एवं प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिंचाई, कृषि व्यवसाय ऋण, विमा, बजार व्यवस्था, सूचना प्रणाली, उपयुक्त कृषि यान्त्रिकरण एवं प्रशोधन लगायतका सुविधाहरू सम्बन्धित सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा एकीकृत रुपमा सुनिश्चित गरिनेछ ।

३.४ व्यापारिक तथा भौगोलिक क्षेत्रहरूको आधारमा गुणस्तरीय कृषिजन्य उत्पादन सामग्री र उत्पादनको संकलन, प्रशोधन, संचय, ढुवानी र वजार मूल्य जस्ता व्यावसायिक सेवा प्रदान गर्न सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागितामा व्यावसायिक सेवा केन्द्रको स्थापना तथा विकास गरिने छ ।

३.५. सिंचाई, कृषि सडक, संकलन केन्द्र, शीत भण्डार (कोल्ड र फ्रोजेन स्टोरेज र कुलिङ च्याम्वर), ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास, परीक्षण सेवा जस्ता व्यवसाय प्रवर्द्धनका पूर्वाधारहरु सरकारी, निजी, सहकारी, गैर सरकारी तथा नागरिक समाज समेतको सहकार्यमा विस्तार गरिने छ ।

३.६. कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि कृषि व्यवसायका संभावना र आवश्यकताको आधारमा कृषक एवं व्यापारीहरु तथा कृषि उद्यमी एवं सम्बन्धित सरोकारवालाहरु वीच हुने करार सेवालाई व्यवस्थित तथा वैज्ञानिक वनाईने छ ।

३.७ कृषिजन्य व्यवसायको लागि आवश्यक पर्ने उपकरण, थ्रेसर, स्प्रिङकलर, वीडिङ.मेशिन, हार्भेष्टर, चिलिङ्ग भ्यान, कुलिङ. भ्याट, मिल्क प्रोसेसर, कृषि यन्त्र आदिमा आयात गर्दा सम्बन्धित निकायहरुको सिफारिशमा व्यवसाय स्थापना भएको १० वर्षसम्म ७५ प्रतिशत भन्सार अर्थ मन्त्रालयको वजेट वक्तव्यमा समावेश गरी छुट दिइने छ ।

३.८ कृषि व्यवसायको परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइने छ। कृषि ब्यावसाय प्रवर्द्धनका लागि कृषक समूह जमानतमा ऋण प्रवाहित गरिने छ।

३.९ कृषि व्यवसायमा कर्जा लगानी गर्दा व्यवसायवाट आय प्राप्त हुन सक्ने (Gestation Period) संभावनाका आधारमा कर्जा भुक्तान हुने व्यवस्था गरिने छ।

३.१० विपन्न वर्ग, महिला र दलित वर्गवाट कृषि उद्यम स्थापना/संचालन गर्न विशेष कार्यक्रम लागू गरिने छ।

३.११ शिक्षित बेरोजगार तथा सेवा निबृत व्यक्ति वा समूहलाई कृषि तथा पशुजन्य व्यवसाय स्थापना तथा सञ्चालनका लागि व्यावसायिक कार्यक्रम तयार गरी लागू गरिनेछ।

३.१२ बजार मांगको आधारमा कृषि व्यवसाय प्रवर्द्धन गर्न, जनशक्ति विकास गर्न जोड दिनुका साथै सरकारी, सहकारी र गैर सरकारी स्तरमा तालिम दिने संस्थाहरुलाई समेत क्षमता अभिवृद्धि गर्न सहयोग गरिने छ।

३.१३ कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि आवश्यक मध्यम स्तरीय जनशक्ति विकास गर्न शिक्षण संस्थाहरुको समन्वयमा समयानुकुल पाठ्यक्रम समावेश तथा परिमार्जन गराइनेछ।

३.१४ हिमाली क्षेत्रमा वृहत पशुपालन गर्न लामो अवधिको लागि कवुलियत प्रणालीमा सम्बन्धित निकायसंग समन्वय गरी खर्क उपलव्ध गराइने छ।

३.१५ सार्वजनिक क्षेत्रको जग्गा तथा अन्य क्षेत्रमा समेत संभाव्यताका आधारमा जडिबुटी खेतीको विकासलाई प्रोत्साहित गरिने छ।

३.१६ राष्ट्रिय दृष्टिले प्राथमिकता प्राप्त उत्पादनलाई व्यावसायिक, प्रतिष्पर्धी तथा निर्यातमुखी वनाउन प्रोत्साहन स्वरुप जग्गाको हदवन्दी छुट दिने व्यवस्था गरिने छ।

३.१७ राजमार्ग, सहायक मार्ग तथा कृषि/ग्रामीण सडकहरुको आसपासका क्षेत्रहरूमा विकास गरिने कृषिजन्य व्यावसायिक पकेटहरुको लागि वजार सन्जाल विकास तथा विस्तार गरिनेछ।

३.१८. कृषि उद्योग व्यवसाय प्रवर्द्धनको लागि उत्पादन थलो नजिक संकलन केन्द्र र शहरी क्षेत्रमा संगठित थोक तथा खुद्रा बजार सुनिश्चित गर्न निजी तथा सहकारी क्षेत्र समेतको आर्थिक तथा व्यवस्थापकीय सहकार्यमा कृषि बजारहरूको विकास, विस्तार तथा व्यवस्थित गरिनेछ ।

३.१९ कृषि वजार तथा व्यावसायिक सेवा केन्द्रहरुमा समयानुकुल विद्युतीय व्यापारको (E-commerce) पनि विकास गरिने छ ।

३.२० निजी एवं सहकारी क्षेत्र तथा स्थानीय निकायहरूको साझेदारीमा कृषि बजार तथा कृषि व्यवसायसंग सम्बन्धित सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गरिनेछ ।

३.२१ कृषि वस्तुहरुको वजारमा प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गरी वजार प्रक्रियावाटै मूल्य निर्धारण हुने प्रणालीलाई प्रोत्साहित गरिने छ । यस कममा संगठित कृषि थोक बजार स्थलहरुमा संभाव्यताका आधारमा अक्सन (Auction) लगायत उपयुक्त मूल्य निर्धारण विधि लागू गरिनेछ ।

३.२२ कृषि वजारहरुमा स्थानीय निकायले व्यावसायीहरुबाट उठाउने गरेको शुल्क/स्थानीय कर मध्येबाट कम्तिमा २० प्रतिशत रकम सोही वजारको निर्माण, सुधार तथा प्रबर्द्धन कार्यमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

३.२३ व्यवसायीहरुले कृषि उपजहरुको ढुवानीको साधन खरिद गर्न चाहेमा व्याजदरमा सहुलियतको व्यवस्था गरिने छ ।

३.२४ व्यवसायिक उत्पादन पकेटसँग आवद्धित हुने गरी सहकारी संस्था, कृषक समूह, गैर सरकारी संस्था तथा व्यापारी लगायतका उद्यमीले ग्रामीण क्षेत्रमा सम्भाव्यताको आधारमा कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र एवं पशुपन्क्षी वधशाला स्थापना गर्न चाहेमा प्राविधिक सहायता उपलव्ध गराउनुको साथै भौतिक निर्माणको (जग्गा वाहेक) लागि केही सहयोग उपलव्ध गराइने छ ।

३.२५. शीत भण्डार (Cold & Frozen Storage, Cold Chain, Cold Chamber and Chiling Vat), कृषि थोक बजार एवं संकलन केन्द्र र पशु बधशालाको संचालनमा लाग्ने विद्युत महशुलमा उद्यम/व्यवसाय स्थापनाको १० बर्षसम्म २५% रकम अर्थ मंत्रालयको वजेट वक्तब्यमा समावेश गरी छुट दिईने छ ।

३.२६. प्राङ्गारिक खेती प्रविद्विारा उत्पादित कृषि वस्तुहरूको गुणस्तर प्रमाणीकरण गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिने छ ।

३.२७ बीऊ विजन, विरुवा, पशुपंक्षी र खाद्य तथा कृषि वस्तुको आयात निर्यातमा प्रमाणीकरणको व्यवस्थालाई सुदृढ र सक्षम वनाईने छ ।

३.२८ परम्परागत स्थानीय कृषिवस्तु एवं मौलिक प्रविधि (Indegeneous Knowledge/Technology) हरूको पञ्जीकरण गरी प्रबर्द्धन गर्ने व्यवस्था मिलाइने छ ।

३.२९ गुणस्तर प्रमाणीकरण गर्न सरकारी तथा निजीस्तरवाट एकृडिएटेड इन्डिपेन्डेन्ट एनालिटिकल लेवोरेटरी (Accrediated Independent Analytical Laboratory) हरुको स्थापना र विकासलाई प्रोत्साहन गरी उनीहरुको क्षमताको अभिवृद्धि गर्न सहयोग गरिने छ ।

३.३० कृषि सम्वन्धी व्यवसायहरुको विकास र विस्तारमा बैदेशिक प्रत्यक्ष लगानीलाई सम्भाव्यताको आधारमा प्रोत्साहित गरिने छ ।

३.३१ कृषिजन्य उद्योगलाई राष्ट्रियस्तरमा प्राथमिकता प्राप्त उद्योगको रुपमा मान्यता दिई सोही अनुरुपका सुविधा प्रदान गरिनेछ ।

३.३२ करार खेतीमा प्रयोग हुने जग्गामा मोहीयानी नलाग्ने व्यवस्था गरिने छ ।

३.३३ नेपालमा संचालित उद्योगहरुमा स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्रोत्साहित गरिने छ ।

३.३४ कृषि उत्पादन पकेट/कृषि वृहत उत्पादन क्षेत्र (Growth Center) मा आधारित वस्तुको निर्यात तथा वजार प्रबर्द्धनमुखी व्यवसाय खोल्न संभाव्यताको आधारमा उपयुक्त प्रविधि सहयोग प्रदान गरिने छ ।

३.३५ विदेश स्थित नेपाली राजदूतावास मार्फत निर्यात वजारको सूचना प्रवाह एवं प्रबर्द्धन कार्यलाई सघाउ पुऱ्याइने छ ।

३.३६ तुलनात्मक लाभका अवसरहरुको उपयोग गरी निर्यात प्रबर्द्धन गर्न वैदेशिक वजारको मागको खोजी गरी प्राप्त सूचना/प्रविधि हस्तान्तरण तथा प्रसार गरिने छ ।

३.३७ कृषि व्यवसायसंग सम्वन्धित निकायहरु बीच समन्वय गर्न र नीतिगत एवं कार्यान्वयन स्तरमा आइपरेका वाधा कठिनाइहरुको समाधानमा

पहल गर्न जिल्ला तथा क्षेत्रीयस्तरका कृषि विकास समितिहरुलाई परिचालन गरिने छ । यस समितिमा निजी क्षेत्रको सहभागितालाई वृद्धि गरिने छ ।

३.३८ कृषि वजार विकासको नीति र योजना अनुकुल हुने गरी सहकारी संस्था, गैर सरकारी संस्था, स्थानीय निकाय, सहकारी वा निजी क्षेत्रबाट कृषि वजार पूर्वाधार विकासमा लगानी गर्न प्रस्ताव आएमा यस्तो पूर्वाधार विकास गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।

३.३९ नेपालमा विकास भएका र हुने कृषि उपज वजार स्थलहरुवाटै स्रोत परिचालन गरी उनीहरु वीच समन्वय, पूर्वाधार तथा क्षमता विकासमा योगदान पुऱ्याउन कृषि व्यवसाय प्रबर्द्धन कोषको गठन गरिने छ । यस कोषमा प्रत्येक वजारले वार्षिक खुद आयको २ प्रतिशत रकम जम्मा गर्ने व्यवस्था गरिने छ । यस कोषको संचालन गर्न वजार संचालक समितिको संलग्नतामा संचालक समिति गठन गरिने छ ।

३.४० निजी क्षेत्र, सहकारी वा गैर सरकारी संस्था वा सरकारी स्वामित्वमा रहेको जग्गामा निजी/गैर सरकारी तथा सरकारी निकायको सहकार्यमा कृषि वजारको पूर्वाधारको संभावना देखिएमा सार्वजनिक-निजी, साझेदारीमा पूर्वाधार विकास गर्ने प्रणालीको विकास गरिने छ ।

३.४१ व्यावसायिक कृषिसँग सम्बन्धित वाली उत्पादन, पशुपालन, वजार व्यवस्था तथा कृषि उद्योगहरुको बीमा गराउने व्यवस्थाको विकास गरिने छ ।

३.४२ कृषि व्यवसाय सम्बन्धी नीतिगत वाधा कठिनाईहरुको समाधानमा पहल गर्न र नीतिगत सुधारका लागि सरकारलाई सुझाव दिन सरकारी तथा निजी क्षेत्रको संलग्नतामा राष्ट्रिय कृषि नीतिमा उल्लेख भए अनुरुप उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समितिको व्यवस्था गरिने छ । उक्त समिति अनुसूची-१ मा दिए वमोजिम हुने छ ।

३.४३ यस नीतिलाई कार्यान्वयन गर्ने क्रममा सरकारले आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्ने छ ।

३.४४ यस नीतिमा उल्लेख भएका कुराहरुको प्रभावकारी कार्यान्वयन, समन्वय र अनुगमन गर्न एक समितिको व्यवस्था गरिने छ ।

**द्रष्टब्यः**

(क) कृषि शब्दले बाली, वागवानी, पशुपन्छी, माछा आदि कृषिका सबै उप-क्षेत्रसंग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायहरु समेत जनाउँछ ।

(ख) कृषि व्यवसाय भन्नाले वाली, वागवानी, पशुपन्छी, माछा आदि कृषिका साथै उप-क्षेत्रसंग सम्बद्ध व्यावसायिक उत्पादन, वेचविखन र प्रशोधन सम्वन्धी कार्यहरुलाई जनाउँछ ।

(ग) Growth Center भन्नाले उपलब्ध हावापानी, माटो, भू-वनोट तथा वजार सम्भाव्यताका आधारमा कुनै खास बाली/वस्तुको व्यावसायिक रुपमा विकास गर्न निर्धारित बृहत क्षेत्र ।

(घ) Special Economic Zone भन्नाले आर्थिक सम्भावनाका आधारमा निश्चित उत्पादन/प्रशोधन, प्याकेजिङ्ग तथा निर्यात सम्बन्धी कार्य गर्न विकसित सुविधायुक्त स्थान/क्षेत्र ।

(ङ) Commercial crop/Commodity Production Area भन्नाले व्यावसायिक प्रयोजनका लागि खेती गरिएको बाली तथा तत्सम्बन्धी खास बाली/वस्तु उत्पादनको क्षेत्र ।

(च) Organic / Pesticide –free Proudction Area भन्नाले कृषि उपज उत्पादन क्षेत्र जहाँ रासायनिक मल, विषादी, वनस्पति बृद्धिजन्य हरमोन आदिको प्रयोग नै नगरी उत्पादन गरिन्छ ।

(छ) Agri Product Export Area भन्नाले बैदेशिक बजारको मागको आधारमा कृषि उपज उत्पादन गरिने क्षेत्र जसको उत्पादन उपभोक्ताको रुची तथा माग भएको वस्तुको गुणस्तर अनुसार तयार गरी निर्यात गरिन्छ ।

(ज) Gestation Period भन्नाले कुनै खास बालीको कृषि व्यवसायमा लगानीबाट प्रतिफल प्राप्त हुन लाग्ने समयावधि ।

(झ) Cold & Frozen Storage र Cold Chain र Cold Chamber & Chilling Vat भन्नाले वनस्पतिजन्य तथा प्राणीजन्य खाद्यवस्तु/प्रजनन पदार्थ तथा सोमा प्रयोग हुने सहयोगी पदार्थ जसको भौतिक बृद्धिलाई निस्तेज पार्ने वा रोक्ने गरी तापक्रम न्यून राखिएको वातानुकुलित ठाउँ ।

(ञ) Indegeneous Knowledge/Technology भन्नाले परम्परागत रुपमा प्रयोग गरिदैं आएका ज्ञान, सीप, तथा प्रविधि जसको स्थानीय स्तरमा नै विकास र विस्तार भएको मानिन्छ ।

(ट) Accrediated Independent Analytical Laboratory भन्नाले स्वदेशका प्रयोगशालाहरुलाई अन्य राष्ट्रका प्रयोगशालाहरुको स्तरसँग समानता कायम गरिएको अवस्था जसको प्रमाणलाई अन्य राष्ट्रले विना कुनै शर्त अनुमोदन गर्दछन् ।

(ठ) E - Commerce भन्नाले विभिन्न विद्युतिय संचारका माध्यम (E-mail, Internet, Satellite) बाट सर्म्पक गरी संचालन गरिने व्यवसायिक पद्धति ।

## अनुसूची-१

## (दफा ३.४२ सँग सम्बन्धित)

**कृषि व्यवसाय प्रबर्द्धन समितिको संरचना देहाय वमोजिम हुनेछ :**

| | | |
|---|---|---|
| १. | माननीय कृषि तथा सहकारी मन्त्री | – अध्यक्ष |
| २. | माननीय राज्यमन्त्री एवं सहायक मन्त्री | – पदेन सदस्य |
| ३. | सचिव, कृषि तथा सहकारी मन्त्रालय | –सदस्य |
| ४. | सचिव, अर्थ मन्त्रालय | –सदस्य |
| ५. | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | –सदस्य |
| ६. | सचिव, स्थानीय विकास मन्त्रालय | –सदस्य |
| ७. | सह-अध्यक्ष, राष्ट्रिय सहकारी विकास बोर्ड | –सदस्य |
| ८. | अध्यक्ष, उद्योग वाणिज्य महासंघ | –सदस्य |
| ९. | कृषि तथा सहकारी मन्त्रालयबाट मनोनित कृषि उद्यमीहरु मध्येबाट २ जना | –सदस्य |
| १०. | सह सचिव, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा, कृषि तथा सहकारी मन्त्रालय | –सदस्य सचिव |

मनोनित सदस्यको कार्यकाल ४ वर्षको हुने छ ।

*नोट: केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।*

# कृषि जैविक विविधता नीति, २०६३

(नेपाल सरकारबाट स्वीकृत मिति २०६३।११।२१)

## १. पृष्ठभूमि :

पृथ्वीमा मानव जातिको सृष्टीको निरन्तरताको लागि जैविक विविधताको महत्वपूर्ण भूमिका छ । जैविक विविधताको अभिन्न अङ्गको रुपमा रहेको कृषि जैविक विविधता मानव जातिको आधारभूत खाद्य सुरक्षा तथा जीविकोपार्जनको लागि अपरिहार्य छ । कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन एवं विकास हाम्रा पूर्वजले गर्दै आएका हुन् । नेपालमा कृषि जैविक विविधताका अभिन्न अंगहरु पर्याप्त मात्रामा उपलब्ध भए पनि समयको अन्तरालमा स्थानीय कृषिजन्य आनुवंशिक श्रोत लोप हुन लागेको तथ्य अध्ययन-अनुसन्धानले प्रष्ट पारेको छ । कृषि प्रधान देशमा कृषि क्षेत्रको दिगो विकास, खाद्य सुरक्षा र गरिबी निवारणको आधारस्तम्भको रुपमा रहेको महत्वपूर्ण कृषि जैविक विविधता संरक्षण, संवर्द्धन एवं दीगो उपयोग गर्नु राष्ट्रिय जिम्मेवारी हो ।

जैविक विविधताको बढी उपयोग हुने प्रजाति (Species) लाई समेट्ने कृषि जैविक विविधतालाई राष्ट्रले राखेको दिगो कृषि विकासको लक्ष्य अनुरुप आर्थिक उपलब्धि हासिल गर्न एवं पर्यावरणीय सन्तुलन कायम गर्न जैविक विविधता संरक्षण हुन अति आवश्यक छ । उपर्युक्त आवश्यकतालाई मध्यनजर राख्दै, नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय जैविक विविधता महासन्धि, १९९२ (Convention on Biological Diversity 1992) एवं साझा समझदारी तथा नेपाल जैविक विविधता रणनीति, २०५९ समेतलाई दृष्टिगत गरी "राष्ट्रिय कृषि नीति २०६१" को जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने उद्देश्य अनुरुप यो नीति लागू गरिएको छ ।

## २. परिभाषा :

यस नीतिको प्रयोजनका लागि :-

(क) "आनुवंशिक पदार्थ" भन्नाले नेपाल अधिराज्यको वनस्पति, जीव जन्तु तथा सूक्ष्म जीवाणुको कियात्मक इकाई सम्झनु पर्छ ।

(ख) "आनुवंशिक श्रोत" भन्नाले नेपाल अधिराज्यका स्वस्थानीय (in-situ)

वा परस्थानीय (ex- situ) अवस्थामा रहेका वास्तविक र संभावित अवस्थामा रहेको वास्तविक र सम्भावित महत्वका आनुवंशिक पदार्थ सम्झनु पर्छ । सो शब्दले त्यस्तो आनुवंशिक बस्तुको अवयव (Organ) वा त्यसको परिवर्तित एवं परिमार्जित स्वरुप (Derivatives) समेतलाई जनाउँछ । तर सो शब्दले मानव आनुवंशिक श्रोतलाई जनाउने छैन ।

(ग) "स्वस्थानीय (in-situ) संरक्षण" भन्नाले मौलिक वासस्थानमा नै संरक्षण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(घ) "परस्थानीय (ex-situ) संरक्षण" भन्नाले मौलिक वासस्थान भन्दा अन्यत्र प्राकृतिक वा कृत्रिम वातावरण तयार गरी संरक्षण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ङ) "जैविक विविधता" भन्नाले आकाशीय, स्थलीय (Terrestrial), जलीय, सामुद्रिक र अन्य क्षेत्रमा रहेको जीव जन्तुहरुको पारिस्थितिक प्रणाली (Ecosystem), त्यसको भागको रुपमा रहेको जीव र वनस्पतिको सम्बन्ध तथा विविधता सम्झनु पर्दछ । सो शब्दले जातीय, प्रजातीय विविधता (Species Diversity), आनुवंशिक विविधता (Genetic Diversity) र परिस्थितिक प्रणाली को विविधता (Ecosystem Diversity) समेतलाई जनाउँदछ ।

(च) "कृषि जैविक विविधता" भन्नाले जैविक विविधता अन्तर्गत कृषिजन्य पारिस्थितिकीय प्रणाली (Agro-ecosystem) को विविधता, प्रजातीय विविधता (Species Diversity) तथा वंशाणुगत विविधता (Genetic Diversity) मा समाहित खाद्य र कृषिका आनुवंशिक श्रोतहरु, कृषि उत्पादन प्रणालीसंग आबद्ध भएका पर्यावरणीय सेवाहरु प्रदान गर्ने बिभिन्न किसिमका जीवहरु, कृषि जैविक विविधतामा निश्चित प्रभाव पार्ने अजैविक पक्षहरु तथा सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरु (अनुसूची १ बमोजिम) सम्झनु पर्छ ।

(छ) "कृषि जैविक विविधता अभिलेख" भन्नाले नेपालको खाद्य र कृषिजन्य आनुवंशिक श्रोत र त्यसका अवयव तथा परिवर्त्तित र परिमार्जित आनुवंशिक श्रोत र त्यससँग सम्बन्धित स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास समेतको पंजिकरणबाट तयार पारिएको अभिलेख सम्झनु पर्छ ।

(ज) “पहुँच” भन्नाले आनुवंशिक श्रोत तथा आनुवंशिक पदार्थ र यस्ता श्रोत तथा पदार्थसंग सम्बन्धित जैविक श्रोत र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास तथा तिनीहरुको स्वस्थानीय र परस्थानीय अवस्थामा रहेका अवयव तथा परिमार्जित श्रोतको सङ्कलन, प्राप्ति, ग्रहण सम्झनु पर्छ ।

(झ) “उपयोग” भन्नाले आनुवंशिक श्रोत तथा आनुवंशिक पदार्थको अध्ययन, अनुसन्धान, व्यापारिक तथा औद्योगिक वा अन्य प्रयोजनको लागि गरिने उपयोग सम्झनु पर्छ ।

(ञ) “कृषक” भन्नाले परम्परागत ज्ञान, सीप, खोज, प्रविधि, प्रयोग अभ्यास आदिको आधारमा परम्परागत स्थानीय खाद्य र कृषिजन्य आनुवंशिक श्रोतको संरक्षण, संवर्द्धन एवं विकास गर्ने स्थानीय व्यक्ति वा समुदाय सम्झनु पर्छ ।

(ट) “लाभको बाँडफाँड” भन्नाले आनुवंशिक श्रोत तथा आनुवंशिक पदार्थको पहुँच, उपयोग र निकासीको परिणाम स्वरुप प्राप्त हुने आर्थिक लाभ र अन्य फाइदाको बाँडफाँड सम्झनु पर्छ ।

(ठ) “समन्यायिक (Equitable) वितरण” भन्नाले आनुवंशिक श्रोत वा आनुवंशिक पदार्थमा पहुँच प्रदान गरे बापत र त्यस्तो श्रोत तथा पदार्थ वा सो संग सम्बन्धित परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यासको संरक्षण, संवर्द्धन र विकास गरे बापत गरिने लाभको बाँडफाँड तथा वितरण सम्झनु पर्छ ।

(ड) “पराम्परागत ज्ञान” भन्नाले जैविक श्रोतको संरक्षण एवं उपयोगको बारेमा स्थानीय व्यक्ति वा समुदायमा निहित रहेका ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास सम्झनु पर्छ ।

(ढ) “जैविक सुरक्षा” भन्नाले संक्रामक, अनुवंश परिवर्तित जीव (Genetically Modified Organism, GMO)/ जीवित रुपमा रुपान्तरित जीव (Living Modified Organism, LMO) समेतको व्यावसायिक वा अनुसन्धानात्मक प्रयोगबाट कृषि जैविक विविधता, मानव, पशुपंक्षी, विरुवाको स्वास्थ्य तथा सुरक्षा र वातावरणीय जोखिमबाट जोगिने उपायलाई सम्झनु पर्छ ।

(ण) “समिति” भन्नाले यस नीतिको अनुसूचि २ बमोजिमको “कृषि जैविक विविधता, राष्ट्रिय संरक्षण समिति” लाई सम्झनु पर्छ ।

## ३. परिकल्पना (Vision) :

खाद्य एवं कृषिजन्य आनुवंशिक श्रोत, पदार्थ तथा स्थानीय ज्ञान, सीप आदिको संरक्षण, उपयोग र लाभको समन्यायिक (Equitable) एवं न्यायिक (Fair) बांडफांड गरी वर्तमान र भावी पुस्ताको खाद्य सुरक्षा एवं गरिबी न्यूनिकरण गर्ने परिकल्पना गरिएको छ ।

## ४. उद्देश्यहरु

(क) कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गरी कृषिको समुचित विकास एवं खाद्य तथा पोषण सुरक्षा सुदृढ गर्ने ।

(ख) कृषकको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि, उपयोग र अभ्यासहरुको हक हितको संरक्षण एवं संवर्द्धन गर्ने ।

(ग) कृषि अनुवंशिक श्रोत तथा पदार्थको पहुंच र उपयोगबाट श्रृजित अवसर र लाभहरुको समन्यायिक एवं न्यायिक वितरण प्रणालीको व्यवस्था मिलाउने ।

(घ) दीर्घकालिन रुपमा कृषि जैविक विविधताको संरक्षण एवं संवर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिबृद्धि गर्नमा योगदान पुऱ्याउने ।

## ५. नीति

क. कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोगका लागि देहाय बमोजिमका नीति अवलम्बन गरिनेछ :

१. कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा दिगो उपयोगको लागि अध्ययन, अनुसन्धान एवं प्रसार गर्ने ।

२. कृषकबाट कृषक बीच बीउ विनिमय गर्ने परम्परागत बीउ तथा अन्य वितरण प्रणालीलाई सुदृढ गर्ने ।

३. कृषि जैविक विविधतामा आधारित बजार तथा उद्योग व्यवसायलाई प्रोत्साहन दिने ।

४. कृषकको ज्ञान र सीपमा आधारित बैज्ञानिक प्रविधि एवं ज्ञानको प्रयोगलाई प्रोत्साहन गर्ने ।

५. कृषि जैविक विविधतामा आधारित भै कृषकको हित हुने गरी जनसहभागितामूलक पद्धतिद्वारा उत्पादन बृद्धि, रोजगारी एवं आयमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

ख. कृषकको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि, उपयोग र अभ्यासहरुको हक हितको संरक्षण एवं संवर्द्धनका लागि देहाय बमोजिमका नीति अवलम्बन गरिनेछ :

१. परम्परागत तथा स्थानीय खाद्य र कृषि आनुवंशिक श्रोत व्यवस्थापन संम्बन्धि कृषकको परम्परागत ज्ञान, सीप, खोज, प्रविधि प्रयोग, अभ्यास आदिलाई संरक्षण प्रदान गर्ने ।

२. परम्परागत तथा स्थानीय कृषि आनुवंशिक श्रोतको स्वामित्व, त्यस्तो श्रोतको संरक्षण, संवर्द्धन एवं विकास गर्ने कृषक र नेपाल सरकारमा रहने ।

३. कृषि जैविक श्रोतको संकलन, वर्गीकरण तथा मूल्याङ्कन गरी विस्तृत वैज्ञानिक विवरण तयार गर्ने ।

४. कृषि जैविक विविधताको अभिलेख तयार गरी पञ्जिकरण गर्ने र सोको स्वामित्व कृषकमा नै निहित रहने ।

५. कृषकको परम्परागत तथा स्थानीय ज्ञान, सीप, खोज, प्रविधि, प्रयोग, अभ्यास आदिको हक सम्बन्धित कृषकमा निहित रहने ।

६. खाद्य र कृषि आनुवंशिक श्रोत एवं स्थानीय ज्ञानको प्रयोग गरी नयाँ प्रविधि विकास एवं व्यवसाय गर्नु परेमा पहुँचको लागि पूर्व अनुमति दिने संस्था संग अलग्गै सम्झौता गर्नु पर्ने । यसरी सम्झौता गर्दा वातावरण एवं जैविक विविधतामा प्रतिकूल प्रभाव नपर्ने गरी गर्नु पर्ने ।

ग. कृषि आनुवंशिक श्रोत तथा पदार्थको पहुंच र उपयोगबाट श्रृजित अवसर र लाभहरुको समन्यायिक एवं न्यायिक वितरण प्रणालीको व्यवस्थाका लागि देहाय बमोजिमका नीति अवलम्बन गरिनेछ :

१. कुनै पनि विदेशी संस्थाले नेपाल सरकारबाट पूर्व अनुमति प्राप्त गरी तोकिएको शर्तमा परम्परागत स्थानीय खाद्य र कृषि आनुवंशिक श्रोतमा पहुँच पाउने । तर व्यक्तिगत रुपमा पहुँचको लागि अनुमति दिइने छैन ।

२. स्वदेशमा खाद्य र कृषि आनुवंशिक श्रोत एवं स्थानीय ज्ञान सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्न नेपाल सरकारसंग अनुमति प्राप्त गर्नु नपर्ने । तर सम्बन्धित निकाय तथा कृषकको पूर्व सूचित सहमति (Prior Informed Consent, PIC) प्राप्त गर्नु पर्नेछ ।

३. परम्परागत तथा स्थानीय खाद्य र कृषि आनुवंशिक श्रोत वा स्थानीय समुदायको ज्ञान प्रयोग गरी गरिएको व्यवसाय वा बौद्धिक सम्पतिको अधिकारबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँड हुने ।

४. खाद्य र कृषि आनुवंशिक श्रोतको अभिलेख एवं स्वामित्वको व्यवस्था, पहुँच, लाभको बाँडफाँड, आदि पक्षहरुलाई एकलद्वार प्रणाली अन्तर्गत संचालन गर्ने ।

घ. दीर्घकालिन रुपमा कृषि जैविक विविधताको संरक्षण एवं संवर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिबृद्धि गर्न देहाय बमोजिमका नीति अवलम्बन गरिनेछ :

१. विकास कार्यक्रमहरु संचालनकालागि वातावरणीय प्रभाव मूल्याँकन गर्दा कृषि जैविक विविधतालाई विशेष महत्व दिने ।

२. संक्रामक, अनुवंश परिवर्त्तित जीवित रुपमा रुपान्तरित खाद्य र कृषिजन्य वनस्पति एवं जीवको अध्ययन-अनुसन्धान गर्न पैठारी तथा अन्वेषणको अनुमति लिनुपर्ने ।

३. जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम (Risk) भएका GMO तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने ।

४. कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनकोलागि परागसेचक (Pollinators) तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धि अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ६. नीतिको कार्यान्वयन तथा अनुगमन :

यो नीतिको कार्यान्वयन तथा अनुगमन गर्ने काम समितिबाट हुनेछ। समितिको कार्य सञ्चालन तथा बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

# अनुसूची - १

## कृषि जैविक विविधताको कार्य क्षेत्र

कृषि जैविक विविधताको कार्य क्षेत्र भित्र खाद्य र कृषिसंग सम्बन्धित जैविक विविधताका सम्पूर्ण अंशहरु र कृषिजन्य पारिस्थितिकीय प्रणाली, (कृषिजन्य बनस्पति, जीवजन्तु, जलचर र सूक्ष्म जीवाणुका वंशाणुगत, प्रजाति र पारिस्थितिकीय प्रणाली तहका जात एवं भिन्नता (Variety and Variability), कृषि परिस्थितिकीय प्रणाली (Agri ecosystem) लाई धान्न आवश्यक प्रमुख कार्यहरु (Functions), संरचना र प्रक्रियाहरु पर्ने भएकोले कृषि जैविक विविधताका निम्न पक्षहरु रहनेछन् :

**(क) कृषिका आनुवंशिक श्रोतहरु :**

- वनस्पति जन्य आनुवंशिक श्रोतहरु (घाँसेवाली र चरनका प्रजाति एवं खेती प्रणालीको अभिन्न अंगको रुपमा रहेका रुखका आनुवंशिक श्रोतहरु समेत)
- पशु आनुवंशिक श्रोतहरु
- मत्स्य आनुवंशिक श्रोतहरु
- कीट आनुवंशिक श्रोतहरु,
- सूक्ष्म जीवाणु आनुवंशिक श्रोतहरु,
- खेती गरिने र घरपालुवामा रहेका प्रजातिहरुको सम्बन्धित जंगली प्रजातिहरु ।

**(ख)कृषि उत्पादन प्रणालीसंग आबद्ध भएका निम्न पर्यावरणीय सेवाहरु प्रदान गर्ने बिभिन्न किसिमका जीवहरु** (Organisms):

- पोषक तत्व चक्र (Nutrient Cycle)
- जैविक वस्तुहरुको कुहाइ (Decomposition)
- माटोको उर्वरा शक्ति (Soil health)
- कीरा र रोगको प्राकृतिक नियमन
- पराग सेचन (Pollination)

- स्थानीय वन्य जीव/जन्तु र सो को वासस्थान संरक्षण र संवर्द्धन (Habitat Conservation Management)
- जलचक्र संरक्षण (Water Cycle Conservation)
- प्रांगार स्थिरिकरण (Carbon Sequestration)
- भू-क्षय नियन्त्रण (Soil Erosion Control)
- मौसम तथा जलवायुको प्राकृतिक नियमन
- अन्य

**(ग) कृषि जैविक विविधतामा निश्चित प्रभाव पार्ने अजैविक पक्षहरु**

**(घ) सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरु :**

- कृषि जैविक विविधताका परम्परागत र स्थानीय ज्ञान, सांस्कृतिक पक्षहरु, र सहभागिताका प्रकियाहरुः
- कृषि भू-बनौटसँग गासिएका पर्यटन;
- अन्य सामाजिक, आर्थिक तत्वहरु

* CBD; 1992 को Conference of the Parties को निर्णय नं. III/11 को आधारमा ।

## अनुसूची २
## "कृषि जैविक विविधता, राष्ट्रिय संरक्षण समिति"
## प्रकरण २ को खण्ड (ण) सँग सम्बन्धित

**यस समितिको गठन तपसिल बमोजिम रहने छ ।**

| | |
|---|---|
| सचिव, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| सह-सचिव (कृषि), राष्ट्रिय योजना आयोग | सदस्य |
| सह-सचिव (वातावरण), वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| सह-सचिव (वातावरण), वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| सह-सचिव (वातावरण), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सह-सचिव (वातावरण), स्थानीय विकास मन्त्रालय | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| महानिर्देशक, कृषि विभाग | सदस्य |
| महानिर्देशक, पशु सेवा विभाग | सदस्य |
| महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| महानिर्देशक, वन अनुसन्धान तथा सर्भेक्षण विभाग | सदस्य |
| प्रतिनिधि, (प्राध्यापक), कृषि तथा पशु विज्ञान अध्ययन संस्थान | सदस्य |
| प्रतिनिधि, (प्राध्यापक), केन्द्रिय वनस्पति विभाग, त्रिभूवन विश्वविद्यालय | सदस्य |
| प्रतिनिधि निजी क्षेत्र (गैह्र सरकारी संस्था) | सदस्य |
| प्रतिनिधि निजी क्षेत्र (उद्यमी/व्यापारी) | सदस्य |
| प्रतिनिधि (कृषक) | सदस्य |
| सह-सचिव, लैङ्गिक समता तथा वातावरण महाशाखा, कृषि तथा सहकारी मन्त्रालय | सदस्य सचिव |

---

*रुपान्तरण : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।*

# राष्ट्रिय चिया नीति, २०५७

**(नेपाल सरकारबाट स्वीकृत मिति २०५७।७।२४)**

चियाको उत्पादन, प्रशोधन एवं व्यापारिक कारोबारमा निजी क्षेत्रको सहभागिताको अभिवृद्धि गरी देशमा उपलब्ध सम्भावनाको दिगो र व्यवस्थित उपयोगद्वारा आय आर्जन तथा रोजगारीको अवसरमा वृद्धि एवं बैदेशिक मुद्रा आर्जन गर्ने भरपर्दो श्रोतको रुपमा चियाको विकास गर्न राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९ मा अन्तर्निहित भावना अनुरुप नेपाल सरकारले राष्ट्रिय चिया नीति, २०५७ स्वीकृत गरी लागू गरेको छ ।

**१. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा,**

१.०१ "साना किसान" भन्नाले पहाडमा बढीमा ३५० रोपनी र तराईमा २५ बिगाहासम्म निजी जमिनमा चिया खेती गर्ने कृषकलाई जनाउँदछ ।

१.०२ "चिया कृषक" भन्नाले हदबन्दी छुटको सुविधा लिई उद्योग दर्ता गराई चिया खेती गर्ने लाई जनाउँदछ ।

१०३ "सहकारी चिया खेती" भन्नाले सहकारी ऐन अन्तर्गत दर्ता भै समूहगत रुपमा चिया खेती गरेको लाई जनाउँदछ ।

१.०४ "चिया उद्योग" भन्नाले उद्योग दर्ता गरी हदबन्दी छुटको सुविधामा चिया खेती गरेको र आफ्नै प्रशोधन कारखाना भएको लाई जनाउँदछ ।

१.०५ "चिया प्रशोधन कारखाना" भन्नाले चियाको हरियो पातलाई प्रशोधन गर्ने उद्योग वा कारखानालाई जनाउँदछ ।

१.०६ "चिया निर्यातक" भन्नाले नेपालमा उत्पादित चिया भारत लगायत अन्य मुलुकहरुमा निकासी गर्नेलाई जनाउँदछ ।

१.०७ "आयात कर्ता" भन्नाले भारत लगायत अन्य मुलुकबाट चिया पैठारी गरी विक्री वितरण गर्नेलाई जनाउँदछ ।

१.०८ "प्याकिङ्ग" भन्नाले विभिन्न ग्रेडको तयारी चिया उपभोक्ताहरुको चाहना अनुसार ब्लेन्डिङ्ग गरी ग्राहक बर्गको आवश्यकता अनुसार प्याकिङ्ग गरेर आफ्नो ट्रेड मार्क छाप लगाई विक्री गर्ने व्यवसायलाई जनाउँदछ ।

१.०९ “चिया प्याकिङ्ग उद्योग” भन्नाले चिया प्याकिङ्ग गरि विक्री वितरण गर्ने उद्योगलाई जनाउँदछ ।

१.१० “चिया व्यवसाय” भन्नाले चियाको खेती, प्रशोधन, आयात, निर्यात, चिया प्याकिङ्ग र बजार व्यवस्था गर्ने कार्यलाई जनाउँदछ ।

१.११ “ग्रेस पिरियड” भन्नाले चिया खेतीको लागि ऋण प्रवाह गरिएको मिति देखि साँवा रकमको पहिलो किस्ता भुक्तानी गर्ने अवधिलाई जनाउँदछ ।

१.१२ “बोर्ड” भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई जनाउँदछ ।

१.१३ “सेस” भन्नाले राष्ट्रिय चिया प्रशोधन गर्दा र आयात गर्दा लाग्ने सेवा शुल्कलाई जनाउँदछ ।

१.१४ “बैंक” भन्नाले चिया व्यवसायमा लगानी गर्ने कृषि विकास वैंक लगायतका बैंकहरु र वित्तिय संस्थाहरुलाई जनाउँदछ ।

**२. उद्देश्यः**

२.१ चिया खेतीमा निजी क्षेत्रको सहभागितामा वृद्धि गरी चियाको उत्पादनमा गुणात्मक एवं परिमाणात्मक वृद्धि हासिल गर्ने

२.२ चिया व्यवसायी र कृषकहरुलाई प्रोत्साहित गर्ने ।

२.३ आय आर्जन र रोजगारीका अवसरहरु बढाई गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

२.४ चियाको बजार प्रबर्द्धन गर्ने ।

२.५ चिया व्यवसायलाई दिगो र आकर्षक बनाउने ।

२.६ चिया खेती विस्तार गरी वातावरण संरक्षणमा समेत सहयोग पुऱ्याउने ।

२.७ चिया विकासको लागि संस्थागत विकासको प्रबर्द्धन गर्दै जाने ।

२.८ आन्तरिक मागको आपूर्ति गरी चिया निर्यातद्वारा विदेशी मुद्रा आर्जनका अवसरहरु बढाउँदै जाने ।

२.९ चिया व्यवसायको लागि आवश्यक अध्ययन, अनुसन्धान, प्रविधिको विकास र जनशक्ति विकासमा जोड दिने ।

## ३. लक्ष्यहरु

३.१ चिया खेतीले ढोकेको क्षेत्रफल आगामी ५ बर्षमा ४०,८७५ हेक्टर पुर्‍याउने ।

३.२ कुल चियाको उत्पादन आगामी १० बर्षमा ४,६१,११,००० के.जी. पुर्‍याउने ।

३.३ सुरुको ५ बर्षको अवधिमा थप ७९,३१० जना नेपालीलाई रोजगारीका अवसरहरु उपलब्ध गराउने ।

३.४ अर्थोडक्स चियाको उत्पादन कुल उत्पादनको ६५ प्रतिशतसम्म पुर्‍याउने ।

## ४. नीति तथा कार्य नीतिहरुः

### ४.१ उत्पादन तथा प्रशोधनः

४.१.१ चिया खेती तथा प्रशोधन कार्यको लागि बैंकहरुले प्राथमिकता प्राप्त कर्जा सरहको न्यूनतम व्याज दरमा ऋण प्रवाह गर्ने छन् ।

४.१.२ चिया खेतीका लागि उद्योग दर्ता भए पछि कुल परियोजना लागतको ८० प्रतिशतसम्म बैंकले ऋण प्रवाह गर्ने छन् ।

४.१.३ चिया खेतीको लागि प्रवाह गरिएको ऋण पहाडमा अर्थोडक्स तथा हरियो चियालाई ७ बर्ष र तराईमा सि.टी.सि. चियालाई ५ बर्ष सम्म ग्रेस परियड दिईनेछ ।

४.१.४ ऋणको व्याजलाई ग्रेस पिरियडमा पूँजिकरण गरिने छैन ।[1]

४.१.५ ग्रेस पिरियडको अवधिभर आयकर लाग्ने छैन ।

४.१.६ चिया खेतीमा लगानी भएको सम्पूर्ण ऋण ग्रेस पिरियड समाप्त भएको मितिले १० बर्षमा साँवा तथा व्याज समेत तिरी सक्नु पर्नेछ ।[2]

४.१.७ चिया खेतीको लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा ७५ प्रतिशत छुट हुनेछ ।

४.१.८ चिया खेती गरिएको जग्गामा मालपोत छुटका लागि बोर्डले सिफरिस गर्नेछ ।

---

१. आ.ब. २०५६ । ५७ देखि ग्रेस पिरीयडमा व्याजलाई पूँजीकरण गर्ने व्यवस्था कृषि विकास बैंकले हटाएको छ ।

२. हाल ८ बर्ष भित्र साँवा तथा व्याज तिरी सक्नुपर्ने व्यवस्था रहेको थियो ।

४.१.९ बन तथा भू-संरक्षण मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय र राष्ट्रिय चिया तथा कफी विकास बोर्डको संयुक्त टोली बनाई सो टोलीले व्यावसायिक रुपले चिया खेती हुने जिल्लाहरुमा चिया खेती योग्य सरकारी जग्गा यकीन गरी बोर्ड मार्फत नेपालको सरकारमा सुझाव पेश गर्ने र सोको आधारमा त्यस्ता जग्गाहरु चिया खेतीको लागि बढीमा ५० बर्षसम्मको लागि लिजमा उपलब्ध हुन सक्नेछ ।

४.१.१० लिज वापत प्राप्त रकम देहाय बामोजिम कोषमा जम्मा हुनेछ ।

(क) ५० प्रतिशत नेपालको सरकारको राजश्वमा ।

(ख) ५० प्रतिशत चिया विकास कोषमा ।

४.१.११ चिया खेतीमा सिंचाई गर्नको लागि अन्य वालीलाई दिए सरहको पूँजिगत अनुदान दिने र सिंचाईको लागि आयात गरिने पाईप, उपकरणहरु आयात गर्दा कृषि उपकरणहरु सरहको मात्र भन्सार महसुल लाग्नेछ ।

४.१.१२ चिया प्रशोधन उद्योगलाई आवश्यक पर्ने मेशिनरीहरु आयात गर्दा कृषि उपकरणहरु सरह मात्र भन्सार महसुल लाग्नेछ ।

४.१.१३ व्यावसायिक रुपमा चिया खेती भएका क्षेत्रहरुमा सडक, सिंचाई, बिजुली, संचार, शिक्षा तथा स्वास्थ्य जस्ता पूर्वाधार विकास गर्न नेपालको सरकारले प्राथमिकता दिनेछ ।

४.१.१४ चिया उद्योग संचालन गर्दा चाहिने ईन्धनको आपूर्ति स्थानीय आपूर्तिमा असर नपर्ने गरी आवधिक परिमाण तोकी उद्यमीहरुलाई सोझै सम्बन्धित वन आपूर्ति समितिबाट उपलब्ध हुने व्यवस्था गर्ने तथा चिया खेती भित्र लगाइएका रुख आफैले प्रयोग गर्न सकिनेछ ।

४.१.१५ चिया व्यवसायको लागि चाहिने रासायनिक मल, कीटनाशक, झारनाशक र रोगनाशक औषधी तथा कृषि सामाग्री आदि अन्य मुलुकबाट आयात गर्न दिईने छ ।

४.१.१६ चिया व्यवसायीहरुबाट प्राप्त हुने सेस, नेपाल सरकारबाट विकासका लागि प्राप्त हुने अनुदान, लिजबाट प्रात हुने रकम, अन्तर्राष्ट्रिय गैर सरकारी दातृ संस्थाहरुबाट प्राप्त हुने सहयोग तथा वैदेशिक सहयोग अनुदान आदि रकमबाट चिया विकास कोष (Tea Development Fund) स्थापना गरिने छ र सो कोष निजीक्षेत्रको सहभागितामा चियाको विकास तथा विस्तारमा उपयोग गरिनेछ ।

४.१.१७ चक्लाबन्दीलाई प्रोत्साहित गर्न देहायका कार्यहरुलाई प्राथमिकता दिईने छ ।

४.१.१७.१ चिया खेतीको लागि जग्गा खरिद गर्न सरल ब्याज दरमा ऋणको व्यवस्था गरिने छ ।

४.१.१७.२ चिया खेतीद्वारा चक्लाबन्दी विस्तार गर्ने कार्यलाई कानूनी रुपमा प्रोत्साहन गरिनेछ ।

४.१.१८ सम्भाव्यता अध्ययनको आधारमा कम्तीमा ३००० रोपनी क्षेत्रफलमा चिया खेतीको ठाउँलाई चिया क्षेत्र घोषणा गरी ती ठाउँमा विद्युत, संचार सेवा र कृषि सडक जस्ता पूर्वाधार विकास गर्नु प्राथमिकता दिईने छ ।

४.१.१९ चिया बजारको सम्भाव्यता अध्ययन गरी त्यसबाट प्राप्त हुने सूचनाहरु चिया व्यवसायीहरुलाई उपलब्ध गराईने छ ।

## ४.२ बजार तथा व्यापार प्रबर्द्धन:

४.२.१ चियालाई अन्तर्राष्ट्रिय बजार प्रणालीमा प्रवेश गराउन निजी क्षेत्रको सहभागीतामा लिलाम (Auction) प्रणालीको विकास गरिनेछ । यसका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।

४.२.२ कृषि तथा सहकारी मन्त्रालयको कृषि व्यवसाय प्रबर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि उद्यम केन्द्र (नेपाल उद्योग वाणिज्य महासंघ), व्यापार प्रवर्द्धन केन्द्र, शाही नेपाली राजदूतावास तथा वैदेशिक नियोगहरुसँग समन्वय गरी चिया निर्यात अभिवृद्धि कार्य परिचालन गरिनेछ । पर्यटन मन्त्रालय अन्तर्गतबाट प्रकाशित गरिने अन्तर्राष्ट्रिय

स्तरको पोष्टर, पम्पलेट तथा बुकलेटहरुमा चियाको उत्पादन, परिमाण, गुणस्तर र उत्पादन क्षेत्र आदिको चिनारी समावेश गरिने छ ।

४.२.३ चिया निर्यातका लागि आयात गरिने प्याकिङ्ग मेटेरियलमा कृषि सामाग्री सरह न्यूनतम भन्सार महसुल लाग्नेछ ।

४.२.४ चिया निर्यात गर्दा एक पटकमा एक कन्टेनर बराबरको परिमाणमा मात्र निर्यात गर्नु परेमा बिना प्रतीतपत्र (एल.सी.) पठाउन सकिने व्यवस्था गरिनेछ ।

४.२.५ भारतमा चिया निर्यात गर्दा पनि अन्य मुलुकमा निर्यात गरे सरह सुविधा दिईने छ ।

४.२.६ स्वदेशी चियाको ब्राण्डहरु बिकसित तथा स्थापित गर्दै लान प्याकिङ्ग उद्योगलाई समयोचित सुधार गर्न प्रोत्साहित गरिदैं लगिनेछ ।

४.२.७ खुला चिया भन्दा मूल्य अभिबृद्धि भएको प्याकेट चियालाई विक्री वितरण तथा निर्यात गर्न प्रोत्साहित गरिनेछ ।

४.२.८ साना र सहकारी चिया व्यवसायीहरुलाई व्यापार मेला, व्यापार प्रदर्शनी, कार्यशाला गोष्ठी आदिमा चिया विकास कोषबाट खर्च व्यहोर्ने गरी भाग लिन प्रोत्साहित गरिनेछ ।

**४.३ संस्थागत व्यवस्था:**

यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि बोर्डले देहायका कार्यहरु गर्ने छ ।

४.३.१ चिया खेती सम्बन्धी आवश्यक अध्ययन अनुसन्धान गरी प्राविधिक परामर्श एवं सहयोग प्रदान गर्न र चियाको उन्नत विरुवा बिदेशबाट ल्याई संख्यात्मक बृद्धि गरी विक्री वितरणको व्यवस्था गर्ने ।

४.३.२ साना किसानलाई चियाको कटिङ्ग ढुवानी गर्न ढुवानी अनुदान दिने ।

४.३.३ साना किसान तथा सहकारी चिया खेतीलाई प्राविधिक सेवा सुविधा निशुल्क उपलब्ध गराउने ।

४.३.४ चिया व्यवसाय संचालन गर्न रजिष्ट्रेसन दस्तुर, जग्गाको

हदबन्दी, मालपोत आदिमा छुटको सुविधा प्रदान गर्न, मेशिनरी, सिंचाई सामाग्री, प्याकिङ्ग मेटेरियल, उपकरण संरचना (Steel structure) आयात गर्दा सोमा लाग्ने भन्सार सुविधा उपलब्ध गराउन एवं प्रतीतपत्र सुविधा र राष्ट्रिय प्रतीक चिन्ह राखिने कार्यका लागि स्थलगत निरीक्षण गरी सम्बन्धित निकायमा सिफारिस गर्ने ।

४.३.५ चिया व्यवसायको लागि आवश्यक पर्ने ऋण, कीटनाशक औषधि, रासायनिक मल, कृषि सामाग्री र ईन्धन आदिको सिफारिस गर्ने ।

४.३.६ देशमा भएका चिया व्यवसायीहरुको व्यवसाय दर्ता सम्बन्धी जानकारी राख्ने ।

४.३.७ चिया व्यवसायको नियमित निरीक्षण तथा अनुगमन गरी सो अनुरुप कार्य नभएमा उपरोक्त अनुसार सुविधाबाट बन्चित गर्ने ।

४.३.८ चिया व्यवसायलाई प्रोत्साहन गर्न उत्कृष्ट उत्पादक, प्रशोधनकर्ता, चिया प्याकिङ्ग उद्योग तथा निर्यातकर्तालाई बार्षिक रुपमा पुरस्कार तथा कदर पत्र प्रदान गर्ने व्यवस्था गर्ने ।[३]

४.३.९ चिया व्यवसायको समुचित विकासको लागि सूचनामूलक सामाग्री उपलब्ध गराउन चियाको क्षेत्रफल, उत्पादन विवरण, लिलाम परिमाण, उत्पादक, प्रशोधन, निकासीकर्ता, आयातकर्ता र अनुसन्धानकर्ता आदिको आद्यावधिक अभिलेख राख्ने र आवधिकरुपमा नेपालको सरकार सम्बद्ध पक्षलाई उपलब्ध गराउने ।

४.३.१० नेपाल सरकारको स्वीकृती लिई चिया सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्थासँग सम्बन्ध स्थापित गर्ने, सन्धि सम्झौता गर्ने तथा अन्य सहकार्यहरु गर्ने, बोर्डलाई एक स्वायत्त संस्थाको रुपमा विकास गर्ने ।

४.३.११ चिया व्यवसायको निरन्तर विकासको लागि निजी क्षेत्रको समेत सहभागिताबाट बोर्डले चिया उत्पादन, प्रशोधन, जग्गा लिजमा दिने, विभिन्न सिफारिस तथा परामर्श दिने र यी कार्य प्रदान गरे वापत नेपाल

---

३ उत्कृष्ट उत्पादक, निर्यात र प्याकेजिङ्ग उद्योगलाई कदरपत्र दिई रहेको छ ।

सरकारको स्वीकृती लिई बोर्डले शुल्क लिने ।

४.३.१२ चिया सम्बन्धी अध्ययन, अनुसन्धान, बजार विकास आदिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सूचना संकलन, सम्प्रेषण गरी चिया व्यवसायीहरुलाई उपलब्ध गराउने कार्य गर्ने ।

४.३.१३ चियासँग सम्बद्ध सबै निकायहरुले नियमित रुपमा तथ्याङ्क तथा अन्य सम्बन्धित सूचनाहरु उपलब्ध गराउनु पर्ने व्यवस्था मिलाउने र त्यसको व्यावसायिक दुरुपयोग हुन नदिन व्यवस्था गर्ने, यसरी प्राप्त सूचनाहरुलाई नीति निर्माण, अनुसन्धान, विश्लेषण र बजार प्रबर्द्धनमा उपयोग गर्ने ।

४.३.१४ विश्वविद्यालय/Trade School सँग आबद्ध भई जनशक्ति विकास र अध्ययन अनुसन्धान गराउने कार्य गर्ने ।

४.३.१५ निर्यात प्रबर्द्धन समितिसँग समन्वय राखी कार्य गर्ने ।

४.३.१६ चिया विकास कोषको संचालनमा कोषमा बढी लगानी गर्नेहरुको बाहुल्यता कायम गर्ने ।

४.३.१७ यस नीतिमा उल्लेखित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि समय समयमा आवश्यक सुझावहरु नेपाल सरकारमा पेश गर्ने ।

## ४.४ जनशक्ति बिकास:

४.४.१ नेपाल कृषि अनुसन्धान परिषद, अन्तर्राष्ट्रिय सहयोग तथा निजी क्षेत्रको सहभागितामा चिया अनुसन्धान तथा तालिम केन्द्रको स्थापना गरिनेछ ।

४.४.२ साना किसान, चिया कृषक र सहकारी चियामा कार्यरत जनशक्तिलाई चिया विकास कोषबाट स्वेदशी तथा विदेशी तालिमको प्रबन्ध गर्ने र अन्य व्यवसायीहरुको हकमा त्यस्तो खर्च निजहरु स्वयम्ले व्यहोर्ने व्यवस्था गरिनेछ ।

४.४.३ जनशक्ति विकासलाई प्रोत्साहित गर्न अन्य व्यवसायीले तालिममा गर्ने लगानीलाई आयकर मुक्त गरिनेछ ।

४.४.४ सेवा विस्तार गर्ने प्राविधिकहरुलाई समय समयमा प्रशिक्षणको प्रबन्ध गरिनेछ ।

**४.५ सहायक उद्योगहरुको बिकास तथा प्रबर्द्धन:**

४.५.१ चियालाई मूल्य अभिवृद्धि गरी स्थानीय स्तरमा विक्री गर्दा वा निर्यात गर्दा मुलुकलाई बढी फाईदा पुग्ने भएकोले यसलाई प्रोत्साहित गर्ने गरी प्याकेजिङ्ग उद्योगको लागि आयात गरिने मेशिनहरुमा न्यूनतम दरको भन्सार महसुल मात्र लगाईने छ ।

४.५.२ नेपालमा उत्पादित चियालाई प्याकेजिङ्ग गरी निर्यात गर्न आवश्यक प्याकेजिङ्ग सामाग्रीहरु पैठारी गर्दा लाग्ने महसुल "Duty Draw Back" को सुविधा अन्तर्गत फिर्ता दिईने छ ।

४.५.३ चिया निर्यातको उद्देश्य राखी खोलिएका र सो अनुसार कार्य गरेका प्याकेजिङ्ग उद्योगलाई ५ बर्षसम्म आयकर मुक्त गरिने व्यवस्था गरिनेछ ।

**४.६ बोर्डको आर्थिक श्रोत:**

४.६.१ बोर्डको रेखदेख र नियन्त्रणमा दफा ४.१.१६ बमोजिम स्थापित चिया विकास कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् । कोषको संचालन स्वीकृति निर्देशिका बमोजिम हुनेछ ।

४.६.१.१ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९ ले दिएको अधिकार प्रयोग गरी सेस (सेवा शुल्क) वापत चिया उत्पादनकर्ताबाट ५० पैसा प्रति के.जी., निर्यात कर्ताबाट १० पैसा प्रति के.जि. र आयात कर्ताबाट ५० पैसा प्रति के.जि. का दरले सेस प्राप्त रकम ।

४.६.१.२ राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था एवं अन्य श्रोतबाट चियाको विकास तथा अनुसन्धानको लागि प्राप्त रकम ।

४.६.१.३ लिजबाट प्राप्त भएको रकम ।

४.६.२ बोर्डले नेपाल सरकारबाट सालबसाली प्राप्त हुने बजेट बाहेक देहाय बमोजिमको श्रोतबाट रकम प्राप्त गरी बोर्ड संचालनको कार्यमा प्रयोग गर्ने छ ।

४.६.२.१ विभिन्न सिफारिस, परामर्श गरे वापत लगाएको शुल्कबाट प्राप्त हुने रकम ।

४.६.२.२ बोर्ड मातहतमा चिया विस्तार आयोजनाबाट आम्दानी हुने रकम ।

४.६.२.३ अन्य श्रोतबाट प्राप्त हुने रकम ।

**४.७ कानूनी संरचनामा सुधारः**

४.७.१ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को दफा ८ को उपदफा १ बमोजिमको कार्यकारी समितिमा भूमिसुधार, बन तथा भू-संरक्षण, कृषि तथा सहकारी, अर्थ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरु, नेपाल राष्ट्र बैंकको गभर्नर र चिया व्यवसायबाट सबै क्षेत्र समेट्ने गरी संस्थागत प्रतिनिधि गराउन र नेपाल सरकारको प्रतिनिधि एवं चिया व्यवसायहरुको प्रतिनिधि समानुपातिक रुपमा हुने गरी आवश्यक कानूनी सुधार गरिनेछ ।

४.७.२ राष्ट्रिय चिया विकास नीति कार्यान्वयन गर्नको लागि बोर्डको कार्यकारी समितिले आफू मध्येबाट कार्य संचालन समिति गठन गर्ने व्यवस्था मिलाईने छ ।

रुपान्तरण : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम “श्री ५ को सरकार” भन्ने शब्दहरूको सट्टा “नेपाल सरकार” भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।

# राष्ट्रिय कफी नीति, २०६०

**(नेपाल सरकारबाट स्वीकृत मिति २०६१।३।९)**

कफी उत्पादन, प्रशोधन एवं व्यापारिक कारोवारमा निजी तथा सहकारी क्षेत्र समेतको सहभागिता बृद्धि गरी देशमा उपलब्ध संभावनाहरुको दिगो र व्यवस्थित उपयोग गरी आय आर्जन, रोजगारीको अवसर बृद्धि एवं बैदेशिक मुद्रा आर्जन गर्ने भरपर्दो श्रोतको रुपमा कफी विकास गर्न गराउन नेपाल सरकारले राष्ट्रिय कफी नीति, २०६० स्वीकृति गरी लागू गरेको छ ।

**१. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा,**

१.१ "कफी कृषक" भन्नाले प्रचलित कानूनले तोकेको जग्गाको हदबन्दी भित्र रहेर कफी खेती गर्ने कृषकलाई जनाउँछ ।

१.२ "व्यावसायिक कफी कृषक" भन्नाले प्रचलित कानून बमोजिम जग्गा हदबन्दी छुटको सुविधा लिई कफी खेती गर्ने कृषकलाई जनाउँछ ।

१.३ "सहकारी कफी खेती" भन्नाले प्रचलित सहकारी ऐन अन्तरगत गठन भई समूहगत रुपमा आबद्ध भएर कफी खेती गर्नेलाई जनाउँछ ।

१.४ "कफी उद्योग" भन्नाले कफी गर्ने वा कफी प्रशोधन गर्ने कारखाना संचालन गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता गरिएको उद्योगलाई सम्झनु पर्दछ ।

१.५ "कफी प्रशोधन कारखाना" भन्नाले कफी प्रशोधनका लागि चाहिने उपकरणहरु र मेशिनरीहरु जस्तैः पल्पर, हलर, रोष्टर आदि जडान भएको संरचनालाई जनाउँछ ।

१.६ "कफी निर्यातकर्ता" भन्नाले नेपालमा उत्पादित कफी अन्य मुलुकमा निर्यात गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.७ "कफी आयातकर्ता" भन्नाले विदेशमा उत्पादित कफी पैठारी गरी विक्री वितरण गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.८ “कफी प्याकर” भन्नाले स्वेदशमा उत्पादित दाना कफी (Cherry coffee) रोष्टिङ्ग, प्याकेजिङ्ग लेवलिङ्ग गरी वा तयारी कफी प्याकिङ्ग गरी विक्री गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.९ “बोर्ड” भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई जनाउँछ ।

१.१० “कफी व्यवसाय” भन्नाले व्यवसायिक रुपमा कफी खेती, प्रशोधन, आयात, निर्यात एवं विक्री वितरण गर्ने कामलाई जनाउँछ ।

१.११ “बैंक” भन्नाले कफी व्यवसायमा लगानी गर्ने कृषि विकास बैंक लगायत प्रचलित कानून बमोजिम बैंकिङ्ग कारोवार गर्न अनुमति प्राप्त वित्तीय संस्थालाई जनाउँछ ।

## २. उद्देश्य

२.१ कफीको आयात प्रतिस्थापन गरी निर्यात प्रबर्द्धन गर्ने ।

२.२ आय र रोजगारीका अवसरहरु श्रृजना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

२.३ कफी खेती विस्तार गरी वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

२.४ कफी व्यवसायलाई दिगो र आकर्षक बनाउने ।

## ३. नीति तथा कार्य नीतिहरु

### ३.१ उत्पादन तथा प्रशोधन

३.१.१ कफीको उत्पादन र प्रशोधनमा आधुनिक प्रविधिहरुको विकास तथा जैविक कफी खेती प्रबर्द्धन गर्न निजी/सहकारी क्षेत्रको समेत सहभागितामा आवश्यकता अनुसार कफी अनुसन्धान केन्द्र तथा उपकेन्द्रहरुको स्थापना गर्नुको साथै भइरहेको कफी विकास केन्द्रलाई सुधार गरिनेछ ।

३.१.२ कफी खेतीको लागि प्रयोग भएको जग्गाको हदबन्दीमा प्रचलित नियमानुसार छुट दिइनेछ ।

३.१.३ व्यवसायिक कफी खेती भएका क्षेत्रहरुमा सडक, सिंचाई, बिजुली, संचार जस्ता आधारभूत भौतिक विकास संरचनाहरुको विकास गर्न प्राथमिकता दिईने छ । यसरी दिईने प्राथमिकता उक्त क्षेत्रमा बसोवास गर्ने अधिकांश कृषकहरुको मुख्य व्यवसाय कफी खेती भएको हुनु पर्नेछ ।

३.१.४ कफी प्रशोधन उद्योगको लागि आवश्यक मेशिनरी औजार आयात गर्दा कृषिजन्य उद्योगहरुले पाए सरहको सुविधा पाउने छ ।

३.१.५ कफी उत्पादन एवं प्रशोधनको लागि आवश्यक दक्ष जनशक्तिको विकास गरिनेछ ।

३.१.६ निर्यात हुने कफीमा आकर्षक राष्ट्रिय प्रतीक चिन्ह (Logo) राखिने व्यवस्था गरिने छ ।

३.१.७ कफी प्रशोधनका लागि उपयुक्त मेशिनरी औजार मुलुकमै उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

३.१.८ यस नीति अन्तरगत उपलब्ध गरिएका सुविधा सहुलियत लक्ष बमोजिम उपयोग गर्न नसकेमा त्यस्ता सुविधा सुहलियतबाट बन्चित गर्न सकिन्छ ।

३.१.९ व्यवसायिक कफी खेती गर्ने, कफी आयात निर्यात तथा स्थानीय तहमा विक्री वितरण गर्ने र कफी प्रशोधन गर्ने कारखानाले वोर्डको पूर्व स्वीकृति लिई वोर्डमा सूचिकृत गर्नु पर्नेछ ।

३.१.१० व्यवसायी कफी खेतीको लागि निजी र सरकारी जग्गा लिजमा दिने व्यवस्था गरिनेछ ।

## ३.२ बजार तथा व्यापार प्रवर्द्धन

३.२.१ कफी निर्यात प्रवर्द्धनको लागि विदेश स्थित नियोगहरुसँग समन्वय गरी विदेशमा प्रचारात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

३.२.२ निर्यात हुने दाना कफीमा एक पटकमा अधिकतम ३०,००० (तीस हजार) अमेरिकी डलर मूल्यसम्मको परिमाण निर्यात गर्दा बिना एल.सी. पठाउन सकिनेछ ।

३.२.३ कफीको आन्तरिक माग पूर्तिको लागि नेपालमा उत्पादित कफीलाई नै प्राथमिकता दिई आयात प्रतिस्थापन तर्फ ध्यान दिईनेछ ।

३.२.४ नेपालमा जैविक (Organic) कफी उत्पादनको महत्व बारेका प्रचार प्रसारमा विशेष ध्यान दिई प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

३.२.५ स्वदेशमा उत्पादित कफी निर्यात गर्दा र विदेशबाट कफी आयात गर्दा वोर्डको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## ३.३ संस्थागत व्यवस्थाः

३.३.१ कफी सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सेमिनार, मेला, प्रदर्शनीहरुमा व्यवसायिक रुपमा कफी खेतीमा संलग्न कृषक, उद्योगपति तथा कर्मचारीहरुलाई सहभागी गराउन प्रोत्साहित गरिनेछ ।

३.३.२ वोर्डले निजी क्षेत्र लगायत स्वेदशी एवं विदेशी संघ/संस्थाहरुसँग समन्वय राखी कफी अनुसन्धानको साथै प्रविधि विकासमा जोड दिनेछ ।

३.३.३ कफीको गुणस्तर कायम गर्न उपयुक्त प्रयोगशालाको विकास गरिनेछ ।

३.३.४ वोर्डले कफीको व्यवसाय गर्न प्रवर्द्धनका लागि आवश्यक सुविधाहरु उपलब्ध गराउनको लागि सम्बन्धित निकायमा सिफारिश गर्ने छ ।

३.३.५ कफी विकासको लागि अध्ययन भ्रमण, तालिम तथा उच्च शिक्षाको व्यवस्था गरिनेछ ।

३.३.६ कफीको क्षेत्रफल, उत्पादन, निर्यात, आयात, बिक्री, प्रशोधन आदिको तथ्याङ्क संकलन एवं विश्लेषण गरी केन्द्रीयस्तरमा सूचना प्रणालीको विकास गरिनेछ ।

३.३.७ कफी व्यवसायीहरुलाई संस्थागत रुपमा बजारीकरण, कफी विकास योजना, नीति निर्माण एवं कफीको बजार व्यवस्थापनमा सहभागी गराईनेछ ।

३.३.८ बोर्डले कफी व्यवसायीहरुको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी उत्कृष्ट व्यवसायीलाई पुरस्कृत गर्नेछ ।

३.३.९ कफी बजार प्रतिस्पर्धी नभएसम्म कफी मूल्य निर्धारण समितिमा कफी कृषक/सहकारी र व्यवसायीको तर्फबाट संस्थागत प्रतिनिधित्व हुनेछ ।

३.३.१० स्वदेशी तथा विदेशी व्यक्ति सहकारी वा संस्थाको संयुक्त लगानीमा व्यवसायिक कफी खेती एवं प्रशोधन कारखाना स्थापना गर्न सकिनेछ ।

**४. कफी विकास कोष**

४.१ राष्ट्रिय कफी विकास कोष स्थापना गरिनेछ ।

४.२ उक्त कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

४.२.१ राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्था एवं अन्य श्रोतबाट कफीको विकास तथा अनुसन्धानको लागि प्राप्त रकम ।

४.२.२ लिजबाट प्राप्त रकम ।

४.२.३ नेपाल सरकारबाट कफी विकासको लागि प्राप्त रकम ।

४.२.४ बोर्डले परामर्श दिए वापत हुने सेवा शुल्क ।

४.३ उक्त कोष बोर्डबाट स्वीकृत निर्देशिका बमोजिम संचालन हुनेछ ।

*रुपान्तरण : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।*

# दुग्ध विकास नीति, २०६४

## नेपाल सरकारबाट स्वीकृत मिति २०६४।६।१३

**१. पृष्ठभूमिः**

नेपालमा गाई तथा भैंसीपालन व्यवसाय परम्परागत रूपमा संञ्चालन हुँदै आएको छ । देशको भौगोलिक परिवेश, पशुपालनमा आधारित कृषिप्रणाली, पशुपालन व्यवसायमा कृषकहरूको परम्परागत संलग्नता एवं अनुभव, गाई, भैंसीको वर्तमान उत्पादकत्व बढाउन सकिने उच्च संभाव्यता, दुग्ध प्रशोधन उद्योगहरूको विकास आदि कारणले दुग्ध क्षेत्रको दिगो विकास मार्फत गरिबी निवारणमा सघाउ पुऱ्याउन सकिने प्रचुर संभावना रहेको छ ।

परम्परागत निर्वाहमुखी पशुपालन पेशालाई मर्यादित, आयमूलक, प्रतिस्पर्धी र व्यवसायमूलक पद्धतिमा रूपान्तरण गर्न स्वच्छ एवं गुणस्तरीय दूध उत्पादनको महत्व बारे कृषकहरूमा चेतनाको साथै आवश्यक पशु सेवाको कमी, दूध उत्पादनमा मौसमी कारणले दूध बिदा लगायतका समस्या, भौगोलिक विकटताका कारण बजारसम्म दूध ढुवानीको समस्या, दूध उत्पादन तथा संकलनमा संलग्न दूध उत्पादक सहकारी संस्थाहरूको कमजोर आर्थिक एवं व्यवस्थापकीय क्षमता, आधुनिक दुग्ध पदार्थ उत्पादन गर्न भौतिक पूर्वाधार, प्रविधि एवं दक्ष जनशक्तिको कमी, उपभोक्ताहरूमा गुणस्तरीय दूध एवं दुग्ध पदार्थहरूको उपभोग बारे जनचेतनाको कमी आदि समस्याहरू दुग्ध क्षेत्रको समुचित विकासमा अवरोधको रूपमा रहेका छन् ।

आय तथा रोजगारीमूलक दुग्ध व्यवसायको[१] विकास गरी गरिबी निवारण गर्ने कार्यमा सहयोग पुऱ्याउन उन्नत जातका पशुपालनमा लगानी गरी उत्पादन र प्रशोधन स्वदेशमैं गरी विदेशबाट आयातित दूध तथा दुग्ध पदार्थहरू प्रतिस्थापन गर्दै दुग्ध विकासलाई सफल एवं उपलब्धीमूलक बनाउन यसको स्पष्ट लक्ष्य किटानकासाथ कार्यहरू अघि बढाउन दुग्ध विकास नीति, २०६४ तर्जुमा गरी लागू गर्न आवश्यक देखिएको छ ।

अतः दुग्ध क्षेत्रको समग्र विकासको लागि बीस बर्षे दीर्घकालिन कृषि योजना, राष्ट्रिय कृषि नीति, २०६१, राष्ट्रिय दूध बजार व्यवस्था एवं रणनीति,

१ द्रष्टव्य : दुग्ध व्यवसाय भन्नाले दूध उत्पादन, संकलन, प्रशोधन तथा दुग्ध पदार्थ उत्पादन एवं वितरणसँग सम्बन्धित सम्पूर्ण कार्यलाई जनाउँदछ ।

२००१, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ को भावना अनुरूप नेपाल सरकारले दुग्ध विकास नीति, २०६४ स्वीकृत गरेको छ ।

## २. दृष्टिकोणः

सरकारी, सहकारी तथा निजी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन क्षेत्रलाई व्यावसायिक गुणस्तरीय एवं प्रतिस्पर्धात्मक व्यावसायको रूपमा विकास गरी रोजगारी अभिवृद्धि एवं गरिबी निवारणमा योगदान पुऱ्याउनुका साथै उच्च गुणस्तरका दूध तथा दुग्ध पदार्थ उपभोक्ताहरूलाई सर्वसुलभ रूपमा उपलब्ध गराउने प्रयास एवं कार्यक्रमलाई एक अर्काको परिपूरकको रूपमा विस्तार गरी राष्ट्रिय आर्थिक विकासमा गुणात्मक योगदान गर्ने यस नीतिको दीर्घकालीन दृष्टिकोण रहेको छ ।

## ३. उद्देश्यः

यस नीतिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) ग्रामीण क्षेत्रमा दूधको उत्पादन तथा उत्पादकत्व बढाउने,

(ख) दूध तथा दुग्ध पदार्थको उत्पादनलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउँदै दूध संकलन ढुवानी व्यवस्था एवं प्रशोधन उद्योगहरूको विस्तार गर्ने,

(ग) आन्तरिक बजारको संभाव्यताको आधारमा दुग्ध पदार्थहरूको विविधीकरण गरी आयात प्रतिस्थापन गर्ने र दूध तथा दुग्ध पदार्थलाई निकासीयोग्य वस्तुको रूपमा विकास गर्ने, र

(घ) दूध तथा दुग्ध पदार्थको गुणस्तर सुधार एवं नियमन गरी सर्वसुलभ रूपमा उपभोक्तालाई उपलब्ध गराउने ।

## ४. नीतिः

प्रस्तुत उद्देश्य प्राप्तिका लागि निम्न नीतिहरू अवलम्बन गरिनेछन् ।

४.१. ग्रामीण क्षेत्रमा दूधको उत्पादन तथा उत्पादकत्व बढाउनका लागि अवलम्बन गरिने मार्गदर्शक नीतिहरूः

(क) ग्रामीण क्षेत्रमा उत्पादित दूधलाई शहरी क्षेत्रमा पुऱ्याई दुग्ध व्यवसायलाई ग्रामीण क्षेत्रमा गरिबी निवारण गर्ने प्रमुख आधारको रूपमा विकसित गर्दै लैजाने ।

(ख) उन्नत नश्लका पशुहरूको उत्पादनमा बृद्धि गर्न उपयुक्त पकेटहरूमा

नश्ल सुधार, उन्नत तथा उत्पादक स्थानीय नश्लका पशुहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि सहकारी, समूहगत तथा निजी व्यवसायीलाई परिचालन गरी श्रोत केन्द्रहरू विकास गरिनेछ ।

(ग) पशु स्वास्थ्य संरक्षण एवं रोग नियन्त्रण सेवालाई विस्तार एवं प्रभावकारी बनाइनेछ ।

(घ) पशुपालनको लागि बर्षैभरि चरन तथा आहाराको व्यवस्था गरिनेछ ।

(ङ) पशुधनको वीमा सेवा उपलब्ध तथा बिस्तार गर्न सहकारी संस्था/समूहलाई परिचालन गर्ने र यस्ता संस्था/समूह मार्फत कृषकले गराएको बीमाको प्रिमियममा नेपाल सरकारले छुट दिन सक्नेछ ।

(च) दुधालु पशुहरू खरिद गर्न कृषकहरूलाई सरल रूपमा सहुलियत ऋृण उपलब्ध गराउन बैंकहरूलाई उत्प्रेरित गरिनेछ ।

(छ) सुख्खा याममा पनि दूधको उत्पादन बढाउन उपयुक्त पशु आहारा, प्रजनन तथा घाँसेबाली प्रविधिको विकास गरिनेछ ।

(ज) पशुपालन मार्फत् आय आर्जनका लागि विशेषतः महिला एवं दलित तथा पिछडिएका वर्गलाई विनाधितो सहुलियत व्याजदरमा समूहगत रूपमा ऋृण र प्राविधिक सेवा उपलब्ध गराउन प्रोत्साहन गरिनेछ ।

(झ) दूध उत्पादनका दृष्टिले बढी सम्भाव्यता भएका जिल्लाहरूलाई प्राथमिकता दिई त्यस्ता जिल्लाका किसानलाई बढी दूध उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

(ञ) ग्रामीण क्षेत्रका उत्पादित दूधको संकलन क्षेत्र अझ प्रभावकारी रुपले विस्तार गर्न मोटरबाटो पुगेको ठाउँहरूमा दूध चिस्यान केन्द्रहरूको समेत विस्तार गरिनेछ ।

४.२ दूध तथा दुग्ध पदार्थको उत्पादनलाई ब्यावसायिक र प्रतिस्पर्धी बनाउँदै दूध संकलन, ढुवानी व्यवस्था एवं प्रशोधन उद्योगहरूको विस्तार गर्न अवलम्बन गरिने मार्गदर्शक नीतिहरू

(क) सहकारी क्षेत्रमा स्थापना भएका दूध चिस्यान केन्द्र तथा दुग्ध उद्योगहरूलाई उपयोग हुने विद्युत महसुलमा सहुलियतको व्यवस्था गरिनेछ ।

(ख) सरकारी, सहकारी तथा निजी क्षेत्रबाट दूध तथा दुग्ध पदार्थ उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गर्ने कार्यमा उपयोग हुने राष्ट्रिय दुग्ध विकास बोर्डले तोकेका मेशिन तथा उपकरणहरूको पैठारीमा भन्सार सहुलियतको व्यवस्था गर्नेछ ।

(ग) दूध तथा दुग्ध पदार्थ ढुवानी एवं वितरणमा प्रयोग हुने सवारी साधनहरूको आवागमनलाई अत्यावश्यक सेवा सरह प्राथमिकता दिइनेछ ।

(घ) दुग्ध उद्योगहरूलाई आन्तरिक/बाह्य संयुक्त लगानीमा धूलो दूध उत्पादन लगायतका मूल्य अभिबृद्धि हुने अन्य दुग्ध उद्योग स्थापना एवं संचालन गरी यस्ता वस्तुको आयात प्रतिस्थापन तथा निर्यात प्रोत्साहित गर्नुका अतिरिक्त बेबी फुड आदि बनाउने उद्योगहरूलाई प्रोत्साहित गरिनेछ ।

(ङ) दूध उद्योगहरूलाई गुणस्तरयुक्त आधुनिक एवं परम्परागत दुग्ध पदार्थ उत्पादनको विविधीकरण गर्न क्षमता विकासका लागि सहुलियतपूर्ण ऋण तथा प्राविधिक सहयोग पुऱ्याइनेछ ।

(च) हिमाली क्षेत्रमा बसोबास गर्ने कृषकहरूको मुख्य पेशा चौंरीपालन भएको हुँदा उनीहरूको जीवनस्तरमा सुधारको लागि नेपालको विशेष पहिचान रहेको याक चिजलाई विशिष्ट उत्पादनको रूपमा विकास गर्न सहुलियतपूर्ण ऋण एवं प्राविधिक सहयोग पुऱ्याउनुको साथै गाईको दूधबाट चिज उत्पादन गर्न सहकारी/ निजी क्षेत्रलाई क्षमता विकासको लागि सहयोग पुऱ्याइनेछ ।

(छ) दुग्ध उद्योगहरूको लागि आवश्यक प्राविधिक जनशक्तिको विकास गर्न दुग्ध अध्ययन/तालिम संस्था (Dairy Institute / Training Center) को स्थापना गरी यस सम्बन्धी अध्ययन तथा तालिमको व्यवस्था गरिनेछ ।

(ज) दुग्ध क्षेत्रमा संलग्न प्राविधिक तथा व्यवस्थापन तर्फका कर्मचारीको दक्षता अभिवृद्धि गरिनेछ ।

(झ) दूध उत्पादन, प्रशोधन तथा दुग्ध पदार्थ विविधीकरणका लागि उपयुक्त प्रविधिको अनुसन्धान तथा विकास गरिनेछ ।

(ञ) सहकारी तथा निजी क्षेत्रवाट दुग्ध प्रविधिको अनुसन्धान तथा

विकासमा गरिने खर्चमा कर प्रयोजनको लागि खर्च लेख्न पाउने सुविधाको साथै अन्य उपयुक्त प्रोत्साहन सम्बन्धी व्यवस्थाहरू गरिनेछ ।

(ट) बाख्राको दूध उत्पादन गरी सोबाट चिज तथा अन्य दुग्ध उत्पादन गर्न आवश्यक कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ ।

४.३ आन्तरिक तथा बाह्य बजारको संभाव्यताको आधारमा दुग्ध पदार्थको विविधीकरण गरी आयात प्रतिस्थापन गर्न र दूध तथा दुग्ध पदार्थलाई निकासीयोग्य वस्तुको रूपमा विकास गर्न अवलम्बन गरिने मार्गदर्शक नीतिहरू:

(क) दूध तथा दुग्ध पदार्थको मूल्य निर्धारणमा खुला बजार नीति अवलम्वन गरिनेछ ।

(ख) दूध तथा दुग्ध पदार्थहरूको बजारको नियमित अनुगमन एवं अध्ययन गरी मूल्य, माग र आपूर्तिको सूचना संकलन, विश्लेषण एवं प्रवाह गरिनेछ ।

(ग) पूर्णतः स्थानीय दूधको उपयोग गरी दूध तथा दुग्ध पदार्थहरू उत्पादन गर्न तोकिएका क्षेत्रका दुग्ध उद्योगहरूलाई निश्चित अवधिको लागि आयकर छुटको व्यवस्था गरिनेछ ।

(घ) दूध तथा दुग्ध पदार्थको प्याकेजिङ्गको लागि स्वदेशमा उत्पादन नहुने प्रिन्टेड प्याकेजिङ्ग सामानहरू पैठारी गर्दा त्यस्तो पैठारीमा भन्सार सहुलियतको व्यवस्था गर्न सकिने छ ।

(ङ) दूधको गुणस्तर सुधारको लागि गुणस्तरीय दुग्ध पदार्थ उत्पादनको महत्व, आवश्यकता र प्रविधिवारे कृषक एवं उद्यमीहरूमा जनचेतना अभिबृद्धि गरिनेछ ।

(च) दूधको निर्यातलाई सहज तुल्याउन द्विपक्षीय र क्षेत्रीय तहमा बजार पहुँचको लागि भन्सार र गैर भन्सार अवरोध हटाउन प्रयास गरिनेछ ।

४.४ दूध तथा दुग्ध पदार्थको गुणस्तर सुधार एवं नियमन गरी उपभोक्ताहरूलाई सर्वसुलभ रूपमा उपलब्ध गराउन अवलम्बन गरिने मार्गदर्शक नीतिहरू:

(क) दूध तथा दुग्ध पदार्थहरू बढी उपभोग गर्ने बानी बसाल्न (Food

habit promotion) उपभोक्ताहरूमा जनचेतनामूलक प्रचार प्रसार गरिनेछ ।

(ख) उपभोक्ताहरूको हितलाई ध्यानमा राखी बजारमा बिक्री बितरणको लागि आपूर्ति भएका दूध तथा दुग्ध पदार्थहरूको नियमित गुणस्तर अनुगमन गर्ने । यी वस्तुहरूको भण्डारण तथा भण्डारण गर्ने विधि, उपभोग गर्ने अवधि, उपभोग गर्ने विधि आदि बारे उपभोक्ताहरूलाई जनचेतना दिइनेछ ।

(ग) दूध तथा दुग्ध पदार्थहरूको गुणस्तर निर्धारण पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।

(घ) दूध तथा दुग्ध पदार्थको उपयुक्त प्याकिङ्ग मापदण्ड तयार गरी लागू गरिनेछ ।

(ङ) दूध चिस्यान केन्द्र र दुग्ध प्रशोधन कारखानाहरूमा दूध संकलन एवं प्रशोधन आचार संहिता (Code of Practice) लागू गरिनेछ ।

(च) दूध तथा दुग्ध पदार्थको गुणस्तर सुनिश्चितताको लागि विभिन्न तहमा प्रयोगशालाहरूको व्यवस्था र सुदृढीकरण गरिनेछ ।

## ५. संस्थागत व्यवस्था

(क) राष्ट्रिय दुग्ध विकास बोर्डलाई दुग्ध क्षेत्रको विकासको लागि नीति निर्माण र तत्सम्वन्धी विकास योजना तर्जुमा, अनुगमन तथा नियमन गर्न कृषक एवं उद्यमीहरूको संस्थागत प्रतिनिधित्व हुने गरी एक सबल संस्थाको रूपमा विकास गरिनेछ ।

(ख) दुग्ध विकासको क्षेत्रमा योजना तर्जुमा, लगानी, अनुगमन, नियमन, अध्ययन र विकासका लागि राष्ट्रिय दुग्ध विकास बोर्डको क्षमता अभिवृद्धि गरिनेछ ।

(ग) सरकारी, सहकारी र निजी दुग्ध उद्योगहरूलाई राष्ट्रिय दुग्ध विकास बोर्डमा सूचीकृत गर्नुका साथै उद्योगले विक्री गरेको प्रति लिटर दूधमा सेवा शुल्क लिई "दुग्ध कोष" स्थापना गर्ने । उक्त कोषको रकम दुग्ध क्षेत्रको समग्र विकास एवं विस्तारमा खर्च गरिनेछ ।

(घ) राष्ट्रिय दुग्ध सूचनाको लागि तथ्यांक एवं सूचनाहरूको व्यवस्थापन प्रणालीको विकास गरी दूध उत्पादन, संकलन, प्रशोधन, मूल्य, माग,

आपूर्ति तथा गुणस्तर आदि सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अद्यावधिक तथ्यांक तथा सूचनाहरू संकलन तथा प्रवाह गरिनेछ ।

(ङ) दूध उत्पादक सहकारी संघ/संस्थाको प्राविधिक एवं व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याइनेछ ।

## ६. कार्यान्वयन तथा अनुगमन व्यवस्था

(क) यस नीतिको कार्यान्वयन एवं अनुगमनको व्यवस्था राष्ट्रिय दुग्ध विकास बोर्डले स्वयं वा संलग्न सम्वन्धित निकायहरूको सहयोगमा गर्ने वा गराउनेछ ।

(ख) यस नीतिमा व्यवस्था गरिएका प्रावधानहरूको कार्यान्वयन गर्न राष्ट्रिय दुग्ध विकास बोर्डले आवश्यकता अनुसार कार्यविधि अपनाई लागू गर्नेछ ।

(ग) यस नीतिमा उल्लेखित व्यवस्थाहरू कार्यान्वयनको लागि वर्तमान कानुनी प्रावधानहरूलाई आवश्यक परिमार्जन गर्न राष्ट्रिय दुग्ध विकास बोर्डले पहल गर्नेछ ।

### दुग्ध विकास नीति कार्यान्वयनसँग सम्बन्धित विभिन्न निकायहरू

| मन्त्रालय/संघ/संस्था/बोर्ड/ विभाग/संस्थान | जिम्मेवार विषय | कैफियत |
|---|---|---|
| कृषि तथा सहकारी मन्त्रालय | नीति निर्माण, अनुगमन तथा मूल्याङ्कन एवं सहजीकरण । | |
| अर्थ मन्त्रालय | कर, भन्सार तथा अन्य छुटको व्यवस्था । | |
| राष्ट्रिय दुग्ध विकास बोर्ड | अध्ययन, नीति निर्माण तथा परिमार्जन, नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन । | |
| नेपाल कृषि अनुसन्धान परिषद् | दुग्ध पदार्थ विविधीकरण, कम लागतमा दूध उत्पादन प्रविधिको अनुसन्धान तथा विस्तार, सुख्खा र दूध बढी उत्पादन हुने मौसममा उत्पादन हुने दूधको भिन्नतालाई कम गर्न अध्ययन तथा अनुसन्धान । | |
| पशु सेवा विभाग | गुणस्तरयुक्त दूध उत्पादनको लागि आवश्यक प्राविधिक सेवाको साथै पशु आहारा, पशु चिकित्सा तालिम एवं व्यवस्थापन तथा लागत मूल्य घटाउने कार्यक्रम । | |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | गुणस्तर परिमार्जन, निर्धारण, गुणस्तर अनुगमन एवं निर्देशन । | |

| | | |
|---|---|---|
| सहकारी विभाग | दुग्ध सहकारीको विकास, विस्तार, अनुगमन तथा मुल्याङ्कन । | |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | दुग्ध उद्योगहरूको स्थापनामा सहजीकरण गर्ने र दुग्ध तथा दुग्ध पदार्थहरूको साथै मेशिन एवं उपकरणहरूको आयात निर्यातमा सहजीकरण । | |
| कृषि विकास बैंक | दूध उत्पादक कृषकहरूका साथै दुग्ध उद्यमीहरूलाई ऋणको व्यवस्था । | |
| दुग्ध विकास संस्थान | दुग्ध व्यवसाय विस्तार तथा गुणस्तरयुक्त दुग्ध पदार्थ उत्पादन विविधीकरण । | |
| केन्द्रीय दुग्ध सहकारी संघ | दुग्ध सहकारीहरूको विकास विस्तार तथा सुदृढिकरण, तालिम, सहकारी स्वरूपमा दुग्ध प्रशोधन कारखानाहरूको स्थापना तथा सञ्चालन । | |
| नेपाल डेरी एशोसियसन | समस्या पहिचान, दुग्ध व्यवसाय विस्तार तथा गुणस्तरयुक्त दुग्ध पदार्थ उत्पादन विविधीकरण, दुग्ध उद्योगहरूमा व्यवहारिक संहिता लागू तथा अनुगमन । | |
| राष्ट्रिय सहकारी विकास बोर्ड | सहकारी नीति समयानुसार परिमार्जन दुग्ध सहकारीहरूको सुदृढीकरण, दुग्ध प्रशोधन कारखानाहरूको स्थापना तथा  सञ्चालन, सहकारी स्वरूपमा । | |

रुपान्तरण : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम “श्री ५ को सरकार” भन्ने शब्दहरूको सट्टा “नेपाल सरकार” भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।

# राष्ट्रिय बीउ विजन नीति, २०५६

**(नेपाल सरकारबाट स्वीकृत मिति २०५६।१२।२१)**

## १. पृष्ठभूमिः

उच्च गुणस्तरको वीउ विजनको प्रभावकारी वितरण प्रक्रियाबाट कृषि उत्पादन वृद्धिको लक्षित उपलब्धि हासिल गर्न ठूलो टेवा पुग्दछ । कृषक वर्गलाई उपयुक्त बीउ विजन समसामयिक रुपमा उपलब्ध गराउनका लागि हालसम्म विभिन्न प्राविधिक गतिविधि विद्यमान रहेको भए तापनि ती गतिविधिहरुबाट वाञ्छित रुपमा उपलब्धिहरु हासिल हुनसकेको छैन ।

उच्च गुणस्तरको बीउ विजन उत्पादन, प्रशोधन तथा परीक्षण व्यवस्था मिलाई गुणस्तरयुक्त बीउ विजन सुव्यस्थित रुपले उपलब्ध गराई सर्वसाधारण जनताको सुविधा तथा आर्थिक स्थिति सुदृढ गर्न वाञ्छनीय भए अनुरुप बीउ विजन ऐन, २०४५ को व्यवस्था गरिएको हो । यसै ऐन अन्तर्गत बीउ विजन नियमावली, २०५४ पनि जनसमक्ष आइसकेको छ । यी पक्षलाई कृषि दीर्घकालीन योजनाले प्रविधि क्षेत्रभित्र पर्ने र बीउको योगदान विशेष महत्वपूर्ण हुने भन्ने कुरालाई स्वीकार गरेको छ । यस्तो स्वीकारोक्तीलाई अब संस्थागत र कार्यक्रमगत व्यवस्थाबाट व्यवहारमा प्रभावकारी बनाउनु आवश्यक देखिएको छ ।

उपर्युक्त आवश्यकतालाई विचार गरी दीर्घकालीन योजनाले राखेको कृषि विकासको लक्ष्य अनुरुप आर्थिक उपलब्धि हासिल गर्ने उद्देश्यले यो बीउ विजन नीति प्रस्तुत गरिएको छ ।

## २. उद्देश्यहरु

२.१ विभिन्न बालीको आवश्यक गुणस्तरीय तथा परिमाणात्मक बीउ विजन सुव्यवस्थित रुपले उपलब्ध गराउने ।

२.२ गुणस्तरीय बीउ उत्पादन गरी निर्यात प्रबर्द्धन गर्ने ।

२.३ विद्यमान अन्तर्राष्ट्रिय विश्व व्यापारलाई दृष्टिगत गरी बीउ व्यवसायलाई प्रभावकारी बनाउने ।

२.४ नेपालको आफ्नै विशेषतापूर्ण बीउहरुको अनुबांशिक (Genetic) चरित्रलाई अक्षुण र सुरक्षित राख्ने तथा सो उपरको अधिकार सुरक्षण गर्ने काममा अन्य सम्बन्धित निकायसित समन्वय गर्ने ।

## ३. नीति

### ३.१ जातीय, विकास तथा सम्बर्द्धन:

३.१.१ जातीय विकास तथा सम्बर्द्धनको कार्य सरकारीस्तरबाट गर्दै आएकोमा भविष्यमा यो कार्य गैरसरकारी तथा निजी क्षेत्रबाट समेत गराइनेछ ।

३.१.२ जातीय विकासमा संलग्न हुन चाहने निकायले आफ्नो पूर्वाधारको अवस्था र औचित्यको पूर्व जानकारी गराएपछि मात्र जातीय विकासमा संलग्न हुन पाउने व्यवस्था मिलाइनेछ ।

३.१.३ कृषि अनुसन्धानबाट विकसित नयाँ जातहरु कृषकस्तरमा वितरण हुनुअघि जात अनुमोदन, उन्मोचन तथा पञ्जिकरणको कार्य राष्ट्रिय बीउ विजन समिति (यसपछि यस नीतिमा 'समिति' भनिएको)बाट गरिनेछ ।

३.१.४ प्राविधिक दृष्टिकोणले कुनै जात अनुपयुक्त ठहर भएमा यसको नाम पञ्जिकरणबाट हटाउने र सोको जानकारी कृषकलाई दिने व्यवस्था उपर्युक्त समितिले मिलाउनेछ ।

३.१.५ जातीय विकासको सिलसिलामा स्थानीय जातको ठूलो महत्व हुन्छ । यसकारण कृषि जैविक विविधता संरक्षण (Agro Bio-diversity Conservation) र जातको स्वामित्वको अधिकार (Variety Rights) स्थापना गर्ने ।

३.१.६ बीउको विकास र उत्पादन बढाउन सरकारी तथा निजी क्षेत्रलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय बीउ व्यवसायीहरुसँग संयुक्त भई कार्य गर्न प्रोत्साहित गरिनेछ ।

### ३.२ बीउ वृद्धि

३.२.१ बीउ उत्पादन प्रणाली अर्थात् न्यूक्लियस/प्रि बेशिक, प्रजनन, मूल र प्रमाणित तथा उन्नत बीउ उत्पादन प्रणालीलाई कृषकहरुको माग अनुसारको परिमाणमा उपलब्ध हुन सक्ने गरी उत्पादनमा निरन्तरता दिइनेछ ।

३.२.२ उच्च मूल्यका बीउहरु उत्पादन गरी निर्यात प्रवर्द्धन गरिनेछ ।

३.२.३ न्यूक्लियस तथा प्रजनन बीउको गुणात्मक सम्बर्द्धन (Maintenance) तथा परिमाणात्मक उत्पादनको जिम्मेवारी प्रजनक (Breeder) मा निहित रहनेछ। बीउको गुणात्मक सम्बर्द्धन तथा परिमाणात्मक उत्पादनको योजना तथा सोको व्यवस्था उपर्युक्त समितिले मिलाउने छ।

३.२.४ मूल बीउ उत्पादनको कार्य सरकारी स्तर लगायत गैर सरकारी तथा निजी क्षेत्रमा उत्पादन गर्ने व्यवस्था मिलाइनेछ। मूल बीउ उत्पादन गर्न आवश्यक पर्ने प्रजनन बीउ (Breeder Seed) उपलब्ध गराउनका लागि प्रजनन् बीउ उत्पादकहरु र मूल बीउ उत्पादनहरुको लागि आवश्यक पर्ने गरी परिमाणात्मक वासलात समितिले तयार गरी सोको आधारमा आवश्यक बीउ विजन उपलब्ध गराउने व्यवस्था गरिनेछ।

३.२.५ प्रजनन बीउको माग सम्बन्धित निकायले राष्ट्रिय बीउ विजन समितिलाई अग्रिम जानकारी दिनेछ। यस सम्बन्धको कार्य योजना समितिले बनाउनेछ।

३.२.६ उपरोक्त अनुसार नै प्रमाणित तथा उन्नत बीउ उत्पादनको कार्य गर्न चाहिने मूल बीउको आवश्यक परिमाणबारे राष्ट्रिय बीउ विजन समितिलाई अग्रिम जानकारी सम्बन्धित निकायले दिने र राष्ट्रिय बीउ विजन समितिले यस सम्बन्धमा व्यवस्था मिलाउने छ।

३.२.७ स्थानीयस्तरमा बीज वृद्धि कार्यक्रमको लागि सरकारी तथा गैर सरकारी क्षेत्रबाट उन्नत बीउ उत्पादन गर्न सम्भाव्यता सहितको प्रस्ताव आएमा स्रोत बीउको व्यवस्था राष्ट्रिय बीउ विजन समितिले मिलाउनेछ।

३.२.८ बीउ उत्पादन गर्दा बीउ बालीको प्रकार र जातअनुसार क्षेत्र निर्धारण र रजिष्टर्ड बीउ उत्पादक (Registered Seed Grower) को स्थापना गरी बीउ उत्पादन करारको आधारमा उत्पादन गर्ने व्यवसायीलाई प्राथमकिता दिइनेछ।

## ३.३ गुणस्तर नियन्त्रण

३.३.१ हालसम्म बीउ प्रमाणिकरण (Seed Certification) र यथार्थ संकेतपत्र (Truthful Level) लगाएर बीउको गुणस्तर नियन्त्रण गर्ने प्रावधान रहेकोमा अब आयन्दा गुणस्तर घोषित बीउ पद्धति (Quality Declared Seed System) समेत अपनाई बीउको गुणस्तर नियन्त्रण गरिनेछ ।

३.३.२ बीउको गुणस्तर कायम गर्न बीउ विजन परीक्षण, बीउ विश्लेषण, बीउको नमूना संकलन, बीउ बाली निरीक्षणजस्ता विभिन्न कार्यहरु नेपाल सरकारबाट तोकिए बमोजिम सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट गराइनेछ । सो कार्यको अनुगमन बीउ बिजन गुणस्तर नियन्त्रण कार्यालयले गर्ने गरी व्यवस्था मिलाइनेछ ।

## ३.४ बीउ विजन व्यवसायमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि

३.४.१ विभिन्न सरकारी र अर्ध सरकारी निकायमा रहेका प्रशोधन इकाई र बीउ भण्डार सुविधाहरु माग भएअनुसार निजी क्षेत्रलाई उपलब्ध गराइने छ । यसरी सुविधा उपयोग गरे बापत सेवा शुल्क लिइनेछ ।

३.४.२ नेपाल सरकारमा दर्ता भएका बीउ उत्पादक, बीउ व्यवसायीहरुलाई गुणस्तरीय बीउ बन्धकी (Seed Pledging) गर्दा व्याजको रुपमा ठूलो धनराशी खर्च हुन्छ । फलस्वरुप मूल्य उच्च हुन जाने हुँदा यस्तो बीउ कृषकले उपयोग गर्न सक्दैनन् । हाल यस्तो स्थिति विद्यमान छ । यस स्थितिको अन्त्य गरी उन्नत बीउ अधिकतम प्रयोग गरी राष्ट्रिय खाद्य सुरक्षा सुनिश्चित गर्नका लागि बीउ बन्धकी प्रणाली सृदुढीकरण गर्नुपर्ने हुन्छ । अतः बीउ बन्धकी राखी भण्डारण गरिएको गुणस्तरीय बीउ भण्डारण गर्दा लाग्ने व्याजको केही अंश नेपाल सरकारले व्यहोर्नेछ ।

३.४.३ बीउ विजन व्यवसायमा स्थानीय कर तथा भन्सार महसुलमा सहुलियत दिइनेछ ।

३.४.४ निजी क्षेत्रका व्यवसायीहरुलाई तालिम तथा अन्य सीप विकासका अवसरहरु उपलब्ध गराइनेछ ।

३.४.५. अन्य प्राथमिकता क्षेत्रमा परेका वा कृषि उद्योगहरु भै दर्ता भएका बीउ विजन कम्पनीहरुलाई पनि औद्योगिक विकास ऐन, २०३८ ले दिएको सहुलियत राष्ट्रिय बीउ विजन समितिको सिफारिसको आधारमा उपलब्ध गराइनेछ ।

३.४.६ गुणस्तरीय बीउ विजनको प्रचार प्रसारका लागि निजी क्षेत्रलाई सहयोग पुऱ्याउन विभिन्न सञ्चार माध्यमहरुबाट विज्ञापन गराउन चाहेमा राष्ट्रिय बीउ विजन समितिको सिफारिसमा प्रचार प्रसार बापत विज्ञापनका लागि नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ ।

**३.५ आपूर्ति व्यवस्था:**

३.५.१ बीउको माग, आपूर्ति र निजी तथा सरकारी क्षेत्रको उत्पादनको अध्यावधिक रेकर्ड राख्ने र सोको जानकारी समितिबाट कृषकस्तरसम्म पुऱ्याउने प्रभावकारी कार्य गरिनेछ ।

३.५.२ आपूर्ति स्थितिलाई निरन्तरता दिनका लागि राष्ट्रियस्तरमा जगेडा बीउ (Buffer Stock) को व्यवस्था गरिनेछ ।

३.५.३ बीउ व्यवसायलाई प्रवर्द्धन गर्नको लागि शीत भण्डार निर्माण तथा सञ्चालन गर्न सहुलियत दिइने छ ।

३.५.४ रोग रहित बीउ बेर्नाको उत्पादन वृद्धि गर्न सरकारी, गैरसरकारी र निजी क्षेत्रमा टिस्यु कल्चर जस्ता आधुनिक (Bio Technology) प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

३.५.५ खाद्य सुरक्षासँग आबद्ध बालीको बीउ विजनको अतिरिक्त घाँस, पुष्प बाली तथा अन्य बीउ उत्पादन र वितरणमा पनि जोड दिने व्यवस्था मिलाइनेछ ।

३.५.६ यातायातको सुविधा अझै नपुगेको क्षेत्रको (पहाडी भेगमा) बीउ विजन आपूर्ति सुदृढ गर्न निम्न बमोजिमको व्यवस्था गरिनेछ ।

३.५.६.१ भौगोलिक विकटतालाई ध्यानमा राख्दै निजी क्षेत्रका उत्पादक र विक्रेताको संलग्नतामा बीउ विजन आपूर्ति गर्ने कार्यक्रमलाई बढाइनेछ ।

३.५.६.२ दुर्गम पहाडी क्षेत्रमा बीउ विजन कार्यक्रम सुचारु रुपमा सञ्चालन गर्नको लागि कृषक समूह बनाई कार्य सञ्चालन कोषको व्यवस्था गरिनेछ ।

३.५.६.३ सो कार्यक्रम सञ्चालनको लागि श्रोत केन्द्रदेखि बीउ उत्पादन स्थलसम्म वीज बृद्धिको लागि लगिने श्रोत बीउ ढुवानीमा सहुलियत तथा प्राविधिक सेवा दिने व्यवस्था गरिनेछ ।

## ३.६ संस्थागत सुदृढीकरण

३.६.१ राष्ट्रिय बीउ विजन समितिको सचिवालयको सुदृढीकरणको लागि आवश्यक जनशक्ति र श्रोत साधनको व्यवस्था गरिनेछ ।

३.६.२ गुण नियन्त्रण कार्य गर्न बीउ विजन गुणस्तर नियन्त्रण कार्यालयको स्थापना र आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

३.६.३. बीउ विजन परीक्षण गर्ने सरकारी प्रयोगशालाका साथै गैर सरकारी वा निजी क्षेत्रमा बीउको गुणस्तर परीक्षण गर्न बीज परीक्षण प्रयोगशाला स्थापना गर्न दिइनेछ ।

३.६.४ बीउ बन्धकी (Seed Pledging) व्यवस्था सक्षम राख्न संस्थागत व्यवस्था मिलाइनेछ ।

३.६.५ बीउ व्यवसायमा संलग्न अर्ध सरकारी निकायलाई विस्तारै व्यावसायिकरण गर्दै लैजाने कार्य गरिनेछ ।

३.६.६ बीउ अनुसन्धान तथा बीउ उत्पादनमा संलग्न सरकारी निकायहरुको संस्थागत सुदृढीकरण गर्दै लैजाने कार्य गरिनेछ ।

## ३.७. जैविक/आधुनिक प्रविधि

३.७.१ विश्वमा बीउ विजनसँग सम्बन्धित अत्याधुनिक प्रविधिहरु विकास भएर प्रयोग भई रहेका छन् । यसैले नेपालमा पनि जैविक प्रविधि (Bio-technology) अथवा आनुवंशिक परिवर्तन (Genetic Engineering) आदि प्रणालीहरुबाट उत्पादन हुने GMO, Transgenic Plants तथा तन्तु विज्ञान (Tissue Culture) आदि विषयहरुमा पनि अध्ययन तथा अनुसन्धान गरिनेछ ।

३.७.२ वाह्य देशहरुबाट उपरोक्त अनुसारका बीउ विजन तथा विरुवाहरु नेपालमा भित्र्याउँदा यस सम्बन्धी सक्षम सरकारी निकायको निगरानीमा अध्ययन अनुसन्धान गरी यिनीहरुबाट जीव र वातावरणमा प्रतिकूल असर नपर्ने प्रमाणित भएपछि मात्र आम जनताको उपभोगको लागि परिचालन गरिनेछ ।

३.७.३ सर्वसाधारण जनताको भलाईलाई ध्यानमा राखी नेपालको वस्तुस्थितिमा उपयुक्त हुने जैविक सुरक्षा (Bio-safety) नियमावलीहरु तयार गरी लागू गरिनेछ ।

३.७.४ अत्याधुनिक प्रविधिहरुको विकास गर्न नेपालमा चरणबद्ध रुपमा जनशक्ति तथा भौतिक पूर्वाधार तयार गर्दै लगिनेछ ।

रुपान्तरण : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।

# राष्ट्रिय मल नीति २०५८

## (नेपाल सरकारबाट स्वीकृत मिति २०५८।११।१६)

**१. प्रस्तावना**

नेपाल सरकारले अवलम्बन गरेको उदार, खुला तथा बजारमूखी अर्थ नीति अनुसार २०५४ कार्त्तिक देखि रासायनिक मलको कारोवार (खरीद तथा वितरण समेत) मा निजी क्षेत्रलाई संलग्न गराई सकेको परिप्रेक्षमा,

नेपाल अधिराज्यभित्र गुणस्तरीय मलको आपूर्ति (उत्पादन, पैठारी तथा विक्री वितरण) व्यवस्था प्रत्याभूत गरी कृषि उत्पादनलाई टेवा दिन यो मल नीति तर्जुमा भएको छ ।

**२. अन्तरनिहित आधारभूत सिद्धान्तहरु**

कृषि उत्पादनको लागि अति आवश्यक पर्ने उत्पादन सामग्रीहरु मध्ये “मल” एउटा प्रमुख उत्पादन सामग्री भएकोले कृषि क्षेत्रको नीति भित्रको यो एउटा उपक्षेत्र नीति हो । बस्तुतः यो नीति देहायका आधारभूत सिद्धान्तहरुमा आधारित छ :

१. कृषकहरुको मलप्रति बढ्दै गएको अभिरुचि तथा मागलाई ध्यानमा राखी देशमा मलको उपलब्धता सहज गर्न निजी क्षेत्रको समेत संलग्नता अपरिहार्य छ ।

२. सरकारी, सहकारी तथा निजी क्षेत्र सबैलाई मलको कारोबारमा समान अवसर तथा सहुलियत उपलब्ध हुनु पर्छ ।

३. वर्तमान विश्व व्यापारीकरण, सूचना प्रविधिहरुको विकास तथा प्रसार एवं बजारमुखी अर्थ व्यवस्थाको सन्दर्भमा सरकार स्वयं व्यापारमा संलग्न हुनु भन्दा सरकारको भूमिका नियमनकर्ता तथा सहजकर्ताको हुनुपर्छ ।

४. मलको समुचित प्रयोगको लागि कृषि प्रसार तथा कृषि अनुसन्धानले सामूहिक जिम्मेवारी वहन गरी एक अर्काको परिपूरक हुनु पर्छ ।

५. माटोको उर्वराशक्ति ह्रास हुन नदिन, रासायनिक मलको प्रयोगबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यून गर्न तथा यसको

उचित एवं सन्तुलित प्रयोगमा प्रोत्साहन गर्न एकीकृत वाली पोषण व्यवस्थापन प्रणाली अपनाउनु पर्दछ ।

६. मलको समुचित उपयोगको लागि आवश्यक पूर्वाधार व्यवस्था तथा उपयुक्त वातावरण सृजना गर्नु पर्दछ ।

## ३. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा

(क) "आयातकर्ता" भन्नाले कुनै विदेशी मुलुकवाट नेपाल अधिराज्यभित्र रासायनिक मल आयात गर्ने व्यक्ति वा संस्था संझनु पर्छ ।

(ख) "नीति" भन्नाले मल नीति, २०५८ लाई संझनु पर्छ ।

(ग) "निजी क्षेत्र" भन्नाले सरकारी क्षेत्र वाहेकका मलको कारोवार गर्ने सहकारी क्षेत्र समेत सम्झनु पर्छ ।

(घ) "विक्रेता" भन्नाले कानुन अनुसार जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका मलको थोक वा खुद्रा विक्री गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ङ) "मल" भन्नाले प्रांगारिक, रासायनिक तथा जिवाणु युक्त मल संझनु पर्छ ।

(च) "रासायनिक मल" भन्नाले बोट विरुवालाई पोषक तत्व उपलब्ध गराउन माटो वा बोट विरुवामा प्रयोग गरिने कुनै पनि ठोस वा तरल रासायनिक पदार्थ सम्झनु पर्छ ।

(छ) "प्रांगारिक मल" भन्नाले वोट विरुवालाई पोषक तत्व उपलब्ध गराउन माटोमा सिधै प्रयोग गरिने वनस्पति र/वा पशु जन्य कुहिएर वनेको कार्वन युक्त पदार्थ सम्झनु पर्छ ।

(ज) "जिवाणुयुक्त मल" भन्नाले बोटविरुवालाई पोषक तत्व उपलब्ध गराउन प्रयोग गरिने नाइट्रोजन, फोस्फोरस र कार्वन चक्रसँग सम्बन्धित जिवित (Living) वा सुषुप्त (Latent) सुक्ष्म जिवाणु भएको ठोस वा तरल पदार्थ सम्झनु पर्छ ।

## ४. उद्देश्यहरु

माटोको उर्वराशक्ति सुधारबाट कृषि उत्पादकत्व वृद्धि गरी गरिवी निवारण गर्ने राष्ट्रिय लक्षलाई योगदान पुऱ्याउने उद्देश्यबाट यो नीति निर्देशित छ । विशेषत: यो नीतिको उद्देश्य निम्न अनुसार हुने छ :

१. मलको उपयोगमा वृद्धि ल्याउन नीतिगत सुधार तथा पूर्वाधार व्यवस्थित गर्ने ।

२. मलको कुशल एवं सन्तुलित प्रयोग गर्न एकीकृत वाली पोषण व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गर्ने ।

## ५. रणनीतिहरु

### ५.१ मलको उपलब्धता

५.१.१ मल आयातलाई भरपर्दो, प्रतिस्पर्धि तथा पारदर्शी बनाउनेः

वर्तमान समयमा रासायनिक मल देश भित्र उत्पादन भई नसकेको र कृषकहरुको सम्पूर्ण माग आयातबाट मात्रै परिपूर्ति गर्नु पर्ने अवस्था भएकाले विद्यमान रासायनिक मलको आयात व्यवस्थालाई भरपर्दो, प्रतिस्पर्धि तथा पारदर्शी वनाउन देहाय अनुसारको व्यवस्था मिलाइने छ :-

(क) समयमा रासायनिक मल आयात गर्ने स्थिति सृजना गर्न प्रमुख वाली लगाउने समय भन्दा छ महिना अगाडि रासायनिक मलको उपयोग स्थिति, माग तथा आपूर्ति स्थिति पूर्वानुमान गर्ने र त्यसलाई सार्वजनिक गर्ने ।

(ख) मलको आयातमा संलग्न सरकारी, सहकारी तथा निजी क्षेत्रका संस्थाहरुलाई समान अवसर तथा सुविधा उपलब्ध गराउने ।

(ग) आयातकर्ताहरुले आयात गरेका मलको थोक विक्री मूल्य सार्वजनिक गर्नु पर्ने ।

(घ) मलको मूल्य, गुणस्तर तथा उपलब्धतालाई नियमित तथा प्रभावकारी बनाउन अनुगमन कार्यलाई सुदृढ गर्ने ।

(ङ) रासायनिक मलको अन्तर्राष्ट्रिय मूल्य अनुगमन गरी नियमितरुपमा सार्वजनिक गर्ने ।

(च) अन्तर्राष्ट्रिय बजारबाट मल आयात गर्ने सबै संस्थाहरु मन्त्रालयमा दर्ता हुनु पर्ने ।

५.१.२ मूल्य नीति तथा अनुदान

(क) मलको मूल्य बजार प्रतिस्पर्धाबाट निर्धारण हुने ।

(ख) रासायनिक मलको मूल्यमा सरकारले अनुदान नदिने तर यातायात सेवा नपुगेका दुर्गम तथा उच्च पहाडी जिल्लाहरु जस्ता परिलक्षित क्षेत्र र साना तथा सीमान्त कृषक जस्ता परिलक्षित समूहलाई विशेष कृषि उत्पादन कार्यक्रम अन्तर्गत सहुलियत दिन सकिने ।

५.१.३ जगेडा मौज्दातको व्यवस्था

(क) रासायनिक मलको सम्भाव्य खपतको करिव बीस प्रतिशत रासायनिक मल जगेडा मौज्दातको रुपमा संचित गर्ने ।

(ख) रासायनिक मलको जगेडा मौज्दात सञ्चय, व्यवस्थापन तथा विक्री वितरण व्यवस्था पारदर्शी र प्रतिस्पर्धि गर्ने ।

(ग) नेपाल सरकारलाई मित्र राष्ट्रहरुबाट वस्तुगत सहायता अन्तर्गत प्राप्त हुने रासायनिक मललाई जगेडा मौज्दात व्यवस्था अन्तर्गत परिचालन गर्ने ।

५.१.४ स्वदेशी उत्पादन

(क) कृषि विकासका लागि आवश्यक हुने रासायनिक मल सदा वाह्य श्रोतको आयातमा मात्र निर्भर रहिरहन युक्तिसंगत नभएकोले रासायनिक मल उद्योग अधिराज्य भित्रै स्थापना गर्न प्रोत्साहित गर्ने ।

(ख) रासायनिक मलको समिश्रण उत्पादन गर्न कच्चा पदार्थहरुको रुपमा रासायनिक मल (युरिया, डि.ए.पी., सुपर फस्फेट आदि) आयात गर्नेहरुलाई आयातकर्ताहरुले पाए सरहको सुविधा सहुलियत दिने ।

५.१.५ विदेशमा लगानी

(क) छिमेकी मुलुकहरुको रासायनिक मल कारखानाहरुमा लगानी गर्न सहकारी तथा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(ख) छिमेकी राष्ट्रहरुका रासायनिक मल निर्यात गर्ने कारखानाहरुमा शेयर लगानी गरी उत्पादनको अनुपातिक हिस्सा प्राप्त गर्न (सहकारी तथा निजी क्षेत्रलाई) प्रोत्साहित गर्ने ।

## ५.२ मलको वितरण व्यवस्था पारदर्शी, प्रतिस्पर्धात्मक तथा प्रभावकारी तुल्याउने

५.२.१ वितरण व्यवस्था

(क) विकास क्षेत्र अनुसार रासायनिक मल आपूर्ति स्थितिको लगत अद्यावधिक गरी सार्वजनिक गर्ने ।

(ख) मल वितरण व्यवस्थामा सघाउ पुऱ्याउन, रासायनिक मलको सन्तुलित उपयोग र एकीकृत वाली पोषण प्रणालीलाई प्रोत्साहित गर्न मल उपयोग अध्ययन नियमित रुपमा गरी त्यसलाई अध्यावधिक गर्दै जाने ।

(ग) जिल्लामा मल वितरक तथा विक्रेताहरुको संजाल स्थापना गर्न अभिप्रेरित गर्ने ।

(घ) मलको खुद्रा विक्री मूल्य नियमित अनुगमन गर्ने ।

(ङ) मल भण्डारण, कृषि उत्पादन एवं विक्री व्यवस्था, गुणस्तर व्यवस्थापन तथा मल उपयोग सम्वन्धमा विक्रेताहरुको सक्षमता वृद्धि गर्ने ।

(च) आयातकर्ता, विक्रेताहरु एवं कृषकबीच विभिन्न तहमा नियमित अन्तरकृया गर्ने ।

५.२.२ परिलक्षित क्षेत्र र समूहलाई सहुलियत दरमा रासायनिक मल उपलब्ध गराउन सक्ने ।

(क) मोटर यातायात सेवा पुगी नसकेका दूर्गम तथा उच्च पहाडी जिल्लाहरुमा रासायनिक मल ढुवानी खर्च नेपाल सरकारले व्यहोरी सहुलियत दरमा रासायनिक मल उपलव्ध गराउन सकिने ।

(ख) नाइट्रोजन, फस्फोरस र पोटास ठोस पदार्थको रुपमा उपलब्ध गराउने सवै प्रकारको रासायनिक मलमा ढुवानी खर्च सहुलियत दिन सकिने ।

(ग) निजी तथा सहकारी क्षेत्रलाई समेत उपरोक्त वमोजिमको ढुवानी अनुदान सहुलियत सेवामा सहभागी हुन सक्ने अवसर प्रदान गर्ने ।

(घ) साना तथा सीमान्त कृषकहरुलाई विशेष कृषि उत्पादन कार्यक्रमहरुसंग आवद्ध गरी रासायनिक मलको स्थानीय वजार मूल्यमा सहुलियत उपलब्ध गराउन सकिने ।

**५.३ मलको गुणस्तर**

(क) अनाधिकृत श्रोतवाट मल खरीद विक्री नगर्न विक्रेता र उपभोक्तालाई जागरुक वनाउने ।

(ख) नीतिलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन मल ऐन र नियम बनाई लागू गर्ने ।

(ग) मलको गुणस्तर परीक्षण प्रणालीलाई प्रभावकारी तुल्याउन प्रयोगशालाहरुको स्थापना तथा सुदृढीकरण गर्ने ।

**५.४ एकीकृत वाली पोषण प्रणालीको व्यवस्थापन:**

रासायनिक मलको प्रयोगबाट माटोको उर्वरा शक्तिमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न र सन्तुलित मल प्रयोग तथा एकीकृत वाली पोषण प्रणालीको विकास गर्न कृषकहरुको क्षमता विकासको लागि निम्न अनुसार गर्ने :

(क) माटो परिक्षणको आधारमा आवश्यक पोषक तत्वको हिसावले रासायनिक मल सन्तुलित रुपमा प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहित गर्ने ।

(ख) एकीकृत वाली पोषण व्यवस्थापन प्रणालीमा प्रांगारिक तथा जिवाणु युक्त मल प्रयोग गर्न प्रोत्साहित गर्ने ।

(ग) एकीकृत वाली पोषण व्यवस्थापन प्रणाली प्रविधिको प्रचार एवं मूल्याङ्कन सम्बन्धमा कृषक, अनुसन्धानकर्ता, कृषि प्रसार कार्यकर्ता, गैर-सरकारी संस्था, सहकारी र निजी क्षेत्रबीच नियमित अन्तर्क्रिया गराउने ।

*रुपान्तरण : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।*

# सिंचाइ नीति, २०६०

## (नेपाल सरकारबाट स्वीकृत मिति २०६०।४।१९)

### भाग–१

### १.१. पृष्ठभूमि

कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा सिंचाइको अहम भूमिकालाई मध्यनजर राखी सिंचाइ विकास तथा विस्तारमा परापूर्वकालदेखि कृषक आफैले लगानी गर्दै आएकोमा योजनाबद्ध विकासको थालनी उप्रान्त नेपाल सरकारले पनि यस क्षेत्रमा प्रशस्त लगानी गर्नुको साथै समयानुकूल नीति, योजना तथा कार्यक्रम लागु गर्दै आएको छ । विगतका यस्ता प्रयासकै फलस्वरूप देशमा उपलब्ध सिंचाइ सम्बन्धी भौतिक संरचना, जनशक्ति र सरकारी तथा गैरसरकारी संस्थागत क्षमतामा उल्लेखनिय अभिवृद्धि भएको छ । अबका प्रयास त्यस्ता पूर्वाधारको विकास र विस्तारलाई निरन्तरता दिनुका साथै उपलब्ध भौतिक र संस्थागत संरचनाको समुचित उपयोगबाट वर्षैभरि सिंचाई सुविधा उपलब्ध हुने क्षेत्रको विस्तारमा केन्द्रित हुन आवश्यक भएको छ । यसका लागि जलस्रोत उपयोगका बहुउद्देश्यीय आयोजनाको तर्जुमा गर्दा सिंचाइलाई उच्च प्राथमिकता प्रदान गरी सम्बद्ध क्षेत्रसँगको सामन्जस्यता कायम गरी कार्यक्रम तर्जुमा गर्दै जानुपर्ने भएको छ ।

यस परिप्रेक्ष्यमा जनसहभागितामूलक व्यवस्थापनालाई प्रभावकारी रूपमा लागु गर्दै आयोजना कार्यान्वयनका हरेक चरणमा संगठित उपभोक्ताको प्रत्यक्ष सहभागिता र लगानी बढाएर उपभोक्ता संस्थालाई नै मर्मत, सम्भार र सञ्चालनको जिम्मेवारी हस्तान्तरण गर्दै जानु जरुरी भएको छ। यसका लागि विकेन्द्रीकरणको सिद्धान्त अनुरुप सिंचाइ विकास र व्यवस्थापनमा स्थानिय निकायको भूमिका तथा उत्तरदायित्व क्रमिक रूपमा वृद्धि गर्दै लैजानु आवश्यक देखिएको छ ।

### १.२. औचित्य

दीर्घकालीन कृषि कार्यक्रमले परिलक्षित गरे बमोजिम गरिबी न्यूनिकरणका लागि कृषि उत्पादन र ग्रमिण रोजगारमा वृद्धि गर्न सिमान्त कृषि भूमिमा समेत सिंचाइ सुविधाको विस्तार गर्नु आवश्यक छ । यस प्रयोजनको लागि भूमिगत

तथा सतह जलस्रोतको संयोजनात्मक उपयोग (Conjunctive use) का साथै नयाँ प्रविधि (Non-conventional) अन्तरगतका सिंचाइ प्रणालीहरू जस्तै पानी भकारी, थोपा सिंचाइ, फोहोरा सिंचाइ, लक्ष्मी ढिकी आदिको प्रयोग बढाउँदै लैजानु पर्ने भएको छ। हालसम्म निर्मित प्रणाली खासगरी नदी फर्काउने प्रविधि (Run-off-the-river) मा मात्रै सिमित रहेका छन्। हिउँदमा नदीको बहावमा कमि हुने भएकोले वर्षैभरी सिंचाइ पुऱ्याउनको लागि जलाशययुक्त प्रणालीको विकास गर्नु आवश्यक भएको छ।

उपयुक्त सन्दर्भमा सिंचाइ नीति, २०४९ (प्रथम संशोधन २०५३) को कार्यान्वयनबाट हासिल उपलब्धी र अनुभव एवं दशौं पञ्चवर्षीय योजनाका उद्देश्य एवं जलस्रोत रणनीतिले आत्मसात गरेका सिद्धान्त समेतलाई ध्यानमा राखी सिंचाइ नीति, २०६० तर्जुमा गरिएको छ।

**१.३. उद्देश्य**

सिंचाइ सुविधाको विकास निम्न उद्देश्य प्राप्तीका लागि गरिनेछः

१.३.१. देशमा विद्यमान जलस्रोतको प्रभावकारी उपयोग गरी सिंचाइ योग्य जमिनमा वर्षैभरी सिंचाइ सेवा विस्तार गर्ने।

१.३.२. विकसित प्रणालीको दिगो व्यवस्थापनका लागि उपभोक्ताको संस्थागत विकास गर्ने।

१३.३. सिंचाइ क्षेत्रको विकाससँग सम्बन्धित प्राविधिक जनशक्ति, उपभोक्ता र गैरसरकारी संघ/संस्थाको ज्ञान, सीप र संस्थागत कार्य दक्षतामा अभिवृद्धि गर्ने।

**१.४. नीति**

माथिका उद्देश्य प्राप्तिका लागि देहायका नीति अवलम्बन गरिनेछः

१.४.१. नेपाल सरकारले सिंचाइ सुविधा प्राप्त क्षेत्रलाई सिंचित क्षेत्र घोषणा गर्नेछ। घोषित सिंचित क्षेत्र भित्रको जग्गा गैर कृषि प्रयोजनका लागि उपयोग गर्नु पूर्व आवश्यकता अनुसार नेपाल सरकारको अनुमति लिनु पर्ने व्यवस्था गरिनेछ।

१.४.२. आयोजना तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्त अनुरुप सरोकारवाला (Stakeholder) लाई आवश्यक पानीको उपलब्धता, लगानीको प्रतिफल, लागतमा हिस्सेदारी एवं दैवीप्रकोप विरुद्धको स्व-विमा (Self insurance) गर्ने गरी गरिनेछ।

१.४.३. मौसमी वर्षाको पूरक (Supplementary) को रूपमा विकसित सिंचाइ प्रणालीलाई वर्षैभरी सिंचाइ (Year Round Irrigation) सुविधा पुऱ्याउन जलाशय, वर्षाको पानी संचय र भूमिगत जलस्रोत आदिको विकास, संरक्षण, सम्बर्द्धन र उपयोग गरिनेछ ।

१.४.४. अन्तर जलाधार जल स्थानान्तरण (Trans-basin Water Transfer) तथा व्यवस्थापनको सिद्धान्त अनुरुप ठूला नदीको पानीलाई सुख्खाग्रस्त जलाधार क्षेत्रमा लैजान गुरुयोजना तयार गरिनेछ ।

१.४.५. मूलतः सिंचाइको लागि उपयुक्त देखिएको जलाशययुक्त आयोजनाको विकास व्यवस्थापन सिंचाइ विभागले जल तथा शक्ति आयोगको समन्वयमा गर्नेछ । यस्ता जलाशययुक्त आयोजना तथा सिंचाइका अन्य संरचनाको प्रयोगबाट सम्भावित विद्युत उत्पादन गर्न प्रोत्साहित गरिनेछ । यस्ता आयोजनाको विकास तथा व्यवस्थापनका लागि सिंचाइ विभागले प्रचलित कानून बमोजिम सरकारी वा निजी क्षेत्र वा संयुक्त लगानीलाई प्रोत्साहित गर्नेछ ।

१.४.६. उपलब्ध भूमिगत जल भण्डारलाई पनि सतह जलाशय कै रूपमा विकास र उपयोग गरी आवश्यक संरक्षण, सम्वर्द्धन र गुणस्तर नियन्त्रणको व्यवस्था गरिनेछ ।

१.४.७. सिंचाइ प्रणालीहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउने नीति अवलम्वन गरिनेछ ।

१.४.८. नेपाल सरकारद्वारा निर्मित सिंचाइ प्रणालीहरू कार्ययोजनाका आधारमा उपभोक्ताहरूलाई हस्तान्तरण गरिनेछ र यस्ता हस्तान्तरित प्रणालीले चर्चेको जग्गा तथा अन्य संरचनाहरूको भोगाधिकार स्वामित्व समेत कानूनले ताकेबमोजिम उपभोक्ताहरूलाई उपलब्ध गराईनेछ ।

१.४.९. साना र मझ्यौला खालका आयोजनाको तर्जुमा, निर्माण र व्यवस्थापनमा स्थानिय निकाय र उपभोक्ता संस्थाको प्रभावकारी संलग्नता बढाउन उनीहरूको क्षमता वृद्धि गरिनेछ । यस्ता आयोजनामा नयाँ प्रविधि विकासको लागि गैरसरकारी क्षेत्रलाई संलग्न गराईनेछ ।

१.४.१०. आयोजना सम्बन्धी सूचना समयमै प्रभावकारी रूपमा प्रवाह गरी आयोजनाका बारेमा स्थानीय निकाय, उपभोक्ता संस्था र जनसमुदायको सहभागितामा वृद्धि गरिनेछ ।

१.४.११. सिंचाइ सेवा सुविधाको परिमाणात्मक मापनको व्यवस्था गरिनेछ । सिंचाइको प्रभावकारिताको मूल्याङ्कन प्रत्येक वालीलाई उपलब्ध गराइएको पानीको परिमाण, सिंचित क्षेत्रफल र उत्पादन वृद्धिको आधारमा गरिनेछ ।

१.४.१२. सिंचाइ क्षेत्रमा कार्यरत जनशक्तिको ज्ञान र सीपको विकास क्रमलाई तालीमको माध्यमबाट निरन्तरता प्रदान गर्नुका साथै अनुसन्धान क्षमतामा समेत अभिवृद्धि गरिनेछ ।

१.४.१३. यस नीतिमा उल्लेखित उद्देश्य हासिल गर्न आवश्यकतानुसार कानूनी र संस्थागत सुधार गरिनेछ ।

## भाग - २

## कार्यनीति

### २.१. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा,

(क) "आयोजना" भन्नाले प्रस्तावित वा निर्माणाधिन सिंचाइ योजना, आयोजना र परियोजना र सो सम्बन्धी कार्यालय सम्झनु पर्छ ।

(ख) "प्रणाली" भन्नाले सिंचाइ प्रयोजनका लागि बनेका संरचना र सिंचाइ क्षेत्र सहितको सम्पूर्ण इकाईलाई सम्झनु पर्छ र यस शब्दले निर्माण पूरा भई सञ्चालनमा रहेको सिंचाइ प्रणाली समेतलाई जनाउँछ ।

(ग) "मूल नहर" भन्नाले मुहानबाट निस्कने नहरलाई सम्झनु पर्छ ।

(घ) "शाखा नहर" (Branch or Secondary Canal) भन्नाले मूल नहरबाट निस्कने नहरलाई सम्झनु पर्छ ।

(ङ) "उपशाखा नहर" (Distributary or Sub-secondary Canal) भन्नाले मूल वा शाखा नहरबाट निस्कने र १००-५०० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको नहरलाई सम्झनु पर्छ ।

(च) "प्रशाखा नहर" (Minor or Tertiary Canal) भन्नाले मूल वा शाखा वा उपशाखा कुनै नहरबाट निस्कने र ३० हेक्टरभन्दा माथि १०० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको नहरलाई सम्झनु पर्छ ।

(छ) "कुलो" (Watercourse) भन्नाले मूल वा शाखा वा उपशाखा वा प्रशाखा कुनै नहरबाट निस्कने र १० हेक्टर भन्दा माथि ३० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको कुलोलाई सम्झनुपर्छ ।

(ज) "कुलेसो" (Field Channel) भन्नाले मूल वा शाखा वा उपशाखा वा प्रशाखा नहरहरू वा कुनै कुलोबाट निस्कने र १० हेक्टर भित्रका प्रत्येक खेतमा पानी पुऱ्याउने कुलेसोलाई सम्झनु पर्छ ।

(झ) "वृहत आयोजना/प्रणाली" भन्नाले पहाडी भेगको हकमा १००० हेक्टर भन्दा बढी र तराई तथा भित्री मधेशको हकमा ५००० हेक्टरभन्दा बढी सिंचाइ क्षेत्र भएको आयोजना/प्रणाली सम्झनुपर्छ ।

(ञ) "ठूलो आयोजना/प्रणाली" भन्नाले पहाडी भेगको हकमा ५०० देखि १००० हेक्टर सम्मको र तराई तथा भित्री मधेशको हकमा २००० देखि ५००० हेक्टर सम्मको सिंचाइ क्षेत्र भएको आयोजना/प्रणाली सम्झनु पर्छ ।

(ट) "मझौला आयोजना/प्रणाली" भन्नाले पहाडी क्षेत्रको हकमा २५ देखि ५०० हेक्टर सम्मको र तराई तथा भित्री मधेशको हकमा २०० देखि २००० हेक्टर सम्मको सिंचाइ क्षेत्र भएको सिंचाइ आयोजना/प्रणाली सम्झनु पर्छ ।

(ठ) "साना आयोजना/प्रणाली" भन्नाले पहाडी क्षेत्रको हकमा २५ हेक्टरभन्दा कम र तराई तथा भित्री मधेशको हकमा २०० हेक्टरभन्दा कम सिंचाइ क्षेत्र भएको आयोजना/प्रणाली सम्झनु पर्छ ।

(ड) "परम्परागत सिंचाइ प्रणाली" भन्नाले किसानद्वारा निर्मित एवं सञ्चालित प्रणालीलाई सम्झनुपर्छ ।

(ढ) "उपभोक्ताद्वारा सञ्चालित प्रणाली" भन्नाले सरकारी वा गैर सरकारी संस्थाद्वारा निर्माण भई पूर्ण रूपमा उपभोक्ता संस्थाद्वारा सञ्चालित सिंचाइ प्रणाली सम्झनु पर्छ ।

(ण) "उपभोक्ता संस्था" भन्नाले प्रणाली निर्माण तथा सञ्चालन गर्ने उद्देश्यले गठन भई प्रचलित कानून बमोजिम दर्ता भएका जल उपभोक्ता संस्था सम्झनु पर्छ र यस शब्दले त्यस्तो उपभोक्ता संस्थाको सबै तह समेतलाई जनाउँछ ।

(त) “सञ्चालक” भन्नाले आयोजना/प्रणाली सम्बन्धी निर्माण र व्यवस्थापनका लागि कानूनी रूपले जिम्मेवार व्यक्ति वा समूह सम्झनु पर्दछ ।

(थ) “स्थानीय निकाय” भन्नाले गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समितिलाई सम्झनु पर्छ ।

(द) “एकीकृत सिंचाइ विकास” भन्नाले एउटा जलाधार क्षेत्र भित्र रहेका आयोजनाहरू बीचको अन्तर सम्बन्धलाई मध्यनजर राखी समन्वयात्मक ढङ्गबाट सञ्चालन गरिने सिंचाइ विकास कार्यक्रम सम्झनु पर्छ ।

## २.२. आयोजना अध्ययन, पहिचान तथा छनोट

२.२.१. सामाजिक न्याय, सन्तुलित विकास, वातावरणीय सन्तुलन, बाली विविधिकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने कुरालाई ध्यानमा राखी आयोजनालाई छनौट गरिनेछ । यसको साथै सिंचाइको लागि वर्षैभरि पानी उपलब्ध गराउन भूमिगत र सतह जलश्रोतको संयोजनात्मक उपयोग (Conjunctive Use) का सम्भाव्यतालाई समेत आयोजना छनौटको आधार लिइने छ । यसरी आयोजना छनौट गर्दा सरोकारवालासँग समन्वय राखिनेछ ।

२.२.२. सिंचाइ सम्बन्धी गुरुयोजना र राष्ट्रिय जलस्रोत रणनीति अनुरुप एक जलाधार क्षेत्रको पानी अर्को जलाधार क्षेत्रमा प्रयोग गर्न आयोजनाको सम्भावनालाई समेत मध्यनजर राखी हरेक जलाधार क्षेत्रभित्र बहुउद्देश्यीय लाभ प्राप्त हुने खालका आयोजनाको अध्यावधिक सूची तयार गर्नुको साथै तिको प्राथमिकता क्रमका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

२.२.३. एकीकृत जलाधार व्यवस्थापनका अवधारणा अनुरुप आयोजना छनौट गर्ने प्रक्रियालाई संस्थागत गर्दै लैजान स्थानीय निकाय र जनसमुदाय समेतको सहयोगमा ठूला तथा मझौला आयोजनाको अध्ययन गरी कार्यान्वयन गरिनेछ ।

२.२.४. स्थानीय निकाय र उपभोक्ता संस्थाको संलग्नतामा जलाधार क्षेत्र भित्र रहेका तथा सम्भाव्य प्रणालीको विस्तृत आधारभूत तथ्याङ्क तयार पारी स्थानीय स्तरमा आवधिक योजना बनाइनेछ ।

२.२.५. छलफल, गोष्ठि, भेला आदिका माध्यमबाट उपभोक्तालाई आयोजना छनोटकै चरणदेखि प्रत्यक्ष सहभागि गराईनेछ ।

## २.३. आयोजना कार्यान्वयन कार्यविधि

२.३.१. सिंचाइ वा अन्य कृषिजन्य प्रयोजनको लागि पानीको व्यापारिक उपयोग गर्नु पर्दा पानीको स्रोत वा सिंचाइको सार्वजनिक संरचना वा दुवैको उपयोग गर्ने संघ संस्था वा व्यक्तिले प्रचलित कानून बमोजिम अनुमतिपत्र लिनुपर्नेछ ।

२.३.२. प्रणालीको पानी माथिको अग्राधिकारको (Water Right) प्रत्याभूति गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

२.३.३. जलाधार क्षेत्र (Basin) बीचको अन्तरसम्बन्धको आधारमा सिंचाइ विकास गर्दा आयोजनाको एकीकृत कार्यान्वयन प्रक्रियालाई सुव्यवस्थित गरिनेछ ।

२.३.४. यस नीति अनुसार कार्य सम्पादन गरी सिंचाइ कार्यक्रममा अपनाइएको कार्यविधि (Procedural Guidelines) लाई नै निरन्तरता दिइनेछ । साथै नेपाल सरकारले लागू गरेको सार्वजनिक निर्माण कार्य निर्देशिका (Public Works Directives) अनुसार प्राविधिक र प्रशासनिक कार्य सम्पादन गरिनेछ ।

२.३.५. सिंचाइको विकास र विस्तार कार्यमा संलग्न सरकारी र दातृ संस्थाहरूको कार्यान्वयन प्रक्रियामा एकरूपता ल्याइनेछ ।

## २.४. उपभोक्ता संस्था

२.४.१. आयोजना/प्रणालीका उपभोक्तालाई कुलोदेखि मूल नहर सम्मको विभिन्न तहमा संगठित गराइनेछ। यस प्रकार संगठित उपभोक्ताहरूलाई आयोजना/प्रणाली कार्यान्वयन र व्यवस्थापनका क्रियाकलापमा सहभागि गराइनेछ ।

२.४.२. प्रणाली र सो को व्यवस्थापन उपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने कार्य बढी प्रभावकारी बनाउन भौतिक निर्माणका कामको शुरुमा नै उपभोक्ता संस्थाको गठन र तिनको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२.४.३. उपभोक्ता संस्था गठन गर्दा कम्तीमा ३३ (तेत्तीस) प्रतिशत महिलाको सहभागिता हुने गरी दलित, उत्पीडित र पिछडिएका जनजाति समुदायको समेत प्रतिनिधित्व रहने व्यवस्था मिलाईनेछ ।

२.४.४. नीति निर्माण तथा कार्यान्वयनका विभिन्न स्तरमा उपभोक्ता संस्थाको उत्तरदायिपूर्ण सहभागिता गराई देशमा दिगो सिंचाइ विकास गर्न उपभोक्ता संस्थालाई एकीकृत जलाधार र राष्ट्रिय स्तरमा संगठित गराइनेछ ।

२.४.५. उपभोक्ता संस्थाद्वारा निर्मित/सञ्चालित प्रणालीहरू र किसानद्वारा सञ्चालित परम्परागत सिंचाइ प्रणालीहरूको मर्मत, नविकरण र सुधारको कार्यका लागि माग भई आएमा माग अनुसारको कार्य जनसहभागिता परिचालन गरी गरिने छ। यस्ता प्रणालीको व्यवस्थापन दिगो गराउन उपभोक्ता संस्थालाई सक्षम बनाइने छ ।

२.४.६. यस किसिमका उपभोक्ता संस्थाहरूलाई एउटै निकायबाट दर्ता एवं नविकरण गर्ने व्यवस्था गरिनेछ ।

## २.५. स्रोत पहिचालन तथा जनसहभागिता

२.५.१. आयोजना कार्यान्वयनका हरेक चरणमा उपभोक्ता संस्थाको प्रत्यक्ष सहभागिता र लगानीमा जोड दिंदै सरकारी निकायद्वारा सञ्चालित आयोजनाको मर्मत र सञ्चालनको जिम्मेवारी क्रमिक रूपमा स्थानिय निकाय र उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ ।

२.५.२. कुलो तथा कुलेसोलाई आवश्यक पर्ने जमिन सम्बन्धित उपभोक्ताले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नुपर्नेछ। यसरी हस्तान्तरित जमिनको प्रचलित दर बमोजिमको मूल्य कायम गरी उपभोक्ताले कुलो तथा कुलेसो निर्माणमा व्यहोर्न पर्ने रकममा समायोजन गरिनेछ। जमिन पर्ने तर सिंचाइ सुविधा नपाउने कृषकलाई प्रचलित दर बमोजिम हुन आउने जमिनको मूल्य बराबरको रकम उपभोक्ता संस्थाले संकलित रकमबाटै भुक्तानी गर्नेछ ।

तर सार्वजनिक जमिनमा निर्माण हुने कुलो तथा कुलेसाको हकमा त्यस्तो जग्गाको मूल्य समायोजन गरिने छैन ।

२.५.३. खण्ड २.५.२. बमोजिम हस्तान्तरित जमीनको मालपोत मिन्हा र लगत कट्टाका लागि आयोजना/प्रणाली सम्बन्धित कार्यालयले कारवाही चलाउनेछ ।

२.५.४. आयोजना निर्माणको लागत अनुमानमा नेपाल सरकार तथा उपभोक्ताले व्यहोर्ने लगानीको अंश अनुसूची - १ बमोजिम गणना गरि प्रत्येक आयोजनाको आफ्नो प्रतिवेदन (Project Appraisal) मा उल्लेख गर्नुपर्नेछ ।

तर उपभोक्ताको लागत अंश आयोजनाको कूल लागतको १५ (पन्ध्र) प्रतिशतभन्दा बढी र ३ (तीन) प्रतिशत भन्दा कम हुने छैन । खण्ड २.५.२ बमोजिम प्राप्त जमिनवापत प्राप्त रकमबाट उपभोक्ता संस्थाले व्यहोर्न पर्ने लागनीको अंशमा नपुग भएमा, त्यस्तो नपुग रकम अग्रिम रूपमा निश्चित नभएसम्म कुलो कुलेसो निर्माण कार्य शुरु गरिने छैन ।

२.५.५. मझौला तथा साना आयोजनाको पहिचान, सर्वेक्षण, डिजाइन, इष्टिमेट तथा निर्माणका लागि आवश्यकतानुसार उपभोक्ता संस्थाका साथै स्थानीय निकाय, सरकारी, गैरसरकारी एवं स्थानीय सामुदायिक संस्थाको पनि सहयोग जुटाइनेछ ।

२.५.६. सिंचाइको विकास, विस्तार र उपयोगमा प्रयोग हुने सरकारी स्वामित्वमा रहेका ठूला र भारी उपकरण (हेभि इक्विमेन्ट) को सेवा सःशुल्क उपलब्ध गराउनुको साथै यस्ता केन्द्रको विकास र विस्तारमा निजी क्षेत्रको लागनीलाई प्रोत्साहित गरिनेछ ।

२.५.७. आयोजना निर्माणमा आइपर्ने स्थानीय रूपमा बाधा अडचन फुकाउने दायित्व उपभोक्ता संस्थाको हुनेछ । सिंचाइका सम्बन्धित निकायले यस कार्यमा उपभोक्ता संस्थालाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

२.५.८. सिंचाइ आयोजनाकै स्वामित्वमा रहेका जग्गा तथा अन्य स्रोतबाट सम्भाव्य आय वृद्धि गर्ने र त्यस्ता स्रोतबाट प्राप्त आय आयोजनाकै मर्मत सम्भारको लागि प्रयोग गर्न व्यवस्था मिलाईनेछ ।

२.५.९. सिंचाइ विकासमा विदेशी तथा स्वदेशी निजि लगानीलाई आकर्षित गरिनेछ । यस सम्बन्धी व्यवस्था नेपाल सरकारको सार्वजनिक पूर्वाधार

संरचना निर्माण, सञ्चालन तथा हस्तान्तरण (BOT) सम्बन्धी नीति, २०५७ तथा प्रचलित अन्य कानून बमोजिम हुनेछ ।

२.५.१०. आकस्मिक दैवी प्रकोपबाट सिंचाइ सेवामा आइपर्ने समस्याको निराकरणको लागि एउटा आकस्मिक मर्मत सम्भार कोष खडा गरिनेछ ।

२.५.११. अनुसूची-२ बमोजिम उपभोक्ता संस्थालाई प्राप्त हुने रकमको कम्तिमा ८० प्रतिशत उपभोक्ता संस्थाले मर्मत सम्भार कोषमा जम्मा गर्नेछ भने बाँकी रकम प्रशासनिक लगायतका कामको लागि खर्च गर्न सक्नेछ । यस्तो मर्मत सम्भार कोषको रकम खर्च गर्ने कार्यविधि सिंचाइ निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

२.५.१२. अनुसूची-२ बमोजिम केन्द्रिय मर्मत सम्भार कोषमा जम्मा हुन आउने रकमको व्यवस्थापन सिंचाइ विभागले गर्नेछ ।

**२.६. प्रणाली व्यवस्थापन**

२.६.१. व्यवस्थापन प्रयोजनका लागि प्रणालीलाई निम्नानुसार वर्गिकरण गरिएको छः

(अ) उपभोक्ताद्वारा सञ्चालितः

(क) परम्परागत सिंचाइ प्रणाली

(ख) सरकारी वा गैर सरकारी नियकायद्वारा उपभोक्ता संस्थालाई हस्तान्तरित प्रणाली

(आ) नेपाल सरकारद्वारा सञ्चालित

(इ) नेपाल सरकार र उपभोक्ता संस्थाको व्यवस्थापनमा सञ्चालित

(ई) स्थानीय निकाय र उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा सञ्चालित

(उ) निजी स्तरमा सञ्चालित

२.६.२. उपभोक्ताको माग अनुसार पुनर्निर्माण/सुधार गरिएका र उपभोक्ताद्वारा सञ्चालित प्रणालीको सिंचाइ व्यवस्थापन उपभोक्ता संस्थाले गर्नेछ ।

२.६.३. नेपाल सरकारद्वारा सञ्चालित ठूला वा वृहत सिंचाइ प्रणालीमा ३० हेक्टर क्षेत्रफल भित्र पर्ने चकला (Block) सिंचाइ गर्न सक्ने कुलो र सो चकला भित्रका अन्य सिंचाइ संरचनाको मर्मत सम्भार तथा सञ्चालन गर्ने पूर्ण जिम्मेवारी उपभोक्ता संस्थाको हुनेछ । सो चकलाभन्दा माथिका सिंचाइ संरचना उपभोक्ता संस्थाको सहभागितामा नेपाल सरकारले मर्मत सम्भार तथा सञ्चालन गर्नेछ ।

२.६.४. नेपाल सरकार तथा उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा सञ्चालित ठूला तथा वृहत प्रणालीमा ५०० हेक्टर क्षेत्रफल सम्मको चकला (Block) सिंचाइ गर्ने उपशाखा नहर र सो चकला भित्रका अन्य सिंचाइ संरचनाको व्यवस्थापन गर्न उपभोक्ता संस्थाको माग भएमा उपभोक्ता संस्थाको क्षमता अभिवृछि गरि क्रमिक रूपमा हस्तान्तरण गरिनेछ ।

तर नेपाल सरकारद्वारा सञ्चालित मझौला प्रणालीहरूको व्यवस्थापन हस्तान्तरणका लागि उपभोक्ता संस्थाबाट माग भइ आएमा नीजहरूको व्यवस्थापन पक्षको मूल्याङ्कन गरि हस्तान्तरण गर्न सकिनेछ ।

२.६.५. कुनै पनि सिंचाइ प्रणालीको पूर्ण व्यवस्थापन हस्तान्तरण मूल उपभोक्ता संस्थालाई गरिनेछ । आंशिक रूपमा हस्तान्तरण गर्दा प्रणालीको कुलो तह देखिका उपभोक्ता समितिलाई छुट्टा छुट्टै रूपमा पनि गर्न सकिनेछ ।

२.६.६. कुनै मझौला प्रणालीमा अन्तर्निहित प्राविधिक वा अन्य जटिलताको कारण उपभोक्ता संस्थाले पूर्ण जिम्मेवारी निर्वाह गर्न सम्भव नदेखिएमा त्यस्ता प्रणालीलाई उपभोक्ता संस्था र सिंचाइ विभागले संयुक्त रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२.६.७. आयोजना कार्यान्वयनको शुरुदेखि नै हस्तान्तरणका लागि गर्नुपर्ने पूर्व तयारीको रूपमा उपभोक्ता संस्थाको संस्थागत विकास र उनीहरूको आर्थिक क्षमता वृद्धि गर्दै लगी निर्माण सम्पन्न भएका प्रणाली उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ ।

२.६.८. संयुक्त व्यवस्थापनमा रहेको वा नेपाल सरकारद्वारा सञ्चालित प्रणाली भित्रका विभिन्न तहका नहर तथा कुलोको आंशिक वा पूर्ण

रूपमा मर्मत, सम्भार तथा सञ्चालनको जिम्मेवारी कुनै व्यक्ति वा गैर सरकारी संस्थालाई प्रतिस्पर्धाको आधारमा कबुलियत गरी दिन सकिनेछ ।

२.६.९. नेपाल सरकारद्वारा निर्माण गरिएका र हाल नेपाल सरकार वा उपभोक्ता संस्था वा संयुक्त व्यवस्थापनमा सञ्चालित मझौला तथा ठूला प्रणालीमा नेपाल सरकारको तर्फबाट गरिदै आएको नियमित व्यवस्थापनको जिम्मेवारी क्रमिक रूपमा स्थानिय निकायालाई हस्तान्तरण गरिनेछ । यस्तो हस्तान्तरण सम्बन्धी कार्य स्थानीय निकायको प्राविधिक क्षमता, प्रणालीको दिगो व्यवस्थापनका लागि स्रोतको व्यवस्था र मागको आधारमा गरिनेछ । यस्ता हस्तान्तरित सिंचाइ प्रणालीहरूको दिगो व्यवस्थापनका लागि सिंचाइ विभागले यस नीतिको अधिनमा रहि सबै सरोकारवाला समूहको सहभागितामा सिंचाइ निर्देशिका बनाउनेछ ।

२.६.१०. बहुउद्देशिय योजनाको निर्माण र व्यवस्थापनमा राष्ट्रिय अनुभव वृद्धि गर्ने उद्देश्यले सिंचाइ, बिजुली र खानेपानीको समानुपातिक लगानी र प्रतिफल उपयोगको आधारमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

२.६.११. एक जलाधार वा उपजलाधार क्षेत्र भित्रको सम्पूर्ण सिंचाइ योग्य भूमिलाई आवश्यक पानी छुट्ट्याएर मात्र अर्को जलाधार या उपजलाधार क्षेत्रमा सिंचाइ प्रयोजनका लागि पानी लैजान पाउने व्यवस्था गरिनेछ ।

२.६.१२. विद्यमान सिंचाइ संरचना र घोषित सिचित क्षेत्र संरक्षण सम्बन्धी कार्य सिंचाइ विभागले गर्नेछ ।

## २.७. सिंचाइ सेवा शुल्क र आय स्रोतका अन्य उपाय

२.७.१. सिंचाइ सेवा उपलब्ध भई बढ्न जाने औसत कृषि उत्पादनको आधारमा प्रत्येक बालीको लागि न्यूनतम सिंचाइ सेवा शुल्क निर्धारण गरिनेछ ।

२.७.२. सिंचाइ सेवा उपभोग गर्नेले न्यूनतम सिंचाइ सेवा शुल्क तोकिए बमोजिमका दरले सञ्चालकलाई बुझाउनु पर्नेछ । यसरी उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोकिएको समयावधी भित्र नबुझाएमा प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ । सेवा शुल्क नबुझाउने उपभोक्तालाई सेवा उपभोगबाट वञ्चित गरिनेछ ।

२.७.३. न्यूनतम भन्दा बढी सिंचाइ सेवा शुल्कको दर प्रत्येक वालीको लागि सिंचित क्षेत्रको आधारमा सञ्चालकले उपभोक्ता संस्थाको समेत सल्लाह र सम्मतिको आधारमा निश्चित गर्न सक्नेछ । यस्तो दर उपभोक्ता संस्थाको साधारण सभाबाट पारित गरेर परिवर्तन गरिनेछ ।

२.७.४. सिंचित क्षेत्र घोषित गरिएको अभिलेख सम्बन्धित सबै निकायहरूलाई उपलब्ध गराइनेछ । यस्ता सिंचित क्षेत्रमा नयाँ विकास निर्माणको काम गर्दा जलश्रोत मन्त्रालयको पूर्व सहमति आवश्यक हुनेछ । घोषित सिंचित क्षेत्रका जग्गा जमिनको स्वामित्व हस्तान्तरण, धितो, बन्धक वा अन्य यस्तै प्रकारले बिक्री वा व्यवहार गर्दा र सो जग्गाको मालपोत आदि तिर्नुपर्दा सिंचाइ सेवा शुल्क तिरेको निश्चित गरेपछि मात्र त्यस्ता कार्यहरू गर्न सकिने व्यवस्था गरिनेछ ।

२.७.५. संयुक्त व्यवस्थापनमा सञ्चालन हुने प्रणालीमा सिंचाइ सेवा उपलब्ध गराए वापत प्रत्येक उपभोक्ताबाट सिंचाइ सेवा शुल्क उठाउने दायित्व उपभोक्ता संस्थाको हुनेछ । यस्तो सेवा शुल्क उठाउन सक्ने उपभोक्ता संस्थाको अधिकारलाई कानूनी रूपबाट सुनिश्चित गरिनेछ । यसरी उठेको रकम उपभोक्ता संस्थाको व्यवस्थापकीय सहभागिताको अनुपातमा अनुसूची - २ मा उल्लेख भए अनुसारको अंश सम्बन्धित उपभोक्ता संस्थाले राख्न पाउनेछ र बाँकी रकम सिंचाइ विभाग अन्तर्गत खडा गरिने केन्द्रीय मर्मत सम्भार कोष तथा नेपाल सरकारको राजस्वमा जम्मा गरिनेछ ।

### २.८.मर्मत सम्भार र प्रणाली सञ्चालन

२.८.१. आयोजनाको निर्माण, विस्तार, नवीकरण एवं सुधार गर्दा सिंचित क्षेत्रको आधारमा समानुपातिक हिसाबले पानी वितरण गर्ने गरी गरिनेछ ।

२.८.२. हस्तान्तरित सिंचाइ प्रणालीको मर्मत, सम्भार सञ्चालन एवं नियमित सरसफाई (Regular Maintenance) गर्ने दायित्व उपभोक्ता संस्थाको हुनेछ ।

२.८.३. प्राविधिक समस्याको गाम्भिर्यतालाई दृष्टिगत गरी कुनै मर्मत सम्भारको कार्यमा परामर्श सेवाको लागि माग भई आएमा सिंचाइ विभागले त्यस्तो सेवा उपलब्ध गराउनेछ ।

२.८.४. अप्रत्यासित रूपले कुनै प्रणालीमा ठूलो हानी नोक्सानी हुन गई उपभोक्ताको काबुभन्दा बाहिरको परिस्थिति देखिन आएमा नेपाल सरकारले त्यस्ता प्रणालीको पुनर्स्थापनाको हदसम्म राहत सहयोग उपलब्ध गराउनेछ ।

२.८.५. संयुक्त व्यवस्थापनमा रहेका प्रणालीको मर्मत सम्भारको काम सम्झौता अनुरुप गरिनेछ ।

२.८.६. अनुसूची- २ बमोजिमको रकमले नहर प्रणाली मर्मत, सम्भार र सञ्चालन गर्न नपुग हुने भएमा उपभोक्ता संस्थाले आवश्यक थप सेवा शुल्क उठाउन सक्नेछ ।

## २.९. व्यक्ति, समूह वा गैरसरकारी संघ/संस्था

२.९.१. निजी क्षेत्रको लगानीबाट आयोजना निर्माण तथा सञ्चालन गर्ने संस्था वा व्यक्तिले अनुमतीपत्रको माध्यमबाट त्यस्तो आयोजनाको विकास गरी सशुल्क सेवा उपलब्ध गराउन सक्नेछ ।

२.९.२. परम्परागत रूपमा स्थानीय कृषकद्वारा सञ्चालित प्रणालीलाई नेपाल सरकारले सञ्चालनको पूर्ण स्वतन्त्रताको प्रत्याभूति दिनेछ ।

## २.१०. जवाफदेहि र जिम्मेवारी

२.१०.१. आयोजनाको निर्माण, सञ्चालन वा व्यवस्थापन सम्बन्धमा पारदर्शिता अपनाई सिंचाइ विभाग र उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार स्पष्ट हुने गरी औपचारिक रूपमा सम्झौता भएपछि सो को आधारमा नेपाल सरकारले आयोजनामा लगानी गर्नेछ ।

२.१०.२. सम्झौता अनुरूप नेपाल सरकारले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको कारणबाट उपभोक्तालाई नोक्सान पर्न गएमा उपभोक्ता संस्थाले सम्झौता अनरुप क्षतिपूर्तिको माग गर्न सक्नेछ ।

२.१०.३. उपभोक्ता संस्थाले सम्झौता अनुरुप गर्नुपर्ने काम सम्झौतामा उल्लेखित समयमा पूरा नगरेमा नेपाल सरकारले लगानी स्थगित गरी उपभोक्ता संस्थाले जम्मा गरेको रकम समेत रोक्का गर्न सक्नेछ र रकम रोक्का भएको निर्णयको सूचना उपभोक्ता संस्थालाई अविलम्ब दिइनेछ ।

२.१०.४. यस नीति अन्तर्गत प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त ठहरिएका वृहत, ठूला तथा मझ्यौला सिंचाइ आयोजनाको विकास गर्ने जिम्मेवारी सिंचाइ विभागको हुनेछ । विकेन्द्रीकरणको सिद्धान्त अनुरुप साना आयोजनाको विकास उपभोक्ता संस्था र स्थानिय निकाय मार्फत गराउने व्यवस्था गरिनेछ । सिंचाइ विकासको क्रममा स्थानिय निकायको भूमिका क्रमिक रूपमा बढाउन उनीहरूले क्षमता अभिवृद्धि गर्ने खालका तालिम कार्यक्रम सञ्चालन गरिनेछ । तर भूमिगत जलस्रोत सिंचाइ तथा नयाँ प्रविधि (Non-conventional) सिंचाइ आयोजनाहरू २५ हेक्टरभन्दा कम भए पनि सिंचाइ विभागले नै कार्यान्वयन तथा सञ्चालन गर्नेछ ।

## २.११. वातावरण संरक्षण एवं जल गुणस्तर

२.११.१. आयोजना/प्रणाली निर्माणबाट पर्न सक्ने वातावरणीय नकारात्मक प्रभावलाई न्यून हुने गरी आयोजना/प्रणाली सम्पन्न गरिनेछ । यसका लागि सरकारी, गैर सरकारी र स्थानीय स्तरमा आवश्यक जनचेतना अभिवृद्धि गरिनेछ ।

२.११.२. आयोजनाबाट वातावरणमा पर्न सक्ने नकारात्मक असरका सम्बन्धमा जनसुनवाई (Public Hearing) लाई मुख्य आधार बनाई प्रचलित कानूनको अधिनमा रही आवश्यकतानुसार वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गरिनेछ ।

२.११.३. कुनै खोला/खहरेबाट सम्पूर्ण पानी सिंचाइको लागि प्रयोग गर्दा स्थानीय जैविक विविधतामा नकारात्मक असर नपर्ने कुरा सुनिश्चित गरी त्यस्ता खोला/खहरेमा आवश्यक न्युनतम पानी छाडेर बाँकी पानी मात्र सिंचाइको लागि उपयोग गरिनेछ ।

२.११.४. वातावरणमा नकारात्मक असर नपर्ने गरी सिंचाइमा पानीको समुचित उपयोग गर्नुका साथै जलगुण सम्बन्धी अनुगमन, अध्ययन तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गरिनेछन् ।

२.११.५. सिंचाइ क्षेत्र भित्र नदी कटान, बाढी, पैह्रो आदीबाट हुन सक्ने क्षतिबाट सिंचाइ प्रणालीको सुरक्षाका लागि आयोजनाको मर्मत सम्भार कार्यको लागतमा समावेश गरी गरिनेछ ।

## २.१२. प्रविधि विकास तथा प्राविधिक जनशक्ति

२.१२.१. उपलब्ध श्रोत, संरचना र प्रविधिको प्रभावकारी उपयोग गर्नुको साथै सिमान्त कृषि भूमिमा समेत सिंचाइ सुविधा विस्तारका लागि भूमिगत तथा सतह जलस्रोतको संयोजनात्मक उपयोग एवं फोहरा, ताल तलाउ तथा पोखरी र थोपा सिंचाइ जस्ता आधुनिक प्रणालीको विकास र विस्तार गरिनेछ ।

२.१२.२. देशमा विद्यमान सिंचाई विकास सम्बन्धी अनुभव र सीपलाई औपचारिक शिक्षा प्रणालीमा समावेश गर्नुका साथै सरकारी, समुदायिक तथा निजी क्षेत्रमा तालिम, अनुसन्धान र कार्यक्षमताको संस्थागत विकासलाई सहयोग पुऱ्याइनेछ ।

२.१२.३. सबै किसिमका आयोजनामा नयाँ प्रविधि र क्षमता विकास (Capacity Building) समेतलाई विशेष महत्व दिई कार्यान्वयन गरिनेछ ।

२.१२.४. सिंचाइ विकासमा विभिन्न निकायहरू संलग्न रहेको सन्दर्भमा कार्य पद्धतिको निर्धारण, कार्यान्वयन प्रक्रिया तथा योगदानमा एकरूपता ल्याउन सिंचाइ विभागले प्रत्येक वर्ष अध्यावधिक आधारभूत तथ्याङ्क (Data Base) तयार गरी प्रकाशित गर्नेछ ।

२.१२.५. प्रत्येक आयोजनाको सम्भाव्यता अध्ययन अवस्थामा नै तालिम, अनुसन्धान, अनुगमन, मूल्याङ्कन आदिको आवश्यकता पहिचान गरी समुचित बजेट र जनशक्तिको व्यवस्था गरिनेछ ।

## २.१३. अन्य निकायसँगको समन्वय

२.१३.१. सिंचाइ संरचनाले चर्चेको क्षेत्रमा भएका रुख तथा अन्य जायजेथा माथिको स्वामित्व, दायित्व र त्यसको उपयोगको जिम्मेवारी र जवाफदेही प्रचलित कानून बमोजिम हुनेछ ।

२.१३.२. सिंचाइको दिगो विकासको निमित्त आवश्यक अनुसन्धान, अध्ययन तथा तालिमको काममा स्थानिय गैर सरकारी क्षेत्रको संलग्नता बढाउँदै निजी क्षेत्रको संस्थागत विकासमा सहयोग पुऱ्याइनेछ ।

२.१३.३. राष्ट्रिय, क्षेत्रिय र जिल्लास्तरको सम्भाव्य सिंचाइ विकासको लागि विभिन्न नदीघाटीका जल वहाव क्षमताको तथ्याङ्कलाई जल तथा

मौसम विज्ञान विभागसँगको समन्वय र सहकार्यमा अन्द्यावधिक गरिनेछ ।

२.१३.४. सिंचाइ विकास कार्यक्रमलाई कृषि विकास कार्यक्रमसँग आबद्ध गर्न आयोजनाको पहिचान र छनौटको काम देखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका काममा समेत सिंचाइ विभाग र कृषि विभागको जिल्ला, क्षेत्रिय र केन्द्रिय कार्यालयहरू बीच निकटस्थ कार्यगत एकता र समन्वय कायम राखिनेछ ।

२.१३.५. प्रत्येक सिंचाइ डिभिजन वा सब डिभिजनले सकृय उपभोक्ता रहेको, वर्षैभरि सिंचाइ सेवा प्रदान गर्न सक्ने प्रणालीमा कृषि विभागबाट सञ्चालित Prority Package Program सँग आबद्ध भई सिंचाइ व्यवस्थापन गर्नेछ ।

## २.१४. अनुगमन तथा मूल्याङ्कन

२.१४.१. सिंचाइको दिगो र भरपर्दो सेवाको आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्न राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघको प्रतिनिधि समेत समावेश भएको एक केन्द्रिय सिंचाइ अनुगमन समिति गठन गरिनेछ । क्षेत्रीय तथा स्थानीय स्तरमा त्यस्तो मूल्याङ्कन र अनुगमन गर्दा सोही स्तरका उपभोक्ता संस्थाका प्रतिनिधिलाई पनि समावेश गरिनेछ ।

२.१४.२. सिंचाइ कार्यक्रम कार्यान्वयन हरेक तहमा आवश्यकतानुसार भौगोलिक र व्यवस्थापकीय सूचना अद्यावधिक गरी अनुगमन र मूल्याङ्कन (Monitoring and Evaluation) व्यवस्थाको संस्थागत पक्षलाई सुदृढ गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२.१४.३. सिंचाइ प्रणालीले पुऱ्याएको सेवाको अनुगमन गर्दा पानीको परिमाण, वाली सघनता, उत्पादन वृद्धि, उपभोक्ता संस्थाको आर्थिक स्थिति र कार्यक्षेत्रमा भएका परिवर्तनलाई आधार मानिनेछ ।

## २.१५. विविध

२.१५.१. भूमिगत जलस्रोत भण्डारको समयोचित उपयोगलाई दृष्टिगत गर्दै त्यस्ता भण्डारको संरक्षणका लागि उचित व्यवस्था गरिनेछ । सोको लागि जलस्रोत रणनीतिले तय गरे बमोजिमको संगठनात्मक सुधार गरिनेछ ।

२.१५.२. भूमिगत जलस्रोत र लिफ्ट सिंचाइमा प्रयोग हुने विद्युतको महशुलमा विशेष सहुलियत उपलब्ध गराइनेछ ।

२.१५.३. हरेक विकास क्षेत्र भित्रको एउटा उत्कृष्ट उपभोक्ता संस्थालाई वार्षिक रूपमा पुरष्कृत गर्ने परिपाटीको शुरुवात गरिनेछ ।

२.१५.४. सिंचाइ सेवाको विकास र विस्तार तर्फ राष्ट्रलाई आत्मनिर्भरताको दिशामा अघि बढाउन सिंचाइ विकास कोषको स्थापना र त्यसको सञ्चालनको थालनी गरिनेछ ।

२.१५.५. सिंचाइ सम्बन्धी सम्पूर्ण जानकारी अद्यावधिक रूपमा सुव्यवस्थित गर्न सिंचाइ विभाग अन्तर्गत प्रलेखालय (Documentation Centre) को स्थापना गरि त्यसलाई आधुनिक सूचना प्रणालिमा रूपान्तरित गरिनेछ । यसका लागि सबै सिंचाइ डिभिजन, सब डिभिजन, फिल्ड कार्यालयहरूको मातहतका जिल्ला वा वेसिनहरूको सिंचाइ सम्बन्धी विवरण (Water Use Status) वार्षिक रूपमा अध्यावधि गर्नेछन् । यस कार्यलाई अनुगमन गरि सिंचाइ विभागले प्रत्येक वर्ष "नेपाल सिंचाइ स्थिति" सार्वजनिक रूपमा प्रकाशित गर्नेछ ।

२.१५.६. प्रविधि हस्तान्तरण तथा आन्तरिक जनशक्ति विकासका पक्षलाई जोड दिई विदेशी परामर्शदाताको न्यून संलग्नता रहने खालका योजनालाई प्राथमिकता दिइनेछ ।

२.१५.७. नहर, कुलो तथा कुलेसो निर्माण एवं व्यवस्थापन गर्न उपभोक्ता संस्थाले सो कार्यका लागि प्रयोग गर्ने भारी उपकरण आयात गर्ने भए सो आयात गर्दा लाग्ने आयात दस्तुर छुट दिईनेछ ।

२.१५.८. यो नीतिलाई लागू भएको मितिले पाँच वर्षमा ननघाई आवश्यकतानुसार अध्यावधि गरिनेछ ।

## अनुसूची - १

(नियम ४२ को उपनियम (१) सँग सम्बन्धित)

### आयोजनामा उपभोक्ताले व्यहोर्नु पर्ने अंशको गणना तालिका

| उपभोक्ताको औसत सिंचित क्षेत्र | मुहानको काममा लागतको प्रतिशत | मूल नहरको काममा लागतको प्रतिशत | शखा नहरको काममा लागतको प्रतिशत | प्रशाखा नहरको काममा लागतको प्रतिशत |
|---|---|---|---|---|
| ०.५ हे. भन्दा कम | ० | ० | ० | १० |
| ०.५ हे. देखि १.० हे. भन्दा कम | ० | ० | ५ | १० |
| १.० हे. देखि ५.० हे. भन्दा कम | १ | ३ | ७ | १२ |
| ५ हे. र सो भन्दा माथि | ३ | ५ | १० | १५ |

नोटः प्रशाखा नहरभन्दा तलका सम्पूर्ण सिंचाइ सम्बन्धी संरचनाको निर्माण लागत उपभोक्ता संस्थाले व्यहोर्नेछ ।

## अनुसूची - २

## कृषक उपभोक्ताहरूबाट उठ्ने सिंचाइ सेवा शुल्कको बाँडफाँड सम्बन्धी व्यवस्था

| प्रणाली सञ्चालनमा सहभागिताको स्थिति | सिंचाइ सेवा शुल्कबाट उठेको रकम बाँडफाँडको व्यवस्था (प्रतिशतमा) | | |
|---|---|---|---|
| | केन्द्रीय मर्मत सम्भार कोष, सिंचाइ विभाग | नेपाल सरकारको राजश्व | जलउपभोक्ता संस्थाले पाउने अंश |
| १. कुलो र सोभन्दा मुनि जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र कुलोभन्दा माथि नेपाल सरकारले व्यवस्थापन गरेको हकमा | ४० | ४० | २० |
| २. प्रशाखा नहर र सोभन्दा मुनि जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र प्रशाखा नहरभन्दा माथि नेपाल सरकारले व्यवस्थापन गरेको हकमा | ३० | ३० | ४० |
| ३. उप शाखा नहर र सोभन्दा मुनि जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र उपशाखा नहरभन्दा माथि नेपाल सरकारले व्यवस्थापन गरेको हकमा | २० | २० | ६० |
| ४. मूल नहरभन्दा मुनिको सबै नहरहरू उपभोक्ता संस्थाबाट र बाँकी नेपाल सरकारले व्यवस्थापन गरेको हकमा | १० | १० | ८० |
| ५. हेडवर्क्स बाहेक मूल नहर सहित अन्य सम्पूर्ण संरचना जल उपभोक्ता संस्थाको व्यवस्थापनमा रहेका हकमा | ५ | ५ | ९० |
| ६. सम्पूर्ण योजना हस्तान्तरण भएको हकमा | ० | ५ | ९५ |

नोट: केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।

*नोट: केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।*

# पन्छीपालन नीति, २०६८

## (नेपाल सरकारबाट मिति २०६८/०९/०१ मा स्वीकृत)

### १. पृष्ठभूमि

**परिभाषाः** पन्छी भन्नाले कुखुरा, हास, बट्टाई, लौकाट, टर्की, परेवा, अष्टिच, कालिज र च्याखुरा आदिलाई जनाउंछ । पन्छीपालन व्यवसाय विगत तीन दशक देखि व्यवसायिकरण तर्फ उन्मुख हुदै गइरहेको छ । यस व्यवसायले खास गरी यातायात, विद्युत, बजार जस्ता पूर्वाधार विकास भएका क्षेत्रहरूमा उद्योगको रूप लिई सकेको छ । बदलिदो आहार विहार, बढ्दो शहरीकरण एवं बढदो पौष्टिक खाद्य पदार्थहरूको उपभोग आदि कारणले पन्छीजन्य पदार्थहरूको उपभोगमा क्रमिक रूपले वृद्धि भईरहेको हुंदा स्थानीय वजारमा यसको माग दिनानुदिन बढ्दोछ । यस व्यवसायबाट पन्छीजन्य पदार्थहरूको आयात प्रतिस्थापन मात्र नभई क्षेत्रीय र विश्व बजारसंग प्रतिस्पर्धा गरी राष्ट्रिय आयमा वृद्धि गर्न सकिने प्रवल सम्भावना रहेकोछ ।

यस व्यवसायलाई दिशानिर्देश गर्न तथा औद्योगिकरण तर्फ दिगो गति दिनको लागि ठोस नीतिको आवश्यकता महसुस गरी राष्ट्रिय कृषि नीति, २०६१ र कृषि ब्यवसाय प्रबर्द्धन नीति, २०६३ को परिधि भित्र रही नेपाल सरकारले “पन्छी पालन नीति, २०६८" जारी गरेको छ ।

### २. विगतका प्रयासहरुः

नेपालमा आधुनिक कुखुरापालनको शुरूवात बि. स. २०१४ सालमा पहिलो पटक ब्ल्याक मिनोर्का, रोड आईलैण्ड रेड, न्यु ह्याम्पसायर र ह्वाईट लेगहर्न जातका कुखुराको आयातबाट भएको हो । कृषकहरूलाई उन्नत चल्ला बितरण गरी मासु तथा फुल उत्पादन बृद्धि गर्न यो कार्यक्रमको थालनी गरिएको थियो । बि. सं. २०१७ सालमा परवानीपुर, बारामा सेन्ट्रल ह्याचरी स्थापना भई न्यु हेम्पसायर जातका माऊ चल्लाहरू आयात गरी चल्ला उत्पादनको शुरूवात गरिएको हो । यसै क्रममा निजी क्षेत्रको अग्रसरतामा उन्नत नश्लका लेयर्स र ब्रोइलर चल्लाहरू आयात तथा बिक्री

परिभाषा : पन्छी भन्नाले कुखुरा, हाँस, बट्टाई, लौकाट, टर्की, परेवा, अष्ट्रिच, कालिज र च्याखुरा आदिलाई जनाउँछ ।

बितरणको कार्य बि.सं. २०१९ सालबाटै सुरूवात भएता पनि बि.सं. २०४० पछि पन्छीपालनमा व्यवसायिकरण प्रकृयाले गति लिएको देखिन्छ ।

## ३. वर्तमान स्थितिः

नेपालमा पन्छीजातबाट उत्पादित मासु र फुलको प्रति ब्यक्ति उपभोगस्तर न्यून रहेको तथ्यांकले देखाएको छ । आ.व. २०६७/०६८ मा कुखुराको मासु ३६,०५२ मे.टन र अण्डा ७० करोड गोटा उत्पादन भएको जसको औषत वार्षिक वृद्धिदर करिव ३.२ प्रतिशत रहेको छ । कुखुराको मासु तथा फुलको औषत वार्षिक उपलब्धता प्रति व्यक्ति क्रमश: १.८२ किलोग्राम र २५ गोटा रहेको छ । देशको कूल मासु उत्पादनमा कुखुराको मासुको योगदान करिव १३ प्रतिशत रहेको देखिन्छ । हाल देशमा ९८ वटा ह्याचरीबाट वार्षिक ५.७ करोड ब्रोइलर चल्ला र ५८ लाख लेयर्स चल्ला उत्पादन भै विक्रि वितरण हुंदै आएको छ । त्यसैगरी करिव २१० ठूला दाना उद्योगबाट वार्षिक ६ लाख ४६ हजार मे.टन दाना उत्पादन हुने गरेको छ । व्यवसायिक कुखुरापालन क्षेत्रले मात्र करिव १,००,००० जनालाई प्रत्यक्ष रोजगारी दिएको छ । तसर्थ, पन्छी व्यवसायलाई तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता बृद्धि गर्ने अभिप्रायले पन्छीपालन नीतिको आवश्यकता महसुस गरिएको हो ।

## ४. समस्या र चुनौतीः

छिमेकी मुलुकहरूको तुलनामा नेपालमा फुल र मासुको उत्पादन एवं उत्पादकत्व न्यून रहेको छ । दानामा प्रयोग गरिने कच्चा पदार्थहरूको कूल परिमाणको करिव ५० प्रतिशत जति विदेशबाट आयात गरिने हुंदा वर्षेनी उल्लेख्य रूपमा धनराशी विदेशिएको अवस्था छ भने आयातित कच्चा पदार्थको पनि गुणस्तर कमसल भई उत्पादकत्व कम भई उत्पादन लागत समेत वढन गएको छ एवं समय समयमा यस क्षेत्रमा देखा परेको पन्छीजन्य महामारी रोग समेत समस्या र चूनौतीको रूपमा देखिएको छ ।

## ५. नयाँ नीतिको आवश्यकताः

पन्छीजन्य मासु र फुलको उत्पादन तथा उत्पादकत्व वढाई प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गराउन उत्पादन सामाग्रीहरू जस्तै चल्ला, दानाको कच्चा पदार्थ, औषधि, खोप, उपकरण आदि को मापदण्ड निर्धारण, गुणस्तर नियमन, मासु बिक्रि बितरणको उचित ब्यवस्थापन अपनाई यस उद्योगको

दिगो एवं संस्थागत विकास गर्न नया नीतिको आवश्यकता महसुस गरिएको हो ।

## ६. लक्षः

पन्छी व्यवसायलाई प्रतिस्पर्धी र वजारमूखी उद्योगको रूपमा स्थापित गरी प्रति व्यक्ति प्रति वर्ष मासु र अण्डाको हालको उपलव्धता क्रमशः १.८२ किलोग्राम र २५ गोटालाई आगामी १५ वर्ष भित्र तेव्वर गरिने र जैबिक बिविधताको संरक्षण गरिने लक्ष रहेको छ ।

## ७. उद्देश्यहरुः

पन्छीपालन व्यवसायलाई प्रतिस्पर्धी बनाई पंछीजन्य मासु तथा अण्डाको उपलव्धतालाई वृद्धि गर्न र आयआर्जन तथा रोजगारी सृजनामा टेवा पुऱ्याउन निम्न उद्देश्य लिइएको छ ।

१. गुणस्तरीय पन्छी तथा पन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा तथा पोषण स्थितिमा सुधार ल्याउने र

२. पन्छी व्यवसायलाई आधुनिक, प्रतिस्पर्धी र वातावरण मैत्री बनाई आन्तरिक मागको आपूर्ति, आयात प्रतिस्थापन गर्दै क्रमशः निर्यात प्रबर्द्धन गर्ने ।

## ८. नीतिहरुः

८.१ तुलनात्मक लाभ र सम्भाव्यताको आधारमा स्थानीय र उन्नत जातका पन्छीको उत्पादन, उत्पादकत्व बृद्धि र विकासको साथै विस्तार गरिने छ ।

८.२ पन्छी व्यवसाय तथा उद्योगसँग सम्बन्धित उपकरण तथा कच्चा पदार्थको उत्पादन तथा विकास स्वदेशमै गरी उद्योगहरूमा लगानी प्रवाह गर्ने अनुकूल वातावरण बनाईने छ ।

८.३ पन्छी तथा पन्छीजन्य व्यवसायलाई उच्च प्राथमिकता प्राप्त कृषि उद्योगको मान्यता प्रदान गरिने छ र सोही बमोजिम सुविधा प्रदान गरिने छ ।

८.४ निजी क्षेत्र, संघ/संस्था र स्थानीय निकायको सहभागिता र समन्वयमा पन्छी व्यवसाय क्षेत्रमा आवश्यक पूर्वाधार जस्तै

वजारस्थल, वधशाला, प्रशोधन केन्द्र, प्रयोगशाला आदिको विस्तार र सेवाको स्तरीयता कायम गरिने छ र ती क्षेत्रहरूको आवधिक अनुगमन गरिनेछ ।

८.५ आन्तरिक तथा विश्व बजारमा पन्छी तथा पन्छीजन्य वस्तुहरूको पहूंच बढाउन तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता वढाईने नीति लिनेछ ।

८.६ भौगोलिक क्षेत्र अनुसार हावापानी सुहाउंदो सम्भाव्य क्षेत्रहरूमा प्राङ्गारिक उत्पादन (Organic Production) लाई प्रोत्साहित गरिने छ ।

८.७ पन्छीजन्य महामारी रोगहरूको आशंकावाट पन्छीजन्य उत्पादनहरूको उपभोगमा पर्न जाने असर र यसवाट उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरण गरिने छ ।

८.८ पन्छीजन्य पदार्थको उत्पादन गर्दा मानव स्वास्थ्य र वातावरणमा नकारात्मक असर पुग्न दिईने छैन । त्यस्तो ब्यवसायिक उद्योग स्थापना पूर्व सामाजिक र वातावरणिय प्रभाव मूल्यांकंन गरिनेछ ।

## ९. रणनीति तथा कार्यनीतिहरुः

९.१ तुलनात्मक लाभ र सम्भाव्यताको आधारमा स्थानीय र उन्नत जातका पन्छीको विकास र विस्तार गरिने छ ।

९.१.१ पूर्वाधार विकास भएका क्षेत्रहरूमा व्यवसायिक स्तरमा उन्नत पन्छीको विकास तथा विस्तार गर्न प्रोत्साहित गरिने छ ।

९.१.२ प्रविधि विस्तार गरी कृषकहरूलाई अभिप्रेरित गर्न तालिम, अवलोकन भ्रमण, प्रदर्शनी आदिमा नविनतम् सूचना तथा संचार प्रविधिको उपयोग गरिनेछ ।

९.१.३ व्यवसायीहरूलाई इजाजतपत्र, सहमती, दर्ता लगायतका प्रकृयालाई सरलीकृत गरी छिटो छरितो सेवा प्रवाह गरिनेछ ।

९.१.४ पन्छीजन्य उद्योग व्यवसायमा आवश्यक पर्ने जैविक सामाग्री, नश्ल तथा अन्य उत्पादन सामाग्रीको प्रविधि विकास र अनुसन्धान गरिने छ ।

९.१.५ पूर्वाधार विकास भएका क्षेत्रहरूमा व्यवसायिक स्तरमा उद्योग व्यवसाय स्थापना तथा विस्तार गर्न प्रोत्साहन गरिनेछ । पर्याप्त पूर्वाधार विकास नभई सकेको स्थानहरूमा वजार सम्भाव्यताको आधारमा स्थानीय जात तथा ग्रामिण पन्छीलाई विकास गरिनेछ ।

९.१.६ दैबिप्रकोप तथा प्रतिकूल अवस्थाबाट उद्योगको संरक्षण गर्न विमा कार्यक्रम लागू गर्न प्रोत्साहन गरिने छ ।

९.१.७ जनस्वास्थ्यको दृष्टिकोणले संवेदनशिल पन्छीरोगको महामारी फैलिएको अवस्थामा पन्छीलाई मार्नु वा हटाउनु वाहेक अन्य उपचारको व्यवस्था नभएको अवस्थामा त्यस्ता पन्छीहरू नष्ट गरी तोकिएको क्षतिपुर्ति उपलब्ध गराइने छ ।

९.१.८ विशेष लाभ तथा लोपोन्मूख भएका नश्लका पन्छीहरूको संरक्षण, संवर्द्धन एवं सदुपयोग गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ ।

९.१.९ जंगली पन्छीहरू पालनका हकमा वन्यजन्तु पालन, प्रजनन् तथा अनुसन्धान कार्यनीति, २०६० र दुर्लभ वन्यजन्तु तथा वनस्पतिहरूको अन्तराष्ट्रिय ब्यापार नियन्त्रण महासन्धि (CITES: the Convention on International Trade in Endangered Species) को प्रावधान भित्र रही पालन गर्न लगाइने छ ।

९.१.१० पन्छीजन्य उद्योग व्यवसायको लागि आवश्यक उत्पादन सामाग्रीको गुणस्तर राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पुऱ्याउन नियमन तथा प्रवर्द्धन गर्ने कार्यलाई प्रभावकारी बनाईने छ ।

९.१.११ पन्छीको माउ जाती (Parent stock) स्वदेशमा नै उत्पादन गर्न निजी क्षेत्रको लगानी आकर्षित गराईनेछ र Specific Pathogen Free अण्डाको आयात क्रमिक रूपमा प्रतिस्थापन गरिने छ ।

९.१.१२ पन्छी उद्योग व्यवसायबाट वातावरण संरक्षण गर्नुको साथै Bio-security प्रदान गर्न तोकिएको मापदण्डको आधारमा निश्चित क्षेत्रलाई रोग मुक्त क्षेत्र घोषणा गरिने छ ।

९.१.१३ कुखुराको विभिन्न प्रजातीको दैविक छनौट (Random sampling) बिधिवाट अध्ययन र अनुसन्धान गरी उत्पादन क्षमताको नतिजा कृषकहरूमा सुसूचित गरिनेछ ।

९.१.१४ सीमा पारीबाट आयात हुने पन्छीजन्य पदार्थको साथै रोग ब्याधि भित्रिन नपाउनको लागि पशु क्वारेन्टाईनलाई सुदृढ बनाईनेछ ।

९.२ पन्छी व्यवसाय तथा उद्योगेगसगंग सम्बन्धित उपकरण तथा कच्चा पदार्थर्कको उत्पादन तथा विकास स्वदेशेशमै गरी उद्योगेगहरूमा लगानी प्रवाह गर्नें अनुकूल वातावरण बनाईने छ ।

९.२.१ सरकारी निकाय, निजी उद्यमी, संघ/संस्था तथा स्थानीय निकायको समेत सहकार्यमा पन्छी बजार सूचना प्रणालीको स्थापना तथा विकास गरिने छ ।

९.२.२ पन्छी क्षेत्रसँग सम्बन्धित रोग प्रकोपको अन्वेषण, अनुसन्धान, सर्भिलेन्स, नियन्त्रण र निराकरण गर्न निजी तथा सरकारी निकायहरूको समन्वयमा कार्यविधि निर्धारण गरी सेवा टेवा पुऱ्याउन प्रयोगशालाहरूको सुदृढिकरण गरिने छ ।

९.२.३ सम्बन्धित व्यवसायी, उद्यमी तथा स्थानीय निकायहरूको समन्वयमा पन्छी तथा पन्छीजन्य पदार्थहरूको ढुवानी तथा विक्री वितरण प्रणालीलाई व्यवस्थित गरिने छ ।

९.२.४ मासु तथा फुलको वर्गीकरण, लेभलिङ र गुणस्तर प्रमाणिकरण गर्ने व्यवस्था मिलाईने छ ।

९.२.५ कच्चा पदार्थको आपूर्ति सहज बनाई पन्छीपालन ब्यवसायको लागत कम गर्न तथा प्रतिस्पर्धी बनाउन स्वदेशमा नै उत्पादन गर्न सकिने मकै, भट्मास, सुर्यमुखी आदीको कृषि विभागसंगको समन्वयमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

९.३ पन्छी तथा पन्छीजन्य व्यवसायलाई उच्च प्राथमिकता प्राप्त कृषि उद्योगको मान्यता प्रद्रदान गरिने छ र सोही बमोजिम सुविधा प्रदान गरिनेछ ।

९.४ निजी क्षेत्र, संघ/संस्था र स्थानीय निकायको सहभागिता र समन्वयमा पन्छी व्यवसाय क्षेत्रमा आवश्यक पूर्वाधार जस्तै

वजारस्थल, वधशाला, प्रशोधन केन्द्र, प्रयोगशाला आदिको विस्तार गरिने छ ।

९.४.१ भौतिक पूर्वाधार विकास भएका क्षेत्रहरूमा व्यवसायिक स्तरमा फुल, मासु उत्पादन तथा उद्योग व्यवसाय संचालन गर्न प्रोत्साहित गरिने छ ।

९.४.२ पन्छी तथा पन्छीजन्य पदार्थको व्यापारिक केन्द्र (Commercial Market Centre) र निर्यात प्रशोधन केन्द्र (Export Processing Zone) क्षेत्रगत रूपमा स्थापना गर्न ब्यापारीक तथा निर्यात प्रशोधन केन्द्र स्थापनाको लागि आर्थिक तथा प्राबिधिक सहयोग उपलब्ध गराइनेछ ।

९.४.३ निश्चित मापदण्ड तयार गरी स्थानीय निकाय लगायत निजी क्षेत्रलाई बधशाला तथा मासु प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिने छ ।

९.५ आन्तरिक तथा विश्व बजारमा पन्छी तथा पन्छीजन्य वस्तुहरूको पहूंच बढाउन तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता विकास भएका क्षेत्रहरूको पहिचान गरी पन्छीपालन तथा प्रशोधन उद्योग स्थापना एवं विस्तार गरिनेछ ।

९.६ भौगोलिक क्षत्र अनुसार हावापानी सुहाउंदो सम्भाव्य क्षेत्रहरूमा प्राङ्गारिक उत्पादन (Organic production) लाई प्रोत्साहित गरिने छ ।

९.६.१ व्यवसायिक रूपमा प्रांगारिक उत्पादन गर्ने व्यवसायीलाई व्यवसायिक योजनाको आधारमा कार्यविधि बनाई नेपाल सरकारले तोके वमोजिम अनुदान उपलव्ध गराईनेछ । यस्तो व्यवसायको प्रवर्द्धनको लागि प्राविधिक सेवा टेवाको प्याकेज उपलव्ध गराईने छ ।

९.६.२ राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसंग आवद्ध गर्न आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने र आधुनिक बजार सूचना पद्दतिको उपयोग गरी प्रांङ्गारिक उत्पादनको वजार पहुंच बढाइने छ ।

९.७ मासु तथा फुलको गुणस्तर कायम राख्न, व्यवसायिक कुखुरापालन एवं पन्छीजन्य उद्योगलाई प्रोत्साहन गर्नको लागि व्याजमा अनुदान, उद्योगलाई आवश्यक पर्ने मेशिनरी पार्टपूर्जा तथा उपकरण एवं ढुवानीका साधनहरुको आयात तथा खरिदमा भन्सार तथा कर छुट, विद्युत महशुलमा छुट सम्वन्धि व्यवस्था मौजुदा नीति, ऐन नियम अनुसार साथै वार्षिक वजेट बक्तब्य अनुसार उपलव्ध गरिनेछ ।

**१०. संस्थागत संरचनाः**

१०.१ निजी सरकारी साझेदारी (Public Private Partnership) एवं सहकारीको अबधारणा अनुसार पन्छी ब्यवसाय विकास गर्न पन्छीपालन निर्देशक समिति गठन गर्न सकिने छ ।

१०.२ पन्छीपालन निर्देशक समितिको सिफारिसमा पन्छी नीतिमा आवश्यकता अनुसार समय सापेक्ष परिमार्जन गर्न सकिनेछ ।

**११. आर्थिक दायित्वः**

११.१ सरकारी, निजी क्षेत्र सहकार्यको अवधारणामा निर्देशक समितिको गठन हुने भएकोले सरकारी क्षेत्रमा मात्रै दायित्व नपर्ने गरि निजी क्षेत्रबाट पनि समिति संचालनको लागि लागत व्यहोरिने छ ।

११.२ सरकारी क्षेत्रबाट दिइने सहुलियतलाई बार्षिक कार्यक्रममा समावेश गरी प्रदान गर्ने हुंदा असिमित दायित्व श्रृजना नहुने ।

**१२. कानूनी व्यवस्थाः**

यस नीतिमा उल्लेखित अधिकांश प्रावधान सरकारी निर्णयबाट कार्यान्वयन गर्न सकिनेछन् । विद्यमान दाना ऐन २०३३, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा संशोधन गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।

**१३. अनुगमन तथा मूल्याङ्कनः**

१३.१ समितिको अग्रसरतामा सम्बद्ध सरोकारवालाहरूको सहभागिता सुनिश्चितता हुने गरी सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन विधि अवलम्बन गरिने छ

१३.२ पशु सेवा विभाग र अन्तर्गतका निकायहरूले यो नीतिको कार्यान्वयन तथा अनुगमनमा प्रत्यक्ष रूपमा समन्वयकर्ताको भूमिका निर्वाह गर्नेछन् ।

१३.३ यस नीतिको अख्तियार गर्दा राष्ट्रिय कृषि नीति, २०६१ तथा कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ संग नबाझिने गरि कार्यान्वयन गरिने छ । बाझिएको हदसम्म राष्ट्रिय कृषि नीति, २०६१ तथा कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ अनुसार नै हुनेछ ।

**१४. जोखिमः**

यस नीतिको प्रभावकारी कार्यान्वयनबाट वातावरण संरक्षण तथा जनस्वास्थ्यमा अनुकूल प्रभाव पर्ने हुंदा कुनै जोखिम बढ्न जाने छैन ।

# खर्क नीति, २०६८

## (Rangeland Policy, 2012)

## (नेपाल सरकारबाट स्वीकृत मितिः २०६८/१२/२८)

### १. पृष्ठभूमि

प्राकृतिक चरन क्षेत्र, घाँसे मैदान एवं झाडी वुट्यान क्षेत्र समेटिएको 'खर्क'* उपयोगको इतिहास मानव सृष्टि र सभ्यताको विकास संग जोडिएको छ । खर्क स्थानीय समुदायको जीविकोपार्जन, राष्ट्रको आर्थिक विकासको आधार स्तम्भ र जैविक विविधताको भण्डार पनि हो । नेपालको कुल भू–भागको करिब २२.६ % क्षेत्रफल खर्क क्षेत्रले ओगटेको छ । जुन उच्च, मध्य र तल्लो पहाडी भागमा छरिएर रहेको छ । जडीवुटी, वन्यजन्तुको वासस्थान, घरपालुवा जनावरहरुको जीवन धान्ने श्रोत, नदीनालाको पानीको श्रोत, मनोरम भू-दृश्यहरुका साथै वैज्ञानिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका यस्ता क्षेत्रहरु अनादिकाल देखिनै मानव जीवनयापनको अभिन्न अंशको रुपमा रहेका छन् । गाँउ बस्तीबाट टाढा उच्च, मध्य र तल्लो पहाडको चुरेक्षेत्रको आसपासमा रहेका यस्ता खर्क र यिनमा आश्रित स्थानीय समुदायको खस्किदो अबस्थालाई दृष्टिगत गर्दै खर्कहरुको वैज्ञानिक व्यवस्थापन, संरक्षण र उपयोग गरी दिगो विकास गर्नु अपरिहार्य भएकोले यो खर्क नीति २०६८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

### २. विगतका प्रयासहरु

उच्च पहाडी क्षेत्रका खर्कमा आश्रित समुदायलाई लक्षित गरी सन् १९५० मा मध्यमाञ्चल क्षेत्रमा याक चीज उद्योग स्थापना साथै सन् १९५० तथा १९६० को दशकमा सोही क्षेत्रमा चरन तथा पशु विकास आयोजनाहरु लागु भएको देखिन्छ । त्यस्तै, सन् १९७० तथा १९८० को दशकमा चरन तथा पशु आहारा अनुसन्धान फार्म रसुवाको स्थापना; म्याग्दी, मुस्ताङ्ग र गोरखामा संचालित श्रोत संरक्षण एवं उपयोग आयोजना, दोलखा र सिन्धुपाल्चोकमा संचालित चरन विकास कार्यक्रम, उच्च पहाडी क्षेत्र लक्षित उत्तरी भेग चरन

* खर्क भन्नाले प्राकृतिक चरन क्षेत्र, घासे मैदान एवं झाडी बुट्यान क्षेत्र (shrubland) समेतलाई वुझाउंदछ ।

विकास कार्यक्रम, विगत १५ बर्ष देखि संचालनमा रहेको पहाडी कवुलियती वन तथा पशु विकास कार्यक्रम, सोलुखुम्वुको टाकसिन्दुमा स्थापना भएको चिज उद्योग र स्याङ्गवोचेको पशु विकास फार्मवाट समेत खर्क विकासमा केही योगदान पुगेको छ ।

जैविक विविधता महासन्धि (Convention on Biological Diversity, 1992) अनुरुप तर्जुमा गरिएको राष्ट्रिय जैविक विविधता रणनीति, २०५९ (NBS, 2002), नेपालको जैविक विविधताको संरक्षण र उपयोग एवं खर्कको दिगो विकास समेटिएको दस्तावेज हो । सोही रणनीतिको आधारमा तयार भएको राष्ट्रिय जैविक विविधता रणनीति कार्यान्वयन योजना, २०६३ ले पनि खर्क नीतिको तर्जुमा एवं कार्यान्वयनलाई प्राथमिकता दिएको छ । नेपाल पक्ष रहेको उक्त महासन्धि र नेपाल सरकारद्वारा कार्यान्वयनमा ल्याइएको राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ र कृषि जैविक विविधता नीति, २०६३ ले खाद्य तथा कृषिजन्य आनुवांशिक श्रोत, पदार्थ तथा स्थानीय ज्ञान, सीप आदिको संरक्षण, उपयोग र लाभको न्यायोचित वाँडफाँड गरी वर्तमान र भावि पुस्ताको खाद्य सुरक्षा एवं गरिवी न्यूनीकरण गर्ने परिकल्पना गरेको छ । जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१ ले पनि खर्कजन्य जडिवुटी र गैरकाष्ठ वन पैदावरको दिगो व्यवस्थापनको विविध पक्षहरु समेटको छ । चरन खर्कहरुलाई किपट, मुखिया, तालुकदारको नियन्त्रणवाट मुक्त गरी स्थानीय निकायहरु मार्फत पशुहरुको चरिचरनका लागि मात्र प्रयोग गर्ने व्यवस्था चरन खर्क राष्ट्रियकरण ऐन २०३० मा गरिएता पनि देशका केही भागमा किपट प्रथा यद्यपी रहिरहेको देखिन्छ । यस ऐनले स्थानीय गाउँ विकास समितिहरुलाई चरन क्षेत्रको संरक्षण एवं संवर्द्धनको जिम्मेवारी समेत दिएको छ ।

## ३. वर्तमान स्थिति

कुल ३३ लाख हेक्टर खर्क मध्ये करिव ८० प्रतिशत खर्क उच्च पहाडी तथा हिमाली क्षेत्रमा नै रहेको छ (NBS, 2002)। त्यसमा पनि अधिकांश खर्क मध्य-पश्चिमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्रमा रहेको पाईन्छ । देश भित्रका संरक्षित क्षेत्र* हरुमा रहेको कुल खर्कको करीव २७ प्रतिशत (NBS, 2002) भू-भाग समेत निकुञ्ज आसपासका समुदाय, अव्यवस्थित चरीचरन र वढदो पर्यटन व्यवसायको कारण जोखिममा छ । चरन प्रयोजनका साथै खर्कहरु हजारौ जीवजन्तु, वनस्पती, जडिवुटी आदि जैविक विविधिताका भण्डार पनि हुन् । यो

* संरक्षित क्षेत्र भन्नाले राष्टिय निकुञ्ज, बन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र र मध्यबर्ती क्षेत्रलाई जनाँउदछ ।

क्षेत्रमा यार्सागुम्वा जस्ता बहुमुल्य जडिवुटी पाइने हुँदा समय समयमा स्वामित्व र व्यवस्थापन विवादका कारण मानवीय क्षति समेत हुने गरेको छ । विषम भौगोलिक अवस्थिति, कमजोर व्यवस्थापन, मानिस तथा पशुहरुको वढ्दो चापका कारण खर्कहरुको अवस्था दिनानुदिन खस्कंदो छ ।

खर्कहरुमा उत्पादन हुने घाँस मध्ये केवल ३७ प्रतिशत मात्रै पशुहरुले उपयोग गर्न पाएका छन् । खर्कहरुको अवस्था हेरी घाँसको उत्पादन ०.६५ देखि ३.६० मे.टन. सुख्खा पदार्थ प्रति हेक्टर प्रति बर्ष रहेको छ । लेकाली वाहेक अरु सवै खर्कहरुमा पशुहरुको अत्यधिक चाप रहेको अध्ययनवाट पुष्टि भईसकेको छ । स्थानीय समुदायहरुले आफ्ना पशुहरु खर्कहरुमा सामूहिक रुपमा चरीचरन गराउने गरे पनि खर्कहरुको स्वामित्व सरकारमा रहेको तर उपभोक्ता स्थानीय समुदायबाट हुने गरेकोले खर्क व्यवस्थापनको अन्यौल कायमै छ । पशुहरुको चरीचरन वापत चर्को शुल्क लिइने गरेको पनि पाइएको छ ।

## ४. समस्या तथा चूनौतीहरु

वढ्दो जनसंख्या, भू-क्षय, अव्यवस्थित चरीचरन, डढेलो र खोरीया फँडानीका कारण खास गरी हिमाली क्षेत्रमा अवस्थित जैविक विविधतामा निकै क्षति पुगेको छ भने खर्कहरुको क्षेत्रफल तथा उत्पादन पनि क्रमिक रुपमा घट्दै गएको छ । खर्क व्यवस्थापनमा परम्परागत संस्था, विधि र तौर तरिकाहरु मासिंदै गएको तथा वैज्ञानिक विधि र प्रकृया अवलम्वन नभईसकेको अवस्थामा तीनको दिगो व्यवस्थापन निकै चूनौतीपूर्ण देखिएको छ । संस्थागत सञ्जाल एवं खर्क सम्वन्धि अनुसन्धान तथा दक्षताको अभाव, खर्क विकास तथा व्यवस्थापनमा हुने गरेको अपर्याप्त आर्थिक लगानी, भौगोलिक विकटता र अपर्याप्त जनशक्ती आदि कारणले गर्दा पनि खर्क विकास तथा व्यवस्थापनले गति लिन सकेको छैन । साथै जलवायु परिवर्तनका कारण विश्व तापमानको वृद्धिवाट भईरहेको असरबाट खर्कहरुको उत्पादन तथा उत्पादकत्वमा ह्रास आएको छ । साथै ग्रामिण बसोबास नजिक सार्वजनिक घाँसे मैदान वा चरीचरन क्षेत्र अति चरीचरण, चौतर्फी अतिक्रमण, र मिचाहा (invasive) वा चाहना नभएका प्रजाती फैलावट पनि समस्याको रुपमा रहेको छ । खर्कहरुको विषम अवस्थिति, खर्क व्यवस्थापनका लागि श्रोत अभाव, खर्कजन्य श्रोत*हरुको अनियन्त्रित दोहन, प्रणाली (Ecosystem) समेतलाई वुझाउंदछ । खर्कहरुको व्यबस्थापन स्वामित्वको अस्पटता, खर्क व्यवस्थापन सम्वन्धि प्रविधि विकास तथा प्रसारको सिमितता, खर्क विकास

* खर्कजन्य श्रोत भन्नाले सामान्यतया खर्कहरुमा भएका घांस, जडिवुटी, गैरकाष्ट वन पैदावार, जलश्रोत, जीवजन्तुहरु र परिस्थितिकिय

राष्ट्रिय प्राथमिकतामा नपर्नु, खर्क विकासमा सम्वद्ध समुदाय एवं सरोकारवालाहरुको संस्थागत सञ्जालको अभाव आदि खर्क व्यवस्थापनका चुनौतीहरु हुन् ।

## ५. नयाँ नीतिको आवश्यकता

उच्च तथा मध्य पहाडी क्षेत्रको जीविकोपार्जनको आधार पशुपालन र पशुपालनको आधार नै खर्क रहेकोले खर्कको उचित व्यवस्थापनबाट त्यस क्षेत्रका वासिन्दाको जीविकोपार्जन तथा खाद्य सुरक्षामा सुधार ल्याउन, बसाई सराईको क्रम एवं जलवायु परिवर्तनको असर न्यूनीकरणमा समेत सहयोग पुग्ने देखिन्छ । तर पनि नीतिको अभावका कारण सो हुन सकेको छैन । खर्कहरुमा रहेका प्राकृतिक जडिबुटी तथा अन्य गैरकाष्ठजन्य स्रोतहरुको अनियन्त्रित दोहन एवं अव्यवस्थित पशु चरीचरनका कारण खर्कहरुको उत्पादकत्व तथा खर्कजन्य जैविक विविधतामा आएको ह्रास कम गर्न, वातावरण विनास र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग पुऱ्याउन, खर्कहरुले कार्वन संचितीकरण (Carbon sequestration) मा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्न, उद्यमशिलताको विकास गरी पर्यटन प्रवर्द्धन गर्न, खर्कजन्य श्रोतमा आधारित उद्यमहरुको विकास गर्न, परम्परागत ज्ञान, सिप, प्रविधि तथा आनुवांशिक स्रोतको उचित संरक्षण गर्ने कार्यलाई स्पष्ट दिशा निर्देश गर्न खर्क नीतिको आवश्यकता महसुस गरीएको हो ।

## ६. दृष्टिकोण (Vision)

खर्कहरुमा आश्रित समुदायको जिविकोपार्जनमा सुधार ल्याई राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने ।

## ७. परिदृश्य (Mission)

पर्यावरण संरक्षण र खर्कहरुमा आश्रित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन खर्कहरुको दिगो संरक्षण र प्रवर्द्धन गर्ने ।

## ८. लक्ष्य (Goal)

खर्कहरुको दिगो व्यवस्थापनको लागि समुदायको सहभागितामा परम्परागत ज्ञान, प्रविधि र सीपको उपयोग गर्दै वातावरण मैत्री प्रविधिहरु अपनाई वैज्ञानिक विधि र व्यवस्थापन पद्धति अवलम्वन गर्ने ।

## ९. उद्देश्यहरु (Objectives)

९.१ खर्कहरुको स्तरोन्नति गरी उत्पादकत्व वृद्धि गर्ने ।

९.२ खर्कमा आधारित उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्ने ।

९.३ खर्कहरुको जैविक विविधताको संरक्षण, सम्वर्धन एवं दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने ।

## १०. नीति

### १०.१ खर्कहरुको स्तरोन्नति गरी उत्पादकत्व वृद्धि गर्ने :

१०.१.१ खर्कहरुको संरक्षण, संवर्द्धन तथा उपयोगको अधिकार एवं जिम्मेवारी स्थानीय समुदायलाई प्रदान गर्न आवश्यक कानूनी व्यवस्था गर्ने ।

१०.१.२ खर्कको गुणस्तरमा ह्रास आउन नदिन उत्पादन स्तर एवं क्षमता अनुसार चरिचरन गर्ने व्यवस्था मिलाउने ।

१०.१.३ संरक्षित क्षेत्रहरु लगायतका सरोकारवाला निकायहरुसंग समन्वय गरी चरन विकास तथा खर्क व्यवस्थापन कार्य व्यवस्थित गर्ने ।

१०.१.४ सामुदायिक वन क्षेत्र भित्र परम्परागत रुपमा चरन क्षेत्रको रुपमा उपयोग हुंदै आएका खर्कहरुमा पशुपालक कृषकहरुले प्रयोग गर्दै आईरहेका सुविधाहरुको संरक्षण गर्ने ।

१०.१.५ अन्तराष्ट्रिय, राष्ट्रिय, तथा स्थानीय स्तरमा विकसित प्रबिधिहरुको खोजी गरी सोको प्रयोग गर्ने व्यवस्था मिलाउने ।

१०.१.६ खर्क क्षेत्रमा नियमित अध्ययन अनुसन्धानलाई प्राथमिकता दिई खर्कजन्य स्रोतहरुसंग सम्वन्धित प्रविधि विकास र परीक्षणमा जोड दिने ।

१०.१.७ स्थानीय क्षेत्रमा कार्यरत कृषि, पशुपालन, बन र सम्वन्धित अन्य उपभोक्ता समुहहरुको सहभागितामा खर्कहरुको पूर्वाधार विकास गर्ने ।

१०.१.८ छिमेकी मुलुकहरुसंगको विद्यमान चरन सम्झौताको नविकरण प्रकृयालाई सरलीकृत गर्ने व्यवस्था मिलाउने ।

१०.१.९ हिउँद तथा सुख्खा याममा हुने पशु आहाराको अभाव न्यूनिकरण गर्न बर्षातको समयमा उपलब्ध हरियो घाँसको संकलन र संरक्षण गर्ने व्यवस्था मिलाउने ।

१०.१.१० जडीबुटी एवं गैरकाष्ट वन पैदावारको उपलब्धताको अध्ययन गरी कुनै खास खर्क क्षेत्रलाई “जडीबुटी क्षेत्र” तोक्ने र त्यस्ता जडीबुटीको विकास, ब्यवस्थापन र संरक्षण सम्बन्धी कार्यक्रमहरु स्थानीय निकाय, समुदाय तथा अन्य सरोकारवालाहरुको सहभागितामा सघन रुपमा संचालन गर्ने ।

१०.१.११ घाँसको बीउ, पशुजन्य पदार्थहरु, जडीबुटी र गैरकाष्ठ वन पैदावार आदिको उत्पादन, संकलन र प्रशोधन बारे उत्पादक तथा उपभोक्ता लगायत अन्य सरोकारवालाहरुको चेतना अभिवृद्धि गर्ने ।

१०.१.१२ भिरालो सतहमा रहेका खर्कहरुमा हुने गरेको भू-क्षय नियन्त्रण गर्न उपयुक्त प्रविधि अवलम्वन गर्ने ।

१०.१.१३ भू-उपयोग नक्शाको आधारमा विद्यमान खर्कहरुको क्षेत्रफल तथा उत्पादकत्व एकीन गर्नुका साथै खर्क विकास तथा व्यवस्थापन योजना वनाई कार्यान्वयन गर्ने ।

१०.१.१४ प्राकृतिक प्रकोप (डढेलो, सुख्खा, वाढी, पहिरो, हिमपात आदि) बाट खर्क तथा त्यसमा आश्रित व्यवसायमा हुने जोखिम न्यूनिकरण गर्ने तथा क्षति भएमा राहतको व्यवस्था मिलाउने ।

**१०.२ खर्कमा आधारित उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्ने:**

१०.२.१ खर्कजन्य उत्पादनहरुको स्थानीय स्तरमा नै उद्यम प्रवर्द्धन र मूल्य अभिवृद्धि (Value addition) गर्न तथा खर्कमा आधारित उत्पादनहरुको निकासी वृद्धि गर्न पूर्वाधारहरुको विकास तथा समुदायको क्षमता अभिवृद्धि गर्ने । खर्कजन्य उत्पादनलाई मूल्य श्रृंखला (Value Chain) संग आवद्ध गराई प्राङ्गारिक वस्तुहरुको उत्पादनलाई वढावा दिने ।

१०.२.२ भरपर्दो बजार सूचना प्रणाली एवं खर्क सम्वद्ध व्यवसायी तथा सरोकारवालाहरुको सञ्जाल मार्फत खर्कजन्य उत्पादनहरुको बजार विकास तथा विस्तार गर्ने ।

१०.२.३ खर्कमा आश्रित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता स-साना पूर्वाधार विकासका लागि समुदायको अग्रसरतामा खर्क विकासका कार्यक्रमहरु संचालन गर्न सहयोग गर्ने । यसको लागि खर्क विकास तथा राहत कोषको स्थापना गर्ने ।

१०.२.४ निश्चित खर्कहरुमा नमुना पर्यटन स्थलहरु विकास गरी स्थानीय उत्पादनमा आधारित पर्यापर्यटन (Eco-tourism) प्रवर्द्धन गर्ने । पर्यापर्यटनको प्रवर्द्धन गर्दा स्थानीय जनसमुदाय एवं विपन्न वर्गलाई फाईदा पुग्ने गरी गरिने ।

१०.२.५ वास्तविक उपभोक्तालाई नै खर्कको व्यवस्थापन (संरक्षण, उत्पादन, सदुपयोग) को जिम्मा लगाउने व्यवस्था मिलाउने ।

१०.२.६ उच्च पहाडी तथा हिमाली क्षेत्रमा पशुपालन र चरन खर्क व्यवस्थापन सम्वन्धि कार्यक्रमलाई राज्यका सम्बन्धित निकायहरुबाट विशेष प्राथमिकता दिई संचालन गर्ने ।

१०.२.७ खर्कजन्य उत्पादनमा आधारित उद्योगहरुको प्रवर्द्धन गरी उच्च मुल्य पर्ने मौलिक उत्पादनहरु जस्तै याक चिज, जडीबुटी, ऊन, पश्मिना आदिको प्रवर्द्धन गर्ने ।

१०.२.८ खर्क विकास तथा व्यवस्थापन सम्वन्धी दक्ष जनशक्ति विकास गर्ने व्यवस्था मिलाउने ।

१०.२.९ खर्कजन्य श्रोतहरुबाट अधिकतम लाभ लिन विदेशी संघ संस्थाहरुसंग समन्वय गरी अन्वेषणात्मक सर्भेक्षण (Bio-prospecting) गर्ने । यस्तो सर्भेक्षणबाट नेपालका जैविक स्रोतको अन्तराष्ट्रिय बजारमा ब्यवसायीकरण हुन सक्ने भएमा राष्ट्रलाई अधिकतम लाभ हुने गरी ब्यवस्था मिलाउने ।

१०.२.१० खर्कमा आधारित व्यवसायिक उद्यमलाई प्रोत्साहन गर्न व्यवसायीहरुलाई कवुलियतमा खर्क उपलब्ध गराउने व्यवस्था मिलाउने ।

१०.२.११ वैकल्पिक उर्जाको भरपर्दो व्यवस्था मिलाई खर्कजन्य उत्पादनहरुमा आधारित उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्ने ।

**१०.३ खर्कहरुको जैविक विविधताको संरक्षण, सम्वर्धन एवं दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणीय सन्तुलुलन कायम गर्न सहयोग पुऱ्याउने :**

१०.३.१ खर्कहरुमा पाईने स्थानीय जडिवुटी, घाँसपात लगायतका वनस्पतिहरु, वन्यजन्तु, स्थानीय सीप, अभ्यास, प्रविधि र उत्पादनहरुको संरक्षण एवं संवर्द्धन गर्ने ।

१०.३.२ खर्कहरुको जैविक बिविधताको संरक्षण, सम्बर्द्धन तथा प्राकृतिक श्रोत र साधनको समुचित तथा दिगो उपयोगको व्यवस्था मिलाउने र त्यस्ता वस्तुहरुलाई वौद्धिक सम्पत्ति अधिकार कानुनको परिधि भित्र ल्याई तिनीहरुको संरक्षणलाई वढावा दिने ।

१०.३.३ खर्कमा रहेका जैविक बिविधता र आनुवांशिक भिन्नताको अध्ययन गरी सोको अभिलेख तयार पार्ने तथा नियमित रुपमा अध्यावधिक गर्दै लग्ने ।

१०.३.४ खर्कहरुमा विद्यमान सिमसारहरुको संरक्षण गरी दिगो उपयोगको व्यवस्था मिलाउने ।

१०.३.५ स्व-स्थानीय (In-situ) र पर-स्थानीय (Ex-situ) दुवै पद्धतिद्वारा दुर्लभ तथा लोपोन्मुख खर्कजन्य श्रोतहरुको संरक्षण गर्ने ।

१०.३.६ संरक्षित क्षेत्र आसपासका समुदायहरुलाई आय आर्जनका वैकल्पिक उपायहरु अवलम्वन गर्न सहयोग पुऱ्याई सो क्षेत्रमा भूमि माथि हुने चापलाई कम गर्ने ।

१०.३.७ खर्कहरुले कार्वन संचितीकरणमा पुऱ्याएको योगदानवारे अनुसन्धान गरी त्यसको परीणामलाई कार्यान्वयनमा ल्याउने ।

१०.३.८ खर्कहरुले देशको आर्थिक, सामाजिक तथा पर्यावरणीय क्षेत्रमा पुऱ्याएको योगदानहरु वारे अनुसन्धान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिष्ठान संग समन्वय गरि कार्यान्वयनमा ल्याउने ।

१०.३.९ यस क्षेत्रमा अध्ययन तथा अनुसन्धान कर्तालाई प्रोत्साहित गर्न चरिचरन क्षेत्रमा वातावरण प्रेमी (Eco-friendly) आश्रयस्थल व्यवस्थापन गर्न निजि क्षेत्रलाई सहभागि गराउने ।

## ११. रणनीति तथा कार्यनीति :

११.१ ठूलो हिमपात, हिम पहिरो, आगलागी जस्ता प्राकृतिक विपत्तिको कारण खर्क, खर्कजन्य श्रोत एवं सो मा आश्रित समुदायहरुमा आईपर्ने जोखिम न्यूनीकरणका लागि आवश्यक कार्यक्रम गर्ने । नोक्सानीको परिमाणको आधारमा जिल्ला दैवी प्रकोप समितिवाट क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था मिलाउने । जोखिममा रहेका पशुधनको सुरक्षार्थ राहत पुऱ्याउन स्थानीय समुदाय तथा संघ संस्थाहरुको अग्रसरतामा 'Fodder Bank*' स्थापना गरी परिचालनको व्यवस्था गर्ने ।

११.२ छिमेकी मुलुकका सीमा क्षेत्रका प्रशासकहरुसंग नियमित छलफल गरी खर्क संग सम्वन्धित समस्याहरु समाधान गर्ने व्यवस्था मिलाउने ।

११.३ संरक्षित क्षेत्र लगायत अन्य क्षेत्रहरुमा संचालित पर्यटन, जडिवुटी संकलन, पदयात्रा (ट्रेकिङ्ग) आदि व्यवसायवाट उठाईने गरेको शुल्क र स्थानीय तथा केन्द्र सरकार एवं दातृ निकायहरुवाट प्राप्त सहयोग खर्क विकास तथा राहत कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने । कोष संचालन निर्देशिका तयार गरी निर्देशिका अनुरुप उक्त कोष परीचालन गर्ने ।

११.४ समुदायको अग्रसरतामा खर्क विकास गरी खर्कजन्य उत्पादनवाट उच्चतम सामुहिक लाभ हासिल गर्न कृषक समुह/सहकारी संस्थाको स्थापना र विकासलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने । यस्ता संस्थाहरुलाई वित्तीय संस्थाहरु मार्फत सुलभ रुपमा कर्जा प्रवाह गर्ने ब्यवस्था मिलाउने ।

११.५ सामुदायिक एवं कबुलियती वनक्षेत्र भित्र खर्क विकासलाई बढावा दिन वन कार्य योजनामा खर्क ब्यवस्थापनलाई समावेश गर्ने र सम्बन्धित वन उपभोक्ता समूहहरुलाई आवश्यक प्राविधिक ज्ञान, सीप, तालीम उपलब्ध गराउने ।

११.६ खर्कजन्य उत्पादन, संकलन, उपयोग एवं ब्यवस्थापन कार्यमा विद्यमान परम्परागत पद्धति र प्रविधिहरुमा सामयिक सुधार

* Fodder Bank भन्नाले भूई घाँस, डाले घाँस, हे, पराल, यूरीया, मोलासेस व्लक (UMB) को संचितिलाई जनाउंदछ ।

गर्नुको साथै आधुनिक प्रविधिको विकास र विस्तारमा जोड दिने ।

११.७ वन्यजन्तु एवं घरपालुवा जनावरहरुको साझा र परम्परागत चरिचरनका कारण चरनमा हुने प्रतिस्पर्धालाई न्यून गर्न खर्कहरुको क्षमताको आधारमा पशु घनत्व (Stocking Density) निर्धारण गर्ने व्यवस्था मिलाउने ।

११.८ स्थानीय निकाय एवं समुदायको सहभागितामा चरन खर्कहरुमा आवश्यक भौतिक पूर्वाधार (घोरेटो, गोरेटो, पिउने पानी, आश्रय स्थल आदि) को व्यवस्था गर्ने ।

११.९ नेपाल कृषि अनुसन्धान परिषद, वन अनुसन्धान तथा सर्भेक्षण विभाग, बनस्पति बिभाग एवं सम्वन्धित राष्ट्रिय एवं अन्तराष्ट्रिय शैक्षिक संघ संस्थाहरुको सहयोगमा खर्क सम्वन्धि अनुसन्धान जारी राख्ने ।

११.१० स्थानीय स्तरमा उपलब्ध पोषिलो घाँसपातहरुको विज वृद्धि एवं नर्सरी स्थापनामा सहयोग पुऱ्याई पुनःरोपण तथा ब्यवस्थापन गर्ने व्यवस्था मिलाउने । साथै चरिचरन एवं घाँस उत्पादनमा सहयोग पुऱ्याउन घाँसको विउ उत्पादन, संरक्षण, संकलन, भण्डारण, वितरण र पुनःरोपण गर्ने व्यवस्था मिलाउने ।

११.११ खर्कमा आश्रित समुदायको लागि वैकल्पिक उर्जाको भरपर्दो व्यवस्था मिलाउन स्थान विशेषको संभाव्यताको आधारमा सरोकारवालाहरुसँग समन्वय गरी अनुदानको व्यवस्था मिलाउने ।

११.१२ खर्क तथा खर्कजन्य उत्पादनहरुको बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनारी गराउन विदेशस्थित कूटनीतिक नियोगहरु व्यापारिक संघ संगठनहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था समेतको सहयोगमा प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

११.१३ स्थानीय समुदाय तथा स्थानीय निकायको क्षमता अभिवृद्धि गरी खर्कजन्य उत्पादनहरुको प्रवर्द्धन एवं बजारीकरणमा संलग्न गराउने ।

११.१४ सूचना केन्द्रहरुको सञ्जाल खडा गरी खर्कसंग सम्वन्धित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सूचनाहरु उत्पादक, संकलनकर्ता, प्रशोधनकर्ता तथा निर्यातकर्ताहरुलाई उपलब्ध गराउने ।

११.१५ प्रचलित कानुन वमोजिम खर्कजन्य उत्पादनहरुको प्रमाणीकरणको उपयुक्त व्यवस्था मिलाउने ।

११.१६ खर्क विकास तथा खर्कजन्य श्रोतहरुको उत्पादन, संकलन, प्रशोधन र बजार ब्यवस्थापनको लागि आवश्यक पर्ने दक्ष एवं प्राविधिक जनशक्तिको सहज र भरपर्दो आपूर्तिको ब्यवस्था मिलाउने ।

११.१७ खर्क जग्गाको एकीन गरि जग्गा (नाप जाँच) ऐन, २०१९ वमोजिम कित्ता नापी गरि खर्कहरुको अभिलेख व्यवस्थित गर्ने र नयाँ खर्कहरुमा पहुंच बढाई उपयोगको व्यवस्था मिलाउने ।

११.१८ ग्रामीण पर्यटन प्रवर्द्धन, पार्क स्थापना र ब्यवस्थापन, होटल तथा पदयात्रामार्गको बिकास र ब्यवस्थापन गरी खर्कमा आधारित पर्यटन बिकासमा जोड दिने ।

११.१९ घाँसपात र वनस्पतिको जैविक विविधता एवं परिस्थितिकीय प्रणाली (Ecosystem) उत्पादकत्व अध्ययनका लागि देशका विभिन्न भौगोलिक क्षेत्रमा स्थायी प्रदर्शन स्थलहरु स्थापना गर्ने ।

११.२० अन्तराष्ट्रिय बजार लक्षित गलैंचा एवं च्यांग्रा पशिमनाको व्यापारलाई वढावा दिन उपयुक्त क्षेत्रहरुमा विशेष भेडा तथा च्याँग्रापालन कार्यक्रम अन्तर्गत चरन व्यवस्थापनलाई गर्ने ।

११.२१ पशुपालन, साना उद्यम संचालन एवं चरन विकास गर्न ईच्छुक स्थानीय समुदायको लागि प्रारम्भिक चरणको लागि अनुदानमा प्रजननका लागि भाले, उद्यम संचालनका लागि सुलभ रुपमा ऋण प्रवाह एवं निःशुल्क रुपमा घाँसको वीउ र प्राविधिक सेवा टेवा पुऱ्याउने ।

११.२२ खर्कमा आधारित पर्यटन प्रवद्धनको लागि खर्कमा आश्रित समुदायको क्षमता अभिवृद्धि गर्दै खर्कजन्य उत्पादनको प्रशोधन, संकलन, भण्डारण र वजारिकरणमा टेवा पुऱ्याउने ।

११.२३ पशु चरिचरणलाई व्यवस्थित गरी (घुम्ती प्रणाली, वढुवा प्रणाली र मिश्रित पशुपालन प्रणाली) खर्कको उत्पादकत्वमा ह्रास आउन नदिने । खर्कको प्रयोग वापत शुल्क लगाउने । खर्कमा आश्रित अनुत्पादक पशुहरुको संख्या क्रमशः कम गरी उत्पादनशिल पशुपालनमा जोड दिने ।

११.२४ उपभोक्ता एवं सरोकारवालाहरुको सहभागितामा खर्कहरुको जैविक विविधता संरक्षण गर्ने साथै वाह्य प्रजातिहरु भित्र्याउंदा कुनै सानो क्षेत्रमा परीक्षण गरी सफल क्षेत्रमा मात्र भित्राउने ।

११.२५ खर्कको नियमित व्यवस्थापन मार्फत मिचाहा प्रजातिका वनस्पतिहरु नियन्त्रण गर्दै लग्ने ।

११.२६ वहुमूल्य खर्कजन्य उत्पादनहरुको Germplasm Gene Bank मा संरक्षण एवं In-situ र Exsitu Conservation गर्ने । साथै त्यस्ता खर्कजन्य उत्पादनहरुको Intellectual Property Right/ Patent Rights सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

११.२७ नेपालमा उपलब्ध जडीबुटीहरुको वैज्ञानिक खेती, भण्डारण, प्रशोधन, सम्बेष्टन (Packaging) र सारतत्व निकाल्ने ( Extraction) जस्ता कार्यहरु गरी मूल्य अभिवृद्धि गर्ने कार्यलाई प्रोत्साहित गर्ने । यस्ता कार्यहरुमा स्थानीयस्तरमै लघु एवं मध्यमखालका उद्यमहरुको विकासमा जोड दिने र नेपाल सरकारले यस्ता कार्यहरुको लागि आवश्यक प्राविधिक एवं आर्थिक सहायता उपलब्ध गराउने ।

११.२८ खर्कहरुमा प्रचुर मात्रामा विद्यमान आनुवंशिक स्रोत (Genetic resources) र आनुवंशिक पदार्थ (Genetic materials) हरुमाथि कानूनी रुपमै हक अधिकार स्थापित गर्न र तिनीहरुको उपयोगबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडको प्रक्रियालाई ब्यवस्थित तुल्याउन आनुवांशिक स्रोत (पहुँच, उपयोग, लाभको बाँडफाँड) ऐन स्वीकृती गरी कार्यान्वयनमा ल्याउने । साथै खर्कजन्य श्रोतहरु र सो संग सम्बन्धित परम्परागत ज्ञान, सीप, खोज, प्रविधि र अभ्यास उपर सम्बन्धित व्यक्ति, समुदाय वा राज्यको बौद्धिक अधिकार स्थापित हुने गरी आवश्यक कानून तर्जुमा गरी लागू गर्ने । त्यस्ता परम्परागत् ज्ञान, सीप, अभ्यास

आदिको पञ्जीकरण गरी नेपालका आनुवांशिक सम्पदाहरुको संरक्षणमा सहयोग पुऱ्याउने ।

११.२९ खर्क विकासको क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी संघ संस्था एवं समुदायहरुको क्षमता अभिवृद्धि गर्ने आवश्यक कार्यक्रमहरु संचालन गर्ने ।

११.३० जनचेतनाका कार्यक्रमहरु मार्फत खर्क, खर्कजन्य उत्पादन, विभिन्न वनस्पतिहरु सम्वन्धि एवं जैविक विविधताबारे सर्वसाधारणलाई सुसूचित गर्ने व्यवस्था मिलाउने ।

११.३१ खर्कहरुमा विद्यमान पानी मुहान संरक्षण तथा सुधार गर्ने र खर्कहरुमा रहेका सिमसारहरुको उचित व्यवस्थापन गर्ने ।

११.३२ हाल संचालनमा रहेका खर्क क्षेत्र र भविष्यमा सम्भाव्य खर्क क्षेत्र समेतको किसिम, वनोट र वन्ने श्रोतको लेखाजोखाको आधारमा खर्क क्षेत्र निर्धारण गरि चरिचरनका लागि अनुमति दिने ।

११.३३ खर्क क्षेत्रलाई भू–उपयोगिता/भू–स्वामित्वका आधारमा वर्गिकरण गरि वर्गिकृत संरचनामा व्यवस्थापन प्रणाली अपनाईने ।

## १२. संस्थागत संरचना

खर्क व्यवस्थापनसंग सम्वन्धित निकायहरुसंग समन्वय कायम गरी नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने उद्देश्यले देहाय अनुसारको संस्थागत संरचनाहरुको व्यवस्था गरिनेछ । नीतिको कार्यान्वयनको क्रममा कार्यविधि, निर्देशिका तयारी तथा परीमार्जन गर्ने जिम्मेवारी निर्देशक समिति र व्यवस्थापन समितिको हुनेछ । खर्क विकासका कार्यक्रमहरु कार्यान्वयन गर्न स्थानीयस्तर वा समुदायस्तरका खर्क बिकास समिति खडा गर्न सकिनेछ । त्यस्तै एक भन्दा बढि जिल्लाहरु संलग्न हुने खर्कहरुको हकमा क्षेत्रीय स्तरमा आवश्यकता अनुसार समन्वय समिति गठन गर्न सकिने छ । जिल्ला समन्वय समितिले स्थानीयस्तरमा भएका सम्वन्धित अन्य सरकारी/गैह्रसरकारी संस्थाका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्ने छ ।

**निर्देशक समिति**

| | |
|---|---|
| माननीय सदस्य, कृषि तथा वन, राष्ट्रिय योजना आयोग | संयोजक |
| सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| सचिव, वातावरण मन्त्रालय | सदस्य |
| सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ | सदस्य |
| कृषक प्रतिनिधि, (खर्क संग सम्वन्धित १जना महिला सहित २ जना) | सदस्य |
| महानिर्देशक, पशु सेवा विभाग | सदस्य सचिव |

**निर्देशक समितिको कार्य क्षेत्र** :

- खर्क व्यवस्थापनसंग सम्वन्धित निकायहरुसंग समन्वय गर्ने ।
- खर्क संरक्षण तथा उपयोगको लागि छिमेकी मुलुकहरुसंग भएका सन्धि संझौताहरुलाई कार्यान्वयन तथा नविकरण गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।
- खर्क नीति कार्यान्वयन गर्न नीति, ऐन, नियममा समय सापेक्षीक परीमार्जनको लागि सिफारिस गर्ने ।
- ब्यवस्थापन समितिबाट प्राप्त प्रगतिको समीक्षा गरी आबश्यक निर्देशन दिने ।
- खर्क ब्यवस्थापनसंग सम्बन्धि क्रियाकलापहरु संचालनको लागि आवश्यक श्रोत ब्यवस्थापन गर्न समन्वय गर्ने ।
- निर्देशन समितिको बैठक कम्तिमा बर्षको तीन पटक बस्ने ।
- अन्य आई पर्ने कार्यहरु गर्ने ।

**विभागीय व्यवस्थापन समिति**

| | |
|---|---|
| महानिर्देशक, पशु सेवा विभाग | संयोजक |
| उपमहानिर्देशक, योजना तथा तालिम महाहाखा, वन विभाग | सदस्य |
| उपमहानिर्देशक, योजना, कृषि विभाग | सदस्य |
| उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग | सदस्य |
| उपमहानिर्देशक, बन अनुसन्धान तथा सर्भेक्षण विभाग | सदस्य |
| उपमहानिर्देशक, वाणिज्य विभाग | सदस्य |
| उपमहानिर्देशक, नापी विभाग | सदस्य |
| उपमहानिर्देशक, भू तथा जलाधार संरक्षण विभाग | सदस्य |
| कार्यकारी निर्देशक, कृषि उद्यम केन्द्र | सदस्य |
| प्रमुख, चरन तथा घासेवाली अनुसन्धान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| प्रतिनिधि, स्थानीय विकास मन्त्रालय | सदस्य |
| कृषक प्रतिनिधि, कार्य क्षेत्र | सदस्य |
| प्रमुख, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | सदस्य सचिव |

**विभागीय व्यवस्थापन समितिको कार्य क्षेत्र** :

- खर्क नीति २०६८ मा उल्लेख गरिएका रणनीति अनुसार कार्यक्रम संचालन कार्यविधि तथा निर्देशिका तयार गर्ने ।
- खर्क सुधार सम्बन्धि प्राविधिक जनशक्तिको दक्षता अभिबृद्धि गराउने ।
- खर्क सुधार तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सम्बन्धित निकायहरुबाट प्रस्ताव गराई सो को कार्यान्वयनमा समन्वयन गर्ने ।
- निर्देशक समितिले दिएको निर्णय र निर्देशनलाई कार्यान्वयन गर्ने गराउने ।
- खर्क व्यवस्थापनको लागि सरोकारवालाहरु वीच समन्वय गरी खर्कको संरक्षण, उपयोग र व्यवसायीकरण गर्न सहजीकरण गर्ने ।
- आवधिक र वार्षिक योजना तर्जुमा गर्ने गराउने ।

- स्थानीय र जिल्लास्तरवाट संचालन हुने कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने ।
- विभागीय व्यवस्थापन समितिको वैठकमा आवश्यकता अनुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्ने ।
- समितिको बैठक कम्तिमा बर्षको तीन पटक बस्ने ।
- निर्देशन समितिको मार्गदर्शन अनुरुपका कार्यहरु गर्ने ।

**जिल्ला समन्वय समिति**

| | |
|---|---|
| स्थानीय विकास अधिकारी, जि.वि.स.को कार्यालय | संयोजक |
| प्रमुख, जिल्ला वन कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला भूसंरक्षण कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| प्रमुख, जिल्ला नापी कार्यालय | सदस्य |
| प्रमुख, संरक्षित क्षेत्र कार्यालय | सदस्य |
| प्रमुख, महिला विकास कार्यालय | सदस्य |
| अध्यक्ष, जिल्ला उद्योग वाणिज्य संघ | सदस्य |
| कृषक प्रतिनिधि (महिला १, पुरुष १), स्थानीय स्तर खर्क विकास समिति | सदस्य |
| जिल्ला अध्यक्ष, गाउँ विकास समिति महासंघ | सदस्य |
| अध्यक्ष, मध्यवर्ती/संरक्षित क्षेत्र व्यवस्थापन समिति | सदस्य |
| अध्यक्ष, सामुदायिक वन उपभोक्ता समिति | सदस्य |
| प्रतिनिधि, गैरसरकारी संस्था | सदस्य |
| प्रमुख, जिल्ला पशु सेवा कार्यालय सदस्य | सचिव |

**जिल्ला समन्वय समितिको कार्य क्षेत्रः**

- खर्कको पहिचान, सिमाङ्कन वारे विस्तृत वस्तुस्थिति तयार गर्ने ।
- स्थानीयस्तरमा उपभोक्ता समिति गठनमा सहयोग तथा समन्वय गर्ने ।
- स्थानीय उपभोक्ता समितिवाट माग भई आएका कार्यक्रमलाई औचित्यता

र पुष्ट्याई हेरी स्वीकृति प्रदान गर्ने तथा उपभोक्ता समितिको बिधान स्वीकृत गर्ने ।

- जिल्लास्तरका सरोकारवालाहरुवीच समन्वय गरी कार्ययोजना तयार तथा कार्यान्वयन गर्न सहयोग गर्ने ।
- जिल्लास्थित सरकारी / गैरसरकारी संस्था र अन्य सरोकारवालाहरु वीच समन्वय गरी एकीकृत खर्क विकास योजना तयार गर्ने ।
- खर्क विकासको लागि आवश्यक पर्ने प्राविधिक सेवा टेवा उपलब्ध गराउन सम्बन्धीत निकायहरुसंग समन्वय गर्ने ।
- निर्देशक समिति तथा विभागिय व्यवस्थापन समितिको निर्णय र निर्देशन कार्यान्वयन गर्ने गराउने ।
- खर्क बिकास तथा ब्यवस्थापन सम्बन्धि अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण तथा रिपोर्टिङ्ग गर्ने ।
- गठन गरिएका उपभोक्ता समितिलाई कार्यक्रमको उद्येश्य / जिम्मेवारी वारे जानकारी गराउने ।
- समितिको बैठक कम्तिमा बर्षको तीन पटक बस्ने ।

**खर्क उपभोक्ता समिति** :

खर्क उपयोग गरिरहेका गाउँ बिकास समिति क्षेत्रका कृषकहरु मिलेर स्थानिय खर्क उपभोक्ता समिति गठन गर्ने र त्यस समितिमा ५ देखि ९ जना सम्मको कार्यकारिणी समिति रहनेछ । समितिले सर्वसम्मतिबाट अध्यक्ष, सचिव र कोषाध्यक्ष छनौट गर्नेछ ।

**खर्क उपभोक्ता समितिको कार्य क्षेत्र**:

- खर्क संरक्षण, उपयोग र सम्बर्द्धन सम्बन्धी कार्यहरु बारे कृषकस्तरमा जनचेतना अभिबृद्धि तथा कार्यक्रमहरु संचालन गर्ने ।
- जिल्ला समन्वय समितिको निर्देशन कार्यान्वयन गर्ने ।
- समितिको आचार संहिता र विधान वनाई जिल्ला पशु सेवा .कार्यालयमा दर्त्ता गराउने ।
- स्थानीय सरोकारवालाहरुसंग समन्वय गरी योजना तर्जुमा, श्रोत जुटाउने तथा कार्यान्वन गर्ने ।

- स्थानीयस्तरमा आबश्यकता अनुसार खर्क सुधारको लागि आवधिक तथा बार्षिक योजना तर्जुमा गरि जिल्ला समन्वय समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ।
- समितिको बैठक कम्तिमा बर्षको तीन पटक बस्ने ।

### १३. आर्थिक पक्ष

कृषि तथा सहकारी मन्त्रालय, वन तथा भू–संरक्षण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, सरकारी एवं गैह्रसरकारी निकायहरु, नीजि क्षेत्र, स्थानीय निकायको विद्यमान संरचनावाट नै उल्लेखित नीतिहरुको कार्यान्वयन हुने भएकोले नेपाल सरकारलाई ठूलो आर्थिक व्ययभार पर्ने छैन, तर पनि प्रस्तावित कार्यक्रमहरु, ऐन, नियमहरुको कार्यान्वयनको लागि भने सालवसाली रुपमा बजेट विनियोजन गरिने छ ।

### १४. कानुनी व्यवस्था

खर्कहरुको विकास तथा व्यवस्थापनका लागि ऐन नियम निर्देशिका तथा कार्यविधि तर्जुमा गरी लागु गरिने छ ।

### १५. अनुगमन र मूल्याङ्कन

निर्देशक समिति, विभागिय समिति, जिल्ला समन्वय समिति मार्फत नियमित अनुगमन, मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाईने छ ।

### १६. जोखिम

खर्क व्यवस्थापन मार्फत वातावरण तथा जैविक विविधताको दीर्घकालीन संरक्षण, लक्षित बर्गको जीवनस्तरमा सुधार आदि प्रतिफल प्राप्त हुने हुँदा यस नीतिको कार्यान्वयनबाट जोखिम हुने देखिदैन ।

# पुष्प प्रवर्द्धन नीति, २०६९
## (नेपाल सरकारबाट स्वीकृत मिति : २०६९/८/२९)

### १. पृष्ठभूमि

भौगोलिक परिवेश, जलवायु, उपलब्ध स्रोत साधन र संभावनाको आधारमा दीगो र व्यवस्थित पुष्प तथा पुष्पजन्य बस्तुको उत्पादन तथा व्यवसायिकरणको लागि पुष्प प्रवर्द्धन नीति अति आवश्यक महशुस गरिएको छ । यस नीतिको कार्यान्वयनबाट निजी क्षेत्रको सहभागिता अभिबृद्धि भई रोजगारीको अवसर सृजना हुने र आय आर्जनको साथै बैदेशिक मुद्रा समेत आर्जन हुने हुन्छ । पुष्प तथा पुष्पजन्य बस्तुको विकास तथा प्रवर्द्धन गर्न सकेमा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्नुको साथै गरिवी न्यूनीकरणमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### २. बर्तमान स्थिति

हाल नेपालका ३५ जिल्लामा लगभग ६०० भन्दा बढी कृषक घर परिवार व्याबसायिक पुष्प खेतीमा संलग्न रहि ४०,००० भन्दा बढी व्यक्ति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस ब्यवसायमा निर्भर रहेका छन् । सय भन्दा बढी कट फ्लावर थोक तथा खुद्रा बिक्रेताबाट बार्षिक झण्डै ९१ करोडको हाराहारीमा व्यावसायिक कारोबार भई रहेको छ । नेपालबाट यूरोप तथा भारत, जापान, मध्य पूर्व लगायत एसियाका अन्य देशहरुमा पुष्प तथा पुष्पजन्य बस्तुको निकासी बार्षिक रु. १९ करोड भन्दा बढी हुने गरेको र यस व्यवसायमा संलग्न दक्ष तथा अर्धदक्ष कामदारहरुले वैदेशिक रोगजारी पाउने क्रम पनि बृद्धि हुदै गएको छ । यस परिप्रेक्ष्यमा यस क्षेत्रलाई प्राथमिकता दिई अन्य जिल्लाहरुमा पनि विस्तार गर्दै पुष्प एवं पुष्पजन्य ब्यवसायको कारोवार बढाउन सकेमा राष्ट्रले अझ वढी आर्थिक फाईदा लिन सक्ने देखिन्छ ।

### ३. समस्या र चुनौती

वीउ बिजन, मलखाद, बिषादी जस्ता पुष्प खेतीका लागि अति आवश्यक मानिने बस्तुहरु आज सम्म पनि अन्य मुलुकमा निर्भर हुनु परेको छ । दक्ष प्राविधिक जनशक्तीको कमिले गर्दा रोग तथा कीराको सही पहिचान हुन नसकि सम्पूर्ण वाली नष्ट हुने अवस्था रहेको छ । भारत तथा चीनबाट भित्रिने फूल

तथा तिनका बोट बिरुवाको निरोगीताको जाँच गर्ने प्रभावकारी संयन्त्रको अभावमा पुष्प खेतीमा बर्षेनी नयाँ नयाँ रोग तथा कीरा भित्रिने हुदाँ यसमा गरेको लगानी समेत जोखिममा परि पुष्प उद्योग धरासायी बन्न सक्ने अबस्था सृजना हुन सक्ने देखिन्छ । पुष्प खेतीलाई उच्च मूल्यको बालीको रुपमा लिईएतापनि यसको अध्ययन, अनुसन्धान र पूर्वाधार विकास कार्यक्रम प्राथमिकतामा नपरेकाले अपेक्षित लगानी हुन सकेको छैन । वित्तीय संस्थाहरुको न्यून लगानी, उत्पादित कटफ्लावरको उत्पादन स्थल देखि स्थानीय बजार र अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउने उचित वातानुकुलित ढुवानी साधनको अभाव साथै झन्झटिलो एवं लामो भन्सार प्रक्रिया यस व्यवसायका चुनौतिहरु हुन ।

### ४. नीतिको आबश्यकता

पुष्प ब्यवसायको प्रवर्द्धनको लागि उत्पादन देखि बिक्री बितरण तथा उपभोक्तासम्म उचित समय एवं अवस्थामा पुगुन्जेलको मूल्य अभिवृद्धि श्रृङ्गखला (Value chain) प्रकृयालाई ब्यवस्थित तथा नियन्त्रण गरी दिशा निर्देश गर्न राज्यको स्पष्ट दृष्टिकोण हुनु पर्ने हुन्छ । यस सन्दर्भमा "पुष्प प्रवर्द्धन नीति" को आबश्यकता महशुस गरिएको छ । नेपालमा पाईने बिभिन्न प्रजातिका र आर्थिक महत्वका अन्य, पुष्प उत्पादन र ब्यवसायबाट रोजगारीका अवसर सृजना हुनुको साथै नेपालकै मौलिक तथा रैथाने फूल, बोट बिरुवाको पहिचान गरी संरक्षण तथा सम्बर्द्धन गर्न सकेमा त्यसको निर्यातको ठूलो संभावना पनि रहेको छ । दीर्घकालिन कृषि योजना तथा राष्ट्रिय कृषि नीति, २०६१ र वाणिज्य नीति, २०६५ ले प्रमुख निर्यात योग्य वस्तु र वढी मोल जाने वालीको रुपमा यसलाई प्राथमिकता दिइएतापनि यसको प्रवर्द्धनमा पर्याप्त जोड नदिईएको हुँदा लगानी कर्तालाई आकर्षित गर्न सकिरहेको छैन । चालु त्रिबर्षीय योजना (२०६७/२०६८-२०६९/ २०७०)ले यसलाई उच्च मूल्यको बस्तुको प्राथमिकतामा राखी अर्किडलाई एक गाँउ एक उत्पादन कार्यक्रम अन्तरगत निरन्तरता दिनुको साथै आलंकारिक फूलको गुणस्तरीय उत्पादनको लागि मूल्य अभिवृद्धि श्रृङ्खला सुधारमा जोड दिईएको छ । पुष्पवाली अति नै जोखिमपूर्ण, चाडै बिग्रिएर जाने र यसको प्रयोग बिशेष अवस्थामा हुने भएकोले उचित अवस्था तथा समयमा उपभोक्ता सम्म पुऱ्याउनु पर्ने हुन्छ । उत्पादित कटफ्लावरको उत्पादन स्थल देखि स्थानीय र अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउनका लागि उचित वातानुकुलित ढुवानी साधन, कम झन्झटिलो एवं छाटो भन्सार प्रक्रिया हुन आवश्यक हुन्छ । साथै अध्ययन अनुसन्धानमा प्राथमिकता दिई उपयुक्त प्रबिधि विकास गर्न यस क्षेत्रमा लगानी बढाउन अति आवश्यक हुन्छ । यस सन्दर्भमा यस

व्यवसायलाई व्यवस्थित गरी आन्तरिक बजारको साथै निर्यातलाई प्रवर्द्धन गर्न पुष्प प्रवर्द्धन नीति अति आबश्यक देखिन्छ ।

**५. लक्ष्य**

पुष्प र पुष्पजन्य बस्तुको उत्पादन बृद्धि गरी पुष्प व्यवसाय बिस्तार गर्न, रोजगारीको अवसर सृजना गर्न, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नका साथै गरिवी निवारणमा टेवा पुऱ्याउन र पुष्प जैविक बिविधता संरक्षण गर्न भरपर्दो उपक्षेत्रको रुपमा पुष्प क्षेत्रको विकास गर्ने ।

**६. उद्धेश्य**

६.१ पुष्प तथा पुष्पजन्य बस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

६.२ पुष्प खेती तथा व्यवसायमा निजीक्षेत्रको संलग्नता बढाउदै उत्पादनलाई प्रतिस्पर्धी बनाई आन्तरिक वजार व्यवस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने ।

६.३ स्थानीय अनुवांशिक पुष्प स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने ।

**७. नीति तथा कार्यनीति**

**उद्धेश्यः १. पुष्प तथा पुष्पजन्य बस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।**

७.१.१ नेपालका बिभिन्न भागमा पुष्प खेती विस्तार गर्न पुष्प नर्सरी स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

७.१.२ व्यवसायिक पुष्प खेतीको संभावना भएका क्षेत्रमा पुष्प फार्महरु स्थापनामा जोड दिइने छ । शिक्षित बेरोजगार तथा सेवा निबृत्त व्यक्ति वा समुहलाई पुष्प तथा पुष्पजन्य व्यवसाय स्थापना तथा सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

७.१.३ पुष्प व्यवसायको विकास तथा विस्तार गर्न यससंग सम्बन्धित सरकारी, गैरसरकारी तथा प्राज्ञिक संस्थाहरुसंगको समन्वय तथा सहकार्यमा अध्ययन तथा अनुसन्धान कार्य गरिने छ । पुष्प क्षेत्रको प्रबिधी विकास र प्रबिधी प्रसारमा संलग्न सरकारी निकायहरुमा दक्ष जनशक्ति र भौतिक पूर्वाधारको व्यबस्था गरी शशक्तीकरण गरिने छ ।

७.१.४ पुष्प उत्पादन र उत्पादन उप्रान्तका प्रबिधीको सूची तयार गरी संभाव्यताका आधारमा जिल्ला कृषि विकास कार्यालय, निजी क्षेत्र तथा दुबैको सहकार्यमा प्रबिधीको बिस्तार गरिनेछ ।

७.१.५ संभाव्यताको आधारमा कुनै जिल्लामा कुनै निश्चित प्रजातिका व्यवसायिक पुष्प खेती हुन सक्ने पाइएमा त्यस जिल्लालाई त्यस प्रजातिको पुष्प क्षेत्र घोषणा गरी ती ठाउँमा पूर्वाधार विकासका एकीकृत प्याकेज व्यवस्था गर्न प्राथमिकता दिइनेछ ।

७.१.६ व्यवसायिक रुपमा पुष्प खेती भएका पकेटहरुमा पुष्प तथा पुष्पजन्य व्यवसाय प्रवर्द्धनको लागि सिंचाई, कृषि सडक, संकलन केन्द्र, शीत भण्डार (कोल्ड स्टोरेज, कुलिङ च्याम्वर भएको ढुवानी साधन), ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास, प्रयोगशाला परीक्षण सेवा जस्ता व्यवसाय प्रवर्द्धनका पुर्वाधारहरु सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्र समेतको सहकार्यमा विस्तार गरिने छ ।

७.१.७ पुष्प व्यवसायको लागि चाहिने रासायनिक मल, प्राङगारिक मल, कीटनासक, झारनासक, रोगनासक विषादी तथा कृषि सामाग्री आदि पुष्प उद्योग तथा पुष्प नर्सरीले सम्बन्धित निकायको सिफारिसमा अन्य मुलकबाट आयात गर्न पाउने व्यवस्था मिलाईनेछ ।

७.१.८ पुष्प नर्सरी तथा पुष्प फर्महरुले आवश्यक फूलका माउ वोट बिरुवा (Mother Plant), कलमी बिरुवाहरु, फूलको गानो तथा जराहरु, फूलको वीउ बिजन, सिँचाई र बाली संरक्षणका उपकरणहरु, ग्लास हाउस निर्माणका सामाग्रीहरु, कुलिङ च्याम्वर भएको ढुवानी साधन (Refrigerated truck) आयातमा लाग्ने कर महसुल रकम आर्थिक ऐनमा व्यवस्था गरी सहुलियत प्रदान गर्न सकिनेछ ।

७.१.९ पुष्प खेती र पुष्प व्यवसायलाई बिद्यालय, विश्वविद्यालय / कलेजहरूका पाठ्यक्रममा समाबेस गर्ने पहल गरिने छ । कृषि अनुसन्धान केन्द्र तथा कृषि तालिम केन्द्रहरूमा पुष्प खेती सम्बन्धी प्राविधिक तालिम गराउने व्यवस्था गरी पुष्प तथा पुष्पजन्य व्यवसायको क्षेत्रमा जनशक्तिको विकास गरिनेछ ।

७.१.१० शहरी क्षेत्रमा र सडक किनारामा पुष्प र पुष्पजन्य बनस्पतिहरु लगाई सडक र शहरको सौन्दर्य बृद्धि गर्ने तथा वातावरण स्वच्छ राख्ने कार्यलाई सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्र समेतको सहकार्यमा विस्तार गरिने छ ।

७.१.११ पुष्प र पुष्पजन्य वस्तुहरु प्रशोधन गरी वानस्पतिक औषधीहरु, अत्तर र अन्य सौन्दर्य प्रशाधनका सामाग्रीहरु उत्पादन गर्ने उद्योगहरु स्थापनामा प्रोत्साहन गरिने छ ।

७.१.१२ पुष्प खेती तथा ब्यवसायलाई प्रबर्द्धन गर्न यसलाई बित्तीय संस्थाहरुबाट प्रदान गरिने प्राथमिकता प्राप्त कर्जाको क्षेत्र भित्र पारी आवश्यक ऋृण उपलब्ध गराईनेछ ।

७.१.१३ पुष्प व्यवसायको परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था तथा पुष्प व्यवसाय प्रवर्द्धनका लागि कृषक समूहको जमानतमा ऋृण प्रवाह गरिने छ ।

**उद्धेश्य: २ पुष्प खेती तथा व्यवसायमा निजीक्षेत्रेत्रको संलंलग्नता बढाउदै उत्पादनलाई प्रतिस्पर्धी बनाई आन्तरिक वजार ब्यवस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने ।**

७.२.१ पुष्प तथा पुष्पजन्य व्यवसाय / उद्योगलाई राष्ट्रियस्तरमा प्राथमिकता प्राप्त उद्योगको रुपमा मान्यता दिई सोहि अनुरुपका सुविधा प्रदान गरिनेछ ।

७.२.२ पुष्पजन्य बस्तु निर्यातमा आवश्यक पर्ने प्याकेजिङ सामग्री लगायत अन्य उपकरणहरु आयात गर्दा कृषि उपकरणहरु सरहको भन्सार महसुल लगाउने नीति अवलम्बन गरिने छ ।

७.२.३ पुष्प उत्पादन तथा पुष्पजन्य व्यवसाय / उद्योगलाई बिमा गराउन प्रोत्साहन गरिनेछ ।

७.२.४ पुष्प खेतीको विकास तथा प्रवर्द्धनको लागि उत्पादन एवं उत्पादन पश्चात उपभोक्ता सम्म पुग्ने मूल्य अभिवृद्धि श्रृङखला को प्रकृयामा आवश्यक अध्ययन अनुसन्धानमा प्रामिकताका दिईनेछ ।

७.२.५ पुष्प तथा पुष्पजन्य व्यवसाय/उद्योगसंग संलग्न व्यवसायीहरुले पुष्प तथा पुष्पजन्य बस्तुको सहज निर्यात / आयात लगायत बिक्री बितरण गर्न पाउने ब्यवस्था मिलाईनेछ ।

७.२.६ पुष्पजन्य बस्तुलाई अन्तरराष्ट्रिय बजार प्रणालीमा प्रवेश गराउनको लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ ।

७.२.७ पुष्पजन्य उत्पादनको गुणस्तर कायम राख्न संकलन, प्रशोधन, संचय तथा ढुवानी प्रविधिका साथै वजार मूल्य जस्ता व्यावसायिक सेवा प्रदान गर्ने कार्यमा सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागितामा व्यावसायिक सेवा केन्द्रको स्थापना तथा विकास गरिने छ ।

७.२.८ अर्न्तराष्ट्रिय बजारमा निर्यात प्रवर्द्धनको लागि विभिन्न उत्पादन स्थल/संकलन केन्द्र/थोक बजारमानै भन्सार प्रकृया पुरा गरी सोझै वातानुकुलित ढुवानी साधनको माध्यमबाट पुष्प तथा पुष्पजन्य वस्तुलाई बस/ट्रेन/अर्न्तराष्ट्रिय विमानस्थलको जेट विमान सम्म पुऱ्याउने ब्यवस्था मिलाईनेछ । साथै पुष्प र पुष्पजन्य वस्तुहरुको आयात गर्दा यसको संवेदनशिलतालाई ध्यान दिदै सरलीकृत भन्सार प्रकृयाको ब्यवस्था गरिने छ ।

७.२.९ पुष्प बीउ विजन तथा उत्पादित उत्पादनको खरिद विक्रीलाई व्यवस्थित गर्न देशका प्रमुख स्थानहरुमा अत्याधुनिक प्रबिधियुक्त बजार विकास तथा बिस्तार गरिनेछ ।

७.२.१० नेपालका बिभिन्न भागमा पुष्प ब्यवसाय विस्तार गर्न कट् फ्लावर (ताजा फूल) पसल खोली व्यवसाय गर्न प्रोत्साहित गरिनेछ ।

७.२.११ सम्भाव्य अन्तराष्ट्रिय बजारलाई लक्षित गरी अन्तराष्ट्रिय बजारमा लोकप्रिय रहेका र नेपालका प्रतिष्पर्धात्मक क्षमता उच्च रहेका पुष्प जन्य उत्पादनलाई प्रवर्द्धन र निकासी गर्न विशेष जोड दिईने छ ।

७.२.१२ युवा, महिला, जनजाती तथा पिछडीएका बर्गहरुलाई पुष्प व्यवसाय संचालन गर्न प्रोत्साहित गरिनेछ ।

७.२.१३ नेपालमा पुष्प व्यवसायको संभाब्यता र महत्वलाई प्रचार र प्रवर्द्धन गरी विदेशी लगानी आकर्षित गर्न अनुकुल वातावरण श्रृजना गरिनेछ ।

७.२.१४ पुष्प व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धनको लागि आवश्यक पर्ने अन्य सेवा/सुबिधा तथा कर छुट नेपाल सरकारका अन्य स्वीकृत नीति अनुरुप उपलब्ध गराईनेछ ।

**उद्धेश्यः ३ स्थानीय पुष्प अनुवांशिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने ।**

७.३.१ नेपालका स्थानीय, रैथाने, फूल फुल्ने तथा नफुल्ने आलङ्कारिक बोटबिरुवा पहिचान गरी तिनको वैज्ञानिक विवरण तयार गरि सुचिकृत गरिने छ र नियमित रुपमा लगत/अभिलेख अध्यावधिक गरिनेछ। साथै नेपालमा भएको मौलिक तथा रैथाने आलङ्कारिकबोट बिरुवाको पेटेन्ट अधिकार सुरक्षित गरिनेछ।

७.३.२ नेपालको राष्ट्रिय फूल लाली गुँरास लगायत अन्य मौलिक तथा रैथाने फूल फूल्ने वा नफूल्ने आलङ्ककारिक बोट बिरुवाहरु मध्ये व्यवसायिकरण गर्न सकिनेलाई व्यवसायिकरण गरिने र प्रचलित कानून अनुसार प्रतिबन्ध लगाईएका बोट बिरुवाहरुलाई प्रतिबन्धित सूचिमा सूचिकृत गरिने छ।

७.३.३ जैविक विविधता संरक्षणमा सहयोग पुऱ्याउन पुष्पजन्य वस्तुको स्थानीय संरक्षण (In situ conservation) गर्दै सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र (Participatory biodiversity conservation area) विकास गरिने छ। साथै Ex-situ conservation का लागि राष्ट्रिय आनुबांशिक श्रोत केन्द्र (Gene Bank) मा संरक्षण गरिनेछ।

७.३.४ जैविक विविधतामा आधारित पुष्प बजार तथा पुष्प उद्योग / व्यवसायको विकास गर्न प्रोत्साहित गरिनेछ।

७.३.५ पर्यावरण र पर्यावरणीय सेवा प्रदान गर्ने परागसेचक (Pollinators) र अन्य मीत्र जीवहरुको संरक्षण र दिगो परिचालनका लागि वातावरण मैत्री प्राङ्गारिक मल र जैविक तथा प्राङ्गारिक बिषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ।

७.३.६ पुष्पजन्य जैविक विविधताको संरक्षण, संवर्द्धन तथा दिगो उपयोगको लागि अध्ययन, अनुसन्धान एवं प्रसारको कार्यलाई प्रोत्साहित गरिनेछ।

## ८. संस्थागत व्यवस्था

पुष्प प्रवर्द्धन नीतिलाई कार्यान्वयनको लागि निम्नानुसारको १२ सदस्यीय "पुष्प व्यवसाय विकास समन्वय समिति" गठन गरिनेछ।

| | |
|---|---|
| सचिव, कृषि विकास मन्त्रालय | संयोजक |
| सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सह-सचिव, वन तथा भूसंरक्षण मन्त्रालय | सदस्य |
| सह-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सह-सचिव, उद्योग मन्त्रालय | सदस्य |
| महानिर्देशक, कृषि बिभाग | सदस्य |
| उप-सचिव, ऐन नियम परामर्श शाखा, कृषि बिकास मन्त्रालय | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| फ्लोरिकल्चर एशोसिएसन नेपालको अध्यक्ष / निजको प्रतिनिधि | सदस्य |
| कृषि उद्यम केन्द्रका, कार्यकारी निर्देशक | सदस्य |
| पुष्प उत्पादक कृषक वा ब्यवसायीका प्रतिनिधि | सदस्य |
| सह-सचिव, कृषि ब्यवसाय प्रबर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य-सचिव |

## ९. आर्थिक पक्ष

पुष्प ब्यवसाय विकास समन्वय समितिले पुष्प व्यवसायको विकास तथा प्रवर्द्धन गर्न आर्थिक स्रोत जुटाउन देहायका कार्य गर्न सक्नेछ,

(क) सम्बन्धित निकायको स्वीकृति लिई राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था एवं अन्य स्रोतबाट पुष्प विकास तथा अनुसन्धानको लागि रकम प्राप्त गर्ने ।

(ख) बिभिन्न पुष्प खेती वा बजार व्यवस्थापन सम्बन्धी सिफारिस वा परामर्श सेवा प्रदान गरे वापत सेवा शुल्क लिन सक्नेछ ।

(ग) नेपाल सरकार तथा अन्य निकायबाट अनुदान / सहयोग प्राप्त गर्ने ।

## १०. कानूनी व्यवस्था

यस नीतिमा उल्लेखित प्राबधानहरुलाई कार्यान्वयन गर्न प्रचलित कानूनमा परिमार्जन गर्नु पर्ने भएमा आवश्यकता अनुसार परिमार्जन गरिने र थप कानुनी ब्यवस्था गर्नु पर्ने भएमा सोको समेत ब्यवस्था गरिने छ । पुष्प

ब्यवसाय विकास समन्वय समितिले आफ्नो कार्यबिधि आफै बनाउन सक्ने छ ।

**११. अनुगमन र मुल्याङ्कन**

स्थानीय तहदेखि केन्द्रिय तहसम्मको पुष्प क्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सम्बन्धित सरकारी, सहकारी, निजी र अन्य सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक एवं समन्वयात्मक पद्धतिलाई बढावा दिइनेछ । प्रस्तावित नीतिबाट प्राप्त प्रतिफलको अनुगमन तथा मुल्याङ्कन कृषि विकास मन्त्रालयले गर्नेछ ।

**१२. जोखिम**

पुष्प खेती तथा पुष्पजन्य ब्यवसायबाट आर्थिक कृयाकलाप, गरिबी न्यूनीकरण, खाद्य सुरक्षा र जैविक विविधता संरक्षण र वातावरणमा सामान्यतया सकारात्मक प्रभाव पर्ने भएता पनि नीति कार्यन्वयन गर्दा खास गरी पुष्प उत्पादनमा प्रयोग हुने बिभिन्न रासायनिक पदार्थको कारणबाट वातावरण र मानव स्वास्थ्यमा आउने जोखिमलाई सम्बोधन गर्ने उपायहरुको अवलम्बन पुष्प विकास समन्वय समितिले गर्नेछ ।

द्रष्टब्यः "पुष्प जन्य वस्तु" भन्नाले पुष्प फार्म तथा नर्सरीले प्राकृतिक रुपमा उत्पादन गर्ने बेर्ना, बोट विरुवा, जरा, गानो, कटफ्लावर समेतलाई जनाउँछ ।

# राष्ट्रिय भू-उपयोग नीति, २०६९

## (नेपाल सरकारबाट मिति २०६९/१/४ मा स्वीकृत)

### १. पृष्ठभूमि

राज्यको प्रमुख स्रोतको रुपमा रहेको सीमित भूमिको उपयोग र व्यवस्थापन गर्ने विषयलाई मार्गदर्शन गर्नको निमित्त भू-उपयोग नीतिको तर्जुमा गरिएको हुन्छ । यस्तो नीतिको अभावमा भूमिको अनियन्त्रित र अव्यवस्थित प्रयोग हुन गई भूमिको उपयोग र नियन्त्रण राज्यको आवश्यकता अनुसार गर्न सकिदैन । भू-उपयोग नीतिको आधारमा नै राज्यले यस सम्बन्धी कानुन, योजना तथा कार्यक्रमहरु तर्जुमा एवम् कार्यान्वयन गर्ने र नीति कार्यान्वयनमा देखा पर्न सक्ने समस्याहरुको समाधानका उपायहरुको खोज गर्ने गर्दछ । त्यसै गरी भूमिमाथिको पहुँचलाई समतामूलक बनाउन र वातावरणीय सन्तुलन कायम गरी दिगो विकास हासिल गर्न, तथा भूमिस्रोतबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण हुन सक्ने अवस्थाको सिर्जना गर्न समेत भू-उपयोग नीतिको आवश्यकता पर्दछ ।

नेपालको सन्दर्भमा देशको समग्र अर्थतन्त्र तथा नागरिकको जीवनयापनको प्रमुख आधारका रुपमा भूमि तथा भूमिस्रोतले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यहाँका अधिकांश जनताको जीवनयापनको प्रमुख आधार कृषि हो, जसले देशको कुल गार्हस्थ उत्पादनमा करिब ३३ प्रतिशत योगदान पुऱ्याएको छ । त्यसैगरी देशको कुल गार्हस्थ उत्पादनमा वन तथा पर्यटन क्षेत्रको समेत उल्लेखनीय योगदान रहेको छ । तथापि जनसंख्याको बृद्धि तथा अनियन्त्रित शहरीकरणले कृषियोग्य भूमि गैरकृषि प्रयोजनमा उपयोग भइरहेको छ भने वनक्षेत्र समेत अत्यधिक अतिक्रमणमा परिरहेको अवस्था छ । यस सन्दर्भमा देशको सीमित भूमि तथा भूमिस्रोतलाई महत्तम तवरले उपयोग गर्नुका साथै दिगो, वातावरण मैत्री एवम् व्यवस्थित तुल्याउनु आवश्यक भएको छ । तर वर्तमान भू-उपयोगको प्रवृत्तिले यस आवश्यकतालाई सम्बोधन गर्न सकेको नदेखिएको र यसलाई व्यवस्थित गर्न उपयुक्त भू उपयोग नीति समेत नरहेकाले भू-उपयोग सम्बन्धी एकीकृत तथा प्रभावकारी नीति तर्जुमा गर्नु आवश्यक देखिएकाले प्रस्तुत “राष्ट्रिय भू-उपयोग नीति, २०६९” तर्जुमा गरी लागू गरिएको छ ।

## २. विगतका प्रयासहरू

ऐतिहासिक प्रमाणका आधारमा नेपालमा भूमिव्यवस्थापन र प्रशासन लिच्छवीकालदेखि नै शुरु भएको भए तापनि उपयोगको आधारमा भूमिव्यवस्थापन गर्ने कार्यको इतिहास भने खासै पुरानो भएको पाइदैन । "षानी भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरु जग्गामा सारिकन पनि षानी चलाउनु, षेत बन्या जग्गामा घर भया पनि घर अन्त जग्गामा सारी कुलो काटी षेत बनाई आबाद गर्नु, आफ्ना देशको जिनिस जडीबुटी देस लैजानु र नगत खिच्नु" भन्ने पृथ्वीनारायण शाहको कथनको आधारमा चेतना भने अगाडि देखिनै रहेको बुझ्न सकिन्छ । साथै वि.सं. १९१० मा तत्कालीन राजा सुरेन्द्र शाहको पालामा बनेको मुलुकी ऐनमा भूमिव्यवस्थापन सम्बन्धी विभिन्न प्रावधानहरु राखेको पाइन्छ । आधुनिक समयमा जग्गा (नापजाँच) ऐन २०१९, मुलुकी ऐन, २०२० का जग्गा सम्बन्धी महलहरु, भूमि सम्बन्धी ऐन २०२१, भूमि प्रशासन ऐन, २०२४, मालपोत ऐन, २०३४ लगायतका भूमिसम्बन्धी कानुनहरुले तत्कालीन अवस्थामा आवाद जग्गाको आँकडा लिने, नयाँ जग्गा आवाद गर्न प्रोत्साहन गर्ने र मालपोत उठाउने कार्यलाई मात्र प्राथमिकता दिएको पाइन्छ भने भूमिको समुचित उपयोग र व्यवस्थापनका सवै पक्षहरुलाई सम्बोधन गर्न सकेको पाइदैन ।

त्यस्तै वन-क्षेत्रको व्यवस्थापनका लागि विभिन्न समयमा गठन भएका वन सुदृढीकरण आयोग तथा समितिहरुको प्रतिवेदनका आधारमा वन क्षेत्रको संरक्षण गरिनु पर्ने बिषय उठन थालेपछि वन क्षेत्रलाई रेखाङ्कन गर्ने कार्य भएको थियो । निजी वन राष्ट्रियकरण ऐन २०१३, वन ऐन २०१८, वन संरक्षण (विशेष व्यवस्था) ऐन २०२४, खर्क जग्गा राष्ट्रियकरण ऐन २०३१, वन ऐन २०४९ जस्ता कानुनहरुको निर्माण गरी वनक्षेत्रको अतिक्रमणलाई रोक्ने प्रयास भएको देखिन्छ । सम्पूर्ण भू-भागको ४० प्रतिशत वनक्षेत्र कायम गर्ने सरकारको नीतिलाई वन-क्षेत्रको संरक्षण गर्ने तर्फ थालिएको सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ ।

देशमा व्यवस्थित शहरीकरणको विकासगर्न सरकारले नगरविकास समिति ऐन, २०४५ लागू गरी नगरविकास समितिहरुमार्फत नगरक्षेत्रमा व्यवस्थित वसोवास गराउने कार्यको शुरुवात गरेको थियो । तथापि विभिन्न दीर्घकालीन योजना र सोचका साथ संचालन हुन थालेका नगर विकास योजनाहरुले द्वन्द्व र अन्य विभिन्न कारणले निरन्तरता पाउन सकेनन् । यसले गर्दा राजमार्ग आसपास र शहरी क्षेत्रमा अव्यवस्थित बसोवासको प्रक्रिया तीब्र हुँदैगई व्यवस्थित शहर बसाउने र अव्यवस्थित बसोबास नियन्त्रण गर्ने कार्य अपेक्षा अनुरुप सफल

हुन सकेन । त्यस्तै ग्रामीण आवास कम्पनी लिमिटेड (तत्कालीन पुनर्वास कम्पनी) ले व्यवस्थित वसोवास गराउने कार्यमा केही सहयोग पुऱ्याए तापनि यो कदम भू-उपयोगको अवधारणा अनुरुप अगाडि बढ्न सकेको देखिदैन ।

भूमिवर्गीकरणका सन्दर्भमा विगतमा मालपोत उठाउने समेत प्रयोजनको लागि खेत र बारीलाई अब्बल, दोयम, सीम र चाहारमा वर्गीकरण गरिएकोमा लामो समय पछि उपयोगको आधारमा भूमिको वर्गीकरण गरिनु पर्ने आवश्यकता देखिई जग्गा (नापजाँच) ऐन, २०१९ को आठौं संशोधन २०५७ तथा जग्गा (नापजाँच) नियमावली, २०५८ मा भूमिलाई कृषि क्षेत्र र व्यावसायिक तथा बसोबास क्षेत्रमा वर्गीकरण गर्ने व्यवस्था गरिएको पाइन्छ । यस प्रक्रिया अन्तर्गत भूमिको उपर्युक्त क्षमताका आधारमा वर्गीकरण मूलतः पुनः नापी गरिने क्षेत्रमा मात्र अवलम्वन गरिएको हुनाले यसले देशको समग्र भूमिलाई वर्गीकरण गर्न सकेको देखिदैन भने वर्गीकरण अनुसारको उपयोग गर्ने विषयमा ऐनमा केही उल्लेख भएको पाइदैन ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मार्फत भू-उपयोग सम्बन्धी विषयमा स्थानीय निकायलाई जिम्मेवार बनाइएको देखिन्छ । यस ऐन तथा नियमावलीले भू-उपयोग योजना तयार गर्ने, भूमिस्रोत नक्शा तयार गर्ने, पर्ति जग्गा र डाँडा, भीर पाखोमा वृक्षारोपण गर्ने, सांस्कृतिक सम्पदा क्षेत्रको जगेर्ना गर्ने, भू-क्षय र नदी नियन्त्रण गर्न आवश्यक योजना वनाउने, वन, वनस्पति र जैविक विविधता संरक्षण गर्ने, सार्वजनिक सरकारी जग्गाको अतिक्रमणमा रोक लगाउने जस्ता कार्यमा स्थानीय निकायलाई जिम्मेवार बनाएको पाइन्छ ।

भू-उपयोग सम्बन्धी व्यवस्थालाई अझ बढी प्रभावकारी रुपमा कानूनी दायरामा ल्याउन वि.सं. २०५८ मा भूमि सम्बन्धी ऐन, २०२१ मा पाचौं संशोधन र वि.सं. २०६० मा भूमि सम्बन्धी नियम, २०२१ मा चौधौं संशोधन गरी विभिन्न प्रावधानहरु थप गरिएका छन् । सो बमोजिम भू(उपयोग परिषद्को गठन गर्ने, उपयोगको आधारमा जमीनको वर्गीकरण गर्ने, एउटा उपयोगमा भएको जमीन अर्को उपयोगमा प्रयोग गर्न नपाइने, भू-उपयोग कार्यक्रम संचालन गर्ने, जग्गाको खण्डीकरण नियन्त्रण र चक्लावन्दीलाई प्रोत्साहन दिने जस्ता व्यवस्थाहरु रहेका छन् ।

यसै परिप्रेक्षमा भू-उपयोगको लागि आवश्यक पूर्वाधार तयार गर्नका निमित्त सन् १९८५ (वि.सं. २०४२) मा नापी विभाग अन्तर्गत भूमिस्रोत नक्शा

आयोजना संचालन भई १: ५०,०००, १: १२५,०००, र १: ५००,००० माननापका भू-उपयोग लगायत भूमिस्रोत सम्बन्धी विभिन्न विषयका नक्शा तथा प्राविधिक प्रतिवेदनहरु तयार गरिएका भए तापनि भूमि व्यवस्थापनमा ती नक्साहरुको समुचित प्रयोग हुन सकेको देखिंदैन । वि.सं. २०५७ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत राष्टिूय भू-उपयोग आयोजना स्थापना भै त्यस्ता नक्शाहरु अद्यावधिक गर्ने कार्य भैरहेको छ ।

## ३. वर्तमान स्थिति

उपयोगका हिसाबले नेपालमा हाल कूल भूभागको करिब २७ प्रतिशत खेतीयोग्य, ३९.६ प्रतिशत वन क्षेत्र, १२ प्रतिशत चरन क्षेत्र, १७.२ प्रतिशत हिउँ तथा चट्टान क्षेत्र तथा २.६ प्रतिशत जलक्षेत्र रहेको छ । यी विभिन्न क्षेत्रहरुको उचित व्यवस्थापनका लागि उपयुक्त नीतिको अभाव रहेको छ । विगतमा भए-गरेका विभिन्न प्रयासहरुको अपेक्षित रुपमा सकारात्मक प्रभाव देखिएको छैन । खासगरी भूमि सम्बन्धी ऐन, २०२१ र नियमावली २०२१ मा संशोधन गरी राखिएका विविध प्रावधानहरुलाई कार्यान्वयनमा ल्याउन सकिएको छैन । यस ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम माटोको प्रकृति, उर्वरा शक्ति, देशको भौगोलिक स्थिति, वातावरण तथा जलवायु समेतका आधारमा भू-उपयोग कार्यक्रम संचालन गर्ने व्यवस्था कार्यान्वयनमा आउन सकेको छैन । साथै उपयोगको आधारमा जग्गाको वर्गीकरण गर्ने, कुनै एक उपयोगको लागि निर्धारित जग्गा अर्को उपयोगमा लगाउन नपाउने, चक्लाबन्दी गरी सहकारी खेती गर्नेलाई कृषि औजार, प्रविधि, मलबीउ, आदिमा सुविधा दिने, सुरक्षित वा व्यवस्थित क्षेत्रमा वसोवासको व्यवस्था गराउन सक्ने र कानून विपरीत कार्य गर्नेलाई दण्ड सजायको व्यवस्था गर्ने लगायतका भू-उपयोगका दृष्टिले उपयोगी प्रावधानहरु समेत कार्यान्वयनमा आउन सकेका छैनन् । स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली बमोजिम स्थानीय निकायले पूरा गर्नुपर्ने जिम्मेवारी प्रभावकारी हुन सकेको देखिंदैन । नेपाल सरकारले आ.व. २०६६।६७ देखि उपयोगका आधारमा भूमिको वर्गीकरण गरी सो अनुरुप स्वामित्वको प्रमाणपत्र जारी गर्ने नीति समेत कार्यान्वयनमा आउन सकेको छैन । फलस्वरुप देशका विभिन्न भागमा अव्यवस्थित रुपमा वसोवास क्षेत्र एवम् शहरीकरण विस्तार हुँदै गएको, उद्योग व्यवसायका लागि विशेष क्षेत्र छुट्याउन नसकिएको, कृषिभूमि क्रमशः विनास हुँदै गएको, जग्गा ओगटेर बाँझो राख्ने प्रवृत्ति बढ्दै गएको तथा सुकुम्वासीका नाममा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्तिमा समेत बढोत्तरी हुँदै गइरहेको अवस्था छ ।

## ४. समस्या र चुनौती

एकीकृत भू-उपयोग नीतिको अभावमा देशको समग्र भूमिलाई उपयुक्त ढंगले उपयोग गरी अधिकतम् लाभ हासिल गर्ने सन्दर्भमा विभिन्न समस्याहरु देखा परेका छन् । भू-उपयोग सम्बन्धी कार्यको प्रभावकारिता अन्तर्निकाय समन्वयमा भरपर्ने हुँदा सोको कमीका कारण क्षेत्रगत नीतिहरुमा भएका व्यवस्थाहरुको र विद्यमान ऐन, कानुनमा भएका प्रावधानहरुको समेत प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अव्यवस्थित र अनियन्त्रित शहरीकरणका कारण खेतीयोग्य जमिनमा संकुचन आइरहेको छ भने सरकारी तथा सार्वजनिक जग्गामाथि विभिन्न नाममा अतिक्रमण बढदै गएको छ । भूमिको सही ढंगले उपयोग गरी अधिकतम लाभ लिन सकिएको छैन । जग्गामा भईरहेको अनियन्त्रित खण्डीकरणले कृषि उत्पादनमा ह्रास आइरहेको छ । उपयुक्त नीतिको अभावमा कृषियोग्य जमिनको गैर कृषि प्रयोजनमा उपयोग हुने गरेकोले उत्पादन र उत्पादकत्वमा वृद्धि हुन नसक्दा खाद्यसुरक्षामा प्रतिकुल प्रभाव परेको छ । उल्लिखित समस्याहरु समाधानका लागि उपयुक्त नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक भएको छ । यसका लागि सम्पत्तिको रुपमा भूमिको उपयोग गर्ने नेपाली समाजमा रहेको मौजुदा सोचमा परिवर्तन ल्याउने, भू-उपयोग सम्बन्धमा राजनीतिक इच्छाशक्तिलाई सक्रिय गराउने, भू-उपयोग सम्बन्धी कार्यक्रमलाई कार्यान्वयनको लागि आवश्यक स्रोतसाधन तथा संस्थागत क्षमताको विकास एवम् विस्तार गर्ने, अन्तर्निकाय समन्वयलाई प्रभावकारी बनाउने लगायतका कार्यहरु समस्या तथा चुनौतीका रुपमा रहेका छन् ।

## ५. भू-उपयोग नीतिको आवश्यकता

भू-उपयोग नीतिको आवश्यकतालाई यस प्रकार उल्लेख गर्न सकिन्छ :

१) देशमा उपलब्ध भूमिको महत्तम उपयोगको लागि भूमिको वर्गीकरण गर्ने र भू-उपयोग योजना तर्जुमाका माध्यमद्वारा देशको समग्र आर्थिक, सामाजिक तथा वातावरणीय विकासमा योगदान पुर्‍याउन,

२) ठूला सहकारी कृषि फार्म स्थापना गरी कृषिलाई व्यवसायीकरण गर्न,

३) देशमा खाद्यसुरक्षाको रक्षाको लागि भू(क्षमताका आधारमा उपयुक्त कृषि योग्य भूमि पहिचान गरी यसको संरक्षणको लागि आवश्यक व्यवस्था गर्न,

४) उपयुक्तता र भू-बनौटका आधारमा आवासीय क्षेत्रको व्यवस्थाको

लागि जोखिम रहित क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रहरुमा पूर्वाधारयुक्त, सुविधा सम्पन्न र वातावरणीय दृष्टिकोणले उपयुक्त शहरीकरणको विकास गर्न,

५) कृषि, आवासीय तथा सामरिक महत्वका क्षेत्रहरुलाई असर नपर्ने गरी उपयुक्त स्थानमा आवश्यक पूर्वाधारयुक्त, सुविधासम्पन्न र वातावरणीय दृष्टिकोणले अनुकूल हुने गरी औद्योगिक र व्यावसायिक क्षेत्रहरुको विकास गर्न,

६) जडिवुटी, पशुपालन, फलफुल खेती, आदिको विकासको लागि उपयुक्त क्षेत्रहरु पहिचान गरी मूलुकको समग्र आर्थिक विकासमा योगदान पुऱ्याउन,

७) पर्यटनको विकासका सम्भावना भएका क्षेत्रहरु पहिचान गर्न,

८) वन क्षेत्र, जलाधार क्षेत्र, संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, जैविक मार्ग लगायतका महत्वपूर्ण क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रहरुको संरक्षणबाट वातावरणीय सन्तुलन, पानीको स्रोतको संरक्षण, जैविक विविधताको संरक्षण र सम्बर्धन तथा जीवजन्तुहरुको सुरक्षित वासस्थानको विकासमा सहयोग पुऱ्याउन,

९) प्राकृतिक रुपमा वाढी, पहिरो, भू-क्षय आदिको जोखिम भएका क्षेत्रहरु पहिचान गरी ती क्षेत्रहरुमा उत्पन्न हुने प्रकोप न्यूनीकरण गर्न,

१०) उपयोगका आधारमा कर प्रणाली स्थापित गर्न ।

साथै नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र सहमतिको कार्यान्वयनको लागि समेत भू-उपयोग नीतिको आवश्यकता रहेको देखिन्छ । भू-उपयोग योजनाको महत्वलाई आत्मसात गरी यसको कार्यान्वयनमा जोड दिने महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजको रुपमा रहेको वातावरण र विकासका लागि आयोजित संयुक्त राष्ट्र संघीय सम्मेलन (United Nations Conference on Environment and Development. (Earth Summit) (रियो द जेनेरियो १९९२) को एजेण्डा २१ को कार्यान्वय गर्न, जैविक विविधता संरक्षण र मरुभूमिकरण विरुद्धको अभियान सञ्चालन गर्न, अन्तर्राष्ट्रियस्तरमा गरिएका सम्झौता कार्यान्वयन गर्न र सहस्राब्दी विकास लक्ष्यमा उल्लेख भएका प्रावधानहरु कार्यान्वयन गर्न भू-उपयोग नीति आवश्यक देखिन्छ । साथै संयुक्तराष्ट्र संघीय आवास कार्यक्रम (UNHABITAT) द्वारा परिलक्षित सवैका लागि सुरक्षित, मर्यादित

र सुविधा सम्पन्न आवासको व्यवस्था सम्बन्धी दीर्घकालीन सोचको सन्दर्भमा समेत देशको समग्र आर्थिक, सामाजिक र वातावरणीय विकासको लागि भू( उपयोग नीति तर्जुमा हुनु र सोको प्रभावकारी कार्यान्वयन गर्नु अत्यन्त आवश्यक रहेको छ ।

## ६. भू-उपयोग नीतिको दूरदृष्टि, परिदृष्य, लक्ष्य तथा उद्देश्यहरु

भू उपयोग नीतिका दूरदृष्टि, परिदृष्य, लक्ष्य तथा उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

### ६.१ दूरदृष्टि (Vision)

उपलव्ध भूमि तथा भूमिस्रोतको महत्तम (Optimum) उपयोग गरी देशको दिगो सामाजिक, आर्थिक तथा वातावरणीय विकास हासिल गर्ने ।

### ६.२ परिदृष्य (Mission)

राष्ट्रको दिगो सामाजिक, आर्थिक तथा वातावरणीय विकासका लागि भूमिको महत्तम उपयोग गरी उच्चतम प्रतिफल प्राप्त गर्न भूमिको वर्गीकरण गरी सो अनुरुप उपयोग, नियमन र व्यवस्थापन सुनिश्चित गर्ने ।

### ६.३ लक्ष्य (Goal)

६.३.१ देशको सम्पूर्ण भूमिलाई बनौट, क्षमता, उपयुक्तता र आवश्यकताका आधारमा वर्गीकरण गर्ने । सो बमोजिम उपयोगको लागि तहगत भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने कार्य आगामी १० वर्ष भित्र सम्पन्न गरिनेछ । नगरपालिका, जिल्ला सदरमुकाम, नगरोन्मुख गा.वि.स र मुख्य सडकहरुका आसपासका क्षेत्रहरुका हकमा उपर्युक्त कार्य आगामी ५ वर्ष भित्रमा सम्पन्न गरिनेछ ।

६.३.२ उपर्युक्त वर्गीकरणको आधारमा भूमिको उपयोग, नियमन र व्यवस्थापन सम्बन्धी नीतिमा समेटिएका विषयहरु कार्यान्वयनमा ल्याउनको निमित्त आगामी २ वर्ष भित्र आवश्यक संस्थागत तथा कानुनी व्यवस्था गरिनेछ ।

### ६.४ उद्देश्य (Objective)

यस नीतिका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन्:

६.४.१. भूमि तथा भूमिस्रोतको महत्तम उपयोगका लागि भूमिको वर्गीकरण गर्ने,

६.४.२ वर्गीकरणको आधारमा भूमिको संरक्षण, व्यवस्थापन र उपयोगलाई प्रोत्साहित गर्ने,

६.४.३ भूमिको खण्डीकरणलाई व्यवस्थित गर्ने तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्ने,

६.४.४ विकास र वातावरण बीच सन्तुलन कायम राख्ने,

६.४.५ भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय लगायत विशेष महत्वका क्षेत्रहरु रहेको भूमिको संरक्षण गर्ने,

६.४.६ भू-उपयोग नीतिलाई सम्बोधन गर्ने गरी भू उपयोग योजना तयार गर्ने,

६.४.७ उपयोगको आधारमा न्यूनतम मूल्यांकन एवम् भूमिकर प्रणाली निर्धारण गर्ने,

६.४.८ उपयोगमा नरहेको भूमिलाई समुचित प्रयोगमा ल्याउने व्यवस्था मिलाउने ।

## ७. नीति (Policy)

**७.१ भूमि तथा भूमिस्रोतको महत्तम उपयोगका लागि भूमिलाई देहायका क्षेत्रहरुमा वर्गीकरण गरी सो बमोजिम उपयोगमा ल्याइनेछ ।**

क) कृषि क्षेत्र

ख) आवासीय क्षेत्र

ग) व्यावसायिक क्षेत्र

घ) औद्योगिक क्षेत्र

ङ) वन-क्षेत्र

च) सार्वजनिक उपयोगको क्षेत्र

छ) आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रहरु

स्पष्टीकरणः उपर्युक्त क्षेत्रहरुको परिभाषा तथा क्षेत्र निर्धारणका आधार तथा मापदण्ड अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**७.२ वर्गीकरणको आधारमा भूमिको संरक्षण, व्यवस्थापन र उपयोग गर्न प्रोत्साहित गर्ने सम्बन्धमा देहायका नीतिहरु अवलम्बन गरिनेछः**

७.२.१ तोकिएको वर्गीकरणको आधारमा मात्र भूमिको उपयोग गरिने छ।

७.२.२ कृषि भूमिलाई बाँझो राख्ने प्रवृत्ति र उर्वर जग्गाको गैर कृषि प्रयोगलाई निरुत्साहित गरिनेछ।

७.२.३ राज्यको कूल भू-भागको कम्तिमा ४०% भू-भागमा वन क्षेत्र कायम गर्न सरकारी जग्गाको संरक्षण गरिनेछ ।

७.२.४ औद्योगिक नीति लगायतका आर्थिक नीतिसंग तालमेल हुने गरी उद्योग, आवास, कृषिको विकास गर्न निजी क्षेत्र आएमा राज्यले राष्ट्रिय भू-उपयोग नीति र स्थानीय भू-उपयोग योजना अनुरुप हुने गरी आवश्यक सहयोग गर्नेछ।

७.२.५ पूर्वाधार विकासका लागि आवश्यकता हेरी राज्यले जुनसुकै प्रकारको भूमि नियमानुसार अधिग्रहण गरी उपयोग गर्न सक्नेछ ।

**७.३: भूमिको खण्डीकरणलाई व्यवस्थित गर्न तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्न देहायका नीतिहरु अवलम्बन गरिनेछः**

७.३.१ कृषि भूमिको चक्लाबन्दी तथा विकास निर्माणको लागि जग्गा प्राप्ति गर्न व्यवस्थित जग्गा एकीकरण (Land Pooling) को अवधारणालाई अवलम्बन गरिनेछ।

७.३.२ जग्गाको अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गरिनेछ।

७.३.३ आवश्यकता अनुसार उपयुक्त स्थानमा आवास क्षेत्रको विकास तथा शहरीकरणलाई प्रोत्साहित एवम् व्यवस्थित गरिनेछ।

७.३.४ तोकिएको मापदण्ड विपरीत प्राकृतिक स्वरुपमा परिवर्तन हुने गरी गरिने भूमिको उपयोगलाई निरुत्साहित गरिनेछ ।

**७.४ विकास र वातावरणबीच सन्तुलन कायमराख्न देहाय अनुसारका नीतिहरु अवलम्बन गरिनेछः**

७.४.१ शहरी क्षेत्रमा न्यूनतम हरित तथा खुल्ला क्षेत्र निर्धारण गरिनेछ।

७.४.२ वातावरणका दृष्टिले संवेदनशिल क्षेत्रको पहिचान तथा संरक्षण गरिनेछ।

७.४.३ भूमि, वातावरण र विकासवीच सन्तुलन कायम राख्दै जैविक विविधताको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।

७.४.४ जलवायू परिवर्तनको असरलाई समेत ध्यानमा राखी दिगो विकासका सिद्धान्तका आधारमा विकास निर्माणका कार्यहरु संचालन गरिनेछन् ।

७.४.५ प्राकृतिक प्रकोपको दृष्टिकोणले जोखिमयुक्त क्षेत्रमा वसोवास गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

**७.५ भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय लगायत विशेष महत्वका क्षेत्रहरु रहेको भूमिको संरक्षण गर्ने सम्बन्धमा देहायका नीतिहरु अवलम्बन गरिनेछः**

७.५.१. विश्वसम्पदा सूचीमा रहेका क्षेत्रहरुको संरक्षण गरिनेछ ।

७.५.२. विभिन्न ऐतिहासिक, धार्मिक, पर्यटकीय एवम् सांस्कृतिक महत्वका क्षेत्रहरुको पहिचान, संरक्षण तथा विकास गरिनेछ ।

**७.६ भू-उपयोग नीतिलाई सम्बोधन गर्ने गरी भू-उपयोग योजना तयार गर्ने सम्बन्धमा देहायका नीतिहरु अवलम्बन गरिनेछः**

७.६.१ तहगत भू-उपयोग योजना तयार गरी लागू गरिनेछ ।

७.६.२ कुनै पनि विकास निर्माणका कार्यहरु संचालन गर्दा भू-उपयोग योजना अनुकूल हुनेगरी कार्यान्वयन गरिनेछ ।

७.६.३ भू-उपयोगका बारेमा सचेतना अभिवृद्धि गर्न शैक्षिक पाठ्यक्रममा भू-उपयोग सम्वन्धी विषयबस्तु समाबेस गरिनेछ ।

**७.७ भू-उपयोगको आधारमा न्यूनतम मूल्यांकन तथा भूमिकर प्रणाली निर्धारण गर्ने सम्बन्धमा देहायका नीतिहरु अवलम्बन गरिनेछः**

७.७.१ तोकिएको क्षेत्र र उपयोग समेतका आधारमा जग्गाको न्यूनतम मूल्यांकन तथा करको दर निर्धारण गरिनेछ ।

७.७.२ तोकिएको प्रयोजनमा जग्गाको उपयोग नगर्ने प्रवृतिलाई निरुत्साहित गर्न थप कर लगाउनुका साथै राज्यबाट उपलब्ध गराइने सेवा-सुविधामा समेत कटौती गरिनेछ ।

**७.८ उपयोगमा नरहेको भूमिलाई समुचित प्रयोगमा ल्याउने व्यवस्था मिलाउन देहायका नीतिहरु अवलम्बन गरिनेछः**

७.८.१. समुचित उपयोगमा नरहेको वा कुनै उपायबाट प्राप्त गर्न सकिने जग्गालाई अधिकतम लाभ हासिल हुने गरी उपयोग गरिनेछ।

७.८.२ तोकिएको भू-उपयोगको क्षेत्रमा परेको तर सो वमोजिम उपयोग हुन नसकेको जमीनलाई अन्य उपयोगमा ल्याउने नीति अवलम्बन गरिनेछ।

## ८. रणनीति तथा कार्यनीति

**८.१ भूमिको वर्गीकरण गर्ने सम्बन्धी नीति कार्यान्वयनमा ल्याउन देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछः**

८.१.१ देहायका आधारहरुमा भूमिको वर्गीकरण गरिनेछः

क) भू-बनौट, क्षमता र उपयुक्तताको आधारः

भू-बनौट, क्षमता र उपयुक्तताको आधारमा भूमिको महत्तम लाभ हासिल गर्न भू-उपयोग क्षेत्र निर्धारण (Land Use Zoning) गरिनेछ।

ख) मौजुदा भू-उपयोगको आधारः

उपयुक्तताको आधारमा भू(उपयोगको वर्ग तोक्न सक्ने अवस्था नरहेमा हाल भै रहेको उपयोगको आधारलाई दृष्टिगत गरी भूमिको वर्गीकरण गरिनेछ।

ग) आवश्यकताको आधार

सार्वजनिक हित तथा विकास निर्माण कार्यको लागि कुनै जग्गालाई तोकिएको भन्दा फरक उपयोगको लागि प्रयोगमा ल्याउनु पर्ने भएमा राज्यले त्यस्तो जग्गा तोकिएको प्रक्रिया पुऱ्याई अन्य उपयोगको लागि प्रयोग गर्न सक्नेछ।

८.१.२ उच्च पहाडी भेगको भूमिलाई मूल्यवान जडिवुटी तथा फलफूल खेती र पशुपालनको लागि चरन क्षेत्रको विकास गर्न प्रोत्साहन गरिनेछ।

८.१.३ हिमाली क्षेत्र र उच्च पहाडी क्षेत्रमा छरिएर रहेका वस्तीहरुलाई सुविधाजनक क्षेत्रमा वस्ती विकास कार्यक्रम लागू गरी एकत्रित रुपमा सारी खाली हुन गएका क्षेत्रलाई भूमिको उर्वराशक्ति र उपयुक्तताका आधारमा कृषि, जडिबुटी, वन, खानी, पर्यटन आदि क्षेत्रमा विकास गरिनेछ ।

८.१.४ सिंचाई सुविधा भएका तथा विकास गर्न सकिने तराईं तथा पहाडी क्षेत्रको भूमिमा भू-संरक्षणको प्रविधि समेतलाई ध्यानमा राखी उपयुक्त कृषिवाली लगाउन प्रोत्साहित गरिनेछ ।

८.१.५ अव्यवस्थित र अनियन्त्रित रुपमा भई रहेको औद्योगिक एवम् वाणिज्य व्यवसाय क्षेत्रको विस्तारलाई नियन्त्रण गरी निश्चित क्षेत्रमा व्यवस्थित, वैज्ञानिक र वातावरणीय दृष्टिले अनुकूल हुने गरी विकास र विस्तार गरिनेछ । औद्योगिक क्षेत्र, विशेष आर्थिकक्षेत्र, विशेष निर्यात क्षेत्र, औद्योगिक कोरिडोर आदिलाई योजनाबद्ध एवम् व्यवस्थित ढंगले विकास एवम् विस्तार गरिनुको साथै आवासीय क्षेत्रबाट निश्चित दूरिमा मात्र विकास गर्ने व्यवस्था गरिनेछ ।

८.१.६ भूमिहीन लगायत भूमिमा पहुँच न्यून रहेका वर्गलाई आवासको सुनिश्चितताको लागि राज्यले विशेष क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गर्नेछ ।

**८.२ वर्गीकरणको आधारमा भूमिको संरक्षण, व्यवस्थापन र उपयोग गर्न प्रोत्साहित गर्ने सम्बन्धी नीतिहरु कार्यान्वयनमा ल्याउन देहायका रणनीतिहरु तथा कार्यनीतिहरु अवलम्बन गरिनेछः**

८.२.१ वर्गीकरणका आधारमा मात्र भूमिको उपयोग गर्न सम्बन्धित सवैको लागि सूचना जारी गरिनेछ ।

८.२.२ मनासिव कारणले भूमिको उपयोगमा परिवर्तन गर्नु पर्ने भएमा नीतिगत तथा संस्थागत व्यवस्था गरी सोको स्वीकृतिबाट मात्र गर्न सकिने व्यवस्था गरिनेछ । आवश्यक प्रक्रिया नपुऱ्याई जमिनको उपयोगमा परिवर्तन गरेको पाइएमा साविककै उपयोगमा ल्याइनुका साथै कानून बमोजिम दण्ड सजाय गरिनेछ ।

८.२.३ कृषि पेशालाई व्यवसायीकरण गर्न व्यावसायिक खेती, सहकारी खेती, करार खेती जस्ता खेती प्रणालीहरु अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।

८.२.४ मनासिव कारण वेगर ३ (तीन) वर्षसम्म कृषि क्षेत्रमा पर्ने जग्गा वा अन्य प्रयोजनको लागि निर्णय गराई उपयोगमा नल्याइएको बाँझो कृषियोग्य जग्गालाई कानून बमोजिम राज्यले प्राप्त गरी तोकिएको सार्वजनिक हितको कार्यमा लगाउन सक्नेछ ।

८.२.५ कृषि उपयोगको वर्गीकरणमा परेको जमिनमा खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने अनुदान, सुविधा र सहयोग कटौती गरी थप कर लगाउन सक्नेछ ।

८.२.६ कृषिभूमिको क्षमता अनुसार वर्गीकरण गरी सो अनुरुप बाली लगाउन प्रोत्साहन गरिनेछ ।

८.२.७ कृषियोग्य जमिनको गैर कृषिक्षेत्रमा हुने परिवर्तनलाई निरुत्साहित गर्न तथा कृषिक्षेत्रलाई संरक्षण र सम्वर्द्धन गर्नको लागि राज्यले कानुनी व्यवस्था गरी तथा मापदण्ड निर्धारण गरी अनुदान, क्षतिपूर्ति तथा सहुलियतको व्यवस्था गर्न सक्नेछ ।

८.२.८ वन-क्षेत्रको सीमांकन गरी हरित पूर्जा तयार गरिनेछ ।

८.२.९ वन-क्षेत्रको लागि निर्धारण गरिएको जग्गालाई अन्य प्रयोजनमा ल्याउन नपाइने व्यवस्था मिलाइनेछ । विकास निर्माणको कार्यको लागि वन-क्षेत्रको जग्गाको प्रयोग गर्नै पर्ने भएमा कम्तिमा सोही क्षेत्रफल बरावर अन्यत्र वनक्षेत्रको विकास गर्न आयोजनाको बजेट मैं व्यवस्था गर्ने र सो बमोजिम वन-क्षेत्र विकास गर्ने व्यवस्थालाई लागू गरिनेछ । यस्तो अवस्थामा वन(क्षेत्रको एक रुख काट्नु पर्दा अन्यत्र कम्तिमा २५ रुख रोप्नु पर्ने व्यवस्थालाई अझ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

८.२.१० हैसियत विग्रको वन-क्षेत्रमा बृक्षारोपण गरी प्रचलित वन ऐन अनुरुप व्यबस्थापन गरिनेछ ।

८.२.११ उचित प्रयोगमा नरहेका सरकारी, सार्वजनिक जग्गा तथा नदी उकासमा वृक्षारोपण गरी वन-क्षेत्रको विकास गरिनेछ ।

८.२.१२ भू-उपयोग योजना कार्यान्वयन गर्न सघाउ पुऱ्याउने निजीक्षेत्रलाई राज्यले प्रोत्साहन गर्नेछ ।

८.२.१३ पहाडी तथा हिमाली क्षेत्रका उत्पादकत्व न्यून रहेका तथा वन क्षेत्रको बीचमा रहेका बस्तीका जग्गाका जग्गाधनीहरुलाई वातावरणीय सन्तुलनमा प्रतिकूल असर नपर्ने गरी हैसियत विग्रेका तर कृषि प्रयोजनमा उपयुक्त हुनसक्ने वन वा अन्य क्षेत्रमा साविकमा निजले चर्चेको जग्गाको समग्र लाभमा कम नहुनेगरी जग्गा उपलव्ध गराई स्थानान्तरण गराउन र निजको साविकको जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ ।

८.२.१४ खनिज, तेल, ग्याँस, पानीको मुहान आदि जस्ता महत्वपूर्ण प्राकृतिक स्रोतको संरक्षण गर्न जुनसुकै वर्गीकरणमा रहेको भए तापनि राज्यले उचित क्षतिपूर्ति दिई लिन सक्नेछ ।

**८.३: भूमिको खण्डीकरणलाई व्यवस्थित गर्ने तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्न लिइएका नीतिहरु कार्यान्वयन गर्न देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछः**

८.३.१ कृषि क्षेत्रको रुपमा प्रयोग गरिएको जमिनलाई चक्लावन्दी गर्न प्रोत्साहन गरिनेछ ।

८.३.२ विकास निर्माणका आयोजना संचालन गर्न, व्यवस्थित आवासीय क्षेत्रको विकास गर्न, औद्योगिक क्षेत्रको विकास गर्न जग्गा एकीकरण (Land Pooling) कार्यक्रम संचालन गरिनेछ ।

८.३.३ उपयोगको आधारमा जग्गाको न्यूनतम क्षेत्रफल तोकी सो भन्दा सानो टुक्रामा जग्गाको खण्डीकरण गर्न नपाउने व्यवस्था गरिनेछ ।

८.३.४ नगर, नगरोन्मुख गाउँ तथा अन्य आवास क्षेत्रको विकास र विस्तार गर्दा भौतिक पूर्वाधारको दृष्टिले उपयुक्त भूमिलाई ग्राह्यता दिइनेछ ।

८.३.५ भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन गर्ने सम्बन्धमा मापदण्ड निर्माण गरिनेछ । यसरी तोकिएको मापदण्ड विपरीत भूमिको स्वरुपमा परिवर्तन हुने गरी उपयोग गरिएको पाइएमा साविक स्वरुपमा कायम गर्न लगाइनेछ ।

**८.४ विकास र वातावरणबीच सन्तुलन कायम राख्न लिइएका नीतिहरु कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछ :**

८.४.१ हरित शहरको विकासका लागि स्थानीय निकायसंग सहकार्य गरी राज्यले विशेष कार्यक्रम संचालन गर्नेछ । शहरी क्षेत्रमा निश्चित प्रतिशत जग्गामा अनिवार्य रुपमा रुख रोप्ने व्यवस्था मिलाइनेछ ।

८.४.२ स्थानीय निकायको समेत साधनस्रोत परिचालन गरी शहरीक्षेत्रमा आवश्यक मात्रामा खुल्ला क्षेत्र, पार्क, उद्यान, खेलमैदान, मनोरञ्जन स्थल, आदिको विकासमा जोड दिइनेछ ।

८.४.३ सडक, पोखरी र नहरको दायाँ बायाँ हरित क्षेत्र (Green Belt) निर्माणको लागि प्रोत्साहन गरिने छ । यसको संरक्षण र व्यवस्थापन स्थानीय निकायले गर्नेछ ।

८.४.४ पहाडी क्षेत्रमा हुने भू-स्खलनको कारण तराई तथा बेशी क्षेत्रमा आउने बाढी पहिरोबाट हुने नोक्सानीलाई नियन्त्रण गर्न ती क्षेत्रहरूको पहिचान गरी संरक्षणको प्रभावकारी व्यवस्था मिलाइनेछ ।

८.४.५ भौगोलिक एवं पर्यावरणीय विविधता कायम राख्न बढ्दो भू( स्खलन, भू-क्षय तथा उच्च जनसंख्या वृद्धि र बसाइसराईका कारण जमिनमा परिरहेको प्रतिकूल प्रभावलाई नियन्त्रण गर्न जोड दिइनेछ ।

८.४.६ भू-क्षयका दृष्टिले ज्यादै संवेदनशील क्षेत्रहरूको संरक्षण गर्न निजी स्वामित्वको जग्गा भएमा निजि वन तथा सरकारी वा सार्वजनिक भएमा संरक्षणमुखी सामुदायिक वनको विकासका निम्ति प्रोत्साहन गरिनेछ ।

८.४.७ जलाधार क्षेत्र, सीमसार क्षेत्र, संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा आरक्ष, चरन आदि क्षेत्रको संरक्षण गर्न विशेष व्यवस्था गरिनेछ ।

८.४.८ तराईको जलाधारक्षेत्रको रुपमा रहेको चुरे तथा भावर क्षेत्रको संरक्षण गर्न विशेष योजना बनाई कार्यान्वयन गरिनेछ । यस क्षेत्रको जमिन संवेदनशील भएकोले यसको संरक्षणको लागि प्रतिकूल असर पार्ने गरी छरिएर रहेका मानव बस्तीलाई क्रमशः स्थानान्तरण गर्न एकीकृत बस्ती विकासका लागि कार्यक्रमहरु ल्याइनेछन् ।

८.४.९. पहाडी क्षेत्रमा सडक विस्तार गर्दा पर्यावरणको संरक्षणलाई मध्यनजर गरी सुरुङमार्ग वा रज्जुमार्गको निर्माणलाई प्रोत्साहन गरिनेछ ।

८.४.१० जैविक मार्ग रहेको वा रहने सम्भावना भएका वन समेतका क्षेत्रलाई संरक्षित वनको रुपमा विकास गरिनेछ तथा वन क्षेत्र, घाँसे मैदान, वन्यजन्तुको वासस्थानको संरक्षण गरिनेछ ।

८.४.११ नदीनाला, तालतलैया र सीमसार क्षेत्रको विवरण तयार गरी, जैविक तथा पर्यटकीय हिसावले निश्चित दूरीसम्म प्रवेश निषेध क्षेत्र (No go zone) को रुपमा विकास गरिनेछ ।

८.४.१२ प्रकोपको संभावना बढी भएका क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण हुन प्रोत्साहन गरिनुका साथै त्यस्ता क्षेत्रमा बस्तीविकास तथा पूर्वाधार विकास गर्न निरुत्साहित गरिनेछ ।

**८.५ भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय लगायत विशेष महत्वका क्षेत्रहरुको संरक्षणगर्ने सम्बन्धी नीतिलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछः**

८.५.१ विश्वसम्पदा सूचीमा परेका क्षेत्रको भूमिलाई अवरोध र असर पर्ने गरी उपयोग वा सोमा परिवर्तन गर्न नपाइने व्यवस्था मिलाइनेछ ।

८.५.२ भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, सामरिक एवम्

वातावरणीय दृष्टिकोणले विशेष महत्व रहेका क्षेत्रहरुको भूमिलाई अन्य प्रयोजनमा उपयोग गर्न नपाइने व्यवस्था मिलाइनेछ ।

८.५.३ पर्यटकीय क्षेत्रको भूमिको उपयोग गर्दा सो क्षेत्रको मौलिकता (निर्माण हुँदा जे जस्तो अवस्थामा थियो सोही अवस्था) मा असर नपर्ने गरी गरिनेछ ।

८.५.४ नदीनालाहरुको प्राकृतिक वहाव, सीमा र मापदण्डलाई असर पर्ने गरी भूमिको प्रयोग गर्न नपाइने व्यवस्था मिलाइनेछ । तर मुलुकलाई ठूलो लाभ पुग्ने विकास निर्माणका कार्यहरुका लागि योजना बनाई कार्यान्वयन गर्न यस प्रावधानले वाधा पुऱ्याएको मानिने छैन ।

८.५.५ ताल तलैया, सरकारी, सार्वजनिक पोखरी जस्ता सीमसार क्षेत्रहरुको सीमा अतिक्रमण नहुने तथा गुणस्तरमा ह्रास नहुने गरी यसको प्राकृतिक उपयोग र पर्यटन प्रवर्धनको कार्यमा वाहेक अन्य प्रयोजनमा उपयोग गर्न नपाइने व्यवस्था मिलाइनेछ ।

८.५.६ सरकारी सार्वजनिक जग्गाको संरक्षण तथा सदुपयोग गर्न यस्ता जग्गाको यथार्थ अभिलेख तयार गरी सोको कार्ययोजना बनाई कार्यान्वयन गर्न अधिकार सम्पन्न स्थायी संयन्त्र बनाइने छ । यस्ता जग्गाहरु कुनै पनि संघ संस्था वा व्यक्तिलाई भोगाधिकार दिइने छैन तथा यी जग्गाहरुको संरक्षण र उपयोग गर्ने सम्वन्धमा स्थानीय निकायलाई समेत जिम्मेवार वनाइनेछ ।

**८.६ भू-उपयोग योजना तयारगर्ने सम्बन्धी नीतिहरु कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछः**

८.६.१ भू-उपयोग नीतिलाई कार्यान्वयनमा ल्याउनको निमित्त विभिन्न तह (केन्द्र, जिल्ला, नगरपालिका वा गा.वि.स.स्तर) मा भू-उपयोग योजनाहरु तर्जुमा गरिनेछन् ।

८.६.२ तहगत भू-उपयोग योजना तर्जुमा गर्दा माथिल्लो तहको योजना अनुकूल हुने गरी तर्जुमा गर्नुपर्नेछ । केन्द्रीय निकायले स्थानीय निकायलाई भू-उपयोग योजना तयार गर्न आवश्यक सुझाव, निर्देशन र प्राविधिक सहयोग प्रदान गर्न सक्नेछ ।

८.६.३ भू-उपयोग योजना तयार गर्नका लागि आवश्यक विभिन्न सूचनाहरु संकलन गरी भू-उपयोग नक्साहरु तयार गरिनेछन् ।

८.६.४ भू-उपयोग योजना तर्जुमा गर्दा सरकारी तथा सार्वजनिक निकायका साथै निजी क्षेत्रको सहभागिता सुनिश्चित हुने गरी समन्वयात्मक रुपमा गरिनेछ ।

८.६.५ भू-उपयोग योजना तर्जुमा गर्दा उत्पादकत्व, वातावरण सन्तुलन तथा संरक्षण, सामाजिक, आर्थिक समृद्धि, गरिवी निवारणजस्ता विषयलाई आवद्ध गरिनेछ ।

८.६.६ भू-उपयोग योजनाहरुलाई प्रत्येक पाँच वर्षमा राष्ट्रिय आवधिक योजनासंग आवद्ध गरी पुनरावलोकन गरिनेछ ।

८.६.७ विकास निर्माणका योजना बनाउँदा तथा कार्यक्रम संचालन गर्दा सम्बन्धित क्षेत्रको भू-उपयोग योजनालाई आधारका रुपमा लिइनेछ ।

८.६.८ माध्यमिक तहसम्मको पाठचक्रममा भू(उपयोग सम्बन्धी विषयलाई समावेश गरी अध्ययन-अध्यापन गराइने व्यवस्था मिलाइनेछ ।

**८.७ भू-उपयोगको आधारमा कर प्रणाली कार्यान्वयनगर्न देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछ ।**

८.७.१ उपयोगको आधारमा घरजग्गाको न्यूनतम मूल्यांकन तथा कर प्रणाली निर्धारण गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

८.७.२ घर-घडेरी वापत तोकिएको संख्या तथा क्षेत्रफल भन्दा वढी जग्गा राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न त्यस्तो बढी संख्या वा क्षेत्रफलको जग्गामा वढी भूमिकर लगाइनेछ ।

८.७.३ खाद्यसुरक्षाको प्रत्याभूतिका लागि कृषि प्रयोजनको लागि उपयोग भएको भूमिमा कर सहुलियत दिइनेछ । अन्य क्षेत्रका हकमा उपयोग र लाभ समेतका आधारमा कर लगाइनेछ ।

८.७.४ उचित तथा मनासिव कारण वेगर तोकिएको उपयोगमा नरहेको जग्गामा उच्च दरमा कर लगाइनेछ ।

८.७.५ वहुतले आवासीय भवन तथा व्यवस्थित आवास योजना संचालन गरी आवास सुविधा उपलव्ध गराउने संस्था तथा प्रयोगकर्तालाई प्रोत्साहित गरिनेछ ।

**८.८ उपयोगमा नरहेको भूमिलाई उचित प्रयोगमा ल्याउने व्यवस्था मिलाउन लिइने नीतिहरु कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछः**

८.८.१ उचित उपयोगमा नरहेको सरकारी, सार्वजनिक तथा गुठी जग्गालाई आवश्यकता अनुसार सार्वजनिक हितमा प्रयोग गरिनेछ ।

८.८.२ उपयोगमा नआएका जमीनलाई व्यावसायिक खेती, पर्यटन प्रवर्द्धन, मनोरञ्जनस्थल, खेलकुदस्थल आदिका रुपमा उपयोगमा ल्याउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

८.८.३ नदीको प्राकृतिक वहावलाई कायम राख्ने गरी तटबन्ध गरी उकास हुन आएको जग्गालाई उपयुक्तता अनुसार कृषिवन, पर्यटन, सडक आदिमा उपयोग गरिनेछ ।

८.८.४ हैसियत बिग्रेका वन तथा प्राकृतिक सम्पदा (जलाशय, ताल, पोखरी, नदी, नाला, घोल, सीमसार क्षेत्र आदि) को हैसियत सुधार गरी जैविक विविधताको संरक्षण, सम्बर्द्धन र उपयोग गरिने छ ।

८.८.५ तोकिएको भू-उपयोगको क्षेत्रमा परेको तर विशेष कारणवश सो वमोजिम उपयोग हुन नसकेको जमीनलाई पूर्व स्वीकृति लिई उपयुक्तताको आधारमा अन्य उपयोगमा समेत ल्याउन अनुमति दिन सकिनेछ ।

## ९. संस्थागत संरचना

भू-उपयोग नीति कार्यान्वयनको लागि प्रभावकारी संगठन(संरचना आवश्यक हुने भएकोले केन्द्रमा भू-उपयोग परिषदको गठन र भू-उपयोग व्यवस्थापन विभागको गठन तथा स्थानीयस्तरमा जिल्लास्तरीय भू-उपयोग कार्यान्वयन समिति र गा.वि.स. वा न.पा. स्तरीय भू-उपयोग कार्यान्वयन समितिको गठन गरिनेछ। उल्लिखित संगठन-संरचना तथा कार्य विवरण सम्बन्धी

विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएकोछ ।

## १०. आर्थिक पक्ष

भू-उपयोग योजना कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यक पूर्वाधारको व्यवस्थाका लागि नक्शा तथा भौगोलिक सूचनाहरुको उत्पादन, भू-उपयोग क्षेत्रहरुको निर्धारण, भू-उपयोग योजना तर्जुमा, सांगठनिक तथा कानूनी व्यवस्था, दक्ष जनशक्तिको आपूर्ति जस्ता विविध कार्यहरु गर्नुपर्ने भएकोले यसका लागि ठूलो मात्रामा साधनस्रोत आवश्यक पर्ने हुन्छ । यो आवश्यकता परिपूर्ति गर्न मुलुकको आन्तरिक स्रोतका साथै थप वाह्य स्रोत समेत आवश्यक पर्ने देखिन्छ । तसर्थ भू-उपयोग नीति तर्जुमा भए पछि कार्यान्वयनको लागि बनाइने योजना तथा कार्यक्रम संचालनगर्न आवश्यक पर्ने आर्थिक स्रोतको पहिचान तथा व्यवस्था तत् तत् समयमा नै गर्नु पर्ने देखिन्छ ।

## ११. कानुनी व्यवस्था

प्रस्तुत नीति कार्यान्वयनमा ल्याउन नीति अन्तर्गत रही २ वर्ष भित्र ऐन, नियम, निर्देशिका निर्माण गरी कानुनी व्यवस्था सुदृढ गर्नु पर्ने हुन्छ । यसका लागि आवश्यकता अनुसार निम्न कार्यहरु गरिनेछन् ।

- क्षेत्रगत रुपमा छरिएर रहेका भूमिसम्वन्धी कानुनहरूलाई समयसापेक्ष सुधार तथा परिमार्जन सहित एकीकृत गरी लागू गरिनेछ ।
- भू-उपयोग सम्बन्धी वर्तमान कानुनी व्यवस्थामा समय सापेक्ष सुधार एवं परिमार्जन गरी लागू गरिनेछ ।
- भूमिसम्बन्धी सम्पूर्ण क्रियाकलापहरुलाई निर्देशित गर्नसक्ने राष्ट्रिय भू-उपयोग निर्देशिका तर्जुमा गरी लागू गरिनेछ ।

## १२. अनुगमन तथा मूल्याङ्कन

प्रस्तुत नीतिको कार्यान्वयनबाट अपेक्षित प्रतिफल तथा उद्देश्य हासिल भए नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न अनुच्छेद १० अन्तर्गतका परिषद, समिति तथा विभागले सम्बन्धित सबै निकायहरूसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नेछन् । यस नीतिको प्रभाव मूल्यांकन राष्ट्रिय योजना आयोगले गर्नेछ ।

## १३. जोखिम

प्रस्तुत भू-उपयोग नीति एकीकृत रुपमा तर्जुमा गरी प्रथम पटक कार्यान्वयनमा आउन लागेकाले यसको कार्यान्वयनमा विभिन्न अवरोधहरु आउन

सक्ने देखिन्छन् । यस सन्दर्भमा नीतिको सहज एवम् सफल कार्यान्वयनका प्रमुख जोखिमहरु निम्नानुसार रहने देखिएका छन् :

- यस नीतिले विभिन्न क्षेत्रहरु समेटने भएकोले ती क्षेत्रहरुको आकांक्षा सम्बोधन हुन नसकेमा कार्यान्वयनका क्रममा असहयोग वा प्रतिरोध हुन सक्ने सम्भावना रहेको छ ।
- यस नीतिको कार्यान्वयनको लागि केन्द्र तथा स्थानीय तहमा उच्चस्तरको राजनीतिक प्रतिबद्धता एवम् प्रशासनिक कटिबद्धता आवश्यक पर्ने भएकोले यसको अभावमा नीति कार्यान्वयनमा कठिनाई पर्ने सम्भावना रहेको छ ।
- नीति तथा सो बमोजिम निर्धारण गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि आन्तरिक स्रोतसाधन पर्याप्त नहुने देखिंदा वैदेशिक सहयोग परिचालनको लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।
- भूमिको उपयोगमा कुनै किसिमको नियन्त्रण नरहेको वर्तमान अवस्थामा सर्वस्वीकार्य हुनेगरी नियन्त्रणमुखी भू-उपयोग योजनाहरुको कार्यान्वयन प्रमुख जोखिमको रुपमा रहेको छ ।
- भू-उपयोगको क्षेत्र वहुपक्षीय सरोकारको विषय भएकोले सरोकारवाला निकायहरुको सहयोग विना यसको कार्यान्वयन प्रभावकारी हुन सक्तैन ।
- यो नीति कार्यान्वयन गर्नको लागि उपयुक्त कानूनी व्यवस्था, संस्थागत संरचना, दक्ष जनशक्तिको उपलव्धता र सक्षम व्यवस्थापकीय क्षमताको आवश्यकता पर्दछ ।

## १४. नीतिमा परिमार्जन

१४.१ भूमिसम्बन्धी विषय समेटने यो प्रमुख नीति हो । यस नीति अनुकूल नभएका ऐन, नियम तथा नीतिहरु यो नीति लागू भएको २ वर्ष भित्र सम्बन्धित निकायले यो नीति अनुरुप हुनेगरी संशोधन एवं परिमार्जन गर्नु पर्नेछ ।

१४.२ भू-उपयोग नीतिलाई प्रत्येक १० वर्षमा पुनरावलोकन एवं परिमार्जन गरिनेछ ।

## १५. बाधा, अड्काउ फुकाउने

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै समस्या उत्पन्न भएमा नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयले वाधा अडकाउ फुकाउन सक्नेछ ।

# अनुसूची १ः परिभाषा तथा क्षेत्र निर्धारणका आधार एवम् मापदण्ड

## १.१ परिभाषा

### (क) कृषि क्षेत्र

"कृषि क्षेत्र" भन्नाले कृषि उत्पादन (अन्न बाली, नगदे बाली, बागवानी, आदि), पशुपालन, मत्स्यपालन, निजी जग्गामा भएका वृक्षारोपण वा वनबाटिका समेत भएका वा हुनसक्ने जग्गालाई जनाउँछ ।

### (ख) बसोवास क्षेत्र

"बसोवास क्षेत्र" भन्नाले मानिसले वासस्थानको लागि प्रयोग गरेका घर रहेका जग्गालाई जनाउँछ र सो शब्दले घरसंग जोडिएको वा नजोडिएको भए तापनि गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा समेतलाई जनाउने छ । यो शव्दले कुनै निश्चित क्षेत्रलाई सरकारले बसोवासका लागि घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउने छ ।

### (ग) व्यावसायिक क्षेत्र

"व्यावसायिक क्षेत्र" भन्नाले पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदाम, सिनेमा घर वा स्वास्थ्य, संचार वा मनोरञ्जन सम्बन्धी सेवा वा वस्तुको खरिद विक्री हुने स्थान वा कुनै साहित्यिक, वैज्ञानिक वा प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था वा अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएका घरले चर्चेका जग्गा तथा सो प्रयोजनको लागि छुट्ट्याइएका जग्गा, तथा पर्यटकीय क्षेत्रले चर्चेका जग्गा समेतलाई जनाउँछ । यो शव्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार तथा नयाँ शहर निर्माण गर्ने गरी सरकारले घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउँनेछ ।

### (घ) औद्योगिक क्षेत्र

"औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल (वर्कसप) वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो संचालन गर्ने प्रयोजनको लागि रहेका घर, टहराहरुले चर्चेका जग्गा लगायत सो प्रयोजनको लागि छुट्ट्याइएका जग्गालाई जनाउँछ । यो शव्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले सरकारले घोषणा गरी तोकेको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँनेछ ।

**(ङ) वन–क्षेत्र**

"वन-क्षेत्र" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख तथा वनस्पतिले ढाकेको, माथि उल्लिखित कुनै क्षेत्र अन्तर्गत नपर्ने सरकारी, सामुदायिक, कवुलियती, लगायत सवै प्रकारका वन्य क्षेत्र लाई जनाउँछ । यो शव्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा वन क्षेत्र विस्तारको लागि सरकारले घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउँनेछ ।

**(च) सार्वजनिक उपयोगको क्षेत्र**

"सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले स्कूल, कलेज, छात्रावास, धर्मशाला, धार्मिक क्षेत्र, अन्त्येष्टिस्थल, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, एयरपोर्ट, गौचर तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका घर, टहरा, स्थान तथा ती स्थानले चर्चेका जग्गाहरुलाई जनाउँछ । यो शव्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनी सरकारले घोषणा गरी तोकेको क्षेत्रलाई समेत जनाउँनेछ ।

**१.२ भू–उपयोगको क्षेत्र निर्धारणका आधार र मापदण्ड**

**क) कृषिक्षेत्र**

देहाय बमोजिमको प्रयोगमा भएको जग्गालाई कृषिक्षेत्रमा वर्गीकरण गरिनेछ ।

१. वार्षिक रुपमा उत्पादन हुने खाद्यान्न वा तेलहन वा कोसेवाली वा हरियो तरकारी वा सागसब्जी लगाइएको जग्गा र सो जग्गाको डिल, छेउ, आली, कान्ला समेतका जग्गाहरु ।

२. खनजोत गरी खेती लगाउन तयार गरिएको जग्गा वा खनजोत गरी तयार गरिएमा खेती लगाउन उपयुक्त हुन सक्ने आवाद लायक पर्ती वा बाँझो जग्गाहरु ।

३. बागवानी वा फलफूलको बगैंचा वा सो को नर्सरी, फूलको बगैंचा वा सो को नर्सरी, वा सो को वीज उत्पादन गरिएका जग्गाहरु वा मसलाजन्य वस्तुहरुको खेती वा सघन खेती गरिएका जग्गाहरु ।

४. डालेघाँस वा पशु-आहारका लागि प्रयोग गरिने रुख वा वनस्पतीहरु हुर्काइएको वा कृषिजन्य उपजका लागि प्रयोग हुने दर्तावाला जग्गाहरु ।

५. पशु-आहारका लागि घाँस उत्पादन गरिएका सरकारी र सार्वजनिक

वनक्षेत्र वाहेकका खरवारी, भीर, कान्ला, घाँसे मैदान, चरन क्षेत्र तथा बाँस तथा वेतको झाडी भएका जग्गाहरु ।

६. सरकारी वा सार्वजनिक खोलानाला, पोखरी वाहेक खेत तथा पोखरीमा माछा पालन गरिएका जग्गाहरु ।

७. चिया, कफी, उखु, कुरीलो, अम्रिसो, केरा जस्ता नगदेवालीका विरुवा रोपिएका वा उत्पादन गरिएका वा सो का नर्सरी भएको निजी जग्गाहरु ।

८. निजी जग्गामा वन पैदावार वा जडीबुडी उत्पादन गर्ने उद्देश्यले हुर्काइएका वनस्पति वा जडिबुडी भएका जग्गाहरु ।

९. पशु-पालनका लागि प्रयोग भएका जग्गा, सो प्रयोजनका लागि प्रयोग भएका घर, टहरा, छाप्रा वा पशु-प्रजनन स्थलको रुपमा प्रयोग भएका जग्गाहरु ।

१०. स्थायी रुपमा सिंचाई सुविधा उपलब्ध भएका कृषियोग्य जग्गाहरु ।

११. मुख्य रुपमा कृषि कार्यका लागि प्रयोग भएका पर्याप्त प्राकृतिक वनस्पति सहितका जग्गाहरु ।

१२. कृषि-उत्पादनको रेखदेख गर्न, भण्डार गर्न, सुकाउन तथा प्रशोधन गर्न प्रयोग भएका कुनै पनि भौतिक संरचना वा घर, टहरा आदि भएका जग्गाहरु ।

१३. बसोबास, व्यावसायिक क्षेत्र वा अन्य उपयोग भएका क्षेत्रसँग जोडिएका भएता पनि कित्ताको क्षेत्रफल १००० वर्ग मिटर भन्दा वढीभई खेती गरिएको वा खनजोत गरिएको वा पर्ति बाँझो जग्गाहरु ।

१४. एकास्थानमा विभिन्न कित्ताहरु जोडिएर १ हेक्टर वा सो भन्दा वढी क्षेत्रफलमा खेती गरिएका वा खनजोत गरिएका वा पर्ति बाँझो खेतीयोग्य जग्गाहरु ।

**ख) बसोबासक्षेत्र**

देहाय बमोजिमको प्रयोगमा भएका जग्गालाई आवासीय क्षेत्रमा वर्गीकरण गरिनेछ ।

१. कृषि-उपजको रेखदेख, भण्डारण तथा प्रशोधन(प्रयोजन वा उद्योग कल-कारखानाको संचालन तथा सुरक्षा-प्रयोजन वाहेक आवासका रुपमा प्रयोग भएका भवन, घर, टहरा भएका जग्गाहरु ।

२. व्यक्तिगत घर र सोसँग जोडिएका बगैंचा, ग्यारेज, आँगन र सो प्रयोजनको लागि प्रयोग हुने व्यक्तिगत वाटो आदि रहेका जग्गाहरु ।

३. एकभन्दा धेरै परिवारहरु बस्ने विकसित अपार्टमेन्ट रहेका जग्गा, त्यस प्रयोजनको लागि छुट्याइएको वाटो, सामूहिक ग्यारेज, पार्किङ्ग स्थल, बगैंचा, चौर आदि रहेका जग्गाहरु ।

४. बहुतले भवनका आवासीय फ्ल्याटहरु रहेका जग्गाहरु तथा सो प्रयोजनको लागि पार्किङ्ग स्थल, ग्यारेज, बगैंचा, चौर आदि रहेका जग्गाहरु ।

५. ग्रामीण क्षेत्रमा बनेको घर, आँगन, चोक, अन्न भण्डार गर्ने भकारी, घरसँगै रहेका गोठ, चर्पी, करेसावारी आदिले चर्चेका जग्गाहरु ।

६. वृद्धाश्रम, बालगृह, ब्यारेक, आवासीय विद्यालय, छात्राबास, धार्मिक आश्रम वा गुम्बा आदि रहेका जग्गाहरु तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गाहरु ।

७. कर्मचारी आवास, आवासीय होटल, आदि सामूहिक आवास-प्रयोजनका लागि निर्माण भएका भवन तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गाहरु ।

८. बसोबास, व्यावसायिक तथा औद्योगिक क्षेत्रको रुपमा विकास गर्नका लागि आवश्यक भौतिक पूर्वाधार, सडक, विद्युत, खानेपानी, ढल, सञ्चार, आदिको विकास भएको क्षेत्रमा रहेका ५५० वर्ग मिटर भन्दा साना कित्ताका जग्गाहरु ।

९. बसोवासक्षेत्रमा उपयोगगर्न आवश्यक न्यूनतम पूर्वाधारको विकास भएका कित्ता जग्गा रहेका ठाउँवाट १०० मिटरको अर्धव्यासको क्षेत्रमा एकात्मक परिवार आवास इकाई (Single Family Unit) १५० र संयुक्त परिवार आवास इकाई (Joint Family Unit) आवास १० भन्दा वढी भएका जग्गाहरु ।

**ग) व्यावसायिक क्षेत्रः**

देहाय बमोजिमको प्रयोगमा भएका जग्गालाई व्यावसायिक क्षेत्रमा वर्गीकरण गरिनेछ ।

१. पसल, बुटिक, डिपार्टमेन्टल स्टोर, खुद्रा व्यापार, सुपर मार्केट आदि वस्तुको खरिद बिक्री हुने स्थल रहेका घर-जग्गा तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गाहरु ।

२. होटेल, गेष्ट हाउस, फास्टफुड, मनोरञ्जन स्थल, साईवर क्याफे, रेष्टुरेन्ट क्याफे, वार, सिनेमा, थिएटर, कन्सर्ट हल, ब्रोडकास्ट स्टुडियो, डान्स हल, नाइट क्लब, गेमिङ्ग एण्ड ग्याम्बलिङ्ग क्लब रहेका स्थल तथा सो प्रयोजनको लागि उपयोग भएका घर रहेका जग्गा लगायतका प्रयोजनको लागि छुट्याइएका जग्गाहरु ।

३. निजी क्षेत्रवाट संचालन गरिएका शिक्षा, स्वास्थ्य, संचार आदि सेवा उपलब्ध गराउने स्थल, सो प्रयोजनमा प्रयोग भएका घर र तिनले चर्चेका जग्गाहरु ।

४. जलाशय, उर्जाकेन्द्र , केवुलकार, ग्यास र तेल भण्डारण स्थल, हुलाक कार्यालय , प्रदर्शनी कक्ष, ड्राई क्लिनर्स, पेट्रोल पम्प आदि रहेका स्थल र सो प्रयोजनको लागि प्रयोग भएका घर र तिनले चर्चेका जग्गाहरु ।

५. कुनै पनि वस्तु वा यन्त्र उपकरणको मर्मत(सम्भार वा सफा गरिने स्थल वा कवाडी भण्डारण गरिएका स्थल, सो प्रयोजनका लागि प्रयोग भएको घर र तिनले चर्चेका जग्गाहरु ।

६. हुलाक सेवा, रेडियो स्टेशन, टी.भी.स्टेशन, दूरसंचार आदि रहेका स्थल, सो प्रयोजनका लागि प्रयोग भएका घर र तिनले चर्चेका जग्गाहरु ।

७. कुनै पनि वस्तुको भण्डारण गरिएको स्थल, खुद्रा बिक्री स्थल वा थोक बिक्री स्थल, सो प्रयोजनको लागि प्रयोग भएका घर र तिनले चर्चेका जग्गाहरु ।

८. विभिन्न व्यावसायिक सेवा, परामर्श सेवा, प्राकृतिक स्वास्थ्य सेवा प्रदान गरिने स्थल वा जिम हाउस संचालन भएका स्थल, सो प्रयोजनको लागि प्रयोग भएका घर र तिनले चर्चेका जग्गाहरु ।

९. कुनै एक व्यावसायिक प्रकृतिको सेवा संचालनमा रहेको घर र सो घरले चर्चेको जग्गा ।

१०. कुनै व्यावसायिक क्रियाकलाप संचालन नभएको भएतापनि सो को पूर्वाधार समेत उपलब्ध भएको र सो घर वा जग्गा रहेको स्थानवाट १०० मी. को अर्धव्यासमा करिव ५० व्यावसायिक कारोवार रहेको स्थल, सो प्रयोजनको लागि प्रयोग भएका घर र तिनले चर्चेका जग्गाहरु ।

११. सरकारी सेवा प्रदान गर्न स्थापना गरिएका कार्यालयहरु तथा तिनले चर्चेका जग्गा वा भविष्यमा निर्माणको लागि छुट्टचाइएका जग्गाहरु ।

१२. पर्यटकीय गतिविधिमा उपयोग भई रहेका क्षेत्रहरुले चर्चेका जग्गाहरु ।

१३. व्यावसायिक क्षेत्रलाई मूलभूतरुपमा दुईवटा उप-वर्गमा वर्गीकरण गर्न सकिनेछः

**क) सरकारी सेवाक्षेत्र**

**ख) व्यापारिक क्षेत्र**

**घ) औद्योगिक क्षेत्र**

देहाय बमोजिमको प्रयोगमा भएका जग्गालाई औद्योगिक क्षेत्रमा वर्गीकरण गरिनेछ ।

१. कुनै पनि कच्चा पदार्थ उत्पादन गर्ने उद्योग वा वर्कसप रहेको स्थल, सो प्रयोजनका लागि निर्माण भएका घर वा टहरा तथा उद्योग संचालनको लागि प्रयोग भएको जग्गाहरु ।

२. कुनै पनि खनिज पदार्थ उत्पादन, प्रशोधन गर्ने उद्योग रहेको क्षेत्र, सोही प्रयोजनमा प्रयोग भएको घर, टहरा तथा उद्योग संचालनको लागि प्रयोगमा आएको जग्गा वा खानी संचालन भएको जग्गा ।

३. पानी प्रशोधन स्थल, पानी तान्ने पम्पसेट रहेको घर र सो घरले चर्चेको जग्गा ।

४. कोईला, धातु तथा अन्य वस्तुहरुको प्रशोधन स्थल रहेका जग्गा, सो प्रयोजनको लागि प्रयोग भएका भवन तथा सो भवनले चर्चेका जग्गाहरु ।

५. खाद्यान्न प्रशोधन, पेय पदार्थ उत्पादन, सुर्तीजन्य पदार्थ तथा प्रशोधन स्थल तथा सो प्रयोजनका लागि छुट्याइएका जग्गाहरु ।

६. रसायन तथा सोको संयोजनबाट विभिन्न किसिमका पदार्थहरुको उत्पादन स्थल तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गाहरु ।

७. मोटरगाडीहरुको निर्माण तथा मर्मत स्थल, फलाम तथा धातुजन्य पदार्थबाट निर्माण सामाग्री उत्पादन स्थल तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गाहरु ।

८. कपडा तथा पोशाक उत्पादन स्थल तथा सो प्रयोजनको लागि छुट्याइएको जग्गा ।

९. ईंटा, माटाका भाँडाकुँडा, शिशा तथा सिमेन्टको उत्पादन गरिएको स्थल तथा सो प्रयोजनको लागि छुट्याइएको जग्गा ।

१०. काठजन्य उत्पादन र फर्निचर, कागज तथा छापाखाना संचालन रहेको स्थल तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गाहरु ।

११. कुनै पनि उद्योग संचालन तथा रेखदेख गर्न आवश्यक घर, टहरा तथा वर्कसपले चर्चेको जग्गा तथा कच्चा पदार्थ भण्डारण गर्न उपयोग गरिएको जग्गा ।

१२. उद्योगवाट उत्पादित फोहरजन्य पदार्थको विसर्जन गर्ने प्रयोजनका लागि प्रयोग भएको जग्गा ।

१३. नेपाल सरकारले घोषणा गरेका विशेष आर्थिक क्षेत्रहर तथा सो क्षेत्रले चर्चेको जग्गाहरु ।

**ङ) सार्वजनिक उपयोगको क्षेत्र**

देहाय बमोजिमको प्रयोगमा भएको जग्गालाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गरिनेछ ।

१. सडक ,बाटो, पुल, गाईबस्तुको निकास, विमानस्थल, आदिले ओगटेको क्षेत्र ।

२. कुनै सार्वजनिक धार्मिक भवन, शैक्षिक भवन, अस्पताल आदि भवन भएको स्थल र सोले चर्चेको जग्गा ।

३. शहरी क्षेत्रको खुला क्षेत्र, बगैंचा, पार्क, चिडियाखाना, पिकनिक स्पट, खेल मैदान आदि रहेको स्थल ।

४. प्राकृतिक तथा सांस्कृतिक सम्पदा तथा स्तम्भहरु रहेको स्थल र सोले चर्चेको जग्गा ।

५. सार्वजनिक पुस्तकालय, संग्रहालय, ग्यालरी, रंगशाला, कभर्ड हल, खेलकुद मैदान आदि रहेका जग्गाहरु ।

६. खोलानाला, नहर, कुलो, वगर, पानी पधेंरो, अन्त्येष्टिस्थल, पोखरी, पाटी, पौवा, सत्तल, मठ, गुम्बा, मस्जिद, चर्च आदि स्थल र सो ले चर्चेको जग्गा ।

७. वन्दरगाह, बसपार्क, कारपार्क, सडक पेटी, प्रदर्शनी स्थल, ल्याण्डफिल साइट, विद्यालय, क्याम्पस, विश्वविद्यालय आदिले चर्चेको जग्गा ।

८. प्रहरी चौकी, वारुणयन्त्र, दूरसंचार बुथ, विजुलीको खम्बा रहेको जग्गा ।

९. चौतारी, ईनार, कुवा, टुँडीखेल आदि सार्वजनिक रुपमा उपभोग भएका स्थलहरु र तिनले चर्चेका जग्गाहरु ।

**च) वन–क्षेत्र**

वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, भू तथा जलाधार संरक्षण ऐनमा परिभाषित गरिए लगायत देहाय बमोजिमको प्रयोगमा भएको जग्गालाई वन-क्षेत्रमा वर्गीकरण गरिनेछ ।

१. पूर्ण वा आंशिक रुपले रुख तथा वनस्पतिले ढाकिएका जग्गाहरु ।

२. निजी जग्गामा कृषि प्रयोजन वाहेक वनपैदावार उत्पादन गर्ने मनशायले हुर्काएको रुख तथा वनस्पतिले ढाकेका जग्गाहरु ।

३. सरकारी, सामुदायिक, कवुलियती, धार्मिक लगायत सबै प्रकारका वन जंगल भएका जग्गाहरु ।

४. रुख तथा वनस्पतिहरु वृक्षारोपण गरिएका सरकारी जग्गाहरु ।

५. रुख तथा वनस्पति नभएको भएतापनि अन्य प्रयोजनका रुपमा वर्गीकरण नभएका उजाड जग्गाहरु ।

६. झाडी, प्राकृतिक चरन, सीमसार क्षेत्र, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, मध्यवर्ती क्षेत्र तथा संरक्षित क्षेत्र रहेका जग्गाहरु ।

७. पानीको मुहानलाई संरक्षण गर्न हुर्काइएका वा जोगाइएका रुख तथा वनस्पतिले ढाकेका जग्गाहरु ।

८. जलवायु परिवर्तनबाट सम्बेदनशील तथा जोखिमयुक्त क्षेत्र ।

९. नदी-उकासबाट प्राप्त गरी निजी जग्गा बाहेकका तथा वनक्षेत्रका लागि तोकिएका जग्गाहरु ।

# अनुसूची २ः संगठन–संरचना सम्बन्धी विस्तृत विवरण

**क) भू–उपयोग परिषदको गठन**

भू-उपयोग नीति र भूमिसम्वन्धी विषयको समग्र व्यवस्थापन, संस्थागत संरचनाको निर्माण एवं सुदृढीकरण तथा जनशक्ति विकासका लागि नेपाल सरकारलाई समय-समयमा सुझाव दिन मौजुदा भू-उपयोग परिषदलाई अझ व्यापक बनाई थप क्रियाशील बनाइनेछ । भू-उपयोग परिषदको गठन देहाय अनुसार गरिनेछः

| | |
|---|---|
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | - अध्यक्ष |
| सचिव, गृह मन्त्रालय | - सदस्य |
| सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | - सदस्य |
| सचिव, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | - सदस्य |
| सचिव, स्थानीय विकास मन्त्रालय | - सदस्य |
| सचिव, सिंचाई मन्त्रालय | - सदस्य |
| सचिव, कानून तथा न्याय मन्त्रालय | - सदस्य |
| सचिव, वातावरण मन्त्रालय | - सदस्य |
| सचिव, उद्योग मन्त्रालय | - सदस्य |
| भू-उपयोग सम्बन्धी विशेषज्ञहरूमध्ये नेपाल सरकारबाट मनोनित कम्तिमा १ जना महिला सहित ३ जना | - सदस्य |
| सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - सदस्य-सचिव |

**ख) भू–उपयोग व्यवस्थापन विभागको गठन**

भू-उपयोग नीति कार्यान्वयनमा ल्याउन, भू-उपयोग योजना तयार गर्ने

आधारभूत संरचना निर्माण गर्न, भू-उपयोग योजनाहरुको कार्यान्वयनलाई नियमन, अनुगमन तथा कार्यान्वयनमा सहजीकरण गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत हाल कार्यान्वयनमा रहेको राष्ट्रिय भू-उपयोग आयोजनालाई स्थायी संगठनको रुपमा पुनर्संरचना गरी भू-उपयोग व्यवस्थापन विभाग स्थापना गरिनेछ। यसरी विभागको स्थापना गर्दा भू-उपयोग सम्बन्धी विशिष्टीकृत क्षेत्रका प्राविधिकहरुलाई समेत संगठनमा समेटने गरी संरचना तयार गरिनेछ। विभागको गठन नहुँदासम्म हाल कायम रहेकोराष्ट्रिय भू-उपयोग आयोजनाबाट उल्लेखित कार्यहरु सम्पादन गरिने छन्।

**ग) जिल्लास्तरीय भू-उपयोग कार्यान्वयन समितिको गठन**

जिल्लास्तरमा भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयनमा प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्न तथा जिल्लाभित्रको भू-उपयोग परिवर्तन सम्बन्धी निर्णय गर्न प्रत्येक जिल्लामा देहाय बमोजिम भू-उपयोग कार्यान्वयन समितिको गठन गरिनेछ।

| | |
|---|---|
| सभापति, जिल्ला विकास समिति | - अध्यक्ष |
| प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि | - सदस्य |
| कार्यालय प्रमुख, जिल्ला वन कार्यालय | - सदस्य |
| कार्यालय प्रमुख, जिल्ला भू संरक्षण कार्यालय | - सदस्य |
| कार्यालय प्रमुख, कृषि विकास कार्यालय | - सदस्य |
| कार्यालय प्रमुख, शहरी विकास डिभिजन कार्यालय | - सदस्य |
| कार्यालय प्रमुख, सिंचाई कार्यालय | - सदस्य |
| कार्यालय प्रमुख, मालपोत कार्यालय (सम्बन्धित क्षेत्र) | - सदस्य |
| कार्यालय प्रमुख, भूमिसुधार कार्यालय | - सदस्य |
| कार्यालय प्रमुख, नापी कार्यालय (सम्बन्धित क्षेत्र) | - सदस्य |
| स्थानीय तहको सम्बन्धित क्षेत्रमा आवद्ध संघ-संस्थाका प्रतिनिधि तथा वुद्धिजीवीहरुमध्ये जिल्ला विकास समितिबाट मनोनित कम्तिमा १ जना महिला सहित २ जना | - सदस्य |
| स्थानीय विकास अधिकारी | - सदस्य-सचिव |

जिल्लास्तरमा भू-उपयोग सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी जिल्ला विकास समितिको रहने छ । जिल्लामा भू-उपयोग सम्बन्धी कार्यक्रम संचालन गर्न तथा जिल्लास्तरीय भू-उपयोग कार्यान्वयन समितिलाई भू-उपयोग नक्शा तयार गर्ने, भू-उपयोग योजना तर्जुमा गर्ने सन्दर्भमा प्राविधिक सहयोग आवश्यक परेमा जिल्लास्थित नापी कार्यालयले सो उपलव्ध गराउने छ । सो क्रममा नापी कार्यालयलाई आवश्यक पर्ने साधन-स्रोतको व्यवस्था जिल्ला विकास समितिले नै गर्नुपर्नेछ ।

**घ) गाउँविकास समिति वा नगरपालिकास्तरीय भू-उपयोग कार्यान्वयन समितिको गठन**

गाउँविकास समिति वा नगरपालिकास्तरमा भू-उपयोग योजना निर्माण तथा कार्यान्वयनमा प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्न गाउँविकास समिति वा नगरपालिकामा भू-उपयोग कार्यक्रम कार्यान्वयन गर्न देहाय अनुसारको समिति गठन गरिनेछ ।

| | |
|---|---|
| प्रमुख, गाउँविकास समिति /नगरपालिका | - अध्यक्ष |
| सम्बन्धित वडाको अध्यक्ष | - सदस्य |
| सम्बन्धित गाउँविकास समिति./नगरपालिका हेर्ने कृषि प्राविधिक | - सदस्य |
| सम्बन्धित गाउँविकास समिति /नगरपालिका हेर्ने वन प्राविधिक | - सदस्य |
| सम्बन्धित गाउँविकास समिति/नगरपालिकाको वडा हेर्ने मालपोत कार्यालयको कर्मचारी | - सदस्य |
| सम्बन्धित गाउँविकास समिति/नगरपालिकाको वडा हेर्ने नापी कार्यालयको कर्मचारी | - सदस्य |
| स्थानीय बुद्धिजीवीहरुमध्ये गाउँविकास समिति / नगरपालिकाबाट मनोनित कम्तिमा १ जना महिला सहित २ जना | - सदस्य |
| गाउँविकास समितिको सचिव/नगरपालिकाको योजना शाखा प्रमुख | - सदस्य-सचिव |

स्थानीय स्तर (नगरपालिका वा गाउँविकास समिति) मा भू-उपयोग सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी सोही निकायको रहनेछ । स्थानीयस्तरमा भू-उपयोग सम्बन्धी कार्यक्रम संचालन गर्न तथा स्थानीयस्तरको भू-उपयोग कार्यान्वयन समितिलाई भू-उपयोग नक्शा तयार गर्ने, भू-उपयोग योजना तर्जुमा गर्ने सन्दर्भमा प्राविधिक सहयोग आवश्यक परेमा जिल्लास्थित सम्बन्धित नापी

कार्यालयले सो उपलव्ध गराउने छ। सो क्रममा नापी कार्यालयलाई आवश्यक पर्ने साधनस्रोतको व्यवस्था सम्बन्धित निकायले नै गर्नुपर्नेछ ।

## ङ) क्षेत्राधिकारको बाँडफाँड

भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने सन्दर्भमा केन्द्र, जिल्ला र स्थानीयस्तरको क्षेत्राधिकार देहाय अनुसार हुनेछः

| तह | क्षेत्राधिकार | जिम्मेवार निकाय |
|---|---|---|
| केन्द्रीय | • भूमिस्रोतको उपयोग, परिचालन तथा संरक्षण सम्वन्धी नीति-निर्माण गर्ने वा नीति-निर्माण गर्न मार्गदर्शन दिने<br>• कानुन निर्माणगरी भूमिस्रोतको उपयोगका लागि अधिकार र कर्तव्य सहितको कार्यनिर्देशिका (Normative Directives) जारी गर्ने<br>• भूमिस्रोतको उपयोग र संरक्षणका लागि राष्ट्रिय कार्यक्रम तर्जुमा गर्ने<br>• भू-उपयोग योजना सम्बन्धी कार्यविधिहरुलाई एकीकृत गर्ने<br>• भू-उपयोग योजना सम्बन्धी क्रियाकलापहरुको संयोजन गर्ने<br>• भू-उपयोग योजनाको कार्यान्वयन सम्बन्धमा तल्लो तहका निकायलाई आवश्यक मार्गदर्शन दिने, अनुगमन तथा सुपरीवेक्षण गर्ने<br>• तल्लो निकाय सक्षम नहुँदासम्म भू-उपयोग योजना-निर्माण तथा कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहयोग पुऱ्याउने तथा आवश्यक स्रोतसाधनको व्यवस्था मिलाउने<br>• भू-उपयोगक्षेत्र परिवर्तनका लागि सिफारिस भै आएका विषयमा निर्णय लिने | भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भू- उपयोग परिषद, केन्द्रीय भू- उपयोग समन्वय समिति, सम्वन्धित मन्त्रालय तथा केन्द्रीय निकायहरु, भू-उपयोग व्यवस्थापन विभाग । |
| जिल्लास्तर | • भू-उपयोग कार्यक्रम संचालनको लागि उपयुक्त क्षेत्रहरु पहिचान गर्ने<br>• भू-उपयोग तथा नियन्त्रण विधिको नियमन गर्ने<br>• भू-उपयोग सम्बन्धी प्राविधिक सेवा उपलव्ध गराउने<br>• भू-उपयोग योजना-निर्माण तथा कार्यान्वयनमा आवद्धहुने जनशक्तिको क्षमता अभिवृद्धि गर्न तालीमहरु संचालन गर्ने<br>• भू-उपयोग योजनाको महत्वका बारेमा सचेतना अभिवृद्धि गर्ने<br>• भू-उपयोगका लागि निर्धारण गरिएका रणनीतिहरुलाई कार्यान्वयनमा ल्याउने<br>• भू-उपयोग योजनाको कार्यान्वयनका क्रममा देखिएका समस्याहरुको समाधान गर्ने<br>• तल्लो निकायलाई भू-उपयोग योजनाको कार्यान्वयनका लागि क्रियाशील बनाउने, कार्यान्वयनको अनुगमन, मूल्यांकन एवम् सुपरीवेक्षण गर्ने<br>• भू-उपयोगक्षेत्र परिवर्तनका लागि माथिल्लो निकायमा सिफारिस गर्ने | जिल्ला विकास समित, जिल्ला भू-उपयोग कार्यान्वयन समिति, अन्य क्षेत्रगत निकायहरु । |
| गा.वि.स. वा नगरपालिका | • भू-उपयोगका सम्बन्धमा स्थानीय जनताको चाहना, आकांक्षा तथा धारणाहरुलाई एकीकृत गर्ने<br>• भू-उपयोग योजनाको कार्यान्वयनका क्रममा देखिएका समस्याहरुको समाधान गर्ने<br>• भू-उपयोग योजनालाई कार्यान्वयनमा ल्याउन आवश्यक निर्णय लिने<br>• भू-उपयोग योजना-निर्माण तथा कार्यान्वयन-प्रक्रियामा सम्बन्धित सबै सरोकारवालाहरुलाई सहभागी गराउने<br>• भू-उपयोग योजनाको कार्यान्वयनका सम्बन्धमा आवश्यक पर्ने निर्देशन, सहयोग आदिको लागि माथिल्लो निकायमा अनुरोध गर्ने<br>• भू-उपयोगक्षेत्र परिवर्तनको लागि माथिल्लो निकायमा सिफारिस गर्ने | गा.वि.स. वा नगरपालिका कार्यालय, गा.वि.स. /न. पा. स्तरीय भू- उपयोग कार्यान्वयन समिति। |

# राष्ट्रिय सहकारी नीति, २०६९
## (नेपाल सरकारबाट स्वीकृत मितिः २०६९/९/१७)

### १. पृष्ठभूमि

सहकारी पद्धतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु सहकारीको मुख्य उद्देश्य हो । सहकारी सामाजिक अर्थव्यवस्थाको महत्वपूर्ण कडी पनि हो । गरिवी निवारण, उत्पादक पूर्ण रोजगारीको सिर्जना, सामाजिक एकीकरण र वातावरण संरक्षणमा सहकारी उद्योग व्यवसायको योगदान महत्वपूर्ण हुने आधारमा संयुक्त राष्ट्र संघले सदस्य राष्ट्रहरुलाई सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न उत्प्रेरित समेत गरेबाट यस क्षेत्रको महत्व प्रष्ट हुन आएको छ । संयुक्त राष्ट्र संघको महासभाले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गरी देशको सामाजिक तथा आर्थिक विकासमा सहकारी उद्योग व्यवसायको अपरिहार्यताको संदेश दिएको छ । अन्तर्राष्ट्रिय सहकारी वर्षको अवसरमा सहकारी क्षेत्रको सन्तुलित विकासका लागि पहिलो पटक जारी गरिएको यो राष्ट्रिय सहकारी नीति,२०६९ ले ऐतिहासिक महत्व समेत राखेको छ ।

### २. विगतका प्रयासहरु

नेपालमा वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना भएपछि सहकारी क्षेत्रको विकास आरम्भ भएको हो । वि.सं. २०१३ साल चैत्र २० गते पहिलो सहकारीको रुपमा चितवन जिल्लामा बखान ऋण सहकारी समितिको गठन गरिएको थियो । नेपालमा वि.सं. २०१६ सालमा पहिलो पटक सहकारी ऐन जारी भएको हो । वि.सं. २०४६ साल अगाडिसम्म अनुकूल राजनीतिक वातावरणको अभावले सहकारी क्षेत्रको अपेक्षित विकास हुन सकेको थिएन । प्रजातन्त्रको पूनर्स्थापना पछि सहकारीका अन्तर्राष्ट्रिय रुपमा स्वीकार गरिएका मूल्य र सिद्धान्तहरुको पृष्ठभूमिमा सहकारी ऐन, २०४८ जारी भयो र स्वःस्फूर्त रूपमा देशभरी सहकारी संघ संस्थाहरुको विकास तथा विस्तार हुने वातावरण बन्यो । नेपालको अन्तरिम संविधान, २०६३ मा देशको समग्र आर्थिक विकासको लागि सरकार, सहकारी र निजी क्षेत्रलाई संयुक्त रुपमा परिचालन गर्ने संवैधानिक व्यवस्था समेत भएको छ । सहकारी संघ संस्थाहरुको गठन, सञ्चालन र नियमनका लागि सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ प्रचलनमा

रहेका छन् । यसैगरी सहकारी क्षेत्रको विकासमा सघाउ पुऱ्याउन नीतिगत पृष्ठपोषण, अध्ययन तथा अनुसन्धान, प्रवर्द्धन र समन्वयको भूमिका निर्वाह गर्ने गरी राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ अनुसार राष्ट्रिय सहकारी विकास बोर्डको गठन पनि गरिएको छ । यसका अतिरिक्त राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ ले पनि कृषि क्षेत्रको विकासका लागि सहकारी पद्धतिको प्रयोग र विकासलाई जोड दिएको छ । यी सबै प्रयासहरुको बाबजुद पनि सहकारी मार्फत समग्र आर्थिक क्षेत्रको विकासको लागि दिशा निर्दिष्ट गर्ने राष्ट्रिय सहकारी नीतिको तर्जुमा हुन भने सकेको थिएन ।

## ३. वर्तमान स्थिति

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (२) मा "सरकार, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने छ" भन्ने प्रावधान रहेको छ । हालसम्म मुलुकमा करीव २७ हजार प्रारम्भिक सहकारी संस्थाहरू, ६६ वटा जिल्ला सहकारी संघहरु, १५७ वटा विषयगत जिल्ला सहकारी संघहरू, १६ वटा विषयगत केन्द्रीय संघहरू, २९ वटा शाखाहरु सहित एक राष्ट्रिय सहकारी बैंक र सबैभन्दा माथिल्लो संघको रुपमा राष्ट्रिय सहकारी संघको स्थापना भईसकेको छ । सहकारीमा ३८ लाख भन्दा बढी नेपाली नागरिकहरु सदस्यको रुपमा जोडिएका छन् । सहकारीका सदस्यहरूमा महिलाको सहभागिता ४० प्रतिशत भन्दा पनि बढी रहनुले महिला सशक्तिकरणमा सहकारीले योगदान पुऱ्याएको सहजै अनुमान गर्न सकिन्छ । महिलाहरू मात्र सदस्य रही सञ्चालन भएका सहकारी संस्थाहरूको संख्या २५ सय भन्दा बढी पुगेको छ । सहकारीहरूको कूल शेयर पूँजी रू. २७ अर्ब, वचत निक्षेप रू. १४० अर्ब र लगानी रू. १३४ अर्ब पुगेको छ । देशको कूल वित्तीय कारोवारमा सहकारीले १५ प्रतिशतको हिस्सा ओगटेको छ । सहकारी संघ संस्थाहरूमा ५० हजार भन्दा बढी नेपाली नागरिकहरुले प्रत्यक्ष र करिव ५ लाख भन्दा बढीले अप्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । राज्य र निजी क्षेत्रको पहुँच नपुगेका ठाउँ तथा समुदायमा समेत सहकारीबाट स्थानिय बासिन्दाहरु लाभान्वित बन्न सकेको पाइएको छ । शहरी क्षेत्रमा बाहुल्यता रहेको भए तापनि देशको ७५ वटै जिल्लामा सहकारी संस्थाहरुको विस्तार भएको छ । सहकारी संघ संस्थाहरूको दर्ता, अनुगमन, नियमन र प्रवर्द्धनका लागि सहकारी विभाग अन्तर्गत ३८ वटा डिभिजन सहकारी कार्यालयहरूको स्थापना गरिएको छ । सहकारीका पदाधिकारी एवं कर्मचारीहरुलाई सहकारी सम्बन्धी प्रशिक्षण दिन केन्द्रीयस्तरको एउटा सहकारी प्रशिक्षण केन्द्र र पाँच विकास क्षेत्रमा एक-एक वटा प्रशिक्षण

केन्द्रहरू डिभिजन सहकारी कार्यालय समेतको काम गर्ने गरी क्रियाशिल रहेका छन् । सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न नेपाल सरकारले २०६९ साल जेष्ठ ५ गते सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना समेत गरेको छ । सहकारी संघ संस्थाहरुको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन सहकारी विभागबाट मापदण्ड जारी गरी सोको आधारमा सिमित रुपमा भएपनि अनुगमन तथा नियमन गर्ने गरिएको छ । सहकारी मार्फत बचत परिचालन तथा लगानी अभिवृद्धि गर्दै सहकारीलाई मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको महत्वपूर्ण माध्यम बनाउने एवं गरिवी निवारण, रोजगारी सिर्जना तथा ग्रामीण विकासमा सहकारीलाई प्राथमिकताका साथ अघि बढाउने लक्ष्य सहित सहकारी सम्बन्धी विविध कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

## ४. समस्या तथा चुनौतीहरु

सहकारी क्षेत्रको विकासका लागि विगतमा धेरै प्रयासहरू गरिएको भएता पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको  छैन । राष्ट्रिय सहकारी नीतिको तर्जुमा हुन नसक्दा सहकारी क्षेत्रको बहुआयामिक विकासका लागि स्पष्ट मार्ग चित्रको अभाव रहेको थियो । प्रचलित सहकारी ऐनमा समय सापेक्ष परिमार्जन हुन नसकेकोले सहकारी संघ संस्थाहरूको दर्ता, सञ्चालन, अनुगमन र नियमनसम्बन्धी कार्यहरूमा प्रभावकारिता ल्याउन सकिएको छैन । स्वःनियमनको अभ्यासका लागि हालका व्यवस्थाहरु प्रभावकारी नभएकोले सहकारीमा सुशासन सुनिश्चित गर्न सकिएको छैन । वित्तीय कारोवार गर्ने सहकारी संघ संस्थाहरु र सहकारी बैंकका लागि स्पष्ट कानूनी व्यवस्था हुन नसक्दा सहकारी मार्फत हुने वित्तीय कारोवारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन कठिनाई भएको छ । मुलुकमा सहकारीको प्रवर्द्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास हुन बाँकी नै छ । सहकारी क्षेत्रलाई दिइने अनुदान, ऋण र कर छुटका सुविधाहरूका विषयमा नीतिगत स्पष्टताको खाँचो छ । उत्पादनशील क्षेत्रहरुमा सहकारीको योगदान बढाउन नसक्दा स्वरोजगारमूलक वातावरण सिर्जना हुन नसकी श्रम शक्ति तथा प्रतिभाहरु पलायन हुने क्रम न्यून गर्न सकिएको छैन । क्षेत्रगत नीति र कार्यक्रमहरुको अभावमा तुलनात्मक लाभका उद्योग व्यवसायहरुमा सहकारी पद्धतिको उपयोग हुन सकेको छैन । सहकारी क्षेत्रको विकास र विस्तारका लागि प्रशासनिक जिम्मेवारी बोकेको सहकारी विभागको संस्थागत सुदृढीकरण हुन सकेको छैन । हाल पनि ३७ जिल्लाहरुमा सहकारी कार्यालयहरुको स्थापना

नभएकोले त्यस भेगका जनताहरुलाई सहकारी सम्बन्धी राज्य प्रदत्त सेवा प्राप्त गर्न कठिनाई भइरहेको छ । सहकारीका विभिन्न तहका संघहरूले सहकारी क्षेत्रको विकास, व्यवस्थापन र व्यवसायलाई प्रवर्द्धन गर्ने काममा प्रभावकारी भूमिका निर्वाह गर्न नसकिरहेको अवस्था छ ।

## **५. सहकारी नीतिको आवश्यकता**

नेपालको अन्तरिम संविधान, २०६३ ले आर्थिक विकासको नीति अवलम्बन गर्ने सन्दर्भमा सहकारी क्षेत्रको भूमिकालाई अत्यन्तै महत्व दिएको छ । सहकारी क्षेत्रलाई राष्ट्रिय विकासका तीन आधार स्तम्भ मध्ये एकको रूपमा राज्यद्वारा स्वीकार गरिएको छ । मुलुकमा सहकारीको विकास, विस्तार र प्रवर्द्धनका लागि प्रारम्भिक तहदेखि राष्ट्रिय तहसम्मको संगठनात्मक संरचनाको निर्माण भइसकेको छ । कृषि, वित्त, स्वास्थ्य, शिक्षा, यातायात, सञ्चार, विद्युत, आवास, पर्यटन, वीमा जस्ता क्षेत्रहरूमा सहकारी पद्धतिबाट उद्योग व्यवसाय गर्ने आकर्षण बढ्दै गएको छ । ग्रामीण क्षेत्रका लक्षित समुदायका अनौपचारिक समूहहरु सहकारी प्रति आकर्षित हुनु सहकारी क्षेत्रको उपलब्धिको रुपमा लिन सकिन्छ । सहकारी मार्फत देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुको सहयोग परिचालन हुने यथेष्ट सम्भावना पनि छ । सामाजिक एकीकरण, गरिबी न्यूनीकरण, उत्पादनशील रोजगारीको सिर्जना, मर्यादित एवं सकारात्मक श्रम सम्बन्ध, वातावरण संरक्षण, समतामूलक समावेशी समाजको निर्माण, उद्यमशीलताको विकास, स्वच्छ र प्रतिस्पर्धी व्यावसायिक वातावरणको सिर्जना, उत्पादनमा बृद्धि जस्ता उपलब्धी हासिल गरी देशको सामाजिक तथा आर्थिक विकासमा सहकारी क्षेत्रबाट योगदान पुऱ्याउन उद्योग व्यवसायमा सहकारीको व्यवहारिक प्रयोगका लागि राष्ट्रिय सहकारी नीतिको अपरिहार्यता महशूस गरिएको छ । यसै पृष्ठभूमिमा नेपालको सहकारी क्षेत्रको विकासको लागि यो राष्ट्रिय सहकारी नीति, २०६९ तर्जुमा गरिएको हो ।

## **६. दुर दृष्टि (Vision):**

मुलुकको दिगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रुपान्तरणका लागि सवल र सक्षम सहकारी प्रणाली ।

## **७. दीर्घकालीन लक्ष्य (Long-term Goal):**

स्थानिय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई अर्थतन्त्रको एक सवल स्तम्भको रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउने ।

## ८. उद्देश्यहरु (Objectives):

८.१ शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने ।

८.२ कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने ।

८.३ महिला, गरिब, सीमान्तकृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिबृद्धि गर्ने ।

८.४ सहकारी प्रबर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउने ।

८.५ सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

८.६ सहकारी उद्योग व्यवसायहरुको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, निजीक्षेत्र तथा विकास साझेदारहरु वीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने ।

८.७ सहकारीको विकास, विस्तार र प्रवर्द्धनका लागि दीर्घकालीन योजना, मानव संसाधन विकास, आवश्यक संगठन संरचनाहरुको निर्माण एवं कानूनी व्यवस्थाहरु गर्ने ।

## ९. नीतिहरु (Policies)

**९.१ शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा देहायका नीतिहरु अवलम्बन गरिने छ :**

९.१.१. सहकारीको मूल्य र सिद्धान्तहरूलाई अनुसरण गर्न गराउन सबै सहकारी संघ संस्थाहरुलाई अभिप्रेरित गरिने छ ।

९.१.२. सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन सम्बन्धित सरकारी निकाय तथा सहकारी संघ संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिने छ ।

९.१.३. सदस्यहरुको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिदै लगिने छ ।

९.१.४ सहकारी सम्बन्धी तालिम दिने र सूचना सम्पेषण गर्ने काममा सहकारीका संघ संस्थाहरुको अग्रसरता र सहभागितालाई प्रोत्साहित गरिने छ ।

९.१.५ आम नागरिकहरुलाई सहकारी सम्बन्धी जनचेतना अभिबृद्धिका लागि सरकार, स्थानीय निकाय, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक संघ संस्थाहरु परिचालन गरिने छ ।

**९.२ कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउन देहायका नीतिहरु अवलम्बन गरिने छ :**

९.२.१. सहकारी पद्धतिबाट उद्योग व्यवसाय स्थापना र सञ्चालन गर्न कुनै अवरोध नहुने गरी सम्बन्धित विषयहरुको क्षेत्रगत नीति तथा कानूनहरुमा परिमार्जन गरिने छ ।

९.२.२ श्रमिकहरुको स्वामित्व रहने सहकारी उद्योग व्यवसाय मार्फत रोजगारीको सिर्जना गर्न नीतिगत व्यवस्थाका साथै उपयुक्त कार्यक्रमहरुको तर्जूमा गरी कार्यान्वयन गरिने छ ।

९.२.३ सहकारी उद्योग व्यवसायलाई स्वच्छ र वातावरण मैत्री बनाउन आवश्यक प्रविधिको उपयोगमा प्रोत्साहित गरिने छ ।

९.२.४ कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारिकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरुको संग्लनतालाई प्रोत्साहन गरिने छ ।

९.२.५ सार्वजनिक क्षेत्रका कलकारखाना, कृषि फर्म तथा बजार केन्द्रहरुको व्यवस्थापनमा सहकारी संघ संस्थाहरुको संलग्नता र सहभागितालाई प्राथमिकता दिइने छ ।

९.२.६ कृषि, शिक्षा, स्वास्थ्य, उर्जा, वीमा, पर्यटन, सञ्चार जस्ता उत्पादन तथा सेवाका उद्योग व्यवसायमा सहकारी संघ संस्थाको लगानी र व्यवस्थापनलाई उत्प्रेरित गरिने छ ।

९.२.७ स्थानीय पूँजी, श्रम, सीप र साधनको परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकास गर्न सहकारीमा आधारित कृषिसँग सम्बन्धित उद्योग व्यवसायलाई प्रवर्द्धन गरिने छ ।

९.३ **महिला, गरिब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिबृद्धि गर्न देहायका नीतिहरु अवलम्बन गरिने छ :**

९.३.१ लैंगिक दृष्टिकोणले पछि परेका सहकारीमा आवद्ध महिलाहरुलाई एकल तथा सामूहिक रुपमा उद्योग व्यवसाय सञ्चालन गर्ने क्षमता विकासका लागि आवश्यक पर्ने व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गर्न सहयोग उपलब्ध गराइने छ ।

९.३.२ विपन्न परिवारलाई सहकारी संस्थाहरुमा आबद्ध गराई सामूहिक उद्योग व्यवसायहरु सञ्चालन गरी उनीहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा योगदान पुऱ्याउने गरी लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ ।

९.३.३ लक्षित समूहद्वारा सञ्चालन गरिने उद्योग व्यवसायहरुका लागि वीँउ पूँजीको व्यवस्थापन एवं व्यावसायिक क्षमता अभिबृद्धि गर्न सहुलियतपूर्ण ऋण तथा पूँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

९.३.४ सहकारी संघ संस्थाहरुको नेतृत्वमा लैंगिक समानता र समावेशीको अवधारणा विकास गर्न सकारात्मक विभेदका विशेष व्यवस्थाहरुका साथै नेतृत्व क्षमता विकासका लागि सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

९.३.५ विकास साझेदारहरूको सहकार्यमा लक्षित समुदाय र क्षेत्रमा सहकारी संघ संस्थाहरुको स्थापना र सञ्चालनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

९.३.६ अनौपचारिक समूहहरुलाई सहकारीमा रुपान्तरण गरी क्षमता अभिबृद्धिका कार्यक्रमहरु सहित संस्था दर्ताको प्रकृयालाई सहकारीका कार्यालयहरुबाट सहजिकरण गरिने छ ।

९.३.७ समुदायका सदस्यहरुलाई सहकारीको माध्यमबाट एकजुट भई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

९.३.८ गरिव घरपरिवार पहिचान सहित त्यस्ता व्यक्तिहरुलाई सहकारीमा संगठित गरी बचत परिचालन, विना धितो कर्जा, जोखिम व्यवस्थापन, सीपमूलक तालिम, कृषि उत्पादन तथा लघु उद्यम स्थापनामा सहयोग उपलब्ध गराइने छ ।

९.४ **सहकारी प्रबर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी, प्रभावकारी एवं गुणस्तरीय बनाउन देहायका नीतिहरु अवलम्बन गरिने छ :**

९.४.१ सहकारी उद्योग व्यवसायलाई प्रतिस्पर्धी बनाउन सहकारी प्रति रहेका सबै प्रकारका विभेदकारी व्यवस्थाहरुको अन्त्य गरिने छ ।

९.४.२ आर्थिक विकासका सम्भावित क्षेत्रहरुमा सहकारी उद्योग व्यवसायको विस्तार एवं विविधिकरणलाई प्रोत्साहन गरिने छ ।

९.४.३ सहकारी क्षेत्रलाई सक्षम बनाउन वित्तीय सहयोग उपलब्ध गराउनुका साथै आवश्यक पूर्वाधारको पहुँच अभिबृद्धि गरिने छ ।

९.४.४ सहकारी उद्योग व्यवसायलाई नाफामूलक नभै सदस्य र समुदायको सेवाप्रति केन्द्रित बनाउन र सहकारीको व्यवस्थापनलाई सिद्धान्तनिष्ट बनाउन उपयुक्त कर प्रणालीको विकास गरिने छ ।

९.४.५ रोजगारी सिर्जना, उत्पादनमा बृद्धि, स्थानीय सम्भाव्यताको उपयोग, सेवा प्रवाहमा गुणस्तरीयता एवं उत्पादनको मूल्य अभिबृद्धिमा योगदान पुऱ्याउने सहकारी उद्योगहरुको स्थापना र क्षमता अभिबृद्धिको कार्यमा सहयोगका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

९.४.६ सहकारी उद्योग व्यवसायहरुको समग्र व्यवस्थापनलाई प्रभावकारी बनाउन सूचना प्रविधिको उपयोगमा विशेष जोड दिइने छ ।

९.४.७ सहकारी क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्रोत्साहित गर्दै यस क्षेत्रमा नविन प्रयोग तथा सम्भावनाका नँया क्षेत्रहरुको पहिचान गरिने छ ।

**९.५ सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सहकारी क्षेत्रमा सुशासन कायम गर्नेक सम्बन्धमा देहायका नीतिहरु अंगीकार गरिने छ :**

९.५.१ सहकारीका पदाधिकारी, व्यवस्थापक र कर्मचारीहरुको गुणस्तर र क्षमता अभिवृद्धिमा विशेष जोड दिइने छ ।

९.५.२ सहकारीको व्यवस्थापनलाई विधि र प्रक्रियामा आधारित बनाई सहभागिता, पारदर्शिता र जवाफदेहितालाई व्यवहारमा सूनिश्चित गर्ने व्यवस्था मिलाइने छ ।

९.५.३ सहकारीका पदाधिकारी, व्यवस्थापक र कर्मचारीहरुलाई सहकारी सञ्चालनका मापदण्डहरु र आचार संहिताको पालनामा जिम्मेवार बनाइने छ ।

९.५.४ सहकारी संघ संस्थाहरूको आन्तरिक नियन्त्रण पद्धति र लेखापरीक्षणलाई थप व्यवस्थित गरी स्व-नियमनको अभ्यासलाई प्रभावकारी बनाइने छ ।

९.५.५ निश्चित सिमाभन्दा बढीको कारोवार गर्ने सहकारीको व्यवस्थापनमा सञ्चालक समिति र व्यवस्थापन वीचको कार्य विभाजन र सम्बन्धलाई परिभाषित गरी संस्थागत संस्कृति (Corporate Culture) को विकास गरिने छ ।

९.५.६ प्रभावकारी सूचना सम्प्रेषणको विधि अवलम्बन गरी गराई सहकारीका सदस्यहरुमा सूचना तथा जनचेतना प्रवाह गरी सहकारीमा सुशासनको प्रवर्द्धन गरिने छ ।

९.५.७ सहकारी मार्फत हुने वित्तीय कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन सबै सहकारीको नियमित अनुगमन र सो को आधारमा नियमन हुने प्रभावकारी व्यवस्था गरिने छ ।

९.५.८ व्यवस्थापनमा सहकारी पद्धति विपरीतका कार्यहरु र सहकारीको

श्रोत साधनको दुरुपयोग गर्ने प्रवृत्ति अन्त्य गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।

९.५.९ सहकारीको संघीय संरचनालाई व्यावसायिक र सदस्य संघ संस्थाहरुप्रति बढी जिम्मेवार बनाउन प्रभावकारी कानूनी व्यवस्था गरिने छ ।

९.५.१० सहकारीहरू वीच स्वस्थ प्रतिस्पर्धाको विकास गर्न संस्थाहरुलाई विषयगत संघहरुमा आबद्ध गराई सहकारीहरु वीचको सहकार्यको संस्कृतिलाई प्रबर्द्धन गरिने छ ।

९.५.११ सहकारीको मूल्य र सिद्धान्तहरुको प्रबर्द्धन गर्न तथा सहकारी संघ संस्थाहरुको क्षमता अभिबृद्धिमा सहयोग पुऱ्याउन गैर नाफामूलक सहकारी संस्थाहरुको गठनलाई प्रोत्साहन गरिने छ ।

**९.६ सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, निजीक्षेत्र तथा विकास साझेदारहरु बीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्नेक सम्बन्धमा देहायका नीतिहरु अबलम्बन गरिने छ :**

९.६.१ सरकार, निजी क्षेत्र र सहकारी वीचको सहकार्य र साझेदारीमा उत्पादन तथा सेवामूलक उद्योग व्यवसायहरुको स्थापना गर्न प्रोत्साहन गरिने छ ।

९.६.२ सहकारी उद्योग व्यवसायको विकास, विस्तार र प्रवर्द्धनमा स्थानीय निकाय तथा विकास साझेदारहरूको सहभागितालाई प्रोत्साहित गरिने छ ।

९.६.३ देशको आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान अभिबृद्धि गर्न उत्पादनका अन्य क्षेत्रहरुसँग अग्र तथा पृष्ठ सम्बन्ध कायम हुने विशेष व्यवस्थाहरु गरिने छ ।

९.६.४ राष्ट्रिय अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदानलाई गणना गरी प्रकाशन गर्ने गरी जिम्मेवार निकायहरुलाई परिचालन गरिने छ ।

९.६.५ सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा सम्बन्धित सरकारी, गैर सरकारी तथा सहयोगी निकायहरुको सहयोगलाई समन्वयात्मक ढंगले परिचालन गर्ने पद्धतिको विकास गरिने छ ।

९.६.६ जनशक्ति विकास, अध्ययन अनुसन्धान तथा अनुशरण, लक्षित समुदाय र क्षेत्रमा सहकारी उद्योग व्यवसायको विकास सम्बन्धी एकीकृत कार्यक्रम एवं सहकारी उद्योग व्यवसायलाई टेवा पुग्ने पूर्वाधार विकासका लागि द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक सहयोग परिचालन गरी सहकारी क्षेत्रको सन्तुलित र अपेक्षित विकास गरिने छ ।

९.६.७ सहकारी क्षेत्रको विकासका लागि न्यून हुने पूँजी परिपूर्ति गर्न सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोगका लागि वैदेशिक एवं आन्तरिक श्रोत परिचालनका अवसरको उपयोग गरिने छ ।

९.६.८ राष्ट्रिय सहकारी अभियानलाई विश्व सहकारी अभियानसँग जोडी राम्रा अभ्यासहरुको अनुसरण एवं आपसी सहयोगहरु प्रबर्द्धन गर्न मित्र राष्ट्रहरुसँग द्विपक्षिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा सम्बन्ध र सहकार्यको लागि रचनात्मक प्रयासहरु गरिने छ । सहकारीको विश्व अभियानसँग नेपालको सम्बन्ध विस्तार र विकसित गर्दै लगिने छ ।

९.७ **सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संसाधन विकास, आवश्यक संगठन संरचनाहरुको निर्माण एवं कानूनी व्यवस्थाहरु गर्ने सम्बन्धमा देहायका नीतिहरु अबलम्वन गरिने छ :**

९.७.१ सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजनाको तर्जूमा गरी कार्यान्वयन गरिने छ ।

९.७.२ विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा सहकारी शिक्षालाई उचित स्थान दिनुका साथै सहकारी प्रशिक्षण केन्द्रहरुको क्षमता, गुणस्तर र पहुँच अभिबृद्धि गरिने छ ।

९.७.३ सहकारी विभाग तथा अन्तर्गतका कार्यालयहरुको संगठन संरचनामा पुनरावलोकन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइने छ ।

९.७.४ सहकारी संघहरुलाई सहकारी अभियानको अगुवाई गर्ने र व्यवसायलाई सुदृढ गर्ने उद्देश्य तर्फ केन्द्रित हुने गरी सहकारी क्षेत्रको स्वायत्तता र स्वतन्त्रताको अभ्यासलाई सुदृढ गरिने छ ।

९.७.५ सेवा र उत्पादनको प्रकृतिको आधारमा विषयगत संघ संस्थाहरुको गठन र सञ्चालनलाई प्रोत्साहन हुने गरी संघ संस्था दर्ता सम्बन्धी प्राबधानहरु स्पष्ट गरिने छ।

## १०. रणनीति तथा कार्यनीतिहरु (Strategies & Working Policies):

१०.१ **शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने नीतिहरु कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

१०.१.१ सहकारीको अभ्यासलाई परिस्कृत गर्दै लैजान सहकारीका सदस्यहरुलाई सहकारी शिक्षा र पदाधिकारी हरुलाई सहकारी व्यवस्थापन सम्बन्धी तालिम लिने दिने व्यवस्थालाई अनिवार्य गर्दै लगिने छ।

१०.१.२ सहकारी शिक्षालाई माध्यमिक तथा उच्च-माध्यमिक र उच्च शिक्षाको पाठ्यक्रममा समावेश गराई सहकारीको लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार हुन सक्ने अनुकुल वातावरण सिर्जना गरिने छ।

१०.१.३ व्यावसायिक शिक्षामा सहकारी शिक्षा तथा सार्वजनिक क्षेत्रका तालिम प्रशिक्षणहरुमा सहकारी व्यवस्थापन को विषय समावेश गरिने छ।

१०.१.४ सरकारी निकायका विभिन्न तहका परीक्षाहरुको पाठ्यक्रममा सहकारी विषय समावेश गरिने छ।

१०.१.५ राष्ट्रिय सहकारी अध्ययन अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको गठन गरी सहकारी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणको कार्यलाई प्रभावकारी बनाईने छ। यसै प्रतिष्ठान अन्तर्गत रहने गरी हाल सञ्चालनमा रहेका सबै सहकारी प्रशिक्षण केन्द्रहरुलाई स्वायत्त निकायको रुपमा विकास गरी सहकारी कलेजको आवश्यकता समेत परिपूर्ति गरिने छ।

१०.१.६ विभिन्नतहमा सहकारी सूचना केन्द्रहरुको स्थापना गरी सहकारी सम्बन्धी सूचना सम्प्रेषणलाई प्रभावकारी बनाइने छ।

१०.१.७ सहकारी क्षेत्रको प्रबर्द्धनका लागि स्थानिय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरुको आयोजना गरी सहकारीको महत्व र उपयोगिताका वारेमा जनचेतना अभिबृद्धि गरिने छ ।

१०.१.८ सहकारी सम्बन्धी जनचेतना बढाउन सञ्चार माध्यमहरुको प्रभावकारी उपयोग र सहकार्यमा विशेष जोड दिइने छ ।

१०.१.९ शिक्षण संस्थामा सहकारी सम्बन्धी रचनात्मक क्रियाकलापहरु सञ्चालन गरी विद्यार्थी जीवनमा नै सहकारी पद्धतिको अभ्यास गर्न उत्प्रेरित गरिने छ ।

१०.१.१० सहकारीको अनौपचारिक शिक्षा प्रबर्द्धन गर्न प्रबर्द्धनात्मक सामग्रीहरुको प्रकाशन र प्रभावकारी प्रसारणको व्यवस्था मिलाइने छ ।

**१०.२ कृषिक्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने नीतिहरुलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

१०.२.१ सहकारी पद्धति अनुरुप समुदायमा आधारित र सदस्य केन्द्रित भई अनुसूचि-१ लगायत प्रचलित औद्योगिक ऐन, नियमावली एवं नीति बमोजिमका उद्योग व्यवसायहरु स्थापना र संचालन गर्न प्रोत्साहन गरिने छ ।

१०.२.२ सहकारीलाई अर्थतन्त्रको एउटा सवल स्तम्भको रूपमा स्थापित गर्न उत्पादन तथा सेवामूलक सहकारीहरूलाई उपयुक्त वित्तीय तथा गैर वित्तीय सुविधा उपलब्ध गराइने छ ।

१०.२.३ कूल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान बढाउन निजी क्षेत्र र सहकारी वीच अग्र, पृष्ठ र अन्तर सम्बन्धको विकास गरिने छ। यसका लागि साझेदारी उद्योग व्यवसायको प्रारुप तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

१०.२.४ संस्थाहरुलाई विषय, भौगोलिक अवस्था, जनसहभागिता, सुशासन र कारोवारको आधारमा वर्गीकरण गरी सोही आधारमा नियमन तथा सहयोग गर्ने विधी र कार्यक्रम तर्जुमा गरिने छ ।

१०.२.५ राष्ट्रिय योजना आयोग, कृषि, स्वास्थ्य, उद्योग, शिक्षा, पर्यटन, उर्जा, सिँचाई, स्थानीय विकास, शहरी विकास, युवा, श्रम तथा रोजगार जस्ता केन्द्रीय र सो अन्तर्गतका निकायहरुमा सहकारी पबर्द्धनका लागि जिम्मेवार महाशाखा/शाखा वा सम्पर्क विन्दु (Focal Point) को व्यवस्था गरी विषयगत रुपमा सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा सम्बन्धित निकायहरुलाई जिम्मेवार बनाइने छ ।

१०.२.६ कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारिकरण तथा कृषि सामग्री आपूर्तिको लागि कृषकहरुको सहभागितामा स्थापना गरिएको सहकारी उद्योग व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१०.२.७ कृषि सामग्रीहरुको उत्पादन, आयात तथा निर्यात र वितरणका कार्यहरुमा सहकारीका संघ संस्थाहरुलाई प्राथमिकता दिई आवश्यक सहयोग उपलब्ध गराइने छ ।

१०.२.८ भूमिहीन तथा साना किसानहरुलाई सहकारी खेती गर्न उपयोगमा नआएका सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१०.२.९ जग्गा चक्लाबन्दी गरी सहकारी पद्धतिबाट सामूहिक खेती गर्ने वा सहकारीमा आवद्ध भई **"एक गाउँ एक उत्पादन"** को लक्ष्य अनुसार एकै प्रकृतिको उत्पादनको अभियानमा लागेका कृषकहरुको सहकारीहरुलाई विशेष सुविधाहरु उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१०.२.१० कृषि क्षेत्रको उत्पादकत्व बढाउन उन्नत प्रविधिको प्रयोग गर्ने तथा प्राङ्गारिक खेतीलाई प्रोत्साहित गर्न कृषकहरु सहभागी सहकारीलाई विशेष सुविधाहरु उपलब्ध गराइने छ ।

१०.२.११ आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय विषयसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा सहकारीसँग सम्बन्धित केन्द्रीय वा स्थानीय सरकारी निकाय र सहकारी संघहरुको परामर्श लिइने व्यवस्था मिलाइने छ ।

१०.२.१२ सम्बन्धित विषयका सहकारी संघ संस्थाहरुको सहभागिता अभिबृद्धि गर्न र परामर्श लिन राज्यले गठन गर्ने विभिन्न समिति तथा उपसमितिमा सहकारी संघ संस्थाहरुको प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

१०.२.१३ स्वरोजगारमूलक विशेष कार्यक्रमहरु अन्तर्गत उपलब्ध गराइने सहूलियतपूर्ण कर्जा तथा अनुदान सहयोग कार्यक्रमहरुमा कृषि तथा ग्रामीण क्षेत्रका उत्पादन, वितरण तथा सेवामूलक सहकारीलाई प्राथमिकता दिइने छ ।

१०.२.१४ सहकारी मार्फत कृषकहरुलाई सहुलियतपूर्ण ऋण सुबिधाहरु उपलब्ध गराउन विभिन्न श्रोतहरुको उपयोग गरिने छ । सहकारी मार्फत परिचालन गरिने यस प्रकारको सुविधाका लागि निर्दिष्ट कार्यविधि बनाई श्रोतको सदुपयोग सुनिश्चित गरिने छ ।

१०.२.१५ सहकारी संघ संस्थाहरुको उत्पादनलाई बजारीकरण गर्न सघाउ पुऱ्याउन विभिन्न स्थानहरुमा सरकार र सहकारी बीचको सहकार्यमा सहकारी बजार केन्द्रहरुको विकास गरिने छ ।

१०.३ **महिला, गरिब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिबृद्धि गर्ने सम्बन्धमा अंगीकार गरिने नीतिहरुलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

१०.३.१ सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत, गरिब समुदाय, अपाङ्ग, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरूलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने व्यावसायिक तथा सीपमूलक तालिमहरु प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१०.३.२ महिला उद्यमशीलता र नेतृत्वको विकास गर्न महिलाहरुले सञ्चालन गरेका सहकारीहरु बीच सहकार्यका लागि सामूहिक लगानीका उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिने

छ। सहकारी मार्फत महिलाहरुद्वारा स्थापना गरिने साना तथा घरेलु उद्योगहरुलाई पूँजीगत अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था  मिलाइने छ।

१०.३.३ सीमान्तकृत एवं न्यून आय भएका वर्गलाई सहकारीमा आबद्ध गराई उपलब्ध सीप, पूँजी तथा श्रमलाई अधिकाधिक परिचालन गरी जीविकामुखी/निर्वाहमुखी क्रियाकलापबाट व्यावसायिकता तर्फ उन्मुख तुल्याउने कार्यक्रमहरू सञ्चालन गरिने छ।

१०.३.४ ग्रामीण क्षेत्रका कृषि सहकारीहरुलाई विषयगत आवश्यकताको आधारमा निर्दिष्ट कार्यविधि वमोजिम सहुलियत ब्याजदरमा ऋण सुविधा, कर्जाको ब्याजमा अनुदान, बाली तथा पशु बीमा गर्दा लाग्ने प्रिमियम रकममा अनुदान तथा मेशिन औजारको खरिद लगायतको पूँजीगत खर्चमा अनुदान दिने व्यवस्था मिलाइने छ।

१०.३.५ पिछडिएका वर्ग, भूमिहीन लगायत श्रोत र साधन विहिन र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई आय आर्जनको क्रियाकलापमा संलग्न गराउन सहकारीमा आबद्ध गराई पूँजी माथिको पहुँचकालागि सहुलियत पूर्ण ऋण तथा पूँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था गरिने छ।

१०.३.६ परम्परागत पेसालाई व्यावसायिक बनाउन लक्षित समुदायलाई सहकारीमा संगठित गरी आधुनिक सीपमूलक तालिमको व्यवस्था गरी पूँजीमा पहुँच पुऱ्याउन सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

१०.३.७ विपन्न समुदायका व्यक्तिहरुको सहभागिता र बाहुल्यता रहेका सहकारी संस्थाहरू परिचालन गरी गरिबी निवारणका क्रियाकलाप संचालन गर्न सरकारका सम्बद्ध निकायहरु र विकास साझेदारहरुलाई निर्देशित गरिने छ।

१०.३.८ गरिव घरपरिवार पहिचान पत्रका आधारमा गरिवहरु मात्र सदस्य भई सञ्चालनमा ल्याइएका वा अन्य सहकारीमा आवद्ध परिचय प्राप्त गरिव सदस्यहरुलाई प्रदान गरिने विना धितो कर्जाको सुरक्षण, बचतको सुरक्षण, बालि तथा पशुधन विमा, कृषि

तथा लघु व्यवसायकालागि पूँजीगत अनुदान, सीपमूलक तालिम जस्ता आय अभिबृद्धि तथा जोखिम व्यवस्थापनका कार्यमा निर्दिष्ट कार्यविधि बमोजिम सहयोग गर्ने आवश्यक व्यवस्था मिलाइने छ ।

१०.३.९ सहकारी उद्योग व्यवसायलाई उपलब्ध गराइने अनुदान सहयोग वा अन्य सुविधालाई प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभाग र राष्ट्रिय सहकारी संघका पदाधिकारीको सहभागिता रहने एक उच्चस्तरिय समितिको गठन गरी अनुदान कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

१०.३.१० राष्ट्रिय सहकारी विकास बोर्ड ऐन बमोजिमको सहकारी विकास कोष मार्फत सहकारी उद्योग व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग परिचालन गर्न कोषको आकार र प्रभावकारितामा बृद्धि गरिने छ ।

**१०.४ सहकारी प्रबर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउनेक नीतिहरुलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

१०.४.१ सहकारी क्षेत्रको उत्पादकत्व र गुणस्तरमा बृद्धि ल्याउन कृषि सहकारीका पदाधिकारी तथा सदस्यहरुलाई आवश्यक पर्ने तालिम, अवलोकन भ्रमण तथा अनुशरण कार्यक्रमहरु र परामर्श सेवा सुविधाहरुको विस्तार गरिने छ ।

१०.४.२ सहकारी संघ संस्थाहरूलाई व्यावसायिक रूपमा सक्षम तुल्याउन सहकारीका सदस्यहरुलाई लक्षित गरी प्राविधिक तथा व्यावसायिक तालिमका विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०.४.३ सहकारी उद्योग व्यवसायकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको सहज उपलब्धताकालागि मानव संशाधन विकास योजना बनाउन र सम्बन्धित निकायहरु वीच समन्वय गर्न राष्ट्रिय सहकारी विकास वोर्डको भूमिका प्रभावकारी बनाइने छ ।

१०.४.४ सहकारी क्षेत्रको उत्पादन तथा सेवा प्रवाहमा प्रतिस्पर्धात्मक

एवं गुणात्मक क्षमता बृद्धिको लागि उपयुक्त प्रविधिको अवलम्बनमा प्रोत्साहन हुने गरी आर्थिक सहयोग तथा सुविधाहरु उपलब्ध गराइने छ ।

१०.४.५ सहकारी उद्योग तथा व्यवसायलाई आकर्षित र प्रतिस्पर्धी तुल्याउन उत्पादनको आधार तथा परिमाण, भौगोलिक विकटता, सेवा प्रवाह  एवं रोजगारी सिर्जना जस्ता आधारमा विशेष सुविधाहरु उपलब्ध गराइने छ ।

१०.४.६ ग्रामीण क्षेत्र तथा कम विकसित नगरपालिका र लक्षित समूहका महिला, अपाङ्ग,  मजदुर, श्रमिक र पिछडिएका तथा गरिव व्यक्तिहरु मात्र आवद्ध सहकारी संस्थाहरुको संस्थागत विकासमा सहयोग पुर्‍याउने गरी उपयुक्त कर प्रणालीको विकास गरिने छ ।

१०.५ **सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सुशासन कायम गर्नेक सम्बन्धमा अंगीकार गरिने नीतिहरुलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

१०.५.१ सहकारी संघ संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनमा जवाफदेहिता, सहभागिता र पारदर्शितालाई संस्थागत गर्दै लगिने छ । यसकालागि विद्यमान सहकारी ऐन नियम  समयानुकूल पूनरावलोकन गरिने छ ।

१०.५.२ सहकारी सम्बन्धी मूल्य र सिद्धान्तहरू अनुसरण गर्दै प्रचलित सहकारी ऐन नियम बमोजिम सहकारी संघ संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन गर्न सहकारी संघ संस्थाका पदाधिकारीहरूलाई जिम्मेवार र जवाफदेही बनाइने छ ।

१०.५.३ सहकारी संघ संस्थाहरुका सदस्यहरुको वचत रकमको सुरक्षण गर्ने गरी संघ संस्थाहरुको योगदानमा आधारित बचत सुरक्षण कोषको व्यवस्था गरिने छ । लगानीको सुरक्षाका लागि लगानीका मापदण्डहरु निर्धारण गरी सो कार्यको अनुगमन नियमनका साथै कर्जा सूचना प्रणालीको प्रभावकारी व्यवस्था मिलाइने छ ।

१०.५.४ सहकारी संघ संस्थाहरूको व्यवस्थापनलाई सवल बनाउन सहकारी संघ संस्थाको लेखा तथा लेखापरीक्षण कार्यलाई थप व्यवस्थित बनाउँदै लगिने छ। सार्वजनिक सुनुवाईको नियमितता मार्फत सहकारीका संघ संस्थाहरुलाई सदस्य र समुदाय प्रति जिम्मेवार र पारदर्शी व्यवहार तर्फ उत्प्रेरित गरिने छ ।

१०.५.५ सहकारीका सिद्धान्त, मूल्य र मापदण्डहरुको अनुशरण गरी समग्र सहकारी क्षेत्रलाई स्वनियमनको अभ्यास गर्ने थलो बनाउन आन्तरिक नियन्त्रण, बाह्य परीक्षण र निहित स्वार्थपूर्ण द्वन्द व्यवस्थापनका लागि उपयुक्त व्यवस्थाहरु गरिने छ ।

१०.५.६ सहकारी संघ संस्थाहरूको नियमित रूपमा अनुगमन र नियमन गर्न सहकारी विभागलाई आवश्यक साधन श्रोत र अधिकार सहित जिम्मेवार निकायको रुपमा विकास गरिने छ ।

१०.५.७ सहकारी संस्थाहरूमा स्वस्थ प्रतिस्पर्धाको विकास गर्न र लागत प्रभावकारिता कायम गर्न **"एक सदस्य एक सहकारी"** को नीति अंगिकार गरिने छ ।

१०.५.८ कुनै निर्दिष्ट भौगोलिक क्षेत्रमा एउटा विषयको कारोवार गर्ने सहकारी संस्थाहरुको संख्या अत्यधिक भई अस्वस्थ प्रतिस्पर्धाको स्थिति देखिएमा निश्चित अवधिका लागि त्यस्ता स्थानहरुमा नयाँ संस्था दर्तामा रोक लगाउने व्यवस्था मिलाइने छ ।

१०.५.९ सहकारीका सदस्यहरुलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सहकारी संस्थाहरुलाई जिम्मेवार बनाइने छ । दर्ताकालागि प्रस्तावित सहकारी संस्थाका निवेदक सदस्यहरुलाई दर्ता अघि सहकारी सम्बन्धी अनुशिक्षण लिनु पर्ने व्यवस्थालाई अनिवार्य गरिने छ ।

१०.५.१० निश्चित सीमाभन्दा बढीको वित्तीय कारोवार गर्ने सहकारी संघ संस्थाहरुको कारोवारको मासिक तथा वार्षिक प्रतिवेदन लिई अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ। यस्ता प्रतिवेदनहरु संकलन तथा विश्लेषणको कार्यलाई व्यवस्थित गर्न सूचना प्रविधिको उपयोग गरिने छ ।

१०.५.११ क्षमताको विश्लेषण गरी सम्बन्धित विषयका केन्द्रिय सहकारी संघहरुलाई आफ्ना सदस्य संघ संस्थाहरुको स्वंय अनुगमन गरी नियमनको कार्यमा नेपाल राष्ट्र बैंक, सहकारी विभाग र सहकारीका कार्यालयहरुलाई सघाउने प्रणालीको विकास गरिने छ ।

१०.५.१२ सहकारीमा व्यावसायिकता र सहकार्यको संस्कृतिलाई प्रवर्द्धन गर्न उपयुक्त कानूनी व्यवस्था, आचार संहिताको निर्माण, समितिका सदस्यहरुको निर्वाचन तथा नियुक्ति प्रक्रियाको अनुगमन र नियमनमा विशेष जोड दिइने छ ।

१०.५.१३ स्पष्ट मापदण्ड र कार्यविधिहरुका आधारमा सहकारी संघ संस्थाहरुको नियमन कार्य सञ्चालन गरिने छ ।

१०.५.१४ एकीकरण कार्यलाई प्रोत्साहन गर्न थप सुबिधाको प्रावधान र विशेष कार्यक्रमहरु सञ्चालन गरी सहकारीका संघ संस्थाहरुको संख्यालाई सिमित बनाई क्षमता बृद्धि गर्न अभिप्रेरित गरिने छ । निर्दिष्ट मापदण्ड बमोजिम न्यूनतम शर्तहरु पुरा गर्न नसक्ने सहकारीलाई मर्जरमा लैजाने अनिवार्य शर्तहरुको निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

१०.५.१५ वित्तीय कारोवार गर्ने सहकारीहरुलाई सेवा विशिष्टिकरणको आधारमा अन्य कारोवार गर्न निरुत्साहित गरिने छ । यो व्यवस्था शहरी क्षेत्रमा तत्कालै कार्यान्वयनमा लगिने छ ।

१०.५.१६ वित्तीय सहकारीको अनुगमनको लागि कारोवार र सदस्यताका आधारमा नेपाल राष्ट्र बैंक, सहकारी विभाग र सम्बन्धित केन्द्रिय सहकारी संघ र कृषि सहकारी संस्थाहरुको अधिकांश स्वामित्व रहेको साना किसान विकास बैंकको उपयोग गर्ने व्यवस्था मिलाइने छ ।

१०.५.१७ शहरी क्षेत्रमा वित्तीय सहकारीको सघनतालाई नियन्त्रण गर्ने उपयुक्त व्यवस्थाहरु गरी सहकारी वित्तीय सेवाहरुलाई ग्रामीण तथा वित्तीय सेवा नपुगेका क्षेत्रहरुमा विस्तार गर्ने गरी आवश्यक व्यवस्थाहरु मिलाइने छ ।

१०.५.१८ वित्तीय कारोवार गर्ने उद्देश्यले स्थापना गरिने सहकारी संघ संस्थाहरुको दर्ताको लागि सम्भाव्यता अध्ययनलाई अनिवार्य गरिने छ। यसका लागि निर्दिष्ट कार्यविधि बनाई सो को पालना गर्ने गरी सहकारी प्रशासनलाई पारदर्शी बनाइने छ ।

१०.५.१९ सहकारी मार्फत सञ्चालन गरिने लघु वित्त कार्यक्रमलाई सदस्यहरुको आर्थिक शोषण नहुने गरी परिचालन गर्न र सहकारी मार्फत गरिने थोक कर्जा प्रवाहमा एक रुपता कायम गर्न स्पष्ट कार्यविधिहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

१०.६ **सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, निजी क्षेत्र तथा विकासका साझेदारहरु वीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने सम्बन्धमा अंगीकार गरिने नीतिहरु लाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

१०.६.१ सहकारीको विकास, विस्तार र प्रबर्द्धनका कार्यमा स्थानीयतहका सरकारी निकायहरु, स्थानीय निकायहरु, सहकारी संघ संस्थाहरु, सहयोगी संस्थाहरु र नागरिक समाजका वीचमा स्थानिय सञ्जाल निर्माण गरी सहकार्य र समन्वयको संस्कृति विकास गरिने छ।

१०.६.२ सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनका लागि स्थानीय निकायहरुको अग्रसरता र सहभागितालाई सुनिश्चितता प्रदान गरिने छ। स्थानीयस्तरमा सहकारीको विकास र प्रबर्द्धन गर्ने भूमिकामा स्थानीय निकायहरुको अगुवाइलाई प्रोत्साहन गरिने छ।

१०.६.३ सहकारी र निजी क्षेत्रको वीचमा उत्पादन, प्रशोधन तथा बजारिकरणको कार्यमा सहकार्यको संस्कृति विकास गरी एक अर्का बीच परिपूरकको सम्बन्धलाई विकसित गर्दै लगिने छ।

१०.६.४ सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा साझेदारहरूको सहभागिता एवं सहयोगलाई समन्वयात्मक ढंगले परिचालन गरिने छ।

१०.६.५ सहकारी क्षेत्रको विकासकालागि द्विपक्षीय र बहुपक्षीय सहयोग परिचालन गर्न विभिन्न मित्र राष्ट्रहरुका सहयोगी सरकारी तथा

गैर सरकारी निकायहरुसँग सहकार्य गर्ने, सहकारीका क्षेत्रीय तथा विश्वस्तरका सहकारी संघ संस्थाहरुसँग सहयोगको आदान प्रदान गर्न विभिन्न तहका सञ्जालमा सक्रिय सहभागिता जनाउने, सहयोगी संस्था तथा निकायहरुसँग जीवन्त सम्बन्ध कायम राखी सहकारी अभियानलाई निरन्तर रुपमा प्रबर्द्धन गरिने छ ।

१०.६.६ सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने निकाय र व्यक्तिहरुलाई नियमित रुपमा सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।

१०.७ **सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संसाधन विकास, आवश्यक संगठन संरचनाहरुको निर्माण एवं कानूनी व्यवस्थाहरु गर्ने सम्बन्धमा अंगीकार गरिने नीतिहरुलाई कार्यान्वयनमा ल्याउन देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिने छ :**

१०.७.१ सहकारी संघ संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गर्न अल्पकालिन र दीर्घकालिन योजना निर्माण गरी सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन गरिने छ ।

१०.७.२ सहकारी क्षेत्रको लागि आवश्यक पर्ने मानव संशाधनको प्रक्षेपण तथा जनशक्ति व्यवस्थापनको लागि सुदृढ संरचनाहरुको विकास गरिने छ । जनशक्ति प्रक्षेपणको कार्यमा सहकारी विकास वोर्ड र जनशक्ति विकासमा विश्वविधालयहरु, उच्च माध्यमिक शिक्षा परिषदसँग सहकार्य र समन्वय गरी आवश्यक व्यवस्थाहरु मिलाइने छ । जनशक्ति विकासको काममा सहकारी प्रशिक्षण केन्द्रहरु र सहकारीका संघहरुलाई समेत परिचालन गरिने छ ।

१०.७.३ राष्ट्रिय सहकारी विकास बोर्डलाई सहकारीको विशेषज्ञ निकायको रुपमा विकास गर्न आवश्यक स्रोत तथा साधन उपलब्ध हुने व्यवस्था मिलाइने छ । यसका लागि आवश्यकताका आधारमा संगठन संरचना र कानूनी व्यवस्थामा परिमार्जन गरिने छ ।

१०.७.४ सहकारी संघ संस्थाहरूको विकास, विस्तार र प्रवर्द्धनका लागि विषयगत आधारमा सम्बन्धित मन्त्रालय, विभाग, बोर्ड, समिति तथा निकायहरुलाई जिम्मेवार बनाउदै लगिने छ ।

१०.७.५ राष्ट्रिय सहकारी संघको भूमिकालाई प्रभावकारी बनाउन संघको क्षमता अभिबृद्धि तथा सहकारी क्षेत्रको प्रबर्द्धनात्मक कार्यमा सहयोग र सहकार्यको संस्कृति विकास गरिने छ ।

**१०.७.६ सहकारी संघहरुको भूमिकालाई प्रभावकारी बनाउन देहाय बमोजिमको व्यवस्था गरिने छ :**

(क) सहकारी अभियानलाई नेतृत्व प्रदान गर्ने गरी विभिन्न तहका सहकारी संघहरुको संगठन संरचनालाई प्रभावकारी बनाउदै लगिने छ ।

(ख) व्यावसायिक उद्देश्यले संघ संस्थाहरुलाई आवश्यकता र सम्भाव्यताका आधारमा विभिन्न तहमा संगठित भई संयुक्त रुपमा उद्योग व्यवसाय गर्न प्रोत्साहित गरिने छ ।

(ग) सहकारीका संघहरुको नेतृत्वमा महिलाहरुको सहभागिता कम्तिमा ४० प्रतिशत पुऱ्याउने गरी समतामूलक सकारात्मक विभेदका व्यवस्थाहरु अवलम्बन गरिने छ ।

(घ) निर्दिष्ट भौगोलिक क्षेत्रका सबै सहकारी संघ संस्थाहरुलाई सम्बन्धित संघहरुमा सदस्यता लिन प्रोत्साहन गरिने छ ।

(ङ) संघ संस्थामा रहेको सदस्य संख्याको आधारमा संघमा मतदानको अधिकार कायम हुने व्यवस्था मिलाई संघहरुको संरचनालाई बढी भन्दा बढी प्रतिनिधित्व मूलक बनाइने छ ।

(च) संघहरुको नेतृत्वलाई गैर राजनैतिक बनाउन आचार संहिता र मापदण्डहरुको उपयोग गरिने छ ।

१०.७.७ क्षेत्रगत नीति तथा कानुनहरूमा सहकारी सम्बन्धी व्यवस्था समावेश गरी सहकारी उद्योग व्यवसायको दायरा फराकिलो बनाइने छ । सहकारी ऐनमा समेत क्षेत्रगत विषयहरुलाई सम्बोधन गरिने छ ।

१०.७.८ राष्ट्रिय सहकारी बैंकलाई सहकारीको साझा स्वामित्वको बैंकको रुपमा विकास गर्न सबै सहकारी संघ संस्थाहरुलाई सदस्यता लिन प्रोत्साहन गरिने छ । सहकारी बैंकको व्यवस्थापन र नियमनको लागि आवश्यक कानूनी व्यवस्था गरिने छ ।

१०.७.९ बचत तथा ऋणको कारोवार गर्ने सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न छुट्टै बचत तथा ऋण सहकारी ऐनको निर्माण गरिने छ ।

१०.७.१० सहकारी क्षेत्रको प्रशासनिक कार्यहरूमा दक्ष अधिकृत तथा कर्मचारीहरुको उपलब्धता सुनिश्चित गर्न निजामती सेवा अन्तर्गत वृत्ति विकासको अवसर सहित सहकारी समूहको व्यवस्था गरिने छ ।

१०.७.११ सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुको वृत्ति विकासका अवसरहरुमा बृद्धि गरी आकर्षक समूहको रुपमा विकसित गरिने छ ।

१०.७.१२ सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनको कार्यमा सहकारी संघ संस्थाहरुको भूमिकालाई महत्व दिई राज्यको भूमिका सहजकर्ता र नियमनकारी निकायको रुपमा सीमित गर्दै लगिने छ ।

१०.७.१३ राज्य नियन्त्रित र निर्देशित पुराना साझा संस्थाहरुलाई प्रचलित कानून तथा सहकारीका सिद्धान्त बमोजिम पूर्ण रुपमा शहकारीकरण गरिने छ ।

## ११. कार्ययोजना

राष्ट्रिय सहकारी नीतिलाई सम्वद्ध निकायहरुको भूमिका निर्दिष्ट गरिएको कार्ययोजना तयारगरी प्रभावकारी ढंगले कार्यान्वयन गरिने छ ।

## १२. संस्थागत संरचना

यो नीतिको कार्यान्वयन पक्षको समीक्षा गर्न, कार्यान्वयनका जटिलता कम गर्न र आवश्यक मार्गदर्शनका लागि सहकारी तथा गरिवी निवारण मन्त्रीको अध्यक्षतामा देहाय बमोजिमका निकायका पदाधिकारीहरु सदस्य रहेको एक उच्चस्तरिय "राष्ट्रिय सहकारी नीति निर्देशन समिति" रहेको छ ।

(क) राज्यमन्त्री वा सहायक मन्त्री, सहकारी तथा गरिवी निवारण मन्त्रालय

(ख) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

(ग) गभर्नर, नेपाल राष्ट्र बैंक

(घ) सचिव, अर्थ मन्त्रालय

(ङ) सचिव, उद्योग मन्त्रालय

(च) सचिव, उर्जा मन्त्रालय

(छ) सचिव, कृषि विकास मन्त्रालय

(ज) सचिव, महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय

(झ) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(ञ) सचिव, श्रम तथा रोजगार मन्त्रालय

(ट) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(ठ) सचिव, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

(ड) सचिव, शिक्षा मन्त्रालय

(ढ) सचिव, सहकारी तथा गरिवी निवारण मन्त्रालय

(ण) सचिव, सामान्य प्रशासन मन्त्रालय

(त) सचिव, राष्ट्रिय योजना आयोग

(थ) सह-अध्यक्ष, राष्ट्रिय सहकारी विकास वोर्ड

(द) रजिष्ट्रार, सहकारी विभाग

(ध) अध्यक्ष, राष्ट्रिय सहकारी संघ

(न) अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ

(प) सह-सचिव, सहकारी तथा गरिवी निवारण मन्त्रालय - सदस्य सचिव

**१३.आर्थिक पक्ष**

यस नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन गर्न नियमित बजेट परिचालन गरिनुका साथै प्रगतिका आधारमा बजेटको आकार वृद्धि गर्दै लगिने छ । स्थानीय तहमा सहकारी संघ संस्थाको विकास र विस्तारका लागि स्थानीय निकाय तथा विकास साझेदारहरुको सहयोग समेत परिचालन गरिने छ । ठूला लगानीका लागि साझेदारीको अवधारणा उपयोगमा ल्याइने छ । जनशक्ति तथा सहकारीका पूर्वाधार विकासको क्षेत्रमा दातृ निकायहरुको सहयोग समेत परिचालन गरिने छ ।

**१४. कानूनी व्यवस्था**

यस नीतिमा भएका व्यवस्थाहरुलाई पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन विद्यमान सहकारी सम्बद्ध कानूनहरुको आवश्यकता अनुसार परिमार्जन वा पुनर्लेखन गरिने छ । सहकारी बैंक तथा सहकारी मार्फत गरिने वित्तीय कारोबारलाई सुरक्षित र भरपर्दो बनाउन छुट्टै ऐन नियमको व्यवस्था गरिने छ । विषयगत सहकारीको विकासलाई सहयोग पुग्ने अन्य निकायगत ऐन नियमहरुमा परिमार्जनको पहल गरिनुका साथै आवश्यकताका आधारमा नयाँ कानूनहरुको निर्माण समेत गरिने छ ।

## १५. अनुगमन र मूल्याङ्कन

नीति कार्यान्वयनको नियमित अनुगमनको कार्य सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गतका निकायहरुबाट हुने छ । कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउन प्रत्येक वर्ष कार्यान्वयनको समीक्षा गरी सोको विवरण सार्वजनिक गरिने छ । नीति कार्यान्वयनको प्रभाव मूल्यांकन राष्ट्रिय योजना आयोग बाट हुनेछ ।

## १६. जोखिम पक्ष

सहकारी अर्थ व्यवस्थाको बहुआयामिक क्षेत्र हो । यस नीतिमा भएका व्यवस्था कार्यान्वयन गर्न गराउन सम्बन्धित सबै सरकारी निकायहरुले जिम्मेवार र प्रतिबद्ध भई आफ्नो भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । यो नीतिमा भएका व्यवस्थाहरु पूर्णरुपले कार्यान्वयनका ल्याउन सहकारी अभियानको सक्रियताले पनि उत्तिकै महत्व राख्दछ । नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयनका लागि समयमै सम्बद्ध ऐन नियमहरुको परिमार्जन तथा नयाँ कानूनहरुको निर्माण अपरिहार्य हुन्छ । कानूनी आधार निर्माण गर्न, आवश्यक संरचनागत प्रवन्ध गर्न तथा साधन स्रोतको व्यवस्था मिलाउन सकिएन भने नीतिमा भएका सबै प्रावधानहरु कार्यान्वयनमा ल्याउन नसकिने जोखिम रहेको छ ।

## १७.नीतिको प्रयोग र परिमार्जन

यस नीतिलाई सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनका लागि सम्बन्धित सबै निकायहरुबाट मार्ग चित्रको रुपमा उपयोग गरिने छ । सामान्यतया यस नीतिमा भएका व्यवस्थाहरु प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरिने छ । नीतिमा भएका व्यवस्थाहरुमा परिमार्जन गर्न आवश्यक देखिएमा सो अगावै पनि नेपाल सरकारले सक्नेछ ।

## अनुसूची - १

### सहकारी मार्फत सञ्चालन गर्न सकिने उद्योग व्यवसायहरु :

(क) कृषि उत्पादन, भण्डारण, प्रशोधन, वितरण, बजारिकरण तथा कृषि सामाग्रीको आपूर्ति ।

(ख) व्यवसायिक पशुपालन तथा पशुजन्य उद्योग व्यवसायहरु ।

(ग) वनजन्य उत्पादन तथा प्रशोधन उद्योगहरु र वातावरण संरक्षणसम्बन्धी उद्योगहरु ।

(घ) विद्यालयको स्थापना तथा व्यवस्थापन, व्यावसायिक तथा सीपमूलक प्रशिक्षण केन्द्र स्थापना र व्यवस्थापन, र परामर्श सेवा ।

(ङ) अस्पताल, सामुदायिक स्वास्थ्य सेवा, औषधि तथा स्वास्थ्य उपकरण उत्पादन तथा विक्री र स्वास्थ्यसँग सम्बन्धित अन्य उद्योग व्यवसायहरु ।

(च) पर्यटन उद्योग व्यवसायहरु ।

(छ) सञ्चार तथा प्रबिधिको विकास, विस्तार तथा प्रसारण ।

(ज) बचत तथा ऋण एवं बैंक तथा वित्तीय सेवा ।

(झ) यातायात तथा ढुवानी सेवा ।

(ञ) जग्गा तथा आवास विकास ।

(ट) श्रमिक स्वामित्वका उद्योग व्यवसायहरु ।

(ठ) उपभोक्ता सहकारी

(ड) उर्जा उत्पादन, प्रशारण र वितरण ।

(ढ) विमा व्यवसाय ।

(ण) खुद्रा तथा थोक पसलहरु ।

(त) जडीबुटी खेती, प्रशोधन र बजारिकरण ।

(थ) सीपमूलक घरेलु तथा साना उद्योगहरु ।

(द) सम्भाव्यताका आधारमा अन्य उद्योग व्यवसायहरु ।

# वाणिज्य नीति, २०६५

## (नेपाल सरकारबाट स्वीकृत मितिः २०६५/१२/१२)

### पृष्ठभूमि

खुला एवं बजारोन्मुख वाणिज्य नीतिले साधनको परिचालन, आर्थिक विकास र गरिबी निवारणमा सकारात्मक प्रभाव पुऱ्याउँछ भन्ने मान्यतामा नेपालले विगत दुई दशक यता यस्तो नीति अवलम्बन गर्दै आएको हो । तथापि पूँजी, प्रविधि तथा बजार पहुँचमा असहजता र विभिन्न मुलुकबीच विद्यमान असमान आर्थिकस्तरको कारणबाट विपन्न र पिछडिएका मुलुकहरूले व्यापार उदारीकरणको लाभ लिन सकेका छैनन् । विश्व व्यापार संगठन (World Trade Organization) को साथै दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (SAFTA) तथा विमस्टेक (BIMSTEC) आर्थिक समूहमा प्रवेश गरेको कारणबाट नेपालको बजार पहुँचलाई विस्तार गरेको भए तापनि देशको धरातल, हावापानी र वनस्पतिजन्य विविधताबाट प्राप्त उत्पादनका स्रोत र साधनसँग उचित प्रविधि, दक्ष जनशक्ति एवं लगानीको संयोजन गरी निर्यात प्रवर्द्धन गर्न सकिएको छैन । यसैले तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका निर्यातजन्य वस्तुहरूको पहिचान र विकास गरी बजार पहुँचको लाभ प्राप्त गर्न जरुरी देखिन्छ । यसका लागि वाणिज्य तथा औद्योगिक नीतिलाई अन्य क्षेत्रगत नीतिहरूसँग समन्वय गरी कृषि क्षेत्र, गैर-काष्ठजन्य वन क्षेत्र, पर्यटन क्षेत्रलगायत अन्य सेवा उद्योग र व्यापारको अग्र एवं पृष्ठ अन्तरसम्बन्ध विकास गर्दै जान आवश्यक छ । यसका अलावा उत्पादकत्व वृद्धि गर्ने साधन जस्तैः- भौतिक, मानवीय र सामाजिक पूँजीको परिचालन, संरचनात्मक परिवर्तन र प्राविधिक क्षमताको विकास तथा विकासमैत्री संस्कृतिको जगेर्ना गर्दै नेपालको निर्यात व्यापारलाई प्रतिस्पर्धी तुल्याउन जरुरी छ ।

विगतमा तर्जुमा गरिएको वाणिज्य नीति, २०४९ ले मूलतः निकासी नीति र कार्यनीति, पैठारी नीति रकार्यनीति, आन्तरिक निकासी नीति, विदेशी विनिमय व्यवस्था, आन्तरिक व्यापार नीति, वाणिज्य परिषद्को गठन, वैदेशिक व्यापार नीति तथा अनुसन्धान संस्था एवं नेपाल व्यापार प्रवर्द्धन संगठनको स्थापना जस्ता विषयलाई समेटेको भएता पनि अन्तर्राष्ट्रिय व्यापारमा भएको गतिशीलता, क्षेत्रीय र बहुपक्षीय व्यापार प्रणालीसँगको आबद्धता, द्विपक्षीय स्वतन्त्र

व्यापार क्षेत्रको विस्तार एवं व्यापार प्रक्रिया सहजीकरण र नयाँ पारवहन प्रणालीको विकासजस्ता विषयहरू समेट्न सकेको पाइँदैन । निकासी व्यापारलाई अग्रगति दिन स्यानिटरी तथा फाइटो - स्यानिटरी उपायहरू, व्यापार सञ्चालनमा देखिने प्राविधिक अवरोध (TBT) न्यून गर्नेजस्ता विषयहरू महत्वपूर्ण देखिन्छ । उपर्युक्त परिप्रेक्ष्य र बजार पहुँचको अवसरमा भएको विस्तारबाट मुलुकले फाइदा लिनसमेत वाणिज्य नीतिमा समग्र रूपमा पुनरावलोकन गर्नु आवश्यक देखिएको छ । मुलुकमा विद्यमान वस्तु तथासेवाको आपूर्तिजन्य कठिनाइ (Supply Side Constraints) र बजार पहुँचमा देखिएका प्राविधिक अवरोधको कारण निकासी क्षमतामा आएको ह्रासलाई सुधार गर्न जरुरी छ । यसका लागि निर्यातजन्य उद्योगको उत्पादन प्रविधि, प्रक्रिया एवं गुणस्तरमा सुधार गरी बहुपक्षीय तथा क्षेत्रीय व्यापार सम्झौताहरू तथा विकसित तथा विकासोन्मुख देशहरूबाट अति कम विकसित राष्ट्रले पाउने विशेष सुविधा एवं लाभको अधिकतम सदुपयोग गर्न जरुरी छ ।

विश्व बजारमा नेपालको निर्यातले अत्यन्त सानो हिस्सा ओगटेको र देशको कुल गार्हस्थ्य उत्पादनमा वस्तु निर्यातको हिस्सा ८ प्रतिशत र आयातको हिस्सा २६ प्रतिशतको हाराहारीमा रहेबाट व्यापार घाटाको स्थिति बढ्दै गएको स्पष्ट देखिन्छ । विगत केही वर्ष यता वैदेशिक सहयोगमा ऋणको अंश बढ्दै गएको कारणबाट पनि स्वतन्त्र अर्थतन्त्रको निर्माणमा कठिनाइ उत्पन्न हुँदै गएको छ । नेपालले आगामी वर्षहरूमा दुई अंकको आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको कारणबाट पनि निर्यात निर्देशित वृद्धि र निर्यातले आयातको उल्लेख्य अंश धान्न सक्ने तुल्याउन एवं निर्यातलाई गरिबी निवारणको प्रयाससँग आबद्ध गरी समावेशी बनाउन आवश्यक छ । विश्व व्यापारमा सिर्जना भएको गतिशीलता अनुरूप वस्तु तथा सेवा व्यवसाय र बौद्धिक सम्पत्ति अधिकारमा सिर्जना भएका अवसरहरूको फाइदाको उपयोग गरी आसन्न चुनौतीहरूलाई सामना गर्दै अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्न नयाँ, विस्तृत र फराकिलो सोचसहितको वाणिज्य नीति आजको आवश्यकता भएको छ । यसअनुरूप निकासी क्षेत्रको विस्तारलाई व्यापार नीतिको प्रमुख आधार बनाई बदलिंदो आन्तरिक परिस्थिति तथा अन्तर्राष्ट्रिय व्यापारिक परिवेशलाई ध्यानमा राखी नेपालको व्यापार विकासलाई दिगो तुल्याउने सोचका साथ यस वाणिज्य नीतिको तर्जुमा गरिएको छ ।

## १. मूल उद्देश्य

राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक विकास र गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

## २. उद्देश्य

२.१ अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्न अनुकूल वातावरणको सिर्जना गर्ने ।

२.२ आयातलाई निर्यात व्यापार वृद्धितर्फ आबद्ध गरी विश्व बजारमा मूल्य अभिवृद्धियुक्त वस्तुको निकासी बढाई व्यापार घाटा कम गर्ने ।

२.३ वस्तु तथा सेवा व्यापारलाई प्रतिस्पर्धी एवं सुदृढ बनाई आय तथा रोजगारीका अवसर बढाउने र गरिबी घटाउन सहयोग पुऱ्याउने माध्यमको रूपमा उपयोग गर्ने ।

२.४ आन्तरिक व्यापार र वैदेशिक व्यापारबीचको अन्तर-सम्बन्ध स्पष्ट रूपमा स्थापित गरी एक अर्काको परिपूरक रूपमा विकास गर्ने ।

## ३. मूल रणनीति

**३.१ व्यापारलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने गरी अनुकूल वातावरण सिर्जना गर्ने**

(क) वैदेशिक व्यापारलाई विश्व अर्थव्यवस्था अनुकूल प्रतिस्पर्धी बनाउन सरकारले पथप्रदर्शक, संरक्षक, नियामक र उत्प्रेरकको भूमिका निर्वाह गरी निजी क्षेत्रलाई व्यापार सञ्चालनमा सक्रिय सहभागी बनाउने ।

(ख) व्यापार प्रक्रियामा सरलीकरण, सहजीकरण तथा संस्थागत सुदृढीकरणको माध्यमबाट निकासी पैठारीमा सहजता ल्याई कारोवार लागत घटाउने ।

(ग) वस्तु तथा सेवा व्यापारसँग सम्बन्धित नीतिगत, संस्थागत र भौतिक संरचनाको विकास र सुधार गर्ने ।

(घ) बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको पहुँच बढाउने ।

(ङ) स्वदेशमा उपलब्ध सीप, साधन र स्रोतमा आधारित तुलनात्मक लाभका वस्तुहरूको पहिचान र छनोट गरी व्यापार प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

### ३.२ निर्यात अभिवृद्धि गरी व्यापार घाटा कम गर्ने

(क) निर्यातमूलक उद्योगहरूलाई चाहिने कच्चा पदार्थ, औद्योगिक मेसिनरी आदिको आयात प्रक्रिया सरल बनाउने र प्रोत्साहनको व्यवस्था गर्ने ।

(ख) द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार सन्धिबाट सिर्जित अवसरहरूको उपयोग गरी नेपालमा उत्पादित वस्तुहरूको अन्तर्राष्ट्रिय बजार विस्तार गर्ने ।

(ग) स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी निकासी प्रवर्द्धन गर्न विशेष आर्थिक क्षेत्रहरूको स्थापना र विस्तार गर्ने ।

### ३.३ आय र रोजगारीका अवसर वृद्धि गर्ने

(क) वाणिज्य क्षेत्रसँग सम्बन्धित रोजगारमूलक सीप र उद्यमशीलता विकासमा जोड दिई सीमान्तकृत वर्ग र विपन्न समुदायमा रोजगारी बढाउने र व्यापार विकासलाई समावेशी तुल्याउने ।

(ख) परम्परागत सीप, कला र कौशलको प्रयोग गरी उत्पादन हुने निकासीजन्य वस्तुहरूलाई बजारमा पुऱ्याउन औद्योगिक ग्राम, विशेष क्षेत्रहरू (Special thrust areas) को विकास र प्रवर्द्धनमा जोड दिने ।

(ग) सेवा व्यापार प्रवर्द्धन गरी आय र रोजगारीका अवसर वृद्धि गर्न जोड दिने ।

### ३.४ आन्तरिक व्यापार र वैदेशिक व्यापारबीच अन्तरसम्बन्ध स्थापना गर्ने

(क) निर्यातयोग्य उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको आंशिक हिस्सा मुलुकभित्र खपत गर्ने वातावरण सिर्जना गर्ने ।

(ख) स्वदेशभित्रै खपत हुने गरी उत्पादन गरिएका वस्तु वा सेवाको विस्तार गरी निर्यात गर्न प्रोत्साहन गर्ने ।

## ४. नीति तथा कार्यनीति

### ४.१ सरकार र निजी क्षेत्रको भूमिका तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्ने

### ४.१.१ नीति

१) निजी क्षेत्रको अगुवाइमा निर्यात व्यापारलाई क्षेत्रगत एवं वस्तुगत विविधीकरण गरी प्रतिस्पर्धी बनाउन सरकारबाट संरक्षक, नियामक र सहजकर्ताको भूमिका निर्वाह गरिनेछ ।

२) वित्तीय तथा मौद्रिक, विदेशी लगानी, औद्योगिक क्षेत्र, पर्यटन, कृषि, वन, भौतिक पूर्वाधार आदि नीतिहरूलाई वाणिज्य नीतिसँग सामञ्जस्य हुने गरी परिमार्जन गर्ने व्यवस्था मिलाइनेछ ।

३) माथि उल्लिखित क्षेत्रगत नीतिहरूबीच पृष्ठ, अग्र तथा समानान्तर अन्तरसम्बन्ध कायम गराई निकासीका आधारलाई फराकिलो पारिनेछ ।

४) अन्तर्राष्ट्रिय बजारको मागअनुसारको परिमाण र गुणस्तरमा वस्तुको आपूर्ति बढाउन नेपाली गुणस्तरलाई विदेशमा समेत मान्यता दिलाउन द्विपक्षीय र क्षेत्रीय सम्झौता गरिनेछ ।

५) बहुपक्षीय व्यापार व्यवस्थाअनुरूप आन्तरिक उद्योगको संरक्षण गर्न Anti- Dumping, Countervailing, Safeguard सम्बन्धी कानुनी व्यवस्था गरिनेछ ।

६) देशमा उपलब्ध र भविष्यमा विकास हुनसक्ने लागत प्रभावकारी र गुणस्तरयुक्त उत्पादनका माध्यमबाट फाइदा उठाउन बाह्यस्रोत (Outsourcing) र करार (Contract) सेवा तथा उत्पादनको माध्यमबाट अन्तर्राष्ट्रिय उत्पादन सञ्जाल (International production network) स्थापना गर्न विदेशी लगानीकर्ता र गैर-आवासीय नेपालीहरूलाई प्रोत्साहन गरिनेछ ।

७) निर्यात कम्पनीहरूलाई विदेशमा सम्पर्क कार्यालय वा बिक्रीकक्ष खोल्न र विदेशी आयातकर्ता कम्पनीलाई नेपाली सेवा तथा वस्तुको प्रवर्द्धन गर्न सम्पर्क कार्यालय (liaison office) स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

८) उपभोक्ताको हकहित संरक्षण गर्न, आन्तरिक एवं अन्तर्राष्ट्रिय बजारमा स्वच्छ प्रतिस्पर्धात्मक वातावरणको विकास गर्नका लागि प्रतिस्पर्धा ऐनको प्रभावकारी कार्यान्वयन र उपभोक्ता संरक्षण ऐनमा समसामयिक सुधार गरिनेछ। साथै, आन्तरिक व्यापारसम्बन्धी ऐनहरू तर्जुमा गरी लागू गरिनेछ।

९) वस्तु तथा सेवा निर्यात प्रवर्द्धनका लागि निजी, गैरसरकारी एवं अनुसन्धानमूलक संस्थाको क्षमता अभिवृद्धि गरिनेछ।

### ४.१.२ कार्यनीति

१) निर्यात व्यापार विस्तार र प्रवर्द्धन गर्ने उद्देश्यले प्रमुख निर्यातकर्ताहरू एवं विदेशस्थित नेपाली वस्तुका प्रमुख आयातकर्ताहरूलाई सम्मान र पुरस्कृत गर्ने व्यवस्थालाई प्रोत्साहन गरिनेछ।

२) निर्यातसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहेका सरकारी निकाय र निजी क्षेत्रका व्यापारिक संघ-संस्थाहरू तथा उद्योग वाणिज्य संघहरूबीचको विद्यमान सञ्जाललाई बृहत् बनाई निर्यात व्यापारलाई अझ बढी प्रतिस्पर्धी र प्रभावकारी बनाइनेछ।

३) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकाय, सिफारिस गर्ने निकाय, सेवा शुल्क तथा त्यसको उपयोग र अनुगमन गर्ने निकायका सम्बन्धमा कार्यविधि बनाई पारदर्शी र व्यवस्थित गरिनेछ।

४) व्यापार सहयोगसम्बन्धी नीतिगत, कानुनी र प्रक्रियागत व्यवस्थालाई थप परिमार्जन गरी अन्तर्राष्ट्रिय व्यापार प्रणालीअनुरूप बनाइनेछ।

५) परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली नियोगलाई आर्थिक कूटनीति, लगानी सम्भाव्यता र निर्यात प्रवर्द्धनका विविध पक्षहरूमा प्रभावकारी ढंगले परिचालन गरिनेछ।

६) नेपाली वस्तुहरूका प्रमुख आयातकर्ता देशहरू एवं नेपालसँग बढी व्यापार सम्भावना भएका देशस्थित नेपाली नियोगहरूमा वाणिज्यदूतहरू (Commercial Counsellor) खटाउने व्यवस्था गरिनेछ ।

७) मुख्य भन्सार बिन्दुहरूबाट प्रदान गरिने सेवाका लागि भन्सार कार्यालयहरूमा खाद्य, गुणस्तर, कृषि, वन, पुरातत्वलगायत अन्य निकायका पूर्वाधारसहितका एकाइहरू राखी सेवा प्रदान गरिनेछ ।

८) निकासीलाई सहजीकरण गर्न प्रशासनिक, प्राविधिक एवं निजी क्षेत्रका निकायहरूलाई व्यापार प्रवर्द्धन प्रतिष्ठानको समन्वयमा एकीकृत सेवा पुऱ्याइनेछ ।

९) वस्तुगत संघसंस्था, द्विपक्षीय चेम्बरहरू र उद्योग व्यवसायीहरूको प्रतिनिधिमूलक संस्थाहरूको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) व्यापारसँग सम्बन्धित नीति निर्माण प्रक्रियामा निजी क्षेत्र, गैरसरकारी संस्था, विज्ञ र अनुसन्धानमूलक संस्थालाई सहभागी गराइनेछ ।

## ४.२ प्रक्रियागत सरलीकरण तथा संस्थागत सुदृढीकरणका माध्यमबाट कारोवार लागतमा कमी ल्याउने

### ४.२.१ नीति

१) कारोबार लागत (Transaction cost) घटाउन निकासीजन्य उत्पादनमा उपयोग हुने कच्चा पदार्थमा लाग्ने कर तथा महसुललाई सरल, शीघ्र तथा सहज ढंगबाट फिर्ता हुने व्यवस्था मिलाइनेछ ।

२) व्यापार प्रवर्द्धनका निमित्त आवश्यक सूचना संकलन, प्रशोधन र सम्प्रेषणलाई आधुनिक सूचना प्रणाली व्यवस्थापनको माध्यमबाट प्रभावकारी तुल्याइनेछ ।

३) सार्क (SAARC) का सदस्य राष्ट्रहरू एवं व्यापार साझेदार मुलुकहरूसँग मिल्ने गरी नेपालको भन्सार,

पारवहन र गुणस्तर प्रमाणीकरणसम्बन्धी प्रक्रिया, मापदण्ड (Standards) तथा नीति नियमहरूमा एकरूपता ल्याइनेछ ।

४) पारवहनलाई सुविधायुक्त र कम खर्चिलो बनाई व्यापारको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सुक्खा बन्दरगाहबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाइनेछ ।

५) नेपालको अन्तर्राष्ट्रिय व्यापारको लागत कम गर्न पारवहन (Transit) देशहरू एवं छिमेकी मुलुकहरूको वैकल्पिक पारवहन मार्गहरू तथा बन्दरगाहहरूको भौतिक पूर्वाधार, मल्टिमोडल सुविधा, यातायातको सुविधा र लागतको अध्ययन गरी उपयुक्त पारवहन मार्गको प्रयोग गर्न सन्धि/सम्झौता गरिनेछ ।

(६) उत्पादनस्तरमा लागत प्रभावकारी उपायहरू (Cost Effective Measures) अपनाउनुका साथै आपूर्तिजन्य कठिनाइ (Supply Side Constraint) हटाउन कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

### ४.२.२ कार्यनीति

१) भन्सार छुटाउने प्रक्रियालाई सरलीकृत एवं चुस्त गर्न छिमेकी राष्ट्रका भन्सारहरूसँग समेत समन्वय गरी एकीकृत भन्सार प्रणालीको विस्तार गरिनेछ ।

२) अन्तर्राष्ट्रिय व्यापार पद्धतिअनुरूपको भन्सार मूल्याङ्कन पद्धतिको अवलम्बन गर्दै भन्सार प्रक्रियामा सरलीकरण गरी प्रभावकारिता बढाइनेछ ।

३) निकासीजन्य वस्तुहरूको गुणस्तर कायम गर्न प्रचलित आन्तरिक र अन्तर्राष्ट्रिय मापदण्डअनुसार गुणस्तर निर्धारण गर्ने परिपाटी आरम्भ गरिनेछ । गुणस्तर निरीक्षण, प्रमाणीकरण र अनुगमनका लागि आवश्यक आधारशिलाको स्थापना तथा सूचना प्रवाह र दक्ष जनशक्तिको विकास गर्दै अन्तर्राष्ट्रिय मापदण्डअनुरूप तुल्याइनेछ ।

४) पारवहन सेवालाई प्रभावकारी बनाउन सीमावर्ती भन्सार क्षेत्रहरूमा गोदाम सुविधा, भन्सारसम्बन्धी सूचना प्रवाहमा वृद्धि र ढुवानी एवं Clearing and Forwarding को सेवा विस्तार गरिनेछ ।

५) सीमा तथा अन्तर्राष्ट्रिय विमानस्थलस्थित प्रमुख भन्सार कार्यालयहरूमा नापतौल मेसिन, एक्स-रे मेसिन, ल्याबोरेटरी, कम्प्युटर डाटा व्यवस्थापन तथा शीत भण्डारको व्यवस्था गरिनेछ ।

६) निर्यातक फर्महरूको नवीकरण, निर्यातजन्य उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थको भन्सार महसुलसम्बन्धी प्रक्रिया, निकासी भएका वस्तुहरूको भन्सार महसुल फिर्ता, मूल्य अभिवृद्धि करसम्बन्धी व्यवस्था, निर्यात अर्डरको लागि नमुना (sample) लिने दिने व्यवस्थालाई सरल, निर्यातसहयोगी, छिटोछरितो र लागतप्रभावी हुने किसिमको बनाइनेछ ।

७) निर्यात प्रवर्द्धनका लागि आवश्यक पर्ने बजारसम्बन्धी सूचनाको संकलन, प्रशोधन एवं वितरण कार्यलाई प्रभावकारी बनाउन व्यापार प्रवर्द्धन प्रतिष्ठानलाई थप वित्तीय, मानवीय र अन्य आवश्यकीय टेवासहितको स्रोतसाधन उपलब्ध गराइनेछ ।

८) पुरातात्वीक तथा धार्मिक महत्वका वस्तु, विस्फोटक पदार्थ, वातावरण र वन्यजन्तु संरक्षणसम्बन्धी वस्तु र विभिन्न नेपाल पक्ष भएका सन्धिसम्झौता तथा कन्भेन्सनले बन्देज गरेका वस्तुहरूबाहेक अरू सम्पूर्ण वस्तुको निकासी खुला गरिनेछ ।

## ४.३ वैदेशिक व्यापारसँग सम्बन्धित नीतिगत, संस्थागत तथा भैतिक संरचनाको विकास गर्ने

### ४.३.१ नीति

१) निकासीलाई आर्थिक उन्नतिको आधारशिलाको रूपमा विकास गर्नका लागि विद्यमान निकासी पैठारी नियन्त्रण ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐनको तर्जुमा गरिनेछ ।

२) अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष भूमिका निर्वाह गर्ने सरकारीनिकायहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

३) सुख्खा बन्दरगाह, शीत भण्डार, कन्टेनर फ्रेट स्टेसन, सडकलगायतका भौतिक पूर्वाधारहरूको निर्माण अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गरिनेछ । साथै विद्यमान संरचनाको स्तरोन्नति गरिनेछ ।

४) छिमेकी मुलुकहरूबीचको स्थलगत व्यापारबाट समुचित लाभ प्राप्त गर्न भौतिक पूर्वाधारको विकास तथा सुधारका लागि पहल गरिनेछ ।

५) विश्वविद्यालयहरूको वाणिज्य र अर्थशास्त्रका पाठ्यक्रमहरूमा अन्तर्राष्ट्रिय व्यापार, क्षेत्रीय व्यापार सन्धिसम्झौताहरू र तिनका मुख्य प्रावधान, निर्यात प्रवर्द्धन आदि विषयहरू समावेश गर्न पहल गरिनेछ ।

६) निजी क्षेत्रको योगदानसमेत निश्चित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्न र मेलामा भाग लिन सहयोग गरिनेछ ।

### ४.३.२ कार्यनीति

१) विश्व व्यापार संगठन तथा प्रचलित अन्तर्राष्ट्रिय प्रावधानसँग सम्बन्धित खास गरेर बौद्धिक सम्पत्ति अधिकारको संरक्षण (TRIPS), स्यानिटरी र फाइटो स्यानिटरी (SPS) र वस्तुको अन्तर्राष्ट्रिय गुणस्तर र गुणस्तरीय प्रमाणीकरण, भन्सार प्रक्रिया आदिबारे सरकारी र निजी क्षेत्रका जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।

२) उत्तर र दक्षिणतर्फका व्यापारिक नाकाहरूलाई रेलमार्ग तथा फराकिला राजमार्गबाट जोड्न अध्ययन गराइनुका साथै विद्यमान उत्तर-दक्षिण सडक मार्गहरूको सुधार र स्तरोन्नति गरिनेछ ।

३) दक्षिण एसियाका भारत, नेपाल, बंगलादेश र भुटानलाई जोड्ने अन्तर्राष्ट्रियस्तरको यातायात मार्गसहितको

उपक्षेत्रीय विकास अवधारणा (Growth Quadrangle) लाई सम्बद्ध पक्षहरूको परामर्शमा अघि बढाउन पहल गरिनेछ ।

४) भारत र चीनबीचको स्थलमार्गबाट हुने द्विपक्षीय व्यापारमा नेपाललाई पारवहनबिन्दुको रूपमा विकास गर्ने उद्देश्यबाट पहिचान गरिएका मुख्य भन्सार नाकाहरूमा पूर्वाधार निर्माण गरिनेछ ।

५) काठमाण्डौको अन्तर्राष्ट्रिय विमानस्थलको कार्गो कम्प्लेक्सलाई सुव्यवस्थित गर्ने र अन्य मुलुकका कार्गो विमानहरूको उडानमा वृद्धि गर्न पहल गरिनेछ ।

६) नेपालगञ्ज, रसुवा तथा तातोपानी लगायतका अन्य सम्भावित स्थानहरूमा सुक्खा बन्दरगाह निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

७) औद्योगिक एवं वैदेशिक व्यापार प्रवर्द्धन गर्ने उद्देश्य लिई निजी क्षेत्रसमेतको सहभागितामा काठमाण्डौमा एउटा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण गरिनेछ ।

## ४.४ बौद्धिक सम्पत्ति अधिकारको संरक्षण रतथा सेवा निकासी अभिवृद्धिका लागि नीतिगत तथा संसंस्थागत संरंरचना तयार गर्ने

### ४.४.१ नीति

१) बौद्धिक सम्पत्ति अधिकारको संरक्षण र सेवा व्यापारको विस्तारका लागि कार्ययोजना बनाई लागू गरिनेछ ।

२) द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार सम्झौता अनुकूल हुने गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको संरक्षणका लागि कानुनी व्यवस्था गरिनेछ ।

### ४.४.२ कार्यनीति

१) वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय बजारमा पहुँच बढाउन विदेशस्थित कूटनैतिक नियोगहरूलाई Trade Intelligence को रूपमा कार्य गर्ने गरी क्रियाशील तुल्याइनेछ ।

२) प्रमुख निकासी वस्तुको अन्तर्राष्ट्रिय बजारमा बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्न सघाइनेछ । TRIPS अन्तर्गत हस्तकला, चिया, कफी, गलैंचा, पस्मिना, मह आदिजस्ता निकासीजन्य वस्तुको भौगोलिक सङ्केतीकरण (Geographical Indication) सम्बन्धी अधिकार कायम गर्न पहल गरिनेछ ।

३) वाणिज्य तथा आपूर्ति मन्त्रालयको अग्रसरतामा उद्योग, कृषि, वन, संस्कृति र विज्ञान तथा प्रविधि मन्त्रालयहरू एवं नेपाल उद्योग वाणिज्य महासंघ र सोअन्तर्गतका वस्तुगत संघहरूसमेतको सहभागितामा समिति बनाई बौद्धिक सम्पत्तिको विविध पक्षमा समेत कार्यनीति तय गरिनेछ ।

४) विश्व व्यापार संगठन र क्षेत्रीय व्यापार सम्झौताहरूमा भएको प्रावधान अनुरूपका सेवाहरूको निकासी र खास गरी चौथो मोड (Mode 4) अन्तर्गतको सेवा व्यापार विस्तार गर्न दक्ष जनशक्ति तयार गर्न प्राथमिकता दिइनेछ ।

५) निर्यातयोग्य वस्तु र बजारको विकासका लागि प्रभावकारी भूमिका खेल्न सक्ने गरी आवश्यक सांगठनिक संरचनासहितको व्यापार प्रवर्द्धन प्रतिष्ठान (Trade Promotion Institute) नामको स्वायत्त संस्था स्थापना गरी हालको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई सोही संस्थाभित्र विलय (Merge) गरिनेछ ।

६) नेपाली परम्परागत सीप, कौशल, वस्तु उत्पादन गर्ने प्रक्रिया र उत्पादित वस्तुको बौद्धिक सम्पत्ति अधिकार (TRIPS) को संरक्षण गरिनेछ ।

## ४.५ निर्यातमूलक उद्योगलाई थप प्रोत्साहनको व्यवस्था गर्ने

### ४.५.१ नीति

१) निर्यातमूलक उद्योगहरूलाई चाहिने कच्चा पदार्थ, औद्योगिक मेसिनरी आदिको आयातमा सरल प्रक्रिया अपनाइनेछ ।

२) देशभित्र कच्चा पदार्थ उपलब्ध हुने वस्तुहरूको स्वदेशमै उत्पादन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३) वाणिज्य नीतिको कार्यान्वयनलाई प्रभावकारी बनाउन कृषि, वनलगायतका क्षेत्रगत नीतिहरूबीच समन्वय गरिनेछ ।

४) प्रशोधन नगरी निकासी भइरहेका प्राथमिक वस्तुहरूको मूल्य अभिवृद्धि (value addition) गरी निकासी गर्न प्रोत्साहित गरिनेछ ।

५) निकासीमा निर्यात सेवा शुल्कबाहेक भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाइने छैन ।

६) निजी र सहकारी क्षेत्रलाई निर्यात प्रवर्द्धन गृह स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

७) निकासीमा वित्तीय साधनको प्रवाह बढाउन export credit guarantee scheme लागू गरिनेछ ।

८) निकासीमूलक उद्योगको संवेदनशीलतालाई ध्यानमा राखी तालाबन्दी तथा हडतालजस्ता क्रियाकलाप हुन नदिन सम्बद्ध पक्षको सहमतिमा विशेष उपायहरू अपनाइनेछ ।

९) उत्पादन लिन लामो समय लाग्ने चिया, कफी, फलफूल, जडीबुटी, मसलाका बोट, रिट्ठा, टिमुरजस्ता वनपैदावारको लागि व्यावसायिक खेती गर्न लिजमा जग्गा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

### ४.५.२ कार्यनीति

१) हस्तकला, जडीबुटी, मह, चिया, दूध, माछा, मासु, तरकारी र अन्य अर्धप्रशोधित वस्तुलाई प्रशोधन केन्द्रसम्म ल्याउन र भण्डारण गर्न सहयोग पुऱ्याउन निजी क्षेत्र र सहकारी क्षेत्रको संलग्नतामा वस्तु विकास कोष (Product Development Fund) को स्थापना गरिनेछ ।

२)	प्रमुख निकासीजन्य वस्तुहरूको गुणस्तरमा सुधार र वस्तु विकास तथा विविधीकरण गर्न निजी क्षेत्रसँगको सहकार्यमा एकीकृत प्राविधिक संस्थाको स्थापना गरिनेछ ।

३)	निर्यातमूलक वस्तु उत्पादनका लागि प्रयोग गरिने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ मेटेरियल र माध्यमिक वस्तु आयातमा बैंक ग्यारेन्टीमा Bonded Warehouse को सुविधा उपलब्ध गराइनेछ ।

४)	निर्यातमूलक उद्योगले आयात गरेको वा स्थानीयस्तरमा खरिद गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थमा लागेको कर महसुलहरू निर्यात परिमाणको आधारमा निकासीकर्तालाई फिर्ता दिइनेछ ।

५)	निर्यात प्रवर्द्धनका लागि निर्यात प्रवर्द्धन गृह (Export Trading House), सहकारी संस्था वा निजी कम्पनीको रूपमा स्थापना गरी सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । यसरी निर्यात प्रवर्द्धन गृह स्थापना गर्दा आर्थिक विकासमा क्षेत्रीय सन्तुलन कायम गर्न विशेष ध्यान पुऱ्याइनेछ ।

६)	स्थानीय उद्योगसँग निर्यातमूलक उद्योगले करार गरी खरिद गरेका वस्तु निर्यात भएपश्चात् निर्यात परिमाणको आधारमा मूल्य अभिवृद्धि कर र अन्तःशुल्क करारमा उत्पादन गर्ने कम्पनीलाई फिर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

७)	मुख्य निकासी वस्तु-तयारी पोशाक, गलैंचा र हस्तकलाको निकासी बढाउन वस्तु विकास कार्यक्रम सञ्चालन गरिनेछ । साथै, चिया, कफी, तरकारीको बीउ, जडीबुटी र कृषि एवं दुग्धजन्य तथा गैरकाष्ठ वनजन्य वस्तुको निकासी बढाउन कार्यक्रम सञ्चालन गरिनेछ । साथै, निकासीजन्य थप नयाँ वस्तुको पहिचान र प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८)	निर्यात हुने वस्तु र सोको उत्पादनको लागि चाहिने कच्चा पदार्थ मुलुकभित्र ओसारपसार गर्दा कुनै किसिमको शुल्क लाग्ने छैन ।

## ४.६ द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार अभिवृद्धिका अवसर बहुपक्षीयलाई उपयोग गरी बजार विस्तार गर्ने

### ४.६.१ नीति

१) नेपालको निकासी व्यापारको पहुँच अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्न अमेरिका, युरोपियन युनियनलगायत तुलनात्मक रूपमा बढी व्यापारिक सम्भावना भएका मुलुकहरूसँग र थप क्षेत्रीय व्यापार संगठनहरूसँग स्वतन्त्र व्यापार क्षेत्र (Free Trade Area) सम्बन्धी सम्झौता गर्न पहल गरिनेछ ।

२) द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सन्धि/सम्झौताहरूले उपलब्ध गराएका अवसरहरूको उपयोग गर्न समान व्यापार स्वार्थ भएका अन्य मुलुकहरूसँग सहकार्य गरिनेछ ।

३) अति कम विकसित खास गरी भूपरिवेष्ठित मुलुकको हैसियतले द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सन्धि/सम्झौताहरूले उपलब्ध गराएको सुविधाहरूको अधिकतम उपयोग गर्नेतर्फ पहल गरिनेछ ।

### ४.६.२ कार्यनीति

१) अन्तर्राष्ट्रिय व्यापारको प्रवृत्ति, वर्तमान र भावी दिशा र नेपालले सो सन्दर्भमा लिनुपर्ने नीतिगत कदमहरूबारे निष्कर्षमा पुग्न निजी, सरकारी र विज्ञहरूको सहभागितामा एक स्थायी व्यापार नीति विश्लेषण संयन्त्र (Trade Policy Analytical Wing) को स्थापना गरिनेछ ।

२) व्यापार प्रवर्द्धन प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा स्रोतकेन्द्रको रूपमा विकास गरी द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सन्धि/ सम्झौताहरूबाट उत्पन्न चुनौती र अवसरहरू एवं तिनका प्रावधानबारे सूचना प्रवाह गराउने व्यवस्था गरिनेछ ।

## ४.७ निकासी प्रव्रवर्द्धर्ननका लागि विशेष आर्थिकक क्षेत्रहरूको स्थापना गर्ने

### ४.७.१ नीति

१) निकासी प्रवर्द्धन गर्न भौतिक पूर्वाधार सहितको निर्यात प्रशोधन क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूको स्थापना गरिनेछ ।

२) विशेष आर्थिक क्षेत्रहरूमा स्थापित उद्योगहरूलाई थप सुविधा तथा सहुलियतलगायत लचिलो श्रम नीतिसहितको कानुन ल्याइनेछ ।

### ४.७.२ कार्यनीति

१) निर्यातयोग्य वस्तुहरूको उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न विद्यमान सुख्खा बन्दरगाहनजिक विशेष आर्थिक क्षेत्रहरू (Special Economic Zones) को स्थापना गरिनेछ ।

२) भैरहवामा निर्माणाधीन निर्यात प्रशोधन क्षेत्र र प्रस्तावित वीरगञ्ज विशेष आर्थिक क्षेत्रको आसपासका क्षेत्रमा निकासीजन्य उद्योगहरूलाई कच्चा र अर्धप्रशोधित वस्तु उपलब्ध गराउने प्रकृतिका उद्योगहरू (ancilliary industries) स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

३) प्रभावकारी रूपमा उपयोगमा आउन नसकेका राजविराज, बुटवल र नेपालगञ्जमा रहेका औद्योगिक क्षेत्रहरूलाई वस्तुगत विशेष आर्थिक क्षेत्रको रूपमा उपयोग गर्न पहल गरिनेछ ।

४) नेपाललाई पारवहन बिन्दुको रूपमा विकास गर्ने क्रममा मुलुकको उत्तरी तथा दक्षिणी भेगका सम्भाव्य स्थानहरूमा विशेष आर्थिक क्षेत्रको स्थापनाको लागि अध्ययन गराइनेछ ।

५) विशेष आर्थिक क्षेत्रको लागि आयात, प्रशोधन, मूल्य अभिवृद्धि, निकासी, आन्तरिक बिक्री, कर महसुलसम्बन्धी एकीकृत निर्देशिका लागू गरिनेछ ।

६) वस्तु विकास कार्यक्रमका लागि गठित बोर्ड, समितिजस्ता निकायको व्यापार क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याइनेछ ।

## ४.८ वाणिज्य क्षेत्रमा रोजगारमूलक सीप र उद्यमशीलताको विकास गर्ने

### ४.८.१ नीति

१) वाणिज्य क्षेत्रमा आय तथा रोजगारीका अवसरहरू सिर्जना गरी जनताको जीवनस्तरमा सुधार ल्याउन उद्यमशीलता विकास, रोजगारमूलक सीप एवं व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

२) प्रमुख निकासीजन्य वस्तुहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी निकासीका साथै रोजगारीका अवसरहरू बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

### ४.८.२ कार्यनीति

१) स्वदेशी कच्चा पदार्थमा आधारित निकासीजन्य वस्तुहरूको उत्पादन गर्ने उद्योगहरूमा नयाँ प्रविधि अपनाउन र उत्पादन प्रक्रियामा सुधार गर्न निकासी प्रवर्द्धन कोषको उपयोग गरिनेछ ।

२) कृषिजन्य उत्पादनमा विविधताको अवसरलाई उपयोग गरी त्यस्ता वस्तुहरूको उत्पादन एवं प्रशोधन अन्तर्राष्ट्रिय मागबमोजिमको तुल्याउन प्याकिङ, स्टोरिङ र प्रमाणीकरणमा सहयोग पुऱ्याइनेछ ।

३) निकासीयोग्य कृषिजन्य वस्तुमा लगानी आकर्षित गरी व्यावसायिक खेतीद्वारा बृहत् स्तरमा उत्पादन एवं बजारको प्रवर्द्धन गर्न करार तथा सहकारी कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

४) निकासी व्यापार प्रवर्द्धनका लागि निजी क्षेत्रसमेतको सहभागितामा उद्यमशीलता र सीप विकासका तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

५) वैदेशिक व्यापारको क्षेत्रमा दक्ष एवं कुशल जनशक्ति तयार गर्न शैक्षिक संस्थाहरूसँग आवश्यक सहकार्य गरिनेछ ।

## ४.९ सेवा व्यापार प्रवर्द्धन गरी आय र रोजगारीका अवसरमा वृद्धि गर्ने

### ४.९.१ नीति

१) सेवा व्यापारका विशेष क्षेत्रहरू (Thrust Areas) पहिचान गरी सोको प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२) सेवा व्यापारलाई सहज, सरल र प्रभावकारी बनाउन संस्थागत संयन्त्रको निर्माण गरी प्रक्रियागत सरलीकरणको व्यवस्था मिलाइनेछ ।

३) सेवा व्यापारका क्षेत्रमा निजी क्षेत्रलाई अग्रणी भूमिका खेल्न प्रोत्साहित गरिनेछ ।

### ४.९.२ कार्यनीति

१) पर्यटन, शिक्षा, स्वास्थ्य र सूचना प्रविधिजस्ता सेवाका क्षेत्रहरूलाई विशेष सेवा क्षेत्रको रूपमा विकास र प्रवर्द्धन गरिनेछ ।

२) विशेष सेवा क्षेत्रहरूको प्रवर्द्धनका लागि क्षेत्रगत निकायहरूसँग समन्वय गरिनेछ ।

३) विशेष सेवा क्षेत्रहरूको व्यवस्थालाई बजारको मागअनुसार सेवा पुऱ्याउन सक्ने गरी पुनरावलोकन गर्दै लगिने छ ।

४) सेवा व्यापारको प्रवर्द्धनको लागि निजी क्षेत्र समेतको सहभागितामा वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत छुट्टै सेवा व्यापार प्रवर्द्धन परिषद् (Service Trade

Promotion Council) गठन गरिनेछ । सो परिषद्ले सेवा व्यापार प्रवर्द्धनका लागि सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्नेछ ।

५) सेवा व्यापारको प्रवर्द्धनको लागि सम्बधित मन्त्रालयहरू मार्फत विद्यमान कानूनहरूको परिमार्जन र आवश्यकता अनुसार नयाँ कानूनहरूको तर्जुमा गरिनेछ ।

६) सेवा व्यापार क्षेत्रको प्रवर्द्धनमा निजीक्षेत्रलाई प्रोत्साहित गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी स्रोतको परिचालन गरिनेछ ।

## ४.१० विशेष क्षेत्रहरू (Special thrust areas) को विकास गर्ने

### ४.१०.१ नीति

१) समुदायमा आधारित सीप र कौशलको प्रयोग गरी निकासीजन्य हस्तकलाका सामान उत्पादन गर्न स्थानीय निकायको सहभागितामा विशेष क्षेत्रहरू (Special thrust areas) को पहिचान तथा विकास गरी त्यस्ता वस्तुको गुणस्तर सुधारको लागि सहयोग पुऱ्याइनेछ ।

२) स्थानीय निकायहरूसमेतको सहभागितामा स्थापना र सञ्चालन गरिने सहकारी संस्था वा निकासी व्यापार गृहको भूमिका सुनिश्चित गरिनेछ ।

### ४.१०.२ कार्यनीति

१) स्थानीय निकायको अगुवाइमा स्थापित औद्योगिक ग्रामहरूको क्षमता विकास, वस्तु विकास, गुणस्तर सुधार र बजारका लागि सहयोग पुऱ्याइनेछ ।

२) ग्रामीण क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरूको सिर्जना गर्न कृषि तथा गैरकाष्ठ वनजन्यजस्ता क्षेत्रहरू (Special thrust areas) को प्रवर्द्धनमा जोड दिइनेछ । यस्ता क्षेत्रबाट गरिने उत्पादनको ओसारपसारमा कुनै पनि स्थानीय कर तथा शुल्क नलाग्ने व्यवस्था गरिनेछ ।

३) पर्यटकहरूलाई हस्तकलाका सामानको बिक्री बढाउन निकासी

व्यापार गृहहरूलाई प्रोत्साहित गर्ने र पर्यटकको आगमन हुने मुख्य सहरहरूमा पर्यटन विकास बोर्डमार्फत स्थायी प्रदर्शनी तथा बिक्री कक्षको व्यवस्था गरिनेछ ।

४) औद्योगिक ग्रामको व्यवस्थापन र सञ्चालनमा स्थानीय निकाय, सहकारी संस्था तथा निकासी व्यापार गृहलाई संलग्न गराइनेछ ।

५) कृषिजन्य, वनजन्य, घरेलु उद्योगका उत्पादन, आयुर्वेदिक उत्पादनहरूको निकासीमा सहकारी संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

## ४.११ निकासीजन्य तुलनात्मक लाभका नयाँ वस्तुहरूको पहिचान, छनोट उत्पादन र व्यापारको प्रवर्द्धन गर्ने

### ४.११.१ नीति

१) तुलनात्मक लाभका वस्तुहरूको पहिचान, छनोट र उत्पादन एवं अन्तर्राष्ट्रिय बजार पहुँचका लागि विशेष एकीकृत कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

२) स्थापित निर्यातमूलक वस्तुहरूको उत्पादन क्षमता र गुणस्तर वृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

### ४.११.२ कार्यनीति

१) निर्यातजन्य वस्तुहरूको उत्पादन क्षमता र गुणस्तर वृद्धि गर्न आवश्यक पर्ने सीप, पूँजी, प्रविधि आदि उपलब्ध गराउन आवश्यक सहयोग पुऱ्याइनेछ ।

२) कृषि, वनजन्य, हस्तकला तथा स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातजन्य वस्तु उत्पादनस्थलदेखि अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनका लागि निजी क्षेत्रसमेतको सहभागिता रहने गरी निर्यात प्रवर्द्धन कोषबाट सहयोग पुऱ्याइनेछ ।

३) सिँचाई, कृषियन्त्र, मल, बीउ, उन्नत जातका पशुपंक्षीको आपूर्तिबाट कृषिक्षेत्रको उत्पादकत्व बढाई व्यावसायिक कृषि, पशु र गैरकाष्ठ वनजन्य उत्पादनमा जोड दिइनेछ ।

४) निकासीजन्य उत्पादनहरूको मूल्य शृङ्खला (value chain), लागत प्रभावकारिता र गुणस्तरमा सुधार गरिनेछ ।

५) विश्वबजारको मागअनुरूपका नयाँ निकासीजन्य वस्तुहरूको पहिचान एवं प्रवर्द्धन गर्न विद्यमान संस्थाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

**४.१२ निर्यातजन्य उद्योगलाई आन्तरिर्तगेक बजारसँगँग आबद्ध गर्ने**

**४.१२.१ नीति तथा कार्यनीति**

१) उद्योगले निर्यात गर्ने उद्देश्यले उत्पादन गर्ने वस्तु र सेवाको केही हिस्सा आन्तरिक बजारमा समेत खपत हुने वातावरण बनाई उद्योगको दिगो विकास गरिनेछ ।

२) निर्यात प्रशोधन क्षेत्रमा स्थापित उद्योगहरूले तोकिएको निश्चित परिमाणमा आफ्नो उत्पादन आन्तरिक बजारमा बिक्री गर्न पाउने व्यवस्था गरिनेछ ।

३) स्वदेशमा उत्पादित वस्तुहरूको देशभित्रै उपभोग बढाउन सरकारी निकायहरूलाई प्रोत्साहन गरिनेछ ।

**४.१३ स्वदेशभित्रै खपत हुने गरी उत्पादन गरिएका वस्तु वा सेवाको विस्तार गरी निर्यात गर्न प्रोत्साहन गर्ने**

**४.१३.१ नीति तथा कार्यनीति**

१) स्वदेशमा उत्पादित वस्तु वा सेवाको उत्पादन एवं उत्पादकत्व र गुणस्तरमा सुधार गर्न प्रोत्साहित गरिनेछ ।

२) निर्यात प्रोत्साहन गर्न त्यस्ता वस्तु वा सेवाको लागि सम्भाव्य बजारहरूको खोजी गरिनेछ ।

३) उत्पादित वस्तु वा सेवाको बजार पहुँच सहज तुल्याउन यातायात एवं पूर्वाधार विकासमा जोड दिइनेछ ।

## ५. संस्थागत व्यवस्था

### ५.१. बोर्ड अफ ट्रेड (Board of Trade)

५.१.१ व्यापार प्रवर्द्धनका लागि आवश्यक नीति तर्जुमा कार्यमा सहयोग पुऱ्याउन, व्यापार सहजीकरण गर्न एवं नीतिको अनुगमन एवं

अन्तर-निकाय समन्वय गर्न निजी क्षेत्रसमेतको सहभागितामा केन्द्रीयस्तरमा देहायबमोजिमको Board of Trade गठन गरिनेछ

| | |
|---|---|
| वाणिज्य मन्त्री / राज्यमन्त्री | अध्यक्ष |
| वाणिज्य सहायक मन्त्री | सदस्य |
| सदस्य, राष्ट्रिय योजना आयोग (वाणिज्य हेर्ने | सदस्य |
| गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| सचिव, वाणिज्य मन्त्रालय | सदस्य |
| सचिव, उद्योग मन्त्रालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) | सदस्य |
| अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग परिसंघ (CNI) | सदस्य |
| अध्यक्ष, राष्ट्रिय उद्योग व्यापार संगठन सदस्य | |
| नेपालबाट सबैभन्दा बढी मात्रामा वस्तु निर्यात हुने मुलुकसँग सम्बन्धित द्विपक्षीय चेम्बर अफ कमर्सका अध्यक्ष | सदस्य |
| कार्यकारी निर्देशक, व्यापार प्रवर्द्धन प्रतिष्ठान | सदस्य |
| वाणिज्य वा भुक्तानी सन्तुलन विषयमा विशेषज्ञता हासिल गरेका विश्वविद्यालय केन्द्रीय विभागस्तरका प्राध्यापक वा सहप्राध्यापक मध्येबाट मनोनीत विज्ञ २ जना | सदस्य |
| वाणिज्य मन्त्रीबाट मनोनीत उद्योग वाणिज्य क्षेत्रका व्यक्तित्व तथा विज्ञ ४ जना | सदस्य |
| महानिर्देशक, वाणिज्य विभाग | सदस्य-सचिव |

५.१.२ बोर्डले कुनै व्यक्ति वा विज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बोर्डको सदस्यहरूको थपघट हेरफेर गर्न सक्नेछ । बोर्डको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ र बैठकसम्बन्धी अन्य कार्यविधि बोर्डले तय गरेबमोजिम हुनेछ ।

५.१.३ बोर्डको मुख्य काम वाणिज्य नीतिको कार्यान्वयनमा समन्वय गर्ने, नीति परिमार्जनको लागि सरकारलाई सिफारिस गर्ने र खुला तथा उदार व्यापार नीति कार्यान्वयनमा परेको बाधा-व्यवधान हटाउन सरकारलाई सुझाव दिने हुनेछ ।

५.१.४ निकासी पैठारी व्यापार कार्यान्वयनमा देखिएका बाधा-व्यवधानहरू सुल्झाउन निर्णय गर्ने ।

५.१.५ व्यापार सहजीकरणका लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने ।

## ५.२ व्यापार प्रवर्द्धन प्रतिष्ठान (Trade Promotion Institute)

५.२.१ हालको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई बजारको माग अनुरूपको सेवा दिन सक्ने स्वायत्त संस्थाको रूपमा व्यापार प्रवर्द्धन प्रतिष्ठानमा परिणत गरिनेछ ।

५.२.२ प्रतिष्ठानले व्यापारसम्बन्धी अध्ययन अनुसन्धान, निकासी प्रवर्द्धन, वस्तु विकास र जनशक्ति विकाससम्बन्धी कार्य गर्नेछ ।

५.२.३ प्रतिष्ठानले व्यापार प्रवर्द्धनका लागि आन्तरिक एवं बाह्य सूचना एवं जानकारीका साथै व्यापारसम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण तथा सूचना सम्प्रेषण गर्ने मुख्य संयन्त्रको रूपमा काम गर्नेछ ।

५.२.४ प्रतिष्ठानको व्यवस्थापन तथा सञ्चालनमा निजी क्षेत्रका व्यापारिक एवं व्यावसायिक संघ संस्थाहरूलाई संलग्न गराइने छ । केन्द्रलाई दिगो रूपमा सञ्चालन गर्न सरकार र निजी

क्षेत्रबाट स्रोतको व्यवस्था मिलाइनेछ ।

५.२.५ प्रतिष्ठानले व्यापार मेला तथा प्रदर्शनीको आयोजना गर्ने एवं आयोजित त्यस्ता मेला प्रदर्शनीमा सहभागितासम्बन्धी कार्यमा समन्वय गर्नेछ ।

### ५.३ विशेष आर्थिक क्षेत्र र निर्यात प्रशोधन क्षेत्र

५.३.१ निकासी व्यापार बढाउनका लागि आवश्यक पूर्वाधार सेवासहितको विशेष आर्थिक क्षेत्र र निर्यात प्रशोधन क्षेत्रको स्थापना गरिनेछ ।

५.३.२ यसको स्थापना र सञ्चालनका लागि छुट्टै कानुनको व्यवस्था गरिनेछ ।

५.३.३ विशेष आर्थिक क्षेत्र र निर्यात प्रशोधन क्षेत्रको विकास, स्थापना तथा सञ्चालन गर्न निजी क्षेत्रलाई समेत प्रोत्साहित गरिनेछ ।

## ६. वैदेशिक व्यापार प्रवर्द्धन कार्यक्रम

### ६.१. पारवहन तथा लजिस्टिक कार्यक्रम

निर्यात व्यवसायको सञ्चालन लागतलाई कम गरी बढी प्रतिस्पर्धी बनाउन निम्न कार्यहरू गरिनेछ :-

६.१.१ स्थापित भइकेका सुख्खा बन्दरगाहहरूको प्रभावकारी सञ्चालनका लागि मल्टिमोडल यातायात प्रणाली सम्बन्धी ऐन कानूनलाई तत्काल लागू गरिनेछ ।

६.१.२ विद्यमान नेपाल-भारत रेल सम्झौतामा पुनरावलोकन तथा परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । साथै, अन्य सम्भावित बिन्दुहरूमा समेत रेल सेवा विस्तार गर्न पहल गरिनेछ ।

६.१.३ भन्सार सुदृढीकरणका लागि लागू गरिएको विद्युतीय सूचना प्रविधिको विस्तार गरी थप मोड्युलहरू (Module) प्रयोगमा ल्याइनेछ र सोको प्रभावकारी कार्यान्वयनका लागि भन्सार कर्मचारीलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

६.१.४ द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार प्रावधान अनुसार गुणस्तर निर्धारण र जाँच एवं गुणस्तर प्रमाणीकरण र Conformity

assessment का लागि आवश्यक भौतिक पूर्वाधार र दक्ष जनशक्ति विकास गरी निर्यातजन्य वस्तुहरूको अन्तर्राष्ट्रिय बजारमा सहजरूपमा पहुँच बढाइनेछ ।

६.१.५ नेपाल राज्यभित्र स्थापना भएका र हुने सुख्खा बन्दरगाह, कन्टेनर फ्रेट स्टेशन, एकीकृत भन्सार बिन्दु (ICP) को सञ्चालन र व्यवस्थापनको नियमन गर्न इन्टरमोडल यातायात प्राधिकरणको स्थापना गरिनेछ ।

## ६.२. निर्यात प्रशोधन तथा विशेष आर्थिक क्षेत्र प्रवर्द्धन कार्यक्रम

निर्यात व्यापारलाई प्रतिस्पर्धी बनाउन हाल निर्मित सुख्खा बन्दरगाह क्षेत्रहरूको नजिक निजी क्षेत्रको संलग्नतामा निर्यात प्रशोधन क्षेत्रहरूको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ । यस्ता क्षेत्रको स्थापनाका लागि देहायअनुसारको व्यवस्था गरिनेछ :

६.२.१ उत्पादित वस्तुको तोकिएको अंश निकासी हुने गरी निर्यात प्रशोधन क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा त्यस्ता उद्योग स्थापनाका लागि स्वीकृति दिइनेछ ।

६.२.२ निर्यात प्रशोधन क्षेत्रहरू/विशेष आर्थिक क्षेत्रहरूमा कार्पेट ग्राम, हस्तकला ग्राम तथा गार्मेन्ट प्रशोधन क्षेत्र (GPZ) स्थापना गर्न प्राथमिकता दिइनेछ ।

६.२.३ निर्यात प्रशोधन क्षेत्रमा स्थापित उद्योगहरूलाई प्रवर्द्धन गर्न श्रम ऐन लचिलो बनाइनेछ ।

६.२.४ निर्यात प्रशोधन क्षेत्रको लागि आयात, प्रशोधन, मूल्य अभिवृद्धि र निर्यातसम्बन्धी एकीकृत निर्देशिका बनाई लागू गरिनेछ ।

## ६.३. प्रचार प्रसार तथा प्रवर्द्धन कार्यक्रम

६.३.१ विश्व व्यापार संगठनको प्रावधानअनुसार Sanitary & Phytosanitary, Technical Barriers to Trade र Trade in Services सम्बन्धी सूचना प्रवाह र सोधपुछसम्बन्धी विद्यमान National Inquiry Point हरूलाई सुदृढ बनाइनेछ । वाणिज्य तथा आपूर्ति मन्त्रालयले त्यस्ता Inquiry Point हरूको समन्वय गर्नेछ ।

६.३.२ निर्यात प्रवर्द्धन गर्नका लागि विदेशी व्यापार मेलामा सहभागी हुँदा सामानको झन्झट मुक्त ओसारपसार गर्न सघाउ पुगोस् भन्ने उद्देश्यले ATACARNET को सदस्यता लिन पहल गरिनेछ ।

### ६.४. जनशक्ति विकास कार्यक्रम

६.४.१ द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार सन्धि/सम्झौताहरूको जटिलतालाई ध्यान दिई वस्तु एवं बजार विकास, गुणस्तर सुधारलगायत व्यापार सन्धि/ सम्झौताहरूका बारेमा वार्ता गर्न सक्ने क्षमतायुक्त जनशक्ति तयार गरिनेछ ।

६.४.२ अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित खास गरेर बौद्धिक सम्पत्तिका संरक्षण (TRIPS), Sanitary and Phytosanitary र व्यापारमा प्राविधिक अवरोध (TBT), भन्सार मूल्याङ्कन तथा प्रक्रियाका बारेमा सरकारी एवं निजी क्षेत्रका सम्बन्धित संस्थाका व्यक्तिलाई तालिम दिइनेछ ।

## ७. प्रक्रियागत सरलीकरण र व्यवस्था

### ७.१. इजाजत-पत्रसम्बन्धी प्रक्रिया

७.१.१ पैठारीको निमित्त बन्देज र परिमाणात्मक बन्देज लगाइएका वस्तुहरूबाहेक अरू वस्तु बैंकिङ प्रणालीमार्फत आयात गर्दा इजाजत-पत्र चाहिने छैन ।

७.१.२ निकासीका निमित्त बन्देज लागेका वस्तु बाहेक अरू वस्तुको निकासी खुला गरिएको छ ।

७.१.३ निकासी वा पैठारीको इजाजत चाहिने अवस्थामा वाणिज्य विभागले इजाजतपत्र दिनेछ ।

### ७.२. कर, भन्सार तथा महसुलसम्बन्धी व्यवस्था

७.२.१ निर्यात वस्तु र यसको उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थहरू मुलुकभित्र ओसारपसार गर्दा स्थानीय कर लाग्ने छैन ।

७.२.२ विदेशी क्रेताले नेपाली निर्यातकर्तालाई निर्यात अर्डरका लागि पठाएको नमूना (Samples) वस्तुमा भन्सार महसुल लगाइने छैन ।

७.२.३ निर्यातित वस्तुहरू विदेशी आयातकर्तालाई अमान्य भई फिर्ता भएका अवस्थामा निर्यात भएको प्रमाणित गर्ने कागजातहरूको आधारमा त्यस्ता वस्तुहरूमा भन्सार महसुल र VAT नलाग्ने व्यवस्था गरिनेछ ।

७.२.४ पैठारी भएका कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थहरूबाट उत्पादित वस्तु निर्यात भएमा आयातमा तिरेको भन्सार कर फिर्ता हुनेछ । बैंक ग्यारेन्टी राखेकोमा सम्बन्धित भन्सार कार्यालयले फुकुवा गर्नेछ ।

**७.३. जि.एस.पी. (Generalized System of Preferences) सम्बन्धी व्यवस्था**

७.३.१ जि.एस.पी. सुविधाका सम्बन्धमा नियमित रूपमा व्यवसायीहरूलाई व्यापार प्रवर्द्धन प्रतिष्ठानले जानकारी गराउनेछ ।

७.३.२ जि.एस.पी. सिफारिस गर्ने निकाय, कार्यविधि र सोसम्बन्धी सेवाशुल्क वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोक्नेछ ।

७.३.३ जि.एस.पी. सिफारिस सेवाशुल्कबाट प्राप्त रकमलाई निर्यात वस्तु विकास, गुणस्तर सुधार र निर्यात प्रवर्द्धनमा खर्च गरिनेछ ।

७.३.४ जि.एस.पी.को रेकर्ड राख्ने र कार्यान्वयन गर्ने काम व्यापार प्रवर्द्धन प्रतिष्ठानले गर्नेछ ।

**७.४. उत्पत्तिको प्रमाणपत्रसम्बन्धी व्यवस्था**

७.४.१ वाणिज्य तथा आपूर्ति मन्त्रालयले उत्पत्तिको प्रमाणपत्र (Certificate of origin) जारी गर्ने निकाय र यसमा लगाइने सेवाशुल्क सम्बन्धी निर्णय गर्नेछ ।

७.४.२ उत्पत्तिको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि वाणिज्य तथा आपूर्ति मन्त्रालयले सार्वजनिक गर्नेछ ।

७.४.३ उत्पत्तिको प्रमाणपत्र जारी गरेबापत प्राप्त हुने रकमलाई जारी गर्ने निकायले निर्यात वस्तु विकास र प्रवर्द्धन कार्यमा खर्च गर्नुपर्नेछ ।

७.४.४ उत्पत्तिको प्रमाणपत्र सम्बन्धी अनुगमन वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोकेको निकायले गर्नेछ ।

७.४.५ उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकायले सोसम्बन्धी अभिलेख कम्तीमा पनि ३ वर्षसम्म अद्यावधिक राख्नुपर्नेछ । अभिलेख सम्बन्धी विवरण चौमासिक रूपमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोकेको निकायसमक्ष पेश गर्नुपर्नेछ ।

## ८. वस्तु विकास कार्यक्रम

वस्तु विकास कार्यक्रमलाई दुई छुट्टाछुट्टै समूहमा विभाजन गरी लागू गरिनेछ । प्रथम प्राथमिकता समूहमा हाल निकासी बजारमा स्थापित भैसकेका श्रमप्रधान (Labour intensive) वस्तुहरूलाई समावेश गरी विशेष केन्द्रित क्षेत्र (Special focus area) को रूपमा विकास गरिनेछ । यस प्राथमिकता समूहअन्तर्गत विशेषतः तयारी पोशाक, ऊनी गलैंचा र हस्तकलाका वस्तुहरू पर्नेछन् । दोस्रो समूहमा निकासीको प्रचुर सम्भावना रहेका कृषिजन्य, हस्तकला र वनजन्य वस्तुहरूलाई प्राथमिकता दिई जोड दिइएको क्षेत्र (Thrust area development) को रूपमा कार्यान्वयन गरिनेछ । यस समूहमा चिया, तरकारीको बीउ, जडीबुटी, अदुवा र अलैंची आदिको निर्यात प्रवर्द्धनका लागि जोड दिइनेछ ।

### ८.१ विशेष केन्द्रित क्षेत्र (Special Focus Area)

### ८.१.१ तयारी पोशाक

८.१.१.१ विश्व व्यापार संगठनको प्रावधान अनुरूप Multi-Fibre Arrangement (MFA) अन्तर्गत लागू भएका कोटा प्रणालीको अन्त्यपछिको परिवर्तित परिस्थिति र अन्तर्राष्ट्रिय बजारको सम्भावित अत्यधिक प्रतिस्पर्धालाई ध्यानमा राखी खास गरी नेपाली कपडा, तयारी पोशाक तथा कटन टावलको दिगो विकासका लागि आवश्यक कार्यक्रमहरू चरणबद्धरूपमा कार्यान्वयनमा ल्याइनेछ ।

८.१.१.२ तयारी पोशाक र कटन टावलको निर्यात बढाउन अवलम्बन गर्नुपर्ने दीर्घकालीन रणनीति तय गर्न अध्ययन गरी प्राप्त निष्कर्षको आधारमा राष्ट्रिय स्तरको मार्गदर्शन (Guidelines) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८.१.१.३ जि.एस.पी. सुविधाका लागि वस्तु उत्पत्तिको नियम (Rules of Origin) लाई समेत ध्यानमा राखी तयारी पोशाक र कटन टावलजस्ता कपडामा आधारित वस्तुहरूको दिगो विकास गर्न पृष्ठसम्बन्ध स्थापित गरी धागो तथा कपडा उद्योगहरूको स्थापनाका लागि आवश्यक नीति र पूर्वाधारहरूको व्यवस्था गरिनेछ । हाल सञ्चालनमा आइरहेका घरेलु तथा ठूला स्वदेशी कपडा उद्योगहरूसँग समन्वय कायम गरी वस्तु विकास गर्न जोड दिइनेछ ।

८.१.१.४ तयारी पोशाक उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न तयारी पोशाक प्रशोधन क्षेत्र (GPZ) को अवधारणालाई प्राथमिकता दिई सम्भाव्यता अध्ययन गराई यस्ता क्षेत्रको स्थापनाका लागि अरू आवश्यक कदमहरू चालिनेछ ।

८.१.१.५ तयारी पोशाकको अन्तर्राष्ट्रिय व्यापारमा भएको खुला नीतिबाट सिर्जित व्यापारिक अवसरहरूबाट अधिकतम फाइदा उठाउन तयारी पोशाकको बजार विविधीकरण गर्न निजी क्षेत्रसँगको साझेदारीमा प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

८.१.१.६ सन् २००५ पछि कोटा प्रणाली हट्न गई व्यापार खुला भएको कारणबाट प्रमुख अन्तर्राष्ट्रिय बजारहरूमा निकासी घट्न गएको कुरालाई ध्यानमा राखी त्यस्ता बजारहरूमा भन्साररहित पहुँच पाउन चालिएका कदमहरूलाई निरन्तरता दिइनेछ ।

८.१.१.७ बढी मूल्य अभिवृद्धि हुने तयारी पोशाकको उत्पादनलाई प्रोत्साहित गर्न आवश्यक पर्ने दक्ष जनशक्तिका लागि निजी क्षेत्रबाट फेसन टेक्नोलोजी इन्स्टिच्युटको स्थापना गर्न प्रोत्साहन दिइनेछ ।

### ८.१.२. गलैचा तथा ऊनी सामान

८.१.२.१ अन्तर्राष्ट्रिय बजारमा नेपाली गलैंचाको पहिचानलाई कायम राखी यसको निर्यात परिमाणमा गिरावट आउन नदिन नेपाल गलैंचा (Nepal Carpet) को ब्रान्डिङ र लेबलिङको कार्यलाई अगाडि बढाइनेछ ।

८.१.२.२ नेपाल गलैंचा लेबलिङको व्यवस्थापनका लागि गुणस्तर तथा नापतौल विभागले परीक्षण तथा प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ । साथै प्रमुख बजारमा हाल पाइरहेको विशेष भन्सार छुट सुविधालाई निरन्तरता दिन आवश्यक पहल गरिनेछ ।

८.१.२.३ मेसिनबाट निर्मित धागोको प्रयोगसम्बन्धी ठोस नीति निर्धारण गर्न अन्तर्राष्ट्रिय बजारमा गलैंचाको माग र मूल्य प्रतिस्पर्धालाई समेत ध्यानमा राखी लागत-लाभ विश्लेषण (Cost-benefit analysis) को अध्ययन गराइनेछ ।

८.१.२.४ नेपाली गलैंचाको स्थापित गुणस्तरलाई कायम गर्न गलैंचा उत्पादनमा प्रयोग हुने आयातित ऊनको गुणस्तर परीक्षण गरेको प्रमाणीकरण कागजात सम्बन्धित आयातकर्ताले भन्सार कार्यालयमा अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्थालाई कायम राखिनेछ ।

८.१.२.५ नेपाली गलैंचाको गुणस्तरलाई विश्वासिलो बनाउन उत्पादन तथा निकासीपूर्व निरीक्षणलाई प्रभावकारी बनाइनेछ ।

८.१.२.६ नेपाली गलैंचाको अन्तर्राष्ट्रिय बजारमा विद्यमान छविमा आँच आउन नदिन नेपाली गलैंचाको नामबाट विदेशी गलैंचाको निकासी हुने स्थिति उत्पन्न हुन नदिन ऊनी गलैंचा पैठारीमा नियन्त्रण गरी कुनै पनि प्रकारको Transhipment लाई पूर्णरूपमा निरुत्साहन गरिनेछ ।

८.१.२.७ गलैंचा तथा ऊनी वस्तुहरूको उत्पादनका लागि मुलुकभित्रै ऊनको उत्पादन सम्बन्धी एकीकृत कार्यक्रम ल्याउन सम्भाव्यता अध्ययन गराइनेछ । विशेषगरी तिब्बती प्रकारको ऊन उत्पादनमा महइत्व दिइनेछ ।

८.१.२.८ गुणस्तरयुक्त गलैंचा निकासी तथा विदेशी बजार पहुँचमा निरन्तरता दिन गलैंचाको गुणस्तर निर्धारण प्रमाणीकरण (Quality label), बालश्रमरहित प्रमाणीकरण, पर्यावरणीय प्रमाणीकरण (Eco-label) को निर्धारण गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

८.१.२.९ निर्यातका लागि बजार विविधीकरण गर्न युरोपेली बजारलगायत अमेरिकी बजार तथा अन्य सम्भावित बजारमा प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.१.२.१० गलैंचाको उत्पादनसम्बन्धी प्रक्रियाहरू मिश्रण, कटाइ र रङ्गाइलगायत डिजाइन तथा गुणस्तरसम्बन्धी संस्थागत व्यवस्था गर्न निजी क्षेत्रको सहभागितामा कार्पेट स्कुलको स्थापना गरी दक्ष जनशक्ति विकासमा टेवा पुऱ्याइनेछ ।

**८.१.३ पश्मिना तथा रेशमजन्य वस्तु**

८.१.३.१ पश्मिना तथा रेशमजन्य वस्तु उत्पादन गर्न आवश्यक प्रमुख कच्चा पदार्थको आपूर्ति स्थायी एवं दीर्घकालीन रूपमा गराउन व्यावसायिक सम्भाव्यताको आधारमा उत्पादनको कार्यलाई प्रोत्साहित गरिनेछ ।

८.१.३.२ कच्चा पदार्थ उत्पादन गर्न च्याङ्ग्रा पालनका लागि स्थानीय व्यवसायीलाई आवश्यक पूँजी र प्रविधिको व्यवस्था गरी प्रोत्साहित गरिनेछ ।

८.१.३.३ रेशम उत्पादन बृहत् रूपमा गराउनका लागि आवश्यक पूँजी र प्रविधिको उचित व्यवस्था गरी रेशमको कच्चा पदार्थको रूपमा रहेको किम्बु खेतीदेखि कपडा उत्पादनसम्मको कार्यलाई विशेष प्राथमिकताका साथ प्रोत्साहित गरिनेछ ।

८.१.३.४ पश्मिना तथा रेशमबाट उत्पादित वस्तुको स्तरीयता कायम गर्न प्रभावकारी गुणस्तर परीक्षण व्यवस्था र प्रमुख निर्यात मुलुकमा ट्रेडमार्क दर्ता गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८.१.३.५ सहकारीको अवधारणा तथा आधुनिक प्रविधिबाट च्याङ्ग्रा पालनको विकास गर्न प्राविधिकहरूको रेखदेख एवं निगरानीमा सम्भाव्य ग्रामीण क्षेत्रलाई च्याङ्ग्रापालन क्षेत्रको रूपमा नमुना आयोजना (Pilot Project) सञ्चालनमा ल्याइनेछ ।

८.१.३.६ उत्पादन र निर्यात लागत कम गरी प्रतिस्पर्धात्मक क्षमताको विकास तथा उपयुक्त प्रवर्द्धनात्मक कार्यक्रमहरूको माध्यमबाट बजार अवसर प्रदान गरी निर्यातलाई प्रोत्साहित गरिनेछ ।

८.१.३.७ रेशम, पशिमना उत्पादन र निर्यातका लागि आवश्यकतानुसारका मानव संशाधनको विकासमा सहयोग पुऱ्याइनेछ ।

८.१.३.८ पशिमना तथा रेशमजन्य उत्पादनको पृष्ठ तथा अग्रसम्बन्ध (Backward & Forward Linkages) को विकास गरिनेछ ।

८.१.३.९ पशिमना तथा रेशमजन्य वस्तु उत्पादनको विविधताको लागि Design केन्द्रको अधिकतम उपयोग गरिनेछ ।

**८.१.४. हस्तकलाका सामान**

८.१.४.१ विशेषगरी ठूलो परिमाणमा निर्यात हुने पशिमना, ऊनी सामान, चाँदीका सरसामान, धातुबाट बनेका वस्तुहरू तथा हाते कागजलाई प्रमुख निर्यात वस्तुहरूको रूपमा विकास गर्न सहयोग पुऱ्याइनेछ ।

८.१.४.२ हस्तकलाका वस्तुहरूको उत्पादन विविधीकरण, डिजाइन, गुणस्तर विकास र बजार पहुँचसम्बन्धी तालिम तथा अनुसन्धानात्मक कार्यहरू एउटै छातामुनि सञ्चालन गर्न नेपाल हस्तकला महासंघको अगुवाइमा नेपाल सरकारको सहभागितामा विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै, हस्तकला डिजाइन तथा विकास केन्द्रलाई डिजाइनसम्बन्धी सेवा प्रवाह गर्ने प्रतिष्ठानको रूपमा विकास गरिनेछ ।

८.१.४.३ अग्रिम भुक्तानी (Advance payment) र प्रतीतपत्र (L/C) बाट हुने निर्यात व्यवस्थाको पुनरावलोकन गरी हस्तकलाको निर्यात भुक्तानी व्यवस्था सरल बनाइने छ। खास गरी नमुनाहरूको आयात एवं फिर्ती खरिद (Buy back) L/C र फिर्ती खरिद व्यवस्था (Buy-back arrangement ) अन्तर्गत निर्यात गर्न सकिने व्यवस्था मिलाइनेछ।

८.१.४.४ हस्तकलाको निर्यात भुक्तानीलाई एल.सी. मार्फत् हुनेबाहेक अरूलाई कागजात बुझाएपछि भुक्तानी ( Document against payment) को आधारमा हुने व्यवस्था गरिनेछ।

८.१.४.५ हस्तकला उत्पादकहरूले पाउनुपर्ने भन्सार महसुल फिर्ता (duty-draw back) लाई व्यावहारिक र प्रभावकारी बनाउन निर्यात भएको रकमको सम-दर (Flat - rate) तोकी फिर्ता दिने व्यवस्था गरिनेछ।

८.१.४.६ हस्तकलाका वस्तुहरू निकासी गर्दा आवश्यक पर्ने विभिन्न सिफारिसहरू प्रदान गर्ने सबै निकायहरूलाई एकै थलोमा राखी उक्त कार्यमा सरलता र शीघ्रता ल्याइनेछ।

८.१.४.७ भन्सार जाँच पास गर्दा सबै सरकारी निकायहरू ( भन्सार, पुरातत्व विभाग, सुरक्षा प्रहरी र अरू आवश्यक निकायहरू) लाई एकै थलोमा राखी एकै पटक निरीक्षण गरी टाँचा मार्ने व्यवस्था गरिनेछ।

८.१.४.८ हस्तकला वस्तुको पुरातात्वीक जाँच पास व्यवस्थालाई झन्झटमुक्त र आधुनिक बनाउन सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ।

८.१.४.९ नेपाली कागजका वस्तुहरूको उत्पादनमा आवश्यक लोक्ता कागजको उत्पादन र सङ्कलनको प्रथाबाट ग्रामीण भेगसम्म भइरहेको आर्थिक प्रवाहलाई ध्यानमा राखी वन मन्त्रालय र वन पैदावार विकास समितिसँग समन्वय गरी बृहत् कार्यक्रम सञ्चालन गरिनेछ।

## ८.२ जोड दिइएको क्षेत्र (**Thrust Area Development**)

निकासीको प्रचुर सम्भावना रहेका कारण जोड दिइएको क्षेत्र विकास (Thrust area development ) अन्तर्गत कृषिजन्य वस्तुहरूको उत्पादन अत्यधिक मात्रामा वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमतामा सुधार ल्याउन सम्बन्धित सरकारी तथा निजी क्षेत्रका निकायहरूबीच समन्वय गरिनेछ ।वाणिज्य नीतिको निर्दिष्ट उद्देश्यमा उल्लेख भएअनुसार जोड दिइएको क्षेत्र (Thrust area) अन्तर्गत रहेका कृषिजन्य वस्तुहरूको स्थानीय स्रोतको उपयोग गरी मूल्य अभिवृद्धिमा सुधार ल्याई यी वस्तुहरूको निर्यातबाट प्राप्त प्रतिफल जनस्तरसम्म पुऱ्याई क्षेत्रगत रूपमा विकास गरिने लक्ष्य रहनेछ । सरकारले लागू गरेको दीर्घकालीन कृषि योजना र आवधिक योजनाले कृषि क्षेत्रलाई अर्थतन्त्रको अग्रणी क्षेत्रको रूपमा अङ्गीकार गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्य राखेको हुँदा तदनुरूप वाणिज्य नीतिमा कृषि उत्पादनको निर्यातलाई एकीकृत रूपमा अगाडि बढाइनेछ । विशेषतः निर्यात व्यापारमा तुलनात्मक लाभ भएका चिया, तरकारीको बीउ, अलैंची, अदुवा र जडीबुटीको निर्यातलाई व्यवसायीकरण गर्ने गरी कार्यक्रम लागू गरिनेछ । यीबाहेक निर्यातमा निरन्तर वृद्धि भइरहेका अन्य वस्तुहरूलाई बजार प्रवेशको सुविधा विस्तार गर्ने प्रयास गरिनेछ ।

### ८.२.१. चिया

८.२.१.१ नेपालको भौगोलिक विविधता एवं जलवायुजन्य लाभको फाइदा र तुलनात्मक लाभलाई समेत ध्यानमा राखी नेपाली चियालाई प्रमुख निर्यातजन्य वस्तुको रूपमा स्थापित गरिनेछ ।

८.२.१.२ चियाको उत्पादन क्षमतामा वृद्धि र गुणात्मक सुधारका लागि मुलुकको पूर्वी क्षेत्रलाई चिया क्षेत्रको रूपमा विकास गर्न कृषि मन्त्रालयलगायत चिया विकास समिति तथा अरू सम्बन्धित निकायहरूसँग समन्वय गरी एकीकृत ार्यक्रमको तर्जुमा गरिनेछ ।

८.२.१.३ चियाको अन्तर्राष्ट्रिय मागलाई ध्यानमा राखी उत्पादनमा निरन्तरता ल्याउन र भरपर्दो बनाउन व्यापारिक क्षमता

वृद्धिका लागि करार कृषि प्रणाली र टी-इस्टेट स्थापना गर्न प्रोत्साहन दिइनेछ ।

८.२.१.४ अर्थोडक्स चिया र सि.टी.सि. चियाको भिन्नाभिन्नै बजारको प्रकृति हेरी उत्पादन र प्रवर्द्धनमा प्रोत्साहन दिइनेछ ।

८.२.१.५ खासगरी अर्थोडक्स चियाका लागि जापान, फ्रान्स र जर्मनीमा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ भने सी.टी.सि. चियाका लागि पाकिस्तानी बजारलगायत भारत र मध्यपूर्वी राष्ट्रहरूमा बजार विस्तारका लागि विशेष कदम चालिनेछ ।

८.२.१.६ चिया उत्पादन वृद्धि गरी नापअनुसारको उत्पादन मितव्ययिता (Economies of scale) बाट फाइदा लिने गरी लगानी प्रवर्द्धन गर्न हाल लागू भइरहेको चिया विकास कोषलाई अझ प्रभावकारी बनाइनेछ । उक्त कोषको लगानीलाई चियाको अन्तर्राष्ट्रिय बजारीकरणमा प्रोत्साहन गर्न विशेष कदम चालिनेछ ।

८.२.१.७ साना चिया कृषक तथा उत्पादकहरूलाई प्रोत्साहन दिई बजारीकरण गर्न निजी तथा दातृसंस्थाहरूको साझेदारी वा अन्तर्राष्ट्रिय व्यापारसँग सुहाउँदो प्रवर्द्धनात्मक कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक कदम चालिनेछ ।

८.२.१.८ अन्तर्राष्ट्रिय उपभोक्ताहरूको माग र प्रचलित नियमलाई अनुसरण गरी चियाको गुणस्तर परीक्षण र प्रमाणीकरणको व्यवस्था गरिनेछ ।

८.२.१.९ चिया बगैंचा र उत्पादन केन्द्रबीच फिडर रोडको निर्माण गरी ढुवानी लागत कम गरिनेछ ।

**८.२.२ तरकारीको बीउ**

८.२.२.१ भौगोलिक र वातावरणीय विविधताका कारण तरकारी बीउको उत्पादन तथा निर्यातको अवसरलाई निजी क्षेत्रको सहभागितामा उपयोग गरिनेछ ।

८.२.२.२ बीउ उत्पादन हुने प्रमुख क्षेत्रहरू - रुकुम, सल्यान, जुम्ला, कालीकोट र नुवाकोट जस्ता क्षेत्रहरूलाई बजारीकरण र व्यवसायीकरण गरी अरू थप जिल्लामा समेत विस्तार गरिनेछ ।

८.२.२.३ नेपाली बीउका लागि प्रमुख बजारका रूपमा देखिएको बंगलादेशमा र सम्भाव्यता देखिएका मध्यपूर्वी एसिया, जापान र भारतका कृषि मेलाहरूमा नियमित रूपमा भाग लिन निजी क्षेत्रलाई सघाउ पुऱ्याइनेछ ।

८.२.२.४ नेपालबाट निर्यात हुने मिनओर्ली मुला, चम्सुरको साग, रायो र सिमीको बीउको गुणस्तर, उन्नत र जातीय शुद्धतासहित ख्याल राखी उत्पादन र निर्यातमा समन्वय ल्याउन सम्बन्धित निकायसँग आवश्यक कार्य गरिनेछ ।

८.२.२.५ बीउ उत्पादन र निर्यातका लागि आवश्यक कृषि सामग्री तथा प्याकिङका सामग्रीमा सहुलियत पुऱ्याइने छ । साथै, स्तरीय बीउ मात्र पैठारी हुने व्यवस्थाको थालनी गरिनेछ ।

### ८.२.३ अलैंची

८.२.३.१ सम्भाव्यता अध्ययनको आधारमा अलैँचीको उत्पादन विस्तार गर्न पूँजी र प्रविधिमा सहयोगको व्यवस्था मिलाइनेछ ।

८.२.३.२ गुणस्तर र ग्रेडिङको "राष्ट्रियस्तर" निर्धारण गरी उत्पादन र प्रशोधन कार्यप्रणालीमा सुधार ल्याई निर्धारित स्तर कायम राख्दै वस्तुगत र देशगत विविधीकरणबाट निर्यात बढाउने कार्य गरिनेछ ।

८.२.३.३ निर्यात सम्भाव्य मुलुकमा नेपाली अलैंचीबारे प्रचार प्रसार गर्न विदेशस्थित कूटनैतिक नियोगको सहयोगमा आवश्यक सहयोग पुऱ्याइनेछ ।

८.२.३.४ मूल्य अभिवृद्धि गर्न सम्भावनाको पहिचान गरी प्रोत्साहित गरिनेछ ।

## ८.२.४. दाल

८.२.४.१ उन्नत बीउ र विकसित उत्पादन प्रविधिको व्यवस्थाबाट उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषि तथा सहकारी मन्त्रालयमार्फत दाल बालीको विकाससम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२.४.२ उत्पादन तथा निर्यात लक्ष्य तोकी सम्बन्धित सेवामूलक संस्थाहरूको सहयोगबाट दाल बाली विकासका लागि आवश्यक प्राविधिक सेवा, तालिम तथा बीउविजनहरू उपलब्ध गराइनेछ ।

८.२.४.३ स्वास्थ्य प्रमाणपत्र जारी गर्ने स्थापित प्रयोगशालाको क्षमता विस्तार गरी अन्तर्राष्ट्रिय मान्यता दिलाउन प्रयास गरिनेछ ।

८.२.४.४ अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमताको विकास गर्नका लागि Sanitary and Phytosanitary प्रमाणीकरण व्यवस्थालाई प्रभावकारी तुल्याइनेछ ।

## ८.२.५. पुष्प व्यवसाय

८.२.५.१ उत्पादन तथा बजार मागबीच समन्वय गरी निर्यातयोग्य पुष्प उत्पादन गर्न आवश्यक बिरुवा, पूँजी, प्रविधि र तालिमको व्यवस्थाबाट पुष्प व्यवसायको विकास गरिनेछ ।

८.२.५.२ निर्यातयोग्य पुष्प व्यवसायको विकासका लागि पुष्प व्यवसाय क्षेत्र पहिचान गरी उत्पादन प्रोत्साहित गरिनेछ ।

८.२.५.३ अन्तर्राष्ट्रिय बजार प्रवेशका लागि बजार अध्ययन, प्रवर्द्धन, संवेष्टन तथा परिवहनको कार्यमा सहयोग पुऱ्याइनेछ ।

८.२.५.४ निर्यात हुने जातका फूलहरूको गुणस्तरका पक्षमा विश्वसनीयता बढाउन अन्तर्राष्ट्रिय प्रचलनअनुसारको गुणस्तरीय प्रणाली अपनाई प्रमाणीकरणको व्यवस्था गरिनेछ ।

८.२.५.५ जोखिम कम गर्न वातानुकूलित परिवहन व्यवस्था र विमानस्थलमा शीतगृहको सुविधा उपलब्ध गराइनेछ ।

**८.२.६. किमती/अर्धकिमती पत्थर तथा सुनचाँदीका गहना**

८.२.६.१ किमती एवं अर्धकिमती पत्थर (Precious and Semi-precious Gems & Stone) तथा सुनचाँदीका गरगहना उत्पादन, विकास र निकासी प्रवर्द्धन गर्न छुट्टै विशेष नीतिगत व्यवस्था गरी गहना उत्पादन गर्न आवश्यक कच्चा पदार्थ पैठारीलाई करमुक्त एवं सरलीकृत गरिनेछ ।

८.२.६.२ किमती एवं अर्धकिमती पत्थर, खानी उत्खननलाई प्रोत्साहित गरी बहुमूल्य धातु एवं पत्थर गहना उत्पादन, आयात निर्यात एवं पुनः निर्यातको व्यवस्था मिलाइनेछ ।

८.२.६.३ किमती/अर्धकिमती पत्थर र गरगहना उत्पादन एवं निकासी गर्ने उद्योगको लागि आवश्यक मेसिन उपकरण र ज्यावलहरूको पैठारीमा कर तथा भन्सार शुल्क मुक्त गराइनेछ ।

८.२.६.४ बजार विशेषलाई लक्षित गरी गहनाको उत्पादन कार्यलाई प्रोत्साहित गरिनेछ ।

८.२.६.५ विभिन्न प्रकारका जेमस्टोन तथा सुनचाँदीका गरगहना उत्पादन तथा पर्याप्त सङ्ग्रह (Stock) गर्न आवश्यक पूँजीको व्यवस्था गरी निर्यात बजार अवसर उपलब्ध गराउन थप प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

८.२.६.६ सुनचाँदीका गहना बनाउने कालिगढहरूलाई बढी दक्ष बनाउन आवश्यक प्रशिक्षण प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**८.२.७. प्रशोधित छाला**

८.२.७.१ गुणस्तरीय कच्चा छाला आपूर्ति व्यवस्था गर्न सम्भाव्यताको आधारमा व्यावसायिक पशुपालनको लागि पूँजी र प्राविधिक सहयोग पुऱ्याइनेछ ।

८.२.७.२ प्रशोधित छाला र छालाका वस्तुहरूको निर्यातलाई

प्रोत्साहित गरिनेछ ।

८.२.७.३ पूर्ण प्रशोधित छाला तयारी गर्न आवश्यक मेसिनरी र प्रविधिमा सहयोग पुऱ्याइनेछ ।

८.२.७.४ अन्तर्राष्ट्रिय बजार पहुँचको लागि प्रभावकारी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२.७.५ छाला प्रशोधनमा वैदेशिक लगानीलाई प्रोत्साहित गरिनेछ ।

८.२.७.६ मेसिनरी तथा उपकरणको पैठारी गर्न सरल ब्याजमा ऋण सुविधाको व्यवस्था गरिनेछ ।

८.२.७.७ अर्धप्रशोधित छालालाई पूर्ण प्रशोधित गर्न Common Facility Centre को स्थापना गरी सुविधा उपलब्ध गराइनेछ ।

**८.२.८. अदुवा/सुठो**

८.२.८.१ गुणस्तरीय सुठोको उत्पादनको लागि उपयुक्त जातको अदुवा खेती उत्पादन विस्तारमा सम्बन्धित निकायको सहयोगमा पकेट क्षेत्र निर्धारण गरी पूँजी, प्रविधि तथा बीउको व्यवस्था गरिनेछ ।

८.२.८.२ उत्पादित अदुवाको लागि बजार व्यवस्था गरिनेछ ।

८.२.८.३ अदुवाको उत्पादन विविधीकरण गरी अन्तर्राष्ट्रिय बजार प्रवेश गर्न प्रमाणीकरण व्यवस्था तथा प्रवर्द्धनात्मक कार्यक्रम लागू गरिनेछ ।

८.२.८.४ व्यावसायिक एवं उन्नत अदुवा खेतीको लागि उत्पादनदेखि बिक्री प्रवर्द्धन गर्नेसम्मका विविध पक्षमा तालिम प्रदान गरिनेछ ।

८.२.८.५ अदुवामा आधारित निर्यात वस्तुको शुद्धीकरण र ढुवानीमा सहयोग पुऱ्याइनेछ ।

**८.२.९. जडीबुटी तथा सारयुक्त तेल**

८.२.९.१ जडीबुटी उत्पादन तथा प्रशोधनमा सुविधायुक्त परीक्षण प्रयोगशालाको विकास गरी परीक्षण तथा प्रमाणीकरण

सेवा उपलब्ध गराइनुका साथै परीक्षण प्रविधिमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न प्रयास गरिनेछ ।

८.२.९.२ उच्च मूल्यका जडीबुटी तथा सारयुक्त तेलको उत्पादन, ग्रेडिङ, भण्डारण, संकलन गर्न व्यावसायिक खेती प्रणालीको विकासका लागि पूँजी, प्रविधि तथा तालिमको व्यवस्था गरिनेछ ।

८.२.९.३ जडिबुटीमा आधारित वस्तुहरूको मूल्य अभिवृद्धि गर्न निर्यातयोग्य तयारी तथा अर्धतयारी वस्तुको उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

८.२.९.४ जडीबुटी तथा सोमा आधारित वस्तुको निर्यातलाई बढावा दिन बजार अनुसन्धान, खोज एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

८.२.९.५ जडीबुटी उत्पादनका लागि उपयुक्त स्थानहरूलाई पकेट क्षेत्रको रूपमा प्राथमिकता प्रदान गरी सहकारिताको अवधारणाबाट उत्पादन कार्यलाई प्रोत्साहित गरिनेछ ।

### ८.२.१०. हाते कागज र सोको उत्पादन

८.२.१०.१ हाते कागज र सोबाट निर्मित वस्तुको आपूर्ति क्षमता तथा गुणस्तर विकासको लागि लोक्ताको संरक्षण तथा व्यवस्थित उत्पादन विस्तार गरी कच्चा पदार्थ उपलब्धतालाई विस्तार गरिनेछ ।

८.२.१०.२ लोक्ता तथा नेपाली कागज उत्पादन गर्न आवश्यक पूँजी, प्रविधि तथा तालिमको व्यवस्था गरिनेछ ।

८.२.१०.३ लोक्ता कागज उत्पादन प्रविधिको विकासमा सहयोग पुऱ्याइनेछ ।

८.२.१०.४ हाते कागजमा आधारित वस्तुहरूको उत्पादनमा विविधीकरणका साथै डिजाइन सेन्टरको अधिकतम उपयोग एवं बजार अवसर उपलब्ध गराउन प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन गरिनेछ ।

### ८.२.११. काष्ठकलाका वस्तुहरू

८.२.११.१ अन्तर्राष्ट्रिय बजार मागबमोजिम गुणस्तरयुक्त काष्ठकलामा आधारित वस्तु उत्पादन गर्न काठ सिजनिङ तथा निरन्तर आपूर्तिलाई सहज बनाउन सहयोग गरिनेछ ।

८.२.११.२ काष्ठकलाका वस्तुको बजार विविधीकरण अनुरूप काष्ठकला वस्तुको उत्पादन गर्न अनुसन्धान, तालिम, उत्पादन विकास तथा निर्यात क्षमता विस्तार गरी प्रवर्द्धनात्मक कार्यक्रमको सञ्चालन गरिनेछ ।

८.२.११.३ निर्याततयोग्य काष्ठकलाका वस्तुको उत्पादन गर्न आवश्यक मेसिन उपकरणको पैठारीमा कर तथा भन्सार महसुल छुट सुविधा प्रदान गरिनुका साथै उत्पादनको लागि आवश्यक बिजुली आपूर्ति एवं पूर्वाधार व्यवस्था अवलम्बन गरिनेछ ।

८.२.११.४ काष्ठकलाका वस्तुको निर्यातमा सुविधा र सहुलियत प्रदान गरिनेछ ।

८.२.११.५ तालिमको माध्यमबाट काष्ठकलाका वस्तुहरूको गुणस्तरमा सुधार गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२.११.६ काष्ठकलामा आधारित नयाँ-नयाँ वस्तुको उत्पादन विकासमा हस्तकला डिजाइन सेन्टरको अधिकतम उपयोग गरिनेछ ।

८.२.११.७ काष्ठकलाका वस्तुको निर्यातमा सहयोग पुऱ्याउन तयारी वस्तुको Fumigation Treatment सुविधाको स्थापना गरिनेछ ।

### ८.२.१२. कफी

८.२.१२.१ कफी उत्पादनमा वृद्धि गर्न कफी उत्पादनका थप क्षेत्रहरूको पहिचान गरी गुणस्तरीय हाइल्यान्ड र प्राङ्गारिक कफी उत्पादन, प्रशोधन तथा ग्रेडिङ्ग एवं स्तर निर्धारण प्रविधि अवलम्बन गरी निर्यात प्रवर्द्धन गरिनेछ ।

८.२.१२.२ गुणस्तरीय कफी मागबमोजिमको परिमाणमा निर्यात गर्न सहकारीको अवधारणाबाट समूहगत रूपमा उत्पादन कार्यलाई प्रोत्साहित गरिनेछ ।

८.२.१२.३ कृषकहरूलाई गुणस्तरीय कफीको उत्पादनमा आकर्षित गर्न उच्चस्तरको बिरुवा तथा अन्य आवश्यक Input को सहज रूपमा व्यवस्था मिलाइनेछ ।

**८.२.१३. मह**

८.२.१३.१ महको अन्तर्राष्ट्रिय बजारमा विश्वसनीयता कायम गर्न अन्तर्राष्ट्रिय मान्यता प्राप्त परीक्षण प्रयोगशालाको विकासबाट गुणस्तर प्रमाणीकरण गरिनेछ ।

८.२.१३.२ गुणस्तर कायम गर्न मौरीपालन र मह उत्पादनको प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षणको कार्य गरिनेछ ।

८.२.१३.३ नेपाली विशेषतायुक्त महको विशेष गरी तोरी र सर्स्यूको फूलमा आधारित उत्पादनलाई प्रोत्साहित गर्ने गरी महको उत्पादनमा विविधीकरण गरिनेछ ।

८.२.१३.४ महको प्याकेजिङ प्रणालीमा सुधार गर्ने लगायत निर्यातयोग्य मह प्रशोधन गर्ने मेसिन उपकरणको पैठारीलाई कर तथा भन्सार महसुल छुट दिने व्यवस्था गरिनेछ ।

८.२.१३.५ निर्यातयोग्य प्राङ्गारिक महको उत्पादनलाई प्रोत्साहित गर्न उपयुक्त आधारशिलाको स्थापनाका लागि आवश्यक पूँजी र प्रविधिको व्यवस्था गरी उत्पादकलाई सहयोग पुऱ्याइनेछ ।

८.२.१३.६ मह आयात गर्ने राष्ट्र पहिचान गरी प्रवर्द्धनात्मक उपायहरूको अवलम्बन गरिनेछ ।

**८.२.१४. जुनार**

८.२.१४.१ जुनार तथा सोमा आधारित उत्पादनहरूलाई निर्यातयोग्य बनाउन गुणस्तर निर्धारण, संवेष्टन तथा भण्डारण विषयमा आवश्यक पूर्वाधारको व्यवस्थाका साथै कृषकहरूको सीप विकासका लागि तालिम प्रदान गरिनेछ ।

८.२.१४.२ निर्यातयोग्य जुनारको संवेष्ठनमा आधुनिक प्रविधिको प्रयोग गर्नका साथै ढुवानी लागतमा सहुलियत पुऱ्याइनेछ ।

८.२.१४.३ नेपाली जुनारलाई व्यापारिक पहिचान दिन राष्ट्रियस्तर निर्धारण तथा ग्रेडिङ गर्ने परिपाटी लागू गरिनेछ ।

८.२.१४.४ निर्यात सम्भाव्य मुलुक पहिचान गरी बजार पहुँचको लागि प्रयास गरिनेछ ।

८.२.१४.५ जुनार सङ्कलन क्षेत्रमा पूर्वाधारको विकासका साथै कृषकलाई बजार व्यवस्था एवं बिक्री प्रवर्द्धन सम्बन्धमा जानकारी गराइनेछ ।

८.२.१४.६ उन्नत जातको जुनार उत्पादनका लागि आवश्यक बीउविजन र प्रविधिको व्यवस्था गरिनेछ ।

**८.२.१५. तरकारी**

८.२.१५.१ जैविक ताजा र सुख्खा (Organic, Fresh and Dried) तरकारीको उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

८.२.१५.२ उत्पादित तरकारीको निकासी प्रवर्द्धन गर्न मुख्य भन्सार नाकाहरूमा शीतगृह निर्माण गरिनेछ ।

८.२.१५.३ Cold Chain कायम गरी तरकारीको निकासीमा टेवा पुऱ्याउन वीरगञ्जको सुक्खा बन्दरगाहमा Refer Container (वातानुकूलित कन्टेनर) को आवत-जावत हुने व्यवस्था मिलाइनेछ ।

८.२.१५.४ तरकारी उत्पादन हुने क्षेत्रहरूको पहिचान गरी ती क्षेत्रहरूलाई Organic Areas को रूपमा मान्यता दिलाउने एवं उत्पादित तरकारीहरूको परीक्षण प्रमाणपत्र जारी गर्ने संयन्त्रको विकास गरिनेछ ।

८.२.१५.५ विदेशका आयातकर्ताले नेपालमा तरकारी उत्पादन गरी Supply Chain को माध्यमबाट निकासी गर्ने व्यवस्थालाई प्रोत्साहन गरिनेछ ।

**९. खारेजी : वाणिज्य नीति, २०४९ खारेज गरिएको छ ।**

# जलवायु परिवर्तन नीति, २०६७

**नेपाल सरकार (मं.प.) बाट स्वीकृत मितिः २०६७।१०।३ (१७ जनवरी २०११)**

## १ पृष्ठभूमि

जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया भएतापनि औद्योगिकीकरण तथा यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोग एवम् वन विनाशको कारण हरितगृह ग्याँसको अत्यधिक उत्सर्जनबाट जलवायु परिवर्तनमा तीव्रता आएको छ। वैज्ञानिक अध्ययन तथा जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी मञ्च (Inter-governmental Panel on Climate Change, IPCC) को प्रतिवेदनबाट जलवायु परिवर्तनमा व्यापकता आएको पुष्टि भएपछि संयुक्त राष्ट्रसंघको साधारण सभाले जलवायु परिवर्तनको विश्वव्यापी समस्यालाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय कानुनी संरचना निर्माण गर्न आह्वान गर्‍यो। सो बमोजिम अन्तरसरकारी वार्ता समितिको पहलमा सन् १९९२ को मे महिनामा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (United Nations Framework Convention on Climate Change) तयार भयो। सन् १९९२ को जुन महिनामा ब्राजिलको रियो द जेनेरियोमा सम्पन्न वातावरण र विकास सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनको समयमा हस्ताक्षर गर्नको लागि यो महासन्धि खुला भयो। नेपालले १२ जुन १९९२ का दिन यस महासन्धिमा हस्ताक्षर गरी सन् १९९४ देखि नेपाल पक्ष भएको छ।

सन् २००७ मा आई.पी.सी.सी बाट प्रकाशित चौथो मूल्याङ्कन प्रतिवेदनले मानवीय क्रियाकलापको कारण जलवायु परिवर्तन तीव्रगतिमा भइरहेको तथ्य प्रष्ट पारेको छ। हरितगृह ग्याँसको उत्सर्जनमा वृद्धि भै वायुमण्डल तातिंदै जानाले स्थान विशेष अनुरुप जलवायु पनि परिवर्तन हुँदै गएको छ। जलवायु परिवर्तनको कारण वर्षा प्रकृया (अतिवृष्टि, अनावृष्टि, सघन वृष्टि) तथा ऋतुकालमा समेत परिवर्तन आएको छ। यसबाट जलस्रोत, कृषि, वन तथा जैविक विविधता, स्वास्थ्य, प्रकोप, पूर्वाधार विकास, पर्यटन तथा जीविकोपार्जनसंग सम्बन्धित विभिन्न क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव परेको छ। यसलाई मध्यनजर राखी सो महासन्धिको प्रभावकारी कार्यान्वयनबाट जलवायु परिवर्तनको कारण परिरहेको तथा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यून गर्न आज विश्व समुदाय क्रियाशील रहेको छ।

जलवायु परिवर्तनका प्रभाव विशेष गरेर गरिब, विकासोन्मुख, भूपरिवेष्टित तथा पर्वतीय मुलुकहरुमा बढी देखिएको छ । जलवायु परिवर्तनबाट नेपाल पनि अत्यन्तै प्रभावित भएकोले यसलाई सम्बोधन गरी पहाड र तराई लगायत पर्वतीय क्षेत्र, यहाँका जनता र तिनको जीविकोपार्जन तथा पारिस्थिकीय प्रणाली (इकोसिष्टम) मा परिरहेको असर र पर्न सक्ने प्रभावलाई न्यून गर्न नीतिगत व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नु अत्यावश्यक भएको छ ।

## २ विगतका प्रयासहरु

महासन्धिको पक्ष भएपछि अनुसूची १ मा नपर्ने (Non-Annex 1) सदस्य राष्ट्रको हैसियतले वि.सं. २०६१ साल (सन् २००४) मा नेपालले प्रारम्भिक राष्ट्रिय सञ्चार प्रतिवेदन तयार गरी महासन्धिको सचिवालय मार्फत पक्ष राष्ट्रहरुलाई जानकारी दिइएको थियो । वि.सं. २०५३ देखि २०६३ सालबीच यस महासन्धिलाई कार्यान्वयन गर्ने क्रममा तत्कालीन जनसङ्ख्या तथा वातावरण मन्त्रालय (हाल वातावरण मन्त्रालय) लाई महासन्धिको केन्द्र विन्दु (Focal Point) तोक्ने र क्योटो प्रोटोकलमा व्यवस्था भएको स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism, CDM) सम्बन्धी आयोजनाहरुलाई प्रवर्द्धन गर्न वातावरण मन्त्रालयलाई Designated National Authority तोक्ने तथा जनचेतना अभिबृद्धिको लागि केही कार्यक्रमहरु कार्यान्वयन भएको देखिन्छ । यसैगरी दिगो विकास एजेण्डा, २०५९ तथा सहस्राब्दी विकास लक्ष्य, २०५८ ले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जलवायु परिवर्तनलाई सम्बोधन गरेका छन् ।

वि.सं. २०६३ देखि २०६६ सालबीच महासन्धिको कार्यान्वयनको क्रममा मुख्यतया (१) रियो महासन्धिहरु (जलवायु परिवर्तन, मरुभूमिकरण र जैविक विविधता) को कार्यान्वयनको लागि राष्ट्रिय क्षमता स्वःमूल्याङ्कन आयोजना कार्यान्वयन गरी क्षमता अभिबृद्धि सम्बन्धी कार्ययोजना तयार भएको, (२) क्योटो प्रोटोकलमा व्यवस्था भएको स्वच्छ विकास संयन्त्र सम्बन्धी आयोजनाहरुको मूल्याङ्कन तथा स्वीकृतिको कार्यविधि निर्धारण भएको, (३) राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action, NAPA) आयोजना सञ्चालन गरेको, (४) दोस्रो राष्ट्रिय सञ्चारको लागि वस्तुस्थिति अध्ययन गरी आयोजना शुरु गरेको, तथा (५) जलवायु परिवर्तन र वातावरण सम्बन्धमा क्षमता विकास आयोजना सञ्चालन भइरहेको छ । वि.सं. २०६६ सालमा कोपनेहेगनमा सम्पन्न जलवायु परिवर्तन सम्बन्धी महासन्धिको पक्ष

राष्ट्रहरुको १५औं सम्मेलनको पूर्वसन्ध्यामा नेपाल सरकार मन्त्रिपरिषद्को सगरमाथाको आधार शिविर नजिकै रहेको कालापत्थरमा सम्पन्न ऐतिहासिक वैठकबाट कालापत्थर घोषणा-पत्र जारी गर्नुको साथै 'काठमाण्डौदेखि कोपनहेगनसम्म' विषयक जलवायु परिवर्तन सम्बन्धी क्षेत्रीय सम्मेलन सम्पन्न भई जलवायु परिवर्तन सम्बन्धी कार्यमा सहयोग जुटाउन १४ दातृ निकाय तथा विकासका साझेदारहरुसंग समझदारी-पत्रमा समेत हस्ताक्षर भएको थियो । यसै गरी कोप १५ मा भाग लिनको लागि स्थिति पत्र समेत तयार भएको थियो । वि.सं. २०६६ सालमा नै सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा ८ जना विज्ञ सदस्यहरु समेत रहने गरी २५ सदस्यीय जलवायु परिवर्तन परिषद्को गठन भएको थियो । यसैगरी कोपेनहेगन सम्मेलनको समयमा सम्माननीय प्रधानमन्त्रीज्यूले महासन्धिको वार्ता तथा निर्णयले जलवायु परिवर्तनबाट पर्वतीय क्षेत्रमा परेको गम्भिर प्रभावलाई मुख्य सवालको रुपमा सम्बोधन गर्नु पर्ने तथ्यमा जोड दिनु भएको थियो । यसरी हेर्दा सन् २००९ मा जलवायु परिवर्तन राष्ट्रिय विकास एजेण्डाको रुपमा अगाडि आयो । साथै यस अवधिमा तयार भएको नेपालको अन्तरिम संविधान २०६३ तथा त्रि-वर्षीय अन्तरिम योजना (२०६४/६५ - २०६६/६७) ले पनि वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तनको सवाललाई प्रत्यक्ष वा परोक्षरुपमा सम्बोधन गरेका छन् ।

वि.सं. २०६६ सालको अन्त्यतिर नेपाल सरकारले वातावरण मन्त्रालयमा जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको स्थापना गर्‍यो । नेपालको राष्ट्रिय अनुकूलन कार्यक्रम प्रतिवेदन मन्त्रिपरिषद्बाट आश्विन १२, २०६७ मा स्वीकृत भएको छ । अनुकूलनका कार्यक्रमहरु कार्यान्वयनमा ल्याउन स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा हुदैंछन् । सम्माननीय प्रधानमन्त्रीज्यूबाट जलवायु परिवर्तन सम्बन्धी कोपेनहेगन सम्मेलनमा व्यक्त विचारलाई कार्यान्वयनमा ल्याउने क्रममा 'माउन्टेन एलाइन्स इनिसिएटिभ्स्' को थालनी भै विज्ञहरुको अन्तर्राष्ट्रिय परामर्श बैठक सम्पन्न लगायत सम्बध्द प्रतिवेदनहरु तयार भएका छन् । जलवायु परिवर्तन सम्बन्धी कार्यहरुलाई संयोजन गर्न एवं सहयोगात्मक कार्यहरुको सञ्चालनार्थ नेपाल सरकारका विभिन्न मन्त्रालयरनिकायहरु, गैर सरकारी संघ संस्था, प्राज्ञिक संस्था, नीजि तथा दातृ संस्थाहरुको समेत प्रतिनिधित्व हुने गरी बहुपक्षीय सरोकारावालाहरुको सहभागिता रहेको जलवायु परिवर्तन सम्बन्धी समन्वय समितिको गठन भएको छ । यसैगरी त्रि-वर्षीय योजनामा अनुकूलन कार्यक्रमको कार्यान्वयन तथा देशको आर्थिक तथा पूर्वाधार

विकासलाई जलवायु समानुकूलित वनाउँदै लग्ने नीति अनुरुप राष्ट्रिय योजना आयोगले आ.व. २०६७/६८ बाट तत् सम्बन्धी कार्य सुरु गरेको छ । यसरी जलवायु परिवर्तनको सवाललाई सम्बोधन गर्न संस्थागत, समन्वयात्मक एवम् कार्यक्रमगत कियाकलापहरुले हालका वर्षहरुमा व्यापकता पाएका छन् । जलवायु परिवर्तन सम्बन्धी कार्यहरुको लागि आर्थिक स्रोत जुटाउने प्रयासहरु पनि भइरहेका छन् । यसको साथै नीजि क्षेत्र, गैर सरकारी संघ संस्थाहरु एवम् नागरिक समाजबाट पनि जलवायु परिवर्तन वारे जनचेतना अभिबृद्धि गर्ने, अनुकूलनका अभ्यासहरु प्रवर्द्धन गर्ने र नवीकरणीय ऊर्जाको प्रयोग र प्रवर्द्धन गर्ने कार्यहरु भइआएका छन् ।

## ३ वर्तमान स्थिति

नेपालको अधिकतम तापक्रम प्रति वर्ष सरदर ०.०६ डिग्री सेल्सियसका दरले बृद्धि भएको देखिन्छ र हिमाली क्षेत्रमा यो दर बढी देखिएको छ । । विश्व जनसङ्ख्याको करिव ०.४ प्रतिशत मानिस बसोवास गर्ने नेपालले विश्वको कूल हरितगृह ग्याँसको करिव ०.०२५ प्रतिशत मात्र उत्सर्जन गरेता पनि वायुमण्डलीय तापक्रम बृद्धिका् कारण प्रभावित हुँदै गएको छ । यहाँ वार्षिक वर्षा-चक्रमा हेरफेर, लामो समय सम्म खडेरी पर्ने तथा तीब्र वर्षा हुने गरेको छ । हाल दिन र रात दुबै पहिलेको भन्दा वढी ताता भै रहेका छन् अर्थात ठण्डा दिन र रातको सङ्ख्या कम हुंदै गएको छ । १०० मि.मि. वा सो भन्दा वढी परिमाणमा पानी पर्ने दिनहरु अर्थात् मुसलधारे वर्षा हुने दिनको सङ्ख्या बढ्दैछ । पानी पर्ने समय र अवधिमा परिवर्तन भइरहेको छ । तीब्र गतिमा हिमगलन हुँदै जानाले हिमनदीहरु पातलिंदै र छोट्टिंदै गएको र हिमतालको आकार बढ्दै गएको छ । जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन जङ्गल तथा जैविक विविधता, स्वास्थ्य, पर्यटन तथा पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न थालेको छ । बाढी, पहिरो तथा डढेलोमा तीव्रता आएको छ । यी कारणबाट नेपालमा अत्यधिक मात्रामा धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा असर पारेको देखिन्छ ।

हाल जलवायु परिवर्तनबाट लाखौं नेपालीहरु जोखिममा परेको अनुमान गरिएको छ । सगरमाथा क्षेत्रमा रहेको हिम रेखा विगत करिव ९ दशकको दौरानमा ३३० फिट उचाई गलन (भर्टिकल लस्) भएको छ। हिमगलनको कारण नयाँ हिमतालहरु वन्दै गएका तथा नेपालका नदीमा सन् २०३० सम्म केही मात्रामा पानीको वहाव बढेता पनि यस शताब्दीको अन्त्यमा ठूलो परिमाणमा घट्ने

अनुमान गरिएको छ । जलवायु परिवर्तनको कारण सिर्जित समस्याहरु घट्नुको सट्टा बढ्दै गएका र यसको कारक नेपाल नभएतापनि अनुकूलनका कार्यक्रमहरु कार्यान्वयन गर्दै जानु परेको छ । तसर्थ नेपालले जलवायु अनुकूलनलाई राष्ट्रिय एजेण्डाको रुपमा अगाडि ल्याएको छ र यसबाट सिर्जना हुने जोखिम न्यून गर्न विविध कार्यक्रमहरु कार्यान्वयन गर्न हालका वर्षहरुमा यथेष्ठ पहल गरिरहेको छ ।

## ४ समस्या तथा चुनौती

### ४.१ समस्या

जलवायु परिवर्तनबाट परिरहेका तथा पर्न सक्ने प्रभाव सम्बन्धी अध्ययन नेपालमा अत्यन्तै कम भएकोले कुन भौगोलिक क्षेत्रमा, के कुन प्रकारको, कति परिमाणमा कुन क्षेत्र (सेक्टर) मा प्रभाव परेको छ वैज्ञानिक मूल्याङ्कन गर्न अझै बाँकी छ । मानवीय तथा आर्थिक स्रोतको न्यूनता एवम् उपयुक्त उपकरणको अभावले जलवायु प्रारुपीकरण (Climate Modeling), हिमालदेखि तराई मधेश क्षेत्रसम्मका जलस्रोत लगायतका प्राकृतिक स्रोतमा परेको र पर्न सक्ने प्रभाव एवम् आर्थिक क्रियाकलापका अन्य क्षेत्रमा परेको प्रभावको मूल्याङ्कन जस्ता कार्यहरु आशातित् रुपमा अगाडि बढ्न सकेका छैनन् । हिमगलन तथा हिमतालफुटने भयावह स्थितिको विस्तृत अध्ययन, सर्वेक्षण, अनुगमन हुन अझै बाँकी छ । जलवायु परिवर्तनको कारण कृषि, जलस्रोत, वन तथा जैविक विविधता, जनस्वास्थ्य, पर्यटन आदि क्षेत्रमा परेको प्रतिकूल प्रभावको विस्तृत लेखा-जोखा हुन अझै बाँकी छ । यसैगरी जलवायु परिवर्तन तथा त्यससंग सम्बद्ध प्रभावहरु हटाउने वा घटाउने एवम् अनुकूलनका लागि उपयुक्त प्रविधि विकास तथा जोखिम एवम् प्रकोपसंग जुध्ने पूर्वतयारीका कार्यक्रमहरु समेत सञ्चालन हुन बाँकी छन् । समष्टिमा, जलवायु परिवर्तन सम्बन्धी महासन्धिको प्रावधान र पक्ष राष्ट्रहरुको सम्मेलनले गरेका निर्णयहरु लगायत अनुकूलन, प्रभाव न्यूनीकरण, आर्थिक स्रोत, प्रविधि विकास एवम् हस्तान्तरण, क्षमता अभिबृद्धि, जलवायु समानुकूलन जस्ता अवयवहरुलाई समेटी जलवायु परिवर्तनका प्रभावलाई सम्बोधन गर्ने प्रभावकारी खाका निर्माण हुन नसक्नु आजको प्रमुख समस्या रहेको छ । विश्वव्यापी मुख्य सवालको रुपमा रहेको जलवायु परिवर्तनलाई विज्ञान र प्रविधिको कोणबाट हेर्न सक्ने क्षमता भएको निकायको पनि अभाव छ ।

## ४.२ चुनौति

(क) जलवायु परिवर्तन सम्बन्धी विज्ञान, यसबाट विभिन्न भौगोलिक एवम् सामाजिक-आर्थिक विकासका क्षेत्रहरुमा परिरहेको असर तथा पर्न सक्ने प्रभावका वारेमा जलवायु प्रारुपीकरणको समेत प्रयोग गरी ज्ञान, वैज्ञानिक तथ्याङ्क, सूचना र जानकारीको अभावले सामाजिक-आर्थिक विकासका क्षेत्रलाई जलवायु समानुकूलन बनाउने राष्ट्रिय प्रयास चुनौतिपूर्ण रहेको छ ।

(ख) जलवायु परिवर्तनले परिरहेको र पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्नु, जोखिम क्षेत्रहरु पहिचान गरी जलवायु परिवर्तनबाट पर्ने प्रतिकूल प्रभावलाई सहज रुपमा अनुकूलन गर्न सक्ने क्षमता अभिवृद्धि गर्नु तथा हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने संयन्त्र विकास गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

(ग) जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त प्राविधिक तथा आर्थिक अवसरको नेपालले अधिकतम फाइदा लिने परिस्थितिको सिर्जना गर्नु परेको छ ।

(घ) सामाजिक-आर्थिक विकासलाई जलवायु-मैत्री वनाउन एवम् नीति, कानून, योजना तथा विकास कार्यक्रमहरुमा जलवायु परिवर्तनको पक्षलाई एकीकृत गरी कार्यान्वयनमा ल्याउनु त्यत्तिकै आवश्यक छ ।

(ङ) जलवायु परिवर्तनबाट उपल्लो र तल्लोतटीय भू-भागमा परेको र पर्न सक्ने प्रतिकूल प्रभावलाई स्थापित गरी क्षेत्रीय सहयोग प्रवर्द्धन गर्नु परेको छ ।

(च) सहस्राव्दी विकास लक्ष्य प्राप्त गर्नु लगायत पर्वतीय वातावरण, जनता र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीमा जलवायु परिवर्तनको प्रभाव हटाउने वा घटाउने कार्य गरी जलवायुको अवश्यंभावी परिवर्तनबाट फायदा लिनु परेको छ ।

(छ) विकास निर्माणमा संलग्न सार्वजनिक निकाय, योजनाकार तथा प्राविधिज्ञहरु लगायत निजी तथा गैर सरकारी संघ-संस्था एवम् नागरिक समाजको प्रभावकारी ढङ्गले क्षमता अभिबृद्धि गर्नु आवश्यक छ ।

(ज) जलवायु परिवर्तनको सवाललाई सम्बोधन गर्न सक्षम संस्थागत संरचनाको विकास एवम् आवश्यक आर्थिक तथा मानविय स्रोतका पक्षहरुलाई समेत ध्यान दिनु परेको छ ।

## ५ नयाँ नीतिको आवश्यकता

माथि उल्लिखित समस्या तथा चुनौतिको सामना गर्न हाल चालिएका प्रयासहरुलाई सफल पार्न र जलवायु परिवर्तन सम्बन्धी महासन्धिबाट अधिकतम् लाभ लिन निम्न पक्षहरुलाई समेटी नीति तर्जुमा गर्नु आजको आवश्यकता रहेको छ ।

(क) संस्थागत व्यवस्थाबाट क्षमता अभिबृद्धि, प्रविधि विकास तथा उपयोग, आर्थिक स्रोतको प्रवाह एवम् हरितगृह ग्याँसको मापन लगायत तथ्याङ्क तथा सूचना-जानकारी अध्यावधिक गर्दै पक्ष राष्ट्रहरुलाई जानकारी दिन ।

(ख) जलवायु अनुकूलन, न्यूनीकरण तथा कार्वन संचितीकरणलाई बढावा दिन, क्षमता अभिबृद्धि, आर्थिक स्रोत जुटाउन तथा सोमा पहूँच पुऱ्याउन एवम् प्रविधि विकास र हस्तान्तरण लगायत कार्यक्रम तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमन कार्यहरु विस्तार गर्न ।

(ग) राष्ट्रिय अनुकूलन कार्यक्रमलाई विकास एजेण्डाको रुपमा कार्यान्वयनमा ल्याउन र जलवायु परिवर्तन सम्बन्धी सवै प्रकारका स्थलगत कार्यक्रमहरु कार्यान्वयन गर्दा कूल वजेटको न्यूनतम ८० प्रतिशत भन्दा बढी रकम स्थानीय स्तरमा पुऱ्याउन ।

(घ) सामाजिक तथा आर्थिक विकासका लागि प्राकृतिक स्रोतको व्यवस्थापनलाई जलवायु-मैत्री एवम् पूर्वाधार विकासलाई जलवायु समानुकूलन वनाउन ।

(ङ) सर्वपक्षीय सहभागिता मार्फत जनचेतना अभिबृद्धि तथा क्षमता विकास लगायत वार्ता क्षमता प्रवर्द्धन गर्न ।

(च) स्वच्छ तथा नवीकरणीय ऊर्जाको विकास, कार्वन ब्यापार तथा जलवायु परिवर्तन न्यूनीकरण सम्बन्धी संयन्त्रहरुबाट थप प्राविधिक एवम् आर्थिक स्रोत जुटाउन । अतः जलवायु परिवर्तनबाट उपलब्ध अवसरको उपयोग गरी गरिवी न्यूनीकरण तथा दिगो विकासको लक्ष्य पूरा गर्न राष्ट्रिय नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु अत्यावश्यक भएको छ ।

### ५.१ दूर दृष्टि (**Vision**)

जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट वच्न र वचाउन, मानव विकास र समृद्धि कायम गर्दै, जलवायु न्यायलाई आत्मसात गर्दै, पर्यावरणीय र दिगो विकासको अवधारणालाई अवलम्बन गरी समुन्नत समाजतर्फ अग्रसर हुन योगदान पुऱ्याउँनु यस नीतिको दूर-दृष्टि रहेको छ ।

### ५.२ परिदृश्य (**Mission**)

जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरुलाई न्यून गर्ने र यसबाट सिर्जित अवसरहरुको उपयोग गर्दै जलवायु-मैत्री भौतिक, सामाजिक एवम् आर्थिक विकास गरी जीविकोपार्जनका अवसरहरुको अभिबृद्धि गर्नु यस नीतिको परिदृश्य रहेको छ ।

## ६ लक्ष्य (Goal)

जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै, जलवायु अनुकूलित हुँदै, न्यून कार्वन-उन्मुख सामाजिक-आर्थिक विकास पथलाई अवलम्बन गर्दै जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रमा भएको प्रतिवद्धता अनुरुप सहयोग तथा सहकार्यको प्रवर्द्धन गरी जीवनस्तरमा सुधार ल्याउनु यस नीतिको प्रमुख लक्ष्य रहेको छ । यस नीतिको मुख्य लक्ष्यहरुहरु निम्न बमोजिम छन् ।

६.१ जलवायु परिवर्तन सम्बन्धी अध्ययन, अनुसन्धान र अनुगमन गर्न र नेपाल सरकारलाई नियमित नीतिगत एवम् विषयगत क्षेत्रमा प्राविधिक सहयोग प्रदान गर्न एक वर्ष भित्र जलवायु परिवर्तन केन्द्रको स्थापना गर्ने ।

६.२ वि.सं. २०६८ भित्र आर्थिक स्रोत जुटाई राष्ट्रिय अनुकूलन कार्यक्रममा उल्लिखित स्थानीयस्तर समुदायमा आधारित अनुकूलनका कार्यहरु कार्यान्वयनको शुरुवात गर्ने ।

६.३ स्वच्छ विकास संयन्त्रबाट लाभ लिन स्वच्च ऊर्जा विकासमा टेवा पुऱ्याउने र वि.सं. २०६८ भित्र कार्वन व्यापार सम्बन्धी राष्ट्रिय रणनीति तयार गर्ने ।

६.४ सामाजिक-आर्थिक विकासलाई जलवायु समानुकूलन वनाउने तथा न्यून कार्वन आर्थिक विकास रणनीति वि.सं. २०७० भित्र तर्जुमा गरी क्रमशः लागू गर्ने ।

६.५ भौगोलिक तथा विकासका क्षेत्रहरुमा जलवायु परिवर्तनबाट परेका र पर्न सक्ने प्रभाव लगायत यसबाट भएको लाभ र हानीको आर्थिक मूल्याङ्कन वि.सं. २०६९ भित्र सम्पन्न गर्ने ।

६.६ प्रविधिको विकास तथा हस्तान्तरण, जनचेनता एवम् क्षमता अभिबृद्धि तथा आर्थिक स्रोतमा पहूँच पुऱ्याई जलवायु अनुकूलन प्रवर्द्धन तथा प्रतिकूल प्रभावहरु न्यूनीकरणका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्दै जाने ।

६.७ जलवायु परिवर्तनबाट जोखिममा रहेका हिमाल, पहाड, चुरे र तराई क्षेत्र, प्राकृतिक सम्पदा, तथा जीविकोपार्जनमा परेको प्रतिकूल प्रभाव कम गराउन वि.सं. २०७७ भित्र भरपर्दो प्रभाव पूर्वानुमान प्रणाली विकास गर्ने ।

## ७ उद्देश्य

यस नीतिको मुख्यतथा निम्न उद्देश्यहरु रहेका छन्ः

७.१ जलवायु परिवर्तन सम्बन्धी सवाललाई सम्बोधन गर्न एक सक्षम एवम् प्रभावकारी प्राविधिक संस्थाको स्थापना गर्दै विद्यमान संस्था/निकायहरुलाई समेत सुदृढ एवम् सक्षम वनाउँदै लग्ने ।

७.२ जलवायु अनुकूलन सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा प्रतिकूल प्रभावको न्यूनीकरण गर्दै सकारात्मक प्रभावबाट अधिकतम फाइदा लिने ।

७.३ स्वच्छ ऊर्जा जस्तै जलविद्युत, पुनर्नवीकरणीय तथा वैकल्पिक उर्जाको प्रयोग बढाउने तथा ऊर्जा दक्षता अभिवृद्धि एवम् हरित प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै हरितगृह ग्यासको उत्सर्जन न्यून गर्ने।

७.४ प्राकृतिक स्रोत साधनको महत्तम (optimum) उपयोग एवम् सो को कुशल व्यवस्थापनका लागि स्थानीय समुदायको जलवायु अनुकूलन एवम् समानुकूलन क्षमता अभिबृद्धि गर्ने ।

७.५ सामाजिक-आर्थिक विकासलाई जलवायु परिवर्तन-मैत्री तथा समानुकूलन वनाउँदै न्यून कार्वन विकास पथलाई अवलम्बन गर्ने ।

७.६ जलवायु परिवर्तनले पारेको तथा पार्न सक्ने प्रभावहरुको पहिचान, प्रभावहरुको परिमाणात्मक किटान तथा सम्भावित जोखिमबाट सुरक्षित रहन अनुकूलनका उपायहरु अवलम्बन गरी जलवायु परिवर्तनका दूष्परिणामबाट बच्ने क्षमता विकास गर्ने ।

७.७ जलवायु परिवर्तन सम्बन्धी महासन्धि, अभिसन्धि तथा सम्झौताहरुबाट प्राप्त अवसरहरुको अधिकतम उपयोग गरी जीवनस्तरमा सुधार ल्याउने ।

## ८ नीतिहरु

माथिका उद्देश्यहरु प्राप्तिका लागि निम्न नीतिहरु अवलम्वन गरिनेछन्:

### ८.१ जलवायु अनुकूलन, प्रकोप एवम् जोखिम न्यूनीकरण

८.१.१ जलवायु परिवर्तनबाट प्रभावित जनता, समुदाय तथा जलवायु-उत्पन्न एवम् सम्भावित प्रकोप क्षेत्रहरुमा राष्ट्रिय अनुकूलन कार्यक्रमले निर्दिष्ट गरेको तत्कालीन प्राथमिकताहरुको साथै मध्यकालीन तथा दीर्घकालीन अनुकूलनका कार्यहरुको पहिचान गरी कार्यान्वयन गर्ने, गराउने ।

८.१.२ जलवायु अनुकूलनलाई यथासम्भव सामाजिक तथा आर्थिक विकास एवम् आय-आर्जनका क्रियाकलापहरुसंग आवद्ध गरी कार्यान्वयन गर्ने, गराउने ।

८.१.३ हिमनदी तथा हिमतालहरुको अद्यावधिक स्थिति अध्ययन गरी जोखिमपूर्ण हिमतालहरुमा प्राथमिकताको आधारमा प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरुको अवलम्बन गर्ने, गराउने ।

८.१.४ जलवायु परिवर्तनबाट सिर्जित जल-उत्पन्न प्रकोप एवम् जोखिमको पूर्वानुमान गर्दै पूर्व सूचना दिन तथा रोकथामका उपायहरुको अवलम्बन गर्न आवश्यक संयन्त्रको विकास तथा कार्यान्वयन गरी तिनको नियमित निरीक्षण तथा कार्य क्षमता सुदृढ गर्ने ।

८.१.५ जलवायु परिवर्तनबाट प्रभावित जनता, समुदाय एवम् जोखिम क्षेत्रहरुको पहिचान गरी स्थानीय ज्ञान, सिप तथा प्रविधि अनुरुप अनुकूलन तथा प्रतिकूल प्रभावको न्यूनीकरणका उपायहरुको अवलम्बन गर्ने, गराउने ।

८.१.६ जलवायु परिवर्तन, मरुभूमिकरण र जैविक विविधता सम्बन्धी महासन्धिहरुको उद्देश्य तथा प्रावधानहरुलाई ध्यानमा राखी एकीकृत कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने ।

८.१.७ जलवायु परिवर्तनबाट सिर्जित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारी फैलिन नदिन पूर्वानुमान तथा रोकथामको आवश्यक संयन्त्रको विकास गर्ने, गराउने ।

८.१.८ जलवायु परिवर्तनको कारण अन्तर्राष्ट्रिय सीमा वार(पारमा परेका असर र पर्न सक्ने प्रभावबाट सिर्जित जोखिम न्यूनीकरण गर्न तथा अनुकूलित हुन द्विपक्षीय तथा बहुपक्षीय सहयोगको विकास तथा विस्तार गर्ने ।

## ८.२ न्यून कार्बन विकास तथा जलवायु समानुकूलन (Resilience)

८.२.१ दिगो सामाजिक-आर्थिक बृद्धिका लागि न्यून कार्वन उत्सर्जन तथा जलवायु समानुकूलन विकास पथ अवलम्वन गर्ने ।

८.२.२ सामाजिक-आर्थिक विकासलाई जलवायु-मैत्री एवम् समानुकूलन वनाउन आवश्यक रणनीति, निर्देशिका तथा कार्यविधिको तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने ।

८.२.३ वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन, भू-उपयोग योजनाको तर्जुमा तथा कार्यान्वयन एवम् वन विनाश रोक्दै कार्बन संचितीकरण (Carbon Sink) को दायरा फराकिलो वनाउने ।

८.२.४ हरितगृह ग्याँसको उत्सर्जन न्यून गर्न विद्यमान स्वच्छ तथा नवीकरणीय एवम् वैकल्पिक ऊर्जाका क्षेत्रमा उपयुक्त प्रविधिको थप विकास र उपयोग गरी जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।

८.२.५ वायुमण्डलीय तापक्रम बृद्धि गर्ने खालका वायु प्रदूषकको उत्सर्जन स्रोतमा नै न्यून गर्न उपयुक्त प्रविधिको विकास, हस्तान्तरण र उपयोगमा सहुलियत दिने ।

८.२.६ ऊर्जा दक्षता अभिबृद्धि गर्न हरेक २ वर्षमा उद्योगले ऊर्जा अडिट गरी जलवायु परिवर्तनको लागि तोकिएको निकायमा पेश गर्ने ।

८.२.७ विद्युतीय ऊर्जामा आधारित यातायात (विद्युतीय रेल, रज्जुमार्ग, केबलकार आदि) तथा उद्योगको विकास र प्रर्वद्धन गर्ने ।

८.२.८ पुल, बाँध, नदी नियन्त्रण आदि संरचना तथा पूर्वाधारहरुको निर्माण गर्दा स्वरुप-गुणस्तर (Design Standard) लाई जलवायु समानुकूलन हुने गरी तर्जुमा तथा कार्यान्वयन गर्ने ।

८.२.९ न्यून कार्वन उत्सर्जन सम्बन्धी कार्यलाई आर्थिक तथा प्राविधिक सहुलियत प्रदान गरी प्रोत्साहन गर्ने ।

## ८.३ आर्थिक स्रोतमा पहूँच एवम् उपयोग

८.३.१ जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्न सार्वजनिक तथा निजी, आन्तरिक एवम् वाह्य आर्थिक स्रोत जुटाई जलवायु परिवर्तन कोषको स्थापना गर्ने ।

८.३.२ स्वच्छ विकास संयन्त्रको प्रवर्द्धनमार्फत कार्वन व्यापारलाई प्रोत्साहन गरी आर्थिक स्रोत जुटाउने ।

८.३.३ प्रदूषकले तिर्ने (Polluter Pays) सिद्धान्त, तथा सःशुल्क पर्यावरण सेवा (Payment for Environmental Services) को अवधारणालाई कार्यान्वयन गरी आर्थिक स्रोत जुटाउने ।

८.३.४ जलवायु परिवर्तन कोष तथा जलवायु परिवर्तन सम्बन्धी कार्यहरुको लागि विद्यमान तथा भावी अन्तर्राष्ट्रिय एवम् द्विपक्षीय सहयोगबाट प्राप्त हुने आर्थिक स्रोत व्यवस्थापन गर्ने ।

८.३.५ जलवायु परिवर्तन तथा यसका प्रतिकूल प्रभाव न्यूनीकरण संयन्त्रबाट प्राप्त हुने फाइदाहरु गरिबी न्यूनीकरण तथा दिगो विकासको लागि उपयोग गर्ने ।

८.३.६ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट जुटाइएको आर्थिक स्रोतलाई जलवायु अनुकूलन, प्रतिकूल प्रभाव न्यूनीकरण तथा न्यून कार्वन विकास कार्यहरु लगायत जल उत्पन्न तथा अन्य प्रकोपहरु जस्तै बाढी, पहिरो, खडेरी आदिबाट पीडितलाई राहतका लागि खाद्य, स्वास्थ्य तथा जीवनाधार सुरक्षाको लागि उपयोग गर्ने ।

८.३.७ जलवायु परिवर्तन कोषको बृद्धि (replenish) गर्न तथा सदुपयोगको लागि आवश्यक रणनीति, निर्देशिका तथा कार्यविधिहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने ।

८.३.८ जलवायु परिवर्तनका लागि जुटाइएको कूल बजेटको कम्तिमा ८० प्रतिशत रकम स्थलगत कार्यमा विनियोजन गर्ने ।

८.३.९ जलवायु अनुकूलन, समानुकूलन एवम् अन्य जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरुको लागि आर्थिक सहयोग जुटाउने तथा पहूँचलाई सरल वनाउने ।

**८.४ क्षमता अभिबृद्धि, जनसहभागिता तथा सशक्तीकरण**

८.४.१ स्थानीय तहदेखि नीति निर्माण तहसम्म जलवायु अनुकूलन, प्रभाव न्यूनीकरण, हरितगृह ग्याँसको न्यून उत्सर्जन विकास पथ, प्रविधि विकास तथा हस्तान्तरण, कार्वन व्यापार लगायतका विषयहरुमा सूचना-जानकारी अध्यावधिक गर्दै क्षमता अभिवृद्धि गर्ने ।

८.४.२ जलवायु परिवर्तन सम्बन्धी कार्यमा गरिब, दलित, सीमान्तकृत जनजाति, आदिवासी, महिला, बाल-बालिका तथा युवाको सहभागिता सुनिश्चित गरी जलवायु अनुकूलन सम्बन्धी कार्यहरुको कार्यान्वयन गर्ने ।

८.४.३ स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गराउँदै स्थानीय स्तरका जलवायु परिवर्तन सम्बन्धी कार्यहरु स्थानिय निकायहरुबाटै सञ्चालन गर्ने, गराउने ।

८.४.४ जलवायु परिवर्तनका कारण खाद्यान्न, प्रजाति, पर्यावरणीय प्रणाली तथा स्वास्थ्यमा पर्ने सम्भावित खतराहरुबाट बच्न प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने, गराउने ।

८.४.५ जलवायु परिवर्तन सम्बन्धमा विभिन्न लक्षित समूहको लागि तथ्याङ्क, सूचना, सिकाइ तथा कार्यसफलता आदि रहेका ज्ञानमूलक सामाग्रीहरु तयार गरी प्रकाशन तथा वितरण गर्ने ।

८.४.६ सञ्चार माध्यमको क्षमता अभिवृद्धि गर्दै जलवायु परिवर्तन सम्बन्धी सूचना प्रवाह सुनिश्चित गर्ने, गराउने ।

८.४.७ सर्वसाधारण जनतालाई जलवायु परिवर्तनका विविध पक्षमा सुसूचित गर्न तथा क्षमता अभिबृद्धिको लागि जनचेतना, तालिम तथा सशक्तीकरण कार्यमा स्थानीय निकायहरु, विषय विज्ञताको आधारमा स्थापित महासंघ लगायत अन्य गैर सरकारी संघ संस्थाहरु एवम् नागरिक समाजको सहभागितालाई बढावा दिने ।

८.४.८ जलवायु परिवर्तनका लागि उपलब्ध प्राविधिक तथा आर्थिक स्रोतमा पहूँच बढाउन दक्ष जनशक्तिको विकास तथा परिचालन गर्ने ।

८.४.९ जलवायु परिवर्तनलाई औपचारिक तथा अनौपचारिक शिक्षा लगायत दूर शिक्षा एवम् खुल्ला सिकाई कार्यक्रममा समावेश गर्दै शिक्षक तालिम सामग्रीमा सुधार गर्ने ।

८.४.१० जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी परम्परागत तथा स्थानीय ज्ञान, सीप, अभ्यास तथा प्रविधि सम्बन्धी सामग्री सङ्कलन, प्रकाशन, प्रसार तथा उपयोग गर्ने, गराउने ।

८.४.११ जलवायु परिवर्तनमा उल्लेखनीय कार्य गर्ने संस्था वा व्यक्तिलाई सम्मान गर्न राष्ट्रिय जलवायु परिवर्तन पुरस्कारको स्थापना गरी वार्षिक रुपमा पुरस्कृत गर्ने ।

## ८.५ अध्ययन तथा अनुसन्धान

८.५.१ जलवायु परिवर्तन र यसबाट परेको प्रभावका वारेमा अध्ययन अनुसन्धान गरी प्रतिकूल प्रभाव हटाउन वा घटाउन तथा अनुकूल प्रभावबाट लाभ लिने उपायहरुको कार्यान्वयनमा व्यापकता ल्याउने ।

८.५.२ क्षेत्रगत तथा विषयगत ज्ञान संचित गर्न एवम् अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरु तथा प्रतिवेदनहरु भण्डारण गर्न अत्याधुनिक तथ्याङ्क कोष (Databank) को स्थापना गरी अद्यावधिक गर्दै लग्ने ।

८.५.३ क्षेत्रीय जलवायु प्रारुप (Regional Climate Model) लगायत अन्य विभिन्न प्रारुपहरु तयार पारी अध्ययन तथा अनुसन्धानमा प्रयोग गर्ने ।

८.५.४ जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमको नियमित अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने ।

८.५.५ अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई नीति, रणनीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा प्रयोग गर्ने ।

८.५.६ जैविक इन्धन (Bio-fuel) वारे अनुसन्धान गर्दै खाद्य सुरक्षालाई प्रतिकूल प्रभाव नपर्ने गरी सो को प्रवर्द्धन तथा प्रयोग गर्न प्रोत्साहन गर्ने ।

८.५.७ जलवायु परिवर्तनले पार्ने वा पारेका भौगोलिक तथा विषयगत जोखिम क्षेत्रहरुको पहिचान तथा प्रभावको सहभागितात्मक अध्ययन एवम् प्रभाव न्यूनीकरण उपायहरुको खोजी गर्ने ।

८.५.८ जलवायु परिवर्तनको प्रकृया तथा प्रभावहरुको पहिचानमा देशको सम्पूर्ण भू-भागको प्रतिनिधित्व हुने गरी जलवायु अवलोकन केन्द्रको संजाल विस्तार र तात्कालिक तथ्याङ्क प्राप्त गर्ने प्रणाली (real time data acquisition) को विकास गरी प्राप्त तथ्याङ्कको विश्लेषण गर्ने, गराउने ।

**८.६ प्रविधि विकास, हस्तान्तरण तथा उपयोग**

८.६.१ जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यून गर्न उपयुक्त प्रविधिको पहिचान तथा विकास गर्ने ।

८.६.२ जलवायु-मैत्री परम्परागत स्थानीय प्रविधि एवम् मौलिक सिप तथा ज्ञानको पहिचान र उपयोगको अभिलेख तयार पारी प्रविधिमा आवश्यक सुधार गरी व्यवहारमा ल्याउने ।

८.६.३ जल उपलब्धता हेरी वाढी-सिंचाई जस्ता पद्धतिको विकल्पमा पानी किफायत हुने आधुनिक प्रविधिको विकास गर्ने ।

८.६.४ हरितगृह ग्यासँको उत्सर्जन न्यून गर्ने स्वच्छ तथा हरित ऊर्जा दक्षता प्रविधिको विकास तथा तिनको दिगो प्रयोगलाई बढावा दिने ।

८.६.५ मिथेन कम उत्सर्जन गर्ने कृषि प्रविधिको विकास तथा विस्तार गर्ने ।

८.६.६ जलवायु-मैत्री प्रविधिको प्राप्ति, हस्तान्तरण तथा दिगो उपयोगमा जोड दिने तथा तिनको उपयोगको लागि क्षमता अभिबृद्धि गर्ने ।

८.६.७ खडेरी तथा डुबान (थोरै र बढी पानी) को भार सहन सक्ने कृषि प्रजातिको पहिचान तथा विकास गरी प्रयोगमा ल्याउने ।

८.६.८ जलवायु समानुकूलन विकास पूर्वाधार एवम् संरचना निर्माणका लागि आवश्यक अनुसन्धान मार्फत प्रविधि विकास गरी सो को उपयोग गर्ने ।

## ८.७ जलवायु-मैत्री प्राकृतिक स्रोत व्यवस्थापन

८.७.१ वैज्ञानिक भू-उपयोग प्रणालीको विकास गरी लागू गर्ने ।

८.७.२ जीविकोपार्जनका वैकल्पिक उपायहरु सिर्जना गर्न वन सम्पदाको उचित संरक्षण, सम्बर्द्धन तथा विकास गर्ने ।

८.७.३ जलवायु परिवर्तनको प्रभाव सम्बोधन हुने प्रकारले दिगो वन व्यवस्थापन, कृषि-वन, चरन क्षेत्र तथा भू-संरक्षण सम्बन्धी कार्यक्रमहरु प्राथमिकताका साथ लागू गर्ने ।

८.७.४ स्वच्छ ऊर्जा स्रोतका रुपमा रहेको जल विद्युत् उत्पादनमा प्राथमिकताका साथ राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय लगानी प्रोत्साहित गर्ने ।

८.७.५ माटो र पानीको संरक्षण गर्नको लागि मुहान संरक्षण, वर्षा-पानी सङ्कलन एवम् पर्यावरणीय सर-सफाइ जस्ता उपायहरु अवलम्बन गर्ने ।

८.७.६ कार्वन संचितीकरण (Carbon Sequestration) लाई प्रोत्साहन गर्ने र वन पैदावारको प्रयोगबाट प्राप्त लाभको केही अंश वन डढेलो नियन्त्रण एवम् सवै प्रकारका वनको संरक्षणमा लगानी गर्ने ।

८.७.७ वन क्षेत्रको क्षयीकरण तथा वन विनाश रोकी हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने तथा रेड (REDD, Reducing Emissions from Deforestation and Forest

Degradation) लगायत अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्रोतहरुबाट अत्यधिक फाइदा प्राप्त गर्ने संयन्त्रको विकास गर्ने ।

८.७.८ जलस्रोतको उतार-चढावको नियमित अनुगमन गर्दै पानीको व्यवस्थापनमा वेसिन एप्रोच (Basin Approach) अपनाउने ।

## ९ रणनीति तथा कार्यनीति

माथि उल्लिखित नीतिको प्रभावकारी कार्यान्वयनको लागि निम्न रणनीति तथा कार्यनीति रहेका छन् ।

९.१ मानव संसाधनको विकास गर्दै जलवायु परिवर्तन-मैत्री प्रविधि एवं उपायहरुको विकास, प्रवर्द्धन तथा कार्यान्वयन गर्ने ।

९.२ राष्ट्रिय तथा स्थानीय सरकार, गैर सरकारी संघ-संस्था तथा निजी क्षेत्रको संलग्नतामा सार्वजनिक-निजी साझेदारी सुनिश्चित गर्दै जलवायु अनुकूलन तथा हरितगृह ग्याँसको उत्सर्जन न्यूनिकरण सम्बन्धी कार्ययोजनाको तर्जुमा र कार्यान्वयन गर्ने ।

९.३ वायु प्रदूषण सम्बन्धी विद्यमान मापदण्डहरुको कार्यान्वयन गर्ने, गराउने तथा न्यून कार्वन तथा जलवायु समानुकूलन विकासको लागि उपयोगी हुने नयाँ मापदण्डको विकास गरी लागू गर्ने ।

९.४ जलवायु परिवर्तनको कारण जोखिममा परेका क्षेत्र (पहिरो तथा यस्को संभावित क्षेत्र, नदीरखोलाको किनाराको बाढी ग्रसित क्षेत्र आदिमा) बस्ती विकास हुन नदिने ।

९.५ जलवायु अनुकूलन तथा हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरण, क्षमता अभिबृद्धि, प्रविधि विकास तथा विस्तार सम्बन्धी कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा सरकारी, अर्धसरकारी, गैर सरकारी तथा उपभोक्ता समूहहरुको सहभागितामा विशेष जोड दिने ।

९.६ फोहरमैलालाई स्रोतको रुपमा व्यवस्थापन गर्ने ।

९.७ प्रकोप तथा महामारीसँग जुध्न पूर्वतयारीका कार्यक्रम सञ्चालनमा जोड दिने ।

९.८ जनचेतना तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न जोड दिने ।

९.९ क्षेत्रीय जलवायु प्रारुप (Regional Climate Model) हरुलाई समेत ध्यान दिई नेपालको लागि उपयुक्त हुने प्रारुप (Model) को विकासमार्फत् पूर्वानुमान (Future projection) गरी समयानुकूल परिमार्जन गर्दै लैजाने व्यवस्था गर्ने ।

९.१० जलवायु परिवर्तनबाट प्रभावित कृषि तथा प्रकोप विमाको व्यवस्था गर्ने ।

९.११ स्वच्छ विकास संयन्त्रबाट लाभ लिन निजी क्षेत्रको क्षमता विकास तथा प्रवर्द्धन गर्न प्रोत्साहित गर्दै लग्ने ।

९.१२ बाँझो छाडेको निजी, पर्ति, बाढी पहिरो-ग्रस्त, भिरालो जमिनमा बहुलाभदायक रुख प्रजातिको वृक्षारोपण तथा प्रवर्द्धन गर्ने ।

९.१३ कार्बन संचितीकरणमा संलग्न समुदायको लागि आर्थिक तथा प्राविधिक सहजीकरण सेवा प्रदान गरी अधिकतम फाइदा हुने अवस्था सृजना गर्ने ।

९.१४ जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरुको लागि प्राप्त कुल बजेटको कम्तीमा ८० प्रतिशत रकम स्थानीयस्तरका कार्यमा प्रवाह गर्दै लग्ने ।

## १०. संस्थागत संरचना

१०.१ जलवायु परिवर्तन सम्बन्धमा विद्यमान निकायहरुलाई सुदृढ वनाउने ।

१०.२ जलवायु परिवर्तन सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुको नीतिगत समन्वय जलवायु परिवर्तन परिषद्ले र कार्यगत समन्वय वातावरण मन्त्रालयले गर्ने ।

१०.३ जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन एवम् अध्ययन अनुसन्धानको लागि अर्ध-स्वायत्त प्रकृतिको प्राविधिक निकायको रुपमा जलवायु परिवर्तन केन्द्रको स्थापना गर्ने ।

१०.४ नीति तथा कार्यक्रमहरु कार्यान्वयनको लागि विद्यमान सम्बन्धित निकायहरुको कार्य विस्तार गर्ने ।

१०.५ नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि कार्य समूहहरु गठन गरी कार्य सम्पादन गर्ने ।

## ११. आर्थिक पक्ष

११.१ जलवायु अनुकूलन एवम् समानुकूलन, न्यून कार्वन विकास, जोखिमको पहिचान, अध्ययन अनुसन्धान, प्रविधि विकास तथा उपयोग जस्ता कार्यक्रमहरुको कार्यान्वयनको लागि एक छुट्टै जलवायु परिवर्तन कोषको स्थापना गर्ने ।

११.२ जलवायु परिवर्तन कोषमा नेपाल सरकारबाट प्राप्त रकम, द्विपक्षीय वा वहुपक्षीय सहयोग अर्न्तगत प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्तिबाट प्राप्त रकम, स्वदेशी वा विदेशी संघ-संस्थाबाट प्राप्त रकम, जलवायु परिवर्तन सम्बन्धी महासन्धि अन्तर्गत स्थापित कोष वा जलवायु परिवर्तनको लागि सहयोग गर्न स्थापित अन्य कुनै पनि कोष वा कार्यक्रमबाट प्राप्त रकम वा प्रदूषण शुल्क वा जरिवानाबाट प्राप्त रकम वा अन्य स्रोतबाट प्राप्त रकम रहने ।

११.३ जलवायु परिवर्तन कोषबाट स्थलगत कार्यक्रमको लागि कूल बजेटको कम्तीमा ८० प्रतिशत रकम सिधै कार्यक्रम कार्यान्वयन क्षेत्रमा पठाउने ।

## १२. कानुनी पक्ष

जलवायु परिवर्तन सम्बन्धी महासन्धि तथा अभिसन्धिहरुको प्रभावकारी कार्यान्वयनको लागि विद्यमान कानुनमा आवश्यक संशोधन तथा नयाँ कानुनको तर्जुमा गर्दै लगिने छ ।

## १३. अनुगमन तथा मूल्याङ्कन

यस नीतिको कार्यान्वयन सम्बन्धी अनुगमन तथा मूल्याङ्कनको प्राथमिक जिम्मेवारी वातावरण मन्त्रालयको हुनेछ । अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी वनाउनको लागि मन्त्रालयले अनुगमन तथा मूल्याङ्कन सूचकहरु निर्धारण गरी कार्यान्वयन गर्नेछ । सम्बन्धित मन्त्रालयरविभाग र निकायहरुले आफू तथा आफू अन्तरगतका निकायहरुले गरेको कामको प्रगति विवरण अध्यावधिक गर्दै समस्या समाधानमा सहयोग पुर्‍याउनु सम्बन्धित निकायहरुको कर्तव्य हुनेछ । स्थानीय तहका कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन तोकिएको ढाँचामा स्थानीय निकायले गर्नेछन् र सो को जानकारी वातावरण मन्त्रालयमा पठाउने छन् । जलवायु परिवर्तन सम्बन्धी आयोजना वा कार्यक्रमको बजेट रकम, वार्षिक कार्यक्रम र प्रगति विवरण जलवायु परिवर्तन परिषद् लगायत अन्य सम्बन्धित निकायहरुमा पेश गर्नुको साथै सार्वजनिक गरिने छ ।

## १४. जोखिम

जलवायु परिवर्तन र त्यसका चुनौतिहरु हाल टडकारो रुपमा देखा पर्न थालेको र यसबाट विभिन्न क्षेत्रहरु जस्तै जलस्रोत, कृषि तथा खाद्यान्न, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार, जनस्वास्थ्य र पर्यटन लगायत जीविकोपार्जनका संसाधनहरु अत्यधिक मात्रामा प्रभावित हुँदै गइरहेका छन् । यस नीतिलाई एकीकृत र समन्वयात्मक ढङ्गले कार्यान्वयन गर्दा निम्नानुसारका जोखिम हुन सक्छन् ।

- सामुदायिक जलवायु अनुकूलन तथा न्यूनीकरणको उपायहरुको पहिचान, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनले राष्ट्रिय तथा स्थानीयस्तरमा प्राथमिकता नपाउनु ।
- भरपर्दो जानकारी र सूचना लगायत क्षेत्रगत तथा विषयगत सूचना उपलब्ध गराउने संयन्त्र नहुनु ।
- नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि समन्वयको अभाव हुनुको साथै आवश्यक प्राविधिक तथा आर्थिक स्रोत जुटाउन नसक्नु, प्रविधि विकास र उपयोग तथा आवश्यक जनशक्तिको क्षमता बढाउन प्राथमिकता नपाउनु ।
- नीति कार्यान्वयनको लागि आवश्यक कानुनी व्यवस्था हुन नसक्नु ।
- कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सम्बन्धित राष्ट्रिय तथा स्थानीय सरकार, निजी क्षेत्र, गैर सरकारी संघ-संस्था एवं उपभोक्ता समूहहरुको तत्परता, सहयोग र संलग्नता नरहनु ।
- जलवायु अनुकूलन तथा क्षमता अभिबृद्धिका कार्यहरु लक्षित समूहमा पुग्न नसक्नु ।
- जलवायु परिवर्तन सम्बन्धी महासन्धिको केन्द्र विन्दु तथ सम्बन्धित निकायहरुको क्षमता वृद्धि नहुनु ।
- वर्तमान सम्बन्धित संस्थाहरुबीच आवश्यक समन्वय हुन नसक्नु ।

माथि उल्लिखित जोखिमहरु व्यवस्थापन गर्न सकिने देखिएकोले यस जलवायु परिवर्तन नीतिलाई विद्यमान इच्छा-शक्ति एवम् नेपाल सरकारको प्रतिवद्धता अनुरुप कार्यान्वयनमा ल्याउन सकिने देखिएको छ ।

## १५. खारेजी

यो नयाँ नीति भएको ।

# औद्योगिक नीति, २०६७

## १. पृष्ठभूमि

औद्योगिक क्षेत्रलाई बढावा दिने उद्देश्यसहित औद्योगिक नीति, २०४९ को निर्माण गरिएको थियो । तथापि, सो नीति लागू भएको लामो समयपश्चात् पनि हाम्रो औद्योगिक विकासको स्थितिमा उल्लेखनीय प्रगति हासिल हुन सकेको छैन । छिमेकी मुलुकलगायत विश्वमै तीव्र गतिका साथ औद्योगिक विकासले एकपछि अर्को फड्को मारिरहेको तर नेपालमा औद्योगिक विकासले अपेक्षाकृत गति लिन नसकिरहेको विद्यमान परिवेशमा विगतमा भएका कमी कमजोरीलाई सच्याउँदै द्रुततर औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने अभिप्रायले समयानुकल नीतिगत सुधारसहित औद्योगिक नीति, २०६६ जारी गरिएको छ। यस नीतिका माध्यमबाट मुलुकमा औद्योगिक विकाससम्बन्धी क्रियाकलापहरुमा बढोत्तरी हुन जाने, व्यापक रुपमा रोजगारीका अवसरहरु सिर्जना हुने र जनताको आयस्तरमा बृद्धि हुन गई अन्ततोगत्वा मुलुकको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान अग्रणी हुने अपेक्षा गरिएको छ ।

## २ विगतका प्रयास

औद्योगिक नीति, २०४९ ले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सर्वप्रथम कृषि क्षेत्रमा अत्यधिक मात्रामा निर्भर रहेको अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रुपान्तरण गर्नु जरुरी भएकोले औद्योगिक विकाससम्बन्धी सरकारी क्रियाकलापहरुलाई त्यसै दिशा तर्फ केन्द्रित गर्ने प्रयास गरियो । औद्योगिक नीति, २०४९ ले मार्गनिर्देश गरेअनुसार जारी गरिएको औद्योगिक व्यवसाय ऐन, २०४९ ले औद्योगिक विकासलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन उद्योगहरुको प्राथमिकिकरण एवं वर्गीकरण गरी विभिन्न वर्ग र क्षेत्रका तोकिए बमोजिमका उद्योगहरुलाई आयकर, बिक्रीकर तथा अन्तःशुल्क आदि जस्ता थप छुट सुविधा तथा सहुलियत उपलब्ध गराई उद्योगहरु फस्टाउने कानूनी आधार तयार गरेको थियो । तर पनि विभिन्न कारणले औद्योगिक व्यवसाय ऐन, २०४९ ले प्रदान गरेका सुविधा तथा सहुलियतहरुले निरन्तरता पाउन सकेनन् र ती सुविधा तथा सहुलियतहरुलाई उक्त ऐनमा वि.सं. २०५४ सालमा भएको पहिलो संशोधन, आयकर ऐन, २०५८ र सालवसाली बन्ने

आर्थिक ऐनहरुबाट कटौती एवं खारेज गरिंदै लगिए । तापनि, औद्योगिक विकासका लागि अन्य आवश्यक संस्थागत एवं आधारभूत पूर्वाधार सेवा उपलब्ध गराई उद्योगहरूलाई प्रतिस्पर्धी बनाउने प्रयास भने जारी नै रह्यो । यसअनुरुप संस्थागत व्यवस्था तर्फ राष्ट्रिय उत्पादकत्व परिषद्को गठन गरियो भने औद्योगिक पूर्वाधार विकासतर्फ विशेष आर्थिक क्षेत्रको अवधारणालाई अगाडि बढाइयो । यसै सिलसिलामा व्यापार तथा उद्योग स्थापना एवं संचालनका लागि अनिवार्य रुपमा इजाजतपत्र लिनु पर्ने तत्कालीन व्यवस्थालाई खारेज गर्दै केही तोकिएका उद्योगहरु (वातावरण र जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने तथा हातहतियार उत्पादन सँग सम्बन्धित) बाहेक अन्य उद्योग धन्दा संचालन गर्न अनुमति लिनु नपर्ने व्यवस्था गरियो । यस व्यवस्थाबाट उद्योग स्थापना तथा संचालनमा सहज एवं प्रतिस्पर्धी वातावरण निर्माण भई औद्योगिक उत्पादकत्व र रोजगारीका अवसरहरुमा अभिवृद्धि हुने अपेक्षा गरिएको थियो । औद्योगिक विकासमा अझ बढी सहयोग पुऱ्याउन यसै अवधिमा श्रमिकहरुको दक्षता बढाउने, व्यवस्थापन कौशलको अभिवृद्धि गर्ने, नवीनतम प्रविधिलाई प्रोत्साहन गर्ने, क्षेत्रगत लगानी बढाउने, रुग्ण उद्योगको पुनरुत्थानसम्बन्धी व्यवस्था गर्ने, उद्यमशीलता प्रवर्द्धन गर्न तालीम प्रदान गर्ने संस्थागत व्यवस्था तथा उद्योगहरुलाई प्रदान गर्ने सेवा र सुविधाहरुलाई एकै थलोबाट विना झन्झट प्रदान गर्न आवश्यक संस्थागत व्यवस्था गर्ने जस्ता विविध प्रयासहरु पनि गरिए ।

## ३ वर्तमान स्थिति

औद्योगिक विकासका लागि विगतमा संचालन गरिएका विभिन्न प्रयासहरूका वावजूद देशमा औद्योगिकीकरणले आशातीत गति लिन नसकेको यथार्थ हामी सामु विद्यमान छ । कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान १० प्रतिशत पनि पुग्न नसकेको तथ्य हाम्रा सामु चुनौतीका रुपमा खडा छ । देशको अर्थतन्त्र अद्यापि परम्परागत कृषि प्रणाली र विप्रेषण (रेमिटेन्स) मा अत्यधिक निर्भर रहेको छ । देशमा औद्योगिक विकासको प्रर्याप्त संभावना हुदाहुदै पनि उपयुक्त व्यवस्थापन क्षमताको अभावमा विद्यमान स्रोत, साधन र सम्भावनाहरुको उचित दोहन गर्न सकिएको छैन । यसबाट उपलब्ध कच्चा स्रोत एवं साधन खेर जानु, विकराल बेरोजगारी र अर्ध– बेरोजगारीको समस्या उत्पन्न हुन गई देशमा विद्यमान श्रमशक्ति न्यून बेतनमा बैदेशिक रोजगारी तर्फ लाग्न बाध्य हुनु जस्ता विविध प्रकारका समस्याहरु राष्ट्रले भोग्नु परिरहेको छ । यसैबीच नेपाल विश्व व्यापार सङ्गठनको पनि सदस्य भएको छ र विश्व

बजारसँग यसको आवद्धता विस्तार भएको छ । छिमेकी मुलुकहरूमा भएको तीव्र औद्योगिकीकरण र प्रतिस्पर्धाले नेपाली उद्योगहरूले विश्वव्यापी प्रतिस्पर्धालाई आँकलन गरी उत्पादकत्वमा अभिवृद्धि र व्यवसायिक कुशलताको प्रदर्शन गर्नुपर्ने छ । त्यस्तै नेपाली उद्योगहरूले गुणस्तरमा सुनिश्चितता, व्यवसायिक कारोवारमा पारदर्शिता एवं बजारको नियमित अध्ययन र पकडमा थप कोसिस गर्नुपर्ने स्थिति भएको छ । सरकारीस्तरबाट उद्योगको संरक्षण गर्ने वातावरण नरहेको हुँदा तालीम, सूचना आदानप्रदान, लगानीमैत्री वातावरणको निर्माण, औद्योगिक मेला, आदि विभिन्न औद्योगिक प्रवर्द्धनका कार्यक्रमहरू मार्फत नेपाली उद्योगहरूलाई बढावा दिनुपर्ने अवस्था छ । त्यसका लागि विद्यमान नीतिमा समयानुकूल परिवर्तन गरी जारी गरिएको यस नीतिको कार्यान्वयनबाट देशमा ठूला उद्योगहरुको स्थापना भै रोजगारी बढ्ने, लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको व्यापक विकास भै स्वरोजगारी बढ्ने, नेपाली श्रम र सीपको उपयोग हुने र देशमा औद्योगिक विकासले गति लिने अपेक्षा गरिएको छ ।

## ४ मुख्य समस्या र चुनौती

उद्योग सञ्चालनका लागि राजनीतिक अस्थीरता, औद्योगिक असुरक्षा, असहज श्रम सम्बन्ध, उर्जाको न्यून उपलब्धता, कमजोर औद्योगिक पूर्वाधार सुविधा, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुको विविधीकरणमा कमी, कमजोर आपूर्ति व्यवस्थापन स्थिति जस्ता पक्ष नेपालको औद्योगिक विकासमा मुख्य समस्याका रुपमा रहेका छन् । त्यस्तै जनमानसमा उद्योग, व्यवसायलाई जीविकोपार्जनको माध्यम बनाउने मनस्थिति र वातावरण नदेखिनु यतिखेरको मूल समस्या हो । स्वदेशमै लगानी गर्ने, आफ्नो पूंजीगत तथा वौद्धिक सम्पत्तिको अधिकतम उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने र मुलुकमै स्वरोजगारका अवसरहरु बढाउने तथा विश्वासिलो औद्योगिक वातावरण सिर्जना गर्नु हाम्रो साझा राष्ट्रिय चुनौतीका रुपमा रहेका छन् । फलस्वरूप नेपाली श्रम विदेशी बजारमा आकर्षित हुनु, नेपालमा व्यवस्थापनदेखि मजदुर तहसम्म दक्ष जनशक्तिको अभाव बढ्दै जानु र नेपालमा भएका महत्वपूर्ण स्रोतहरू त्यत्तिकै उपयोगविहीन अवस्थामा रहनुका कारणले अहिले पनि नेपाली उद्योग क्षेत्रको चुनौती भनेको उद्योग क्षेत्रमा ढुक्क भएर लगानी गर्न सकिने वातावरण बनाउनु नै रहेको छ । यी समस्याहरुका अतिरिक्त नेपालको भौगोलिक अवस्थिति, भू-धरातलीय वनौट, विश्वभर वढ्दो तीव्र प्रतिस्पर्धात्मक वातावरण, आर्थिक उदारीकरण,

विश्वव्यापीकरणको प्रभाव, सूचना तथा संचार प्रविधिको वढ्दो एवं वदलिँदो भूमिका, वातावरणीय चुनौती जस्ता विषयहरुलाई मध्यनजर गर्दै औद्योगिक र व्यापारिक प्रकृयाहरु सरल, सहज र पारदर्शी एवं वैज्ञानिक वनाउनु र देशको वृहत्तर विकासमा औद्योगिक क्षेत्रको भूमिका वृद्धि गर्नु आजको आवश्यकता रहेको छ । साथै, निर्यातयोग्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता विविधिकरण, उत्पादकत्व अभिवृद्धि गर्नु पनि उद्योग क्षेत्रको चुनौतीका रुपमा विद्यमान छन् ।

## ५. नयाँ नीतिको आवश्यकता

देशको औद्योगिक विकासको गति अवरुद्ध गर्ने महत्वपूर्ण तत्वहरु देशमा शान्ति तथा सुरक्षाको अवस्था, सरकारी नीति, नियम, कार्यप्रक्रिया र शैली, बजारको उपलब्धता, प्रतिस्पर्धाको स्वरुप, वित्त प्रबन्ध, मजदुर–व्यवस्थापनबीचको सम्बन्ध तथा श्रम उत्पादकत्वको अवस्था, औद्योगिक पूर्वाधार विकासको अवस्था, आवश्यक व्यवसायिक सीप र दक्षतायूक्त श्रमशक्तिको उपलब्धता, नविनतम प्रविधिको उपयोग, नविनतम आविष्कार र खोजले प्राप्त गर्ने सम्मान र संरक्षण, कच्चा तथा सहायक कच्चा पदार्थको भण्डारण तथा उपलब्धता, तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान र सो अनुसारको औद्योगिक नीति तथा व्यापार नीतिको अवलम्बन, विदेशी मुलुकको व्यापार नीतिले पार्ने प्रभाव आदि पक्ष तर्फ गहन अध्ययन र अनुसन्धान गरी यथार्थपरक र व्यवहारिक कार्यनीतिक योजना र कार्यक्रमसहित विश्वसनीय औद्योगिक लगानीमैत्री वातावरण तयार गर्नु जरुरी भैसकेको छ ।

देशमा आएको राजनीतिक परिवर्तनका साथै आर्थिक उदारीकरण एवं विश्वव्यापीकरणद्धारा सिर्जित अवसर एवं चुनौतीसमेतलाई ध्यानमा राखी वि.सं. २०४९ सालमा औद्योगिक नीति र विदेशी लगानी तथा एकद्वार नीति जारी गरिएको थियो । औद्योगिक नीति, २०४९ वाट मुलुकमा औद्योगिक उत्पादन तथा सेवाहरुको वृद्धिलाई प्रोत्साहित गर्ने आधारहरुको विकास गर्न सघाउ पुगेको भएता पनि यसबाट रोजगारी, उत्पादन, निर्यात प्रवर्द्धन एवं लगानीलगायतका क्षेत्रमा आशातीत सफलता भने हासिल हुन सकेन ।

आर्थिक क्षेत्रमा देखिएका परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति, नेपालको बहुपक्षीय, क्षेत्रीय, द्विपक्षीय सन्धि सँगठनमा प्रवेश जस्ता विषयहरुबाट औद्योगिक क्षेत्रमा उत्पन्न अवसरहरुको समुचित उपयोग गर्न सेवा उद्योगहरुको अर्थतन्त्रमा वढ्दो भूमिकालाई व्यवस्थित गर्नुका साथै विगतका नीतिगत

प्रयासमा समेट्न नसकिएका बिषयहरुलाई समावेश गरी उदार र फराकिलो औद्योगिक नीतिको निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ । नेपालका सीमा जोडिएका छिमेकी मुलुकहरुका क्षेत्रहरुमा उद्योगको प्रवर्द्धनका लागि प्रदान गरिएका सुविधा तथा सहुलियतहरु समेतलाई दृष्टिगत गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न, औद्योगिकरण देशको आर्थिक विकासको महत्वपूर्ण संवाहक भएको हुनाले औद्योगिक गतिविधि बढाउनुका साथै औद्योगिक विकासमा सहयोगी हुने प्रविधिगत, भौतिक र मानव संशाधनसम्बन्धी पूर्वाधारहरुको निर्माण गर्न निजी क्षेत्रलाई समेत सहभागी गराउन नयां सोच, रणनीति, लक्ष्य र उद्देश्य तथा कार्यान्वयन क्षमतासहितको औद्योगिक नीति आवश्यक भएको छ ।

सेवा उद्योगमा आएको विविधता तथा त्यसबाट सिर्जित अवसरलाई समेत समेटी औद्योगिकरणको गतिलाई तीव्रतर पार्न यो नीति तर्जुमा गरिएको छ । यस नीतिमा लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका निमित्त विशेष नीतिगत व्यवस्था समेत गरिएको छ । त्यस्तै महिला उद्यमीहरुको निमित्त पनि विशेष व्यवस्था गरिएको छ । साथै औद्यौगिक प्रवर्द्धन र विकासका लागि औद्योगिक नीतिको सर्वोच्चता कायम गरी नीतिले प्रदान गरेको सुविधा, सहुलियत तथा प्रवर्द्धनात्मक व्यवस्थामा संकुचन हुने गरी अन्य नीतिगत एवं कानूनी व्यवस्था नगर्ने र अनावश्यक हस्तक्षेप नहुने गरी सुनिश्चितता कायम गर्न समेत आवश्यक भएको छ ।

## ६. दीर्घकालीन लक्ष्य

सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्‍याई गरिवी न्यूनीकरणमा सघाउ पुर्‍याउने ।

## ७. नीतिका प्रमुख उद्देश्य

७.१ गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउने ।

७.२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।

७.३ नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रकृयालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रुपमा स्थापित गर्ने ।

७.४ औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सवल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एशिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रुपमा स्थापित गर्ने ।

७.५ औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने ।

## ८. नीति

**उद्देश्य ७.१ सँग सम्बन्धित नीति (७.१ गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारी तथा औद्योगिक बस्तुको निर्यात बढाउने ।)**

८.१ औद्योगिक वस्तुको निकासी बढाउन सहयोग पुऱ्याई विदेशी मुद्रा आर्जन गर्ने र भुक्तानी सन्तुलनमा सघाउ पुऱ्याइनेछ ।

८.२ औद्योगिक वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर तथा उत्पादकत्व बढाउन राष्ट्रिय एवं औद्योगिक एकाइको तहमा नयाँ प्रविधिको विकास तथा प्राप्तिलाई प्राथमिकता दिइनेछ ।

८.३ सुदृढ औद्योगिक सम्बन्धलाई उद्योग विकासको प्रवल आधार मानी उत्पादकत्व वृद्धि हुने गरी लचिलो श्रम नीति बनाई रोजगारदाता र श्रमिकबीचको सम्बन्धलाई सुमधुर बनाउन तथा थप रोजगारी सृजना र सुनिश्चितता प्रदान गर्ने उद्देश्यले श्रम कानूनले निर्दिष्ट गरे बमोजिम काम नगर्दाको पारिश्रमिक दिनु नपर्ने सिद्धान्त (No pay for no work principle) लाई अंङ्गिकार गरिनेछ ।

८.४ निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग, प्राथमिकता प्राप्त उद्योग, र अति अविकसित, अविकसित र कमविकसित क्षेत्रमा स्थापित उद्योगहरुलाई प्रोत्साहनस्वरुप थप सुविधा एवम् सहुलियत उपलव्ध गराइनेछ ।

८.५ विश्वमा नयाँ सम्भावनाको रूपमा अगाडि बढिरहेको औद्योगिक सूचना तथा सञ्चार, उपयुक्त प्रविधि एवं जैविक प्रविधि (Bio-technology) को क्षेत्रमा अनुसन्धान तथा विकाससम्बन्धी कार्य सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

**उद्देश्य ७.२ सँग सम्बन्धित नीति (७.२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।)**

८.६ स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ ।

८.७ प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदा भएका क्षेत्रको पहिचान एवं उपयोग गरी औद्योगिक आधारलाई बलियो र दिगो बनाइनेछ ।

८.८ राष्ट्रिय उद्योगहरुको संरक्षणका लागि नेपालमा कम्तीमा ३० प्रतिशत मूल्य अभिवृद्धि भएको औद्योगिक उत्पादन सरकारी तथा सरकारी स्वामित्व भएको संस्थाले खरिद गर्ने गरी प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**उद्देश्य ७.३ सँग सम्बन्धित नीति (७.३ नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रकृयालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रुपमा स्थापित गर्ने ।)**

८.९ आफ्नै प्रयासमा वातावरण मैत्री प्रविधि एवम् उर्जा वचत गर्ने उद्योगहरुलाई प्राविधिक र आर्थिक सहयोग पुऱ्याइनेछ ।

८.१० हरित उद्योगको प्रवर्द्धन तथा स्थापित उद्योगहरुलाई प्रदूषणमुक्त र शुन्य कार्वनयुक्त तुल्याउन विशेष उपाय अवलम्वन गरिनेछ ।

**उद्देश्य ७.४ सँग सम्बन्धित नीति (७.४ औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सवल लगानीको आधार खडा गरी नेपाललाई सार्क क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रुपमा स्थापित गरिनेछ ।)**

८.११ स्वरोजगारीको अवसर सृजना गर्न उद्योग व्यवसायमा सिर्जनसिल युवा प्रतिभालाई आकर्षित गर्न औद्योगिक सीप, उद्यमशिलता विकास तथा कुशल औद्योगिक व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका क्रियाकलापलाई अभियानका रुपमा संचालन गरिनेछ ।

८.१२ समष्टिगत आर्थिक नीति, राजश्व नीति, स्थानीय कर र अन्य क्षेत्रगत नीति निर्माण तथा परिमार्जन गर्दा औद्योगिक नीतिसँग प्रतिकूल नहुने पद्धति अवलम्वन गरिनेछ र उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलव्ध गराउँदा वहुपक्षिय एवम् क्षेत्रीय संझौताका प्रावधानसँग सामञ्जस्यता कायम राखिनेछ ।

८.१३ औद्योगिक सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउनका लागि औद्यौगिक सुरक्षा बल गठन गरी प्रभावकारी तुल्याइनेछ ।

८.१४ वैदेशिक लगानी संरक्षण, विविधीकरण र प्रवर्द्धन गर्न गैरआवासीय नेपालीहरुलाई नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ र प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment) बढी गर्ने मुलुकस्थित नेपाली राजदूतावास तथा नियोगमा औद्योगिक लगानी प्रवर्द्धनका लागि आर्थिक कुटनीतिक एकाईलाई सबल तुल्याइने छ ।

८.१५ निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी प्रवर्द्धन कोष, प्रविधि विकास कोष, लघु घरेलु तथा साना उद्योग विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष र गैह्र व्यवसायिक र गैह्र व्यापारिक जोखिम (Non-Business and Non-Commercial Risk) को क्षतिपूर्ति (Compensation) दिन औद्योगिक लगानी संरक्षण कोष (Industrial Investment Protection Fund) को स्थापना तथा संचालन गरिनेछ ।

८.१६ उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउन लगानी बोर्ड, एकल विन्दू सेवा केन्द्र, औद्योगिक प्रवर्द्धन बोर्ड, औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण, औद्योगिक जनशक्ति विकास प्रतिष्ठान, नेपाल व्यवसाय मञ्च (Nepal Business Forum) जस्ता संस्थागत व्यवस्था गरिनेछ ।

८.१७ उत्पादन प्रकृयामा अग्र एवम् पृष्ट सम्बन्ध (Forward and backward linkages) बढाउन सहयोग पुग्ने गरी Contract Manufacturing, Outsourcing, Contracting-out, Franchising, Ancillary र Buy Back जस्ता कृयाकलापलाई प्रोत्साहित गरिनेछ ।

**उद्देश्य ७.५ सँग सम्बन्धित नीति (७.५ औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने ।)**

८.१८ बौद्धिक सम्पत्ति अधिकार संरक्षणको लागि प्रभावकारी निकाय स्थापना गरिनेछ ।

८.१९ बौद्धिक सम्पत्तिको प्रयोग गर्न उद्यमीलाई विशेष प्रोत्साहन दिइनेछ ।

## ९. लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी विशेष नीतिगत व्यवस्था

९.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानूनी व्यवस्था गर्दै संस्थागत संरचना तथा पूर्वाधारहरुको निर्माण गरिनेछ ।

९.२ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी वजार पहुँच तथा विस्तारका लागि सक्षम बनाउन हाल रहेको लघु उद्यम, घरेलु तथा साना उद्योग विकास कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।

९.३ जिल्लामा उपलब्ध प्राकृतिक श्रोत, मानविय संसाधन र लगानीका अवसरको आधारमा स्थानिय जिल्ला विकास समिति/नगरपालिका र गाउँ विकास समितिसँगको समन्वयमा जिल्ला उद्यम तथा उद्योग विकास योजना तयार गरी यी निकायहरुसँगको सहकार्यमा चरणगत रुपमा कार्यान्वयन गरिनेछ ।

९.४ लघु उद्यम, घरेलु तथा साना उद्योगहरुको स्थापना तथा प्रवर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिदै उत्प्रेरणा तथा उद्यमशीलता विकास तालिमको माध्यमवाट लक्षित समूहमा स्रोत-साधनको संभाव्यता र वजारको मागमा आधारित उपयुक्त उद्यमहरुको छनौट गरी त्यस्ता उद्यम संचालन गर्ने क्षमताको विकास गरिनेछ ।

९.५ ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरुलाई व्यवसाय विकास सेवा (Business Development Service-BDS) पुऱ्याउन सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरु (Industrial Clusters) को विकास गरिनेछ ।

९.६ एक गाउँ एक उत्पादन (One Village One Product) को अवधारणा अनुसार स्थानीयस्तरमा सवै भन्दा बढी संभाव्य देखिएका स्रोत र साधनको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्न वस्तु विकास केन्द्र (Product Development Centres) हरु स्थापना गर्दै थप समूहगत औद्योगिक केन्द्रहरु (Product Specific Industrial Clusters) को माध्यमबाट औद्योगिक प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ ।

९.७ लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गर्न औद्योगिक पूर्वाधार विकास गर्ने कार्यमा अग्रसरता देखाउने स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान रकम वृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

९.८ सामूहिक चिन्ह (Collective Mark) को उपयोगद्वारा लघु उद्यम, घरेलु तथा साना उद्योगहरुको उत्पादनको पहिचान कायम गराई यिनीहरुको प्रवर्द्धनका लागि सहयोग गरिनेछ ।

९.९ लघु उद्यम, घरेलु तथा साना उद्योगमा बौद्धिक सम्पत्ति संरक्षणको लागि एकीकृत र सक्षम संस्थागत व्यवस्था गरी यसको समुचित संरक्षण र उपयोगलाई प्रोत्साहन गरिनेछ ।

९.१० लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लगि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगको लागि विशेष व्यवस्था गरिनेछ ।

## १०. रणनीति

**उद्देश्य ७.१ सँग सम्बन्धित रणनीति (७.१ गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारी तथा औद्योगिक बस्तुको निर्यात बढाउने ।)**

१०.१ व्यवस्थापकीय क्षमता, सिर्जनशिलता, ज्ञान एवम् सीपको अभिबृद्धि र उपयुक्त प्रविधिको उपयोगद्वारा उद्योग क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाइने छ ।

१०.२ सार्वजनिक निजी सहकार्यका आधारमा निर्यातमूलक उद्योगको स्थापनाका लागि प्रोत्साहन दिन सुविधा सम्पन्न विशेष आर्थिक क्षेत्र (Special Economic Zone) को स्थापना गरिनेछ ।

१०.३ नेपाल गुणस्तर तथा नापतौल विभागको संस्थागत विस्तार एवं सुदृढीकरण गरिने छ र नेपाल गुणस्तर चिन्हलाई अन्तरराष्ट्रिय मापदण्डअनुरुपको तुल्याई त्यस्ता चिन्हको प्रयोग गर्न उद्योगलाई प्रोत्साहन गरिनेछ ।

१०.४ श्रमिकको उत्पादकत्व क्षमता अभिवृद्धि, थप रोजगारी सृजना गर्न श्रमसम्बन्धी कानूनलाई उद्देश्यपरक रुपमा लचिलो तुल्याइनेछ ।

१०.५ भन्सार महशुल (बाउण्ड रेट भित्र रहेर) एण्टी डम्पिङ्ग शुल्क (Anti-dumping Duty) र समीकारक शुल्क (Counterveiling Duty) को माध्यमबाट उद्योगलाई संरक्षण प्रदान गरिनेछ ।

१०.६ छिमेकी मुलुकहरु भारत तथा चीनमा द्रुततर विस्तार भैरहेको बजार र व्यापार सन्तुलन (Trade Balance) को सुधार समेतलाई ध्यानमा राखी उद्योगहरुको विकास गरिनेछ । यी बजारहरुमा पहुँचको लागि ती देशहरुसँग आवश्यक सम्झौता गर्न वा भैरहेको सम्झौतामा परिमार्जन गर्न पहल गरिनेछ ।

१०.७ बहुपक्षीय, क्षेत्रीय एवम् द्विपक्षीय सन्धि सम्झौतालाई देशको अवस्था, वस्तुस्थिति र आवश्यकतासँग मेल खाने गरी सो का प्रावधानहरुलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।

१०.८ मुलुकभित्र उद्योगहरुबीच अग्र-पृष्ठ सम्वन्ध (forward-backward linkages) अभिवृद्धिलाई बढवा दिई दिगो औद्योगिक विकास गर्न मुलुक भित्र गरिएको मूल्य अभिवृद्धिको आधारमा सुविधा पाउने व्यवस्था गरिनेछ ।

१०.९ सरकारी स्वामित्वमा रहेका उद्योगहरुलाई व्यवसायिक रुपमा संचालन गरिनेछ ।

**उद्देश्य ७.२ सँग सम्बन्धित रणनीति (७.२ स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।)**

१०.१० भौगोलिक विकटता एवं कम आयस्तर भएका तोकिएका अविकसित क्षेत्रमा स्थापना हुने उद्योग, विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योग, निर्यात प्रवर्द्धन उद्योग, तोकिएको वा सो भन्दा बढी संख्यामा प्रत्यक्ष रोजगारी दिने उद्योगहरुलाई थप सुविधा तथा सहुलियत उपलव्ध गराउनेछ ।

१०.११ प्रत्येक जिल्लाको औद्योगिक प्रोफाइल तयार गरिनेछ र परम्परागत सीप तथा स्थानीय कच्चा पदार्थको उपलव्धताको आधारमा सम्भाव्यता हेरी "एक गाउँ एक उत्पादन" को अवधारणाअनुरुप औद्योगिक ग्रामको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नेछ ।

१०.१२ ग्रामीण क्षेत्रमा कृषि, गैह्र काष्ठ बनजन्य पदार्थमा आधारित वस्तु, पशुपालन, दूग्ध उद्योग, पंक्षीपालन, फलफूल तथा जडिवुटीमा आधारित उद्योगलाई प्रविधि, बजार, सीप र अनुसन्धानमा सहयोग पुऱ्याउने कार्यक्रम संचालन गर्नेछ ।

१०.१३ कर्णाली कोरिडोरमा उद्योग विकास गर्न विशेष सुविधाको प्याकेज लागू गरिनेछ ।

१०.१४ स्थानीय निकायसँग समन्वय गरी औद्योगिक प्रयोजनको लागि भू-उपयोग योजना तर्जुमा गरिनेछ । यस्तो योजनाको आधारमा औद्योगिक स्थल, Industrial Corridor, Industrial Cluster तथा ग्रामको विकास गरिनेछ । औद्योगिक क्षेत्र र मानव बस्तीवीच निश्चित मध्यवर्ती क्षेत्र (Buffer Zone) कायम गरी व्यवस्थित रुपमा बस्ती विकास गर्ने रणनीति अबलम्बन गरिनेछ ।

१०.१५ कृषि उद्योग र निकासीलाई समन्वय गरी मुलुकमा उपलब्ध कच्चापदार्थमा आधारित उद्योगहरुको विकास गरिनेछ ।

१०.१६ देशका विभिन्न स्थानमा खासगरी दुर्गम तथा पहाडी क्षेत्रमा सहकारी मार्फत जडिवुटी तथा फलफूल प्रशोधन उद्योगहरु संचालन गर्न विशेष कार्ययोजना ल्याईनेछ ।

**उद्देश्य ७.३ सँग सम्बन्धित रणनीति (७.३ नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रकृयालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रुपमा स्थापित गर्ने ।)**

१०.१७ औद्योगिक अनुसन्धान तथा विकास, वातावरण संरक्षण र स्वच्छ उत्पादन प्रविधि तथा प्रकृयाको प्रयोगमा सघाउ पुऱ्याउन सहुलियत तथा सुविधाको व्यवस्था गर्नेछ ।

**उद्देश्य ७.४ सँग सम्बन्धित रणनीति (७.४ औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सवल लगानीको आधार खडा गरी नेपाललाई सार्क क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रुपमा स्थापित गर्ने ।)**

१०.१८ रुग्ण उद्योगको पुनरुत्थान तथा पुनर्निर्माणका लागि अधिकारसम्पन्न विशेष संयन्त्र निर्माण गरिनेछ ।

१०.१९ निजी तथा सहकारी क्षेत्रको पूँजी लगानीलाई औद्योगिक विकासको मूल आधार स्तम्भको रुपमा परिचालन गर्ने व्यवस्था मिलाइने छ ।

१०.२० उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तार र बहिर्गमन एवम् उद्योगले पाउने सुविधाका सम्बन्धमा सरल एवं पारदर्शी समयसीमा अनुरुप तोकिएको समयभित्र सरल प्रकृयाद्वारा सुविधा तथा सहुलियत पाउने व्यवस्था सुनिश्चित गर्न “एकल विन्दु सेवा केन्द्र” स्थापना गरी प्रभावकारी बनाइनेछ ।

१०.२१ औद्योगिक प्रवर्द्धन एवम् प्रशासनमा कार्यरत निकायहरुका बीच प्रभावकारी समन्वय कायम गरी प्रशासनिक प्रक्रियाहरुलाई सरल तुल्याइने छ ।

१०.२२ औद्योगिक लगानी प्रवर्द्धन गर्न सरकारले सहजकर्ताको भूमिका निभाउनेछ ।

१०.२३ हाल कार्यरत एकद्वार समितिको कार्य सम्पादनमा परेका कठिनाईहरुलाई हटाउने गरी एकल विन्दु सेवा केन्द्रलाई अधिकार सम्पन्न बनाई सेवा प्रवाहमा प्रभावकारिता ल्याउने गरी काम कर्तव्य सुनिश्चित गरिनेछ ।

१०.२४ सरकारले संचालन गर्ने औद्योगिक विषयका अनुसन्धान र सीप विकास तालिमलाई उपलव्धीमूलक बनाउन त्यस्ता कार्यक्रमहरुलाई एकीकृत गरिनेछ ।

१०.२५ सहकारी संस्थाले स्थापना गर्ने उद्योगहरुलाई कर सहुलियतको माध्यमबाट प्रोत्साहन गरिनेछ ।

१०.२६ सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीको अवधारणालाई अंगिकार गरी कार्यकुशलता बढाउनका लागि उद्योग मन्त्रालय अर्न्तगत गठन हुने समिति, प्राधिकरण, बोर्ड आदि निकायहरुमा निजी क्षेत्रको साथै सहकारी क्षेत्रका व्यावसायिक व्यक्तिहरुको पनि संलग्नता गराइनेछ ।

१०.२७ उद्योग व्यवसायमा परेको समस्याको सुनुवाइ गरी समस्या समाधानको लागि पहल गर्न उद्योग मन्त्रालयमा एउटा छुट्टै अधिकार सम्पन्न उच्चस्तरीय एकाइको व्यवस्था गरिनेछ ।

१०.२८ औद्योगिक व्यवसाय वन्द गर्न पाउने गरी सरल र सहज वहिर्गमनको व्यवस्था गरिनेछ र वहिर्गमनसम्वन्धी निवेदन परेको ३ महिनाभित्र आदेश दिई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

१०.२९ निजीस्तरमा निर्माण हुने औद्योगिक क्षेत्र तथा निजी उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउनका लागि कानूनी व्यवस्थालाई सरल तुल्याउने र सरकारको स्वामित्वमा रहेको जग्गा त्यस्ता औद्योगिक क्षेत्रका लागि लिजमा उपलब्ध गराइनेछ ।

१०.३० जल विद्युत आयोजना, खानीजन्य उद्योग, पर्यटन, भौतिक पूर्वाधार निर्माणमा स्वदेशी एवं विदेशी पूँजीलाई आर्कषण गर्न आवश्यक संस्थागत, नीतिगत ं सुधारका साथै प्रोत्साहनको व्यवस्था मिलाइने छ ।

१०.३१ Product Outsourcing का लागि आवश्यक हुने करार (Sub-Contracting) कानूनको व्यवस्था गरिने छ ।

१०.३२ नयाँ नयाँ क्षेत्रमा नयाँ प्रविधि सहितको लगानी प्रोत्साहन गर्न उद्योग व्यवसायले अनुसन्धान र विकास (Research & Development) मा गरेको खर्चलाई आयकर योग्य रकमबाट कट्टा गर्न पाउने व्यवस्था मिलाइनेछ ।

१०.३३ औद्योगिक र व्यापारिक विषयसम्बद्ध विवादको सम्बोधन गर्न वाणिज्य इजलासहरुको संख्या बढाइनेछ ।

१०.३४ छिमेकी मुलुक लगायत विश्वका अन्य मुलुकका औद्योगिक नीति तथा विदेशी लगानी नीतिको अध्ययन गरी सो आधारमा नेपालले अवलम्बन गर्नुपर्ने नीति एवं रणनीतिको सिफारिश गर्न विशेषज्ञ समूहको गठन गरिनेछ ।

१०.३५ औद्योगिक प्रतिष्ठानहरुको कानूनी दायित्वलाई सीमित गर्ने अवधारणालाई आत्मसात गरी सोहीअनुरुप बहिर्गमन, कर्जा प्रवाह तथा असूली प्रक्रियासँग सामञ्जस्य कायम हुनेगरी आवश्यक कानूनी सुधार गर्ने ।

१०.३६ विभिन्न औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडरहरुमा स्थानीय नगरपालिकासँग समन्वय गरी आधुनिक अग्नी नियन्त्रण यन्त्रको व्यवस्था गरिनेर्छे ।

१०.३७ औद्योगिक क्षेत्र, औद्योगिक कोरिडर लगायतका उद्योग प्रतिष्ठानलाई प्राथमिकता दिई विद्युत आपूर्ति गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

**उद्देश्य ७.५ सँग सम्बन्धित रणनीति (७.५ औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने ।)**

१०.३८ आफ्नो नियन्त्रण र स्वामित्वमा भएको ट्रेडमार्क प्रयोग गरी अन्य उद्योगबाट समेत सोही ट्रेडमार्कमा करार वा पुनः करारमा वस्तु उत्पादन गराउन सकिने व्यवस्था गरिनेछ ।

१०.३९ कुनै उद्योगले स्वदेशभित्र वा विदेशमा अवस्थित अर्को उद्योगको लागि करारमा माध्यमिक वस्तु उत्पादन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

१०.४० बौद्धिक सम्पत्ति अधिकारको सबै विधालाई एकीकृत गरी बौद्धिक सम्पत्ति संरक्षण, नियमन र व्यवस्थापनका लागि छुट्टै सक्षम प्राधिकरण स्थापना गरिनेछ ।

**११. लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी विशेष रणनीति :**

११.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारको कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालन समेतको माध्यमवाट गर्ने गरी प्राथमिकताको आधारमा स्थान र लक्षित समूहको पहिचान गरिनेछ ।

११.२ लघु तथा घरेलु उद्यमीहरुलाई सम्भव भएसम्म समूहमा आवद्ध गरी उद्यमशीलता तथा सीप विकास तालीम, उपयुक्त प्रविधिको छनौट, उत्पादन व्यवस्थापन, पूंजीमा पहुच र बजार व्यवस्थापनमा समेत सहयोग पुऱ्याउन "एकीकृत व्यवसाय विकास सेवा" प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११.३ लघु उद्यमी, घरेलु तथा साना उद्योगीहरुलाई वजार मागमा आधारित गुणस्तरीय वस्तु उत्पादन गर्न क्षमता विकास तथा उत्पादकत्व अभिवृद्धि गरी प्रतिस्पर्धी बन्न प्रोत्साहित गरिने छ ।

११.४ लघु उद्यम, घरेलु तथा साना उद्योगहरुलाई लघु घरेलु तथा साना उद्योग विकास कोष, ग्रामीण स्वावलम्वन कोष, Equity Fund, Credit Guarantee Fund लगायत विभिन्न कोषहरु मार्फत वित्तीय पहुँचको व्यवस्था गरिनेछ ।

११.५ सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योग ग्रामहरुमा रहेका उद्योगहरुवाट उत्पादित हुने वस्तुहरुको छुट्टै पहिचानका लागि

सामुहिक चिन्ह (कलेक्टीभ मार्क दर्ता गराई यसको प्रयोगवाट वजार प्रवर्द्धन गर्न सहयोग पुऱ्याइनेछ ।

११.६ “एक गाउँ एक उत्पादन” (One Village One Product) कार्यक्रमलाई अभियानको रुपमा अगाडि वढाइनेछ ।

११.७ लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि आवश्यक हुने पूँजी निर्माण गर्नको निमित्त त्यस्ता उद्यमीहरुलाई वचत गर्न प्रोत्साहित गरी बहुउद्देश्यीय सहकारीमा आवद्ध हुन उत्प्रेरित गरिनेछ ।

११.८ लघु उद्यम, घरेलु तथा साना उद्योगको समुचित विकासका लागि यस्ता उद्योगहरुको प्रतिनिधिमूलक संस्थाहरु मार्फत समेत प्राविधिक, परामर्श तथा अनुगमन सेवा उपलव्ध गराउने व्यवस्था मिलाइने छ । यस प्रयोजनका लागि छाता संस्थाहरुको संस्थागत विकासको लागि प्रोत्साहन गरिनेछ ।

११.९ लघु उद्यम, घरेलु तथा साना उद्योगहरुवाट उत्पादित वस्तु वा सेवाको वजार प्रवर्द्धन गरिनेछ । मझौला तथा ठूला उद्योगहरुसँग पृष्ठ (Backward) र अग्र (Forward) अन्तरसम्वन्ध (Linkages) कायम गराई ठूला तथा मझौला उद्योगहरुले प्रयोग गर्ने सहायक वस्तुहरु उत्पादन गर्ने गरी लघु उद्यम, घरेलु तथा साना उद्योगहरुलाई सहायक उद्योग (Ancillary Industries) को रुपमा विकास गरी उत्पादन गराउने व्यवस्था गरिनेछ ।

११.१० लघु उद्यम र घरेलु उद्योगको उत्पादनको बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउन निजी क्षेत्र, सहकारी क्षेत्र र स्थानीय निकायहरुको संलग्नतामा विभिन्न तहमा विक्री केन्द्र तथा कोशेली घरहरुको स्थापना र विकासमा जोड दिइनेछ ।

११.११ लघु उद्यम, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुहरुको निर्यात प्रवर्द्धन गर्ने प्रयोजनका लागि जारी गरिएको “निर्यात गृहको स्थापना तथा संचालन आदेश, २०६१” लाई परिमार्जनसहित प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

११.१२ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि सूचना प्रविधि (Information Technology) को उपयोग गर्न सहकारी तथा निजी क्षेत्र समेतको सहभागीतामा विभिन्न तहमा सूचना प्रविधि केन्द्र

(Information Technology Hub) हरु संचालनमा ल्याइने छन् । यी केन्द्र (Hub) हरु मार्फत संचारका सबै माध्यमहरु ९छापा, रेडियो, टेलिभिजन, इन्टरनेट आदी) प्रयोग गरी लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि आवश्यक हुने सबै पृष्ठ (Backward) र अग्र (Forward) सूचनाहरु सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछे ।

११.१३ लघु उद्यम, घरेलु तथा साना उद्योगको औद्योगिक सम्पत्ति संरक्षण गर्नुका साथै त्यसो गर्दा लाग्ने दस्तुरमा सहुलियत प्रदान गरिनेछ ।

११.१४ लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादनको विक्रीलाई प्रोत्साहन गर्न सरकारी तथा गैर सरकारी निकायहरुलाई यस्ता वस्तु खरिद गर्न प्रोत्साहित गरिनेछ ।

११.१५ कृषि, वन, पर्यटन र खानीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्न विद्यमान कृषि, वन, पर्यटन र खानी नीति तथा ऐनको अधिनमा रही कच्चा पदार्थ संकलन वा उत्खनन् तथा आपूर्ति व्यवस्थालाई सरलीकृत गरिनेछ ।

११.१६ लघु उद्यम, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन र विकास गर्न सरकारी, सहकारी र निजी क्षेत्र समेतको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

११.१७ लघु उद्यम र घरेलु उद्योगहरुमा हुने लगानी नेपाली नागरिकका लागि आरक्षण गर्ने तर प्रविधि तथा वजार प्रवर्द्धन सेवा उपलव्ध गराउन भने विदेशी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ ।

११.१८ लघु उद्यम, घरेलु तथा साना उद्योगलाई प्रदान गरिने सेवा, सुविधा र सहुलियतहरु एउटै थलोवाट उपलव्ध गराइनेछ ।

११.१९ उद्योगहरुलाई प्रदान गरिने व्यवसाय विकास सेवा (BDS) का लागि व्यवसाय विकास सेवा प्रदायक (Business Development Service Provider-BDSP) संस्थाहरुको सेवा लिने व्यवस्था गरिने छ । यसका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

११.२० निजी क्षेत्रका छाता संस्था नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ र राष्ट्रिय लघु उद्यमी समूहसंघ लगायतका संस्थाहरुसँगको सहकार्यमा विशेष गरी कृषि र गैर काष्ठ

बनजन्य कच्चा पदार्थ र प्रविधिमा आधारित व्यवशाय सम्वर्द्धन केन्द्रहरु (Business Incubation Center) संचालनमा ल्याइनेछ ।

११.२१ व्यवसाय सम्वर्द्धन सेवा (Business Incubation Service) मार्फत लघु उद्यम, घरेलु तथा साना उद्योगहरुमा प्रतिभाशाली सृजनशील युवा र महिलालाई आकर्षित गर्न विशेष व्यवस्था गरिनेछ ।

११.२२ व्यवसाय सम्वर्द्धन सेवा (Business Incubation Service) को चरण पार गरेका उद्यमीहरुका लागि उद्योग संचालनमा सहयोग पुऱ्याउन Angel Fund र Venture Capital Fund को व्यवस्था गरी उनीहरु मार्फत रोजगारी सृजनाको कार्यक्रम अगाडि बढाइनेछ ।

११.२३ निजीक्षेत्रका छाता संस्था नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ र राष्ट्रिय लघु उद्यमी समूहसंघ लगायत अन्य राष्ट्रियस्तरका वस्तुगत संस्थाहरुसँगका सहकार्यमा संभाव्यता तथा प्राथमिकताको आधारमा विभिन्न स्थानमा क्षेत्रीय स्तरका लघु उद्यम, घरेलु तथा साना औद्योगिक ग्राम तथा वस्तु विकास केन्द्र (Product Development Centers) स्थापना गरिनेछ ।

११.२४ लघु उद्यमीहरुलाई एकीकृत रुपमा सेवा प्रदान गर्न र उनीहरुको उत्पादन तथा वजार सेवाका लागि आवश्यक हुने पूर्वाधारमा सहयोग पुऱ्याउन उपयुक्त स्थानहरुमा सामुदायिक/साझा सेवा केन्द्रहरु स्थापना गरिनेछ ।

११.२५ लघु, घरेलु तथा साना स्तरका महिला उद्यमीहरुलाई वैंकिङ्ग तथा सहकारी संस्थामार्फत सरल र सुलभ तरिकाबाट समूहगत ऋण प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

## १२. औद्योगिक व्यवसायको परिभाषा र वर्गिकरण

### १२.१ परिभाषा

कुनै व्यक्ति, फर्म वा कम्पनीले आयआर्जन गर्ने उद्देश्य लिई वस्तु उत्पादन वा सेवा प्रदान गर्ने आर्थिक कृयाकलापलाई यस नीतिको प्रयोजनको लागि औद्योगिक व्यवसाय मानिनेछ ।

१२.२ औद्योगिक व्यवसायलाई उत्पादन प्रकृति तथा सेवाको आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

**१२.२.१ कृषि तथा वन पैदावारमा आधारित उद्योग**

कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट उत्पादित वा प्रशोधित अनुसूची(१ मा उल्लेख गरिएका व्यवसायहरु,

**१२.२.२ उत्पादनमूलक उद्योग**

तोकिए बमोजिमको मूल्य अभिवृद्धि गरी कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थ वा खेर गइरहेको वस्तु प्रयोग गरी वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग,

**१२.२.३ निकासीमूलक उद्योग**

आफ्नो कूल उत्पादनको ५१ प्रतिशत वा सो भन्दा वढी मात्रा विदेशमा निर्यात गर्ने उद्योग,

**१२.२.४ उर्जामूलक उद्योग**

जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल तथा ग्याँस, वायो ग्याँस तथा अन्य स्रोतबाट उर्जा पैदा गर्ने उद्योग,

**१२.२.५ खानीजन्य उद्योग**

धातु तथा अधातु खनिज (Metallic and Non-Metallic Minerals) उत्खनन तथा प्रशोधन गर्ने उद्योग,

**१२.२.६ पर्यटन उद्योग**

पर्यटकहरुलाई सेवा पुऱ्याउने अनुसूची(२ मा उल्लेख गरीएका व्यवसायहरु,

**१२.२.७ निर्माण उद्योग**

भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची(३ मा उल्लेख गरिएका व्यवसायहरु,

**१२.२.८ सूचना तथा सञ्चार प्रविधि उद्योग**

सूचना संकलन, प्रशोधन र प्रसारणको लागि प्रविधि प्रयोग गरी सूचना, ज्ञान तथा सञ्चार सेवा पुऱ्याउने अनुसुची-४ मा उल्लेख गरिएका औद्योगिक व्यवसायहरु,

### १२.२.९ सेवा उद्योग (Service Industries)

अनुसूची-५ मा उल्लेख गरिएका उद्योग व्यवसायहरु,

## १२.३ लगानी र प्रकृतिको आधारमा उद्योगको वर्गीकरण देहाय बमोजिम गरिएको छ :-

### १२.३.१ लघु उद्यम (Micro Enterprises)

यस नीतिको प्रयोजनको लागि लघु उद्यम भन्नाले देहायका शर्त पूरा गरेको व्यवसाय सम्झनु पर्छ :

- घर जग्गा बाहेक बढीमा दुई लाख रुपैंयासम्म स्थीर पुँजी लगानी हुने,
- उद्यमी स्वयं व्यवस्थापनमा संलग्न रहेको,
- उद्यमी समेत ९ जनासम्म कामदार रहेको,
- बार्षिक आर्थिक कारोवार २० लाख रुपैंया भन्दा कम रहेको, र
- इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य
- तेल इन्जीन शक्ति क्षमता १० किलोवाट भन्दा कम भएको ।

स्पष्टीकरण : माथि उल्लेखित शर्तहरु पुरा गरेतापनि अनुमति लिनुपर्ने उद्योग व्यवसाय, मदिरा, वियर, चुरोट विडी वा अन्य सूर्तीजन्य वस्तु उत्पादन वा प्रयोग हुने व्यवसायलाई लघु उद्यम मानिने छैन । त्यसैगरी एकपटक लघु उद्यम व्यवसायको रुपमा दर्ता भएका उद्यमले अन्य उद्योगका रुपमा स्तरोन्नति गरेमा सो उद्यम लघु उद्यमको वर्गमा रहने छैन ।

### १२.३.२ परम्परागत तथा अन्य घरेलु उद्योग (Traditional and Other Cottage Industries)

परम्परागत सीप र प्रविधि प्रयोग गर्ने, स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधिमा आधारित औजार उपकरण उपयोग गर्ने, देशको कला र संस्कृतिसँग सम्वद्ध र १० किलोवाटसम्म

विद्युत शक्ति प्रयोग गर्ने अनुसूची ६ मा उल्लेख गरिएका उद्योग व्यवसाय,

### १२.३.३ साना उद्योग (Small Scale Industries)

लघु उद्यम र परम्परागत तथा अन्य घरेलु उद्योग बाहेक पाँच करोड रुपैंयासम्म स्थीर जेथा भएका औद्योगिक व्यवसाय,

### १२.३.४ मझौला उद्योग (Medium Scale Industies)

पाँच करोड भन्दा वढी पन्ध्र करोड रुपैंयासम्म स्थीर जेथा भएका औद्योगिक व्यवसाय,

### १२.३.५ ठूला उद्योग (Large Scale Industries)

पन्ध्र करोड रुपैंया भन्दा वढी स्थीर जेथा भएका औद्योगिक व्यवसाय,

**स्पष्टीकरण :**

१) माथि उल्लेखित उद्योगहरुको स्थीर जेथा भन्नाले देहायका चल वा अचल सम्पत्तिहरु पर्नेछन् ।

(क) जमिन र जमिन सुधार (जस्तै जमिन सम्याउने, पुर्ने, पर्खाल लगाउने जस्ता कार्यहरु),

(ख) स्थलीय भौतिक पूर्वाधारहरु (जस्तै ढल निकास, आन्तरिक सडक),

(ग) कार्यालय, कारखाना भवन, गोदाम घर, विद्युत वितरण, पानी वितरण व्यवस्था तथा आवास भवनहरु,

(घ) यन्त्र, उपकरण तथा औजारहरु,

(ङ) परिवहनका साधनहरु,

(च) विद्युत, उपकरण तथा कार्यालय उपकरणहरु,

(छ) फर्निचर, फिक्स्चर तथा फर्निसिङ्ग, संचार व्यवस्था तथा उपकरणहरु,

२) उपदफा (१) मा उल्लेखित सम्पत्तिहरुको अतिरिक्त उद्योगमा लगानी हुनु भन्दा अघि वा निर्माण चरणको

विभिन्न अवस्थामा हुने वा भएको पूंजीकृत गरिने प्राविधिक परामर्श र सुपरीवेक्षण खर्च, पूर्व लगानी र पूर्व सञ्चालन खर्च तथा निर्माण अवधिको पूँजीकृत हुने व्याज समेतलाई उद्योगको स्थीर जेथा भनिनेछ ।

**१३. प्राथमिकता प्राप्त उद्योग**

१३.१ अनुसूची-७ मा उल्लेख भए बमोजिमका उद्योगलाई प्राथमिकता प्राप्त उद्योगको रुपमा तोकिएको छ ।

१३.२ प्राथमिकता प्राप्त उद्योगको सूचीलाई प्रत्येक ५ वर्षमा पुनरावलोकन गरिनेछ । साथै औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा नेपाल सरकारले आवश्यकतानूसार सूचीमा थपघट गर्न सक्नेछ ।

**१४. अनुमति (Permission)**

१४.१ सुरक्षा, जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने अनुसूची ८ मा उल्लेख भएका उद्योगहरु वाहेक अरु उद्योगको स्थापना, विस्तार विविधीकरण तथा आधुनिकीकरण गर्नको लागि अनुमती लिनुपर्ने छैन ।

१४.२ उद्योग विभागबाट अनुमति लिनुपर्ने उद्योगहरुको हकमा निवेदन परेको मितिले ३० दिन भित्र विभागले अनुमति दिनेछ । अनुमति दिन नसकिने कारण परेमा म्याद सकिएको ३ दिन भित्र अनुमति नदिनुको कारण खुलाई निवेदकलाई जानकारी दिनुपर्नेछ ।

१४.३ अनुमति प्राप्त गर्नेले अनुमतिपत्रमा उल्लेखित शर्तको पालन गरी सोही अनुमतिपत्रमा तोकिएको अवधिभित्र उद्योग व्यवसाय सञ्चालन गरिसक्नु पर्नेछ । मनासिव कारण परेमा वाहेक तोकिएको अवधिमा उद्योग संचालन नगरेमा वा शर्त पालन नगरेमा अनुमति खारेज गरिनेछ ।

१४.४ उद्योग व्यवसायमा विदेशी लगानी गर्दा प्रचलित कानून बमौजिम स्वीकृति लिनुपर्नेछ ।

**१५. दर्ता**

१५.१ लघु उद्यम र परम्परागत घरेलु उद्योगले सञ्चालन गरेको एक महिनाभित्र संक्षिप्त विवरणसहित स्थानीय निकायमा जानकारी दिनु पर्नेछ । यस्तो जानकारीको अभिलेख स्थानीय निकायले राख्नेछ ।

१५.२ अनुमति लिनु नपर्ने अन्य उद्योगले रीतपूर्वक आवेदन दिएको मितिले १५ दिनभित्र सम्बन्धित निकायले उद्योग दर्ता गरी दिनेछ । कुनै कारणबाट उद्योग दर्ता हुन नसक्ने भएमा त्यस्तो निकायले सोको कारण खुलाई निवेदकलाई ३ दिन भित्र जानकारी गराउनु पर्नेछ ।

१५.३ अनुसूची-८ मा उल्लेख भएका अनुमति लिनु पर्ने उद्योग र अनुमति लिनु नपर्ने अन्य उद्योगको दर्ता उद्योगको प्रकृति तथा क्षमता अनुसार वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण नियमावलीले तोके वमोजिम प्रारम्भिक वातावरण परीक्षण (Initial Environment Examination-IEE) वा वातावरणीय प्रभाव मूल्यांकन ( Environmental Impact Assessment-EIA) प्रतिवेदन उद्योग दर्ता गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

१५.४ उद्योग दर्ता गर्ने निकायले आवधिक रुपमा उद्योगको स्थिति बारे अनुगमन गरी उद्योगले चाहेमा परामर्श दिइ सञ्चालनको लागि सघाउ पुऱ्याउनेछ । मनासिव कारण वाहेक तोकिएको अवधिभित्र उद्योग सञ्चालनमा आएको रहेनछ भने दर्ता र अनुमति खारेज गरिनेछ ।

१५.५ नेपाल सरकारले प्रारम्भिक वातावरण परीक्षण (Initial Environment Examination-IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment-EIA) सम्बन्धी क्षेत्रगत (Sectoral)मापदण्डहरु तर्जुमा गर्न सम्बन्धित मन्त्रालय/निकायबीच आवश्यक समन्वय गरिनेछ ।

**१६. लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रशासन सम्बन्धी विशेष व्यवस्था :**

१६.१ लघु उद्यम संचालन गरेको एक महिनाभित्र उद्यमीले उद्यमको सक्षिप्त विवरणसहित स्थानीय निकाय (गा.वि.स. वा न.पा.) मा जानकारी दिनुपर्नेछ । उद्यमीले चाहेमा तोकिएको शुल्क लिई त्यस्ता निकायले उद्यम दर्ता गरी प्रमाणपत्र दिनेछ । यस्तो जानकारीको अभिलेख स्थानीय निकायले जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयलाई मासिक रुपमा उपलव्ध गराउनु पर्नेछ ।

१६.२ अनुमति लिनु नपर्ने अन्य उद्योगले रीतपूर्वक आवेदन दिएको मितिले १५ दिनभित्र सम्बन्धित निकायले उद्योग दर्ता गरी दिनेछ । कुनै कारणवाट उद्योग दर्ता हुन नसक्ने भएमा त्यस्तो निकायले सोको कारण खुलाई निवेदकलाई ३ दिन भित्र जानकारी गराउनु पर्नेछ ।

१६.३ अनुसूची–८ मा उल्लेखित अनुमति लिनु पर्ने उद्योग वाहेक अन्य घरेलु तथा साना उद्योगको दर्ता तथा नवीकरण जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयले गर्नेछ ।

१६.४ वातावरण व्यवस्थापन प्रयोजनका लागि लघु उद्यम र परम्परागत घरेलु उद्योगले आफ्नो विवरण दिंदा पानीको मुहान, फोहोर मैला निष्कासन वारेमा समेत सामान्य जानकारी मात्र दिए पुग्छ तर साना उद्योगको हकमा भने प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावलीमा व्यवस्था अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) मात्र गर्नु पर्ने र नभएकोमा जानकारी दिए मात्र पुग्नेछ ।

१६.५ पहाडी जिल्लाहरुमा उद्योग दर्ता गर्दा हाल वन क्षेत्रको सीमाबाट १ कि.मी. टाढा हुनु पर्ने भन्ने व्यवस्थालाई पुनरावलोकन गरी उपयुक्त सीमांकनलाई आधार मानी दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

## १७. सुविधा तथा सहुलियत

उद्योगको विकास तथा प्रवर्द्धनका लागि देहाय बमोजिमका सुविधा र सहुलियत प्रदान गरिनेछः

(क) **आयकर छूटको सुविधा र सहुलियतः**

१७.१ सबै प्रकारका सूर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य विशेष उद्योगबाट आर्जित आयमा लाग्ने करको कर्पोरेट दरमा ५ प्रतिशत विन्दुले कम हुनेछ ।

१७.२ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अनुसूची ९ मा उल्लेखित अति अविकसित क्षेत्रमा स्थापित उद्योगले कारोवार शुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकर नब्बे प्रतिशत छुट पाउनेछ ।

१७.३ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य अनुसूची १० मा उल्लेख भएका अविकसीत क्षेत्रमा स्थापित उद्योगलाई कारोवार सुरु गरेको मितिले दश वर्षसम्म असी प्रतिशत आयकर छुट हुनेछ ।

१७.४ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य अनुसूची ११ मा उल्लेख भएका कम विकसित

क्षेत्रमा स्थापित उद्योगलाई कारोवार सुरु गरेको मितिले दश वर्षसम्म सत्तरी प्रतिशत आयकर छुट हुनेछ ।

१७.५ अनुसूची ९ मा उल्लेख भएका जिल्लामा स्थापित फलफूलमा आधारित वढिमा १२ प्रतिशतसम्म अल्कोहल कन्टेन्ट भएका साइड्र एवम् वाइन उत्पादन गर्ने उद्योगलाई समेत कारोवार सुरु गरेको मितिले दश वर्षसम्म चालिस प्रतिशत आयकर छुट हुनेछ ।

१७.६ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अनुसूची ७ मा उल्लेख भएका प्राथमिकता प्राप्त उद्योग मध्ये जलविद्युत उत्पादन तथा वितरण, खनिज उत्खनन्, स्थानीय कच्चा पदार्थ प्रयोग गरी क्लिङ्कर वा क्लिङ्कर वनाई सिमेन्ट उत्पादन गर्ने (सिमेन्ट उद्योग), पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खनन् उद्योगलाई कारोवार सुरु गरेको मितिले सात वर्ष सम्म आयकरमा नब्बे प्रतिशत छुट दिइनेछ ।

१७.८ अनुसूची ४ मा उल्लेख भएका सूचना तथा सञ्चार प्रविधि उद्योग सूचना प्रविधि पार्क भित्र स्थापना गरेमा लाग्ने आयकरको पचास प्रतिशत छुट हुनेछ ।

१७.९ कुनै साना उद्योगले न्यूनतम ६ महिनाभन्दा वढी १०० जनाभन्दा वढी नियमित स्वदेशी कामदार, मझौला उद्योगले २०० जना र ठूला उद्योगले ५०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस वर्ष लाग्ने आयकरमा थप २५ प्रतिशत छुट पाउनेछ । साथै त्यस्ता उद्योगले प्रत्यक्ष रोजगारी दिने संख्याको ५० प्रतिशत स्वदेशी महिला वा दलित वा अपाङ्गता भएका व्यक्ति कामदारहरुलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस बर्षमा लाग्ने आयकरमा ४० प्रतिशत छुट पाउनेछ ।

१७.१० उद्योगले आफ्नो श्रमिक तथा कर्मचारीको दिर्घकालीन हित एवं भलाईको लागि गरेका खर्चहरु जस्तै आवास व्यवस्था, जीवन बीमा, स्वास्थ्य सुविधा, शिक्षा तथा तालिम, शिशु स्याहार केन्द्र र शारीरिक तन्दुरुस्तीका लागि खेलकूद/व्यायाममा गरेको खर्च आयकर प्रयोजनको लागि खर्च कट्टी गर्न पाउनेछ । साथै उद्योगले होचापुड्का लगायत अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्रदान गरेमा त्यस्ता कामदारहरुलाई भुक्तानी दिएको तलव आदि खर्च आयकर प्रयोजनका लागि कट्टा गर्न पाइनेछ ।

१७.११ कुनै उद्योगले उर्जा खपत घटाउन सघाउ पुऱ्याउने यन्त्र उपकरणमा लगानी गरेको खर्च, प्रदूषण नियन्त्रण र वातावरणमा कम असर पार्ने पद्धतिको जडानमा भएको पुँजीगत खर्च, प्रविधि र प्रकृयामा भएको खर्च आयकर प्रयोजनको लागि खर्च कट्टा गर्न पाइनेछ । यस्तो सुविधा एकै पटक वा ५ (पाँच) वर्षभित्र उपयोग गरी सक्नु पर्नेछ ।

१७.१२ आयकर निर्धारण प्रयोजनको लागि उद्योगको कूल विक्री आयको पाँच प्रतिशतसम्म रकम उत्पादकत्व अभिवृद्धिको लागि उद्यमशीलता अभिवृद्धि र सीप विकास तालिम, अनुसन्धान तथा विकास र नयाँ प्रविधि प्राप्त गर्न खर्च गर्न पाइनेछ ।

१७.१३ आयकर प्रयोजनको लागि बजार प्रवर्द्धन, सर्वेक्षण र विज्ञापन आदिको लागि कूल विक्री आयको दश प्रतिशत सम्म खर्च गर्न पाइनेछ ।

१७.१४ उद्योगको भौतिक सम्पत्तिको सुरक्षाको लागि गरेको गरेको खर्च रकम र यसको बीमा वापत तिरेको प्रिमीयम कर योग्य आयबाट घटाउन पाइनेछ ।

१७.१५ राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगले स्थीर जेथाको ह्रास कट्टी गर्दा प्रचलित आयकर ऐनमा उल्लेखित दरमा सोही दरको एक तिहाइ थप गरी कट्टा गर्न पाउनेछ ।

१७.१६ उद्योगले सोही उद्योगमा वा अरु कुनै उद्योगमा पुनः लगानी गरी उद्योगको विविधिकरण वा पच्चीस प्रतिशत वा सो भन्दा वढी जडित क्षमता विस्तार गरेमा, प्रविधिको आधुनिकीकरण गरेमा वा सहायक उद्योगको विकास गरेमा यस्तो पुनः लगानीबाट सृजित थप स्थीर जेथाको ४० प्रतिशत कर प्रयोजनको लागि कट्टी गर्न पाउनेछ । यस्तो छुट रकम एकमुष्ट एकै वर्षमा वा पाँच वर्षभित्र कट्टी गर्न पाउनेछ ।

१७.१७ उद्योगले नेपालमा दर्ता भएको वौद्धिक सम्पत्ति अन्तर्गतको औद्योगिक सम्पत्तिको संरक्षण गर्दा लागेको खर्च आयकर प्रयोजनको लागि खर्च लेख्न पाउनेछ । बौद्धिक सम्पत्तिको निर्यातबाट प्राप्त हुने आयमा निर्यात सरहको छुट दिइनेछ । बौद्धिक सम्पत्ति संरक्षणका लागि विदेशमा दर्ता गर्दा लागेको शुल्कको ५० प्रतिशत सरकारले व्यहोर्ने छ । त्यस्तै बौद्धिक सम्पत्तिको विक्रीबाट प्राप्त आयलाई लाभांशमा लाग्ने दरको आयकर मात्र लगाइनेछ ।

१७.१८ प्राकृतिक प्रकोप उद्धार, सामाजिक क्षेत्रमा दिएको तोकिए बमोजिमको रकमको चन्दा र सहयोग आयकर प्रयोजनको लागि छुट हुनेछ ।

१७.१९ सहकारीको रुपमा स्थापना गरिने तोकिएका उद्योगहरुको आयमा लाग्ने आय करको दर सामान्य आय करको दर भन्दा ५० प्रतिशत कम हुने व्यवस्था गरिनेछ ।

१७.२० घरेलु तथा साना उद्योगले ठूला तथा मझौला उद्योगहरुसँग लिखित सम्झौता गरी त्यस्ता उद्योगलाई आवश्यक हुने सहायक वस्तुहरु उत्पादन गर्न सक्नेछन् । यसरी सम्झौता गरेका सहायक वस्तु उत्पादन गर्ने उद्योगले पनि अन्य उद्योगलाई सह–उत्पादनका लागि उप–सम्झौता गरी वस्तु आपूर्ति गर्न सक्नेछन् । यसरी सहायक वस्तुको उत्पादन गराएमा त्यस्ता सहायक वस्तुको प्रयोगबाट तयार गरिएको वस्तुको विक्रीबाट हुने खुद आम्दानीको ५० प्रतिशत अंशमा आयकर छुट हुनेछ ।

**(ख) भन्सार महशूल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमा सुविधा र सहुलियतः**

१७.२१ मुलुक भित्र उत्पादित वस्तु विदेश निकासी गरेमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने छैन ।

१७.२२ निर्यातमूलक उद्योग, निर्यात प्रवर्द्धन गृह र विशेष आर्थिक क्षेत्रका उद्योगले अरु कुनै उद्योगसँग करार (Sub-Contracting) गरी निकासीको लागि वस्तु उत्पादन गराउन पाउँनेछन् । यसरी उत्पादन गराएको वस्तुमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ्ग सामाग्रीमा लागेको भन्सार महशुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर निर्यात भएको परिमाणको आधारमा निकासीकर्ताले तोकिए बमोजिम फिर्ता पाउने छ ।

१७.२३ निकासी गरे वापत पाउने ड्यूटी ड्र ब्याक सुविधालाई सरल वनाउन उस्तै प्रकृतिका उद्योगहरुको हकमा कच्चा पदार्थ खपतको आधारमा समदर निर्धारण गरिनेछ । यस्तो रकम निकासी कारोवार गरेको बैंकबाटै फिर्ता पाउने व्यवस्था गरिनेछ । समदर निर्धारण हुन नसकेका उद्योगहरुको हकमा हाल प्रचलनमा रहेको नियमित प्रकृयालाई पनि निरन्तरता दिइनेछ ।

१७.२४ उद्योगले पाउने ड्युटी ड्र ब्याकको सुविधा निकासी परिमाणको आधारमा निवेदन परेको मितिले ४५ दिनभित्र निकासीकर्तालाई अनिवार्य रुपमा उपलब्ध गराइनेछ ।

१७.२५ उद्योगले अन्तर्राष्ट्रिय वोलपत्रमा सहभागी भई मुलुक भित्र विदेशी मुद्रा आर्जन हुने गरी विक्री गरेको आफ्नो उत्पादन वा सेवालाई Deemed Export सरह निर्यातमा पाउने ड्युटी ड्र व्याकको सुविधा उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलव्ध गराइनेछ ।

१७.२६ विदेशी मुद्रा आर्जन हुने गरी स्वदेश भित्रै आफ्नो उत्पादन विक्री गरेमा त्यस्तो उत्पादनमा लागेको शुल्क, महशुल र प्रयोग भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ्ग मेटरियलमा लागेको भन्सार महशुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर उत्पादनमा लागेको परिमाणको आधारमा निर्यात सरह (Deemed Export) मानी फिर्ता दिइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलव्ध गराइनेछ ।

१७.२७ अर्ध प्रशोधित वा अर्धतयारी माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन अर्को मूल वस्तु तयार गर्ने उद्योगलाई विक्री गरेमा त्यस्तो वस्तुमा लागेको अन्तःशुल्क एवम् मूल्य अभिवृद्धि कर मूल वस्तु उत्पादन गर्ने उद्योगले प्रयोग गरेको परिमाणको आधारमा करको हिसाव समायोजन गर्न पाउने छ । तर यो सुविधा उपभोग गर्न ती उद्योग मूल्य अभिवृद्धि कर वा अन्तःशुल्क प्रयोजनको लागि दर्ता भएको हुनुपर्नेछ ।

१७.२८ उद्योगको आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ्ग सामाग्रीमा लाग्ने भन्सार महशुल त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दर भन्दा सामान्यतया एक तह (Slab) कम गर्न सकिने छ । न्यूनतम १ प्रतिशत भन्दा कम भन्सार दर रहेको वस्तुको आयातको हकमा न्यूनतम २५ प्रतिशत कम हुने गरी भन्सार दर कायम गरिनेछ ।

१७.२९ उद्योगले आफ्नो प्रयोजनको लागि आयात गर्ने मेशिनरी, ट्रान्सफर्मर, जेनरेटर, औद्योगिक उपकरण तथा औजारमा एक प्रतिशत मात्र भन्सार

महशुल लाग्नेछ । साथै गुणस्तर मापन प्रयोगशालाहरुले आयात गर्ने मेशिनरी, वैज्ञानिक उपकरण र उद्योग विस्तारको लागि थप मेशिनरी तथा उपकरण लगायत अनुसन्धान तथा विकास (R&D) को लागि ल्याउने मेशिनरी तथा उपकरणमा समेत १ प्रतिशत भन्सार महशुल लाग्नेछ र मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लाग्ने छैन ।

**(ग) थप सुविधा, सहुलियत एवं सुनिश्चितताः**

१७.३० यस नीतिमा उल्लेख भएका उद्योगले पाउने सुविधा सहुलियतलाई कानूनद्वारा सुनिश्चित गरिनेछ । नीतिमा उल्लेख भएका वर्गीकरण, अति अविकसित, अविकसित र कम विकसित क्षेत्रको सुविधा सहुलियतसम्बन्धी सुची र व्यवस्थामा हेरफेर वा थपघट भएमा यस नीति कार्यान्वयनको लागि वनेको कानूनले तोकेको अवधिसम्मका लागि विनाअवरोध त्यस्ता सुविधा उपभोग गर्न पाउने सुनिश्चितता प्रदान गरिने छ । कुनै उद्योगले एकै समयमा एक भन्दा बढी प्रकारको छुट पाउन सक्ने अवस्था भएमा उद्योगले रोजेको बढी छुट पाउनेछ ।

१७.३१ यस नीति अन्तर्गत प्राप्त हुने सुविधा तथा सहुलियतहरु तोकिएको अवधिसम्मको लागि परिवर्तन गरिने छैन ।

१७.३२ उद्योगले आफ्नै प्रयोजनको लागि उत्पादन गरेको विद्युतमा रोयल्टी लाग्ने छैन । साथै उद्योगले विद्युत शक्ति विक्री गर्न चाहेमा बजारमा प्रचलित दरमा राष्ट्रिय ग्रीडमा जोड्न दिने व्यवस्था गरिने छ ।

१७.३३ कुनै प्राथमिकता प्राप्त उद्योग वा नेपालमा स्वीकृत पेटेण्टको प्रविधि प्रयोग गरी सो अनुरुप स्थापना भएका उद्योगहरुलाई औद्योगिक प्रवर्द्धन वोर्डको सिफारिशमा नेपाल सरकारको निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि थप सुविधा दिन सकिनेछ ।

१७.३४ निर्यात प्रवर्द्धन उद्योगलाई वण्डेड वेयर हाउसको सुविधा अझ सरल वनाइ उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलव्ध गराइनेछ ।

१७.३५ उद्योगहरुको हकमा विद्युत आपूर्ति नभएको समयको अनुपातका आधारमा विद्युत महशुलमा लागी आएको डिमाण्ड चार्ज छुट दिइनेछ ।

१७.३६ उद्योगको प्रकृति र क्षमता अनुसार उद्योग संचालनको लागि आवश्यक पर्ने जग्गा उपलव्ध गराउन सरकारले सहयोग गर्नेछ । उद्योगको

प्रकृति हेरी जग्गाको हदवन्दी फुकुवा गर्न आवश्यक देखिएमा जग्गाको हदवन्दी सीमामा छुट दिन सकिनेछ ।

१७.३७ अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी र लघु उद्यम तथा घरेलु तथा साना उद्योगलाई वीऊ पूँजीको (सिड क्यापिटल) रुपमा अनुदान उपलव्ध गराउने व्यवस्था गरिने छ ।

१७.३८ गैरआवासीय नेपालीलाई प्रदान गरिने व्यावसायिक प्रवेशाज्ञा निःशुल्क उपलव्ध गराइनेछ ।

१७.३९ विदेशी लगानीमा संचालित उद्योगलाई नयाँ बस्तुको उत्पादन तथा बजार विकास र प्रबर्द्धन गर्नका लागि देशमा रहेका मूल कम्पनीका शाखा उद्योगले विदेशस्थित मूल कम्पनीबाट उत्पादित सामानहरु तोकिए बमोजिम शर्त र सीमाभित्र रही निश्चित समयका लागि आयात गर्न अनुमति दिइने छ ।

१७.४० वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा वन उपलव्ध गराउन सकिनेछ ।

१७.४१ निर्यात उद्योग, निर्यात प्रवर्द्धन क्षेत्र, सरकारी वा गैर सरकारी औद्योगिक क्षेत्र र औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१७.४२ कुनै राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा नेपाल भित्र आविष्कार गरी स्थापना भएका उद्योगहरुको लागि लघु उद्यम, घरेलु तथा साना औद्योगिक प्रवर्द्धन वोर्डको सिफारिशमा उद्योग मन्त्रालय मार्फत मन्त्रिपरिषद्को निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१७.४३ व्यवसाय सम्वर्द्धन केन्द्र (इन्कुवेशन सेन्टर) र व्यवसाय सम्बर्द्धन सेवा (इन्कुवेशन सर्भिस)मा स्थापना भएका उद्योगहरुमा कुनै पनि कर लाग्ने छैन ।

१७.४४ निर्यातमूलक उद्योगहरुको सहायक कच्चा पदार्थ वा प्याकिङको सामान बनाउने उद्योगहरुलाई पनि निर्यातमूलक उद्योगहरुले उक्त वस्तुहरु निकासीमा प्रयोग गरेको परिमाणको आधारमा सुविधा दिइने छ ।

१७.४५ खनिजजन्य उद्योगको विकास र प्रवर्द्धनका लागि उद्योग र खानी क्षेत्रसम्मको पहुंच सडक निर्माण एवं विद्युत प्रसारण लाइन विस्तार तथा विद्युत सेवाका लागि भौतिक पूर्वाधार निर्माण गर्न विशेष कार्यक्रम तथा बजेटको व्यवस्था सरकारले गर्नेछ ।

## **१८. लघु, घरेलु तथा साना उद्योगका लागि विशेष सुविधा एवं सहुलियत**

माथि दफा १७ मा उल्लेखित सुविधा तथा सहुलियतका अतिरिक्त लघु उद्यम, घरेलु तथा साना उद्योगहरुले देहाय बमोजिम सुविधा तथा सहुलियत थप पाउनेछन् ।

१८.१ लघु उद्यम व्यवसायहरुलाई अन्तःशुल्क तथा आयकर, मूल्य अभिबृद्धि कर लगायत कुनै पनि किसिमका करहरु लाग्ने छैन ।

१८.२ अनुसूची-९, १० र ११ मा उल्लेख भएका अति अविकसित, अविकसित तथा कम विकसित क्षेत्रहरुमा स्थापित घरेलु उद्योगहरुलाई लाग्ने अन्तःशुल्क र आयकर क्रमशः १२ वर्ष, ७ वर्ष र ५ बर्ष छुट दिइनेछ । आयकर लाग्ने रकममा त्यस पछिका वर्षहरुमा क्रमशः ७५ प्रतिशत, ६० प्रतिशत र ५० प्रतिशत आयकर छुट दिइनेछ । यसका अतिरिक्त नेपाल सरकारले समय समयमा तोक्ने राष्ट्रिय प्राथमिकता प्राप्त वस्तुमा पाँच वर्ष र प्राथमिकता प्राप्त क्षेत्रमा स्थापित उद्योगहरुलाई १० वर्ष सम्म अन्तःशुल्क तथा आयकर लाग्ने छैन ।

१८.३ अनुसूची - ६ मा उल्लेखित सबै प्रकारका परम्परागत तथा घरेलु उद्योगलाई आयकरमा ५० प्रतिशत छुट दिइनेछ ।

१८.४ उद्योगले आफनो उत्पादन वा उत्पादनमा प्रयोग गरेको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको मु.अ.कर र अन्तःशुल्क उत्पादित बस्तु निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइने छ । त्यसरी फिर्ता हुने राजश्व फिर्ता पाउन रीतपूर्वक दरखास्त दिएको साठी दिनभित्र निकासीकर्तालाई फिर्ता दिइनेछ । तर त्यस्तो रकम फिर्ता पाउन निकासी गरेको ४५ दिन भित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन ।

१८.५ कुनै उद्योगले आफ्नो उत्पादन कोशेली घर तथा निर्यात गृहमा विक्री गरेमा त्यस्तो विक्री गरिएको वस्तु उत्पादन गर्न आयात गरिएको कच्चा पदार्थमा लागेको मु.अ.कर र तयारी वस्तुमा लागेको मु.अ.कर

तथा अन्तःशुल्क सो वस्तु निर्यात भएको परिमाणको आधारमा सम्वन्धित उद्योगलाई फिर्ता दिइनेछ ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "निर्यात गृह" भन्नाले नेपालभित्र स्थापित उद्योगको उत्पादनहरु संकलन गरी विदेशमा समेत निर्यात गर्ने उद्देश्यले तोकिए वमोजिम स्थापित कम्पनी, फर्म वा सहकारी संस्था सम्झनु पर्छ र "कोशेली घर" भन्नाले परम्परागत नेपाली लघु, घरेलु तथा साना उद्योगहरुले स्थानीय कच्चा पदार्थ, सीप र श्रम प्रयोग गरी उत्पादन गरेका वस्तुहरुलाई बजारीकरण गर्न सघाउ पुर्‍याउने उद्देश्यले स्थापित बजार केन्द्र समेतलाई जनाउने छ ।

१८.६ उद्योगले प्रयोग गर्ने मेशीन, औजार, उपकरण, यन्त्र एवं कच्चा पदार्थमा र उत्पादनमा कुनै कर, शुल्क वा दस्तुर लाग्ने छैन । तर यस्ता उद्योगको उत्पादन कुनै कारणवाट स्वदेशमा विक्री गर्नु परेमा विक्री गरिएको परिमाणको आधारमा कर, शुल्क वा दस्तुर बुझाउनु पर्नेछ ।

१८.७ लघु उद्यम, घरेलु तथा साना उद्योगहरुलाई वित्तिय पहुँच पुर्‍याउन विद्यमान वित्तीय संस्था ऐनमा व्यवस्था भए अनुरुपको विपन्न वर्गको ऋण सुविधा लगायत ऋण लगानीका लागि विशेष वातावरण तयार गरिनेछ । यसका लागि वित्तिय संस्थाहरुलाई प्रोत्साहित गरिने छ ।

१८.८ लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम र साझा सुविधा केन्द्रका स्थानीय उद्योगलाई सहकारीमा आवद्ध गराई वित्तिय पँहुचको व्यवस्था गरिनेछ ।

१८.९ वित्तीय सेवा उपलब्ध हुन नसक्ने जिल्ला तथा गा.वि.स.हरुमा लघु उद्यमीहरुलाई सहकारीमा आवद्ध गराई समूह धितोमा ऋण उपलब्ध गराउन लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड अन्तर्गत एक कोष खडा गरी थोक ऋण उपलब्ध गराइने छ ।

१८.१० सरकारले घोषणा गरेका विभिन्न नीति तथा कानूनी व्यवस्था अन्तरगत उपलब्ध गराइने सेवा सुविधाहरुको लागि आवश्यक हुने प्रकृया र कागजातहरु घरेलु तथा साना उद्योग विकास समितिका जिल्ला स्थित कार्यालयहरुबाटै तयार गराई उद्योगहरुलाई प्रदान गरिने व्यवस्था मिलाइने छ ।

माथि उल्लिखित सुविधा र सहुलियत मदिराजन्य तथा सूर्तीजन्य उद्योगहरुलाई प्रदान गरिने छैन ।

## १९. विशेष आर्थिक क्षेत्रसम्वन्धी विशेष व्यवस्था

१९.१ “विशेष आर्थिक क्षेत्र” भन्नाले औद्योगिक क्रियाकलापलाई सघन रुपमा संचालन गर्नका नेपाल सरकारद्वारा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषणा गरिएको निर्यातमूलक बस्तु र सेवाको उत्पादन प्रमुख उद्देश्य रहेको कुनै खास व्यावसायिक क्षेत्र जसमा एकीकृत ओद्योगिक सेवा, स्तरीकृत औद्योगिक पूर्वाधार तथा सेवासुविधा भएको, लचिलो श्रमसम्बन्धी व्यवस्था, लगानीको आकर्षणका लागि विशेष सुविधा र सहुलियतसहितको प्रोत्साहनात्मक व्यवस्थासमेत रहेको विशेषीकृत औद्योगिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, निर्यात प्रवर्द्धन गृह, स्वतन्त्र व्यापार क्षेत्रसमेतको विशेषीकृत वा एकीकृत आर्थिक क्रियाकलापयुक्त संरचनालाई जनाउंदछ ।

१९.२ पूर्वाधार सहितको औद्योगिक क्रियाकलाप बढाउन तथा सो को माध्यमबाट लगानी प्रवर्द्धन, उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन र रोजगारी सृजनामा सघाउ पुऱ्याउन विशेष आर्थिक क्षेत्रको स्थापना, पूर्वाधार संरचनाको विकास, व्यवस्थापन र सञ्चालन पूर्ण सरकारीस्तरमा, सार्वजनिक निजी सहकार्यमा र पूर्णरुपमा निजी क्षेत्रले समेत गर्न सक्ने गरी कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।

१९.३ विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले देहायका सुविधा तथा सहुलियतहरु पाउने छन् :

**१९.३.१ आयकर छूट :**

(क) पूर्वाधार संरचनामा लगानी गर्ने लगानीकर्ताले पूर्वाधार संरचना सञ्चालन गरेको वा इजाजतपत्रवालाले उत्पादनको व्यापारिक कारोबार शुरु गरेको मितिबाट प्रचलित कानून बमोजिम लाग्ने आयकरमा पहिलो सात वर्षसम्म शतप्रतिशत र त्यसपछिका पाँच वर्षसम्म पचास प्रतिशत छूट पाउनेछ ।

(ख) हिमाली जिल्ला वा नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित

उत्पादनमूलक उद्योगले आफ्नो उत्पादनको व्यापारिक कारोबार शुरु गरेको मितिबाट प्रचलित कानून बमोजिम लाग्ने आयकरमा पहिलो दश वर्षसम्म शतप्रतिशत र त्यसपछिका पाँच वर्षसम्म पचास प्रतिशत छूट पाउने छ ।

(ग) विदेशी लगानीकर्ताले विदेशी प्रविधि, बौद्धिक सम्पत्ति वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन हुने आयमा लाग्ने आयकर पचास प्रतिशत छुट दिइने छ ।

(घ) अनुसूची ९ मा उल्लेख भएका अति अविकसित क्षेत्रभित्र स्थापित विशेष आर्थिक क्षेत्रका उद्योगले कारोवार सुरु गरेको मितिले दश वर्षसम्म शत प्रतिशत आयकर छुट पाउनेछन् । साथै त्यसपछिका दश वर्षसम्म त्यस्ता उद्योगले तिर्नु पर्ने आयकरमा पचास प्रतिशत छुट हुनेछ ।

**१९.३.२ मूल्य अभिवृद्धि कर सम्बन्धी सुविधाहरु :**

(क) इजाजतपत्रवालाले उद्योगको लागि आवश्यक पर्ने मेसिनरी, उपकरण, मेसिनका पाटपूर्जा, कच्चा पदार्थ वा मालसामान ओसार पसार गर्ने प्रयोजनार्थ एक उद्योगको लागि त्यस्तो उद्योगको स्तर हेरी बढिमा तीन वटासम्म सवारी साधन पैठारी गर्दा तिरेको मूल्य अभिवृद्धि करमा शतप्रतिशत कर कट्टी सुविधा पाउनेछ ।

(ख) विशेष आर्थिक क्षेत्रभित्रका उद्योग व्यवसायीबीच हुने वस्तु वा सेवाको व्यापारमा शुन्य दरको सुविधा दिइनेछ ।

**१९.३.३ भन्सार महसुल छूट :**

(क) निकासी हुने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ्ग सामग्री एवं उत्पादनमा प्रयोग हुने अन्य पदार्थको लागि बैङ्क जमानतको आधारमा भन्सार महशुल छुट हुनेछ ।

(ख) उद्योगको लागि आवश्यक पर्ने प्लान्ट, मेशिनरी, यन्त्र, उपकरण, औजार तथा पाटपूर्जा मा भन्सार महसुल छुट हुनेछ ।

(ग) इजाजतपत्रवालाले नेपालको आन्तरिक बजारमा बिक्री गर्न पाउने वस्तु वा सेवामा लाग्ने भन्सार महसुल तथा अन्य कर बुझाएपछि त्यस्तो वस्तु वा सेवा बिशेष आर्थिक क्षेत्रबाहिर लैजान पाउनेछ ।

(घ) कुनै पैठारीकर्ताले कुनै मालवस्तु बिशेष आर्थिक क्षेत्र भित्रको उद्योगलाई बिक्री गरेमा त्यस्तो मालवस्तुमा लागेको भन्सार महसुल भन्सार कार्यालयले सम्बन्धित पैठारीकर्तालाई फिर्ता गर्नु पर्नेछ ।

(ङ) इजाजतपत्रवालाले भन्सार छुटमा पैठारी गरेको मालवस्तुको स्वामित्व हस्तान्तरण गर्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

**१९.३.४ स्थानीय कर छूट :**

उद्योगले उत्पादन गर्ने वस्तु वा सेवा, पैठारी गर्ने मेसिनरी उपकरण, मेसिनका पाटपूर्जा, कच्चा पदार्थ तथा उद्योग स्थापनाको लागि आवश्यक पर्ने अन्य सामग्री र मालसामान ओसार पसार गर्ने प्रयोजनार्थ एक उद्योगको लागि त्यस्तो उद्योगको स्तर हेरी बढीमा तीन वटासम्म सवारी साधनमा प्रचलित कानून बमोजिम लाग्ने कुनै किसिमको स्थानीय कर लाग्ने छैन ।

**१९.३.५ निकासीसरहको सुविधा पाउने:**

प्रचलित कानून बमोजिम स्थापना भएको कुनै फर्म, कम्पनी वा उद्योगले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगलाई आफ्नो कच्चा पदार्थ वा कुनै उत्पादन बिक्री गरेमा त्यस्तो बिक्रीलाई निकासीसरहको मानी निकासी गरेवापत प्रचलित कानून बमोजिम कुनै सुविधा पाउने भए त्यस्तो फर्म, कम्पनी वा उद्योगले पनि सो सुविधा पाउनेछ ।

१९.३.६ विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई वण्डेड वेयर हाउसको सुविधा अझ सरल वनाइ उपलब्ध गराइनेछ। यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलव्ध गराइनेछ।

## २०. संस्थागत व्यवस्था

नीतिको कार्यान्वयनलाई प्रभावकारी तुल्याउन तथा उद्योग क्षेत्रको प्रवर्द्धन एवं नियमन कार्यलाई दक्षता र व्यावसायिक क्षमतामा आधारित बनाउन संस्थागत सुदृढीकरण समेत गरी मौजुदा संस्थाहरूलाई संरचनागत, पद्धतिगत तथा कार्यगत व्यवस्थालाई सक्षमता, जिम्मेवारी र अधिकारसहित निम्नबमोजिमको संस्थागत व्यवस्था गरिएको छ :-

### २०.१ लगानी बोर्ड (Board of Investment)

२०.१.१ बृहद् ओद्योगिक लगानीलाई उचित प्राथमिकता, संरक्षण, सहयोग र प्रतिवद्धता प्रदान गर्न एकीकृत नीति निर्माण गर्न, प्रवर्द्धन कार्यमा आवश्यक पर्ने स्रोत र साधन जुटाउन एवं लगानीकर्तालाई आवश्यक पर्ने सबै किसिमका सेवा र सहयोग एकै थलोबाट प्रदान गर्न सक्षम तथा प्रभावकारी सङ्गठनका रुपमा प्रधानमन्त्रीको अध्यक्षतामा अधिकारसम्पन्न उच्चस्तरीय लगानी बोर्डको स्थापना गरिनेछ।

२०.१.२ लगानी बोर्डको स्थापना, काम, कर्तव्य र अधिकार छुट्टै ऐनद्वारा व्यवस्थित गरिनेछ।

### २०.२ औद्योगिक प्रवर्द्धन वोर्ड (Industrial Promotion Board)

२०.२.१ औद्योगिक क्षेत्रको प्रवर्द्धन तथा विकास गर्न तथा उद्योग क्षेत्रको समस्या समाधानका लागि समन्वयकारी र सहजीकरणका लागि नेपाल सरकारले उद्योगमन्त्रीको अध्यक्षतामा देहाय बमोजिम सम्वद्ध सरकारी निकाय तथा सरोकारवालाको प्रतिनिधित्व हुनेगरी औद्योगिक प्रवर्द्धन बोर्डको गठन गर्नेछ :

| | | |
|---|---|---|
| (क) | उद्योगमन्त्री वा राज्यमन्त्री | अध्यक्ष |
| (ख) | उद्योग राज्यमन्त्री र/वा सहायकमन्त्री | सदस्य |

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग हेर्ने सदस्य

(घ) गभर्नर, नेपाल राष्ट्र बैंक सदस्य

(ङ) सचिव, उद्योग मन्त्रालय सदस्य

(च) सचिव, अर्थ मन्त्रालय सदस्य

(छ) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय सदस्य

(ज) सचिव, पर्यटन मन्त्रालय सदस्य

(झ) सचिव, वातावरण मन्त्रालय सदस्य

(ञ) सचिव, वन तथा भूसंरक्षण मन्त्रालय सदस्य

(ट) सचिव, उर्जा मन्त्रालय सदस्य

(ठ) सचिव, श्रम तथा यातायात मन्त्रालय सदस्य

(ड) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय सदस्य

(ढ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ सदस्य

(ण) अध्यक्ष, नेपाल उद्योग परिसंघ सदस्य

(त) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ सदस्य

(थ) अध्यक्ष, नेपाल च्याम्बर अफ कमस सदस्य

(द) उद्योग क्षेत्रका विज्ञहरूमध्येबाट (१ जना महिला सहित) नेपाल सरकारबाट मनोनित सदस्य-४

(ध) ट्रेड युनियनहरूको प्रतिनिधित्व हुने गरी नेपाल सरकारबाट मनोनित (एकजना महिलासमेत) सदस्य-३

(न) महानिर्देशक, उद्योग विभाग सदस्य-सचिव

२०.२.२ औद्योगिक प्रवर्द्धन बोर्डको काम, कर्तव्य र अधिकार : बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) देशको औद्योगीकरणसम्बन्धी नीति, ऐन, नियमहरूको तर्जुमा र कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने ।

(ख) औद्योगिक नीतिको नीतिगतस्तर र कार्यान्वयनस्तरबीच समन्वय र सामन्जस्य कायम गर्ने ।

(ग) बातावरणीय सुरक्षा तथा जनस्वास्थ्यका दृष्टिले उपयुक्त हुनेगरी औद्योगिक प्रदूषण नियन्त्रणका लागि मार्गदर्शन गर्ने ।

(घ) औद्योगिक क्षेत्रको समग्र मूल्यांकन तथा लेखाजोखा गरी नेपाल सरकार तथा लगानी बोर्डलाई सुझाव तथा सिफारिश प्रस्तुत गर्ने ।

(ङ) औद्योगिक सुविधा एवं सहुलियतसम्बन्धी गुनासो तथा समस्या समाधान गर्ने र सम्बन्धित निकायलाई कार्यान्वयनका लागि निर्देशन दिने ।

(च) औद्योगिक सूचना केन्द्रको व्यवस्था गर्ने ।

(छ) औद्योगिक लगानी बृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यक अध्ययन, अनुसन्धान गराउने ।

(ज) वोर्डको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०.२.३ औद्योगिक प्रवर्द्धन बोर्डको छुट्टै सचिवालय रहनेछ । सचिवालयको व्यवस्थापन उद्योग विभागले गर्नेछ ।

२०.२.४ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बोर्डका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

२०.२.५ बोर्डले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई बोर्डको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

२०.२.६ बोर्डको बैठकसम्बन्धी कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

## २०.३ औद्योगिक जनशक्ति विकास प्रतिष्ठान

उद्योग व्यवसायको विकास कार्यमा संलग्न सरकारी तथा निजी क्षेत्रका संघ संस्थाहरुको जनशक्ति एवं प्रविधि विकास गर्न विभिन्न प्रकारका प्रशिक्षकहरुको प्रशिक्षण, व्यवस्थापन र परामर्श सेवा प्रदान गर्न तथा अनुसन्धान, प्रशिक्षण तथा उत्पादकत्व अभिवृद्धिसम्बन्धी कार्य गर्न स्थापित औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, बुटवल टेक्निकल इन्स्टिच्यूट, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र,, सीपविकास तालिम केन्द्र जस्ता संस्थाहरुलाई एकीकरण गरी छुट्टै कानून अन्तरगत औद्योगिक जनशक्ति विकास प्रतिष्ठानको स्थापना गरिने छ ।

## २०.४ औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण

औद्योगिक क्षेत्रहरुको पूर्वाधार व्यवस्था तथा सेवा व्यवस्थापनमा सुधार ल्याई औद्योगिक क्षेत्रको विस्तारलगायत त्यस्ता क्षेत्रमा स्थापित उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरु संचालन गर्नका लागि हालको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई छुट्टै कानुनद्वारा राष्ट्रियस्तरको औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरणको रुपमा स्तरोन्नति गरिनेछ ।

## २०.५ राष्ट्रिय उत्पादकत्व परिषद

उत्पादकत्व अभिवृद्धिका लागि अनुसन्धान, परामर्श, प्रशिक्षण तथा क्षमता विकासका कार्य गर्ने गरी हालको राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत सुदृढीकरण गरी छुट्टै राष्ट्रिय उत्पादकत्व परिषदको स्थापना गरिनेछ ।

## २०.६ उद्योग विभाग

२०.६.१ सबैस्तरका उद्योगको प्रशासन तथा सेवा सुविधासम्बन्धी कार्य एकै निकायबाट सम्पादन हुने गरी हालको घरेलु तथा साना उद्योग विभाग र उद्योग विभागलाई एकीकृत गरी एउटै सक्षम विभाग वनाईनेछ ।

२०.६.२ अनुमति लिनुपर्ने सबैस्तरका अनुसूची ८ मा उल्लेखित उद्योगको अनुमति दिने, उद्योग मन्त्रालय तथा लगानी वोर्डमा प्रस्तुत गरी निर्णय लिनुपर्ने उद्योगहरु वाहेक मझौला तथा ठूला उद्योगको दर्ता, प्रशासन एवं सुविधासम्बन्धी

काम, विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको स्वीकृति, अभिलेख र प्रशासन र औद्योगिक प्रवर्द्धन वोर्डको सचिवालयको काम समेत उद्योग विभागले गर्नेछ ।

२०.६.३ औद्योगिक वातावरण प्रदुषण नियन्त्रण र अनुगमनसम्वन्धी तोकिएको काम उद्योग विभागबाट सम्पादन हुने गरी क्षमता विकास गरिनेछ ।

२०.६.४ औद्योगिक प्रवर्द्धन वोर्ड र उद्योग विभागले सम्पादन गरेको कामको विवरण विभागले चौमासिक रूपमा मन्त्रालयसमक्ष पेश गरी सार्वजनिक गर्नेछ ।

२०.६.५ उद्योग प्रशासनसम्बन्धी कार्य उद्योग विभागले आफ्ना मातहतका कार्यालयहरूमार्फत सञ्चालन गर्नेछ ।

२०.६.६ उद्योग विभागले उद्योग संचालनको अनुगमन गर्ने, रुग्ण उद्योगको पुनर्स्थापनका लागि कार्यक्रम संचालन गर्ने, कार्यान्वयनस्तरमा समन्वय गर्ने र समस्या समाधान गर्ने, आदि कार्यको जिम्मेवारी वहन गर्नेछ ।

२०.६.७ आफूलाई भएको अधिकार विभागले जिल्लास्थित लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्डको कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## २०.७ एकल बिन्दु सेवा केन्द्र (One Stop Service Centre)

कानुनद्वारा प्रदत्त सुविधा, सहुलियत तथा पूर्वाधार सेवा समयमै बिना भन्भट एकै थलोबाट उद्योगलाई उपलब्ध गराउन उद्योग विभागमा एकल बिन्दू सेवा केन्द्रको गठन गरिनेछ । उक्त सेवा केन्द्रको काम, कर्तब्य र अधिकारसम्बन्धी व्यवस्था कानूनद्वारा गरिनेछ ।

## २०.८ नेपाल गुणस्तर तथा नापतौल विभाग

२०.८.१ औद्योगिक उत्पादनको गुणस्तरीयता सुनिश्चित गर्नका लागि हालको नेपाल गुणस्तर तथा नापतौल विभागलाई संस्थागत सुदृढीकरण गरी स्तरोन्नति गरिनेछ । स्वदेशी उद्योगवाट उत्पादित वस्तुको (खाद्य र औषधिवाहेक) गुणस्तर प्रमाणीकरण र अनुगमन विभागले गर्नेछ ।

२०.८.२ निकासीजन्य वस्तुको प्रमाणीकरण प्रकृयामा नेपाल गुणस्तर तथा नापतौल विभागलाई मुख्य निकायको रूपमा विकास गरिनेछ ।

२०.८.३ विभागको कार्यक्षमतालाई सुदृढ र व्यापक तुल्याउन आवश्यक थप प्राविधिक जनशक्तिको व्यवस्था, प्रयोगशाला र तालिम केन्द्रको व्यवस्थासहित क्षेत्रीय कार्यालयको व्यवस्था तथा कार्यपद्धति एवं साधनस्रोतसम्बन्धी व्यवस्थामा समयसामयिक सुधार गरिनेछ ।

## २०.९ बौद्धिक सम्पत्ति संरक्षण कार्यालय :

बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी समग्र कार्यक्षेत्र र जिम्मेवारीलाई समेटी बौद्धिक सम्पत्ति संरक्षण कार्यालयको स्थापना गरिनेछ । बौद्धिक सम्पत्ति अधिकारको प्रवर्द्धन र प्रभावकारी संरक्षणको काम यस कार्यालयले गर्नेछ ।

## २०.१० कम्पनी रजिष्ट्रारको कार्यालय

२०.११.१ कम्पनी रजिष्ट्रारको कार्यालयलाई सक्षम तवरले कार्यसम्पादन गर्नसक्ने गरी उक्त कार्यालयबाट उपलब्ध सेवाहरूलाई विभिन्न क्षेत्र/जिल्लास्तरसम्म विकेन्द्रित गरिनेछ ।

२०.११.२ कम्पनी रजिष्ट्रारको कार्यालयबाट हुँदै गरेको कार्यलाई क्षेत्रीयस्तरवाट समेत सम्पादन हुन सक्ने गरि क्षेत्रीयस्तरका सँगठनहरु विस्तार गरी नेटर्वकिङ्ग गरिनेछ ।

२०.११.३ कम्पनी रजिष्ट्रारको कार्यालयलाई व्यवस्थित र सुदृढ बनाई कम्पनी कानूनलाई समेत समसामयिक पुनरावलोकन गरिनेछ ।

## २०.१२ खानी तथा भूगर्भ विभाग

खानी तथा भूगर्भ विभागका क्रियाकलापलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार प्राविधिक जनशक्ति, भौतिक तथा वित्तीय साधनस्रोतको पर्याप्त व्यवस्थाका साथै क्षेत्रीय कार्यालयहरूको व्यवस्था गरिनेछ ।

## २०.१३ राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड र घरेलु तथा साना उद्योग विकास समिति

२०.१३.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन एवं प्रशासनमा कार्यरत निकायहरु वीचको अस्पष्टता हटाउन केन्द्रियस्तरमा “लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन वोर्ड” गठन गरिनेछ । घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तार गर्ने जिम्मेवारी रहेको घरेलु तथा साना उद्योग विकास समितिलाई सोही वोर्डको संरचना भित्र समाहित गरी ७५ वटै जिल्लामा समितिको कार्यालयहरुबाट लघु उद्यम, घरेलु तथा साना उद्योगहरुको दर्ता नविकरण सुविधा सिफारिश लगायत सम्पूर्ण प्रवर्द्धनात्मक सेवा उपलव्ध गराइने छ ।

२०.१३.२ लघु उद्यम, घरेलु तथा साना उद्योगहरुको विकास र प्रवर्द्धन गर्नको निम्ति देहाय बमोजिमको राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन वोर्ड स्थापना गरिने छ ।

**बोर्डको गठन :–**

| | | |
|---|---|---|
| (क) | माननीय उद्योगमन्त्री/राज्यमन्त्री | अध्यक्ष |
| (ख) | माननीय उद्योग राज्यमन्त्री र/वा सहायक मन्त्री | सदस्य |
| (ग) | सदय, राष्ट्रिय योजना आयोग (उद्योग हेर्ने | ,, |
| (घ) | गर्भनर नेपाल राष्ट्र वैंक | ,, |
| (ङ) | सचिव उद्योग मन्त्रालय | ,, |
| (च) | सरोकारवाला विभिन्न मन्त्रालयको सचिवज्यूहरु (आवश्यकता अनुसार आमन्त्रण गरिने | ,, |
| (छ) | अध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ | ,, |
| (ज) | अध्यक्ष नेपाल घरेलु तथा साना उद्योग महासंघ | ,, |
| (झ) | अध्यक्ष राष्ट्रिय लघु उद्यमी समूह संघ | ,, |

(ञ) अध्यक्ष वन उपभोक्ता महासंघ ,,

(ट) प्रतिनिधिहरु (बढिमा तीन जना),
ट्रेड युनियन महासंघहरु ,,

(ठ) लघु उद्यम, घरेलु तथा साना उद्योग क्षेत्रका
महिला उद्यमी प्रतिनिधिहरु - दुई जना ,,

(ड) कार्यकारी निर्देशकः लघु उद्यम, घरेलु
तथा साना उद्योग प्रवर्द्धन वोर्ड सदस्य
सचिव

**२०.१३.३ वोर्डको काम, कर्तव्य र अधिकार :–**

(क) लघु उद्यम, घरेलु र साना उद्योगको प्रवर्द्धन तथा लगानी विस्तार सम्वन्धी नीति नियमको तर्जुमा र कार्यान्वयनमा आवश्यक मार्गदर्शन गर्ने ।

(ख) लघु उद्यम, घरेलु र साना उद्योग नीतिको उद्देश्य र कार्यान्वयनस्तरवीच समन्वय कायम गर्ने ।

(ग) उद्योगको स्तरीकरण र वर्गीकरणमा कुनै हेरफेर गर्नु परेमा नेपाल सरकारलाई सिफारिश गर्ने ।

(घ) लघु उद्यम, घरेलु र साना उद्योग नीतिले प्रदान गरेका सुविधा सहुलीयत कुनै उद्योगले नपाएको भनी निवेदन परेमा सो उपर जाँचवुझ गरी सम्वन्धित निकायलाई निर्देशन दिने ।

(ङ) लघु उद्यम, घरेलु र साना उद्योगलाई यस नीतिले प्रदान गरेको सुविधा आफ्ना कार्यालयहरु मार्फत प्रदान गर्ने ।

(च) आफनो कुनै काम, कर्तव्य तथा अधिकार आवश्यकतानुसार सम्बन्धित कार्यालयहरुलाई प्रत्यायोजन गर्ने ।

२०.१३.४ नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारले वोर्डको सदस्यहरु थपघट वा हेरफेर गर्न सक्नेछ ।

२०.१३.५ वोर्डले आवश्यक ठानेमा कुनै पदाधिकारी वा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्ने छ ।

२०.१३.६ वोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ । वोर्डको बैठकसम्बन्धी अन्य कार्यविधि वोर्डले तय गरे वमोजिम हुनेछ ।

२०.१३.७ लघु उद्यम, घरेलु तथा साना उद्योग व्यवसायमा प्रत्यक्ष असर गर्ने गरी अन्य कुनै पनि सरकारी निकायले नीति तर्जुमा एवं परिवर्तन गर्दा उद्योग मन्त्रालय मार्फत यस वोर्ड सँग परामर्श लिनु पर्नेछ ।

२०.१३.८ लघु उद्यम, घरेलु र साना उद्योगको प्रवर्द्धनको कामलाई प्रभावकारी वनाउन नेपाल सरकारले स्थानीयस्तरमा जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा आवश्यकतानुसार सम्वद्ध निकाय र सरोकारवालाको प्रतिनिधित्व हुने गरी "जिल्ला लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन समिति" गठन गर्न सक्नेछ ।

## २१. महिला उद्यमीहरूका लागि विशेष व्यवस्था

महिलाहरू अझ बढी उद्योग व्यवसायमा संलग्न भई बढी से बढी रोजगारको अवसर प्रदान गर्न उद्योग व्यवसायको क्षेत्रमा अगाडि बढुन् भन्ने उद्देश्यले महिलाको आर्थिक सशक्तिकरणका लागि समावेशी अवधारणा अनुरुप निम्न बमोजिम विशेष व्यवस्था गरिनेछ :

२१.१ कुनै पनि उद्योग/व्यवसाय सम्बन्धी नीति निर्माण गर्ने तहमा सम्बन्धित औद्योगिक व्यवसायमा संलग्न आदिवासी, जनजाती, दलित, मधेशी, सिमान्तकृत वर्गका महिलाहरुको प्रतिनिधित्व अनिवार्य गरिनेछ ।

२१.२ घरेलु तथा साना स्तरका महिला उद्यमीहरुलाई सरल तथा सुलभ तरिकाबाट ऋण प्रवाह गर्न विभिन्न वैंकिङ्ग तथा सहकारी संस्थाहरुमा समुह ऋणको व्यवस्था गरिनेछ ।

२१.३ उद्योग स्थापना गर्दा दिइने Venture Capital मा महिलाहरुलाई प्राथमिकता दिइनेछ ।

२१.४ महिलाको नाममा मात्र उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तूरमा ३५ प्रतिशत छुट दिईनेछ ।

२१.५ महिला उद्यमीहरुले औद्योगिक क्षेत्रमा उद्योग राख्न चाहेमा विशेष प्राथमिकता दिइने छ ।

२१.६ महिला उद्यमशिलता विकास गरी महिलाहरुलाई उद्यमी बन्न प्रोत्साहन गर्न प्रविधि विकाससम्वन्धी तालीम, सभा, सेमिनार, अध्ययन भ्रमण दलमा महिला उद्यमीहरुलाई समावेश गरिनेछ ।

२१.७ विभिन्न विकास क्षेत्रहरुमा स्थापना हुने बिक्री कक्षहरुमा महिला उद्यमीहरुद्वारा उत्पादित सामानहरुको बिक्री कक्षको समेत व्यवस्था गरिनेछ ।

२१.८ सरकारी निकायद्धारा संचालन गरिने उद्योग व्यवसायसम्बन्धी प्रदर्शनीमा महिला उद्यमी/व्यवसायीहरुलाई अनिवार्यरुपमा संलग्न गराइनेछ ।

२१.९ आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने महिला उद्यमी/व्यवसायीहरुलाई व्यवसायको वित्तीय स्थितिको आधारमा निर्यात कर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

२१.१० महिलाको नाममा मात्र दर्ता भएको उद्योगलाई औद्योगिक सम्पत्ति पेटेण्ट, डिजाईन र ट्रेडमार्क दर्ता गराउँदा लाग्ने दस्तूरमा २० प्रतिशत छुट दिईनेछ ।

२१.११ महिला उद्यमशीलता विकासका लागि छुट्टै महिला उद्यमशीलता विकास कोष खडा गरिनेछ ।

२१.१२ महिला उद्यमीको विकासको लागि उद्योग मन्त्रालयमा छुट्टै बिषयगत एकाइ (unit) खडा गरिनेछ ।

२१.१३ सबै उद्योग व्यवसायले महिला उद्यमी, महिला कामदार र महिला सेवाग्राहीको अधिकार संरक्षणका लागि कार्यस्थलमा लैंगिकतामा आधारित सबै प्कारका हिंसाजन्य कार्य र व्यवहारको रोकथाम र नियन्त्रणका लागि निर्देशिका बनाई लागू गर्न अनिवार्य व्यवस्था गरिनेछ ।

२१.१४ उद्योग प्रवर्द्धनसम्बन्धी योजना, कार्यक्रम तथा बजेटको कार्यान्वयनलाई लैंगिक मैत्री तुल्याई लैंगिक समानताको प्रत्याभूति सुनिश्चित गर्न सम्बन्धित नीति तथा कार्यक्रमकौ लैंगिक विश्लेषण र लेखाजोखा (Gender Analysis and Assessment), लैंगिक परीक्षण (Gender Audit) तथा लैंगिक बजेट (Gender Budget) पद्धति कार्यान्वयनमा ल्याइनेछ ।

## २२ रुग्ण उद्योगको पुनरुत्थान तथा पुनर्निर्माणसम्बन्धी व्यवस्था

सबैस्तरका रुग्ण उद्योगको पहिचान र पुनरुत्थान तथा पुनर्निर्माण गर्न कानूनमा व्यवस्था गरी सम्बन्धित क्षेत्रका विशेषज्ञहरु रहेको एक अधिकारसम्पन्न र उच्चस्तरीय न्यायिक अधिकारसहितको आयोग गठन गरी रुग्ण उद्योगसम्बन्धी समस्याको समाधान गरिनेछ । आयोगको संरचना, काम, कर्तव्य र अधिकार कानूनले निर्धारण गरेबमोजिम हुनेछ ।

## २३. आर्थिक पक्ष

प्रस्तुत नीतिको कार्यान्वयनबाट औद्योगिक क्रियाकलापमा थप वृद्धि भई लगानी वृद्धि, गुणात्मक उत्पादनमा बढोत्तरी तथा उत्पादकत्व अभिवृद्धि, उत्पादनशील र दक्ष जनशक्तिको विकास र रोजगारी सृजना, निर्यात वृद्धि, औद्योगिक संस्कारको विकासको माध्यमबाट देशको समष्टिगत आर्थिक विकासमा योगदान पुग्न जाने छ ।

## २४. कानूनी व्यवस्थामा सुधार

यस नीतिमा उल्लेखित प्रावधानहरुलाई आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन लगायत विभिन्न सम्बन्धित कानूनी व्यवस्थाहरूमा समावेश गरेर कानूनी स्वरुप प्रदान गरिनेछ ।

## २५. अनुगमन तथा मूल्याङ्कन

नीति कार्यान्वयनको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङ्कन राष्ट्रिय योजना आयोगले गर्नेछ । नीतिको भौतिक उपलब्धिको अनुगमन तथा कार्यगत मूल्यांकन उद्योग मन्त्रालयले गर्नेछ । लगानी वातावरणको समग्र अवस्था वारे अध्ययन अनुसन्धानको माध्यमबाट लगानी वोर्डले पनि अनुगमन र मूल्यांकन गर्नेछ । नीति कार्यान्वयनको समग्र पक्षको मूल्यांकन प्रतिवेदन सार्वजनिक गरिनेछ । यस नीति अन्तर्गत स्थापित हुने लघु उद्यमहरुको अनुगमन स्थानीय गा.वि.स. वा न.पा.ले गर्ने र यसको जानकारी लघु उद्यम, घरेलु र साना उद्योग प्रवर्द्धन बोर्डको जिल्ला कार्यालयमा दिइनेछ । यसका निमित्त आवश्यक भए बोर्डको जिल्ला कार्यालयसँग थप सहयोग माग गर्न सक्नेछ । घरेलु र साना उद्योगहरुको आवधिक अध्ययन, अनुगमन र मूल्यांकन गर्ने व्यवस्था लघु उद्यम, घरेलु र साना उद्योग प्रवर्द्धन वोर्ड र यस मातहतका कार्यालयले गर्नेछन् । उद्योगहरूको वर्गीकरणको आधारमा मझौला तथा ठूला र अनुमति लिनु पर्ने वर्गका साना उद्योगको अनुगमन उद्योग विभागबाट हुनेछ ।

## २६. नीतिको पुनरावलोकन तथा सुधार

प्रत्येक पांच बर्षमा नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको स्वतन्त्र रुपमा मूल्यांकन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।

## २७. जोखिम

अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नुपर्ने भएकोले औद्योगिक उत्पादनको गुणस्तर र उत्पादकत्वमा वृद्धि गरि प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन तथा वितरण गर्न नसकिएमा नेपाली उद्योगहरु सीमान्तकृत (Marginalised) हुन सक्ने सम्भावना रहेको हुँदा यस पक्षलाई ध्यानमा राखि अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी वनाई प्राप्त पृष्ठपोषण (Feedback) का आधारमा ऐन तथा नीतिमा समयानुकुल परिवर्तन गर्ने तर्फ सचेत हुनुपर्ने देखिएको छ । साथै, उद्योग क्षेत्रको योगदान राजश्व अभिवृद्धितर्फ भन्दा पनि रोजगारी सृजना, आय आर्जन एवं कूल राष्ट्रिय उत्पादनमा अभिवृद्धितर्फ परिलक्षित गर्न सकिएमा मात्र उद्योग क्षेत्रको विकासका लागि सकारात्मक र सवल वातावरण सृजना हुन जाने हुन्छ ।

## २८. खारेजी

औद्योगिक नीति, २०४९ खारेज गरिएको छ ।

## अनुसूची-१

(दफा १२.२.१ सँग सम्बन्धित)

## कृषि तथा वन पैदावारमा आधारित उद्योग

१. फलफूल खेती / फलफूल प्रशोधन

२. खाद्य प्रशोधन

३. पशुपालन र पशु प्रजनन, पशुपंक्षी पालन र प्रजनन

४. दुध उद्योग (दुधका परिकार उत्पादन समेत)

५. कुखुरापालन/चल्ला काढ्ने व्यवसाय

६. मत्स्य पालन / भुरा उत्पादन

७. रेशम खेती तथा रेशम प्रशोधन

८. चिया बगान / चिया प्रशोधन

९. कफी खेती / कफी प्रशोधन

१०. जडिवुटी खेती / जडिबुटी प्रशोधन

११. तरकारी बीउ बिजन उत्पादन

१२. तरकारी खेती / तरकारी प्रशोधन

१३. हरित गृह स्थापना र सञ्चालन

१४. मौरीपालन (मह उत्पादन प्रशोधन र प्रजनन)

१५. पुष्प खेती (माला बनाउने, सजावट गर्ने, गुच्छा वनाउने र वीउ विजन उत्पादन समेत)

१६. नर्सरी व्यवसाय

१७. रबर खेती तथा रबरको प्रारम्भिक प्रशोधन

१८. शीत भण्डार

१९. सहकारी/कबुलियति/सामुदायिक/निजी वनको स्थापना र व्यवस्थापन

२०. नगदेवालीको व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, Sweet Sorghum, Stevia Rebaudiane सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि)

२१. वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु

२२. वनस्पति उद्यान स्थापना र व्यवस्थापन

२३. वनस्पति प्रजनन् व्यवसाय (टिस्सु कल्चर समेत) ।

## अनुसूची-२

(दफा १२.२.६ सँग सम्बन्धित)

### पर्यटन उद्योग

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट (Resorts) तथा रेष्टुराँ

२. ट्राभेल एजेन्सी, टुर अप्रेटर, टुरिष्ट गाइड, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा (spa)

३. साहसिक पर्यटन (Adventure Tourism): स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्याफ्टिङ्ग (Water Rafting), हट एयर व्यालुनिङ्ग (Hot Air Balloning), प्यारा सेलिङ्ग (Para Sailing), घोडचढी (Horse Riding), बन्जी जम्पिङ्ग (Bunjee Jumping), हिमाल आरोहरण र अबलोकन ।

४. गल्फ कोर्स, पोलो (Polo), पोनी ट्रेकिङ्ग (Pony Trekking), पदयात्रा (Trekking),

५. ग्रामीण पर्यटन तथा पर्या पर्यटन (Eco-tourism) ।

६. सांस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन (Cultural, Religious, Conference and Sports Tourism)

७. मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन

८. वन्यजन्तु आरक्ष (Wild Life Conservation)

९. Mountain Flight सञ्चालन

## अनुसूची-३

(दफा १२.२.७ सँग सम्बन्धित)

## निर्माण उद्योग

## (निर्माण गरी सञ्चालन गर्ने

१. सडक, पुल, सुरुङ्ग

२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्गकार

३. हवाई धावन मार्ग / विमानस्थल

४. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स

५. सभा सम्मेलन केन्द्र

६. ढल तथा ढल निकास

७. खानेपानी आपूर्ति तथा वितरण

८. सिँचाइ पूर्वाधार

९. उर्जाघर तथा उर्जा प्रसारण लाइन

१०. खेलकुद गृह, रङ्गशाला (Sport Complexes, Stadium)

११. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह

१२. निर्यात प्रशोधन क्षेत्र

१३. विशेष आर्थिक क्षेत्र

१४. कार्गो कम्प्लेक्स

१५. सौर्य तथा वायुबाट उर्जा उत्पादन

१६. दूषित पानी प्रशोधन केन्द्र (Water treatment plant)

उपरोक्त उद्योगहरु निर्माण, स्वामित्व र हस्तान्तरण (Build-Own-Operate-Transfer-BOOT), निर्माण सञ्चालन र हस्तान्तरण (Build-Operate-Transfer-BOT) तथा निर्माण र संचालनको प्रारुपमा संचालन हुनुपर्नेछ ।

## अनुसूची-४

(दफा १२.२.८ सँग सम्बन्धित)

## सूचना तथा संचार प्रविधि उद्योग

१. टेक्नोलोजी पार्क

२. आइ टि पार्क

३. वायोटेक पार्क

४. सफ्टवेयर विकास

५. कम्प्यूटर तथा सम्बन्धित सेवाहरु

६. तथ्याङ्क प्रशोधन

७. साइवर क्याफे

८. डिजिटल म्यापिङ्ग

९. भी–स्याट, इन्टरनेट सेवा

१०. टेलिफोन तथा सेलुलर टेलिफोन सेवाहरु

११. मोवाइल टेलिफोन

१२. पेजिङ्ग सेवा

१३. टेलिभिजन प्रसारण (स्याटेलाइट तथा केबल टेलिभिजन प्रसारण) सेवा

१४. एफ.एम. रेडियो प्रसारण सेवा

१५. इमेल, भ्वाइस मेल, फ्याक्स

१६. अडियो–भिडियो, सि.डि. रोम रेकर्डिङ्ग तथा उत्पादन

१७. प्रिन्ट मिडिया उद्योग

१७. Business Process Outsourcing (BPO)

## अनुसूची-५

(दफा १२.२.९ सँग सम्बन्धित)

## सेवामूलक उद्योग व्यवसाय

१. यान्त्रिक कार्यशाला (वर्कशप)
२. छापाखाना तथा छपाई सम्बन्धी सेवा
३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु
४. जिनिङ्ग तथा बेलिङ्ग (Ginning and Baling) व्यवसाय
५. चलचित्र निर्माण व्यवसाय
६. प्रदर्शनी सेवा
७. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय
८. निर्माण व्यवसाय
९. सार्वजनिक परिवहन व्यवसाय
१०. फोटोग्राफी
११. अस्पताल
१२. नर्सिङ्ग होम
१३. शिक्षण एवं प्रशिक्षण संस्था
१४. पुस्तकालय, अभिलेखालय तथा सँग्राहलय सेवा
१५. प्रयोगशाला
१६. हवाई सेवा
१७. खेलकूद सेवा
१८. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य)
१९. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत
२०. फोहोर मैला संकलन तथा सरसफाई
२१. घर जग्गा (Real Estate) खरीद बिक्री सम्बन्धी व्यवसाय
२२. निर्माण सम्बन्धी भारी उपकरण (Heavy Equipment) भाडा, मर्मत तथा सञ्चालन
२३. पशु चिकित्सा सेवा
२४. व्याट्री रिचार्जिङ्ग
२५. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला
२६. निर्माण भईसकेका पूर्वाधारहरुको संचालन गर्ने जस्तै (सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, ईन्धन तथा ईन्धनजन्य ग्याँस आपूर्ति सम्बन्धी

पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेकस, रोपवे, सडक, सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (Inland Clearance Depot-ICD) आदी सेवा सञ्चालन गर्ने व्यवसायहरु

२७. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य

२८. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक)

२९. कार्गो व्यवसाय

३०. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्यांस रिफिलिङ्ग गर्ने स्टेशन समेत)

३१. कुरियर सेवा

३२. ड्राइक्लिनिङ्ग व्यवसाय

३३. व्यूटी पार्लर

३४. आन्तरिक सजावट (क्षलतभचष्यच म्भअयचबतष्यल)

३५. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय

३६. प्रकाशन सेवा

३७. विज्ञापन सेवा

३८. विज्ञापन सामग्री तयार गर्ने सेवा

३९. समाचार सम्प्रेषण सेवा

४०. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण

४१. स्वाइल टेष्टिङ्ग सेवा

४२. Health Club

४३. पिउने पानी ढुवानी सेवा

४४. जुलोजिकल पार्क संचालन

४५. जियोलोजिकल पार्क संचालन

४६. व्यवसाय सम्वर्द्धन सेवा (Business incubation service)

४७. व्यापारिक कम्प्लेक्स सञ्चालन

४८. वैदेशिक रोजगार सेवा

## अनुसूची-६

(दफा १२.३.२ सँग सम्बन्धित)

### परम्परागत तथा अन्य घरेलु उद्योगहरु*

१. ह्याण्ड लूम, पेडल लूम, सेमी–अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई ।

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी पाखी, गलैंचा, पश्मिना, पोशाक ।

३. हातेकागज र सोमा आधारित वस्तु ।

४. परम्परागत कलामा आधारित वस्तु (Filigree and Ornamental Items based on Traditional Crafts) ।

५. परम्परागत मूर्तिकला ।

६. तामा, पित्तल, ढलौट, कांस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भांडावर्तन तथा हस्तकलाका सामान ।

७. फलामबाट बनेका हस्तनिर्मित भांडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हंसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु ।

८. सुन चांदीबाट हस्तनिर्मित गर गहना, वस्तु, भांडा वर्तनहरु (बहुमूल्य, अर्ध वहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत) ।

९. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग ।

१०. ग्रामीण ट्यानिङ्ग/छालबाट हस्त निर्मित वस्तुहरु ।

११. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग ।

१२. पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु) ।

१३. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला ।

१४. मुकुण्डो (Mask) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना ।

१५. परम्परागत संस्कृति, वाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु ।

१६. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मक वस्तुहरु ।

१७. सेरामिक्स तथा माटाका भाँडाकुँडा ।

---

*परम्परागत घरेलु उद्योगको हकमा १० किलो वाट भन्दा बढी विद्युत शक्ति क्षमता भएको हुनु हुँदैन ।

## अनुसूची-७

(दफा १३.१ सँग सम्बन्धित)

### प्राथमिकता प्राप्त उद्योगहरु

१ कृषि तथा वन पैदावारमा आधारित अनुसूची १ वमोजिमका उद्योग ।

२. निर्माण उद्योग (निर्माण गरि सञ्चालन गर्ने अनुसूची ३ वमोजिमका उद्योग ।

३. जलविद्युत उत्पादन तथा वितरण लगायतका उर्जामूलक उद्योगहरु ।

४. निकासी प्रवर्द्धन उद्योग ।

५. पूर्वाधार सहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो (Polo), पोनी ट्रेकिङ्ग (Pony Trekking), पदयात्रा ( Trekking) पर्यटन, वाटर ऱ्याफ्टिङ्ग (Water Rafting), सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्षण ।

६. खानीजन्य उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण तथा उत्पादन ।

७. स्वदेशी चुनढुंङ्गा प्रयोग गरी क्लिङ्गर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायानिक मल (मिश्रण बाहेक) धूलो दूध, औषधी उत्पादन, फोहोर मैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन वचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदुषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेशिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग ।

८. सार्वजनिक परिवहन व्यवसाय, शित भण्डार निर्माण तथा सञ्चालन, फोहोर मैला संकलन, ग्रामीण सूचना तथा संचार प्रविधि सम्बद्ध सेवा, कम्प्यूटर सफ्टवेयर ।

९. काठमाडौं उपत्यका, पोखरा उपमहानगरपालीका र तराई क्षेत्रका उपमहानगरपालिका तथा नगरपालिका क्षेत्र वाहिर स्थापना हुने अस्पताल, नर्सिङ्ग होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परिक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरु ।

१०. परम्परागत घरेलु उद्योग ।

## अनुसूची-८

(दफा १४.१ सँग सम्बन्धित)

## अनुमति लिनु पर्ने उद्योगहरु

१) हातहतियार, गोलीगट्ठा, वारुद लगायतका विस्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टीङ्ग) मुद्रा तथा सिक्का उद्योग ।

२) चुरोट, विडि, खैनी, सिगार तथा सूर्ति मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग र वियर तथा मदिरा उत्पादन गर्ने उद्योग ।

३) ढुंगा, गिट्टी, बालुवा उत्खनन्, प्रशोधन गर्ने उद्योगहरु ।

४) क्षेत्रगत ऐनले व्यवस्था गरेका अनुमति लिनुपर्ने उद्योगहरु ।

# अनुसूची-९

(दफा १७.२ सँग सम्बन्धित)

## अति अविकसित क्षेत्र

| | | |
|---|---|---|
| १. बाजुरा | २. जाजरकोट | ३. डोल्पा |
| ४. हुम्ला | ५. जुम्ला, | ६. कालीकोट |
| ७. दार्चुला | ८. अछाम | ९. वझाङ्ग |
| १०. मुगु | ११. रुकूम | १२. सल्यान |
| १३. दैलेख | १४. रोल्पा | १५. तेह्रथुम |
| १६. डोटी | १७. खोटाङ्ग | १८. संखुवासभा |
| १९. मनाङ्ग | २०. मुस्ताङ्ग | २१. सोलुखुम्वु |
| २२. ताप्लेजुङ्ग | २३. ओखलढुङ्गा | |

## अनुसूची-१०

(दफा १७.३ सँग सम्बन्धित)

### अविकसित क्षेत्र

| | | |
|---|---|---|
| १. वैतडी | २. डडेलधुरा | ३. म्याग्दी |
| ४. भोजपुर | ५. इलाम | ६. सिन्धुली |
| ७. पाँचथर | ८. प्यूठान | ९. वाग्लुङ्ग |
| १०. रसुवा | ११. सिन्धुपाल्चोक | १२. गुल्मी |
| १३ पर्वत | १४. दोलखा | १५. रामेछाप |

## अनुसूची-११

(दफा १७.४ सँग सम्बन्धित)

### कम विकसित क्षेत्र

| | | |
|---|---|---|
| १. कैलाली | २. वर्दिया | ३. कञ्चनपुर |
| ४. पाल्पा | ५. लम्जुङ्ग | ६. गोरखा |
| ७. अर्घाखाँची | ८. धनकुटा | ९. सुर्खेत |
| १०. दाङ्ग | ११. स्याङ्गजा | १२. तनहुँ |
| १३. उदयपुर | १४. नुवाकोट | १५. धादिङ्ग |
| १६. काभ्रेपलाञ्चोक | १७. कपिलवस्तु | १८. सिराहा |
| १९. बाँके | २०. धनुषा | २१. रौतहट |
| २२ सप्तरी | २३. सर्लाही | २४. महोत्तरी |

# आपूर्ति नीति, २०६९

## १. पृष्ठभूमि

वस्तु तथा सेवाको माग र आपूर्ति बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। वस्तु तथा सेवाको माग र आपूर्तिबीचको सन्तुलन प्रभावकारी तथा व्यवस्थित गर्न विगतमा भएका प्रयास तथा विद्यमान व्यवस्थाले समय सापेक्षरूपमा अपेक्षित प्रतिफल दिनसकेको छैन। एकातिर खुला र प्रतिस्पर्धात्मक अर्थतन्त्रमा आपूर्ति व्यवस्थापन क्षेत्र दिनानुदिन विस्तृत, जटिल र चुनौतीपूर्ण बन्दै गइरहेको छ भने अर्कोतिर समग्र आपूर्ति क्षेत्रको व्यवस्थापन, नियमन र प्रशासनको लागि हालसम्म एकीकृत नीतिगत व्यवस्था नभएकोले समन्वयात्मक ढङ्गले कार्यक्रम संचालन गर्न कठिनाई भइरहेको छ। यसै पृष्ठभूमिमा अन्तर्राष्ट्रिय सिद्धान्त तथा व्यवहारलाई दृष्टिगत गर्दै मुलुकको आपूर्ति प्रणाली तथा विद्यमान संरचनामा समयानुकूल परिवर्तन गरी विद्यमान परिवेशमा विगतमा भएका कमी कमजोरीलाई सच्याउँदै देश र जनताको अपेक्षा अनुसार समष्टिगत सामाजिक, आर्थिक, व्यवसायिक तथा सार्वजनिक सेवा प्रवाहमा सकारात्मक तथा दिगो परिवर्तन गर्ने अभिप्रायले आपूर्ति नीति, २०६८ जारी गरिएको छ। यो नीतिले मुलुकको समग्र आपूर्ति क्षेत्रलाई उचित रूपमा व्यवस्थापन गर्न मार्ग निर्देशकको भूमिका खेल्ने अपेक्षा लिएको छ। यस नीतिको माध्यमबाट उपभोक्ताहरूलाई अत्यावश्यक वस्तु तथा सेवा कुनै अवरोधबिना स्वस्थ प्रतिस्पर्धाका आधारमा, पर्याप्त, सहज, सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउने सम्बन्धमा नीतिगत तथा संस्थागत सुधार कार्यलाई अघि बढाउन आधार प्राप्त हुनुका साथै समष्टिगत आपूर्तिक्षेत्रको प्रशासन, व्यवस्थापन तथा नियमनको लागि दिशाबोध समेत हुने विश्वास राखिएको छ।

## २. विगतका प्रयासहरू

वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्वीकृत कार्यक्षेत्र तथा विषयगत जिम्मेवारी अनुसार आपूर्ति व्यवस्थापनसँग सम्बन्धित कार्यहरू गर्न मन्त्रालयमा प्रशासन, संस्थान आपूर्ति महाशाखा तथा एउटा छुट्टै बजार अनुगमन, आपूर्ति व्यवस्थापन तथा संस्थान शाखाको रूपमा संस्थागत संरचनाको व्यवस्था छ। साथै, आपूर्ति व्यवस्थालाई सरल, सबल, सक्षम तथा प्रभावकारी बनाउन समय-समयमा केन्द्रदेखि स्थानीयस्तरसम्म विभिन्न समिति वा यस्तै स्वरूपका विभिन्न संस्थागत

संयन्त्रहरूको व्यवस्था हुँदै आइरहेको छ ।

देशमा उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापन गर्न विशेष कुनै नीति, कानून तथा ठोस संयन्त्र नभए तापनि विगतमा सरकारले आवश्यक सेवा संचालन ऐन, २०१४, आवश्यक पदार्थ नियन्त्रण ऐन, २०१७, पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२, खाद्य ऐन, २०२३, स्टेण्डर्ड नाप र तौल ऐन, २०२५, स्थानीय प्रशासन ऐन, २०२८, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, औषधी ऐन, २०३५, नेपाल गुणस्तर ऐन, २०३७, नेपाल गुणस्तर प्रमाण चिह्न ऐन, २०३७, कीटनाशक विषादी ऐन, २०४७, उपभोक्ता संरक्षण ऐन, २०५४, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, आदि जस्ता आपूर्ति क्षेत्रसँग सम्बन्धित कानूनहरूको व्यवस्था र विभिन्न कार्यकारी, प्रशासनिक तथा न्यायिक निर्णय र निर्देशनहरूबाट आपूर्ति प्रणालीलाई सहज र चुस्त बनाउन प्रयास हुदै आएको देखिन्छ ।

विगतमा सरकारले खुला बजार तथा उदारीकरणको अवधारणालाई समेत आत्मसात गर्दै आपूर्ति व्यवस्थापनलाई अगाडि बढाएको पाइन्छ भने देशका गरीब, निमुखा, दुर्गम तथा संकटग्रस्त क्षेत्रका जनतालाई अत्यावश्यक वस्तु तथा सेवाको सहज उपलब्धता तथा पहुँच बढाउन र जनताको आधारभूत आवश्यकतालाई सम्बोधन गर्न पनि विभिन्न प्रयास गर्दै आएको देखिन्छ । नेपाल सरकारले विभिन्न कानून, आवधिक योजना, नीति तथा कार्यक्रम एवं समय-समयको बजेट वक्तव्यमार्फत पनि अत्यावश्यक उपभोग्य वस्तु वा सेवा आम नागरिकलाई सहज, सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउन, अभावग्रस्त, पिछडिएका दुर्गम र आकस्मिक प्रकोप पीडित क्षेत्रमा उपभोग्य सामग्रीको बन्दोवस्त मिलाउन तथा उत्पादक र उपभोक्ताबीच उत्पादित वस्तु एवं सेवाको प्रवाहलाई निर्विघ्न पार्न पूर्वाधार निर्माण गरी सम्बन्धित सार्वजनिक संस्थानहरूको संचालन, व्यवस्थापन मिलाई आपूर्ति व्यवस्थालाई सुनिश्चित, व्यवस्थित तथा प्रभावकारी बनाउन निरन्तर प्रयास गर्दै आएको देखिन्छ । यसका साथै राज्यको आन्तरिक स्रोत साधन तथा क्षमता अपर्याप्त भएको आकस्मिक अवस्थामा छिमेकी मुलुकहरू तथा द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोग समेत लिई अत्यावश्यक उपभोग्य वस्तुको आपूर्तिलाई सहज बनाउने प्रयास गर्दै आएको पाइन्छ ।

## ३. वर्तमान स्थिति

आपूर्ति व्यवस्थापनको लागि विगतमा गरिएका विभिन्न कानूनी तथा संस्थागत प्रयासहरूको बाबजूद पनि देशमा आपूर्तिको सक्षम, सुलभ तथा प्रभावकारी

व्यवस्थाले अपेक्षित प्रगति हासिल गर्न नसकेको यथार्थ हामीसामु विद्यमान छ। देशको हरेक क्षेत्रमा आम उपभोक्ताको लागि अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति पर्याप्त, सरल, गुणस्तरीय र व्यवस्थित हुन सकेको छैन। यद्यपि दुर्गमक्षेत्रका जनतालाई समयमा नै पर्याप्त र सहज तरिकाले खाद्यवस्तु, स्वास्थ्य सेवा, इन्धन, ग्याँस लगायतका आधारभूत आवश्यकताको परिपूर्ति गर्न राज्यले ठूलो मेहनत गरिरहेको अवस्था छ। एकातिर नेपाल वस्तु तथा सेवाको आपूर्तिको लागि बाह्य देशबाट हुने आयातमा समेत निर्भर रहेको छ भने अर्कोतिर देशभित्र ढुवानीको सहज पहुँच नरहेको अवस्था छ जसले गर्दा आपूर्ति व्यवस्था अपेक्षित रूपमा सर्वसुलभ र प्रभावकारी हुनसकेको छैन। आपूर्ति व्यवस्थापनको मेरुदण्ड तथा मुख्य आयामको रूपमा रहेको सार्वजनिक-निजी साझेदारीको संयन्त्र, उपभोक्ता अनुगमन, खाद्य सुरक्षा, संस्थान सुधार तथा बजार व्यवस्थापनसँग सम्बन्धित कानूनहरू बीच उपयुक्त नीतिगत, संस्थागत र कार्यगत तादत्म्य तथा समन्वयको अभाव देखिन्छ। फलस्वरूप राज्यले हालसम्म अङ्गीकार गर्दै आएको आपूर्ति संचालन र व्यवस्थापनका सरोकारवाला निकायहरू बीच अनावश्यक द्वन्द्व हुने तथा पर्याप्त समन्वय र दायित्व बोध नहुँदा राज्य र जनताले न्यूनतम प्रतिफल पनि प्राप्त गर्न नसकिरहेको अवस्था छ। अहिले धनी र गरिबबीच आय तथा जीवनस्तरको दुरी ज्यादै फराकिलो भएकोले गरिब, निमुखा तथा न्यून आय भएका जनता अत्यधिक मर्कामा परेको स्थिति छ।

आपूर्ति व्यवस्थापनमा निरन्तर अनुगमन, निरीक्षण तथा अनुसन्धान र कारवाही प्रक्रिया व्यवहारिक र वैज्ञानिक हुन नसकेकोले आपूर्ति व्यवस्थापन अन्तर्गत विभिन्न संघसंस्था, समूह तथा क्षेत्रहरूका प्रणालीमा आपराधिक क्रियाकलापहरूका साथै दण्डहीनता पनि बढ्दै गएको देखिन्छ। अर्थात राज्यले समयसापेक्ष रूपमा आपूर्ति व्यवस्थापनको लागि गर्नुपर्ने सुधारको अभावमा सम्पूर्ण आपूर्ति क्षेत्र स्वच्छ, प्रतिस्पर्धात्मक, व्यवसायिक बन्न नसकिरहेको देखिन्छ। विद्यमान परिस्थितिमा राज्यले आपूर्तिसँग प्रत्यक्ष सरोकार राख्ने मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई समेत व्यावहारिक रूपमा अङ्गीकार गर्दै जाने सन्दर्भमा आपूर्ति व्यवस्थापनको विद्यमान संयन्त्र र प्रणालीमा समयानुकूल परिवर्तन गर्न आवश्यक हुन आएको छ। यसै पृष्ठभूमिमा जारी गरिएको यस नीतिको कार्यान्वयनबाट देशमा नियमित, सर्वसुलभ र

सहजरूपमा गुणस्तरीय अत्यावश्यक वस्तु तथा सेवाहरूको आपूर्ति हुने वातावरण सृजना हुनुका साथै उपभोक्ता हित संरक्षण तथा आपूर्ति व्यवस्थापनमा महत्वपूर्ण र सकारात्मक रूपान्तरण हुने अपेक्षा गरिएको छ।

## ४. समस्या तथा चुनौती

राज्यको आपूर्ति व्यवस्थापन प्रभावकारी, सबल, सक्षम तथा समयसापेक्ष रूपमा जनअपेक्षा अनुरुप व्यवस्थित तथा वैज्ञानिक हुन नसक्नु नै अहिलेको मूल समस्या हो । विद्यमान समयमा पनि आपूर्ति व्यवस्था परम्परागत एवं तदर्थवादमा आधारित रहेकोले देश र जनताका लागि अत्यावश्यक उपभोग्य सामग्री पर्याप्त मात्रामा सुलभ तथा सुपथ मूल्यमा उपलब्ध हुन सकिरहेको छैन । आपूर्तिक्षेत्र विविध अनिश्चितताको कारण आक्रान्त भैरहेको छ भने जनताले पाउनुपर्ने आधारभूत सामग्रीहरू जस्तै खाद्यान्न, इन्धन, स्वास्थ्य लगायतका सेवाहरू समेत समयमा उपलब्ध हुन सकिरहेको छैन । नेपालको आपूर्ति व्यवस्था धेरै हदसम्म देशभित्रबाट मात्र सीमित नभई बाह्य आपूर्तिमा समेत निर्भर छ । फलस्वरूप मित्र राष्ट्रहरूसंगको सम्बन्धले पनि यसमाथि यथेष्ट प्रभाव पार्ने गरेको छ । देशको भौगोलिक विकटताका कारण वस्तु तथा सेवाको उपलब्धता, वितरण तथा ढुवानीमा पनि केही हदसम्म कठिनाई भोग्नु परेको छ । प्रभावकारी अनुगमन, मूल्याङ्कन र नियमनको अभावमा यस क्षेत्रमा दण्डहीनताले प्रश्रय पाई कार्टेलिङ्ग, कालाबजारी, अस्वाभाविक महँगी हुनु र जनहित हुने गरी बजार संचालन तथा व्यवस्थापन नहुनु जस्ता चुनौतीपूर्ण अवस्था विद्यमान छ । राज्यको संविधान, आवधिक योजना, बजेट तथा समय-समयमा राज्यले जनतासामु गर्ने आपूर्ति सम्बन्धी प्रतिबद्धतालाई पनि ठोस एकीकृत कानून, संस्थागत व्यवस्था र स्रोतसाधनको अभावका कारण तथा स्थानीयस्तरसम्म पर्याप्त जनचेतना पुग्न नसकेकाले व्यवहारमा उतार्न सकिएको छैन ।

विगतमा सरकारले आपूर्ति व्यवस्थाका लागि बजारका केन्द्रदेखि स्थानीयस्तरसम्म सिर्जना गरेको संयन्त्र तथा आधारभूत वस्तु तथा सेवा आपूर्तिका लागि गठन गरिएका सार्वजनिक संस्थानहरूको व्यवस्थापन कमजोर तथा ह्रासोन्मुख भएकोले पनि आन्तरिक आपूर्ति व्यवस्थापनलाई थप जटिल र चुनौतीपूर्ण बनाएको छ ।

वर्तमान अवस्थामा आम नागरिकहरूको बढ्दो चाहना, अधिकारप्रतिको बढ्दो चेतना र देशका राजनैतिक परिवर्तनले ल्याएको सामाजिक तथा मानवीय विकासको परिवर्तनले आपूर्ति व्यवस्थापनलाई केन्द्रदेखि स्थानीयस्तरसम्म प्रभावकारी र वैज्ञानिक बनाई कार्यान्वयनमा उतार्न राज्य समक्ष थप दबाब श्रृजना गरेको छ । देशमा बिग्रँदो औद्योगिक सम्बन्ध, सरकार-उद्योगी बीचको द्वन्द्व, अस्वाभाविक रूपमा बढ्दो महँगी, कालाबजारी, कार्टेलिङ जस्ता बिग्रँदो आर्थिक कारकतत्वले पनि आपूर्ति व्यवस्थाका लागि थप चुनौती सृजना गरेको छ ।

## ५. नयाँ नीतिको आवश्यकता

अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा आम नागरिकलाई सहज, सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउन, अभावग्रस्त, गरीवी-प्रताडित जनजीवन र आकस्मिक प्रकोप पीडित क्षेत्रमा उपभोग्य सामग्रीको वन्दोवस्त मिलाउन, उत्पादक र उपभोक्ताबीच उत्पादित वस्तु तथा सेवाको प्रवाहलाई निर्विघ्न पार्न र प्रभावकारी मागको श्रृजनाद्वारा आर्थिक क्रियाकलापलाई जीवन्त तुल्याई सुलभ, सुपथ, सुव्यवस्थित र निर्बाध रूपले वस्तु तथा सेवाको आपूर्तिलाई सुनिश्चित व्यवस्था तथा नियन्त्रणका साथै आम उपभोक्तामा विश्वसनीय वातावरणको प्रत्याभूति प्रदान गरी आपूर्ति व्यवस्थापनलाई सक्षमतापूर्वक कार्यान्वयन गर्न स्पष्ट नीतिको आवश्यकता महसुस भएको छ ।

वस्तु तथा सेवाको माग र आपूर्तिको मान्यतामा आधारित पूर्ण प्रतिस्पर्धात्मक बजारका माध्यमबाट आपूर्ति व्यवस्था संचालन हुनुपर्ने आवश्यकता एकातर्फ छ भने अर्कोतर्फ सामाजिक, आर्थिक, शैक्षिकरूपले कमजोर, स्वतन्त्ररूपले छनौट गर्न असक्षम जनसमुदाय तथा भौतिक पूर्वाधारको सुविधा नपुगेका र बजार विकासको न्यूनता रहेका भेगमा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै गैरसरकारी संघसंस्था र नागरिक समाजलाई साथमा लिएर सरकारी संयन्त्र मार्फत सहुलियतपूर्ण आपूर्ति व्यवस्था मिलाउनु पर्ने विद्यमान अवस्था रहेको छ । सम्भावित प्राकृतिक प्रकोप तथा आपत्कालीन अवस्थालाई समेत मध्यनजर गर्दै व्यवस्थित गर्न खाद्य सुरक्षाको भरपर्दो प्रबन्ध मिलाउन पनि जरुरी नै छ ।

यिनै अवस्थालाई मध्यनजरमा राखेर उपयुक्त नीतिगत आधारमा कार्यमूलक योजना, छरितो संस्थागत संयन्त्र, प्रभावकारी कार्यान्वयन प्रणाली, न्यायसंगत र प्रोत्साहनमूलक नियमन पद्धतिको माध्यमबाट उचित मूल्यमा विश्वसनीय, गुणस्तरीय, सर्वसुलभ आपूर्ति व्यवस्था मिलाउन र आर्थिक सुधारका नवीन आयामहरूलाई आत्मसात गर्दै न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका जनतालाई राहत पुऱ्याउन सकियोस भन्ने उद्देश्य लिएर नेपाल सरकारले यस नीतिको तर्जुमा गरको छ ।

बजारमा कृत्रिम अभाव, कालाबजारी चक्र तथा एकाधिकार प्रणाली (सिण्डिकेट), मिलोमतोपूर्ण भाउ निर्धारण(कार्टेलिङ्ग) तथा बजार प्रवेशमा अवरोध जस्ता गैर प्रतिस्पर्धी क्रियाकलाप गरी वस्तु तथा सेवाको सहज आपूर्ति हुन नदिई मूल्य वृद्धि गर्ने, खाद्य तथा पेय पदार्थमा मिसावट गर्ने, गुणस्तरहीन वस्तुको बिक्री वितरण गर्ने र औषधी, खाद्यान्न जस्ता अत्यावश्यक वस्तुको सहज र निरन्तर

आपूर्तिमा व्यवधान उत्पन्न गर्ने प्रवृतिलाई नियन्त्रण गरी उपभोक्तालाई अत्यावश्यक वस्तु तथा सेवा कुनै अवरोध विना स्वच्छ प्रतिस्पर्धात्मक र उचित मूल्यमा सहज तवरले निरन्तर रूपमा उपभोग गर्ने गराउने वातावरण निर्माण गर्नु राज्यको मुख्य दायित्व हो भन्ने मान्यतामा यो नीति तर्जुमा भएको छ ।

### ६. लक्ष्य (Goal)

देशमा अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र नियमित रूपमा उचित गुणस्तर र मूल्यमा आपूर्ति हुने व्यवस्था मिलाई उपभोक्ताको हक हितको संरक्षण गर्ने ।

### ७. उद्देश्य (Objectives)

७.१ गुणस्तरीय वस्तु तथा सेवाको नियमित र सर्वसुलभ रूपमा सहज आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरी प्रतिस्पर्धात्मक तुल्याउने ।

७.२ उपभोक्ताको हक हित र अधिकारको संरक्षण गर्ने ।

७.३ आपूर्ति हुने वस्तु वा सेवाको गुणस्तर कायम गर्ने तथा यथार्थपरक लागत मूल्यको आधारमा उपभोक्ता मूल्य प्रणालीलाई स्थापित गराउने ।

७.४ राष्ट्रिय रूपमा खाद्य सुरक्षा व्यवस्थाको लागि आवश्यक प्रबन्ध गर्ने ।

७.५ अत्यावश्यक वस्तु तथा सेवामा सहज पहुँच नपुगेका, न्यून आय भएका विपन्न तथा दुर्गम क्षेत्रका उपभोक्ताको सुविधा र राहतको लागि एकीकृत आपूर्ति प्रणालीको विकास गर्ने ।

७.६ वस्तु तथा सेवामा हुने कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्ने ।

७.७ वस्तु तथा सेवामा हुने गैर प्रतिस्पर्धात्मक क्रियाकलापलाई नियन्त्रण गर्ने ।

### ८. नीति (Policy)

#### ८.१ आपूर्ति (Supplies) :

८.१.१ आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

८.१.२ अत्यावश्यक वस्तु तथा सेवाको नियमित र सर्वसुलभ ढंगबाट

आपूर्ति गर्न आवश्यक पूर्वाधार एवं संरचनाहरू तयार गर्न प्राथमिकता दिइनेछ ।

८.१.३ खाद्यान्न अभाव भएका क्षेत्रमा खाद्यान्न आपूर्ति गर्नुका साथै विपन्न वर्गका लागि सुपथ मूल्यमा खाद्यान्न आपूर्ति गर्ने संयन्त्रको विकास गरी आपूर्ति व्यवस्था सुनिश्चित गरिनेछ ।

८.१.४ अत्यावश्यक खाद्य वस्तु तथा अन्य उपभोग्य वस्तुको आपूर्तिलाई सहज, सुलभ र प्रभावकारी तुल्याउन तथा कृत्रिम अभाव सृजना हुन नदिई अनुचित मूल्य वृद्धि नियन्त्रण गर्न नेपाल सरकारले आवश्यकतानुसार बजार हस्तक्षेप गर्नेछ ।

८.१.५ दुर्गम क्षेत्रहरूमा बजार तथा मूल्य स्थिरीकरणका लागि खाद्यान्न तथा अन्य अत्यावश्यक वस्तु संचय गर्ने कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।

८.१.६ स्थानीयस्तरमा आवश्यक पर्ने गुणस्तरीय अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्थापन कार्यमा स्थानीय निकायको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

८.१.७ स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता र प्रोत्साहन दिइनेछ ।

८.१.८ खाद्य सम्प्रभुताको कानूनी आधारलाई केन्द्रिकृत गरी खाद्यान्नको वीउविजन तथा मलको आपूर्ति निश्चित मापदण्ड, गुणस्तर र तौल अनुसारको हुने व्यवस्था मिलाइनेछ ।

## ८.२ उपभोक्ता (Consumer) :

८.२.१ उपभोक्ता हित संरक्षण गर्न उपभोक्ताका प्रतिनिधिमूलक संघ-संस्थाहरूलाई परिचालित गरी जनचेतना अभिवृद्धि, सुझाव संकलन, अद्यावधिक सूचना प्रणाली विकास र प्रचार-प्रसारसम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।

८.२.२ खाद्यान्न व्यवस्थापन गर्नलाई विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी उपभोक्ता संरक्षण परिषद् अन्तर्गत क्षेत्रीयस्तरमा खाद्यान्न व्यवस्थापन समिति गठन गरिनेछ र सार्वजनिक संस्थानहरू समेतको माध्यमबाट खाद्यान्नको भण्डारण तथा वितरणको व्यवस्था गरिनेछ ।

८.२.३ उपभोक्ता हित संरक्षण र बजार वातावरणलाई अनुशासित र पारदर्शी बनाउनका लागि आपूर्ति, मूल्य, गुणस्तर, तौल, उपभोग्य मिति, लागत मूल्य सूचीको अनुगमन कार्य गर्न उपभोक्ता संस्थाको प्रतिनिधि सहित वाणिज्य विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, उद्योग विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, घरेलु तथा साना उद्योग विभाग, निरीक्षण अधिकृतको कार्यालय र वस्तु तथा सेवा प्रदायक सम्बन्धित निकाय लगायत अन्य सरोकारवालालाई समेत समन्वयात्मक रूपमा परिचालन गरिनेछ ।

८.२.४ उपभोक्ता हित संरक्षण विषयमा अध्ययन, अनुसन्धान कार्यलाई प्रोत्साहित गरिनुका साथै उपभोक्ता अधिकार सम्बन्धमा शिक्षा दिनका लागि शैक्षिक पाठ्यक्रम तयार गरी कम्तिमा माध्यमिक तहमा उपभोक्ता शिक्षा दिने व्यवस्था मिलाउनुका साथै आपूर्ति तथा मूल्य अनुगमन नीति र कार्यक्रमहरूको अध्ययन गर्ने व्यवस्था समेत मिलाइनेछ ।

८.२.५ उपभोक्ता हित संरक्षण गर्न अत्यावश्यक वस्तुहरूको भण्डारण स्थितिको सूचना प्रवाह गर्ने र तिनको गुणस्तर, लागत अनुगमनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

## ८.३ अनुगमन (Monitoring)

८.३.१ आपूर्ति व्यवस्था प्रभावकारी बनाउन केन्द्रीय, क्षेत्रीय, स्थानीयस्तरमा वस्तु तथा सेवाको लागत, मूल्य र आपूर्ति अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ ।

८.३.२ अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा भण्डारण र लागत अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ ।

८.३.३ अत्यावश्यक उपभोग्य वस्तु एवं निर्माण सामग्रीहरूको माग र आपूर्तिको विश्लेषण र प्रक्षेपण गरी सो सम्बन्धी सूचना प्रवाह गरिनेछ ।

८.३.४ केन्द्रीय, क्षेत्रीय र स्थानीय अनुगमन समितिलाई सक्रिय तुल्याउँदै स्थानीय निकायलाई सहभागी गराई अनुगमन कार्यलाई प्रभावकारी बनाउन विशेष स्थायी संयन्त्रको निर्माण गरिनेछ ।

## ८.४ खाद्य सुरक्षा (Food Security)

८.४.१ अत्यावश्यक खाद्यवस्तुहरूको बजार स्थिरीकरण र खाद्य सुरक्षाको लागि राष्ट्रिय, क्षेत्रीय एवं स्थानीयस्तरमा खाद्यान्न सञ्चय (Buffer stock) गर्ने व्यवस्था मिलाइनेछ ।

८.४.२ दुर्गम क्षेत्रहरूमा खाद्य सुरक्षाको लागि संचय तथा भण्डारणको विशेष व्यवस्था मिलाइनेछ ।

८.४.३ मानव स्वास्थ्यको लागि आवश्यक पर्ने निश्चित मापदण्ड अनुरूपको गुणस्तरीय खाद्यवस्तु आपूर्तिको व्यवस्था मिलाइनेछ ।

८.४.४ दुर्गम क्षेत्रमा खाद्य सुरक्षाको स्थिति निश्चित गर्नका लागि सम्बन्धित निकायहरूको सहयोगमा स्थानीय खाद्यवस्तु उत्पादन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.५ प्राकृतिक प्रकोप र आपतकालीन अवस्थाबाट प्रभावित जनतालाई आवश्यक वस्तु तथा सेवा उपलब्ध गराउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.६ खाद्य सम्प्रभुता र भोकविरुद्धको अधिकार सुनिश्चित गर्न विशेष कार्यक्रम तर्जुमा गरिनेछ ।

## ८.५ संस्थागत सुधार

८.५.१ आपूर्ति व्यवस्थामा संलग्न रहने सार्वजनिक संस्थानहरूले प्रवाह गर्ने सेवाको प्रभावकारिता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८.५.२ मुलकभर अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने एकीकृत सेवा केन्द्र, उपभोक्ता सहकारी पसल, सुपथ मूल्य पसल वा ग्रामीण सहकारी पसलहरूको संस्थागत विकास तथा सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.५.३ आपूर्ति व्यवस्थापनमा संलग्न निजी क्षेत्रको संस्थागत विकासलाई प्रोत्साहन गरिनेछ ।

## ८.६ बजार सम्बन्धी

८.६.१ बजारमा एकाधिकारी प्रवृत्ति, कृत्रिम अभाव, मुनाफाखोरी लगायत आपूर्तिमा व्यवधान हुने क्रियाकलाप रोक्न केन्द्रीय,

क्षेत्रीय, जिल्ला र स्थानीय अनुगमन समितिहरूलाई सक्रिय तुल्याइनेछ । साथै, उत्पादक, आयातकर्ता र थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको संचय र भण्डारण स्थिति सार्वजनिक गर्नुपर्ने प्रणालीको विकास गरिनेछ ।

८.६.२ माथि उल्लेखित आपूर्ति व्यवस्थापन सम्बन्धी मौजुदा कानूनहरूलाई एकीकृत र समयानुकूल बनाई प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ ।

## ९. रणनीति (Strategies)

### ९.१ आपूर्ति (Supplies) :

९.१.१ सार्वजनिक संस्थानहरू, निजी क्षेत्रका लगानीकर्ता, व्यापारिक प्रतिष्ठानहरू तथा सहकारी संघसंस्थाहरूलाई आपूर्ति व्यवस्थापनमा सक्रिय रूपमा सहभागी गराइनेछ ।

९.१.२ आपूर्ति व्यवस्थालाई सहज, चुस्त र प्रभावकारी बनाउन सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई सहभागी गराई समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्न सरकारले सहजकर्ताको भूमिका खेल्नेछ ।

९.१.३ सरकारले निजी लगानीकर्ता एवं सहकारी क्षेत्रको सहभागितामा आपूर्ति क्षेत्रको आवश्यक पूर्वाधार र संरचनाको विकास र विस्तारमा टेवा पुऱ्याउनेछ ।

९.१.४ अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा, निर्माण सामग्रीहरूको आपूर्ति सर्वसुलभ एवं नियमित गर्न गराउन, उत्पादन, आयात, निर्यात र बिक्री मूल्यसम्बन्धी सूचना प्रवाह गर्ने प्रणालीलाई विकसित गरिनेछ ।

९.१.५ अत्यावश्यक खाद्यवस्तु तथा उपभोग्य वस्तुको आपूर्तिलाई सहज, सुलभ र प्रभावकारी तुल्याउन तथा कृत्रिम मूल्यवृद्धि नियन्त्रण गर्न सरकारले आवश्यकतानुसार सार्वजनिक संस्थानहरू मार्फत बजार हस्तक्षेप गर्नेछ ।

९.१.६ अनुसूची १ मा उल्लिखित अत्यावश्यक वस्तु तथा सेवाको आयात सुलभ गरी आपूर्ति व्यवस्थालाई सुदृढ तुल्याइनेछ । साथै देशभित्र सहज रूपमा आपूर्ति हुन नसकेको अत्यावश्यक

वस्तुहरूको निर्यातलाई आवश्यकतानुसार रोक्का गरिनेछ ।

९.१.७ आन्तरिक आवश्यकता पूर्ति गर्ने र निकासीजन्य कृषि तथा औद्योगिक वस्तुको उत्पादन क्षमतामा वृद्धि गर्ने कार्यमा सघाउ पुऱ्याइनेछ ।

९.१.८ पहाडी तथा दुर्गम क्षेत्रमा सहकारी मार्फत आपूर्तिको लागि सहयोग हुने खेती र बाली विकास कार्यक्रमहरू लागू गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ ।

९.१.९ बीउ विजन, मलको मापदण्ड गुणस्तर एवं निश्चित तौलका लागि कृषि विकास मन्त्रालय एवं यस क्षेत्रमा सम्बद्ध अनुसन्धान केन्द्रहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

९.१.१० दुर्गम, अभावग्रस्त, निजी क्षेत्रको पहुँच नभएको तथा केन्द्रीय आपूर्ति व्यवस्था समितिले तोकेको क्षेत्र र वर्गलाई लक्षित गरी एकीकृत आपूर्ति व्यवस्था लागू गरी सरकारी संस्थानहरूबाट वितरण हुने वस्तु तथा सेवाहरू आपूर्ति गर्ने कार्यको लागि राज्य सुविधा वा रासन कार्डको व्यवस्था गरिनेछ ।

९.१.११ उपभोक्ताहरूको स्वास्थ्यलाई ध्यानमा राखी गुणस्तरीय वस्तु तथा सेवाको आपूर्ति व्यवस्थालाई सुनिश्चित गरिनेछ ।

९.१.१२ स्वदेशी उत्पादन तथा सेवाको आपूर्तिलाई प्रतिस्पर्धी बनाइनेछ ।

### ९.२ उपभोक्ता (Consumer) :

९.२.१ उपभोक्ता हित संरक्षणको लागि सूचना तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९.२.२ उपभोक्ता हित संरक्षणका लागि सो क्षेत्रमा कार्यरत व्यक्ति, संघ संस्थाहरूलाई सक्रिय बनाइनेछ ।

९.२.३ उपभोक्ता हित संरक्षण गर्न केन्द्रीय, क्षेत्रीय, जिल्ला तथा स्थानीय अनुगमन समिति र निरीक्षण अधिकृतहरूलाई सक्रिय बनाइनेछ ।

९.२.४ उपभोक्ता हित संरक्षणका लागि गठन भएका संयन्त्रहरूलाई प्रभावकारी बनाउन नेपाल सरकारले आवश्यक साधन स्रोत जुटाउने व्यवस्था मिलाउनेछ ।

९.२.५ उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि सबै जिल्लामा उपभोक्ता अदालतको स्थापना गर्न पहल गरिनेछ ।

९.२.६ उपभोक्ता सचेतनाको लागि माध्यमिक तहदेखि नै उपभोक्ता शिक्षाको व्यवस्था मिलाइनेछ ।

९.२.७ उपभोक्ता हित संरक्षणको लागि उपभोक्ता संरक्षण कोषको व्यवस्था गरिनेछ ।

## ९.३ अनुगमन (Monitoring) :

९.३.१ वस्तु तथा सेवाको माग तथा आपूर्ति, मूल्य, लागत अनुमान सम्बन्धमा उपभोक्ता संघ संस्था लगायत सम्बन्धित निकायहरू एवं अन्य सरोकारवालाहरूको संलग्नता रहेको उपयुक्त संयन्त्र निर्माण गरी निर्धारण, प्रक्षेपण र विश्लेषण गर्ने व्यवस्था गरिनेछ ।

९.३.२ वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण, बिक्री वितरण तथा आपूर्ति व्यवस्थाको नियमित अनुगमन गरी सहज आपूर्ति बनाई राख्न र उपभोक्ता हित संरक्षणलाई सुनिश्चित गर्न उपभोक्ता हितसँग सम्बन्धित संघ-संस्था एवं अन्य सरोकारवालाहरू र नागरिक समाज समेतको संलग्नतामा एक संयन्त्र निर्माण गरिनेछ । यस्तो संयन्त्रले सीमान्तकृत वर्ग, क्षेत्र र समुदाय तथा दुर्गम, पहाडी जिल्लामा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सहज भए नभएको विषयमा समेत अनुगमन गर्नेछ ।

९.३.३ वस्तु तथा सेवाको लागत विश्लेषण गरी लागतमा उचित मुनाफाको प्रतिशत जोडी बिक्री मूल्य निर्धारण भए नभएको विश्लेषण गरिनेछ । साथै, वस्तु तथा सेवाको संचय मापदण्ड तयार गरिनेछ । मापदण्ड विपरीत संचय गर्ने र अनुचित मुनाफा लिई व्यापारिक क्रियाकलाप गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यस सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

## ९.४ खाद्य सुरक्षा (Food Security) :

९.४.१ देशमा प्राकृतिक प्रकोप वा अत्यधिक मागको सिर्जनाबाट उत्पन्न हुनसक्ने अभावको स्थितिलाई सहज गर्न चामल, दाल,

नून, तेल लगायतका खाद्यान्न, पेट्रोलियम पदार्थ आदि अत्यावश्यक वस्तुहरूको कम्तिमा ३ महिनाको लागि आवश्यक परिमाणमा संचय भण्डारण (Buffer Stock) को व्यवस्था गरिनेछ ।

९.४.२ खाद्यान्न अभाव/न्यून हुने दुर्गम जिल्लाहरूमा ढुवानी अनुदान दिई खाद्यान्न (चामल,नून आदि) आपूर्ति गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै, त्यस्ता जिल्लामा व्यावसायिक रूपमा अन्न बालीको खेती गर्नको लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्न कृषि तथा सहकारी मन्त्रालयसँग समन्वय र सहकार्य गरिनेछ ।

९.४.३ आपत्कालीन अवस्थामा खाद्यान्नको अभाव हुन नदिन राष्ट्रिय तथा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनका लागि खाद्यान्न भण्डारण (Buffer Stock) को व्यवस्था गरिनेछ ।

९.४.४ खाद्य सुरक्षाका लागि मुलुकभित्र क्षेत्रीय तथा स्थानीयस्तरमा आवश्यक परिमाणमा खाद्यान्न संचयको व्यवस्था गर्न निजी तथा सार्वजनिक संस्थानलाई आवश्यकतानुसार परिचालन गरिनेछ ।

**९.५ आपूर्ति आयुक्त (Supply Commissioner) सम्बन्धी व्यवस्था :**

९.५.१ वस्तु तथा सेवाको माग र आपूर्तिबीच सन्तुलन ल्याई आपूर्ति व्यवस्थालाई सहज, सुदृढ र प्रभावकारी तुल्याउन प्रत्येक जिल्लामा एक आपूर्ति आयुक्तको नियुक्ति गरिनेछ । आपूर्ति आयुक्तको नियुक्ती नभएसम्मको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले आयुक्तको कार्य गर्ने छ ।

९.५.२ आपूर्ति आयुक्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- जिल्लाको वस्तु तथा सेवाको उत्पादन, माग र आपूर्तिको तथ्याङ्क संकलन, विश्लेषण तथा अद्यावधिक गरी जिल्लालाई आवश्यक पर्ने वस्तु तथा सेवाको प्रक्षेपण (Projection) गर्ने,

- सुपथ मूल्य पसल, सहकारी पसल र एकीकृत सेवा केन्द्रबीच समन्वय गरी सार्वजनिक वितरण प्रणाली (Public Distribution System) लाई प्रभावकारी बनाउने,
- जिल्लाको लागि आवश्यक खाद्यान्न भण्डारण गर्न जिल्ला खाद्य बैंक (District Food Bank) को स्थापना एवं सञ्चालन गर्न आवश्यक कार्य गर्ने,
- वस्तु तथा सेवाको आपूर्ति कार्यमा संलग्न विभिन्न सरकारी, गैर सरकारी र निजी क्षेत्रका निकाय तथा व्यवसायीहरूसँग समन्वय गरी जिल्ला तथा स्थानीयस्तरको वार्षिक तथा आवधिक आपूर्ति योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,
- जिल्लामा रहेका निरीक्षण तथा बजार संरक्षण अधिकृतहरूबीच समन्वय गरी कार्यमा सहजीकरण गर्ने,
- बजारमा गुणस्तरीय वस्तु तथा सेवाको आपूर्ति सुनिश्चित गर्न तथा प्रतिस्पर्धी बजार तयार गर्न सहयोग र समन्वय गर्ने,
- उपभोक्ता हित संरक्षण कार्यमा संलग्न व्यक्ति र संघ संस्थालाई क्षमता विकासको लागि आवश्यक तालीम, प्रशिक्षण दिई उपभोक्ता हित संरक्षणमा सक्रिय गराउने ।

**९.६ थोक, खुद्रा र स्थानीय हाटबजारलाई व्यवस्थित गर्ने :**

९.६.१ देशका विभिन्न क्षेत्रहरूमा सम्भाव्यताका आधारमा थोक बजार, हाटबजार र खुद्रा बजार स्थापना र विस्तार गरी आपूर्ति व्यवस्थालाई सहज, सुदृढ र प्रभावकारी बनाइनेछ ।

९.६.२ चेम्बर अफ कमर्स, उद्योग वाणिज्य महासंघ, राष्ट्रिय सहकारी संघ, निजी लगानीकर्ता तथा व्यापारिक प्रतिष्ठान आदि जस्ता संघ संस्थाको सहयोगमा उत्पादक, आयातकर्ता, संचयकर्ता, वितरक, थोक, खुद्रा विक्रेताहरूको विवरण तयार गरी बिक्री वितरण व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

९.६.३ अत्यावश्यक वस्तु तथा सेवाहरू बिक्री वितरण गर्ने सुपथ मूल्यका पसल तथा सहकारी पसलहरू संचालन गर्न प्रोत्साहित गरिनेछ ।

**९.७ बजार व्यवस्थापन तथा नियमन :**

९.७.१ उपभोक्ता संरक्षण र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण कानूनमा समयानुकूल सुधार गरी कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

९.७.२ अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान हुन नदिन उपभोक्ता संघ संस्था, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र समेतको संलग्नतामा अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

९.७.३ उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको गोदाम संख्या, क्षमता, गोदाममा रहेको मौज्दातको विवरण लिने र आवश्यकता अनुसार अनुगमन गर्ने संयन्त्रको निर्माण गरिनेछ ।

९.७.४ उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सामान्य तथा विशेष अवस्थामा सञ्चित गर्न पाउने सीमाको निर्धारण गर्ने तथा निर्धारित सीमाभित्र भए नभएको अनुगमन गर्ने संयन्त्रको विकास गरिनेछ ।

९.७.५ अत्यावश्यक वस्तु तथा सेवामा हुने गैर प्रतिस्पर्धी क्रियाकलाप नियन्त्रण गर्न छुट्टै संयन्त्रको व्यवस्था गरिनेछ ।

९.७.६ बजार तथा आपूर्तिसँग सम्बन्धित कानूनहरूलाई समयसापेक्ष रुपमा एकीकृत गर्दै लगिनेछ ।

## १०. कार्यनीति (Action Policy)

### १०.१ आपूर्ति (Supplies) :

१०.१.१ वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गर्न र कृत्रिम मूल्य वृद्धि नियन्त्रण गर्न उपभोक्ता सहकारी संस्था तथा सो सम्बन्धी कार्य गर्ने अन्य सहकारी संघ/संस्थाहरू एवं सम्बद्ध

निकायहरूलाई परिचालन गरिनेछ। साथै, उत्पादक, आयातकर्ता, संचयकर्ता, वितरक र थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको संचय र भण्डारण स्थितिको विवरण लिने प्रणालीको विकास गरिनेछ।

१०.१.२ अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था प्रभावकारी तुल्याउन बजारको शोध, अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने व्यवस्था मिलाइनेछ।

१०.१.३ अत्यावश्यक वस्तु तथा सेवाको खुद्रा एवं थोक बजारको विकास र विस्तार गर्न निजी क्षेत्र, उपभोक्ता सहकारी पसल र सुपथ मूल्य पसलहरूलाई प्रोत्साहित गरिनेछ।

१०.१.४ आन्तरिक उत्पादनबाट माग पूरा नहुने भएमा वा गैर प्रतिस्पर्धी क्रियाकलाप भई कृत्रिम अभाव सिर्जना भएमा बजार हस्तक्षेपको माध्यमबाट आपूर्ति व्यवस्था सहज गरिनेछ।

१०.१.५ आयातमा भर पर्नुपर्ने पेट्रोलियम पदार्थहरू जस्ता अत्यावश्यक वस्तुहरूको आपूर्ति सहज र नियमित बनाउन लागत प्रभावकारी (Cost effective) हुने गरी आपूर्तिको वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ। पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था प्रभावकारी बनाउन प्रतिस्पर्धात्मक बजारको विकास गरी अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड बमोजिमको वस्तु आपूर्ति हुने व्यवस्था मिलाइनेछ। साथै, पेट्रोलियम पदार्थको बजार मूल्य अन्तर्राष्ट्रिय मूल्य अनुरूप समायोजन गर्दै लगिनेछ। दुर्गम क्षेत्रका न्यून आयस्तरका बहुसंख्यक जनताले उपयोग गर्ने मट्टितेलको ढुवानी र बिक्री वितरण व्यवस्थामा विशेष अनुदान दिइनेछ।

१०.१.६ दुर्गम क्षेत्रमा खाद्यान्न आपूर्ति व्यवस्थित गर्नका लागि एकीकृत आपूर्ति व्यवस्थाका साथै अनुदान (Subsidy) को व्यवस्था गरी खाद्यान्न आपूर्ति सहज बनाउने कार्यनीति लिइनेछ।

१०.१.७ दुर्गम क्षेत्रहरूमा वर्षायाम अगावै अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति तथा सञ्चय व्यवस्था मिलाउन निजी क्षेत्र

तथा सहकारी संस्थाहरूलाई उचित सहुलियत दिई उत्प्रेरित गरिनेछ ।

१०.१.८ देशका सहरी क्षेत्रहरूमा थोक बजारको स्थापना र विस्तार गरी आपूर्ति व्यवस्थालाई सुदृढ गर्न प्रोत्साहित गरिनेछ ।

१०.१.९ अत्यावश्यक वस्तु आपूर्ति गर्ने निजीक्षेत्र तथा सार्वजनिक संस्थानहरूलाई समन्वयात्मक रूपमा वस्तु तथा सेवा खरीद गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१.१० गुणस्तर तथा निश्चित तौलका बिउ विजन एवं मलको उपलब्धताका लागि सरोकारवालासँग समन्वय गरी कृषकहरूमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.१.११ अत्यावश्यक वस्तु तथा सेवाको नियमित र सहज आपूर्ति सुनिश्चित गर्न अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान पुग्ने गरी हड्ताल, बन्द, विरोध गर्न नपाइने व्यवस्था मिलाइने छ ।

## १०.२ उपभोक्ता (Consumer) :

१०.२.१ उपभोक्ताको अधिकतम हितको लागि निजी क्षेत्र तथा उपभोक्ता हकहितसँग सम्बद्ध उपभोक्तावादी संस्थाहरूसँग समन्वय र सहकार्य गरी सूचना तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.२.२ उपभोक्ता हित संरक्षणका लागि सो क्षेत्रमा कार्यरत व्यक्ति, संघ संस्थाको एकीकृत विवरण तयार गर्ने र त्यस्ता व्यक्ति तथा संस्थालाई अन्तरक्रिया गोष्ठीको माध्यमबाट सक्रिय रूपमा आफ्नो कार्यक्षेत्रमा लाग्न सहयोग एवं प्रेरित गरिनेछ ।

१०.२.३ उपभोक्ता हित संरक्षण गर्न केन्द्रीय, क्षेत्रीय, जिल्ला तथा स्थानीय अनुगमन समितिका पदाधिकारी र निरीक्षण अधिकृतहरूलाई उपभोक्ताको हकहित सम्बन्धी ऐन कानून र अर्न्तराष्ट्रिय पद्धतिका विषयमा तालीम, प्रशिक्षण दिई सक्रिय बनाइनेछ ।

१०.२.४ उपभोक्ताको हकहितको संरक्षणको लागि प्रत्येक जिल्लामा उपभोक्ता अदालतको स्थापना गरी उपभोक्तालाई पर्ने मर्काको सुनुवाइ गर्ने र कानूनी उपचार प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२.५ माध्यमिक तहदेखि नै उपभोक्ता सचेतनाको लागि उपभोक्ता शिक्षासम्बन्धी पाठ्यक्रम निर्माण गरी लागू गर्नुको साथै उपभोक्ता अधिकारका विषयमा जागरूक गराइने छ ।

१०.२.६ उपभोक्ता हित संरक्षणको लागि उपभोक्ता संरक्षण कोषको स्थापना गरी वार्षिक रूपमा निश्चित रकम विनियोजन गर्ने व्यवस्था गरिनेछ ।

### १०.३ अनुगमन (Monitoring) :

१०.३.१ वस्तु तथा सेवाको माग र आपूर्ति, मूल्य, लागत, गुणस्तर आदिको सम्बन्धमा अनुगमन विश्लेषण गर्न सरकार, उपभोक्ता हितसँग सम्बद्ध संघ संस्था र अन्य सरोकारवालासमेतको संलग्नतामा अनुगमन समिति गठन गरिनेछ ।

१०.३.२ उपभोग्य वस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता, परिमाण आदि पक्षमा निरन्तर अनुगमन गरी उपभोक्ताको हकहित संरक्षण गर्नका लागि केन्द्रीय, क्षेत्रीय, जिल्ला र स्थानीयस्तरमा अनुगमन समिति गठन गरी बजार अनुगमन गरिनेछ । यस्ता अनुगमन समितिले सीमान्तकृत वर्ग, क्षेत्र र समुदाय तथा दुर्गम, पहाडी जिल्लामा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सहज भए नभएको विषयमा समेत अनुगमन गर्नेछ ।

१०.३.३ वस्तु तथा सेवाको मूल्य विश्लेषण गरी बिक्री मूल्य निर्धारण भए नभएको अनुगमन, विश्लेषण गर्न र वस्तुको संचय मापदण्ड तयार गरी जारी गरिनेछ । यस सम्बन्धमा निर्देशिका समेत बनाई प्रक्षेपण गरिनेछ ।

१०.३.४ सीमावर्ती बजारहरूमा मूल्यको सन्तुलन राख्न समान मूल्य व्यवस्था कायम गर्ने प्रयोजनको लागि आवश्यक संयन्त्र तयार गरिनेछ ।

१०.३.५ वस्तु तथा सेवा प्रदायकहरूले न्यून गुणस्तरको वस्तु तथा सेवा प्रदान गरी कुनै उपभोक्ताको जीउज्यान, सम्पत्ति र स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याएमा कानून अनुसार क्षतिपूर्ति दिलाउने व्यवस्था गरिनेछ ।

१०.३.६ विदेशी दातृसंस्थाबाट सहयोगको रूपमा प्राप्त वस्तु तथा सेवाको आपूर्ति र गुणस्तरको सम्बन्धमा अनुगमन गर्न छुट्टै संयन्त्रको गठन गरिनेछ ।

**१०.४ खाद्य सुरक्षा (Food Security) :**

१०.४.१ रणनीतिको बुँदा नं. ९.४.१ मा उल्लेख भए अनुसार अत्यावश्यक वस्तुहरूको कम्तिमा ३ महिनाको लागि केन्द्रीय आपूर्ति व्यवस्था समितिले तोके बमोजिम देशका विभिन्न क्षेत्रमा संचय भण्डारण (Buffer Stock) को व्यवस्था गरिनेछ ।

१०.४.२ खाद्यान्न अभाव/न्यून हुने दुर्गम जिल्लाहरूमा व्यवसायिक रूपमा अन्नबालीको खेती गर्नका लागि कृषि तथा सहकारी मन्त्रालयसँग समन्वय र सहकार्य गरी विशेष कार्यक्रम संचालन गरिनेछ ।

१०.४.३ सार्क खाद्य बैङ्क (SAARC Food Bank) मा सार्कद्वारा तोकिएको परिमाणमा खाद्यान्न भण्डारण गर्ने व्यवस्था गरिनेछ ।

१०.४.४ खाद्य सुरक्षाका लागि निजीक्षेत्र तथा सार्वजनिक संस्थानलाई परिचालन गरिनेछ ।

१०.४.५ खाद्य सुरक्षाका लागि सरकारले तोकेको परिमाण सार्वजनिक संस्थानले भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४.६ अत्यावश्यक वस्तुमध्ये नूनको हकमा कम्तिमा ६ महिनाको लागि Buffer Stock राख्ने व्यवस्था मिलाइनेछ ।

१०.४.७ नेपाल सरकारले तोके अनुसार चिनी उत्पादकले उद्योगको कुल वार्षिक उत्पादनको निश्चित परिमाण Factory Gate Price मा सरकारलाई उपलब्ध गराउनु पर्ने व्यवस्था मिलाइनेछ ।

१०.४.८ सरकारी स्वामित्वका उद्योग तथा कारखानाहरूबाट वार्षिक उत्पादित सिमेन्टको बढीमा पचास प्रतिशतसम्म लेभी उठाई केन्द्रीय वा क्षेत्रीय आपूर्ति व्यवस्था समितिले तोके बमोजिमको संघ संस्थामार्फत बिक्री वितरण गराइनेछ । साथै, आवश्यकतालाई हेरी यस्तो लेभी निजी क्षेत्रका सिमेन्ट कारखानाबाट समेत उठाउन सकिने गरी व्यवस्था गरिनेछ ।

१०.४.९ अत्यावश्यक वस्तुहरूको संचयका लागि गोदामघर र शीत भण्डार निर्माण एवं संचालन गर्न निजी क्षेत्र तथा सहकारी संघ संस्थालाई प्रोत्साहित गरिनेछ ।

१०.४.१० प्रमुख शहरहरूमा निजी क्षेत्रका साथै सहकारी खाद्य भण्डारलाई थोक बजारको रूपमा विकास गरिनेछ ।

१०.४.११ खाद्यान्न भण्डारणलाई प्रभावकारी बनाउन चामल मिलहरूबाट विशेष अवस्थामा उत्पादनको दश प्रतिशतसम्म गुणस्तर मापदण्ड अनुरूपको चामल लेभीको रूपमा खरिद गर्न सकिने व्यवस्था गरिनेछ ।

१०.४.१२ सरकारले विशेष अवस्थामा अत्यावश्यक वस्तु तथा सेवाको अधिकतम उपभोक्ता मूल्य तोक्न सक्नेछ ।

१०.४.१३ सरकारले खाद्यान्नको समर्थन मूल्य (Support Price) तोक्न आवश्यक देखेमा कृषि उपज भित्र्याउने (काट्ने) समयभन्दा कम्तिमा एक महिना अगाडि कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले समर्थन मूल्य तोक्नेछ ।

१०.४.१४ दुर्गम क्षेत्रहरूमा समयमा नै स्थल मार्गबाट खाद्यवस्तु ढुवानी गर्ने व्यवस्थालाई प्राथमिकता दिइनेछ । सडक यातायातको पहुँच नभएका क्षेत्रमा हवाई मार्गबाट खाद्यवस्तु ढुवानी गर्ने व्यवस्था मिलाउनेछ ।

१०.४.१५ गरिव तथा न्यून आय भएका विपन्न जनताको लागि चामल, पीठो, नून, चिनी, मट्टितेल जस्ता अत्यावश्यक वस्तु राज्य सुविधा (राशन कार्ड) को माध्यमबाट सहुलियत रूपमा उपलब्ध गराइनेछ ।

## १०.५ संस्थागत सुधार

१०.५.१ उपभोक्ता संरक्षण र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण कानून कार्यान्वयन गर्न उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभागको स्थापना गरिनेछ ।

१०.५.२ आपूर्ति व्यवस्थामा संलग्न रहने सार्वजनिक संस्थानहरूले प्रवाह गर्ने सेवाको प्रभावकारिता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने थप साधन स्रोतको व्यवस्था गरिनेछ ।

१०.५.३ सार्वजनिक संस्थानहरूको व्यावसायिक क्षमता अभिवृद्धि गरी क्षेत्र विस्तार गरिनेछ ।

१०.५.४ देशभर अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने एकीकृत सेवा केन्द्र, उपभोक्ता सहकारी पसल, सुपथ मूल्य पसल वा ग्रामीण सहकारी पसलहरूलाई आवश्यक सहयोग पुऱ्याइनेछ ।

१०.५.५ कर्णाली क्षेत्र लगायत दुर्गम जिल्लामा वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउन सार्वजनिक संस्थानका स्थानीय डिपोहरूको संख्या विस्तार गर्दै लगिनेछ ।

१०.५.६ देशका विभिन्न जिल्लामा स्टोरेज तथा गोदामहरूको निर्माण गर्ने र विद्यमान स्टोरेज तथा गोदामहरूको मर्मत, संभार र आधुनिकीकरण गर्दै लगिनेछ ।

१०.५.७ दुर्गम तथा हिमाली जिल्लामा अत्यावश्यक वस्तु तथा सेवा प्रवाहमा संलग्न सार्वजनिक संस्थानलाई निश्चित आधारमा कर तथा शुल्कमा छुट दिने व्यवस्था अवलम्बन गरिनेछ ।

१०.५.८ आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभागमा आपूर्ति सूचना केन्द्र स्थापना गरिनेछ । यस कार्यमा उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभाग, कृषि तथा सहकारी मन्त्रालय, राष्ट्रिय सहकारी संघ, उपभोक्ता संघ संस्था र वस्तु तथा सेवा प्रदायकहरूका संघ संस्थाहरूसँगको संलग्नता र समन्वयमा कार्य हुनेगरी व्यवस्था मिलाइनेछ ।

१०.५.९ दुर्गम तथा हिमाली जिल्लामा खाद्यान्न जस्ता अत्यावश्यक उपभोग्य वस्तुको आपूर्तिमा संलग्न सार्वजनिक संस्थानलाई सेवामूलक संस्थाको रूपमा विकास गरिनेछ । यस्ता संस्थानहरूको क्षमता विकासका लागि विशेष व्यवस्था गरिनेछ ।

## १०.६ बजार व्यवस्थापन

१०.६.१ अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान हुन नदिन उपभोक्ता संघ-संस्था, नागरिक समाज, निजी तथा सहकारी क्षेत्रको समेत संलग्नतामा बजार अनुगमन गरिनेछ ।

१०.६.२ उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको गोदाम संख्या, क्षमता तथा मौज्दातको विवरण लिने र आवश्यकता अनुसार अनुगमन गरिनेछ ।

१०.६.३ उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सामान्य तथा विशेष अवस्थामा सञ्चित गर्न पाउने सीमाको निर्धारण गर्ने तथा निर्धारित सीमाभित्र भए नभएको अनुगमन गर्न निर्देशिका जारी गरिनेछ ।

१०.६.४ बिक्रेताले आफूले खरिद गरेको वस्तुको खरिद मूल्य र बिक्री मूल्य उपभोक्ताले देख्न सक्ने गरी पसलमा टाँस गरिराख्ने व्यवस्था मिलाइने छ ।

१०.६.४ अत्यावश्यक वस्तु तथा सेवामा हुने गैर प्रतिस्पर्धी क्रियाकलाप हुन नदिन र बजार संरक्षण गर्न प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण बोर्डलाई सक्रिय तुल्याइनेछ ।

१०.६.५ बजार तथा आपूर्तिसँग सम्बन्धित कानूनहरुलाई एकीकृत गरिनेछ ।

# ११. सुविधा र सहुलियत

आपूर्ति व्यवस्था प्रभावकारी बनाउनको निम्ति नेपाल सरकारले देहाय बमोजिमको सुविधा तथा सहुलियतहरू प्रदान गर्ने नीति लिनेछ :

११.१ दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने सार्वजनिक संस्थान, सुपथ मूल्य पसल, उपभोक्ता सहकारी पसल,

फर्म, संघ, संस्था र व्यक्ति तथा उपभोक्ता हितसँग सम्बन्धित संघसंस्थालाई प्रचलित कानून बमोजिम सहुलियत प्रदान गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

११.२ दुर्गम तथा ग्रामीण क्षेत्रमा महिलाहरूबाट सञ्चालित उपभोक्ता सहकारी पसललाई बुँदा नं. ११.१ मा उल्लिखित सहुलियतका साथै सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराइनेछ ।

११.३ सुगम क्षेत्रबाट दुर्गम क्षेत्रमा अत्यावश्यक वस्तुको ढुवानी गर्ने गरी खच्चड, चौंरी, भेडा, बाखा पाल्ने कृषकहरूलाई बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराइनेछ ।

**१२. संस्थागत व्यवस्था :**

१२.१ केन्द्रीय आपूर्ति व्यवस्था समिति (Central Supplies Management Committee)

१२.१.१ आपूर्ति नीति कार्यान्वयन गर्न देहाय बमोजिम एक केन्द्रीय आपूर्ति व्यवस्था समितिको गठन गरिनेछ :-

| | | |
|---|---|---|
| १ | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अध्यक्ष |
| २ | सह-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय (प्रशासन, संस्थान तथा आपूर्ति व्यवस्थापन महाशाखा) | सदस्य |
| ३ | सह सचिव, अर्थ मन्त्रालय (राजस्व) | सदस्य |
| ४ | सह सचिव, उद्योग मन्त्रालय | सदस्य |
| ५ | सह-सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ६ | सह-सचिव, गृह मन्त्रालय | सदस्य |
| ७ | सह-सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| ८ | सह-सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| ९ | महानिर्देशक, वाणिज्य विभाग | सदस्य |
| १० | महानिर्देशक, नेपाल गुणस्तर | |

| | | |
|---|---|---|
| | तथा नापतौल विभाग | सदस्य |
| ११ | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| १२ | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स | सदस्य |
| १३ | अध्यक्ष, राष्ट्रिय सहकारी बोर्ड | सदस्य |
| १४ | महाप्रबन्धक, नेपाल खाद्य संस्थान | सदस्य |
| १५ | कार्यकारी प्रमुख, नेपाल आयल निगम | सदस्य |
| १६ | महाप्रबन्धक, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | सदस्य |
| १७ | महाप्रबन्धक, नेशनल ट्रेडिङ्ग लिमिटेड | सदस्य |
| १८ | उपभोक्ता हक हितसितसँग सम्वन्धित संस्थाको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनीत गरेका कम्तिमा एक जना महिला सहित ३ जना | सदस्य |
| १९ | आपूर्ति व्यवस्थासँग सम्बन्धित वस्तुगत संघको तर्फबाट एक जना महिलासहित २ जना | सदस्य |
| २० | महानिर्देशक, उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभाग, | सदस्य सचिव |

१२.१.२ समितिको सचिवालय उपभोक्ता हित संरक्षण तथा आपूर्ति व्यवस्था विभागमा रहनेछ ।

१२.१.३ समितिले आफ्नो कार्यविधि आफैँ निर्धारण गर्न सक्नेछ ।

१२.१.४ समितिको काम, कर्तव्य र अधिकार :

उपभोक्ताको लागि आवश्यक वस्तु वा सेवा नियमित, गुणस्तरीय, सरल, सहज र व्यवस्थित रूपमा आपूर्ति हुने व्यवस्था मिलाउन

आवश्यक कार्यहरू गर्नु समितिको प्रमुख कर्तव्य हुनेछ । समितिको अन्य कार्यहरू देहाय बमोजिम हुनेछन् :-

(१) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति सरल, सहज र व्यवस्थित बनाउने विषयमा आवश्यक नीति, नियम तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने,

(२) आवश्यकतानुसार अत्यावश्यक वस्तु वा सेवाको अधिकतम तथा न्यूनतम मूल्य तोक्न सिफारिस गर्ने,

(३) वस्तु तथा सेवा प्रदायकबीच स्वस्थ प्रतिस्पर्धाको वातावरण सृजना गर्ने,

(४) अत्यावश्यक वस्तु तथा सेवाको उपयुक्त वितरण प्रणालीको विकास गर्न सहयोग पुऱ्याउने,

(५) उत्पादन र आपूर्तिसँग सम्बन्धित निजी एवं सहकारी क्षेत्र र सरकारी निकायहरूबीच सुसम्बन्ध स्थापित गरी आपूर्ति व्यवस्थालाई सुनिश्चित गर्ने,

(६) सबै प्रकारका व्यापारिक विकृति विसंगतिहरूबाट उपभोक्ताको हित संरक्षण गर्न तत्सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने,

(७) बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु तथा सेवा सरलरूपमा उपलब्ध गराउने तथा गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलापलाई निरुत्साहन गर्ने,

(८) प्राकृतिक तथा अन्य कारणले हुन सक्ने वस्तु तथा सेवाको कृत्रिम अभाव हुन नदिन, आपूर्ति व्यवस्थालाई सरल र सहज बनाई राख्न अत्यावश्यक वस्तुहरूको संचय भण्डार (Buffer Stock) को परिमाण तोक्ने,

(९) अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्तिको प्रक्षेपण गरी वार्षिक आपूर्ति योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(१०) उपभोक्ताहित संरक्षणमा संलग्न संघ-संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउने,

(११) आपूर्ति नीति कार्यान्वयन गर्न समितिले उपयुक्त ठानेका कार्य गर्ने ।

**१३. आर्थिक पक्ष**

प्रस्तुत नीति एक विस्तृत एवं एकीकृत कार्ययोजना बनाई बजेट व्यवस्था सहित लागू गरिने छ । नीति कार्यान्वयन गर्दा लाग्ने आर्थिक दायित्व र श्रोत सम्बन्धमा, कार्यक्रम कार्यान्वयन गर्ने समयमा नै निर्क्यौल हुने तथा खर्च व्यवस्थापन र लेखा परिक्षणको प्रक्रिया प्रचलित कानूनी व्यवस्था एवं प्रक्रियाबाट व्यवस्थित गरिने छ । यस नीतिको कार्यान्वयनबाट मुलुकको आपूर्ति व्यवस्थापनको क्षेत्रमा सुधार भई स्वतन्त्र र प्रतिस्पर्धात्मक आर्थिक वातावरण सृजना हुन टेवा पुग्नुका साथै उपभोक्ताको हकहित संरक्षणमा महत्वपूर्ण योगदान पुग्न जानेछ ।

**१४. कानूनी व्यवस्था**

यस नीतिमा उल्लेखित प्रावधानहरु कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनहरु तर्जुमा गरिनुका साथै आवश्यकता अनुसार आपूर्तिसँग सम्बन्धित ऐन, कानूनहरुमा समसामयिक सुधार गरिने छ ।

**१५. अनुगमन र मूल्याङ्कन**

यस नीतिको कार्यान्वयनबाट अपेक्षित प्रतिफल र उद्देश्यहरु पूर्ण वा आंशिक रुपमा पुरा भए वा भएनन् सोको अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको रुपमा नेपाल सरकारको बाणिज्य मन्त्रालय रहने छ । अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक अनुगमन प्रणाली अवलम्बन गरिने छ ।

यस नीतिको वार्षिक रुपमा समिक्षा गरी आवश्यकता अनुसार पुनरावलोकन गरिने छ । उक्त कार्य लगायत यस नीतिको कार्यान्वयन पक्षलाई समन्वयात्मक रुपमा अनुगमन एवं मूल्याङ्कन गर्नका लागि वाणिज्य तथा आपूर्ति मन्त्रीको संयोजकत्वमा देहाय बमोजिमको एक उच्चस्तरिय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ ।

| | | |
|---|---|---|
| १ | माननीय मन्त्री/राज्यमन्त्री, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अध्यक्ष |
| २ | माननीय सदस्य राष्ट्रिय योजना आयोग (सम्वन्धित क्षेत्र हेर्ने) | सदस्य |
| ३ | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४ | सचिव, उद्योग मन्त्रालय | सदस्य |
| ५ | सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ६ | सचिव, गृह मन्त्रालय | सदस्य |
| ७ | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ८ | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| ९ | सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| १० | उपभोक्ता हक हितसितसँग सम्वन्धित संस्थाको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनीत गरेका कम्तिमा एक जना महिला सहित २ जना | सदस्य |
| ११ | सह-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय (प्रशासन, संस्थान तथा आपूर्ति व्यवस्थापन महाशाखा) | सदस्य सचिव |

## १६. उपसंहार

नियमित, सर्वसुलभ र सुपथ मूल्यमा अत्यावश्यक बस्तु तथा सेवाको आपूर्ति हुने वातावरण सृजना गर्न आपूर्ति क्षेत्रमा हुने सबै प्रकारका विकृतिहरुलाई न्यून गर्दै सार्वजनिक सदाचार र नैतिकता कायम गरी उपभोक्ता हकहितको संरक्षण र सम्बर्द्धन गर्न यस नीतिले आधार प्रदान गर्ने छ । यस नीतिले बस्तु तथा सेवाको आपूर्ति व्यवस्थामा अपेक्षित सुधार र सहजिकरण गरी राज्य तथा जनताको उद्देश्य, अपेक्षा र आवश्यकतालाई उचित सम्बोधन गर्दै गरिवी निवारणको समष्ठिगत लक्ष्यलाई नै योगदान पुऱ्याउने अपेक्षा राखिएको छ ।

**(बुँदा नं. ९.१.६ संग सम्वन्धित)**

अनुसूची - १

**खाद्य पदार्थ**

१. चामल : (क) मसिनो (पोखरेली र मन्सुली समेत)

(ख) मोटा

२. मकै

३. चिउरा

४. गहुँ, मैदा र पीठो (आँटा)

५. दाल (क) रहर (ख) मास (ग) मुसुरो (घ) भटमास आदि गेडागुडीहरू

६. नून

७. चिनी

८. घ्यू, खानेतेल (क) तोरीको तेल (ख) भटमासको तेल (ग) सूर्यमुखी फूलको तेल

९. दूध (वेवीफुड तथा पाउडर दूध समेत),

१०. मासु, अण्डा, माछा,

११. मह, चिया तथा कफी

१२. मसला, तरकारी एवं फलफूल ।

**अन्य आवश्यकीय पदार्थ**

१०. औषधि (कीटनाशक औषधी र जडिबुटी समेत)

११. मट्टितेल, ग्यास, डिजेल, पेट्रोल र हवाई इन्धन समेत

१२. मल, बीउ

१३. (क) दाउरा (ख) कोइला

**निर्माण सामग्री**

१४. सिमेन्ट

१५. फलामे छड, जस्ता पाता

१६. इँटा, ढुँगा

१८. काठ

**सेवा सम्वन्धी**

१७ स्वास्थ्य

१८. संचार

१९. विद्युत

२०. यातायात

२१. खानेपानी

२२. न्यूज प्रिन्ट

२३. पाठ्यसामग्री

# विज्ञान तथा प्रविधि नीति, २०६१

## १. पृष्ठभूमि

विज्ञान तथा प्रविधिले हरेक मुलुकको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्ने कुरा निर्विवाद छ । तर नेपालमा यसको पर्याप्त विकास एवं उपयोग हुनसकेको छैन । यसर्थ राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध ज्ञान, विज्ञान र प्रविधिको विकास तथा समयोचित उपयोगबाट प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै देशको सर्वतोमुखी विकासमा प्रभावकारी योगदान पुऱ्याउनु अपरिहार्य भएको छ ।

सर्वाङ्गीण विकासको राष्ट्रिय संकल्प समयसापेक्ष नीति र योजना विना पूरा गर्न सकिन्न । विकासको खाँचो टार्न आवश्यक प्रविधि ग्रहण गर्न सकिन्छ र वैज्ञानिक तथा प्राविधिज्ञहरूको उत्पादन तीब्र पार्न सकिन्छ, तर ग्रहण गरिएका विज्ञान प्रविधिको यथोचित प्रतिस्थापन, प्रवर्द्धनका लागि मौलिक सिर्जनशीलतामा निरन्तर वृद्धि नै सफलताको मूल आधार भएको स्पष्ट हुन आएको छ ।

राष्ट्रिय क्षमता अभिवृद्धिको लागि मुलुकमा विज्ञान तथा प्रविधि सम्बन्धी जनशक्ति, स्रोत र साधनको विकास एवं उपयोग गर्न पूर्वाधारहरूलाई अधिकतम परिचालन गर्न अत्यावश्यक भएको छ । यसै तथ्यलाई मनन गर्दै विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकास, शिक्षण, प्रशिक्षण, व्यवस्थापन, सेवा प्रदान आदि कार्यमा संलग्न सरकारी तथा गैरसरकारी निकाय एवं संघसंस्थाका कृयाकलापहरूलाई समन्वयात्मक ढंगबाट एक निर्दिष्ट दिशामा प्रवाहित गरी राष्ट्रको अपेक्षित लक्ष्य हासिल गर्न राष्ट्रिय विज्ञान तथा प्रविधि नीति, २०४६ लाई समसामयिक बनाउन आवश्यक भएकोले नेपाल सरकारले यो “विज्ञान तथा प्रविधि नीति, २०६१” जारी गरेको छ ।

## २. परिकल्पना

विज्ञान तथा प्रविधिको समुचित विकास तथा प्रयोगद्वारा जीवनस्तरमा अभिबृद्धि गरी मुलुकलाई एक समुन्नत, गतिशील र समृद्ध राष्ट्रको रूपमा स्थापित गर्ने ।

## ३. उद्देश्य

३.१. विज्ञान तथा प्रविधि क्षेत्रमा ज्ञान, सीप र दक्षताको समुचित विकास र उपयोगद्वारा राष्ट्रिय क्षमताको अभिवृद्धि गर्ने,

३.२. विज्ञान तथा प्रविधिको माध्यमबाट प्राकृतिक स्रोत र साधनहरूको दिगो रूपमा उपयोग गरी जनताको सामाजिक तथा आर्थिकस्तर वृद्धि एवं वातावरणको संरक्षण र सम्वर्द्धन गर्दै गरिवी निवारणका कार्यमा सघाउ पुऱ्याउने,

३.३. विज्ञान तथा प्रविधिको उच्चतम विकास गरी मुलुकलाई प्रतिस्पर्धात्मक स्थितिमा पुऱ्याउने ।

## ४. नीति

उपरोक्त उद्देश्यहरू प्राप्तिका लागि देहायका नीति अवलम्बन गरिनेछ :

४.१. विज्ञान तथा प्रविधिको योजनावद्ध विकासलाई देशको सर्वाङ्गीण विकास प्रक्रियासंग आवद्ध गर्ने,

४.२. विज्ञान तथा प्रविधिको विकासद्वारा गरिवी निवारण कार्यक्रमलाई सहयोग पुऱ्याउने,

४.३. राष्ट्रको उत्पादन तथा उत्पादकत्व बढाउन विज्ञान तथा प्रविधिलाई सशक्त साधनका रूपमा उपयोग गर्ने,

४.४. विज्ञान तथा प्रविधिको उच्चतम विकासमा दिगो विकास, प्राकृतिक स्रोतको व्यवस्थापन र वातावरण संरक्षणको अवधारणालाई आत्मसात गरी योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिने,

४.५. विज्ञान तथा प्रविधि क्षेत्रमा द्विपक्षीय, वहुपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय निकायहरूसंग आपसी सहयोग र समन्वय अभिवृद्धि गरी क्षेत्रीय एवं अन्तर्राष्ट्रिय जगतमा उपलब्ध विज्ञान तथा प्रविधि सम्बन्धी ज्ञान र सीपको अधिकतम उपयोगको वातावरण तयार गर्ने,

४.६. विज्ञान तथा प्रविधिको विकासमा निजीक्षेत्रलाई सहभागीता गराउने,

४.७. विज्ञान तथा प्रविधिसंग आवद्ध संघसंस्था र जनसहभागिताको माध्यमबाट विज्ञान तथा प्रविधिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने,

४.८. विज्ञान तथा प्रविधिको प्रयोगबाट गुणस्तरीय निकासीयोग्य वस्तुको उत्पादनलाई बढावा दिई आयात प्रतिस्थापन गर्ने,

४.९. विज्ञान तथा प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन तथा परिचालन गर्ने,

४.१०. स्थानीय (Indigenous) प्रविधि स्रोत र साधनको विकास विस्तार परिचालन एवं उपयोग गर्ने कार्यलाई प्राथमिकता दिई प्रविधिको विकास ग्रामीण तह सम्म पुर्‍याउने,

४.११. विज्ञान तथा प्रविधि क्षेत्रको विकास एवं उपयोगका लागि संलग्न हुने सबै क्षेत्रको विकास तथा विस्तार गर्न नेपाल सरकारले सहजकर्ता, प्रवर्द्धक तथा समन्वयकर्ता समेतको भूमिका निर्वाह गर्ने,

४.१२. आवश्यक प्रविधिको आयात र प्रतिस्थापनको पक्षलाई सुव्यवस्थित गर्ने,

४.१३. सर्वाङ्गीण राष्ट्रिय विकासको प्रक्रियामा स्वदेशी वैज्ञानिक तथा प्राविधिज्ञहरूबाट अधिकतम भूमिका निर्वाह हुनसक्ने वातावरणको सृजना गर्ने,

४.१४. वैज्ञानिक तथा प्राविधिज्ञहरूको उच्च मनोवल कायम राख्न, विदेशमा रहेका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त नेपाली वैज्ञानिकहरूलाई आकर्षित गर्न र प्रतिभा पलायन न्यूनीकरण गर्न उपयुक्त वातावरण तैयार गर्ने,

४.१५ विज्ञान तथा प्रविधि सम्बन्धी विश्वविद्यालयस्तरीय अध्ययन अध्यापनलाई अनुसन्धानसंग आवद्ध गर्ने ।

४.१६ प्राथमिक तहदेखि नै विज्ञान तथा प्रविधि सम्बन्धी गुणस्तरीय शिक्षा उपलब्ध गराउने ।

## ५. रणनीति

५.१. विज्ञान तथा प्रविधिको अल्पकालीन तथा दीर्घकालीन अवधारणा तयार गरी सो को आधारमा योजना तर्जुमा, कार्यान्वयन तथा मूल्यांकनको प्रभावकारी व्यवस्था गरिनेछ ।

५.२. विद्यमान स्रोत एवं साधनको अधिकतम उपयोग गर्दै कृषि, वन, जलस्रोत, शिक्षा, स्वास्थ्य, उद्योग, वातावरण, सूचना प्रविधि, इन्जिनियरिङ्ग, जैविक प्रविधि, अन्तरिक्ष प्रविधि, परमाणु विज्ञान, खगोल विज्ञान आदि विविध क्षेत्रमा हुने अध्ययन, अनुसन्धान तथा विकास र प्रशिक्षण कार्यहरू समन्वयात्मक एवं प्रभावकारी रूपबाट सञ्चालन गरिनेछ ।

५.३. भौतिक, मानवीय तथा प्राज्ञिक पक्षको सृजनात्मक रूपले संस्थागत विकासका माध्यमद्वारा क्षमता अभिवृद्धि गरिनेछ ।

५.४. विज्ञान तथा प्रविधि क्षेत्रको विकासको लागि भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण गरी सोको अधिकतम उपयोग गर्ने र वैज्ञानिकहरूको उच्चमनोवल बढाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

५.५. सरकारले प्रत्येक वर्ष विज्ञान तथा प्रविधि क्षेत्रमा सम्बन्धित निकायहरूबाट अनुसन्धान तथा विकास कार्यको लागि कार्यक्रम बनाउन लगाइ सोको आधारमा रकम छुट्याउने व्यवस्था गर्नेछ ।

५.६ स्थानीय तहसम्म स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न आवश्यक प्रविधिको विकास कार्यमा सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय संघसंस्था, निजी क्षेत्र तथा शैक्षिक संस्थालाई सरिक गराइनेछ ।

५.७ आवश्यकता अनुसार परम्परागत, स्वदेशी तथा विदेशी प्रविधिको समायोजन तथा सुधारद्वारा उपयुक्त प्रविधिको विकास गरी मुलुकलाई आवश्यक पर्ने प्रविधिको क्षेत्रमा आत्मनिर्भर बनाउने तर्फ आवश्यक काम गरिनेछ ।

५.८ विज्ञान तथा प्रविधि क्षेत्रमा द्विपक्षीय र बहुपक्षीय सहयोग सम्झौता गरी मुलुकको वैज्ञानिक तथा प्राविधिक क्षमता अभिवृद्धि गर्न विशेष पहल गरिनेछ ।

## ६. कार्यनीति

विज्ञान तथा प्रविधि नीति कार्यान्वयन गर्न र सो नीतिमा निहीत उद्देश्य परिपूर्ति गर्न देहायको कार्यनीति अवलम्वन गरिनेछः

### ६.१. पूर्वाधार विकास

६.१.१. मौजुदा पूर्वाधारहरूलाई आवश्यकता अनुरूप सुदृढीकरण र सुधार गरी अधिकतम परिचालन गरिनेछ ।

६.१.२. विज्ञान तथा प्रविधि क्षेत्रको एकीकृत विकासको लागि केन्द्रीय र स्थानीय स्तरमा आवश्यक संस्थागत विकासमा जोड दिइनेछ ।

६.१.३ विद्यमान प्रयोगशालाहरूको सुदृढीकरण गर्नुका साथै विज्ञान तथा प्रविधि सम्बन्धी सन्दर्भ प्रयोगशाला (Reference Laboratory) हरू र केन्द्रीय प्रयोगशालाहरूको क्रमशः विकास गरिनेछ ।

### ६.२. जनशक्ति विकास

६.२.१. विश्वविद्यालयहरू तथा विश्वविद्यालय अनुदान आयोगसंग समन्वय राखी विज्ञान तथा प्रविधि शिक्षाको गुणस्तर सुधार गर्नुका साथै समयानुकूल विषयहरू समावेश गरी स्तरीय जनशक्ति उत्पादन गरिनेछ ।

६.२.२ विज्ञान तथा प्रविधिको क्षेत्रमा व्यवसायिक शिक्षा तथा तालीम प्रदान गर्ने संस्थाहरूलाई राष्ट्रिय माग अनुरूपको शिक्षा तथा तालीम उपलब्ध गराउन सक्षम बनाई दक्ष तथा गुणस्तरीय जनशक्ति उत्पादन गरिनेछ ।

६.२.३. विज्ञान तथा प्रविधि क्षेत्रमा काम गर्ने कर्मचारीहरूका लागि छुट्टै विज्ञान तथा प्रविधि सेवाको व्यवस्था गरिनेछ ।

६.२.४. उत्कृष्ट वैज्ञानिकहरूलाई दक्षता हासिल गरेको क्षेत्रमा कार्य गर्न पर्याप्त अवसरहरू उपलब्ध गराई बढ्दो प्रतिभा पलायन रोक्न आवश्यक वातावरणको सृजना गरिनेछ ।

६.२.५. युवा प्रतिभालाई विज्ञान तथा प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकास कार्यमा आकर्षित गर्न वृत्ति विकासका अवसरहरूको सृजना गरिनेछ ।

६.२.६. विज्ञान तथा प्रविधिसंग सम्बन्धित उत्कृष्ट संघसंस्था तथा वैज्ञानिक एवं प्राविधिज्ञहरूलाई कदर एवं पुरस्कृत गरिने छ ।

६.२.७. वैज्ञानिक तथा प्राविधिज्ञहरूको मनोवल उच्च पार्दै उनीहरूको क्षमता र सीपको अधिकतम उपयोग गरिनेछ ।

### ६.३. अनुसन्धान तथा विकास

६.३.१. विज्ञान तथा प्रविधि क्षेत्रमा हुने अनुसन्धान तथा विकास कार्यहरूलाई एकीकृत गरी राष्ट्रिय उद्देश्य अनुरूप परिचालन गरिनेछ ।

६.३.२. अनुसन्धान तथा विकास कार्यक्रमहरूमा प्राज्ञिक, सरकारी एवं निजी क्षेत्रबीच संयुक्त सहभागितालाई प्रोत्साहन गरिनेछ ।

६.३.३. विदेशी संघ संस्था वा व्यक्तिले नेपालमा आई अध्ययन अनुसन्धान गर्दा नेपालको सम्बन्धित निकायको समेत अनिवार्य रूपमा संलग्नता हुने व्यवस्था मिलाईनेछ ।

६.३.४. विज्ञान तथा प्रविधि क्षेत्रमा संलग्न व्यक्ति, समुदाय, संघसंस्था आदिद्वारा प्रतिस्पर्धात्मकरूपबाट अनुसन्धान कार्य सञ्चालन गराउने प्रणालीको विकास गरिनेछ ।

६.३.५. अनुसन्धान तथा विकास कार्यमा संलग्न विश्वविद्यालयहरू लगायत सरकारी निकायलाई प्रोत्साहित गर्न तथा निजीक्षेत्रको सहभागिता बढाउन कानुन वमोजिम आवश्यक सुविधाको व्यवस्था गरिनेछ ।

६.३.६. स्वस्फूरित अनुसन्धान कार्यलाई प्रोत्साहित गरी वैज्ञानिक प्रतिभाको विकास गर्ने व्यवस्था मिलाईनेछ ।

६.३.७. अनुसन्धान तथा विकास कार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत साधन जुटाउन आवश्यक व्यवस्था गरिनेछ ।

**६.४. क्षेत्रगत कार्यनीति**

मुख्यतया निम्नलिखित क्षेत्रगत उद्देश्य प्राप्तिका लागि विज्ञान तथा प्रविधिको कार्यनीति परिलक्षित हुनेछ :

६.४.१. कृषिक्षेत्रको विकास गरी राष्ट्रिय खाद्य सुरक्षा (National Food Security) को प्रत्याभूति गर्ने तथा कृषि उत्पादनमा आधारित उद्योगहरूको प्रवर्द्धनमा टेवा पुऱ्याउने,

६.४.२. प्रतिरोधात्मक सेवालाई विशेष जोड दिई स्तरीय जनस्वास्थ्य सेवा एवं ग्रामीण क्षेत्रमा सरल र सुलभ हुनेगरी स्तरीय जनस्वास्थ्य सेवा उपलब्ध गराउने,

६.४.३. वनजंगलको संरक्षण र विस्तारमा वातावरण संरक्षण पक्षलाई समेत जोड दिई वन सम्पदाको उचित लेखाजोखा (Resource Assessment) गरी दिगो रूपले वन व्यवस्थापन गर्नुको साथै वन सम्पदामा आधारित उद्योगहरूको प्रवर्द्धनमा टेवा पुऱ्याउने,

६.४.४. स्थानीय स्रोतमा आधारित नविकरणीय ऊर्जा प्रविधिको विकास तथा उपयोगमा अभिवृद्धि गर्ने,

६.४.५. उपयुक्त स्थानीय स्वदेशी निर्माण सामग्रीको उपयोगमा जोड दिई निर्माण प्रविधिको आवश्यक सुधारद्वारा उपयुक्त आवास तथा अन्य निर्माण कार्यमा आत्मनिर्भर हुन सहयोग पुऱ्याउने,

६.४.६. आवश्यक अनुसन्धान, विकास तथा विस्तार कार्यलाई प्रोत्साहन दिई मुलुकमा ग्रामीण, लघु, साना तथा ठूला उद्योगहरूको प्रवर्द्धन गर्ने,

६.४.७. सूचना प्रविधि, जैविक प्रविधि, अन्तरिक्ष प्रविधि एवं आणविक प्रविधि जस्ता उच्च प्रविधिहरूमा समेत राष्ट्रिय क्षमता अभिवृद्धि गर्दै यस्ता प्रविधिहरूबाट हुनसक्ने द्रूततर विकास हासिल गर्ने,

**६.५. विज्ञान तथा प्रविधि सम्पर्क एवं सेवा विस्तार**

६.५.१. मुलुकभित्र संकलन हुने सबै प्रकारका वैज्ञानिक तथा प्राविधिक तथ्यांक एवं सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन, संरक्षण, व्यवस्थापन तथा प्रयोग गर्ने र आवश्यकतानुसार सम्बन्धित निकायलाई तथ्यांक केन्द्रको रूपमा विकासित गरिनेछ ।

६.५.२. विज्ञान तथा प्रविधिको विकासको लागि अनुसन्धान, विकास, प्रविधि हस्तान्तरण, गुणात्मक जनशक्ति विकास र प्रवर्द्धनलाई एकीकृत रूपमा अगाडि बढाईनेछ ।

६.५.३. मुलुकमा छरिएर रहेका विज्ञान तथा प्रविधिसंग सम्बन्धित पुस्तकालय तथा प्रलेख केन्द्रहरूलाई सुदृढ गरी विद्युतीय संजाल (Electronic Network) मा आवद्ध गर्नुका साथै विज्ञान तथा प्रविधि सम्बन्धी केन्द्रीय पुस्तकालयको विकास गरी तत्सम्बन्धी आलेख प्रलेख अनुसन्धान कृतिको एकीकृत अभिलेख राख्ने संस्थागत ब्यवस्था गरिनेछ ।

६.५.४. अनुसन्धानसंग सम्वद्ध सबै निकायहरूको समन्वयात्मक व्यवस्था मिलाउन आवश्यक संरचनाको विकास गरिनेछ ।

६.५.५. निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूको समेत संलग्नतामा विज्ञान तथा प्रविधि विकास कोष (Science and Technology Development Fund) स्थापना गरिनेछ ।

६.५.६ विज्ञान तथा प्रविधिको क्षेत्रमा संलग्न संघसंस्थालाई प्रतिस्पर्धात्मक प्रणालीबाट संस्थागत क्षमता तथा गुणस्तरको विकास गर्ने अवसर प्रदान गरिनेछ ।

६.५.७. स्वास्थ्य, कृषि, पशुपालन, उद्योग व्यवसाय, वन, वातावरण, जलस्रोत, जलवायु, सूचना प्रविधि, विधिविज्ञान, खानेपानी आदि विविध क्षेत्रसंग सम्बन्धित वैज्ञानिक तथा प्राविधिक सेवा प्रदान गर्ने प्रयोगशालाहरूबाट उपलब्ध गराइने सेवालाई सर्वसुलभ तथा गुणस्तरीय बनाउदै जाने र प्रयोगशालाहरूको क्षमता परीक्षण कार्यक्रम (Proficiency Testing Programme) लाई बढी प्रभावकारी बनाईनेछ ।

## ७. संस्थागत व्यवस्था

७.१. देशको सर्वाङ्गीण विकासका लागि विज्ञान तथा प्रविधिको क्षेत्रमा राष्ट्रिय दृष्टिकोण र नीति अख्तियार गर्न र आवश्यक मार्गदर्शन एवं समन्वय प्रदान गर्न देहाय बमोजिम एक राष्ट्रिय विज्ञान तथा प्रविधि परिषदको गठन गरिनेछ । उक्त परिषदको संरचना निम्नानुसार हुनेछः

| | | |
|---|---|---|
| १. | माननीय मन्त्री/राज्यमन्त्री विज्ञान तथा प्रविधि मन्त्रालय | अध्यक्ष |
| २. | माननीय राज्यमन्त्री/सहायक मन्त्री विज्ञान तथा प्रविधि मन्त्रालय | उपाध्यक्ष |
| ३. | माननीय सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने | सदस्य |
| ४. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ५. | सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ६. | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ७. | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ८. | सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ९. | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |

| | | |
|---|---|---|
| १०. | सचिव, जलस्रोत मन्त्रालय | सदस्य |
| ११. | सचिव, स्वास्थ्य मन्त्रालय | सदस्य |
| १२. | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य |
| १३. | सचिव, सूचना तथा संचार मन्त्रालय | सदस्य |
| १४. | सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| १५. | सचिव संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय | सदस्य |
| १६. | सदस्य सचिव सूचना प्रविधि उच्चस्तरीय आयोग | सदस्य |
| १७. | उपकुलपति नेपाल राजकिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | सदस्य |
| १८. | उपकुलपति त्रिभुवन विश्वविद्यालय | सदस्य |
| १९. | उपकुलपति अन्य विश्वविद्यालयहरूमध्येबाट १ जना | सदस्य |
| २०. | सम्बन्धित व्यवसायिक संघ संस्थाहरूमध्येबाट २ जना | सदस्य |
| २१. | विशिष्ट वैज्ञानिक एवं प्राविधिकहरूमध्येबाट ४ जना | सदस्य |
| २२. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| २३. | सहसचिव, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य सचिव |

७.१.१. राष्ट्रिय विज्ञान तथा प्रविधि परिषदले मुलुकको विकासमा टेवा पु¥याउनका लागि विज्ञान तथा प्रविधि क्षेत्रको विकास र विस्तारसंग सम्बन्धित नीतिको पुनरावलोकन तथा परिमार्जन गर्ने, विज्ञान तथा प्रविधि क्षेत्रमा भए गरेका कार्यको प्रगति समीक्षा गर्ने एवं आवश्यकतानुसार समस्या समाधानका उपाय पहिल्याउने र परिषदले आवश्यक देखेका अन्य कार्यहरू समेत गर्नेछ ।

७.१.२. परिषदद्वारा निर्दिष्ट मुलभूत नीति अनुरूप आ-आफ्नो क्षेत्रको विज्ञान तथा प्रविधि सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गरी समन्वयात्मक ढंगले कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय र निकायहरूको हुनेछ । यस नीतिलाई कार्यान्वयन गर्न र नीतिको उद्देश्य प्राप्तिको लागि विज्ञान

तथा प्रविधि मन्त्रालयले सहजकर्ता, प्रवर्द्धक र निर्णायकको भूमिका निर्वाह गर्नेछ ।

७.१.३. राष्ट्रिय विज्ञान तथा प्रविधि परिषदले परिषदको कार्य सञ्चालनका लागि आवश्यकतानुसार विशेषज्ञहरू समेत रहेको प्राविधिक समितिहरू गठन गर्नेछ । प्राविधिक समितिको संयोजक सम्बन्धित विषयको विशेषज्ञ रहनेछ ।

७.१.४. राष्ट्रिय विज्ञान तथा प्रविधि परिषदले विज्ञान तथा प्रविधि क्षेत्रमा मुलुकभित्र सञ्चालित अनुसन्धान तथा विकास, जनशक्ति विकास, विदेशी निकायहरूसंग सम्पर्क गर्ने जस्ता काममा आवश्यकतानुसार समन्वय तथा अनुगमन गर्नेछ ।

७.१.५. परिषद्को वैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

**८. कानुनी व्यवस्था**

८.१. विज्ञान तथा प्रविधि नीतिको कार्यान्वयन तथा अनुगमनको लागि आवश्यकता अनुसार क्षेत्रगत नीति, ऐन, नियम, निर्देशिका बनाई लागु गरिनेछ ।

८.२. यससंग सम्बन्धित अन्य आवश्यक व्यवस्थालाई नियमित गर्न र विज्ञान तथा प्रविधि सम्बन्धि वौद्धिक सम्पत्ति अधिकारलाई संरक्षण दिने आवश्यक कानुनहरू निर्माण गरिनेछ ।

८.३. विज्ञान तथा प्रविधिसँग सम्बन्धित संघ संस्थाहरूले सम्बन्धित निकायमा दर्ताका लागि मन्त्रालयको स्वीकृति लिनुपर्नेछ । सो सम्बन्धि आवश्यक अनुगमन प्रक्रियालाई मन्त्रालयले व्यवस्थित गर्नेछ ।

**९. खारेजी**

राष्ट्रिय विज्ञान तथा प्रविधि नीति, २०४६ लाई खारेज गरिएको छ ।

*रुपान्तरण : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ को दफा २५ बमोजिम “श्री ५ को सरकार” भन्ने शब्दहरूको सट्टा “नेपाल सरकार” भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको ।*

# जैविक प्रविधि नीति, २०६३

**१. परिकल्पना**

जैविक प्रविधिको अनुसन्धान, विकास तथा प्रविधि हस्तान्तरणको माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि तथा जनस्वास्थ्य र वातावरणीय क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरी नेपाली जनताको जीवनस्तरमा सुधार ल्याउने ।

**२. भूमिका :**

जैविक प्रविधिले कुनै जीवात्मा (Organism) वा तिनको जीव-अंश (Living Cells/Tissues etc.) का गुण र स्वभावलाई मानवोचित कार्यमा उन्मूख गर्ने काम गर्दछ । यस प्रविधिको सहायताले जैविक पदार्थ (Bio-mass) को उत्पादन विधिलाई परिमार्जन गर्ने, तिनको गुण र स्वभावलाई विभिन्न तरिकाले रुपान्तरित गर्ने, आवश्यकता अनुसार वनस्पति वा जीवजन्तुका नश्लसुधार गर्ने, विभिन्न सुक्ष्मजीव (Micro-organism) लाई निर्धारित कार्यमा उन्मुख गर्ने लगायत विभिन्न वीज, विरूवा एवं जीव-जन्तुको आनुवांशिक संरचनालाई समेत मानव अनुकूल परिवर्तन गर्ने काम भई आएको छ । यस प्रविधिको केन्द्रविन्दु नै जैविक पदार्थ हुने भएकोले जैविक सम्पदा (Biological Resources) को धनी मानिएको हाम्रो देशले आफ्नो परम्परागत ज्ञान र आधुनिक प्रविधिलाई आत्मसात गर्दै विज्ञान तथा प्रविधिको क्षेत्रमा नया फड्को मार्नु परेको छ ।

हाम्रो जस्तो विकासोन्मुख देशका मौजुदा चूनौतीको सामना गर्न जैविक प्रविधिले उजागर गरेका सम्भाव्यताहरुलाई साकार बनाउन जैविक प्रविधि नीति, २०६३ तर्जुमा गरिएको छ । यसको कार्यान्वयनबाट जैविक प्रविधि मार्फत खाद्यान्नको उत्पादन वृद्धि गर्न, स्वास्थ्य उपचारका नयां विधिको विकास गर्न, वातावरणीय प्रदूषणलाई नियन्त्रण गर्न तथा विविध औद्योगिक क्षेत्रको प्रवर्द्धन गर्न सहयोग पुग्न जानेछ ।

**३. उद्देश्य :**

जैविक प्रविधिको विकास र विस्तार एवं तुलनात्मक फाइदाका क्षेत्रहरूमा यसको प्रयोग गरी जैविक प्रविधिलाई देश विकास र वातावरणीय संरक्षण एवं जनकल्याणको सशक्त आधारको रूपमा प्रतिस्थापन गरी गरिबी निवारणमा योगदान दिनु यस नीतिको सर्वोपरि उद्देश्य रहेको छ । यस नीतिका अन्य उद्देश्यहरू देहाय वमोजिम

छन् :

३.१. बढ्दो जनसंख्याको लागि न्यूनतम खाद्यान्न तथा पौष्टिक आहारको आवश्यकता परिपूर्ति गरी गरिबी निवारणमा सहयोग गर्ने ।

३.२. नेपाललाई तुलनात्मक रूपमा फाइदा हुने क्षेत्रहरूमा जैविक प्रविधिको प्रयोग गर्ने ।

३.३. अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी एवं वातावरणीय रूपमा दिगो वन, कृषि तथा खाद्य क्षेत्रहरूको विकास गर्न योगदान दिने जैविक प्रविधिको अनुसन्धान तथा विकासलाई प्रोत्साहन गर्ने ।

३.४. जैविक प्रविधि क्षेत्रमा व्यवस्थापकीय सीप अभिवृद्धि गर्ने, योग्य अनुसन्धानकर्ता तथा विज्ञहरूलाई आकर्षण गर्ने, उद्यमशिलता अभिवृद्धि गर्ने तथा विशेषज्ञ सीपका लागि माग तथा आपूर्तिको सन्तुलन कायम गर्ने ।

३.५. वातावरणीय ह्रास कम गर्ने तथा प्राकृतिक स्रोत र साधनहरूको संरक्षण गर्ने ।

३.६. ग्रामीण तथा राष्ट्रिय आर्थिक प्रणालीमा योगदान पुऱ्याउने गरी अनुसन्धानका नतिजाहरूलाई व्यावसायिक प्रयोगमा रूपान्तरित गर्ने कुरा सुनिश्चित गर्न सरल तथा नवीन कार्यक्रमहरूको विकास गर्ने ।

**४. रणनीति :**

उपरोक्त उद्देश्यहरू पूरा गर्न देहायका रणनीतिको अवलम्बन गरिनेछ :

४.१. सरकारले प्रवर्द्धक, सहजकर्ता र नियामकको रूपमा काम गर्ने ।

४.२. जैविक प्रविधि तथा तत्सम्बन्धी क्षेत्रमा पूर्वाधार संरचनाको विकास तथा अनुसन्धानको लागि प्रोत्साहन तथा नियमनकारी कार्य संरचनाको माध्यमबाट उपयुक्त वातावरणको सिर्जना गर्ने ।

४.३. राष्ट्रिय आवश्यकता, बजार माग तथा क्षेत्रीय विशेषताका आधारमा जैविक प्रविधिजन्य उद्योगहरूको स्थापना गर्ने तथा त्यस्ता उद्योगलाई प्रोत्साहन एवं सहुलियत दिने ।

४.४. जैविक प्रविधिको विकास तथा व्यावसायीकरणका लागि आवश्यक कानूनी व्यवस्था गर्ने ।

४.५. झुण्ड (Cluster), इन्क्यूवेटर (Incubator) तथा सञ्जाल (Network) को विकास गरी जैविक प्रविधिको अनुसन्धान, व्यावसायीकरण तथा प्रयोगका लागि जनशक्ति (Critical Mass) तयार गर्ने ।

४.६. जैविक प्रविधिजन्य उद्योगहरूलाई उपलब्ध गराईने उपक्रम पूंजीगत कोष (Venture Capital Fund) तथा बैंक ऋणको प्रवाहलाई सहज बनाउने ।

४.७. वौद्धिक सम्पत्ति सम्बन्धी अधिकार (Intellectual Property Right), जैविक सुरक्षा (Biosafety), जैविक निगरानी (Bio-surveillance) तथा जैविक नैतिकता (Bio-ethics) जस्ता विषयहरू सुनिश्चित गर्ने ।

४.८. तन्तु प्रविधि (Tissue Culture), वन, कृषि र खाद्यान्न, जडिबूटी, च्याउ उत्पादन तथा प्रशोधन प्रणाली र पशु तथा मानव स्वास्थ्य प्रणाली समेतमा जैविक प्रविधिलाई प्रयोगमा ल्याउन निरन्तर रूपमा अनुसन्धान गर्न प्रोत्साहन गर्ने ।

४.९. निरन्तर अनुगमन तथा जनचेतनाको माध्यमबाट जैविक प्रविधिजन्य कृयाकलापसंग सम्वद्ध ग्रामीण जनताको आवश्यकताहरूको पहिचान गरी सो बमोजिम आवश्यक व्यवस्था गर्ने ।

४.१०. निजीक्षेत्रको सहभागिता प्रवर्द्धन गरी जैविक प्रविधिको अनुसन्धान, विकास तथा विस्तारलाई उच्च प्राथमिकता दिने ।

४.११. जैविक प्रविधिका उपलव्धिहरूको अभिलेख राख्ने र त्यसलाई व्यवस्थापन गर्ने ।

४.१२. नेपालका जैविक स्रोतहरूको स्वामित्व सम्बन्धमा ऐन, कानून तर्जुमा गर्ने ।

४.१३. जैविक प्रविधिले दिगोपन, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण र जैविक विविधता संरक्षणमा प्रदान गर्नसक्ने सार्वजनिक फाईदाहरूको मापन गर्न सूचांकहरूको विकास गर्ने र यी फाईदाहरूलाई सार्वजनिक गर्ने ।

४.१४. आनुवांशिक रूपमा परिवर्तन गरिएका तथा नगरिएका उत्पादनहरू (Products) को बजारको आकार, प्रवृति एवं गुणस्तरका सम्बन्धमा यथार्थ स्थिति तथा ती उत्पादनहरू बारे उपभोक्ताको दृष्टिकोणको

समयानुकुल जानकारी प्रदान गर्ने ।

४.१५. माध्यमिक विद्यालय तथा विश्वविद्यालयका विभिन्न तहमा जैविक प्रविधिको अध्ययनलाई प्रोत्साहन गर्ने ।

**५. नीति :**

प्रभावकारी अन्तर-सरकारी सम्बन्धको लागि आधार उपलब्ध गराउन, सरोकारवालाहरूसंगको साझेदारी प्रवर्द्धन गर्न, खुला, पारदर्शी प्रकृयाहरू स्थापित गर्न, जनचेतना तथा सार्वजनिक समझदारी वृद्धि गर्न उपरोक्त रणनीतिहरूका आधारमा देहायका नीतिहरू अवलम्बन गरिनेछन् :

५.१. धेरै क्षेत्रहरूमा प्रयोग हुने प्रभावकारी "कार्यान्वयनकारी प्रविधि (Enabling Technology)" एवं उच्च प्राथमिकता क्षेत्रको रूपमा जैविक प्रविधिलाई मान्यता दिने ।

५.२. जैविक प्रविधि समन्वय समितिको स्थापना गर्ने ।

५.३. राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रको स्थापना गर्ने ।

५.४. जैविक प्रविधिको प्रयोगमा प्रभाव पार्न सक्ने विद्यमान कानूनको पुनरावलोकन गरी आवश्यक कानूनी व्यवस्था गर्ने ।

५.५. जैविक प्रविधिका लागि उपयुक्त मानव स्रोतको विकास गर्ने एवं अवसरहरूको सृजना गर्ने ।

५.६. जैविक प्रविधिको माध्यमबाट गुणस्तरीय र रोगमुक्त वोटविरुवाहरू पैदा गर्न निजी व्यवसायीहरूलाई प्रयोगशाला, हरितगृह तथा नर्सरीहरू स्थापना गर्न प्रोत्साहित गर्ने ।

५.७. जैविक प्रविधिको अनुसन्धान, विकास र व्यावसायीकरणका लागि कार्यान्वयनकारी द्विपक्षीय र वहुपक्षीय कार्यसंरचना सिर्जना गर्ने ।

५.८. विद्यमान जैविक प्रविधि क्षेत्रमा कार्यरत संस्थाहरूको सुदृढीकरण गर्ने र आवश्यकता अनुसार नयाँ संस्थाहरू स्थापना गर्ने ।

५.९. जैविक प्रविधियुक्त उत्पादनहरूको ढुवानी, पैठारी तथा निकासीको लागि एकद्वार प्रणालीको स्थापना गर्ने ।

५.१०. प्रयोगसिद्ध भैसकेका प्रविधिहरूको प्रवर्द्धन गर्न जैविक ग्रामको अवधारणा लागु गर्ने ।

५.११. जैविक प्रविधिको अनुसन्धान र विकासलाई प्रवर्द्धन गर्न राष्ट्रिय स्तरमा एउटा कोष स्थापना गर्ने ।

५.१२. वंशानुगत इञ्जिनियरिङ्ग र जैविक प्रविधिका लागि अन्तर्राष्ट्रिय केन्द्र (International Centre for Genetic Engineering and Bio-technology) को सदस्यता लिने र सम्वद्ध क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसंग सम्बन्ध स्थापित गर्ने ।

५.१३. वन, कृषिजन्य तथा औद्योगिक उत्पादनका लागि प्रयोगशालाबाट विकसित आर्थिक रूपबाट सक्षम (Economically Viable) प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्ने ।

५.१४. वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको व्यवस्थापनलाई सघाउने प्रकृतिका जैविक प्रविधिको विकासमा जोड दिने ।

५.१५. वित्तीय संस्थाहरूमा उपक्रम पूंजी (Venture Capital) को स्थापना गर्न तथा सक्षम जैविक प्रविधिजन्य उद्योगहरूलाई कर सुविधा एवं वित्तीय सहायता उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने ।

५.१६. छिमेकी तथा अन्य विकासोन्मुख देशहरूसंग सुविधा तथा प्रविधिको आदान प्रदान गर्ने र नेपालका विकास साझेदारहरू (Development Partners) संगको सुसम्बन्धलाई जैविक प्रविधिको विकास र विस्तारको निम्ति अधिकतम प्रयोग गर्ने ।

५.१७. संभाव्य जैविक प्रविधिजन्य कार्यक्रमहरूलाई वित्तीय सुविधा उपलव्ध गराउने ।

५.१८. अनुसन्धाता र विकासकर्मीहरू, कृषकहरू तथा औद्योगिक कर्मचारीहरूलाई जैविक प्रविधि सम्बन्धी विभिन्न तहका तालीमहरू उपलब्ध गराउने ।

५.१९. जैविक प्रविधि तथा तत्सम्बन्धी पूर्वाधारहरूको विकासका लागि स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन गर्ने ।

५.२०. जैविक प्रविधिको अनुसन्धान, विकास तथा विस्तारका लागि दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन योजनाको तर्जुमा एवं कार्यान्वयन गर्ने ।

५.२१. नेपालले यस नीतिका उद्देश्य अनुकुल जैविक प्रविधिजन्य एकाधिकार (Patenting) लाई साकार पार्न विभिन्न कार्यविधिहरू पुनरावलोकन गर्ने र जैविक सुरक्षा सम्बन्धी कार्टाहेना प्रोटोकल (C.P.B.), वौद्धिक

सम्पत्ति सम्बन्धी अधिकारहरूमा असर पर्न जाने व्यापार सम्झौता (TRIPS), संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (CITES) तथा जैविक प्रविधिगत पक्षहरूको पुनरावलोकन गर्ने ।

## ६. कार्यनीति :

जैविक प्रविधि नीति कार्यान्वयन गर्न र सो नीतिमा निहित उद्देश्य परिपूर्ति गर्न देहायको कार्यनीति अवलम्बन गरिनेछ :

### ६.१ प्राथमिकताजन्य महत्वका क्षेत्रहरू:

देहायका क्षेत्रहरूलाई प्राथमिकताजन्य महत्वका क्षेत्रहरूका रूपमा लिई ती क्षेत्रहरूको विकास गरी राष्ट्रिय योगदान पुऱ्याउनका निमित्त जैविक प्रविधि सम्बन्धी अनुसन्धान एवं विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन् :

### ६.१.१ वन, कृषि तथा खाद्यान्न :

वन, कृषि तथा खाद्यान्न क्षेत्रमा जैविक प्रविधिको उपयोगका लागि जोड दिईने महत्वपूर्ण क्षेत्रहरू देहाय वमोजिम हुनेछन् :

६.१.१.१ तन्तु प्रविधि (Tissue Culture)।

६.१.१.२ जैविक कीटनाशक विषादी, जैविक मलखाद तथा अन्य सम्वद्ध जैविक प्रविधिगत पक्ष (Biopesticides, Biofertilizer and other related Biotech Aspects)।

६.१.१.३ स्वास्थ्य उपचारका लागि प्राकृतिक उत्पादनहरू (Natural Products in Healthcare) ।

६.१.१.४ कृषिजन्य उत्पादनहरूका पशु आहार परिपूरण (Animal Feeds / Supplements for Agricultural Products)।

६.१.१.५ एक्वाकल्चर (Aquaculture)।

६.१.१.६ वनस्पति तथा पशु सुधार (Plant and Animal Improvement)।

६.१.१.७ शोभनीय फूल विरुवा, जडिबूटी तथा च्याउ ।

**६.१.२ मानव, प्राणी तथा वनस्पतिको स्वास्थ्य उपचार :**

वंशानुगत खराबीबाट वा वाह्य प्रभावबाट हुने सामान्य एवं असाध्य रोगहरूको उपचार र रोगकीट (Pathogen) को समयमै पहिचान गर्न आधुनिक जैविक प्रविधिगत ज्ञान उपयोग गरिनेछ यसमा जोड दिईने क्षेत्रहरू देहाय बमोजिम हुनेछन् :

६.१.२.१ निदान (Diagnostics)

६.१.२.२ खोप (Vaccines)

६.१.२.३ पशु औषधि, रोगको निदान तथा खोप (Veterinary Drugs, Diagnostics and Vaccines)

६.१.२.४ निरोधात्मक तथा उपचारात्मक विज्ञान (Immunology and Therapeutics)

६.१.२.५ भ्रूण स्थानान्तरण (Embryo Transfer)

६.१.२.६ वंशाणु उपचार (Gene Therapy)

**६.१.३ वातावरण र जैविक विविधता**

वातावरणीय प्रदूषण कम गर्न, प्राकृतिक साधन र स्रोत एवं जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्न मद्दत पुग्नेगरी जैविक प्रविधिका क्रियाकलापहरू सञ्चालन गरिनेछन् । यस अन्तर्गत महत्वपूर्ण क्षेत्रहरू देहाय वमोजिम छन् :

६.१.३.१ फोहरमैलाको व्यवस्थापनका लागि सुक्ष्म जीवाणुको विकास (Development of Microbial Strain Cultures for Waste Management) ।

६.१.३.२ स्वस्थानीय र परस्थानीय संरक्षण र उपयोग (In-situ and Ex-situ Conservation and Utilization of Plant Resources) ।

६.१.३.३ जैविक उपचार तथा औद्योगिक निष्काशन प्रशोधन (Bioremediation and Industrial Effluent Treatment) ।

६.१.३.४ अनुगमन गर्ने साधन तथा जैविक सचेतक/संवेदकहरू (Monitoring Tools and Biosensor) ।

६.१.३.५ प्राकृतिक जीव सम्पदाबाट कीटको व्यवस्थापन (Pest Management through Natural Bioagents and Botanics) ।

**६.१.४ उद्योग :**

खाद्य प्रशोधन, वन पैदावरमा आधारित उद्योग तथा रसायन जस्ता क्षेत्रमा स्थापित उद्योगहरूको विकास तथा प्रतिस्पर्धात्मकता वृद्धि गर्न जैविक प्रविधिजन्य अनुसन्धानबाट महत्वपूर्ण उपलब्धि हासिल गर्न कार्यक्रम सञ्चालन गरिनेछ । यसमा महत्वका क्षेत्रहरू देहाय बमोजिम हुनेछन् :

६.१.४.१ खाद्यान्न तथा औद्योगिक उत्पादनहरू (Food and Industrial Products)

६.१.४.२ किण्वीकरण उत्पादनहरू (Fermentation Products)

६.१.४.३ जैविक उर्जा (Bio-energy)

**६.१.५ डिअक्सिराइवो-न्यूक्लिक एसिड** (डी.एन.ए.) **प्रविधि डी.एन.ए. प्रविधिका फाइदाहरू लिन देहायका विषयहरूमा केन्द्रीत गरी सञ्चालन गरिनेछन् :**

६.१.५.१ अणुगत वर्णशंकरीकरणमा प्रयोग गर्न जीव वंशाणुको पहिचान र पृथकीकरण (Identification and Isolation of Genes to use in Molecular Hybridization) ।

६.१.५.२ संकटापन्न तथा व्यापारिक/व्यावसायिक प्रजातिको वहुरूपीय तथा अणुगत नक्शांकन अध्ययन (Studies on Polymorphism, Molecular Mapping of Endangered and Commercial Species) ।

६.१.५.३ प्रजनन् कार्यक्रममा सूचक सहयोगी छनौट र निदानात्मक सरसामानको विकास (Selection of gene for breeding program and development of diagnostic kits) ।

६.१.५.४ विधिविज्ञानको लागि डी.एन.ए. अभिलेखीकरण (DNA Profiling for Forensic)।

६.१.५.५ वंशाणुगत रोगको पहिचान (Diagnosis of Genetic Disease)।

६.१.५.६ पितृत्व विश्लेषण, अध्यागमन तथा नागरिकता अभिलेख (Paternity Analysis, Immigration and Citizenship Record)।

**६.२ मानव स्रोत विकास :**

६.२.१ विभिन्न माध्यमिक विद्यालय, विश्वविद्यालयहरू तथा सम्वद्ध संस्थाहरूमा प्रवेशिका, पूर्व स्नातक, स्नातक तथा स्नातकोत्तर तहहरूमा जैविक प्रविधि र जैविक सूचना प्रणालीको अध्ययन प्रारम्भ गर्न प्रोत्साहन गरिनेछ।

६.२.२ जैविक प्रविधिको लागि मानवस्रोतको साझा भण्डारको अभिवृद्धि गर्ने उपायहरू अवलम्बन गरिनेछ।

६.२.३ जैविक प्रविधिको क्षेत्रमा उपयुक्त मानव श्रोतको विकास गर्ने तथा विद्यमान जनशक्तिलाई कायम राखि राख्न तथा नव आगन्तुकहरूलाई आकर्षित गर्न आवश्यक पहल गरिनेछ।

६.२.४ व्यवसायिक तथा नवीन सीपहरूका सम्बन्धमा वैज्ञानिकहरूलाई आवश्यक अल्पकालीन एवं दीर्घकालीन तालीम प्रदान गरिनेछ।

६.२.५ जैविक प्रविधिको क्षेत्रमा स्वदेशी एवं विदेशी विश्वविद्यालय/संस्थाहरूबीच अध्ययन तथा अनुसन्धानमा सहयोग स्थापित गर्न प्रयासहरू गरिनेछन्।

६.२.६ विज्ञानमा तथा प्रविधिमा स्नातकोत्तर, विद्यावारिधिका लागि जैविक प्रविधि तथा सम्बन्धित क्षेत्रमा छात्रवृत्तिहरू उपलब्ध गराइनेछ।

६.२.७ राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्र र वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा उद्यमशीलता (Entrepreneurship) को सम्वर्द्धन गर्नको लागि कार्यक्रम तथा प्रणालीहरूको विकास गरिनेछ।

**६.३ आधारभूत संरचना :**

६.३.१ मुलुकमा विद्यमान जैविक प्रविधिजन्य अनुसन्धानका पूर्वाधारहरूलाई सुदृढ गर्दै लगिनेछ ।

६.३.२ जैविक प्रविधिगत क्षमताको विकासका लागि सरकारी, अर्धसरकारी, निजी तथा शैक्षिक संस्थाहरूमा आवश्यक संस्थागत पूर्वाधारको विकास गर्न प्रोत्साहित गरिनेछ ।

६.३.३ राष्ट्रिय प्राथमिकता अनुसार अनुसन्धान र तालीम संचालन गर्न राष्ट्रिय जैविक प्रविधि केन्द्रीय प्रयोगशालाको स्थापना गरिनेछ ।

६.३.४ जैविक प्रविधिमा भएका नवीन उन्नतिहरू एवं उत्तम परम्परागत प्रविधिहरू समावेश भएका जैविक ग्रामको स्थापना गरिनेछ ।

६.३.५ जैविक प्रविधिमा संलग्न अनुसन्धाताहरूलाई आवश्यक उपकरण उपलव्ध गराउन संयन्त्र केन्द्रहरू (Instrumentation Centres) को स्थापना र विकास गरिनेछ ।

**७. सुविधाहरू :**

७.१ रसायन तथा उपकरण खरिद कर :- जैविक प्रविधि समन्वय समितिको सिफारिशमा जैविक प्रविधिगत उद्योग वा अनुसन्धान संस्थाका लागि रासायनिक पदार्थ तथा उपकरण खरिद गर्दा लाग्ने भन्सार शुल्कमा छुट दिने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ । जैविक प्रविधिगत उद्योग भन्नाले देहायको कुनै कृयाकलापमा संलग्न उद्योगलाई सम्झनुपर्छ :

७.१.१ जीवित प्रणालीहरू र/वा इन्जाइम (Enzymes) वा जैविक उत्प्रेरकरहरू (Biocatalysts) को प्रयोग बारे अनुसन्धान र विकास तथा तिनको प्रयोगबाट वस्तुहरू उत्पादन गर्ने ।

७.१.२ वंशानुगत इञ्जिनियरिङ्ग वा जीवकोष (Cell Culture), सुक्ष्म जीवविज्ञान (Microbiology), जीव रसायन शास्त्र (Biochemistry), अणुगत जीवविज्ञान (Molecular Biology) र तन्तु प्रविधि (Tissue Culture) इत्यादि सम्बन्धी प्रविधिको प्रयोग हुने ।

७.२ जैविक प्रविधि विकासको लागि विद्युत सेवाको आवश्यकता अपरिहार्य हुने भएकाले विद्युतको मूल्यमा अनुदान दिने व्यवस्था गरिनेछ ।

७.३ जैविक ग्राम स्थापित गर्न सरकारले जग्गा उपलव्ध गराउने छ ।

७.४ नेपाल सरकार तथा निजीक्षेत्रको संयुक्त लगानीमा पूंजीगत बजार उपयोग गरी उपक्रम पूंजीकोष (Venture Capital Fund) को स्थापना गरिनेछ ।

७.५ विदेशमा कार्यरत नेपाली नागरिकहरूले यस क्षेत्रमा प्रविधि हस्तान्तरण तथा बजार प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले उनीहरूले आर्जन गरेको विदेशी मुद्रा यस क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

७.६ जैविक प्राविधिज्ञहरू तथा सम्वद्ध उद्योगहरूलाई प्रोत्साहित गर्न पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।

**८. संस्थागत व्यवस्था :**

८.१ जैविक प्रविधि सम्बन्धी अनुसन्धान तथा विकास एवं यस क्षेत्रका लागि आवश्यक जनशक्ति विकास र जैविक प्रविधि विषयको पाठ्यक्रम विकास गर्न जैविक प्रविधि समन्वय समितिको गठन गरिनेछ । यस समितिले निजीक्षेत्रका उद्यमीहरूलाई आफ्नो उत्पादनमा वृद्धि गर्न जैविक प्रविधि ग्रहण गर्न प्रोत्साहन तथा सार्वजनिक सचेतना बढाउने कार्य गर्नेछ । जैविक प्रविधि समन्वय समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| १. माननीय मन्त्री/राज्यमन्त्री, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | -अध्यक्ष |
| २. माननीय सदस्य, राष्ट्रिय योजना आयोग (जैविक प्रविधि क्षेत्र हेर्ने | -सदस्य |
| ३. सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | -सदस्य |
| ४. सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | -सदस्य |
| ५. सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | -सदस्य |
| ६. सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| ७. सचिव, अर्थ मन्त्रालय | -सदस्य |

८. सचिव, कृषि विकास मन्त्रालय -सदस्य

९. सचिव, शिक्षा तथा खेलकूद मन्त्रालय -सदस्य

१०. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

११. सचिव, सूचना तथा संचार मन्त्रालय -सदस्य

१२. अध्यक्ष, सम्बन्धित जैविक प्रविधि संघ (एक जना) -सदस्य

१३. शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय -सदस्य

१४. शिक्षाध्यक्ष, अन्य सम्वद्ध विश्वविद्यालय (एक जना) -सदस्य

१५. सचिव, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान -सदस्य

१६. अध्यक्ष, कृषि उद्यम केन्द्र -सदस्य

१७. जैविक प्रविधि विशेषज्ञ (चार जना) -सदस्य

१८. उपभोक्ता समूहका प्रतिनिधि (दुई जना) -सदस्य

१९. कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य

२०. कार्यकारी निर्देशक, राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्र -सदस्य-सचिव

८.२ राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्र :

वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रको स्थापना गरिनेछ । यसले देहायका कार्यहरू गर्नेछ :

८.२.१ राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रले राष्ट्रिय जैविक प्रविधि सम्बन्धी प्राथमिकताहरूको पहिचान गरी प्रस्तुत राष्ट्रिय रणनीति कार्यान्वयन र प्रणालीका विभिन्न अवयवहरूबीचको सहयोग प्रवर्द्धन गर्ने ।

८.२.२ जैविक प्रविधि समन्वय समितिको सचिवालयको रूपमा काम गर्ने, जैविक प्रविधि सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने, सो नीति तथा योजनाको सुपरीवेक्षण तथा निरीक्षण गर्ने र त्यसमा सघाउ पुऱ्याउने र निजी उद्यमीहरूबाट

गरिएका कृयाकलापहरूलाई नियमन गर्ने ।

८.२.३ जैविक प्रविधि सम्बन्धमा अनुसन्धान तथा विकासको प्रवर्द्धनका लागि जैविक प्रविधि महाशाखा खोल्न सम्बन्धित मन्त्रालयहरूसंग समन्वय गर्ने तथा राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्रमा अनुसन्धान प्रयोगशालाहरूको स्थापना गर्ने ।

८.२.४ आर्थिक स्रोत, अन्तर्राष्ट्रिय सम्बन्ध, व्यावसायिक विकास, सार्वजनिक सरोकारका विषयहरू तथा नैतिक विषयहरूको अन्वेषण गर्ने । जैविक प्रविधिमा उपक्रम पूंजी (Venture Capital) को लगानी तथा औद्योगिक साझेदारहरूको खोजी प्रवर्द्धन गर्ने ।

८.२.५ अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सल्लाहकार समूहहरूको सूची तयार गर्ने ।

८.३ राष्ट्रिय जैविक प्रविधि अनुसन्धान तथा विकास केन्द्र अन्तर्गत जैविक प्रविधि वैज्ञानिक समिति गठन गरिनेछ र सो समितिमा जैविक प्रविधिका विभिन्न क्षेत्रहरूको प्रतिनिधित्व गर्ने वैज्ञानिकहरू रहनेछन् ।

## ९. कानूनी व्यवस्था :

जैविक प्रविधिका माध्यमबाट हुने कारोवार र यस प्रविधिसंग सम्बन्धित अन्य आवश्यक व्यवस्थाहरूलाई नियमित गर्न तथा वौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण गर्न आवश्यक कानूनहरूको निर्माण गरिनेछ ।

## १०. नीतिमा संशोधन :

जैविक प्रविधिगत क्षेत्रमा भैरहेको द्रूततर विकासको कारणले गर्दा प्रविधिको विकास एवं सेवा विस्तारको आवश्यकता अनुसार दुई-दुई वर्षमा प्रस्तुत नीतिको पुनरावलोकन गरी संशोधन गर्न सकिनेछ । तर विभिन्न क्षेत्रहरूको सुझावमा सो समयभन्दा अगावै पनि यसलाई पुनरावलोकन गरी आवश्यक संशोधन गर्न सकिनेछ ।

प्रकाशक
नेपाल सरकार
कृषि विकास मन्त्रालय
योजना महाशाखा
**कृषि नीति शाखा**
सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ४२११६६५
फ्याक्स: ४२११९३५
वेवसाइट: www.moad.gov.np